# निर्वाचन प्रणालीको प्रारुपः

## अन्तर्राष्ट्रिय आईडीईएको नयाँ हातेपुस्तक

# निर्वाचन प्रणालीको प्रारुपः

# अन्तर्राष्ट्रिय आईडीईएको नयाँ हातेपुस्तक


आन्ड्रु रेनोल्ड्स (Andrew Reynolds)
बेन रेइल्ली (Ben Reilly) र
आन्ड्रु एलिस् (Andrew Ellis)

साथमा

जोसे आन्टोनिओ सिबुब (José Antonio Cheibub)
कारेन कक्स (Karen Cox)
डङ्ग लिसेङ्ग (Dong Lisheng)
जोगन एल्किट (Jørgen Elklit)
माइकल गालाघ (Michael Gallagher)
आलेन हिकेन (Allen Hicken)
कार्लोस हुनिअस (Carlos Huneeus)
युजेन हस्की (Eugene Huskey)
स्टिना लार्सेरुड (Stina Larserud)
विजय पटिदार (Vijay Patidar)
नाइजल एस. रोबर्ट्स (Nigel S. Roberts)
रिचार्ड भेनग्रफ (Richard Vengroff)
जेफ्री ए. वेल्डन (Jeffrey A. Weldon)

*सम्पादन तथा अनुवाद:*

उदय नेपाली श्रेष्ठ
प्रा. कृष्ण खनाल
कृष्णमान प्रधान
माधव पौडेल
विदुर के.सी.

**हातेपुस्तक शृङ्खला**

यो अन्तर्राष्ट्रिय आईडीईए हातेपुस्तक शृङ्खलाले प्रजातान्त्रिक संस्थाहरु र तिनका प्रक्रियाका विषयमा तुलनात्मक विश्लेषण, सूचना र विस्तृत जानकारी दिने प्रयत्न गर्दछ। हातेपुस्तक मुख्यतः यी विषयका नीति-निर्माता, राजनीतिज्ञ, नागरिक समाजका पात्र र प्रयोगकर्ताप्रति लक्षित छ। यस्ता पुस्तक प्राज्ञिकवर्ग, प्रजातन्त्रका सहयोगी समुदाय र अन्य निकायहरुका लागि पनि रुचिकर हुनेछन्।

अन्तर्राष्ट्रिय आईडीईएका प्रकाशनहरु कुनै राष्ट्र विशेष वा राजनीतिक स्वार्थबाट स्वतन्त्र छन्। यस प्रकाशनमा व्यक्त गरिएका विचारहरुले स्वभावतः अन्तर्राष्ट्रिय आईडीईए, यसको सञ्चालक समिति वा परिषद् सदस्यहरुका विचारलाई प्रतिनिधित्व गर्दैनन्। यस पुस्तकमा प्रस्तुत गरिएका नक्साहरुले कुनै भूभागको कानूनी हैसियत वा तिनका सिमाना सम्बन्धमा यस संस्थाको विचार दर्शाउँदैनन्, न त यसमा दिइएका नक्सा र आकारले कुनै मुलुक वा भूभागको सम्बन्धमा यो संस्थाको राजनीतिक विचारधाराको नै प्रतिनिधित्व गर्दछ। मूलग्रन्थलाई स्पष्ट गर्ने उद्देश्यबाट यी नक्साहरु सिर्जना गरिएका हुन्।

सर्वाधिकार © International Institute for Democracy and Electoral Assistance 2005 र
Enabling State Programme

यस प्रकाशनको पुनःमुद्रण वा सम्पूर्ण या कुनै अंशको अनुवादका लागि अनुमति प्राप्त गर्न निम्न ठेगानामा निवेदन दिनुपर्ने छः

| | |
|---|---|
| Information Unit | Enabling State Programme |
| International IDEA | Kiran Bhawan, Sanepa-2 |
| SE- 103 34 Stockholm | Lalitpur |
| Sweden | Nepal |

अन्तर्राष्ट्रिय आईडीईए आफ्नो कार्यको सूचना सम्प्रेषणलाई प्रोत्साहन गर्दछ र यसका प्रकाशनहरुलाई पुनःमुद्रण वा अनुवादका लागि अनुरोध गरिएमा तुरुन्त जवाफ दिने छ।

अंग्रेजी संस्करणको:

| | |
|---|---|
| ग्राफिक नमुनाकार | : माग्नस अल्कमार (Magnus Alkmar) |
| अग्रपृष्ठको चित्र | : © प्रेसेन्स बिल्ड (Pressens Bild) |
| मुद्रक | : ट्राइडेल्स ट्राकेरी एबी स्वेडेन (Trydells Tryckeri AB, Sweden) |
| ISBN | : 9185391-18-2 |

नेपाली अनुवादः

| | |
|---|---|
| प्रथम संस्करण | : जनवरी २००६ |
| ISBN | : 99933-776-7-8 |
| द्वितीय (संशोधित संस्करण) | : अप्रिल, २००७ |
| ISBN | : 978-91-85724-06-2 |
| मुद्रक | : Dots & Lines Graphic Arts (P) Ltd.<br>Kathmandu, Nepal, Tel: 4359174 |

## प्रकाशकीय

प्रजातान्त्रिक शासनव्यवस्थाको लागि निर्वाचन महत्वपूर्ण आधार हो । निर्वाचनको माध्यमबाट जनताले आफ्ना प्रतिनिधि छनोट गरी शासनव्यवस्थामा सहभागिता तथा वैधानिकता प्रदान गर्दछन् । हाल विश्वमा विभिन्न किसिमका निर्वाचन प्रणाली प्रयोगमा ल्याइएका छन् । यस्तो प्रणालीको छनोटका लागि ज्यादै सचेततापूर्वक विचार गरिनुपर्ने हुन्छ । एकपटक निर्धारण गरिएको व्यावहारिक निर्वाचन प्रणाली मुलुकको हितमा लामो समयसम्म कायम रहोस् भन्ने ध्येय राखिनु पर्दछ ।

प्रजातन्त्रको प्रवर्द्धन र निर्वाचन सहायताको लागि स्थापित संस्था अन्तर्राष्ट्रिय आईडीईएले विश्वमा प्रचलित निर्वाचन प्रणालीको अध्ययन गरेर "निर्वाचन प्रणालीको प्रारुप" विषयक हातेपुस्तक सन् १९९७ मा पहिलो पटक प्रकाशनमा ल्याएको थियो । त्यसपछि यस क्षेत्रमा देखापरेका परिवर्तनहरुलाई समेत दृष्टिगत गरी सन् २००५ मा परिमार्जित नयाँ हास्तेपुस्तक प्रकाशन गरेको छ । अंग्रेजी भाषामा प्रकाशित उक्त पुस्तक यस विषयका नीति-निर्माता, राजनीतिज्ञ, नागरिक समाज र अन्य प्रयोगकर्ताहरुलाई ज्यादै उपयोगी ठहरिएको छ । पुस्तकलाई अन्य भाषाहरुमा पनि अनुवाद गरी वितरण गरिएका छन् ।

नेपालमा सन् १९९० मा प्रजातन्त्रको पुनर्वहालीपछि निर्वाचनको महत्वले व्यापकता पाएको छ । निर्वाचनप्रति राजनीतिज्ञहरु, निर्वाचन प्रशासक र सरोकारवालाहरुको चासो बढेको छ । निर्वाचन सुधारको प्रक्रियामा सबैले ध्यान दिन थालेका छन् । यस क्रममा हामीकहाँ कस्तो निर्वाचन प्रणाली अपनाइएमा उपयुक्त हुन्छ भन्ने चर्चा-परिचर्चा गरिनु स्वाभाविक हो । तसर्थ अन्तर्राष्ट्रिय आईडीईएले प्रकाशन गरेको "निर्वाचन प्रणालीको प्रारुप" को नेपाली अनुवादबाट सम्बन्धित क्षेत्रले अनुभव लिनसक्छन् ।

यो हातेपुस्तकको नेपालीमा अनुवाद गरी प्रकाशनका लागि यस संस्थालाई अनुमति दिई जिम्मेवारी सुम्पेकोमा अन्तर्राष्ट्रिय आईडीईएलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

यो ज्यादै महत्वपूर्ण विषयको हातेपुस्तक अनुवाद गरी प्रकाशनमा ल्याउने क्रममा विभिन्न व्यक्तिहरुले ज्यादै परिश्रम गर्नु भएको छ । उहाँहरु सबैप्रति हामी आभारी छौं । अनुवादको सम्पादन कार्यमा संलग्न रहनु भएकोमा उदय नेपाली श्रेष्ठ र प्रा. कृष्ण खनालप्रति कृतज्ञता प्रकट गर्दछौं । पुस्तकको मूल स्वरुपमा विचलन नआउने गरी अंग्रेजीबाट नेपालीमा यथासम्भव प्रचलित तथा सरल शब्दहरुको प्रयोगद्वारा अनुवाद गर्नु भएकोमा माधव पौडेल र विदुर के.सी. धन्यवादका पात्र हुनुहुन्छ । यस कार्यको संयोजन गरेकोमा ग्रामीण विकास प्रतिष्ठानका सभापति कृष्णमान प्रधानलाई धन्यवाद दिन चाहन्छौं । साथै, उहाँका सहयोगीहरु अधिवक्ता शिवकुमार श्रेष्ठ, अधिवक्ता उषा मल्ल पाठक, गणेशमान प्रधान र भवानी कायस्थलाई पनि यो कार्य सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा धन्यवाद दिन्छौं । प्रस्तुत पुस्तकको भाषा सम्पादन गरी सहयोग गरेकोमा त्रिचन्द्र क्याम्पसका उप-प्राध्यापक माधव घिमिरेलाई पनि धन्यवाद दिन चाहन्छौ ।

यस पुस्तकलाई अध्ययन गरी प्रतिकृया दिनु हुने नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल, वरिष्ठ अधिवक्ता गणेशराज शर्मा, निर्वाचन आयोगका पूर्व आयुक्त डा. वीरेन्द्रप्रसाद मिश्र, त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्र विभागका प्रमुख प्रा. सैयद मोहम्मद हविवुल्लाह, जिल्ला विकास समिति राष्ट्रिय महासंघका अध्यक्ष कृष्णप्रसाद सापकोटा, ट्रान्सपेरन्सी इन्टरनेशनल नेपालका अध्यक्ष डा. हर्क गुरुङ्ग र वरिष्ठ पत्रकार कुन्द दीक्षितप्रति कृतज्ञता प्रकट गर्दछौं । यो कार्यको जिम्मा लिई समयमै कार्यसम्पादन गरेकोमा ग्रामीण विकास प्रतिष्ठानको प्रशंसा गर्दै कृतज्ञता प्रकट गर्दछौं । यो विषयमा गहिरो रुचि राखेर कार्यारम्भदेखि अन्त्यसम्म बौद्धिक तथा प्राविधिक मद्दत पुऱ्याउनु भएकोमा ईएसपीका सहकर्मी सुशासन सल्लाहकार सन्तोष विष्टलाई विशेष रुपमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

अरुणध्वज अधिकारी
कार्यक्रम प्रबन्धक
इनेब्लिङ्ग स्टेट् प्रोग्राम

२०६२ पुस (जनवरी, २००६)

"This is a direct translation of the original English version of Electoral System Design: the New International IDEA Handbook, Reynolds, Reilly and Ellis (eds), International IDEA, Stockholm, Sweden 2005. The accuracy of the translated text was not verified by International IDEA. In case of doubt, the original English version prevails (ISBN 91-85391-18-2). This translation was undertaken by the Enabling State Programme, Department for International Development, Kiran Bhawan, Sanepa–2, Lalitpur, Nepal".

# प्राक्कथन

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणामा उल्लेख भएको छ कि "प्रत्येक व्यक्तिले प्रत्यक्ष वा स्वतन्त्रतापूर्वक चुनिएका प्रतिनिधिमार्फत आफ्नो मुलुकको सरकारमा सहभागी हुने अधिकार राख्छ ।" संयुक्त राष्ट्रसंघले आफ्नो स्थापनाकाल सन् १९४५ देखि नै निर्वाचनसम्बन्धी सहायताको क्षेत्रमा संलग्न रही प्रजातान्त्रिक सिद्धान्त र राजनीतिक अधिकारको स्थापना तथा प्रवर्द्धन कार्य गरिआएको छ ।

संयुक्त राष्ट्रसंघ निर्वाचनसम्बन्धी कार्यमा मुख्यगरी नवीन वृहत् शान्ति स्थापना र शान्ति निर्माणसँग संलग्न छ । उदाहरणका रुपमा कम्बोडिया, एल साल्भाडोर र मोजाम्बिकमा तथा हालै अफगानिस्तान र इराकमा गरेका कार्यलाई लिन सकिन्छ । तथापि, यस्ता प्रयासहरु संयुक्त राष्ट्रसंघले ५० भन्दा बढी मुलुकहरुमा निर्वाचनसम्बन्धी सहायताका गतिविधि सञ्चालन गरिरहेकोमध्ये प्रत्यक्ष देखिने अंशमात्र हुन ।

निर्वाचन प्रणालीको प्रारुप यस्ता प्रक्रियाहरुको महत्वपूर्ण तत्व हो । यसलाई संवैधानिक र संस्थागत प्रारुपको वृहत्तर सन्दर्भभन्दा भिन्न मान्न हुँदैन र द्वन्द्व व्यवस्थापन, लैंगिक प्रतिनिधित्व तथा दलीय प्रणालीको विकासजस्ता विविध क्षेत्रमा यसको गहन महत्व हुन्छ । निर्वाचन प्रणालीको प्रारुप राम्रो किसिमबाट निर्माण गरिएमा यसले राजनीतिक परिवर्तनलाई गति दिन सघाउ पुऱ्याउने छ, अधिक जनसहभागितालाई प्रोत्साहन गर्ने छ र वैधानिक प्रतिनिधिहरुको उपस्थितिका लागि सबल तुल्याउने छ, जो तत्काल वा भविष्यका ज्यादै व्यापक किसिमका जनआवश्यकता र आकांक्षालाई सम्बोधन गर्न सक्षम हुनेछन् । निर्वाचन प्रणालीको खाका राम्रोसँग निर्माण गरिएन भने प्रजातान्त्रिक विकासको मार्गमा गतिरोध ल्याउने र राजनीतिक स्थिरतालाई पनि अन्यत्र मोड्ने छ ।

सफलता हासिल गर्नको लागि, निर्वाचन प्रणाली प्रारुप तर्जुमाको प्रक्रियामा समझदारी र विश्वास सिर्जना गरिनुपर्दछ । यस्तो विश्वास र समझदारी राजनीतिज्ञ र निर्वाचन प्रशासकहरुका बीचमा मात्र होइन, नागरिक समाजका संगठनहरु, समीक्षकहरु र सबभन्दा अधिक प्रजातान्त्रिक सुधारको प्रक्रियामा लागेको मुलुकका जनताबीच सिर्जना गरिनुपर्छ । निर्वाचन प्रणालीलाई विद्यमान परिस्थिति सुहाउँदो किसिमबाट मात्र तर्जुमा गर्ने होइन कि भविष्यमा आउने प्रवृत्ति र व्यवहारलाई निर्वाचन परिवर्तनबाट प्रोत्साहन पुग्ने किसिमले समेत स्थान दिइनुपर्छ । यस्तो प्रणालीले स्थिर प्रजातन्त्रको विकासका लागि योगदान पुऱ्याउनसक्ने छ वा प्रमुख अवरोध बन्न सक्नेछ ।

तसर्थ अन्तर्राष्ट्रिय आईडीईएले यो नयाँ हातेपुस्तक प्रकाशनमा ल्याएकोमा म ज्यादै प्रसन्न छु । यसले निर्वाचन प्रणाली र तिनका परिणामसम्बन्धमा आवश्यक ज्ञान दिन्छ र यसले जटिल विचारहरुलाई सकेसम्म स्पष्टताकासाथ प्रस्तुत गरेको छ । यसले प्रजातान्त्रिक सङ्क्रमणको प्रक्रिया र व्यावहारिक किसिमबाट सुधार ल्याउनेसम्बन्धी प्रमुख सवालहरुलाई सम्बोधन गरेको छ । यो स्पष्ट, सरल र भूमण्डलीय सोचअनुरुप छ र यो स्थिर प्रजातन्त्रको विकासमा संलग्न रहेकाहरुलाई महत्वपूर्ण औजार सावित हुनेछ । यसलाई व्यापक तवरमा उपलब्ध गराइनुपर्छ र विश्वभर निर्वाचनसम्बन्धी कार्य गर्नेहरुले व्यापक तवरमा अध्ययन गर्नुपर्छ ।



क्यारिना पेरेली
(Carina Perelli)
निर्देशक, संयुक्त राष्ट्रसंघ निर्वाचन सहायता महाशाखा

# भूमिका

मौरिस डुभरगरले निर्वाचन प्रणाली र त्यसको असरसम्बन्धमा ज्यादै विस्तारपूर्वक अध्ययन कार्य थालनी गर्नु भएको अहिले ५० वर्ष भएको छ । तथापि वास्तविक राजनीतिक संसारमा यो अध्ययनको प्रभाव धेरै वर्षसम्म ज्यादै सीमित रह्यो । शीतयुद्धमा परेका विश्वका धेरै भागका राजनीतिशास्त्री र निर्वाचनको प्रारुप निर्माताहरुले प्रायः सम्पर्क कायम गर्न सकेनन्, त्यसैले संस्थागत परिवर्तनको क्षेत्र सीमित थियो ।

सन् १९९० को दशकमा निर्वाचन प्रणालीमा नयाँ आविष्कारको विस्फोटन र सुधार देखापऱ्यो । विशेषतः अफ्रिका, एसिया, पूर्वी युरोप, ल्याटिन अमेरिका र पूर्व सोभियत राष्ट्रहरुले अन्यत्रको अनुभव र विकल्पहरु समेतलाई आफ्ना राजनीतिक र निर्वाचन प्रणालीमा सुधार ल्याउन सक्रिय तवरमा लागे र विकल्पहरुको खोजी गरे । तुलनात्मक सूचना र निर्देशनको आवश्यकतालाई स्वीकार गरी, आईडीईए, जुन प्रजातन्त्रको प्रवर्द्धन र निर्वाचन सहायताका लागि नयाँ स्थापित अन्तर्राष्ट्रिय संस्था हो, यसले कैयौं तथा विविध अनुभवहरुलाई सँगालेर पहिलो “निर्वाचन प्रणालीको प्रारुपः अन्तर्राष्ट्रिय आईडीईए हातेपुस्तक” सन् १९९७ मा प्रकाशमा ल्याएको थियो । त्यसपछि, यो स्रोतलाई प्रशस्त प्रयोगमा ल्याइएको छ र परिमार्जनका लागि धेरै सकारात्मक सुझावहरु प्राप्त भएका छन् । यो हातेपुस्तक आईडीईएको वेव साइटमा राखिएको छ भने सीडी रोमबाट पनि वितरण गरिन्छ । यसलाई फ्रेन्च, स्पानिस, अरेविक तथा बर्मेली भाषाहरुमा पनि उत्पादन गरिएका छन् ।

यसको निरन्तर सफलता जस्तोसुकै रहे तापनि, प्रथम संस्करणको प्रकाशनपछि निर्वाचन प्रणालीको प्रारुपमा प्रशस्त नयाँ आविष्कार र विकास देखापरेका छन् । कैयौं मुलुकहरुले आफ्ना प्रणाली परिवर्तन गरेका छन् र यस प्रक्रियाबाट पाठ सिकेका छन् । निर्वाचन प्रणाली र दलीय प्रणालीबीचको सम्बन्धमा र खासगरी नयाँ प्रजातान्त्रिक मुलुकहरुमा प्रजातान्त्रिक संस्थाको खाकाको सम्बन्धमा बढी समझदारी देखा परेको छ । स्पष्टतवरमा यो स्वीकार गरिएको छ कि निर्वाचन प्रणालीको परिवर्तन प्राविधिक विषय मात्र होइन, यो एक राजनीतिक प्रक्रिया पनि हो, जसका लागि सार्वजनिक बहस र सोचयुक्त सहमति निर्माण आवश्यक पर्दछ । प्रस्तुत सन्दर्भमा, द्वन्द्व व्यवस्थापन रणनीतिको लागि निर्वाचन प्रणालीको प्रारुप अति महत्वको हुनेछ, जसले दिगो प्रजातन्त्रको जग बसाल्न मद्दत पुऱ्याउने छ ।

आईडीईएले आफ्नो दशौं वार्षिकोत्सव उपलक्ष्यका कार्यक्रमहरुको एक अंशको रुपमा यो संस्करण “निर्वाचन प्रणालीको प्रारुपः अन्तर्राष्ट्रिय आईडीईएको नयाँ हातेपुस्तक” प्रकाशन गर्दै छ । यसको मौलिक संस्करणप्रति निष्ठा राख्दै, यो हातेपुस्तकमा समावेश विशेषतामा परिमार्जित मूलग्रन्थ, निर्वाचन सुधारसम्बन्धी नयाँ सामग्री, विषय अध्ययनको नयाँ मामिलाहरु, विशेष सवालका अतिरिक्त अध्यायहरु जस्तै प्रतिनिधित्वको गुण, द्वन्द्वोपरान्त अवस्थाका चुनौतीहरु, प्रत्यक्ष प्रजातन्त्रका विकल्प थप गरिएका छन् । नक्सा, परिशिष्ट र तालिकाहरुका माध्यमबाट विश्वको निर्वाचन प्रणालीको परिमार्जित सूची दिइएको छ । हामीलाई आशा छ प्रजातन्त्र निर्माणको प्रक्रियामा सक्रिय तवरले संलग्न सबैमा यो परिणामको पहुँच पुग्ने छ र यसले एउटा उपयोगी ग्रन्थको रुपमा सहयोग पुऱ्याउने छ । हामी यो हातेपुस्तकका कुनै पनि पक्षमा तपाईका टिप्पणी, सुझाव र विचारको स्वागत गर्दछौं ।

कारेन फग
(Karen Fogg)
महासचिव, अन्तर्राष्ट्रिय आईडीईए

# विषय–सूची

**प्रकाशकीय** ........ क
**प्राक्कथन** ........ ग
**भूमिका** ........ ङ
**शब्द–संक्षेप** ........ ट

## १. सिंहावलोकन ........ १

**परिचय** ........ १
**यो हातेपुस्तक कसरी प्रयोग गर्ने** ........ ३
**निर्वाचन प्रणाली के हुन्** ........ ५
**निर्वाचन प्रणालीको महत्व** ........ ६
निर्वाचन प्रणाली र दलगत प्रणाली ........ ६
निर्वाचन प्रणाली र द्वन्द्व व्यवस्थापन ........ ६
मनोवैज्ञानिक र यान्त्रिक असर ........ ७
सन्दर्भको महत्व ........ ७
वृहत्तर प्रजातान्त्रिक खाका ........ ८

**प्रारुपका आधारहरु** ........ ९
प्रतिनिधित्वको व्यवस्था ........ १०
निर्वाचनलाई पहुँचयोग्य र अर्थपूर्ण बनाउन ........ १०
मेलमिलापलाई प्रोत्साहित गर्न ........ ११
स्थिर र कुशल सरकारलाई सहज बनाउन ........ १२
सरकारलाई जवाफदेही बनाउन ........ १३
वैयक्तिक प्रतिनिधिहरुलाई जवाफदेही बनाउन ........ १३
राजनीतिक दलहरुलाई उत्साहित तुल्याउन ........ १३
विधायिकामा प्रतिपक्ष र निगरानी प्रवर्द्धन गर्न ........ १४
निर्वाचन प्रणालीलाई दिगो तुल्याउन ........ १५
'अन्तर्राष्ट्रिय मापदण्ड' लाई दृष्टि दिन ........ १५
निष्कर्ष ........ १६

**परिवर्तनको प्रक्रिया** ........ १६
कसले प्रारुप निर्माण गर्दछ ? ........ १७
सुधार र संशोधनका संयन्त्रहरु के छन् ? ........ २१
बहस र संवादका लागि सल्लाह ........ २३
कार्यान्वयनसम्बन्धी सल्लाह ........ २३
परिवर्तनको प्रभाव मूल्याङ्कन ........ २४
निर्वाचन प्रणाली सुधारको प्रवृत्ति ........ २४

**प्रारुपका तत्वहरु** ........ २६

## २ निर्वाचन प्रणालीको विश्व ........ २९

**बढीमत/बहुमत प्रणाली** ........ ३०
**समानुपातिक प्रतिनिधित्व प्रणाली** ........ ३१
**मिश्रित प्रणाली** ........ ३१
**अन्य प्रणाली** ........ ३१

## ३. प्रणाली र तिनका परिणतिहरु ........ ३९

**बढीमत/बहुमत प्रणाली** ........ ३९
बढीमत/बहुमत प्रणालीहरु भनेका के हुन ........ ३९
पहिलो हुने निर्वाचित हुने ........ ३९
एकमुष्ट मत ........ ४९
दलगत एकमुष्ट मत ........ ५३
वैकल्पिक मत ........ ५३
दुई-चरण प्रणाली ........ ६०

**समानुपातिक प्रतिनिधित्व प्रणाली** ........ ६७
समानुपातिक प्रतिनिधित्व प्रणाली भनेको के हो ........ ६७
सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व ........ ७०
एकल सङ्क्रमणीय मत ........ ८३
समानुपातिक प्रतिनिधित्वसंग सम्बन्धित विषयहरु ........ ९१
निर्वाचन क्षेत्रको व्यापकता ........ ९१
न्यूनतम सीमा ........ ९७
खुला, बन्द तथा स्वतन्त्र सूचीहरु ........ ९८
मोर्चाबन्दी ........ १०५

**मिश्रित प्रणाली** ........ १०५
मिश्रित सदस्य समानुपातिक ........ १०६
समानान्तर प्रणाली ........ १२२

**अन्य प्रणालीहरु** ........ १३२
एकल असङ्क्रमणीय मत प्रणाली ........ १३२
सीमित मत ........ १३७
प्राथमिकता गणना ........ १३८

**निर्वाचन प्रणालीका तहहरु र वर्णसंकर प्रणाली** ........ १३८

**प्रतिनिधित्वसम्बन्धी विचार गर्नुपर्ने विषयहरु** ..... १४२
महिलाको प्रतिनिधित्व ..... १४२
अल्पसंख्यकको प्रतिनिधित्व ..... १४३
साम्प्रदायिक प्रतिनिधित्व ..... १४५
निर्वाचनको समयावधि ..... १४६
दूर मतदान ..... १४६
मतदाताको उपस्थितिसम्बन्धी विषयहरु ..... १४७

**द्वन्द्वोपरान्तको अवस्थासँग सम्बन्धित थप विषयहरु तथा संक्रमणकालीन निर्वाचन** ..... १४८

**४. निर्वाचन प्रणाली, संस्थागत खाका र शासनव्यवस्था** ..... १५१

**राष्ट्रपतिको निर्वाचन** ..... १५२
पहिलो हुने निर्वाचित हुने ..... १५२
दुई-चरण प्रणाली ..... १५५
प्राथमिकता मतदान ..... १५७
वितरण आवश्यकता ..... १५९

**माथिल्लो सभाको निर्वाचन** ..... १६०
**शासनव्यवस्थाका विभिन्न तह** ..... १६१
**अधिराष्ट्रिय निकायहरुको निर्वाचन** ..... १६१
**संघीय/राज्यसभा र स्वशासित क्षेत्रको निर्वाचन** ..... १६७
**स्थानीय निकायको निर्वाचन** ..... १६७
**निर्वाचन प्रणाली र राजनीतिक दलहरु** ..... १७२
**प्रत्यक्ष प्रजातन्त्रका विकल्प** ..... १७३

**५. निर्वाचन प्रणालीको लागत र प्रशासनिक प्रभाव** ..... १७५

**६. निर्वाचन प्रणाली निर्माताका लागि सल्लाह** ..... १८१

**तालिका र चित्रहरु**

**तालिका १:** निर्वाचन प्रणालीमा हालका परिवर्तनहरु ..... २५
**तालिका २:** राष्ट्रिय विधायिकाको लागि निर्वाचन प्रणाली ..... ३२
**तालिका ३:** विभिन्न राष्ट्रिय विधायिकाभित्र निर्वाचन प्रणालीको वितरण ..... ३४
**तालिका ४:** मिश्रित सदस्य समानुपातिक प्रणाली प्रयोग गर्ने मुलुकहरु ..... १०६
**तालिका ५:** समानान्तर प्रणाली प्रयोग गर्ने मुलुकहरु ..... १३१
**तालिका ६:** समानुपातिक प्रतिनिधित्वसम्बन्धी परिवर्तित स्वरुपहरु ..... १३९
**तालिका ७:** पाँच निर्वाचन प्रणालीका विकल्पहरु: फाइदा र बेफाइदाहरु ..... १४०
**तालिका ८:** बाह्र निर्वाचन प्रणालीको सम्भाव्य लागत र प्रशासनिक प्रभाव ..... १७९
**चित्र १:** निर्वाचन प्रणाली परिवारहरु ..... ३०
**चित्र २:** निर्वाचन प्रणाली परिवार: मुलुक र भूभागको संख्या ..... ३४

**विषय अध्ययन**


ब्रिटिस कोलम्बिया ........ १८
भारत ........ ४४
प्यालेस्टाइन ........ ५१
पपुआ न्युगिनी ........ ५७
किर्गिज्स्तान ........ ६३
दक्षिण अफ्रिका ........ ७३
इण्डोनेसिया ........ ७८
गणतन्त्र आयरल्याण्ड ........ ८५
चिली ........ ९२
ब्राजिल ........ १०१
लेसोथे ........ १०८
मेक्सिको ........ ११३
न्युजिल्याण्ड ........ ११८
थाइल्याण्ड ........ १२३
सेनेगाल ........ १२८
जापान ........ १३४
युरोपेली संसद् ........ १६३
चीन ........ १६८


**परिशिष्ट**


क. २१३ स्वतन्त्र मुलुक र सम्बन्धित भूभागको निर्वाचन प्रणाली (सन् २००४) ........ १८८
ख. शब्दावली ........ १९६
ग. थप अध्ययन सामग्री ........ २०७
घ. मतलाई स्थानमा रुपान्तरण गर्दा निर्वाचन प्रणालीको प्रभाव ........ २११
ङ. सीमा निर्धारण ........ २१४
च. लेखकहरुका बारेमा ........ २१६
छ. कृतज्ञता ........ २२१
ज. अन्तर्राष्ट्रिय आईडीईएको बारेमा ........ २२२
झ. ग्रामीण विकास प्रतिष्ठानको बारेमा ........ २२३
ञ. अनुक्रमाणिका ........ २२५
ट. सम्पादन तथा अनुवाद ........ २५४

# शब्द संक्षेप

| | | | |
|---|---|---|---|
| **अनेका** | अफ्रिकी नेसनल कांग्रेस | ANC | African National Congress |
| **वैम** | वैकल्पिक मत | AV | Alternative Vote |
| **प्राग** | प्राथमिकता गणना | BC | Borda Count |
| **एम** | एकमुष्ट मत | BV | Block Vote |
| **निव्यनि** | निर्वाचन व्यवस्थापन निकाय | EMB | Electoral Management Body |
| **पहुनिहु** | पहिलो हुने निर्वाचित हुने | FPTP | First Past the Post |
| **सीम** | सीमित मत | LV | Limited Vote |
| **सूचीसप्र** | सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व | List PR | List Proportional Representation |
| **बसनिक्षे** | बहुसदस्यीय निर्वाचन क्षेत्र | MMD | Multi Member District |
| **मिसस** | मिश्रित सदस्य समानुपातिक | MMP | Mixed Member Proportional |
| **संस** | संसद सदस्य | MP | Member of Parliament |
| **दएम** | दलगत एकमुष्ट मत | PBV | Party Block Vote |
| **सप्र** | समानुपातिक प्रतिनिधित्व | PR | Proportional Representation |
| **एसनिक्षे** | एकल-सदस्यीय निर्वाचन क्षेत्र | SMD | Single-Member District |
| **एअम** | एकल असङ्क्रमणीय मत | SNTV | Single Non-Transferable Vote |
| **एसम** | एकल सङ्क्रमणीय मत | STV | Single Transferable Vote |
| **दुचप्र** | दुई-चरण प्रणाली | TRS | Two-Round System |

# परिच्छेद १

परिच्छेद १

# १. सिंहावलोकन

## परिचय

१. प्रजातन्त्रका लागि निर्वाचन प्रणालीको छनोट एक महत्वपूर्ण संस्थागत निर्णय हो । धेरैजसो मामिलाले के स्पष्ट गर्दछ भने एक विशेष प्रकारको निर्वाचन प्रणाली छनोट गरेपछि त्यसले सम्बन्धित मुलुकको राजनीतिक भविष्यमा गहिरो प्रभाव पार्दछ र एकपटक छनोट गरिएको निर्वाचन प्रणालीप्रति राजनीतिक स्वार्थको ऐक्यबद्धता तथा तिनीहरुद्वारा देखाइने प्रलोभनका कारण निकै लामो समयसम्म यस्तो प्रणाली यथावत् रहिरहन्छ । तथापि वर्तमान समयमा सचेततापूर्वक प्रारुप निर्माणको प्रचलन ज्यादै बढेको छ । परम्परागत तवरमा हेर्ने हो भने यस्तो निर्वाचन प्रणाली सचेततापूर्वक तयार पार्ने प्रचलन ज्यादै दुर्लभ थियो र मनोमानी ढंगले छनोट गरिन्थ्यो । धेरैजसो यस्तो छनोट स्वाभाविक तवरमा आकस्मिक संयोग नै हुने गर्थ्यो । विगतका प्रवृत्ति, विसङ्गत इतिहास वा उपनिवेशको प्रभाव तथा प्रभावशाली छिमेकी विशेषरुपमा सबल भएका परिणामको मिश्रणले गर्दा पनि यस्तो हुन्थ्यो ।

२. कुनै पनि नयाँ प्रजातन्त्रले आफ्नो विधायिकाको निर्वाचन गर्न निर्वाचन प्रणाली छनोट (वा अरुको अनुसरण) गर्नुपर्छ । स्थापित प्रजातन्त्रभित्र पनि राजनीतिक सङ्कटले निर्वाचन प्रणालीमा परिवर्तनको लागि लहर ल्याउन भूमिका खेल्न सक्छ र राजनीतिक सङ्कट नआइकन पनि राजनीतिक सुधारका अभियानकर्ताहरुले निर्वाचन प्रणालीको परिवर्तनलाई राजनीतिक कार्यसूचीमा समावेशका लागि प्रयास गर्न सक्छन् । निर्वाचन प्रणालीलाई परिवर्तन गर्ने वा यथावत् राख्ने भन्ने कुरा सामान्यतः निम्न दुई अवस्थामध्ये कुनै एकले असर गर्छः

- राजनीतिक नेताहरुमा आधारभूत ज्ञान र सूचनाको अभाव हुन्छ, जसले गर्दा विभिन्न निर्वाचन प्रणालीहरुको छनोट र परिणामलाई पूर्ण तवरमा स्वीकार गर्न सक्दैनन्,
- अथवा यसको सट्टामा, राजनीतिक दलका नेताहरु निर्वाचन प्रणालीको यस्तो प्रारुपको लागि आफ्नो ज्ञान उपयोग गर्छन्, जसलाई तिनीहरु आफ्ना दलगत फाइदाका लागि काम लाग्ने ठान्दछन् ।

छनोट गरिएको प्रणालीलाई प्रचलनमा ल्याउँदा पहिले विचार नगरिएका परिणति आउन सक्छ । साथै पूर्वानुमानित असर आउन पनि सक्छ । यस्तो छनोट सम्बन्धित मुलुकको राजनीतिक जीवनका लागि सधैंभरि सर्वाधिक राम्रो नहुन सक्छ र कालान्तरमा त्यसले प्रजातान्त्रिक भविष्यको लागि दुर्भाग्यपूर्ण परिणति पनि ल्याउन सक्छ ।

३. यसप्रकार निर्वाचन प्रणाली छनोटको पृष्ठभूमि छनोट सरह नै महत्वपूर्ण छ । निर्वाचन प्रणालीको छनोट कुनै एउटा त्यस्तो प्रश्न होइन जसलाई स्वतन्त्र प्राविधिक विज्ञहरुले विशुद्ध समाधानको रुपमा प्रस्तुत गर्न सक्छन्, मूलभूत तवरमा यो राजनीतिक प्रक्रिया हो । वास्तवमा, निर्वाचन प्रणालीको छनोटको सम्बन्धमा राजनीतिक लाभको दृष्टिकोणलाई सधैंभरि महत्वकासाथ एक कारक तत्वका रुपमा लिइनुपर्छ । कहिलेकाहीं त यो मात्रै दृष्टिकोण रहन्छ । निर्वाचन प्रणालीको छनोटका लागि उपलब्ध सूची साधारणतः वास्तविकतामा सापेक्षिक तवरले आफैंमा अडचनयुक्त छन् । त्यसैगरी अल्पकालीन राजनीतिक स्वार्थको लेखाजोखाले निश्चित राजनीतिक प्रणालीको दीर्घकालीन परिणाम र व्यापक राजनीतिक स्वार्थलाई धुमिल तुल्याउँछ । परिणामस्वरुपः यस्ता व्यावहारिक अप्ठ्याराहरुलाई आत्मसात् गर्दै, यो हातेपुस्तकले निर्वाचन प्रणालीको सोचलाई सम्भव भएसम्म व्यापक र विस्तृत पार्ने प्रयास गरेको छ ।

४. यो हातेपुस्तक खासगरी राजनीतिक वार्ताकार, संविधान निर्माता र अनुभवविहीन तथा सङ्क्रमणकालीन नवप्रजातन्त्रमा राजनीतिक बहसमा संलग्न व्यक्तिहरुप्रति लक्षित छ । तथापि, प्रजातान्त्रिक संस्थाहरुलाई परिमार्जन गर्ने कार्य शोचनीय भएको हुँदा, नवप्रजातान्त्रिकमात्र होइनन् स्थापित प्रजातान्त्रिक मुलुकहरुमा पनि तिनीहरुले नयाँ राजनीतिक यथार्थलाई प्रतिविम्बित हुने गरी निर्वाचन प्रणाली अपनाउन खोजेका छन् । यो हातेपुस्तकले स्थापित प्रजातन्त्रका त्यस्ता व्यक्तिहरु, जो निर्वाचन प्रणालीको प्रारुप तर्जुमा गर्न वा परिमार्जन गर्न संलग्न छन्, त्यस्ता समेतको चासोलाई सम्बोधन गर्न खोजेको छ । यी लक्षित वर्गलाई दृष्टि दिंदै, यस विषयको प्राज्ञिक साहित्य सामग्रीलाई आवश्यकरुपमा सरलीकरण गरिएको छ । साथै, यो हातेपुस्तकले यो क्षेत्रमा विद्यमान जटिल समस्याहरुलाई सम्बोधन गर्ने प्रयास गरेको छ । त्यसैले, यो हातेपुस्तक कतै ज्यादै सरल देखिन्छ भने कतै अनावश्यक किसिमले जटिल पाइन्छ । यसको वास्तविकता के हो भने स्पष्टता र विस्तृतका दुई लक्ष्य पूर्तिका क्रममा कार्य गर्दा यस्तो भएको हो ।

उदीयमान र स्थापित प्रजातन्त्रहरुले संस्थागत छनोट गर्ने सन्दर्भ व्यापकरुपमा फरक-फरक हुन सक्छ । तथापि, त्यसका दीर्घकालीन उद्देश्य धेरैजसो उही हुन सक्छ । त्यस्ता संस्थाहरुको निर्माण गर्ने जसले स्थिर प्रजातन्त्रको प्रवर्द्धन गर्न सवल हुनुका साथै बदलिंदो सन्दर्भलाई सम्बोधन गर्ने कुरामासमेत लचकता राख्न सक्छन् । प्रत्येक प्रकारको प्रजातन्त्रले अर्काको अनुभवबाट धेरै सिक्न सक्छन् ।

संस्थागत प्रारुप निरन्तर विकास भइरहने एक प्रक्रिया हो र यो हातेपुस्तकले विश्वभरका मुलुकहरुले अपनाएका संस्थागत प्रारुपबाट पाठ सिकेर वास्तविक दृष्टान्तहरुलाई पेस गर्ने प्रयास गरेको छ ।

५. कतिपय संवैधानिक प्रारुप सापेक्षित रुपमा हालै सिर्जना गरिएका हुन् । सन् १९८० र १९९० का दशकहरुमा प्रजातान्त्रिक शासनव्यवस्थाका पक्षमा आएको विश्व लहरले गतिला उपयुक्त प्रतिनिधिमूलक संस्थाहरुको टिकाउपूर्ण प्रारुपको खोजी गर्न र निर्वाचन प्रणालीको ताजा मूल्यांकन गर्न प्रेरणा दियो ।

राजनीतिक संस्थाहरुको छनोटले विस्तृत राजनीतिक प्रणालीमा महत्वपूर्ण प्रभाव पार्दछ भन्ने तथ्यलाई आत्मसात् गर्दै उल्लिखित प्रक्रियालाई प्रोत्साहन गरियो । उदाहरणका लागि, यो कुरा बढ्दो रुपमा स्वीकार गरिएको छ कि निर्वाचन प्रणालीको प्रारुप यसरी निर्माण गर्न सकिन्छ, जसले स्थानीय भौगोलिक प्रतिनिधित्व प्रदान र समानुपातिकताको प्रवर्द्धन दुबैलाई जोड पुगोस् । यसबाट सुदृढ तथा सक्षम राष्ट्रिय दलहरुको विकासलाई वृद्धि गर्न, महिला र क्षेत्रीय अल्पसंख्यकहरुको प्रतिनिधित्वलाई सुनिश्चित तुल्याउन सकिन्छ। साथै, यसबाट विशेष किसिमको प्रोत्साहन एवं अडचनहरुको रचनात्मक प्रयोगद्वारा विभाजित समाजलाई गतिशील बनाउन सहयोग र सबैलाई समेट्न मद्दत गर्न सकिन्छ । आज निर्वाचन प्रणालीलाई सम्पूर्ण राजनीतिक संस्थाहरुको लागि एक ज्यादै प्रभावकारी विषयको रुपमा हेर्ने गरिन्छ र शासन व्यवस्थाका बृहत्तर सवालमा यसको गहन महत्व छ ।

६. यो हातेपुस्तक राष्ट्रियस्तरको निर्वाचन प्रणालीको सम्बन्धमा केन्द्रित रहे तापनि यहाँ चर्चा गरिएका विकल्पहरु मतको व्यवस्थापन गर्न चाहने कुनै पनि समुदायलाई उपयोगी हुनेछ। त्यसकारण, यो हातेपुस्तक राष्ट्रिय, स्थानीय र अधिराष्ट्रिय संस्थाहरुलाई मात्र होइन, व्यावसायिक संस्थाहरु, ट्रेड युनियनहरु र नागरिक समाजहरुलाई पनि महत्वपूर्ण हुनेछ ।

## यो हातेपुस्तक कसरी प्रयोग गर्ने

७. यहाँ निर्वाचन प्रणालीको छनोट र यसको परिणामहरुलाई विस्तृत विश्लेषणसहित विश्वमा निर्वाचन प्रणालीहरुको कसरी सञ्चालन भइरहेको छ भन्ने विवरण दर्शाएर यो हातेपुस्तकले दुई कुरा प्राप्त गर्ने उद्देश्य राखेको छ । पहिलो, ज्ञानलाई विस्तार तथा राजनीतिक एवं सार्वजनिक छलफलका लागि सम्प्रेषण गर्ने, दोश्रो, संविधान, राजनीतिक स्वरुप र निर्वाचनसम्बन्धी कानूनका निर्माताहरुलाई सुसूचित छनोट गर्ने अवसर उपलब्ध गराउने, जसबाट खास निर्वाचन प्रणालीको छनोटमा विद्यमान केही क्रियाविहीन तथा अस्थिर तत्वहरुलाई त्याग्न सकियोस् ।

८. यो हातेपुस्तक निर्वाचन प्रणाली भनेका वास्तवमा के हुन् (र तिनीहरु के होइनन्) भन्ने विषयको चर्चाबाट सुरु हुन्छ र राष्ट्रको राजनीतिक सफलता र स्थायित्वका लागि यसको महत्वमा प्रकाश पार्छ । तत्पश्चात्, यसले कुनै निर्दिष्ट समाजका लागि कस्तो निर्वाचन प्रणाली उपयुक्त हुन्छ भनी निर्णय गर्दा अपनाउनुपर्ने दशवटा आधारहरुको बारेमा सुझाव दिन्छ (प्रकरण २७-४५) र पुनरावलोकन तथा परिवर्तनका प्रक्रियासम्बन्धी विषयमा चर्चा गर्छ । यस्तो खाका निर्धारण गरेपछि परिच्छेद २ र ३ मा विभिन्न प्रणालीहरु र तिनका परिणामका सम्बन्धमा वर्णन गरिएको छ । प्रत्येक प्रणालीका फाइदा र बेफाइदाहरु ऐतिहासिक अनुभव तथा यो क्षेत्रका विद्वानहरुका कृतिबाट लिइएका छन् ।

९. हाल कैयौं किसिमका निर्वाचन प्रणालीहरु प्रयोगमा ल्याइएका छन् र अरु धेरै आफ्नै स्वरुपमा बदलिंदै आएका छन् । तर, सरलताको लागि हामीले निर्वाचन प्रणालीलाई तीन बृहत् परिवारमा विभाजन गरेका छौंः बढीमत/बहुमत प्रणाली, समानुपातिक प्रणाली र मिश्रित प्रणाली । यसभित्र नौवटा उप-परिवारहरु छन्: पहिलो हुने निर्वाचित हुने (FPTP), एकमुष्ट मत (BV), दलगत एकमुष्ट मत (PBV), वैकल्पिक मत (AV) र दुई-चरण प्रणाली (TRS) यी सबै बढीमत/बहुमत प्रणाली हुन् । सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली (List PR) र एकल सङ्क्रमणीय मत (STV) दुबै समानुपातिक प्रणाली हुन्, मिश्रित सदस्य समानुपात (MMP) र समानान्तर प्रणाली (Parallel

System) यी दुबै मिश्रित नमूनाका उदाहरण हुन् । यसका अतिरिक्त, अन्य किसिमका प्रणालीहरु पनि छन्, जस्तै एकल असङ्क्रमणीय मत (SNTV), सीमित मत (LV) र प्राथमिकता गणना (BC), जुन कुनै श्रेणीमा पनि मिल्न सक्दैन (हेर्नुहोस् चित्र १) र यिनीहरुलाई अन्य तीन उप-परिवारका रुपमा लिने गरिएका छन् ।

१०. निर्वाचन प्रणालीको यो पारिवारिक शृङ्खला विभिन्न प्रणालीहरुमध्येबाट छनोटको स्पष्टता र समग्र मार्ग-निर्देशनका लागि तर्जुमा गरिएको हो । लामो समयदेखि स्थापित परम्पराले जरो गाढेको भए तापनि यहाँ प्रजातन्त्रको व्यापक सवाल र वैधताको पक्षलाईभन्दा विश्वमा राष्ट्रिय-स्तरको विधायिकाको निर्वाचनमा प्रचलित सम्पूर्ण निर्वाचन प्रणालीमाथि दृष्टि पुऱ्याइएको छ । यस्ता प्रणालीहरुलाई तिनीहरुको उपलब्धिभन्दा पनि प्रक्रियामा आधारित गरेर वर्गीकरण गरिएका छन्: जब कि समानुपातिक प्रणाली प्रयोग गरेका मुलुकहरुको परिणाम बढीमत/बहुमत प्रणाली प्रयोग गर्ने मुलुकहरुको भन्दा सामान्यतः बढी समानुपातिक देखिन्छ । तर यस्तो अवस्था सधैं रहँदैन ।

११. प्रत्येक निर्वाचन प्रणालीको संयन्त्र र परिणतिका सम्बन्धमा चर्चा गरेपछि परिच्छेद ३ मा सबै किसिमका निर्वाचन प्रणालीसँग सम्बन्धित कतिपय सवालहरुलाई संबोधन गरिएको छ, जस्तै महिला र अल्पसंख्यकहरुको प्रतिनिधित्व, साम्प्रदायिक प्रतिनिधित्व, निर्वाचनको समय, अनिवार्य मतदान र अनुपस्थिति वा मुलुकबाहिर हुने मतदान । यो हातेपुस्तक सामान्यतया विधायिका, खास गरेर संसद्को तल्लो सदनको निर्वाचनका सम्बन्धमा केन्द्रित छ । तर, राष्ट्रपति, संसद्को माथिल्लो सदन र स्थानीय सरकारका निकायहरुको निर्वाचनसम्बन्धमा पनि परिच्छेद ४ मा चर्चा गरिएको छ । हामीले अधिराष्ट्रिय निकायहरु, जस्तै – युरोपेली संसद्ले निर्वाचनमा भोग्नु परिरहेका समस्याहरुको लेखाजोखा गरेका छौं । साथै, विभिन्न स्वरुपका संघात्मक व्यवस्थाको समान तथा असमान दुबै पक्षबाट र स्वशासित क्षेत्रको सम्बन्धमा पनि विश्लेषण गरेका छौं ।

परिच्छेद ५ ले निर्वाचन प्रणालीको छनोटमा लाग्ने मुख्य लागत र प्रशासनिक प्रभावका सम्बन्धमा चर्चा गरेको छ र परिच्छेद ६ मा निर्वाचन प्रणालीको निर्माताहरुलाई केही सल्लाह दिँदै टुंग्याइएको छ । यस्ता सल्लाह कतिपय विज्ञहरुको अनुभवबाट टिपिएका हुन्, जसले विश्वभर संविधान र निर्वाचनसम्बन्धी कानूनको मस्यौदा गर्न सहयोग पुऱ्याएका थिए । परिशिष्टहरुमा विश्वका २१३ स्वतन्त्र मुलुकहरु र भूभागमा प्रचलित निर्वाचन प्रणालीको सूची, शब्दावली, थप अध्ययनका सामग्री, निर्वाचन प्रणाली र क्षेत्र निर्धारणको असर र यसका उदाहरण दिइएको छ ।

१२. यस पुस्तकमा १८ विषय अध्ययनहरु समावेश छन्, जसले निर्वाचन प्रणाली प्रारुपका अमूर्त सिद्धान्तलाई व्यावहारिक धरातलमा उतार्ने प्रयास गरेका छन् । यस्ता विषय अध्ययनका लेखकहरु, तोकिएका मुलुकका राजनीतिक विज्ञलाई यी विषयमा सम्वोधन गर्न भनिएको थियो: निर्वाचन प्रणाली के हो र यो कहिलेदेखि लागू भएको हो ? व्यवहारमा यसले कसरी काम गरेको छ ? प्रणालीका कुन-कुन पक्षहरुले राम्रो काम गरेका छन् ? के कारणबाट यसलाई आलोचना गरिएको छ ? र, यदि कुनै चरणमा परिवर्तन गरिएको थियो भने किन परिवर्तन गरियो र नयाँ परिवर्तनले के जनताका आकांक्षा पूरा गरेको छ ?

१३. यो हातेपुस्तकले निर्वाचन प्रणाली प्रारुपका सम्बन्धमा सम्पूर्ण उत्तर दिने उद्देश्य राखेको छैन । तर सुसूचित छनोटका लागि पर्याप्त जानकारी दिने आशा लिएको छ र कुन मुलुकका लागि कस्तो निर्वाचन प्रणालीले ज्यादै राम्रोसँग काम गर्छ भन्ने सम्बन्धमा व्यापक छलफलका लागि बाटो खोलिदिएको छ । हातेपुस्तक निर्देशनात्मक छैन । यसमा सूत्रहरु दिएका छैनन, न यस्ता सूत्र नै देखिन्छन । उदाहरणका लागि पाठकहरुलाई यो अवगत गराउँ कि कुनै एउटा समाज जहाँ ६० प्रतिशत मुसलमान र ४० प्रतिशत इसाई छन्, तीन-दल प्रणाली छ र लामो समयदेखि पृथकतावादी हिंसात्मक विद्रोह कायम छ, त्यस्तोले यस्तै प्रकारको निर्वाचन प्रणाली अपनाउनु पर्छ भन्ने उपाय दिइएको छैन । यसले के गर्दछ भने उपलब्ध छनोटहरुका मापदण्डको सुझाव दिन्छ र यसो गर्दा सुसूचित निर्णयका लागि संरचनाको स्वरुप दर्शाउँछ । यस्ता उदाहरण र अध्ययनहरुबाट एक मुलुकको पाठक अर्को समान समस्या भएका विश्वका कुनै भागबाट पहिचान गर्न सक्षम हुन्छ । प्रत्येक राष्ट्र फरक छन्, तर त्यसको विशिष्टता सामाजिक, आर्थिक तत्वहरुको रचनामा निर्भर हुन्छ । उदाहरणार्थ यस्तो समाज तथा संस्कृति जसले प्रतिनिधित्वको अवधारणालाई परिभाषित गरेको छ, त्यसले जातियता र आन्तरिक द्वन्द्वलाई महत्व दिएको हुन्छ । त्यस कारणले गर्दा भावि निर्वाचन प्रणालीका प्रारुप निर्माताहरुलाई छनोटका आधारसहित सुधार सुरु गर्न सुझाव दिइन्छ (प्रकरण २७-४५ हेर्नुहोस्) र विभिन्न पक्षहरुमध्ये कुनचाँहि त्यस मुलुकलाई विशेष महत्वको हुन्छ भन्ने सम्बन्धमा प्राथमिकता दिने प्रयास गर्दछ, त्यसपछि उपलब्ध विकल्पहरु र तिनका सम्भाव्य परिणाम तथा परामर्शको प्रक्रियालाई बहसमा ल्याउन सकिन्छ । जसबाट नयाँ निर्वाचन प्रणाली अपनाउने कार्य प्रारम्भ हुन्छ । यसप्रकार, ज्यादै उपयुक्त निर्वाचन प्रणालीको खोजीगर्दा छनोटका आधारहरुका सट्टामा (जहिले पनि इतिहास, समय र राजनीतिक यथार्थलाई ध्यानमा राखेर) कुनै मुलुकको आवश्यकतानुसार सुहाउने एक वा बढी विकल्प छनोटको लागि मूल्याङ्कन गर्ने कार्य गरिन्छ । यस्तो प्रक्रिया अपनाएपछि वैधानिक तवरमा अन्तिम छनोटको कार्य गरिन्छ ।

## निर्वाचन प्रणाली के हुन्

१४. अत्यन्त प्रारम्भिक अर्थमा भन्नुपर्दा निर्वाचन प्रणालीले आमनिर्वाचनमा खसेको मतलाई दल वा उम्मेदवारहरुले हासिल गरेका स्थानमा रुपान्तरण गर्दछ । यसका लागि प्रयोग गरिएको निर्वाचन सूत्र जस्तो कि बढीमत/बहुमत, समानुपातिक, मिश्रित अथवा अन्य कुन प्रणालीको प्रयोग गरिएको छ, मतगणनामा कस्तो गणितीय सूत्र प्रयोग गरिएको छ, मतपत्रको स्वरुप (जस्तो कि मतदाताले कुनै एक उम्मेदवारलाई मतदान गर्छ वा दललाई तथा मतदाताले एउटैलाई मात्र छान्ने काम गर्छ कि क्रमशः अरुहरुलाई पनि प्राथमिकता दिन्छ) र निर्वाचन क्षेत्रको व्यापकता (एक निर्वाचन क्षेत्रमा कति मतदाताहरु बस्छन् भन्ने होइन कि त्यो निर्वाचन क्षेत्रले विधायिकामा कति प्रतिनिधिहरु निर्वाचन गर्दछन्) आदि कुराहरुले मुख्य परिसूचकका रुपमा काम गरेका हुन्छन् । यसमा के पनि जोड दिइन्छ भने, यो हातेपुस्तक निर्वाचनका प्रशासनिक पक्षहरु (जस्तै मतदान केन्द्रहरुको निर्धारण, उम्मेदवारको मनोनयन, मतदाताहरुको नाम दर्ता, निर्वाचन कसले सञ्चालन गर्छ आदि) माथि केन्द्रित छैन तापनि यस्ता पक्षहरु गहन महत्वका छन् र यिनलाई उचित दृष्टि दिइएन भने निर्दिष्ट निर्वाचन प्रणाली छनोटको लाभ न्यून हुन्छन् । निर्वाचन प्रणालीको प्रारुपले निर्वाचनसम्बन्धी कानूनका अन्य क्षेत्रलाई असर पार्दछ । निर्वाचन प्रणालीको छनोटले निर्वाचन क्षेत्रको सीमा कसरी निर्धारण भएको छ भन्ने कुरामा प्रभाव पार्दछ । मतदाता नामावली कसरी दर्ता गरिन्छ, मतपत्रको नमुना, मत कसरी गणना गरिन्छ र निर्वाचन प्रक्रियाका अन्य कैयौं पक्षहरु समेतलाई यसले समेटेको छ ।

## निर्वाचन प्रणालीको महत्व

१५. राजनीतिक संस्थाहरुले खेलको नियम निर्धारण गर्दछन्, जसअन्तर्गत प्रजातन्त्रको अभ्यास गरिन्छ र प्रायः यो तर्क गरिन्छ कि असल वा खराव जुनसुकै हेतुले भए पनि आफ्नो स्वार्थ अनुकूल परिचालन गर्ने सबैभन्दा सजिलो राजनीतिक माध्यम भनेको निर्वाचन प्रणाली नै हो। आम निर्वाचनमा खसेको मतलाई विधायिकाको स्थानमा रुपान्तरण गर्न र कसले जित्यो र कुन दल शक्तिमा आउछ भन्ने कुरा निर्वाचन प्रणालीको छनोटबाट प्रभावकारी ढङ्गले निर्धारण हुन्छ। जब मुलुकको राजनीतिक स्वरुपका धेरै पक्षहरु सामान्यतः संविधानमा नै निर्धारण गरिएका हुन्छन् र त्यसलाई संशोधन गर्न कठिनाइ हुन्छ, निर्वाचन प्रणालीमा परिवर्तन गर्न नयाँ कानूनको आवश्यकता पर्दछ।

१६. प्रत्येक मतदाताले उस्तै मतदानद्वारा बिलकुल सोही संख्यामा राजनीतिक दलहरुलाई मत दिए पनि निर्वाचन प्रणालीको अन्तरका कारण कहीं गठबन्धन सरकारको अवस्था हुने, कहीं अल्पमतको सरकार हुने, त कहीं कुनै एक दलको बहुमतको सरकार हुने अवस्थामा हुन्छ। परिशिष्ट-घ मा दिइएका उदाहरणहरुले कसरी विभिन्न निर्वाचन प्रणालीमा मतदानलाई नाटकीय तवरमा फरक-फरक परिणाममा रुपान्तरण गर्छ भन्ने झलक दिन्छ।

### *निर्वाचन प्रणाली र दलगत प्रणाली*

१७. राजनीतिक दलका सन्दर्भमा निर्वाचन प्रणालीका कारण माथि भनिएका प्राथमिक प्रभावभन्दा अरु कैयौं बढी परिणामहरु पनि देखिन्छन्। कुनै प्रणालीले राजनीतिक दलहरुको गठनलाई प्रोत्साहन गर्छ वा लागू नै गराउँछ भने कुनैले व्यक्तिगत उम्मेदवारहरुलाई मात्र मान्यता दिन्छ। निर्वाचन प्रणालीले दलगत पद्धतिको विकास विशेषतः विधायिकामा राजनीतिक दलहरुको संख्या र सापेक्षित आकारलाई ज्यादै प्रभावित पार्दछ। यसैगरी, दलहरुको आन्तरिक मजबुती र अनुशासन पनि प्रभावित हुन्छ। कुनै प्रणालीमा जब एक दलका विभिन्न घटकहरु एक आपसमा निरन्तर रुपमा मेलमिलापमा रहंदैनन् तब गुटवन्दीलाई प्रोत्साहन गर्छ, अर्को प्रणालीले दलहरुलाई एकै आवाजमा आउन र मतभेदलाई हटाउन प्रोत्साहन गर्छ। निर्वाचन प्रणालीले दलहरुको चुनाव प्रचार गर्ने तरिकालाई पनि प्रभाव पार्न सक्छ र राजनीतिक प्रवुद्धवर्गहरुले कस्तो व्यवहार गर्नुपर्छ भन्ने दर्शाउँछ। यसरी वृहत्तर राजनीतिक वातावरण निर्धारण गर्न मद्दत पुऱ्याउँछ। निर्वाचन प्रणालीले राजनीतिक दलहरु बीचका अपवित्र गठबन्धनलाई प्रोत्साहन वा तिरस्कार गर्न सक्छन्। निर्वाचन प्रणालीले दलहरुलाई वृहत्तरस्वरुपमा आधारित हुन र मिलनयोग्य हुन प्रोत्साहन गर्छन् वा जातियता वा नाताकुटुम्ब जस्ता सम्बन्धप्रतिको साँघुरो भावनालाई आफ्ना आधार बनाउछन्।

### *निर्वाचन प्रणाली र द्वन्द्व व्यवस्थापन*

१८. यस्ता विभिन्न प्रभावहरुबाट निर्वाचन प्रणालीले विशेषतः द्वन्द्व व्यवस्थापनमा पुऱ्याउने महत्वपूर्ण भूमिका उजागार गर्छ। यो स्पष्ट छ कि विभिन्न निर्वाचन प्रणालीहरुले समाजमा तनाव र द्वन्द्वलाई बढाउन वा मत्थर तुल्याउन सक्छ। एक स्तरमा, विद्यमान तनावले अल्पसंख्यक समूहहरुको प्रतिनिधित्वलाई फाइदा पुऱ्याउँछ जसले बलियो एक-दलीय सरकारलाई प्रोत्साहन गर्छ। अर्को तहमा, निर्वाचन प्रणाली स्वच्छ नहुने र राजनीतिक रुपरेखाले विपक्षीलाई अर्को पटकको निर्वाचनमा विजय

हासिल गर्ने अवसर प्राप्त हुन्छ भन्ने भावना दिंदैन भने पराजित हुनेहरुले अप्रजातान्तिक, प्रतिशोधात्मक र हिंसात्मक तरिकाहरुको समेत उपयोगद्वारा प्रणालीभन्दा बाहिर गएर काम गर्न बाध्य हुन्छन् । अन्त्यमा निर्वाचन प्रणालीको छनोटको कारणले मतदानको कार्यलाई सरल वा जटिल तुल्याउँछ। यसले स्वभावतः अल्पसंख्यक र सुविधाविहीन समूहहरुलाई प्रभाव पार्दछ। जहाँ मतदाताहरु अधिक संख्यामा अनुभवहीन वा निरक्षर हुन्छन्, त्यहाँ यसको विशेष महत्व हुन्छ (हेर्नुहोस् निर्वाचन प्रणालीको लागि लागत र प्रशासनिक प्रभावका सम्बन्धमा परिच्छेद ५)।

### *मनोवैज्ञानिक र यान्त्रिक असर*

१९. निर्वाचन प्रणालीमा साधारणतया यान्त्रिक र मनोवैज्ञानिक दुवै किसिमका असर रहेको बताइन्छ। विभिन्न निर्वाचन प्रणालीहरुले विभिन्न किसिमका दलगत पद्धतिलाई प्रोत्साहन गर्ने गरेबाट यान्त्रिक असर ज्यादै स्पष्ट देखिन्छ। बढीमत/बहुमत प्रणालीले दलको संख्यालाई सीमित पार्न सक्छ, जब कि समानुपातिक प्रणालीले उनीहरुको विविधतालाई बढी "स्वीकार्य" बनाउँछ। निर्वाचन प्रणालीको यो मनोवैज्ञानिक असरले यान्त्रिक असरलाई बलियो पार्छ । पहिलो हुने निर्वाचित हुने नियममा, मतदाताहरु जसले साना दललाई समर्थन गर्ने इच्छा राख्छन् तिनले आफ्नो मतलाई "खेरजान" बाट कसरी जोगाउने भन्ने द्विविधा भोग्नुपर्ने हुन्छ । किनकि, यस प्रणालीमा एक निर्वाचन क्षेत्रबाट एकमात्र उम्मेदवार निर्वाचित हुन्छ। यो विवशताले यस्तो परिणाम देखाउँछ कि धेरैजसो मतदाताहरुले इमान्दारीपूर्वक आफ्नो छनोट प्रकट गर्दैनन् । बरु तिनीहरु जित्ने सम्भावना बढी रहेको विश्वास गरिएको अर्को (साधारणतया बहुमत प्राप्त दलको) उम्मेदवारलाई मत दिन्छन्। यसको समग्र असर भनेको साना दलहरुको मूल्यमा ठूला दलहरु सुदृढ हुनु हो। यसको विपरीत समानुपातिक प्रणाली वा बहुमतपत्र छनोट उपलब्ध गराउने प्रणालीले त्यस्तो साना दलहरुको निर्वाचनलाई सहज तुल्याउँछ र रणनीतिक तवरमा मतदान गर्नुपर्ने दबाबलाई घटाउँछ।

### *सन्दर्भको महत्व*

२०. यो बुझ्नु महत्वपूर्ण छ कि कुनै निश्चित निर्वाचन प्रणालीले सबै मुलुकहरुमा एकै ढङ्गबाट काम गर्छ भन्ने जरुरी छैन । विश्वका विभिन्न क्षेत्रहरुमा केही समान अनुभव भए तापनि एक निश्चित प्रकारको निर्वाचन प्रणालीको असर धेरै हदसम्म सो प्रयोग गरिएको मुलुकको सामाजिक-राजनीतिक सन्दर्भमा निर्भर गर्दछ । उदाहरणको लागि बढीमत/बहुमत प्रणालीले विधायिकी प्रतिनिधित्वको परिधिलाई सङ्कुचित तुल्याउँछ र समानुपातिक प्रतिनिधित्व प्रणालीले यसलाई प्रोत्साहन गर्छ भन्ने सामान्य सहमति छ। परम्परागत रुपमा यो मानिन्छ कि बढीमत/बहुमतको प्रयोगले दुई दलीय प्रणाली जन्माउँछ र समानुपातिक प्रतिनिधित्वले युगअनुसार बहुदलीय प्रणालीप्रति बढी दृष्टि पुऱ्याउँछ। तर हालका वर्षहरुमा पहिलो हुने निर्वाचित हुने प्रणालीले स्थापित प्रजातान्त्रिक मुलुकहरु जस्तै क्यानडा र भारतमा दलगत प्रणालीलाई एकीकरणको निम्ति सहयोग पुऱ्याउन सकेन, न त यसले पपुआ न्यु गिनीमा बलियो र टिकाउ दलहरु गठनका लागि बाटो देखाउन नै सक्यो । यसैगरी समानुपातिक प्रतिनिधित्व प्रणालीबाट नामिबिया, दक्षिण अफ्रिका र अन्यत्र पनि एक दलीय प्रभुत्वको सरकार निर्वाचित गऱ्यो । अझै विस्तृतमा भन्नुपर्दा निर्वाचन प्रणाली छनोटको परिणाम यस्ता तत्वहरुमा निर्भर रहन्छः जस्तै वैचारिक, धार्मिक, जनजातीय, वर्ण, क्षेत्रीय, भाषिक अथवा वर्ग विभाजन आदिको दृष्टिकोणबाट समाजको संरचना, त्यो मुलुक एक स्थापित प्रजातन्त्र हो वा सङ्क्रमणकालीन प्रजातन्त्र

वा नयाँ प्रजातन्त्र के हो ? त्यहाँ स्थापित दलगत प्रणाली छ वा छैन, दलहरु निर्माणको प्रारम्भिक अवस्थामा वा असङ्गठित के छन् र त्यहाँ दलहरु कति 'गम्भीर' छन् तथा कुनै एक निश्चित दलका समर्थकहरु भौगोलिक किसिमबाट केन्द्रित छन् वा ठूलो क्षेत्रमा फैलिएका छन् ।

### *बृहत्तर प्रजातान्त्रिक खाका*

२१. निर्वाचन प्रणालीलाई एकाकी रुपमा हेर्न नहुने कुरा पनि महत्वपूर्ण छ । यसको प्रारुप र प्रभाव संविधानभित्र वा बाहिरका अन्य संरचनामाथि सोचेभन्दा बढी निर्भर हुन्छ । निर्वाचन प्रणाली भनेको सरकारी संरचना, नियम र शक्ति पहुँचका बुँदाहरुमा अन्तरसम्बन्धित विषय हो । सफल निर्वाचन प्रणालीको प्रारुप समग्र राजनीतिक संस्थाहरुको खाकालाई हेरेर बनाइन्छ । यो खाकाको एक हिस्सामा परिवर्तन गर्दा अन्य संस्थाले गर्ने काममा समायोजनको आवश्यकता पर्दछ ।

२२. उदाहरणका लागि, छनोट गरिएको निर्वाचन प्रणालीले राजनीतिक दलका नेताहरु र स्थलगत रुपमा क्रियाशील कार्यकर्ताकाबीच द्वन्द्व समाधानको लागि कसरी सहयोग पुऱ्याउँछ वा प्रोत्साहन गर्छ ? आफ्ना निर्वाचित प्रतिनिधिहरुमाथि दलका नेताहरुको नियन्त्रण कति छ ? जनमतसँग्रह, नागरिकहरुको पहल वा प्रत्यक्ष प्रजातन्त्रका यस्तै अन्य उपाय जसले प्रतिनिधिमूलक प्रजातन्त्रका संस्थाहरुलाई परिपूरक तुल्याउँछ भन्ने विषयहरुमा संवैधानिक प्रावधानहरु छन् वा छैनन ? र निर्वाचन प्रणालीको पूर्ण विवरण संविधानमा, संविधानको अनुसूचीमा उल्लेख गरिएका छन् वा सामान्य कानूनमा व्यवस्था गरिएका छन् ? यसले प्रणाली कति सुदृढ छ वा निर्वाचित बहुमतद्वारा परिवर्तन गर्न कति खुला छ भन्ने कुराको निर्धारण गर्छ (प्रकरण ४९ हेर्नुहोस्) ।

२३. यस्तै प्रकारका अरु दुई सवालहरु अझ विस्तृतमा विचार गरिनु योग्य छन् । पहिलो, केन्द्रीकरणको स्तर हो । मुलुक संघात्मक वा एकात्मक के छ र यदि संघात्मक हो भने संघीय एकाइहरु शक्ति साझेदारीमा समान वा असमान के छन् ? दोस्रो, संसदीय र राष्ट्रपति प्रणालीबीचको छनोट हो । यी दुबै प्रणालीका आ-आफ्नै वकालतकर्ताहरु छन् र विभिन्न मुलुकका स्थापित परम्पराहरुले यीमध्ये कुन छान्ने वा बहस नै बन्द गर्ने भन्ने कुरालाई प्रभाव पार्दछन् । विधायिका र कार्यपालिकाबीच सम्बन्धको भिन्नताले यी दुबै पद्धतिका लागि निर्वाचन प्रणालीको प्रारुपमा महत्वपूर्ण प्रभाव पार्दछ । स्थानीय तहका मेयर वा कार्यकारी प्रमुखको प्रत्यक्ष निर्वाचनको सवालमा यी दुबै मुद्दाहरु बारम्बार सँगसँगै बहसमा आउने गर्दछन् ।

२४. संघात्मक प्रणालीमा प्रायजसो विधायिकाको दुबै सदनको निर्वाचन भिन्न अथवा असमान तरिकाबाट गरिन्छ । यसले संघीयवादको अन्तर्निहित सिद्धान्तलाई बुझाउने दुई मुख्य कारणहरु रहेको अर्थ दिन्छ । पहिलो, संघीय विधायिकाको माथिल्लो सदन सम्बन्धित मुलुकका क्षेत्रहरु वा राज्यको प्रतिनिधित्व गर्न बनाइएको हुन्छ र यसमा प्रत्येक राज्यले जनसंख्या अथवा भूभागको आकारको ख्याल नगरी बराबर प्रतिनिधित्व गर्न पाउँछन् (जस्तै अमेरिकी सिनेट अथवा दक्षिण अफ्रिकाको प्रान्तीय राष्ट्रिय परिषद्) । दोस्रो, दुई सदनकाबीच भूमिका र सम्भावित शक्तिहरुका सम्बन्धमा खासै फरक स्तर छैन भने द्विसदनात्मक विधायिका सिर्जना गर्नुपर्ने खासै महत्व देखिदैन । दुबैमा एकै किसिमको निर्वाचन प्रणालीको प्रयोगबाट तल्लो सदन नियन्त्रण गर्ने बहुमत शक्तिलाई नै अधिकांशतः दोहोऱ्याउने अथवा पुनः जोड पुग्ने देखिन्छ । तल उल्लेख गरिएजस्तो (प्रकरण १८९-१९२ हेर्नुहोस्), राष्ट्रिय निर्वाचनमा पूर्ण

प्रतिनिधित्व गर्न नपाएका समुदायलाई माथिल्लो सदनमा समावेशको अवसर प्रदान गर्ने केही चुनावी नवप्रयोग प्रदान गर्न सक्छ । तर विधायिकाको माथिल्लो सदन, तल्लो सदन र क्षेत्रीय निकायहरु गरी तीन वा बढी तहमा निर्वाचनको व्यवस्था भए यस्ता प्रणालीहरुलाई समग्रमा प्रयोग गरिनु महत्वपूर्ण ठहरिने छ । उदाहरणस्वरुप, अल्पसंख्यकहरुलाई क्षेत्रीयस्तरमा समावेशका लागि प्रोत्साहन गरिनु सम्भव हुनेछ भने राष्ट्रिय तहमा दुरुत्साहन वा प्रतिबन्ध लगाउन पनि सकिन्छ । यस्तो कुरा वाञ्छनीय छ वा छैन राजनीतिक बहस वा छनोटको विषय हो ।

२५. हालका वर्षहरुसम्म राष्ट्रपति प्रणालीको प्रयोग दिगो प्रजातन्त्रका लागि उदाहरण स्वरुप थिए । तथापि राष्ट्रपतिवादप्रति प्रतिबद्ध जस्तै ल्याटिन अमेरिका र दक्षिण पूर्व एसियाली क्षेत्रका मुलुकहरुले अब यस्तो प्रश्न गर्न थालेका छन् : संस्थागत प्रारुपको कुन पक्षले राष्ट्रपति प्रणालीलाई काम लाग्ने बनाएको छ ? ल्याटिन अमेरिकाको अनुभवबाट यस्ता केही प्रमाण देखिएका छन् कि राष्ट्रपति प्रणालीमा आधारित संविधान भएका मुलुकहरुमा स्थायित्वको लागि समस्याग्रस्त हुन सक्छ । जब राष्ट्रपतिको निर्वाचन दुईभन्दा बढी चरणमा गरिन्छ तब दलगत प्रणालीमा ज्यादै विभाजन आउँछ र यदि विधायिकाको निर्वाचन सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वमा आधारित छ र निर्वाचन सँगसँगै गरिन्न भने विभाजित कार्यकारिणी र विधायिकाका शाखाहरुकाबीच तनाव आउँछ । तथापि, यस्तो निर्वाचन प्रणाली अपनाउनु उपयोगी देखिन्छ जसबाट निर्वाचित राष्ट्रपतिलाई दल अथवा गठबन्धनद्वारा समर्थन पुऱ्याउँदा विधायिकाको निर्वाचित सदस्यहरुको पूर्ण बहुमत नरहे तापनि उल्लेख्य किसिमबाट पूर्ण बहुमत प्राप्त हुनेछ ।

२६. राष्ट्रपति पद्धति अन्तर्गत राष्ट्रपति र विधायिकाको निर्वाचनका लागि बढीमत प्रणालीले राजनीतिक दलहरुकाबीच सत्ताका लागि कम वा अधिक चुनौतीहरु केन्द्रित हुन मद्दत पुऱ्याएको देखिन्छ । तथापि, जुन मुलुकमा एउटै समूहको पूर्ण बहुमत छैन र विविधता वा जातियताको दृष्टिकोणले विभाजित र विविधतायुक्त छ, त्यस्तो मुलुकमा बढीमत प्रणालीको प्रयोग गरी प्रत्यक्ष निर्वाचनद्वारा राष्ट्रपतिलाई बढी शक्ति प्रदान गर्दा गम्भीर खतरा आउनसक्ने हुन्छ । यसको वैधानिकताको लागि वा शान्ति प्रक्रियाको वास्तविक सफलताका लागि परिणाम नोक्सान पुऱ्याउने हुनसक्छ । राष्ट्रपति निर्वाचन प्रणालीमा उम्मेदवारको सफलताका लागि राष्ट्रव्यापी रुपमा प्राप्त हुने मत मात्र होइन कि संघका न्यूनतम राज्यहरुबाट पनि प्राप्त गर्न आवश्यकपर्ने मत अंशको प्रावधान भएमा त्यसले संघीय प्रणालीलाई समेत पूर्ण तुल्याउन सक्छ (इण्डोनेसिया र नाइजेरियामा जस्तो, हेर्नुहोस्: प्रकरण १८७-१८८) ।

## प्रारुपका आधारहरु

२७. निर्वाचन प्रणालीको प्रारुप तर्जुमागर्दा त्यसका आधारहरुको सूचीबाट सुरु गर्नु राम्रो हुन्छ जसको निष्कर्षमा तपाई के उपलब्धि प्राप्त गर्न चाहनु हुन्छ, तपाई कस्ता कुरा हटाउन चाहनु हुन्छ र विस्तृत अर्थमा, तपाई आफ्नो विधायिका र कार्यकारी सरकार कस्तो होओस् भन्ने चाहनु हुन्छ । यस प्रकार सूचीमा कैयौं विषयहरु समावेश हुन सक्छन् र यसले पूर्णता पाउन सक्दैन । पाठकले त्यतिकै महत्वका विषयहरु थप गर्न सक्छन् । यो पनि साँचो हो कि उल्लेख गरिएका केही आधारहरु अर्कोसँग परस्परव्यापी हुन र बाझिन सक्छन् । किनभने, यी सामान्यतः विरोधाभासपूर्ण हुन्छन्, संस्थागत प्रारुपको यो स्वभाव नै हो कि धेरै प्रतिस्पर्धी इच्छा र उद्देश्यहरुका बीचमा तालमेल गराउनु पर्छ ।

उदाहरणस्वरुप, कसैको चाहना स्वतन्त्र उम्मेदवारले विजय हासिल गर्न अवसर प्रदान गर्ने रहेको हुन्छ भने कसैको मजबुत राजनीतिक दलहरुको विकासलाई प्रोत्साहन पु¥याउनु रहेको हुन्छ । अथवा निर्वाचन प्रणालीको निर्माताहरुले यस्तो प्रणालीको निर्माण गर्नु बुद्धिमानी ठान्दछ जसबाट मतदाताहरुलाई उम्मेदवारहरु र दलहरुकाबीच छनोट गर्न व्यापक अवसरको अवस्था सिर्जना होस् । तर, यसले मतपत्र निर्माण गर्ने जटिलता उब्जाउँछ, जसबाट कम शिक्षित मतदाताहरुलाई अप्ठयारो पर्छ । निर्वाचन प्रणाली छनोट गर्न (वा सुधार गर्न) यस्तो चलाखी गर्नुपर्छ कि सबभन्दा महत्वपूर्ण देखिएका आधारहरुलाई प्राथमिकीकरण गर्ने र त्यसपछि कुन कुन निर्वाचन प्रणालीहरुको सम्मिश्रणले ती उद्देश्यहरु राम्रो ढंगबाट अधिकतम रुपमा पूरा गर्न सकिन्छ भनेर मूल्यांकन गर्नुपर्छ ।

### *प्रतिनिधित्वको व्यवस्था*

२८. प्रतिनिधित्व कम्तीमा पनि चार किसिमबाट हुन्छ । पहिलो कुरा, भौगोलिक प्रतिनिधित्वले यो जनाउँछ कि प्रत्येक क्षेत्र, नगर होस वा शहर, प्रान्त वा निर्वाचन क्षेत्रबाट चुनिएका विधायिकाका सदस्यहरु आफ्ना क्षेत्रप्रति उत्तरदायी हुन् । दोश्रो कुरा, राजनीतिक दलहरुबाट वा स्वतन्त्र प्रतिनिधित्वबाट वा दुवैको समिश्रणबाट समाजमा रहेका वैचारिक विविधताको विधायिकामा प्रतिनिधित्व हुनसकोस् । तेस्रो कुरा, राजनीतिक दलहरुको वैचारिक आधार नहुँदा पनि दलगत राजनीतिको आधारमा प्रतिनिधित्व हुनसक्छ । आधा मतदाताहरुले कुनै एक राजनीतिक दललाई मतदान गर्दा पनि त्यो दलले विधायिकाको स्थान जितेन वा मुस्किलले केही स्थानमात्र पायो भने यस्तो प्रणालीले जनताको इच्छालाई राम्रोसँग प्रतिनिधित्व गरेको छ भन्न सकिदैन । चौथो कुरा, विवरणात्मक प्रतिनिधित्वको अवधारणाले के बुझाउँछ भने विधायिकालाई केही हदसम्म राष्ट्रको दर्पणको रुपमा जनताको समग्र प्रतिबिम्ब झल्कने गरी आफूलाई हेर्न, महसुस गर्न, सोच्न र काम गर्न सकून् । पर्याप्त तवरमा व्यवस्था गरिएको विधायिकामा पुरुष र महिला, युवा र वृद्ध, धनी र गरिबलाई समाहित गरेर समाजमा विद्यमान विभिन्न धार्मिक आबद्धता भएकाहरु, भाषिक समुदायहरु र जात जातिका समूह प्रतिबिम्बित हुन सकोस् ।

### *निर्वाचनलाई पहुँचयोग्य र अर्थपूर्ण बनाउन*

२९. निवार्चनहरु सबै व्यवस्थित र राम्रा हुन्छन्, तर, मतदान गर्न कठिनाइ प¥यो वा अन्त्यमा गएर जनताको मतले मुलुकको शासनव्यवस्थामा कुनै परिर्वतन ल्याएन भने जनतालाई यसको अर्थ ज्यादै कम हुन्छ, । मतदानको सरलता मतपत्र कति जटिल छ, मतदातालाई मतदान केन्द्रमा पुग्न कतिको सजिलो छ, मतदाता दर्ता अद्यावधिक तुल्याइएको छ वा छैन र मतदाता आफूले मतदान गरेको गोप्य रहन्छ भन्नेमा कतिको विश्वस्त छन् जस्ता तत्वले निर्धारण गर्दछ ।

३०. निर्वाचन सहभागिता - कम्तीमा यो स्वतन्त्र छनोट भए पनि- त्यतिवेला नै बढेको ठहरिने छ जतिबेला राष्ट्रियस्तरमा वा मतदाताको आफ्नै निर्वाचन क्षेत्रको मतदानको परिणामले सरकारको भावी दिशा-निर्देशका लागि उल्लेख्य परिर्वतन ल्याउन सक्छ । यदि तपाई आफूले प्राथमिकता दिएको उम्मेदवारले निर्वाचन क्षेत्रको स्थानमा विजय हासिल गर्ने अवसर नपाउने देख्नु हुन्छ भने मतदान गर्न तपाईलाई के प्रेरणा हुन्छ र ? कुनै निर्वाचन प्रणालीमा “खेर गएका मत” (उदाहरणतः गणना नगरिने बदरमत भन्दा भिन्न किसिमका सदर मत जुन कुनै उम्मेदवारको पक्षमा जांदैन) कुल राष्ट्रिय मतको अनुपातमा निकै बढी मात्रामा हुनसक्छ ।

३१. अन्त्यमा, निर्वाचन गरिने निकायलाई प्राप्त हुने अधिकारले निर्वाचनको कुनै अर्थ भए वा नभएको निश्चित गर्दछ । विशुद्ध छनोट प्रदानबिना अधिनायकवादी प्रणालीमा गरिने निर्वाचनले, विधायिकालाई सरकार गठन वा सरकारी नीतिमा न्यून प्रभाव पार्छ, त्यस्तो निर्वाचन खोक्रो र महत्वहीन हुन्छ । यस्तो निर्वाचनले जनताका दैनिक जीवनलाई निर्धारित गर्ने प्रमुख तत्वलाई प्रभावित गर्ने शक्ति राख्दैन ।

३२. प्रजातान्त्रिक प्रणालीहरु भित्रै पनि निर्वाचन प्रणालीको छनोटले संस्थाहरुको वैधानिकतालाई प्रभाव पार्नसक्छ । उदाहरणका लागि, अष्ट्रेलियाको सिनेटमा सन् १९१९ देखि १९४६ सम्म ज्यादै असन्तुलित अनुपातको निर्वाचन प्रणालीबाट निर्वाचन भएको थियो (बहुसदस्यीय निर्वाचन क्षेत्रमा वैकल्पिक मतदान) जसले असन्तुलित र अप्रतिनिधिमूलक परिणाम देखायो । यसले निर्वाचित र राजनीतिज्ञहरु दुबैको दृष्टिमा सिनेट स्वयंको वास्तविक वैधतामा कमी ल्यायो र केही पर्यवक्षेकहरुले संघीय सरकारका निकायप्रति जनताको समर्थनमा ह्रास आएको तर्क गरे । सन् १९४८ मा यो प्रणालीलाई स्वतन्त्र समानुपातिक प्रंणाली (एकल सङ्क्रमणीय मत) मा परिवर्तन गरिएपछि सिनेट बढी विश्वसनीय र प्रतिनिधिमूलक भएको देखियो र निर्णय प्रक्रियामा यसको सापेक्षिक महत्व अभिवृद्धि भयो ।

***मेलमिलापलाई प्रोत्साहित गर्न***

३३. निर्वाचन प्रणालीलाई सरकारी निकायहरु निर्माण गर्ने उपायको दृष्टिकोणबाट मात्र सोच्न हुँदैन । अपितु, समाजभित्र द्वन्द्व व्यवस्थापन गर्ने एउटा औजारको रुपमा लिनुपर्छ । कुनै प्रणालीले, कुनै परिस्थितिमा, दलहरुलाई आफ्नो प्रमुख चुनावी आधार इलाकाभन्दा बाहिरकाबाट समर्थन गर्नका निम्ति समावेशी हुन आह्वान गर्दछ । उदाहरणका लागि यदि कुनै दलले आफ्नो समर्थन खासगरी अश्वेत मतदाताहरुबाट पाउने भए पनि, कुनै विशेष निर्वाचन प्रंणालीले श्वेत वा अन्य मतदाताहरुलाई आह्वान गर्न प्रेरित गर्छ । यसप्रकार, दलको नीति निर्धारणको दायरा थोरै विभाजित एवं कम निषेधात्मक हुन्छ र बढी एकीकरणकारी र समावेशी स्वरुपको हुन्छ । यस प्रकारको निर्वाचन प्रणालीको प्रोत्साहनले दलहरुलाई जातिगत, क्षेत्रीय, भाषिक वा वैचारिकरुपमा कम गैरसमावेशीकरण बनाउँछ। कसरी विभिन्न निर्वाचन प्रणालीले द्वन्द्व व्यवस्थापनको निम्ति काम गऱ्यो भन्ने उदाहरणहरु यो हातेपुस्तकभरि दिइएका छन् ।

३४. अर्को पाटोबाट हेर्दा, निर्वाचन प्रणालीले मतदाताहरुलाई तिनीहरुको आफ्नै समूहभन्दा बाहिर दृष्टि दिन र परम्परादेखि नै एक छुट्टै समूहको मात्र प्रतिनिधित्व गरिआएका दललाई मत दिने विचार पुऱ्याउन प्रोत्साहन गर्छ। मतदाताको यस्ता व्यवहारले एक आपसमा मिलन र समुदायको निर्माण गर्छ। एकभन्दा बढी उम्मेदवारलाई मत दिन पाउने वा मतदाताले क्रमशः नाम उल्लेख गरिएका उम्मेदवारहरु मध्येलाई प्राथमिकता तोकेर मतदान गर्न पाउने व्यवस्थाले पहिलेदेखि धारणा बनाइएको सामाजिक सीमा नाघेर जाने बाटो दिन्छ। उदाहरणको लागि उत्तरी आयरल्याण्डमा सन् १९९८ मा भएको शुभ शुक्रबार सम्झौता (गुड फ्राइडे एग्रिमेन्ट) ले निर्वाचनमा एकल सङ्क्रमणीय मत अन्तर्गत हस्तान्तरण गरिएका मतले समानुपातिक नतिजा बढी नै ल्याउनाका साथै शान्तिका पक्षधर दलहरुलाई फाइदा पुऱ्यायो । तथापि, सन् २००३ को निर्वाचनमा पहिलो प्राथमिकता कट्टरपन्थी दलहरुप्रति सरेकोले त्यसको प्रभावलाई कम गरायो ।

*स्थिर र कुशल सरकारलाई सहज बनाउन*

३५. स्थिर र कुशल सरकारको निर्धारण निर्वाचन प्रणालीबाट मात्र हुने सम्भावना रहँदैन, तर एउटा प्रणालीको परिणामले कतिपय महत्वपूर्ण पक्षहरुमा स्थिरता ल्याउन योगदान दिन्छ। यहाँ मुख्य प्रश्नहरु के देखापर्छ भने मतदाताहरु नै यस्तो प्रणाली निष्पक्ष हुनुपर्छ भन्ने धारणा राख्छन् वा राख्दैनन्; र त्यस्तो प्रणालीले विशेष दलहरु वा हित समूहहरुप्रतिको भेदभावलाई हटाउंछ वा हटाउँदैन ।

३६. परिणाम निष्पक्ष रहयो, रहेन भन्ने धारणा मुलुकैपिच्छे व्यापक रुपमा फरक-फरक रहन्छ। संयुक्त अधिराज्यमा दुईपटक (सन् १९५१ र सन् १९७४) सबैभन्दा बढी मत ल्याउने पार्टीले आफ्नो विपक्षीको भन्दा कम स्थान पायो । तर यसलाई निष्पक्ष नभएको भन्नुभन्दा निर्वाचन प्रणालीको दोष मानियो (हेर्नुहोस् - पहिलो हुने निर्वाचित हुने, प्रकरण ७६-७९) । यसको विपरीत, न्युजिल्याण्डमा सन् १९७८ र १९९१ मा यस्तै परिणाम ल्याउँदा प्रतिपक्षी लेवोर पार्टीले भन्दा केही मत कम पाए पनि नेसनल पार्टी सत्तामा रहिनै रह्यो । यो परिणामले गर्दा सुधार अभियान सन्चालनको लागि मद्दत पुर्‍यायो र त्यसबाट निर्वाचन प्रणालीमा परिवर्तन भयो (हेर्नुहोस् न्युजिल्याण्डको विषय अध्ययन) ।

३७. प्रश्न के उठ्छ भने, यसरी बन्ने सरकारले प्रभावकारी ढंगबाट विधि निर्माण गर्न सक्छ या सक्दैन भन्ने भन्दा पनि विधायिकामा काम चलाउ बहुमत ल्याउन सक्छ वा सक्दैन भन्ने कुरासँग बढी सम्बन्धित देखिन्छ र यो कुरा निर्वाचन प्रणालीसँग सम्बन्धित हुन्छ। साधारणतया यो मान्यता छ कि बढीमत/बहुमत निर्वाचित प्रणालीले यस्तो विधायिका जन्माउँछ जहाँ संयुक्त भएका सबै विपक्षीहरुलाई एक दलको मतले पछार्छ, जब कि समानुपातिक प्रतिनिधित्व प्रणालीले मिलिजुली सरकार बनाउने सम्भावना देखाउँछ। त्यसो भए तापनि, यो सम्झनु पर्छ कि समानुपातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत पनि एक दलीय बहुमत सिर्जना हुन सक्छ र बढीमत/बहुमत प्रणालीले पनि कुनै एक दललाई काम चलाउ बहुमत दिन्छ नै भन्ने छैन। धेरै कुरा दलगत प्रणालीको संरचना र समाजको प्रकृति स्वयम्मा निर्भर रहन्छ।

३८. अन्त्यमा, निर्वाचन प्रणाली सम्भव भएसम्म सबै दल र उम्मेदवारहरुप्रति तटस्थ रहनु पर्छ । यसले कुनै राजनीतिक समूहको विरुद्धमा भेदभाव गर्न हुदैन । प्रजातन्त्रमा निर्वाचनको राजनीति भनेको असमान खेल मैदान हो भन्ने धारणा राजनीतिक व्यवस्थालाई कमजोर बनाउने संकेत हो र यसबाट अस्थिरता टाढा छैन भन्ने बुझिन्छ। यसको नाटकीय उदाहरण सन् १९९८ मा लेसोथोमा भएको निर्वाचनले देखाएको छ । जसमा लेसोथो काँग्रेस फर डेमोक्रेसीले पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत ६० प्रतिशत मात्र मत प्राप्त गरेर विधायिकाका सबै स्थानमा विजय हासिल गर्‍यो । त्यसपछि उत्पन्न भएको जनअशान्तिका कारण मुलुकमा सैनिक हस्तक्षेपका लागि दक्षिणी अफ्रिकी विकास समुदाय (साउदर्न अफ्रिकन डेभलपमेन्ट कम्युनिटी) ले आग्रह गर्‍यो । यसले के देखाँउछ भने यस्ता परिणाम अस्वच्छ मात्र होइनन् कि खतरापूर्ण पनि हुन्छन। परिणामतः भविष्यको निर्वाचनका लागि यस निर्वाचन प्रणालीमा परिवर्तन गरियो (लेसोथोको विषय अध्ययन हेर्नुहोस्) ।

*सरकारलाई जवाफदेही बनाउन*

३९. जवाफदेही भनेको प्रतिनिधिमूलक सरकारको एक मुख्य आधारस्तम्भ हो । यसको अभावले निश्चय नै दीर्घकालीन अस्थिरता ल्याउन सक्छ । एक जवाफदेहीपूर्ण राजनीतिक प्रणाली त्यो हो जसमा सरकार मतदाताहरुप्रति सम्भव भएसम्म अधिकतम रुपमा जवाफदेही रहन्छ । जनतालाई सेवा प्रवाह गर्न असफल हुने सरकारको स्वरुपलाई दलहरुको गठबन्धन सरकारको रुपमा परिर्वतन गरेर वा एक दललाई सत्ताबाट हटाएर प्रभाव पार्न मतदाताहरु सक्षम बन्नु पर्छ । उपयुक्त तवरले तर्जुमा गरिएको निर्वाचन प्रणालीले त्यो उद्देश्य पूरा गर्न सहज तुल्याउँछ ।

४०. यस विषयमा परम्परागत सोचाइ सरल हुन सक्छ । परम्परागत रुपमा बढीमत/बहुमतको पहिलो हुने निर्वाचित हुने जस्ता प्रणालीलाई एउटै दलले सत्ता सम्हाल्ने दृष्टिबाट हेरिन्थ्यो, जब कि समानुपातिक प्रतिनिधित्व प्रणालीलाई बहुदलको गठवन्धनसँग आवद्ध मानिन्थ्यो । यस्तो आवद्धताको व्यापक तर्क अझै पनि मान्य छ । तथापि, हालैका वर्षहरुमा पहिलो हुने निर्वाचित हुने प्रणालीले बहुदलीय मन्त्रिमण्डल सिर्जना गरेका धेरै उदाहरणहरु छन् (उदाहरणको लागि भारतमा), अथवा समानुपातिक प्रतिनिधित्व प्रणालीले एक दलीय मजबुत सरकार जन्माएको उदाहरण पनि देखिन्छ (उदाहरणको लागि दक्षिण अफ्रिका) । यसबाट एक किसिमको निर्वाचन प्रणालीले विशेष प्रकृतिको सरकार ल्याउँछ भन्ने स्वतः अनुमानित धारणामा शङ्का पैदा गराएको छ । तर स्पष्टरुपमा, निर्वाचन प्रणालीले राष्ट्रपति र संसदीय दुबै प्रणालीअन्तर्गत शासन व्यवस्था सञ्चालनका व्यापक सवालहरुमा महत्वपूर्ण प्रभाव पार्दछ ।

*वैयक्तिक प्रतिनिधिहरुलाई जवाफदेही बनाउन*

४१. व्यक्तिगत स्तरमा जवाफदेही भनेको मतदाताहरुले एक पटक निर्वाचित गरेर पठाएपछि तिनले चुनाव प्रचारप्रसारको समयमा प्रतिज्ञा गरेका कुराहरु पूरा गरे वा गरेनन् र प्रजातान्त्रिक अक्षमता वा पदमा अल्छीपन वा काम नलाग्नेहरुलाई हटाउन प्रभावकारी भूमिका खेले वा खेलेनन् भनी निरीक्षण गर्ने क्षमता हो । कुनै प्रणालीले दरिलो केन्द्रीय दलले मनोनयन गरेको उम्मेदवारलाई भन्दा स्थानीय लोकप्रिय उम्मेदवारहरुको भूमिकालाई जोड दिन्छ ।

बढीमत/बहुमत प्रणालीलाई परम्परादेखि नै असन्तोषजनक प्रतिनिधिलाई हटाउन मतदाताहरुको क्षमतालाई अधिकतम पार्ने प्रणालीको रुपमा हेरिएको छ । साथै, कहिलेकाहीं यो मान्य रहन्छ । तर, यो सम्बन्ध त्यस्तो अवस्थामा कमजोर रहन्छ जहाँ मतदाताहरुले उम्मेदवारहरुलाईभन्दा खासगरी दलहरुलाई प्राथमिकता दिन्छन्, जस्तो कि संयुक्त अधिराज्यमा । साथै, खुला तथा स्वतन्त्र सूची प्रणाली र एकल सङ्क्रमणीय मतको व्यवस्था समानुपातिक प्रणालीको सन्दर्भमा मतदाताहरुलाई उम्मेदवार छनोटको अभ्यास गर्न निर्माण गरिएको हो ।

*राजनीतिक दलहरुलाई उत्साहित तुल्याउन*

४२. स्थापित र नयाँ प्रजातान्त्रिक मुलुकहरु दुबैमा प्रचलित व्यवस्थाले यो सुझाव दिन्छ कि दीर्घकालीन प्रजातान्त्रिक सुदृढीकरणका लागि राजनीतिक स्थिरता प्राप्त गर्न सकेसम्म आन्तरिक चुनौतीहरुलाई

प्रजातान्त्रिक शासनव्यवस्थाबाट अलग्याएर दरिलो र प्रजातान्त्रिक दलहरुको विकास एवं प्रवर्द्धन आवश्यक हुन्छ । यसका लागि निर्वाचन प्रणालीले दलहरुलाई सङ्कुचन वा विभाजन ल्याउनुभन्दा दरिलो र प्रभावकारी बनाउन उत्साहित गर्नुपर्छ । विशेषगरी थोरै वा न्यूनतमस्तरको समर्थन भएका राजनीतिक दलहरुलाई हटाउने निर्वाचन प्रणालीको खाका निर्माण गर्न सकिन्छ । राजनीतिक दलहरुको भूमिका नेताहरुका लागि एक व्यक्तिगत संयन्त्रको रुपमा विकास गर्ने प्रवृतिलाई सघाउ पुऱ्याउने वा सुस्तपार्ने भन्ने कुरा निर्वाचन प्रणालीको प्रारुप तय गर्दा निर्णय गर्न सकिन्छ ।

धेरैजसो विज्ञहरु यस्तो सहमति प्रकट गर्दछन् कि निर्वाचन प्रणालीले सङ्कीर्ण, जातीय, वर्णभेदी वा क्षेत्रीय सोच राख्ने दलहरुलाई भन्दा व्यापक राजनीतिक मूल्य र वैचारिक आधारका साथै विशेष नीतिगत कार्यक्रम भएका दलहरुको विकासका लागि उत्साह पैदा गर्नुपर्छ । साथै, मुख्यगरी कुनै पन्थको अनुयायी वा क्षेत्रीय चासो राख्ने दलहरुले भन्दा सामाजिक द्वन्द्वलाई कम गराउन तथा समाजका एक अर्कासँगको विकृति हटाउन बढी आधारित दलहरुले राष्ट्रव्यापी विचार प्रतिविम्बित गर्नेछन् ।

### *विधायिकामा प्रतिपक्ष र निगरानी प्रवर्द्धन गर्न*

४३. प्रभावकारी शासनव्यवस्थाले सत्तामा रहेका व्यक्तिहरुउपर मात्र भर गर्दैन, बरु करिब त्यति नै विरोधी र आलोचना गर्नेहरुमाथि पनि भर गर्दछ । निर्वाचन प्रणालीले सक्षम विपक्षी समूहको उपस्थितिको लागि सुनिश्चित मद्दत गर्नुपर्छ जसले विधेयकहरुलाई आलोचनात्मक तवरमा मूल्यांकन गर्न, कार्यकारीको कार्यसम्पादनको सम्बन्धमा प्रश्न गर्न, अल्पसङ्ख्यकको अधिकारको संरक्षण गर्न र आफ्नो निर्वाचन क्षेत्रलाई प्रभावकारी ढंगबाट प्रतिनिधित्व गर्न सक्ने छ । विपक्षी समूहहरु प्रभावकारी हुन उनीहरुले पाउने मतका आधारमा पर्याप्त प्रतिनिधिहरु रहनु पर्छ । संसदीय व्यवस्थामा, मौजुदा सरकारको बदलामा यर्थाथवादी विकल्प दिन सक्षम हुनुपर्छ । निश्चय नै विपक्षी दलको सबलता निर्वाचन प्रणालीको छनोटका अतिरिक्त अन्य कतिपय महत्वपूर्ण तत्वहरुमा निर्भर रहन्छ । तर यदि निर्वाचन प्रणाली स्वयम्ले विपक्षीलाई नपुंशक बनायो भने प्रजातान्त्रिक शासन व्यवस्था जन्मानुगत नै कमजोर बन्ने छ । उदाहरणको लागि, न्युजिल्याण्डमा मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली अपनाउने गरी परिर्वतन गर्नुपर्नाको एक प्रमुख कारणमा पहिलो हुने निर्वाचित हुने प्रणाली अर्न्तगत स-साना विपक्षी दलहरुको प्रणालीवद्ध कम प्रतिनिधित्व हुनु पनि थियो । साथै, निर्वाचन प्रणालीले 'जित्नेले सबै लिन्छ' भन्ने प्रवृतिमाथि अवरोध खडा गर्नुपर्छ, जसले शासकहरुलाई अरुको विचार, विपक्षी मतदाताहरुको आवश्यकता र आकाङ्क्षाप्रति अन्धो बनाउँछ र निर्वाचन तथा सरकार दुबैलाई शून्य-हिसाब प्रतिस्पर्धाको रुपमा हेर्दछ ।

राष्ट्रपति प्रणालीमा राष्ट्रपतिलाई पर्याप्त विधायक समूहको विश्वसनीय समर्थन आवश्यक पर्दछ । तथापि, सरकारको विधेयक प्रस्तावको विरोध तथा छानविन गर्न अरुहरुको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । विधायिका र कार्यपालिका बीचको प्रभावकारी शक्ति विभाजनले गर्दा, कार्यकारीले प्रतिपक्षी सदस्यहरुलाई मात्र होइन, विधायकहरुलाई पनि दृष्टि नपुऱ्याउन सक्छ । यसले निर्वाचन प्रणालीको तत्वमा विशेष ध्यान दिनुपर्ने कुराको महत्व दर्शाउँछ र जसबाट राजनीतिक दलहरुको र तिनका निर्वाचित सदस्यहरुको सम्बन्धका साथै राजनीतिक दल र उम्मेदवारहरुको सापेक्षिक महत्व माथि चासो रहनु पर्दछ ।

### *निर्वाचन प्रणालीलाई दिगो तुल्याउन*

४४. निर्वाचन प्राज्ञिक पुस्तकहरुका पानामा होइन वास्तविक संसारमा हुन्छन् । त्यसकारण, कुनै पनि निर्वाचन प्रणालीको छनोट, केही हदसम्म, सम्बन्धित मुलुकको लागत र प्रशासनिक क्षमतामा निर्भर हुन्छ । दाता राष्ट्रहरुले प्रजातन्त्रको सङ्क्रमणकालमा रहेका मुलुकहरुलाई खासगरी पहिलो र दोस्रो निर्वाचनमा उल्लेख्य आर्थिक सहयोग गर्ने गरेका छन् । यस्तो सहयोग दीर्घकालसम्म आवश्यक भए तापनि सो उपलब्ध नहुन सक्छ । दिगो प्रजातान्त्रिक खाकाले मुलुकका निर्वाचन प्रशासनका लागि उपलब्ध स्रोतहरु, सीप भएका व्यक्तिहरु र आर्थिक मागका पक्षहरु राष्ट्रिय बजेटमा लेखाजोखा गर्दछ ।

उदाहरणको लागि, एउटा गरिब मुलुक दुई-चरण प्रणाली अन्तर्गत आवश्यक बहुनिर्वाचनलाई धान्न सक्षम हुन सक्दैन न त जटिलतापूर्ण प्राथमिकता दिइएको मत गणनालाई सजिलै कार्यान्वयन गर्न सक्षम हुन्छ । तथापि, छोटो अवधिको सरलताले लामो अवधिसम्मको लागि सधैं लागत-प्रभावी गराउन सक्दैन । निर्वाचन प्रणाली सस्तो र कार्यान्वयन गर्न सजिलो तर, यसले मुलुकका जल्दाबल्दा आवश्यकताहरुलाई समाधान नगर्न सक्छ र जब निर्वाचन प्रणालीले मुलुकको आवश्यकतासँग तालमेल राख्दैन, त्यसको परिणाम विनाशकारी हुनसक्छ । विकल्पमा, एक प्रणाली जुन सुरुमा कार्यान्वयन गर्न अलि बढी खर्चालु र बुझ्न बढी कठिन देखिन्छ, त्यो कालान्तरमा गएर मुलुकमा स्थायित्व ल्याउन सहयोग पुऱ्याउने र प्रजातान्त्रिक सुदृढीकरणका लागि सकारात्मक दिशातर्फ लैजाने हुन्छ ।

### *"अन्तर्राष्ट्रिय मापदण्ड" लाई दृष्टि दिन*

४५. अन्त्यमा, हाल निर्वाचन प्रणालीको प्रारुप निर्माणको क्रममा राजनीतिक सवाललाई असर गर्ने कतिपय अन्तर्राष्ट्रिय अनुबन्ध, सम्झौता र अरु किसिमका कानुनी उपकरणहरुका सन्दर्भलाई ध्यान दिनुपर्ने हुन्छ । निर्वाचनको निम्ति सर्वमान्य स्वीकृत अन्तर्राष्ट्रिय मापदण्डको एउटै पूर्ण दस्तावेज उपलब्ध छैन, तापनि यसमा के सहमति छ भने यस्तो मापदण्डले सर्वमान्य बालिगमताधिकारको प्रत्याभूति गर्न स्वतन्त्र, निष्पक्ष र आवधिक निर्वाचन, मतपत्रको गोपनीयता तथा बल प्रयोगबाट मुक्ति पाउने जस्ता मान्यताहरुलाई स्वीकार गरेको हुनुपर्छ र "एक व्यक्ति एक मत"को सिद्धान्तप्रति प्रतिबद्ध हुनु पर्दछ । यसका अतिरिक्त, एक विशेष किसिमको निर्वाचन प्रणालीभन्दा अर्को ग्राह्य छ भन्ने कुरामा कानूनी प्रावधान नभए तापनि निर्वाचन प्रणालीलाई असर गर्ने महत्वपूर्ण सवालहरुलाई मान्यता दिने कुरा बढिरहेको छ, जस्तै सम्पूर्ण नागरिकहरुको निष्पक्ष प्रतिनिधित्व, महिला र पुरुषहरुको समानता, अल्पसंख्यकहरुको अधिकार, अपाङ्गहरुलाई विशेष ध्यान दिने र यस्तै अन्य कुराहरु छन् । यिनीहरुलाई अन्तर्राष्ट्रिय कानूनी उपकरणहरुले औपचारिकता दिएका छन्, जस्तै सन् १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणा, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध तथा क्षेत्रीय संगठनहरु जस्तै युरोपेली संघ र युरोपमा सुरक्षा र सहयोगका लागि निर्मित संगठनले प्रजातान्त्रिक निर्वाचनका सम्बन्धमा गरेका महासन्धिहरु र प्रतिबद्धताहरु ।

*निष्कर्ष*

४६. माथि उल्लेख गरिएका दशवटा आधार कुनै समय एक-अर्कासँग बाझिन्छन् वा आपसी तवरमा अलग-अलग पनि छन् । त्यसकारण, एउटा निर्वाचन प्रणालीको निर्माणकर्ताले कुन प्रणालीले सबभन्दा राम्रो काम गर्छ भनेर मूल्याङ्कनको कार्य अघि बढाउनु भन्दा पहिले विशेष राजनीतिक सन्दर्भबाट कुन आधार महत्वपूर्ण छन् भनेर प्राथमिकीकरण गर्न होसियारीपूर्ण प्रक्रिया अपनाउनु पर्दछ । अगाडि बढ्ने एउटा उपयोगी उपायमा, प्रथमतः यस्ता विषयहरुको सूची तयार गर्नु पर्दछ जसबाट प्रजातन्त्रलाई नै ध्वस्त पार्नेखालका राजनीतिक दुर्घटना कुनै पनि हालतमा त्याग्न सकियोस् । उदाहरणका लागि, जातिगत रुपमा विभाजित मुलुकमा सर्वाधिक चाहना के हुन्छ भने निर्वाचन प्रकृयाको वैधतालाई प्रवर्द्धन गर्न र निर्वाचन प्रणाली निष्पक्ष भएन भन्ने सोचाइ त्याग्न अल्पसंख्यक जनजातिको समूहलाई प्रतिनिधित्वबाट बाहिर पार्ने कुरा हटाउनु पर्दछ । यी सवालहरुको आफ्नै महत्व छ, तापनि यसको विपरीत, अगाडि बढ्दै गरेको प्रजातन्त्रको भिन्न प्राथमिकता हुन सक्दछन् । शायद यो सुनिश्चित गर्नलाई यसो गरिन्छ कि सरकारले यथास्थितिवादीका त्रासविना कुशलतापूर्वक कानून बनाउन सकोस् वा मतदाताहरुले चाहेमा बदनाम भएका नेताहरुलाई हटाउन सकून् । यस्ता प्रतिस्पर्धी आधारहरुका बीचमा प्राथमिकता स्थापना गर्ने काम संस्थागत प्रारुप प्रक्रियामा संलग्न स्वदेशका पात्रहरुको मात्र कार्यक्षेत्र हुनसक्छ ।

## परिवर्तनको प्रक्रिया

४७. निर्वाचन प्रणालीको प्रारुप तय गर्न वा परिवर्तन गर्ने प्रक्रियामा राजनीतिक परिस्थिति अनुरुप यसको उपयुक्तता, वैधानिकताको स्तर र यसबाट अन्तिममा लाभ लिनेको जनसमर्थनको नतिजाले गहिरो असर पार्छ ।

नजिरहरु स्थापना नभएका खालि स्थानमा निर्वाचन प्रणालीको प्रारुप ज्यादै मुस्किलले निर्माण गरिन्छ । अफगानिस्तान र इराकमा प्रारुप निर्माण गर्ने प्रयास गर्दा पनि त्यहाँ ऐतिहासिक बहुदलीय प्रतिस्पर्धा भएको पाइन्छ (यद्यपि समयावधि निकै टाढा भएको र भविष्यमा कस्तो काम गर्छ भन्ने कुरा स्पष्ट थिएन) ।

निर्वाचन प्रणालीको प्रारुप सम्बन्धमा केही महत्वपूर्ण प्रश्नहरु छन् : कसले प्रारुप निर्माण गर्छ ? जस्तो कि, निर्वाचन प्रणाली परिवर्तनलाई राजनीतिक कार्यसूचीमा समावेश गर्न कसले विचार गर्छ र प्रस्तावित नयाँ वा संशोधित प्रणालीको प्रारुप निर्माण गर्ने जिम्मेवारी कसको हो ? यसमा कस्तो किसिमको प्रक्रिया अपनाइन्छ ? सुधार वा संशोधनका लागि कस्ता राजनीतिक र कानूनी खाकाको संयन्त्र निर्मित छ ? प्रस्तावित नयाँ वा संशोधित प्रणालीलाई वैध किसिमबाट सुनिश्चित गर्न कस्तो किसिमको छलफल वा संवाद प्रक्रिया आवश्यक छ ? परिवर्तनको निर्णय भएपछि यसलाई कसरी कार्यान्वयनमा ल्याइन्छ ?

***कसले प्रारुप निर्माण गर्दछ ?***

४८. कैयौं उपायहरु छन् जसबाट निर्वाचन प्रणाली अपनाइन्छ :

पहिलो, महत्वपूर्ण परिवर्तनबिनानै उपनिवेश वा सत्ता कब्जा गरेर बसेकाहरुबाट अनुकरण गर्न सकिन्छ (मलावी, माली, सोलोमन द्वीप र पलाउलाई उदाहरणका रुपमा लिन सकिन्छ) ।

दोस्रो, यो विभाजन वा युद्धलाई अन्त्य गर्न उत्सुक साम्प्रदायिक समूहहरु बीचमा भएको शान्ति वार्ता प्रक्रियाको परिणामबाट आउन सक्छ (उदाहरणको लागि लेसोथो, दक्षिण अफ्रिका र लेबनान) । यस्तो परिस्थितिमा निर्वाचन प्रणालीको छनोट सार्वजनिक परीक्षण वा बहसका लागि पूर्ण रुपमा खुला नहुन सक्छ ।

तेस्रो, द्वन्द्वोपरान्त राजनीतिक पुनर्निर्माणको लागि जिम्मेवार समूहले प्रभावकारी किसिमबाट निर्वाचन प्रणाली लाद्न सक्छ (उदाहरणका लागि इराकमा गठवन्धन अधिकारीहरु र अफगानिस्तानमा नियुक्त सङ्क्रमणकालीन राष्ट्रिय परिषद्) ।

चौथो, अधिकारबाट हटाइएका पूर्व अधिकनायकवादी शासनका तत्वहरुले आफू अधिकारबाट हटाइन लागेको अवस्थामा नयाँ निर्वाचन प्रणालीको प्रारुप निर्माण गर्न दरिलो भूमिका खेल्न सक्छन् (चिलीमा भए जस्तो) ।

पाँचौ, विज्ञहरुको आयोग गठन गरेर (संयुक्त अधिराज्य अथवा मौरिससमा जस्तै), अथवा बृहत् संवैधानिक सर्न्दभको एक अंशको रुपमा (फिजीमा जस्तै) निर्वाचन प्रणाली छनोटको सुझाव लिन सकिन्छ । यस्ता सुझावहरुले राष्ट्रिय जनमतसंग्रह सिर्जना गराउँछ (न्युजिल्याण्डमा भएजस्तै) अथवा, आयोगको सिफारिसलाई विधायिकाको मतदानमा लगेर (फिजीमा भएजस्तो) गर्न सकिन्छ ।

छैठौं, निर्वाचन प्रणालीको सम्बन्धमा गैर-विज्ञ नागरिकहरुको सभा स्थापनाबाट नागरिकहरुलाई प्रारुप निर्माणको प्रक्रियामा बढी मात्रामा संलग्न गराउन सकिन्छ । ब्रिटिस कोलम्बियाको क्यानेडेली प्रान्तले यो अवधारणा कार्यान्वयनमा ल्याएको थियो । यसले पहिलो हुने निर्वाचित हुने प्रणालीबाट एकल सङ्क्रमणीय मतमा परिवर्तन गर्न सुझाव दियो, जसलाई निर्णयको निम्ति प्रान्तव्यापी जनमत संग्रहमा राखिने छ (हेर्नुहोस् – ब्रिटिस कोलम्बियाको विषय अध्ययन) ।

# ब्रिटिस कोलम्बिया: सबल नागरिक सहभागिता

निर्वाचन सुधारका लागि ब्रिटिस कोलम्वियाको नागरिक सभा

क्यानडाको ब्रिटिस कोलम्बिया प्रान्तीय सरकारले प्रान्तको विधायिकी सभाको पूर्ण सहमतिबाट निर्वाचन सुधारका लागि नागरिक सभा गठनद्वारा एक ऐतिहासिक, विशिष्ट र नजिर स्थापना गर्ने प्रकृया प्रारम्भ गरेको छ । यो नै पहिलो पटक हो कि सरकारले आकस्मिक किसिमबाट छनोट गरेका नागरिकहरुको समूहलाई निर्वाचन प्रणालीको स्वतन्त्र समीक्षा गर्ने र त्यसको सिफारिसलाई जनस्वीकृतिका निम्ति जनमत संग्रहमा प्रस्तुत गर्ने अवसर र जिम्मेवारी दिएको छ ।

सन् १९९६ मा ब्रिटिस कोलम्बिया विधायिकाको निर्वाचन पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत सञ्चालन गरिएको थियो । परिणामस्वरुप न्यु डेमोक्र्याटिक पार्टीले ३९ प्रतिशत सदर मत ल्याएर विधायिकी सभाको ३९ स्थान जित्न सफल भयो, जुन ४२ प्रतिशत लोकप्रिय मत प्राप्त गर्ने लिवरल पार्टीकोभन्दा ३३ स्थानले बढी थियो । यो न्यु डेमोक्र्याटिक पार्टीले लिवरल पार्टीको भन्दा कम जनसमर्थनका बावजुद अर्को पाँच वर्षका लागि सरकार गठन गऱ्यो । यो निर्वाचन परिणामले लिबरल पार्टीलाई आगामी निर्वाचन अभियानमा निर्वाचन सुधारलाई प्राथमिकताका साथ लाग्न प्रेरित गऱ्यो । सन् २००१ को निर्वाचनमा ५८ प्रतिशत लोकप्रिय मतसहित विधायिकाको ९७ प्रतिशत स्थानमा विजय हासिल गरेपछि यसलाई आफ्नो प्रतिज्ञाअनुसार नागरिक समाजको माध्यमबाट निर्वाचन प्रणालीमा सुधार गर्ने जनादेश प्राप्त भयो ।

क्यानडामा सरकारले चाहेका सार्वजनिक नीति निर्माणका सवालहरुको सार्वजनिक समीक्षा गर्न सामान्यतया न्यायाधीशहरु, विज्ञहरु वा राजनीतिक नेताहरुले नेतृत्व गरिएको विशेष प्रकारको आयोग वा समिति गठन गर्ने अवधारणा अपनाइएको छ । जनताबाट सुझाव पेस गर्न आग्रह र एक निश्चित अवधिसम्म व्यापक परामर्श पश्चात आयोगले पेस गरेको प्रतिवेदनलाई दृष्टिगत गरी सरकारले त्यसमा लिनु पर्ने कारवाहीको सम्बन्धमा निर्णय गर्दछ ।

नागरिक सभाको स्वरुप पत्र (ब्लु प्रिन्ट) र यसको कार्यगत शर्तहरु (टर्मस अफ रेफेरेन्स) प्रजातन्त्रका ग्रन्थकार तथा राजनीतिक दलका पूर्व नेता, व्यापार र सार्वजनिक मामिलामा सक्रिय गोर्डन गिब्सनले नयाँ सरकार र निर्वाचन सुधारसम्बन्धी विज्ञहरुसँग परामर्श गरेर तयार पारेका थिए । त्यसमा ब्रिटिस कोलम्बियाका लागि विचित्र र नजिर स्थापित गर्ने दुई विशेषताहरु थिए : नियुक्त गरिएका व्यक्तिहरु निर्वाचन सुधारको क्षेत्रमा विज्ञ अथवा विशेषज्ञ हुने छैनन्, तर यसका विपरीत तिनीहरु प्रान्तका सम्पूर्ण नागरिकहरु मध्येबाट आकस्मिक रुपमा छानिनेछन् र यदि परिवर्तका लागि

सिफारिस गरियो भने त्यो प्रश्न सिधै प्रान्तका नागरिकसमक्ष जनमतसंग्रहमा लगिने छ र सरकारद्वारा त्यसलाई छानिने काम गरिने छैन ।

यसरी खडा गरिएको नागरिक सभा ब्रिटिस कोलम्बिया प्रान्तका मतदाता नामावलीबाट आकस्मिक किसिमले छानिएका निष्पक्ष र स्वतन्त्र समूहका विभिन्न उमेरका पुरुष तथा महिला गरी १६० जना थिए । छनोटको चरणमा पुरुष र महिलालाई सन्तुलित हुने गरी ब्रिटिस कोलम्बियाको सन् २००१ को जनगणनाको प्रतिवेदनमा उल्लेख भएअनुसार उमेर समूहलाई प्रतिबिम्बित गर्ने किसिमबाट छनोट गरिएको थियो, जसमा आदिवासी समुदायबाट र प्रान्तको सम्पूर्णबाट प्रतिनिधित्व गर्न दुई जना सदस्य समावेश गरिएका थिए । त्यसपछि सघन अध्ययन चरण सुरुभयो । त्यस क्रममा विभिन्न निर्वाचन प्रणाली विशेषज्ञहरुले अध्ययन सामग्री प्रस्तुत गर्नु भयो (सो जनसाधारणलाई पनि उपलब्ध गराइयो) । उपलब्ध विभिन्न प्रणालीका सम्वन्धमा सदस्यहरुलाई जानकारी गराउन छलफल कार्यक्रम सञ्चालन भयो र तिनका फाइदा र बेफाइदाकाबारेमा छलफल भयो ।

सघन अध्ययन चरणको अन्त्यमा नागरिक सभाको प्रारम्भिक निष्कर्षका रुपमा ब्रिटिस कोलम्बियाका जनतालाई प्रारम्भिक विवरण समाजका विभिन्न समूहहरु, विधायिकी सभाका सदस्यहरु लगायत पुस्तकालय, नगरपालिका क्षेत्र कार्यालय, विद्यालय र विश्वविद्यालयहरुमार्फत जनतालाई सूचित गर्न प्रेषित गरियो । यो प्रतिवेदन पछि सार्वजनिक सुनुवाइको चरण सम्पन्न भयो जसमा प्रान्तका सबै क्षेत्रहरुमा भएका झण्डै ५० वटा सार्वजनिक सुनुवाइमा करिब ३००० व्यक्तिहरु उपस्थित थिए । तत्पश्चात विचार विमर्श चरणमा पूर्ण सत्र र छलफल समूह सञ्चालन गरिएका थिए, जसमा सभाले निर्वाचन प्रणालीको छनोटलाई दुईवटामा एक समुहको रुपमा छोट्यायो । प्रत्येक प्रणालीको सम्पूर्ण जिम्मेवारी उल्लेख गऱ्यो । यो चरणको प्रथम दिनमा सार्वजनिक सुनुवाइका क्रममा प्रस्तुत केही राम्रा प्रस्तुतिहरुलाई दोऱ्याइएको थियो । यी प्रस्तुतिमा कैयन किसिमका निर्वाचित प्रणालीको वकालत गरियो र तिनका विशेषताहरुको झलक देखाइएका थियो । यी सम्पूर्ण चरणहरुका उद्देश्यहरु ब्रिटिस कोलम्बियाको निर्वाचन प्रणालीको लागि आवश्यक तत्वहरु पहिचान गर्नु, यी तत्वहरुका पृष्ठभूमिमा सम्पूर्ण निर्वाचन प्रकृयाका विकल्पहरु विस्तारमा समीक्षा गर्नु र सबैभन्दा महत्व जनचेतना, समावेशीकरण र सहभागिता अभिवृद्ध गर्नु रहेका थिए । अन्तमा, प्राप्त तीन आवश्यक तत्वहरु – मतदाताले गर्ने छनोट, स्थानीय प्रतिनिधित्व र समानुपातिकता थिए । अन्ततः सन् २००४ को अक्टोबरको अन्त्यतिर सभाले आफ्नो सिफारिस प्रस्तुत गऱ्यो, जसमा पहिलो हुने निर्वाचित हुने प्रणालीलाई एकल सङ्क्रमणीय मत प्रणालीमा परिवर्तन गर्न समर्थन गरिएको थियो (१४६ पक्षमा र ७ विरुद्धमा) । त्यसपछि नागरिक समाजको प्रकृया पूरा हुन औपचारिक अन्तिम प्रतिवेदनको प्रकाशन र सिफारिसलाई जनमत संग्रहमा प्रस्तुति आवश्यक थियो ।

यो सहभागितामूलक नमुनाले क्यानडाभरिका समूहहरुलाई ज्यादै रुचिपूर्ण आकर्षण दिलायो । यो अवधारणालाई क्यानडाका अरु प्रान्तीय सरकारहरुलाई नागरिकको प्रमुख सरोकार भएका सवालहरुमा नागरिकहरुलाई संलग्न गराउनु राम्रो हुने सिफारिस गरियो र ब्रिटिस कोलम्बियाले अपनाए सरहको प्रक्रिया ओन्टारियो सरकारले प्रारम्भ गऱ्यो ।

क्यानडामा भएका अन्य निर्वाचनहरुले पनि निर्वाचन प्रकृयामा समीक्षा गर्नुपर्ने समर्थनका लागि योगदान दियो । अधिकांश संघीय सरकारहरु विशेष गरी ५० प्रतिशत भन्दा कम लोकप्रिय मतबाट विजयी भएका छन् । परिणामस्वरुप संघीय तहमा निर्वाचन प्रणालीको परिवर्तका लागि स्वच्छ-मत-क्यानडा (फेयर भोट क्यानडा) लगायत कैयौ प्रयासहरु भए, यसै गरी निकै व्यक्तिगत दबाब समूह र वकालतकर्ताहरु विकसित भए ।

ब्रिटिस कोलम्बिया नागरिक सभाको अनुभवबाट भावी निर्वाचन प्रणालीमा परिवर्तन ल्याउन विशेष गरी क्यानडाको संघीय तहमा समीक्षाको प्रकृया सम्बन्धमा बहसका लागि महत्वपूर्ण प्रभाव पार्ने छ भनेर सोच्नु पर्नाको कारण छ। न्यु डेमोक्र्याटिक पार्टी र कन्जरभेटिभ पार्टी दुबैको दबाबको कारण संसद्मा महारानीबाट गरिएको सम्बोधनमा निम्नानुसार संसोधन गर्न सन् अक्टोवरमा २००४ मा सर्वसम्मतिबाट स्वीकृत गरियो: “यो कार्यादेशले कार्यविधि र गृह मामिलासम्बन्धी स्थायी समितिलाई हाम्रो निर्वाचन प्रणालीका सम्पूर्ण विकल्पहरुको समीक्षा गर्न नागरिक र सांसदहरु संलग्न प्रक्रिया सिफारिस गर्न निर्देशित गरिन्छ।”

ब्रिटिस कोलम्बिया नागरिक सभाले गरेको निर्वाचन प्रणाली सम्बन्धी प्रक्रियाको समीक्षा र परिवर्तनबाट अन्तर्राष्ट्रिय स्तरमा पर्ने भावी प्रभाव हेर्न बाँकी नै छ। तर यो भन्नु अत्युक्ति हुने छैन कि यसको स्थापना र कार्यले चासो बढाएको छ र विश्वभर सहभागितामूलक प्रक्रियाको विश्लेषणपूर्ण अध्ययनको ज्ञान अभिवृद्धि गरेको छ।

### *सुधार र संशोधनका संयन्त्रहरु के के छन् ?*

४९. निर्वाचन प्रणाली मुलुकको शासन प्रणालीलाई प्रभाव पार्ने उपायको दृष्टिबाट ज्यादै महत्वपूर्ण संयन्त्र हो । तापनि यसलाई परम्परादेखि नै कानूनको सबभन्दा उच्च स्रोतका रुपमा रहेको संविधानमा औपचारिक तवरले निर्दिष्ट गरिएको पाइदैंन । तथापि, हालका वर्षहरुमा यसमा परिवर्तन आउन थालेको छ ।

हाल, कतिपय देशहरुले आफ्ना संविधानमा निर्वाचनलाई एक छुट्टै परिशिष्टमा उल्लेख गरेका छन् । निर्वाचन सुधारका निम्ति यो महत्वपूर्ण छ कि संविधानमा व्यवस्थित प्रावधानहरु परिवर्तन गर्न साधारण कानून भन्दा बढी कठिन हुन्छन् । यसलाई सजिलै बदल्नबाट रोक्न विधायिकामा विशेष बहुमत, राष्ट्रिय जनमतसंग्रह वा केही स्वीकारयोग्य संयन्त्रको आवश्यकता पर्दछ । उदाहरणको लागि, दक्षिण अफ्रिकाको संविधानले नेसनल एसेम्बलीको निर्वाचन प्रणाली "साधारणतः समानुपातिकता" को परिणाम ल्याउने कुरा उल्लेख गरेको कारण संविधान संशोधन नगरिएसम्म समानुपातिक प्रतिनिधित्व प्रणालीमा सुधारको विकल्प सीमित छ ।

तथापि, निर्वाचन प्रणालीका विस्तृत विवरण अझैपनि खासगरी साधारण कानूनमा उल्लेख गरिएका पाइन्छन, त्यसैले तिनलाई विधायिकाको साधारण बहुमतबाट परिवर्तन गर्न सकिन्छ । निर्वाचन प्रणालीलाई जनताको विचार तथा राजनीतिक आवश्यकताअनुसार परिवर्तन गर्ने जस्ता कुराको फाइदा पाउनको लागि बढी जिम्मेवार हुन्छ, तर विधायिकामा बहुमत रहँदा राजनीतिक स्वार्थको लागि एकपक्षीय ढङ्गबाट प्रणालीलाई परिवर्तन गर्ने खतरा भने रहिरहन्छ ।

५०. परिवर्तन गर्ने कानूनी संयन्त्र तथा परिवर्तन भएका राजनीतिक सन्दर्भ दुबैमा सुधारका अवसर निर्भर रहन्छ । निर्वाचन प्रणालीमा परिवर्तनका सबै अभियान सफल हुदैन । हालका सबैजसो ठूला परिवर्तनका उदाहरणमा दुई प्रकारका परिस्थितिमध्ये एक कारणबाट भएको देखिन्छ । यस क्रमको पहिलोमा, प्रजातन्त्रको सङ्क्रमणकाल वा त्यसको लगतै पछि भएका छन्, जतिबेला सम्पूर्ण राजनीतिक खाकानै शक्ति हात पार्न माथि बढेको थियो । दोस्रो अवस्था, एक स्थापित प्रजातन्त्रमा शासनव्यवस्थाको सङ्कट आउँदा भएको थियो । यहाँ दिइएका दुईवटा उदाहरणहरुमा न्युजिल्याण्डका दुई पूर्ववर्ती बहुमत सरकारले पाएका भन्दा कम मत पाएर विजय हासिल गरेकोमा वैधानिकता प्रदान भएको थियो र यो जनधारणा पाइयो कि जापान र इटालीमा देखिएको उच्च स्तरका भ्रष्टाचार कुनै खास व्यक्तिहरुको काम, कारबाहीका परिणामस्वरुप भएको भन्दा यो राजनीतिक प्रणालीको लागि नै एक महारोग थियो । न्युजिल्याण्ड र जापानका विषय अध्ययन प्रस्तुत हातेपुस्तकमा चर्चा गरिएका छन् ।

५१. राजनीतिक प्रणालीप्रति प्रशस्त जनअविश्वास र असन्तोष रहे तापनि, त्यसमा अझै परिवर्तन आवश्यक भएको कुरा तत्काल शक्ति हातमा लिइरहेकाहरुले स्वीकार गर्नुपर्छ । राजनीतिक अभिजात्यहरु यसबाट उनीहरुलाई फाइदा पुग्ने देखेमा मात्र परिवर्तनका लागि तयार हुन्छन । परिवर्तन गर्न नचाहेको कारण चुनाव हार्ने सम्भावनाबाट त्रसित हुनु हो र यदि विश्वस्त पारिए तापनि उनीहरु आश्चर्य नमानीकन तथा प्रायः हटाउनै नसकिने गरी यस्तो प्रणाली छनोट गर्न चाहन्छन् जसबाट उनीहरुलाई अधिकतम फाइदा पुगोस् । तिनीहरु यो कसरी उपलब्ध गर्ने भन्ने कुरामा अनिश्चित भए भने वा विभिन्न स्वार्थले विभिन्न समाधान खोज्यो भने शायद वार्ताबाट सहमति ल्याउन सक्छन् -

सम्भवतः मिश्रित प्रणाली ल्याएर । तथापि, सम्झौता र परिवर्तनका परिमाणबाट तिनका प्रस्तावकहरुले चाहेजस्तो असर नल्याउन सक्छ वा अर्कै नसोचेको असर ल्याउँछ । मेक्सिकोमा सन् १९९४ मा भएको सुधार सत्ताधारी दलले प्रतिपक्षीहरुलाई सुविधा दिन प्रस्ताव गरिएकोमा हालको अवधिमा ज्यादै अमिल्दो अनुपातको परिणाम ल्याएको देखियो (मेक्सिको विषय अध्ययन हेर्नुहोस्) ।

५२. दक्षिण अफ्रिका र चिलीको विषय अध्ययनबाट यी तथ्य दर्शाउछन् कि राजनीतिक यथार्थता र सत्ताधारी दलहरुको चाहना भनेको तिनका शक्ति कायम राख्न र निर्वाचन प्रणाली सुधारका लागि कानूनी अड्चनहरु एक ढिक्काभएर रोक्नु हो । दक्षिण अफ्रिकामा समानुपातिक प्रतिनिधित्व प्रणालीको बन्द सूची अन्तर्गत निर्वाचित हुने प्रतिनिधिहरु तिनका मतदाताहरुबाट टाढा पारिएको अनुभूति गरेर त्यसमा स्थानीय उत्तरदायित्वको तत्व समावेश गर्ने मात्रा ज्यादै बढेको छ । राष्ट्रपति आयोगले सन् २००३ को जनवरी महिनामा पेस गरेको प्रतिवेदनको निष्कर्षमा यो कुरालाई पुनः जोड दिएको छ । तर सरकार परिवर्तनको ढोकाबाट टाढा रहेको छ । यसोगर्दा उम्मेदवार छनोटमा र निर्वाचन सभाका विरोधीहरुको मत यसको नियन्त्रण गर्न कमी आउने सुधारको कुरा मान्न अस्वीकार गरेको छ (दक्षिण अफ्रिकाको विषय अध्ययन हेर्नुहोस्) । चिलीमा जनरल पिनासेको पैतृक सम्पत्तिको रुपमा निर्वाचन प्रणालीमा धाँधली गरी आफ्ना समर्थकहरुलाई लाभ पुऱ्याउनु रहेको थियो । उहाँलाई सत्ताबाट हटाइएको एक दशक भन्दा बढी भइसके तापनि त्यो प्रणाली परिवर्तन नगरी प्रभावकारी किसिमबाट कायम भैरहेको छ (हेर्नुहोस् चिलीको विषय अध्ययन) ।

५३. न्युजिल्याण्डमा (विषय अध्ययन हेर्नुहोस्) परिवर्तनको प्रक्रियाको क्रममा प्रयोग गरिएको जनमतसंग्रहका प्रारम्भिक परिणामले यस्तो राजनीतिक गति देखायो - कुनै बहुमत दलको नेताले आम निर्वाचन अभियानको समयमा अर्को बहुमत दलका नेतालाई गलत चालमा पार्ने प्रयास गरे । पहिलो जनमत संग्रहमा मतदाताहरुलाई यो सोधिएको थियो कि तिनीहरुले साँच्चिकै परिवर्तन चाहेका भए नयाँ प्रणालीको चार विकल्पहरु मध्येमा आफ्नो प्राथमिकता अंकित गर्न भनिएको थियो । दोस्रो जनमत संग्रहमा पहिलेको प्रणाली यथावत् राख्नुको विरुद्धमा छनोट गरेको नयाँ प्रणालीलाई अपनाइयो । त्यसको परिणाममा स्पष्ट जनवैधताको अभिव्यक्तिसहित नयाँ बहु सदस्यीय समानुपातिक प्रणाली अपनाइयो ।

५४. निर्वाचन प्रणालीले समयान्तरमा पर्याप्त तवरमा नयाँ राजनीतिक, जनसाँख्यिक, कानूनी प्रवृत्ति र आवश्यकतालाई सम्बोधन गर्ने हो भने निश्चय नै सुधार अवलम्बन गर्नु पर्छ, तथापि एक पृथक प्रणाली सञ्चालनमा आएपछि व्यक्तिहरुले यसबाट फाइदा पाइरहेको हुँदा परिवर्तन नगर्ने अडान लिन सक्छन् । सङ्क्रमण वा मुख्य राजनीतिक सङ्कट संवाहकको रुपमा नआएसम्म आधारभूत सुधारभन्दा सीमान्त सुधारको नै सम्भावना ज्यादा देखिन्छ। द्वन्द्वोपरान्त सङ्क्रमणकालमा, यसले निर्वाचन सञ्चालनको कार्यान्वयनमा असर पार्नसक्ने व्यावहारिक सीमाहरुबीच, उदाहरणको लागि शान्ति सम्झौताका राजनीतिक सम्भावनाहरु तथा सुरुमा नै प्रणालीलाई ठीकसँग चलाउने आकाङ्क्षाबाट तनाव सृजना गर्न सक्दछ ।

विद्यमान प्रणालीमा सुधारको गति ल्याउन, सुधारकहरुले निर्वाचन क्षेत्रको व्यापकता (प्रकरण ११३-११८ हेर्नुहोस्) न्यूनतम सीमाविन्दु (प्रकरण ११९ हेर्नुहोस्) वा निश्चित कोटा सूत्र (परिशिष्ट ख हेर्नुहोस्) मा परिवर्तन ल्याउन ध्यान दिनुपर्छ । विगत केही वर्षहरुमा भएका महत्वपूर्ण सुधार प्रस्तावहरुमा प्रचलित

पहिला हुने निर्वाचित प्रणालीसूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको तत्व थप गरी मिश्रित, बढी समानुपातिक प्रणाली सिर्जना गर्ने काम गरे (उदाहरणको लागि लेसोथो र थाइल्याण्डमा परिवर्तन कार्यान्वयन गरिए, विषय अध्ययन हेनुहोस्) ।

***बहस र सम्वादका लागि सल्लाह***

५५. सुधारकहरुले यसको पक्षमा प्राविधिक तर्कको लागि र सम्भावित परिवर्तनबाट पर्ने प्रभावको सम्वन्धमा कानूनी स्वरुपवारे बुझ्ने मात्र होइन कि मुलुकको बृहत्तर राजनीतिक स्वरुपका लागि यस्तो थाहा पाउन र राजनीतिक तर्क गर्न सक्षम हुनु पर्छ । नागरिक समाज, प्राज्ञिक वर्ग र सञ्चार माध्यमले उठाएका महत्वपूर्ण आवाजहरुले परिवर्तन आवश्यक छ भन्ने जनधारणाको विकासलाई योगदान पुऱ्याउन सक्छ । तर सत्तामा रहेको अधिकांश व्यक्तिहरुले यसको लाभ तिनीहरु स्वयंलाई समेत हुने कुरामा विश्वस्त हुन आवश्यक छ ।

५६. निर्वाचन प्रणाली सम्बन्धमा हाल चासो बढ्दो छ तापनि परिवर्तनबाट पर्नसक्ने प्रभावका सम्बन्धमा जानकारी राख्ने, बौद्धिक समूह र समाजका सामान्य वर्ग दुवै, ती ज्यादै सीमित छन् । यसलाई अझै यो तथ्यले जटिल पारेको छ कि व्यवहारमा निर्वाचन प्रणालीको सञ्चालनमा धेरै हदसम्म विवरणका स-साना बुँदाहरु समेत उल्लेख गर्नुपर्ने छ । सुधारकहरुले परिवर्तन कार्यान्वयन गर्न आवश्यक छ भन्ने कुराको पूरा महसुस गरी कानूनी विवरणको व्याख्या गर्नु मात्र आवश्यक नभई प्राविधिक प्रक्षेपण र अभ्यास प्रस्तुतिद्वारा (धेरैजसो पहिलेको निर्वाचनहरुबाट तथ्याङ्क प्रयोग गरी) देखाउनु पर्छ । उदाहरणको लागि, प्रस्तावित स्वरुप र निर्वाचन क्षेत्रमा यसको प्रभाव वा राजनीतिक दलहरुको प्रतिनिधिलाई सम्भाव्य असर, प्राविधिक विश्लेषणात्मक प्रस्तुतिबाट यस्तो सुनिश्चित गर्न प्रयोग गर्न सकिन्छ । सम्पूर्ण आकस्मिकताहरुलाई समावेश गरिनुकासाथै आउन सक्ने अनावश्यक कुराहरुको पनि मूल्याङ्कन गरिनु पर्छ । सङ्कट उब्जेपछि यसको हल गर्नुभन्दा पहिला नै परिवर्तनको सुरुमा यस्ता प्रश्नहरु निराकरण गर्नु राम्रो हुनेछ ।

५७. मतदाता संलग्नता कार्यक्रम, उदाहरणको लागि सार्वजनिक व्यक्तिहरुलाई सम्भाव्य निर्वाचन प्रणाली अन्तर्गतको अभ्यास निर्वाचनमा सहभागी हुन आमन्त्रण गरिएमा सञ्चार माध्यम आकर्षित हुनेछन् र यसबाट परिवर्तनका लागि गरिएको प्रस्तावको यथार्थ परिचय हुन्छ । तिनीहरुले समस्याको पहिचान गर्न पनि सहयोग गर्न सक्नेछन् । उदाहरणको लागि, नयाँ प्रणालीले उत्पन्न गराउनसक्ने मतपत्रको प्रयोगमा हुने कठिनाइलाई लिन सकिन्छ ।

***कार्यान्वयनसम्बन्धी सल्लाह***

५८. मतदाता, निर्वाचन प्रशासक, राजनीतिज्ञ र समीक्षकहरु सबैले जानेका कुराको सुविधाजनक बाटो नै रोज्न सक्छन् । वर्षौंदेखिको प्रयोगले स्थापित प्रणालीले कठिन पक्षहरुलाई सजिलो बनाएको हुन्छ । एउटा नयाँ प्रणाली अज्ञात दिशातर्फको फड्को हो र परिचित नहुँदाका कारण कार्यान्वयनमा समस्या पैदा हुन्छ । यसलाई पूरै हटाउन सकिंदैन र परिवर्तनका योजनाकारहरु विधायिकी परिवर्तनबाट पछि बस्न सक्दैनन् । परिवर्तनको प्रक्रिया सघन मतदाता शिक्षा कार्यक्रम सञ्चालनद्वारा सम्पूर्ण सहभागीहरुलाई नयाँ प्रणाली कसरी सञ्चालन हुन्छ भन्ने सम्बन्धमा प्रारुपसहित व्याख्या र प्रयोगकर्ता-मैत्री कार्यान्वयन नियमहरु स्वीकृत भएपछि मात्र पूरा हुन्छ ।

५९. प्रभावकारी मतदाता शिक्षा एवं निर्वाचन प्रशासक शिक्षाले समय लिन्छ । तथापि, निर्वाचन व्यवस्थापन निकायलाई नयाँ प्रणाली अन्तर्गत निर्वाचन व्यवस्थापन गर्न लाग्ने समय अक्सर छोटो हुन्छ । सबै असल वार्ताकारहरु अन्तिम सम्झौतामा पुग्नु भन्दा पहिले नै समयको चापलाई प्रयोग गर्दछन् । अझै साँचो भन्नुपर्दा नयाँ प्रणाली राजनीतिक पात्रहरुका बीचमा भएको ज्यादै कठिन वार्ताको उपज हो । जेसुकै भए तापनि एक प्रभावकारी निर्वाचन व्यवस्थापन निकायले सकेसम्म बढीभन्दा बढी र छिटोभन्दा छिटो तयारी गर्नु पर्दछ ।

### *परिवर्तनको प्रभाव मूल्याङ्कन*

६०. परिवर्तनको प्रक्रियालाई केही विस्तृत चर्चा गरेपछि सावधानीका लागि यो बुझ्न आवश्यक छ निर्वाचन प्रणालीको मनोवैज्ञानिकको साथै यान्त्रिक प्रभाव पनि भएकोले परिवर्तनका दीर्घकालीन असरले राम्रोसँग काम गर्न केही समय लाग्छ । दल, उम्मेदवार र मतदाताले पूर्ण अवलम्बन गर्न, परिणामप्रति प्रतिक्रिया व्यक्त गर्न र खास परिवर्तनको अनुभूति पाउन दुई वा तीन पटकको निर्वाचन समय लाग्दछ । उम्मेदवार र मतदाताहरुमा मिश्रित प्रोत्साहानको समग्र असर कम हुने हुँदा मिश्रित प्रणालीप्रतिको झुकावमा यसले जोड दिन्छ ।

नयाँ वा संशोधित निर्वाचन प्रणालीमा देखिएका समस्याहरु चाहे सङ्क्रमणकालीन हुन् वा प्रणालीमै आधारभूत कमजोरी रही तुरुन्तै संशोधन वा प्रतिस्थापनको आवश्यकता छ भन्ने कुरामा निर्णय गर्नुपर्ने हुन्छ । फिजीमा जर्ज स्पेइ (George Speight) ले सन् २००० मा सैन्य बलबाट राज्यसत्ता लिएपछि अहिले यस्तो बहस चलिरहेको छ कि के वैकल्पिक मत प्रणालीले अन्तरजातीय मेलमिलापलाई प्रोत्साहन हुने गरी दल र मतदाताले सम्बोधन गर्न सक्लान् वा सन् १९९७ मा यसलाई लागू गरेपछि देखिएका घटनाहरुले के फिजीको सन्दर्भमा आधारभूत रुपमै यो अव्यवहारिक रहेको संकेत हो ?

### *निर्वाचन प्रणाली सुधारको प्रवृत्ति*

६१. इटालीमा सन् १९९३ मा भएको जनमतसंग्रहले अर्को वर्ष हुने निर्वाचनमा मिश्रित सदस्य समानुपातिक प्रणाली अपनाउने बाटो देखाएको थियो, जसले विश्वभर निर्वाचन प्रणालीमा महत्वपूर्ण परिवर्तनका शृङ्खलाहरु ल्याउन सुरुआतको संकेत गऱ्यो । अधिकांश सन्दर्भहरुमा, निर्वाचित स्थान वितरणको नयाँ सूत्र, नयाँ निर्वाचन क्षेत्रहरुको निर्धारण वा विधायिकामा केही थप सदस्यहरुको मनोनयन जस्ता परिवर्तनहरु गरिए । इटालीको यो उदाहरणलाई अनुसरण गर्दै २६ मुलुकहरुले सुधार प्रकृयाद्वारा निर्वाचन प्रणालीमा पूरै परिवर्तन गरे (हेर्नुहोस् तालिका १) ।

तालिका १ ले परिवर्तनको गतिलाई स्पष्ट देखाउँछ। अधिकांश मुलुकहरुले बढीमत प्रणालीमा समानुपातिक प्रतिनिधित्वको तत्व थपेर (समानान्तर वा मिश्रित सदस्य समानुपातिक प्रणाली) वा पुरानो प्रणालीलाई सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमा बदलेर समानुपातिकताको दिशामा परिवर्तन गरेका छन् । परिवर्तनको प्रमुख दिशा बढीमत/वहुमत प्रणालीबाट मिश्रित प्रणालीतर्फ रहेको छ र त्यसको विपरीत दिशातर्फ लागेको कुनै उदाहरण छैन । सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमा परिवर्तित भएको माडागास्करको विषयमा बाहेक नयाँ बढीमत/बहुमत प्रणालीहरु सबै एक परिवारबाट आउँछन् । यो सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वभन्दा बढी हिस्सा भएको विशुद्ध पहिलो हुने निर्वाचित हुने प्रणाली नभइ एक वर्णसंकर प्रणाली हो ।

**तालिका १: निर्वाचन प्रणालीमा हालका परिवर्तनहरु**

| | नयाँ प्रणाली (परिवार) | | | |
|---|---|---|---|---|
| **पहिलाको प्रणाली (परिवार)** | **बढीमत/बहुमत** | **मिश्रित** | **समानुपातिक प्रतिनिधित्व** | **अन्य** |
| **बढीमत/बहुमत** | बर्मुडा (एम बाट पहुनिहु) | लेसोथो (पहुनिहु बाट मिसस) | इराक (दुचप्रबाट सूची सप्र) | जोर्डन (एमबाट एअम) |
| | फिजी (पहुनिहुबाट वैम) | मोनाको (दुचप्रबाट समानान्तर) | रवाण्डा (पहुनिहुबाट सूचीसप्र) | अफगानिस्तान (पहुनिहुबाट एअम) |
| | मोंसेरा (पहुनिहुबाट दुचप्र) | न्युजिल्याण्ड (पहुनिहुबाट मिसस) | सियरालिओन (पहुनिहुबाट सूची सप्र) | |
| | पपुआ न्यु गिनी (पहुनिहुबाट वैम) | फिलिपिन्स (एमबाट समानान्तर) | दक्षिण अफ्रिका (पहुनिहुबाट सूचीसप्र) | |
| | मंगोलिया (एमबाट दुचप्र) | थाइल्याण्ड (एमबाट समानान्तर) | मोल्डोभा (दुचपबाट सूची सप्र) | |
| | | युक्रेन (दुचप्रबाट समानान्तर | | |
| | | रसियन महासंघ (दुचप्रबाट समानान्तर) | | |
| **मिश्रित** | | मेक्सिको (समानान्तरबाट मिसस) | मासेडोनिया (समानान्तरबाट सूची सप्र) | |
| | | | क्रोयसिया (समानान्तरबाट सूची सप्र) | |
| **समानुपातिक प्रतिनिधित्व** | माडागास्कर (सूची सपबाट पहुनिहु र सूची सप्र) | बोलिभिया (सूची सप्रबाट मिसस) | | |
| | | इटाली (सूची सप्रबाट मिसस) | | |
| | | भेनेजुयला (सूची सप्रबाट मिसस) | | |
| **अन्य** | | जापान (एअमबाट समानान्तर) | | |

**टिप्पणी**: सन् १९९३ देखि २००४ सम्मको अवधिमा स्वतन्त्र मुलुकहरु र तिनका सम्बन्धित भूभागका राष्ट्रियस्तरका विधायिकाहरुको निर्वाचन सुधार (दुई सदनात्मक विधायिका भएका चार मुलुकहरु वा तिनका भू-भागमा तल्लो सभाको लागि भएका निर्वाचन प्रणाली), किर्गिस्तानले यो अवधिमा दुचप्रबाट समानान्तर प्रणालीमा परिवर्तन गऱ्यो र पुनः दुचप्रमा फर्केकोलाई यो तालिकामा समावेश गरिएको छैन ।

## प्रारुपका तत्वहरु

६२. प्राप्त गर्नुपर्ने महत्वपूर्ण लक्ष्यहरुका बारेमा निर्णय गरेपछि र नयाँ निर्वाचन प्रारुपमा पर्ने मुख्य बाधाहरु हटाउने भएपछि यी उद्देश्य प्राप्तिमा सहयोग पुग्ने गरी प्रयोग हुने निर्वाचन प्रणाली प्रारुपका औजारहरुका एक समूह नै उपलब्ध छन् । यसमा अन्य कुराका अतिरिक्त निर्वाचन प्रणालीका परिवार र किसिम, निर्वाचन क्षेत्रको व्यापकता, राजनीतिक दलका उम्मेदवारहरुको सापेक्षिक भूमिका, मतपत्रको स्वरुप, निर्वाचन क्षेत्र सीमा निर्धारणका प्रक्रियाहरु, मतदातानाम दर्ता संयन्त्र, समय चयन र निर्वाचनको समन्वय, कोटा र अन्य विशेष प्रावधानहरु पनि समावेश छन् ।

यी औजारहरुले विभिन्न सम्मिश्रणमा विभिन्न तरिकाबाट काम गर्छन् । यिनको उपयोग सूचनाको स्तर वा समाजमा यसको उपलब्धतामा निर्भर रहन्छ, जसको उदाहरणमा जनसंख्याको आकार, विविधता र अवस्थितिलाई लिन सकिन्छ । यसको प्रभाव संसद्वाद, राष्ट्रपति प्रणाली, राजनीतिक दलहरुको दर्ता र व्यवस्थापनको आवश्यकता, राजनीतिक दलहरु र निर्वाचित सदस्यहरुबीचको सम्बन्ध एवं जनमतसंग्रह, नागरिक पहल तथा प्रत्याह्वान आदि प्रत्यक्ष प्रजातन्त्रका संयन्त्रहरुको भूमिका जस्ता संस्थागत खाकाका औजारमा पनि भर पर्दछ । यहाँ यो पनि जोड दिनु उपयुक्त हुन्छ कि शून्यतामा लाद्न सकिने एकमात्र विशुद्ध समाधान कदापि प्राप्त हुँदैन ।

# परिच्छेद १

परिच्छेद १

# ३. निर्वाचन प्रणालीको विश्व

६३. प्रकरण ९ मा उल्लेख गरिएअनुसार निर्वाचन प्रणालीका अनगिन्ती विविधता छन् तर आवश्यकीय रुपमा तिनलाई १२ मुख्य प्रणालीमा विभाजन गर्न सकिन्छ । तीमध्ये पनि अधिकांश तीनवटा प्रमुख परिवारहरुमा पर्दछन् । निर्वाचन प्रणालीलाई हेर्ने ज्यादै सामान्य उपायमा- तिनले प्राप्त गरेका राष्ट्रिय मतलाई विजयी स्थानमा घनिस्ट तवरले कसरी अनुवाद गर्दछन् भन्ने आधारमा वर्गीकरण गर्नु हो । यसो गर्नु भनेको ती कतिको समानुपातिक छन् भन्ने कुरा हेर्नु हो । यस्तो गर्न स्थानका लागि मत र खेर गएका मतहरुको संख्याबीचको सम्बन्धलाई हेर्नु पर्दछ । उदाहरणको लागि, दक्षिण अफ्रिकाले सन् २००४ को निर्वाचनमा परम्परागत समानुपातिक निर्वाचन प्रणाली उपयोग गरेको थियो र ६९.६९ प्रतिशत मत प्राप्त गरी अफ्रिकन नेसनल काँग्रेसले ६९.७५ प्रतिशत स्थानमा विजय हासिल गरेको थियो । यो निर्वाचन प्रणाली ज्यादै समानुपातिक थियो र खेर गएका मतको (अर्थात् जुन दलहरुका लागि मत खसालिएको हो त्यसले कुनै स्थान जित्न सकेन) कुल संख्याको ०.७४ प्रतिशत मात्र थियो । यसको ठीक विपरीत मंगोलियामा सन् २००० मा भएको निर्वाचनमा दुई चरण प्रणाली अपनाइयो, जसमा उम्मेदवारले विजय हासिल गर्न २५ प्रतिशत बढीमत आवश्यकता पर्दथ्यो । मंगोलियन पिपुल्स रिभोल्युसनरी पार्टीले करिब ५२ प्रतिशत लोकप्रिय मत ल्याएर ७६ सदस्यीय संसद्को ७२ स्थानमा विजयी भयो । यस्तै परिणाम सन् २००३ मा जिबुटीमा भएको निर्वाचनमा पनि देखिन्छ, जसमा दलगत एकमुष्ट मत प्रणालीअनुसार भएको निर्वाचनमा लोकप्रिय प्रगतिशील दल (Rassemblement Populaire pour le Progrès) ले जम्मा ६२.७ प्रतिशत मत ल्याएर विधायिकाको सबै ६५ स्थानमा विजय हासिल गरेको थियो ।

६४. तथापि, अन्य केही परिस्थितिमा गैर-समानुपातिक निर्वाचन प्रणाली (जस्तो पहिलो हुने निर्वाचित हुने) ले समग्र परिणाममा सापेक्षिक तवरमा समानुपातिकतालाई बढाउन सक्छ । दलको समर्थन क्षेत्रीय वर्चस्वमा केन्द्रित भएमा त्यस्तो उदाहरण पाइन्छ । यस्तै स्थिति अर्को दक्षिणी अफ्रिकी मुलुक मालावीमा सन् २००४ मा देखिएको थियो । त्यो निर्वाचनमा मालावी काँग्रेस पार्टीले २५ प्रतिशत मत ल्याएर ३० प्रतिशत स्थानमा विजयी भयो, युनाइटेड डेमोक्र्याटिक फ्रन्टले २५ प्रतिशत मत ल्याएर २७ प्रतिशत स्थान जित्यो र एलाइन्स फर डेमोक्र्यासीले ४ प्रतिशतभन्दा कम मत ल्याएर ३ प्रतिशतभन्दा केही बढी स्थान जितेको थियो । समानुपातिकताको समग्र स्तर उच्च थियो, तर तथ्यको भित्री रहस्य यस्तो देखियो कि त्यो स्वभावैले समानुपातिक थिएन र खेर गएका मत खसेको सम्पूर्ण मतको झण्डै आधा रहेकोले यसलाई समानुपातिक प्रणालीमा ठीक तवरले वर्गीकरण गर्न सकिँदैन ।

त्यसैगरी केही निर्वाचनका प्रारुपगत तत्वहरुले असमानुपातिकतालाई प्रश्रय दिन्छ । अति मनपरी किसिमबाट भएको विनियोजन प्रणालीले सामान्यतः गैरसमानुपातिक परिणाम ल्याउँछ, जस्तो उच्च सीमा विन्दु सहितको समानुपातिक प्रणालीमा खेर जाने मत धेरै हुन्छ, जस्तो कि टर्कीमा सन् २००२ मा सम्पन्न निर्वाचनमा १० प्रतिशतको न्यूनतम सीमा राख्दा ४६ प्रतिशत मत खेर गएको थियो ।

६५. यदि हामीले समानुपातिकताको सिद्धान्तलाई ध्यान दिने हो भने अन्य केही विचारणीय पक्षहरु छन्- जस्तै प्रत्येक निर्वाचन क्षेत्रबाट कति सदस्य निर्वाचित गरिने र मतदातालाई कति मत दिने अधिकार छ भन्ने कुराहरुलाई समेत ध्यान दिनु पर्छ । उपलब्ध निर्वाचन प्रणाली परिवारलाई तलको चित्र १ ले देखाउँछ ।

**चित्र १: निर्वाचन प्रणाली परिवारहरु**




## बढीमत/बहुमत प्रणाली

६६. बढीमत/बहुमत प्रणालीको विशिष्ट लक्षण के हो भने यसले साधारणतया एक सदस्यीय निर्वाचन क्षेत्रको प्रयोग गर्दछ । पहिलो हुने निर्वाचित हुने प्रणालीमा (कहिलेकाहीं यसलाई बढीमत एकल-सदस्यीय निर्वाचन क्षेत्र प्रणाली भनेर पनि बुभ्नु पर्छ) सबभन्दा बढी मत ल्याउने विजयी हुन्छ, पूर्ण बहुमत ल्याउन आवश्यक पर्दैन (प्रकरण ७६-७९ हेर्नुहोस्) । जब यो प्रणालीलाई बहु-सदस्यीय निर्वाचन क्षेत्रहरुमा प्रयोग गरिन्छ यो एकमुष्ट मत हुन आउँछ । मतदातालाई जति स्थान पूर्ति गर्नुपर्छ त्यति नै मात्रामा मत हाल्ने अधिकार प्राप्त हुन्छ र सबभन्दा बढी मत ल्याउनेले मतको प्रतिशत जतिसुकै ल्याए पनि पदमा रहन पाउँछ (हेर्नुहोस् प्रकरण ८०-८५) । यो प्रणालीमा परिवर्तन गरेर मतदाताले व्यक्तिगत उम्मेदवारका सट्टा दलको सूचीअनुसार मतदान गरेमा दलगत एकमुष्ट मत हुन आउँछ (प्रकरण ८६-८८ हेर्नुहोस्) । बहुसंख्यक प्रणाली, जस्तै वैकल्पिक मत र दुईचरण प्रणालीमा यो विजयी उम्मेदवारले पूर्ण बहुमत (उदाहरणको लागि ५० प्रतिशतभन्दा माथि) मत प्राप्त गर्न सुनिश्चित गर्ने प्रयास गर्छ । प्रत्येक प्रणालीको सारभूत तत्व भनेको यदि पहिलो चरणको उम्मेदवारले पूर्ण बहुमत ल्याई विजयी हुन सकेन भने मतदाताले दोस्रो प्राथमिकता दिइएको उम्मेदवारको मत यही प्रयोजनको निम्ति प्रयोग गर्नु हो (प्रकरण ८९-९९ हेर्नुहोस्) ।

## समानुपातिक प्रतिनिधित्व प्रणाली

६७. सबै समानुपातिक प्रतिनिधित्व प्रणालीलाई टेवा पुऱ्याउने औचित्य दलको राष्ट्रिय मतको अंश र विजयी संसदीय स्थानको अंशबीच नमिल्दो भिन्नतामा सचेततापूर्वक कमी ल्याउनुमा रहेको हुन्छ । यदि प्रमुख दलले ४० प्रतिशत मत पाउँछ भने त्यसले करिब ४० प्रतिशत नै स्थान जित्नुपर्छ र एउटा सानो दल जसले २० प्रतिशत मत पाउँछ भने विधायिकामा पनि २० प्रतिशत स्थान जित्नुपर्छ । समानुपातिकताको सामान्यतया राम्रो उपलब्धि देखिन दलगत सूचीको प्रयोग गर्नुपर्छ, जसमा राजनीतिक दलहरुले राष्ट्रिय वा क्षेत्रीय आधारमा उम्मेदवारहरुको सूची प्रस्तुत गर्दछन् (प्रकरण १०६-१०८ हेर्नुहोस्) । तर बहुसदस्यीय निर्वाचन क्षेत्रमा मतदाताले उम्मेदवारहरुलाई क्रमसंख्या तोकेर प्राथमिकताको आधारमा मतदान गर्ने एकल सङ्क्रमणीय मत अर्को सुव्यवस्थित समानुपातिक प्रणाली हो (प्रकरण १०९-११२ हेर्नुहोस्) ।

## मिश्रित प्रणाली

६८. समानान्तर प्रणालीले समानुपातिक प्रतिनिधित्वको तत्व र बढीमत/बहुमत (वा अन्य) तत्व दुबैलाई एक अर्काबाट स्वतन्त्र रुपले सञ्चालन गरी प्रयोगमा ल्याउँछ । मिश्रित सदस्य समानुपात प्रणालीले पनि दुई तत्वहरु प्रयोगमा ल्याउँछ (त्यसमा एउटा समानुपातिक प्रतिनिधित्व प्रणाली हो) । तर त्यसमा के फरक हुन्छ भने बढीमत/बहुमत अथवा अन्य प्रणालीमा सिर्जित अमिल्दो भिन्नतालाई समानुपातिक प्रतिनिधित्व प्रणालीको तत्वले क्षतिपूर्ति गर्दछ र सामान्यतया समानान्तर प्रणालीले भन्दा ज्यादै बढी समानुपातिकताको परिणाम ल्याउँछ । अफ्रिका र पूर्व सोभियत संघका नयाँ प्रजातान्त्रिक देशहरुले समानान्तर र मिश्रित सदस्य समानुपात प्रणालीलाई व्यापक तवरमा अपनाएका छन् (प्रकरण १२८-१३७ हेर्नुहोस्) ।

## अन्य प्रणाली

६९. माथि उल्लेख गरिएका वर्गीकरणमा अन्य तीनवटा प्रणाली ठीकसँग मेल खाँदैनन् । एकल असङ्क्रमणीय मत भनेको उम्मेदवार- केन्द्रित बहुसदस्यीय- निर्वाचनक्षेत्र प्रणाली हो, जसमा मतदातालाई एउटा मात्र मत हाल्ने अधिकार प्राप्त हुन्छ । सीमित मत प्रायः एकल असङ्क्रमणीय मत जस्तै देखिन्छ, तर यसमा मतदाताले एकभन्दा बढी मत हाल्न पाउँछ (तथापि, एकमुष्ट मतको विपरीत, जति स्थान पूर्ति गर्ने त्यति होइन) । प्राथमिक गणना एकल वा बहुसदस्यीय निर्वाचन क्षेत्रहरुमा प्राथमिकतामा आधारित प्रणाली हो (प्रकरण १३८-१४४ हेर्नुहोस्) ।

७०. तालिका २ र यो पुस्तकमा दिइएका नक्साहरुले स्पष्ट पार्दछ कि विधायिकाको निम्ति प्रत्यक्ष निर्वाचन गर्ने विश्वका १९९ मुलुक र भूभागले प्रत्यक्ष निर्वाचन गर्दछन्, तीमध्ये आधाभन्दा अलिकम (९१, अथवा कुलको ४६ प्रतिशत) ले बढीमत/बहुमत प्रणाली प्रयोग गर्दछन् । अर्का ७२ (३६ प्रतिशत) ले समानुपातिक प्रतिनिधित्व प्रणाली प्रयोग गर्दछन् । ३० (१५ प्रतिशत) ले मिश्रित प्रणाली प्रयोग गर्दछन् र बाँकी ६ (३ प्रतिशत) ले अन्य प्रणालीहरुमध्ये कुनै एक प्रयोग गर्दछन् । विभिन्न प्रणालीलाई जनसंख्याको आकारबाट वर्गीकरण गर्दा बढीमत/बहुमत प्रणालीको प्रभुत्व बढी उद्घोष हुन्छ । पहिलो हुने निर्वाचित हुने, एकमुष्ट मत, दलगत एकमुष्ट मत, वैकल्पिक मत अथवा दुईचरण प्रणाली

प्रक्रिया अन्तर्गत विधायिकाको निर्वाचनमा समग्रमा २ अर्ब ६५ करोड जनसंख्या (१९९ राष्ट्रको कुल जनसंख्याको ५४ प्रतिशत) छ। समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली प्रयोग गर्ने मुलुकहरुमा कुल १ अर्ब १९ करोड जनता बसोबास गर्दछन् । मिश्रित प्रणाली १ अर्ब ७ करोड जनताको प्रतिनिधित्व गर्ने मुलुकहरुले प्रयोगमा ल्याएका छन् र अन्य प्रणाली प्रयोग गर्नेको जनसंख्या ३ करोड ४० लाख मात्र छ।

### तालिका २: राष्ट्रिय विधायिकाको लागि निर्वाचन प्रणाली

| मुलुक भू-भाग | | | कुल जनसंख्या | | स्थापित प्रजातन्त्र | | जनसंख्या | | नव प्रजातन्त्र | | जनसंख्या | | अन्य मुलुक | | जनसंख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | ३ | ४ | | ५ | ६ | ७ | | ८ | ९ | १० | | ११ |
| पहुनिहु | ४७ | २३.६% | २१४८८७०१७७ | ४३.५% | २२ | ३२.४% | १४५८४०३०७३ | ७०.३% | ४ | १३.०% | २०५८६५ | ०.१% | २१ | २१.०% | ६९०२६१२३९ | २७.०% |
| एम | १५ | ७.५% | ३२१०२५४५ | ०.६% | ८ | ११.८% | १५१५६२२ | ०.१% | ० | ० | ० | ० | ७ | ७.०% | ३०५८६९२३ | १.२% |
| दएम | ४ | २.०% | ३०४२३०१५ | ०.६% | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | ४.०% | ३०४२३०१५ | १.२% |
| वैम | ३ | १.५% | २६२१४२९८ | ०.५% | २ | २.९% | २५३३३४२४ | १.२% | ० | ० | ० | ० | १ | १.०% | ८८०८७४ | ०.०% |
| दुचप्र | २२ | ११.१% | ४०९३७६९१८ | ८.३% | ३ | ४.४% | ६०५३४००६ | २.९% | २ | ६.५% | १४७०८१०२ | ४.८% | १७ | १७.०% | ३३४१३४८१० | १३.१% |
| सूची सप्र | ७० | ३५.२% | ११८१७१८९२२ | २३.९% | २१ | ३०.९% | १९५०५११७५ | ९.४% | १९ | ६१.३% | १६८५२८२१९ | ५५.०% | ३० | ३०.०% | ८१८१३९५२८ | ३२.% |
| एसम | २ | १.०% | ४३६६४०९ | ०.१% | २ | २.९% | ४३६६४०९ | ०.२% | ० | ० | ० | ० | ० | ०.०% | ० | ० |
| मिसस | ९ | १.५% | २९८६१९२६३ | ६.०% | ४ | ५.९% | १५३२०००५९ | ७.४% | १ | ३.२% | १००३२३७५ | ३.३% | ४ | ४.०% | १३५३८६८२९ | ५.३% |
| समानान्तर | २१ | १०.६% | ७७३०९१३३४ | १५.७% | २ | २.९% | १७५९३११७७ | ८.५% | ५ | १६.१% | ११२७०१५६९ | ३६.८% | १४ | १४.०% | ४८४४५८५८८ | १८.९% |
| एअसम | ४ | २.०% | ३४३२७५३४ | ०.७% | २ | २.९% | २०२६५५ | ०.०% | ० | ० | ० | ० | २ | २.०% | ३४१२४८७९ | १.३% |
| परिमार्जित प्राग | १ | ०.५% | १२८०९ | ०.०% | १ | १.५% | १२८०९ | ०.०% | ० | ० | | ० | ० | ०.०% | ० | ० |
| सीम | १ | ०.५% | २७८३३ | ०.०% | १ | १.५% | २७८३३ | ०.०% | ० | ० | ० | ० | ० | ०.०% | ० | ० |
| कुल | १९९ | | ४९३९१५१०५७ | | ६८ | | २०७४५७८२४२ | | ३१ | | ३०६१७६१३० | | १०० | | २५५८३९६६८५ | ० |

**टिप्पणी**: नोभेम्बर २००४ सम्मको राष्ट्रिय विधायिका र तल्लो सभाका लागि भएका निर्वाचनहरु मात्र समावेश गरिएका छन् । Arend Lijphart ले *Patterns of Democracy: Government Forms and Performacne in Thirty-Six Countries (1999)* मा प्रयोग गर्नु भएको विधिमा आधारित छ । 'स्थापित प्रजातन्त्र' मा अहिले प्रजातान्त्रिक मानिएका र कम्तीमा विगत २० वर्षदेखि प्रजातन्त्र भएकालाई समावेश गरिएकोछ। 'नयाँ प्रजातन्त्र' मा हाल प्रजातान्त्रिक मानिएका र कम्तीमा विगत १० वर्षदेखि प्रजातन्त्र भएका समावेश छ । 'अन्य' मा यस्ता मुलुकहरु पर्दछन् जो विगत १० वर्षदेखि प्रजातान्त्रिक नरहेको भनी फ्रिडम हाउसले सन् २००४ मा गरेको मूल्याङ्कनमा उल्लेख गरेको छ (हेर्नुहोस <http://www.freedomhouse.org/ratings/index.htm>)। फ्रिडम हाउसको मुलुक मूल्याङ्कनमा नपरेका मुलुक र भू-भागहरु (२५०,००० भन्दा कम जनसंख्या भएका) का सम्बन्धमा हामीले अन्य स्रोतलाई आधार मानेका छौं। चौध मुलुकहरुलाई यस तालिकामा समावेश गरिएका छैनन्। किनभने तिनीहरुले प्रत्यक्ष निर्वाचन गर्दैनन् अथवा सङ्क्रमणकालीन सरकार रहेका छन्। दुई किसिमका निर्वाचन प्रणाली (वर्णसंकर) प्रयोग गर्ने मुलुकहरुलाई तिनले जुन प्रणालीबाट विधायिकामा सबभन्दा बढी संख्यामा स्थान ल्याई विजयी भएका थिए त्यसैमा राखिएको छ।

१ = १९९ देशको प्रतिशतबाट तिनीहरुले यस्तो किसिमको निर्वाचन प्रणाली अपनाएको देखाउँछ।
२ = १९९ देशको कुल जनसंख्याको प्रतिशत यस्तो किसिमको निर्वाचन प्रणाली अन्तर्गत बस्दछन।
३ = मुलुक/भू-भागको संख्या।
४ = स्थापित प्रजातन्त्रको प्रतिशत जसले यस्तो किसिमको निर्वाचन प्रणाली अपनाएका छन्।

५ = स्थापित प्रजातन्त्रको जनसंख्याको प्रतिशत जो यस्तो किसिमको निर्वाचन प्रणालीमा रहन्छन् ।
६ = मुलुक/भू-भागको संख्या ।
७ = नवस्थापित प्रजातन्त्रको प्रतिशत जहाँ यस्तो किसिमको निर्वाचन प्रणाली छ ।
८ = नयाँ प्रजातन्त्रको जनसंख्याको प्रतिशत, जो यस्तो किसिमको निर्वाचन प्रणालीमा रहन्छन ।
९ = मुलुक/भू-भागको संख्या ।
१० = "अन्य" मुलुकको संख्या जहाँ यस्तो किसिमको निर्वाचन प्रणाली छ ।
११ = "अन्य" मुलुकको जनसंख्याको प्रतिशत जो यस्तो निर्वाचन प्रणालीमा रहन्छन् ।

**स्रोतः** International IDEA databases; for the classifiction of democracies, Freedom House country ratings, <http://www.freedomhouse.org/ratings/index.htm>; and, for population, US Central Intelligence Agency *World Factbook* and additional estimates for countires and territories not included in the Factbook.

७१. विभिन्न किसिमका निर्वाचन प्रणाली प्रयोग गर्ने मुलुकहरुको संख्याको दृष्टिबाट सूचीमा आधारित समानुपातिक प्रणाली सबैभन्दा लोकप्रिय देखिएको छ । १९९ मुलुक र सम्बन्धित भू-भागमध्ये कुल जनसंख्याको ३५ प्रतिशत ओगट्ने ७० मुलुकहरुमा यस्तो प्रणाली प्रचलनमा छ। त्यसपछि ४७ स्थानमा पहिलो हुने निर्वाचित हुने प्रणाली (१९९ मुलुक र भू-भागको २४ प्रतिशत) पर्दछ। जनसंख्याको दृष्टिले हेर्दा, यद्यपि पहिलो हुने निर्वाचित हुने प्रणाली प्रयोग गर्ने मुलुकको जनसंख्या सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली प्रयोग गर्नेको भन्दा करिब दोब्बर बढी छ । तालिका २ मा उल्लेखित २ अर्व १० करोड अंक भारत (जनसंख्या १ अर्ब १० करोड) र अमेरिका (२९ करोड ३० लाख) का कारण बढी देखिएको हो । पहिलो हुने निर्वाचित हुने प्रणाली क्यारेबिएन र ओसेनियन जस्ता कैयौं साना मुलुकहरु समेतले प्रयोग गरेका छन् । सूचीमा आधारित समानुपातिक प्रणाली प्रयोग गर्ने सबैभन्दा ठूलो देश २३ करोड ८० लाख जनसंख्या भएको इण्डोनेसिया हो । तर यो प्रणाली विशेष रुपमा मध्यम-आकारका पश्चिमी युरोप, ल्याटिन अमेरिका र अफ्रिकी मुलुकहरुले प्रयोग गरिआएका छन् । यस क्रममा आउने अर्को प्रणाली समानान्तर प्रणाली (विश्व जनसंख्याको १६ प्रतिशत) र दुईचरण प्रणाली (विश्व जनसंख्याको ८ प्रतिशत) हुन, जब कि दुईचरण प्रणाली अरु बाँकी मुलुकहरुमा प्रचलित छ । त्यसकारण समानान्तर प्रणालीले बढी जनताको प्रतिनिधित्व गर्दछ । यो यस कारणले भएको हो कि रुसी महासंघ (१४ करोड ४० लाख जनसंख्या) र जापान (१२ करोड ७० लाख जनसंख्या) ले समेत परम्परागत समानान्तर प्रणाली अपनाएका छन् ।

**तालिका ३: विभिन्न राष्ट्रिय विधायिकाभित्र निर्वाचन प्रणालीको वितरण**

| | अफ्रिका | अमेरिका | एसिया | पूर्वी युरोप | पश्चिमी युरोप | ओसेनिया | मध्यपूर्व | कुल |
|---|---|---|---|---|---|---|---|---|
| पहुनिहु | १५ | १७ | ५ | ० | १ | ७ | २ | ४७ |
| एम | १ | ३ | २ | ० | ३ | २ | ४ | १५ |
| दएम | ३ | ० | १ | ० | ० | ० | ० | ४ |
| वैम | ० | ० | ० | ० | ० | ३ | ० | ३ |
| दुचप्र | ८ | ३ | ६ | १ | १ | १ | २ | २२ |
| सूची सप्र | १६ | १९ | ३ | १३ | १५ | ० | ४ | ७० |
| एसम | ० | ० | ० | ० | २ | ० | ० | २ |
| मिसस | १ | ३ | ० | २ | २ | १ | ० | ९ |
| समानान्तर | ४ | ० | ८ | ७ | १ | १ | ० | २१ |
| एअसम | ० | ० | १ | ० | ० | २ | १ | ४ |
| प्राग | ० | ० | ० | ० | ० | १ | ० | १ |
| सीम | ० | ० | ० | ० | १ | ० | ० | १ |
| कुल | ४८ | ४५ | २६ | २३ | २६ | १८ | १३ | १९९ |

**टिप्पणी:** यसमा दुई सदनात्मक राष्ट्रिय विधायिका भएको मुलुकहरुमा सन् २००४ सम्म सम्पन्न भएको निर्वाचन प्रणालीलाई मात्र समावेश गरिएको छ ।

**चित्र २: निर्वाचन प्रणाली परिवार**

**१ – मुलुक र भूभागको संख्या**



**२ – निर्वाचन प्रणाली:**

**मुलुक र भूभागको संख्या**




**३ – कुल जनसंख्या (दश लाखमा)**




७२. एकमुष्ट मत १५ मुलुक र भू-भागमा प्रयोग गरिएको छ, जसमा ८ प्रतिशत मुलुकहरु पर्दछन् । तर यसमा तालिका २ मा दर्शाइए अनुसार विश्व जनसंख्याको ३ करोड २० लाख जनताले ०.७ प्रतिशत मात्र प्रतिनिधित्व गर्दछन् । यसको विपरीत मिश्रित सदस्य समानुपातिक प्रणाली नौ मुलुकहरु - अल्वानिया, बोलिभिया, जर्मनी, हंगेरी, इटाली, लेसोथो, मेक्सिको, न्युजिल्याण्ड र भेनेजुयलामा मात्र प्रयोग गरिएको छ, तर तिनीहरुको समग्र जनसंख्या २९ करोड ९० लाख अर्थात् कुल जनसंख्याको ६ प्रतिशत हुन आउँछ। एकल सङ्क्रमणीय मत, सीमित मत, परिमार्जित प्राथमिकता गणना, वैकल्पिक मत, दलगत एकमुष्ट मत र एकल असङ्क्रमणीय मत प्रणालीहरु वर्तमान समयमा प्रयोगमा आएका ज्यादै दुर्लभ निर्वाचन प्रणालीहरु हुन, जसको उदाहरण चारमा एकको अनुपात पाइन्छ। अष्ट्रेलिया, फिजी र पपुआ न्युगिनीले वैकल्पिक मत प्रणालीको उपयोग गर्नुको अर्थ २ करोड

६० लाख जनता वैकल्पिक मत प्रणाली अन्तर्गत पर्नु हो । जब कि एकल असङ्क्रमणीय मत प्रणाली अपनाएका अफगानिस्तान, जोर्डन, पिट्कर्न आइल्याण्ड र भानुआतुले ३ करोड ४० लाख जनताको प्रतिनिधित्व गर्दछन् र गणतन्त्र आयरल्याण्ड तथा माल्टाको एकल सङ्क्रमणीय मत प्रणालीले ४० लाख जनताको प्रतिनिधित्व गर्दछ ।

७३. यदि "स्थापित प्रजातन्त्र" भएका मुलुकहरुको निर्वाचन प्रणाली हेर्ने हो भने समानुपातिक प्रतिनिधित्व प्रणाली अधिक संख्यामा अर्थात् ६८ मुलुकमध्ये २१ मुलुकहरुमा (३१ प्रतिशत) पाइन्छ तर ६८ मुलुकहरुमा बसोबास गर्ने जनताहरुमध्ये पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत अझै पनि भारत र संयुक्त राज्य अमेरिकाले ७० प्रतिशत ओगटेका छन् । स्थापित प्रजातन्त्रमध्ये मिश्रित सदस्य समानुपातको अमिल्दो संख्या कुल जनसंख्याको ६ प्रतिशत छ, जव कि विश्वव्यापी दृष्टिले हेर्दा मिश्रित सदस्य समानुपातिक प्रणाली ४.५ प्रतिशत मात्र पाइन्छ । एकल सङ्क्रमणीय मत प्रणाली अपनाउने विश्वका उदाहरणमा गणतन्त्र आयरल्याण्ड र माल्टा दुवै स्थापित प्रजातन्त्रको श्रेणीमा पर्दछन् ।

७४. निर्वाचन प्रणालीको वितरण महादेशहरु पिच्छे ज्यादै मिश्रित छ । तालिका ३ र संलग्न नक्साले देखाउँछ कि पहिलो हुने निर्वाचित हुने प्रणालीले अफ्रिका, अमेरिका र ओसेनियाका करिब ३५ प्रतिशत जनतालाई आबद्ध गरेको छ । यो प्रणाली युरोप, एसिया र मध्यपूर्वमा कम प्रचलित छ । यसैगरी सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली अफ्रिका र अमेरिकाभरि फैलिएको छ । तथापि, सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले पूर्वी र पश्चिमी युरोप दुबैमा प्रभुत्व जमाएको छ र यी दुई समानुपातिक प्रतिनिधित्व प्रणाली (सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व र एकल सङ्क्रमणीय मत प्रणाली पूर्वी र पश्चिमी युरोपको झण्डै दुई तिहाइ हुन आउँछ । समानान्तर प्रणाली मुख्य गरी एसिया र पूर्वी युरोपमा प्रयोगमा ल्याइएको छ ।

# परिच्छेद ३

परिच्छेद ३

# ३. प्रणाली तथा तिनका परिणतिहरु

## बढीमत/बहुमत प्रणाली

### *बढीमत/बहुमत प्रणालीहरु भनेका के हुन्*

७५. बढीमत/बहुमत प्रणालीहरुको सिद्धान्त सरल छ । मतदान भई गणना गरिसकेपछि सबभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार वा दलहरु विजयी घोषित गरिन्छन् (अन्य अवस्थाहरु पनि हुनसक्छन्) । तथापि, व्यवहारमा यसलाई हासिल गर्ने मार्ग भने व्यापक रुपमा फरक फरक छन् । बढीमत/बहुमत प्रणालीका पाँच प्रकारलाई यसरी पहिचान गर्न सकिन्छ : पहिलो हुने निर्वाचित हुने, एक मुष्ट मत, दलगत एकमुष्ट मत, वैकल्पिक मत तथा दुई-चरण प्रणाली ।

### *पहिलो हुने निर्वाचित हुने*

७६. पहिलो हुने निर्वाचित हुने प्रणाली एक सदस्यीय निर्वाचन क्षेत्र तथा उम्मेदवार केन्द्रित मतदानमा प्रयोग हुने बढीमत/बहुमत प्रणालीको सबभन्दा सरल रुप हो । मतदातालाई मनोनीत उम्मेदवारहरुको नामावली प्रस्तुत गरिन्छ र निजले त्यसमध्ये कुनै एकलाई मात्र छनोट गरी मतदान गर्दछ । विजयी हुने व्यक्ति भनेको सबभन्दा बढी मत पाउने व्यक्ति नै हो । यदि अरु प्रत्येक उम्मेदवारले एक एक मत मात्र प्राप्त गरेमा दुईमत प्राप्त गर्ने सैद्धान्तिक रुपमा निर्वाचित हुन सक्दछ ।

**पहिलो हुने निर्वाचित हुने बढीमत/बहुमत निर्वाचन प्रणालीको सबभन्दा सरल रुप हो । सदर मतको पूर्ण बहुमत नभए पनि अरुभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छ । यो प्रणाली एक सदस्यीय निर्वाचनक्षेत्रमा प्रयोग गरिन्छ र यसमा मतदाताले राजनीतिक दललाई नभई उम्मेदवारलाई मत दिन्छन् ।**

७७. आजका मितिसम्म विशुद्ध पहिलो हुने निर्वाचित हुने प्रणाली मुख्यतया संयुक्त अधिराज्य र ऐतिहासिक रुपमा बेलायतद्वारा प्रभावित भएका मुलुकहरुमा पाइन्छ । संयुक्त अधिराज्य सहित, यो प्रणालीलाई क्यानडा, भारत तथा संयुक्त राज्य अमेरिकामा बारम्बार विश्लेषण गर्ने गरिन्छ । पहिलो

हुने निर्वाचित हुने प्रणाली क्यारेवियन क्षेत्रका केही मुलुकहरुमा, ल्याटिन अमेरिकामा बेलिज, एसियामा पाँच मुलुकहरु - बंगलादेश, बर्मा, भारत, मलेसिया र नेपाल तथा दक्षिणी प्रशान्त क्षेत्रका थुप्रै स-साना द्वीप मुलुकहरुमा पनि प्रयोग गरिएको छ। अफ्रिकामा १५ मुलुकहरु, मुख्यतः पूर्व बेलायती उपनिवेशमा रहेकाहरुले पहिलो हुने निर्वचित हुने प्रणालीलाई प्रयोग गर्दछन् । परिशिष्ट "क" मा उल्लिखित २१३ मुलुकहरुमध्ये (सङ्क्रमणकालमा रहेका मुलुकहरु तथा प्रत्यक्ष निर्वाचन प्रणाली नभएका मुलुकहरु समेत) २२ प्रतिशत मुलुकहरुले पहिलो हुने निर्वाचित हुने प्रणाली प्रयोग गरेका छन् ।

७८. *फाइदाहरु* : पहिलो हुने निर्वाचित हुने प्रणालीलाई अन्य बढीमत /बहुमत निर्वाचन प्रणालीलाई जस्तै मुख्यतः यसको सरलता र निश्चित भौगोलिक क्षेत्रका प्रतिनिधिहरुलाई विजयी बनाउने यसको प्रवृत्तिका आधारमा प्रतिरक्षा गर्ने गरिन्छ । बारम्बार उल्लेख गरिने गरिएका यसका फाइदाहरु देहाय बमोजिम रहेका छन् :

क. यसले मतदाताहरुलाई दुई मुख्य दलहरुका बीचमा स्पष्ट रुपमा छनोट प्रदान गर्दछ । तेस्रो तथा विभाजित अल्पमतका दलहरुले सामना गरेका संरचनागत बेफाइदाहरु धेरैजसो अवस्थामा पहिलो हुने निर्वाचित हुने प्रणालीलाई सत्तामा आलोपालो गर्ने "वामपन्थी दल" र "दक्षिणपन्थी" को दलतर्फ आकर्षण गराउछ । तेस्रा दलहरु साधारणतया खुम्चिँदै जान्छन् र तिनीहरुले राष्ट्रियस्तरमा प्राप्त गर्ने मतबाट विधायिकामा तुलनायोग्य प्रतिशतमा स्थान पाउन सक्ने तहभन्दा माथि कहिल्यै पनि जनसमर्थन पाउन सक्दैनन् ।

ख. यसले एक-दलगत सरकार सिर्जना गर्दछ । सबभन्दा ठूलो दलका लागि पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत स्थानको बोनस पाउने सामान्य कुरा हुनाले (उदाहरणका लागि, एउटा दलले राष्ट्रिय स्तरमा ४५ प्रतिशत मत जित्ने तर ५५ प्रतिशत स्थान पाउने हुनाले) यस प्रणालीमा "गठबन्धन सरकार" यसको नियमको रुपमा नभई अपवाद हो । यस स्थितिले गर्दा कुनै सानो गठबन्धन घटकले मोलमोलाइ गर्ने सीमाबाट मन्त्रिमण्डलले छुटकारा पाउने हुनाले यसलाई तारिफ गर्ने गरिन्छ ।

ग. यसले विधायिकामा सुसंगठित विपक्षी उत्पन्न गर्दछ। सैद्धान्तिक रुपमा बलियो एक दलगत सरकारको अर्को पाटो भनेको यसले विपक्षीलाई पनि पर्याप्त स्थान दिई यसलाई महत्वपूर्ण सुपरिवेक्षणात्मक भूमिका निर्वाह गर्ने र आजको सरकारको एक वास्तविक विकल्पको रुपमा आफूलाई प्रस्तुत गर्ने गर्दछ ।

घ. यसले व्यापकतामा आधारित राजनीतिक दलहरुलाई फाइदा पुऱ्याउने गर्दछ। जातिगत वा क्षेत्रगत हिसाबले गम्भीर रुपमा विभाजन भएका समाजहरुमा पहिलो हुने निर्वाचित हुने प्रणालीलाई समाजका थुप्रै तत्वहरु समाहित गर्ने र खासगरी त्यतिबेला जहाँ दुईमात्र प्रमुख दलहरु रहेको र विभिन्न सामाजिक समूहहरु रहेको अवस्थामा राजनीतिक दलहरुलाई "व्यापकस्तरको धार्मिक मन्दिर" को रुपमा प्रोत्साहन गर्ने हुनाले यसलाई तारिफ गर्ने गरिन्छ । त्यस बखत यी दलहरुले निर्वाचनको लागि विविधताको छनोटमा आधारित उम्मेदवारहरु दिन सक्छन् । उदाहरणको लागि, मलेसियामा बारिसान राष्ट्रिय सरकार व्यापकतामा आधारित छाता आन्दोलनबाट बनेको छ, जसले मले, चीनियाँ तथा भारतीय उम्मेदवारहरुलाई विभिन्न जातिगत स्वरुपका क्षेत्रहरुमा उठाउने गर्दछ ।

ङ. यसले अतिवादी दलहरुलाई विधायिकामा प्रतिनिधित्व हुनबाट बञ्चित गर्दछ । कुनै अल्पमतको अतिवादी दलको निर्वाचन समर्थन भौगोलिक रुपमा केन्द्रिकृत भएको अवस्थामा बाहेक पहिलो हुने निर्वाचन हुने प्रणाली अर्न्तगत सो दलले कुनै स्थान जित्न सक्दैन (यसको विपरीत, एकल राष्ट्रिय स्तरका निर्वाचन क्षेत्र भएको सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत राष्ट्रिय स्तरको एक प्रतिशत मतको अंशले विधायिकामा प्रतिनिधित्व गर्नसक्ने कुरा सुनिश्चित गर्दछ) ।

च. भौगोलिक क्षेत्रका प्रतिनिधिबाट विधायिका निर्माण हुने हुनाले यस निर्वाचन प्रणालीले निर्वाचन क्षेत्र र यसका प्रतिनिधिहरुबीच सम्पर्क प्रवर्द्धन गर्दछ । निर्वाचित प्रतिनिधिहरुले दलको बिल्लामात्र भन्दा शहर, नगर वा क्षेत्रको निश्चित भौगोलिक क्षेत्रलाई प्रतिनिधित्व गर्दछन् । केही विश्लेषकहरुले "भौगोलिक जवाफदेहिता" कृषि प्रधान समाज तथा विकासोन्मुख मुलकहरुमा विशेषरुपमा महत्वपूर्ण हुने तर्क राख्दछन् ।

छ. यसले मतदातालाई दलहरु बीचबाट मात्र भन्दा व्यक्तिहरु बीचबाट छनोट गर्ने अनुमति दिन्छ । मतदाताहरुले कुनै दलले प्रस्तुत गरेका उम्मेदवारको सूचीलाई स्वीकार मात्र गर्नुभन्दा, जुन कुरा सूची प्रतिनिधित्वमा आधारित समानुपातिक प्रणालीमा हुने गर्दछ, वैयक्तिक उम्मेदवारहरुको कार्य सम्पादनलाई मूल्याङ्कन गर्न सक्दछन् ।

ज. यसले जनप्रिय उम्मेदवारहरुलाई निर्वाचित हुने मौका दिन्छ । यो विकासोन्मुख दलगत प्रणाली जहाँ राजनीति अझै पनि परिवार, वंश वा नातासम्बन्धको वरिपरि विस्तार भई सुदृढ दलगत राजनीतिक संगठनमा आधारित छैन त्यस्तो प्रणालीमा विशेष महत्वपूर्ण हुन सक्छ ।

झ. अन्त्यमा, प्रयोग गर्न र बुझ्न सरल भएका कारणले गर्दा विशेष गरी पहिलो हुने निर्वाचित हुने प्रणालीको प्रशंसा गर्ने गरिन्छ । एक सदर मतमा एक उम्मेदवारको नाम वा निर्वाचन चिन्हको अलावा एक मात्र छापको आवश्यक पर्दछ । मतपत्रमा उल्लेख गरिएका उम्मेदवारहरुको संख्या लामो भए तापनि निर्वाचन अधिकृतहरुलाई मतगणना गर्न सजिलो हुन्छ ।

७९. *बेफाइदाहरु* : पहिलो हुने निर्वाचित हुने प्रणालीलाई विभिन्न कारणहरुबाट बारम्बार आलोचना गर्ने गरिन्छ । त्यस्ता कारणहरु देहाय बमोजिम रहेका छन् :

क. यसले स-साना दलहरुलाई "स्वच्छ" प्रतिनिधित्वबाट वञ्चित गर्दछ । यस्तो यस कारणले हुन्छ कि कुनै दलले मानौ करिब १० प्रतिशत मत प्राप्त गऱ्यो भने करिब १० प्रतिशत विधायिकी स्थानमा नै विजयी हुनुपर्छ । सन् १९९३ को संघीय निर्वाचनमा क्यानडामा प्रोगेसिभ कन्जरभेटिभ पार्टीले १६ प्रतिशत मत प्राप्त गरेको थियो तर ०.७ प्रतिशत स्थान मात्र प्राप्त गऱ्यो । सन् १९९८ मा लेसोथोमा भएको आम निर्वाचनमा बासोथो नेसनल पार्टीले २४ प्रतिशत मत प्राप्त गरेको थियो, तर १ प्रतिशत स्थान मात्र प्राप्त गऱ्यो । पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत बराबर दोहोरिइरहने यो एक उदाहरण हो ।

ख. यसले अल्पसंख्यकलाई स्वच्छ प्रतिनिधित्व हुनबाट बञ्चित गर्दछ । पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत यो एउटा नियम नै हो कि दलहरुले कुनै खास निर्वाचन क्षेत्रका बहुसंख्यक मतदाताहरुलाई

बिरानो नहुने गरी सबभन्दा बढी व्यापक रुपमा स्वीकार्य भएको उम्मेदवारलाई उठाउँछन् । त्यसो हुनाले उदाहरणका लागि संयुक्त अधिराज्य वा संयुक्त राज्य अमेरिकाको बहुसंख्यक श्वेत निर्वाचित हुने निर्वाचन क्षेत्रमा एक अश्वेत उम्मेदवारलाई प्रमुख दलले मनोनयन गर्ने कुरा विरलै हुने गर्दछ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट विधायिकामा जनजाति तथा जातिगत अल्पसंख्यकहरुको प्रतिनिधित्व विश्वभरि नै कम हुने बलियो प्रमाण छ । यसको परिणामस्वरुप यदि मतदान गर्ने व्यवहारले जातिगत विभाजनमा अङ्कुश लगाउँछ र अल्पसंख्यक जातिय समूहका सदस्यहरुलाई प्रतिनिधित्व गर्नबाट वञ्चित गर्दछ भने त्यसले सम्पूर्ण राजनीतिक प्रणालीलाई अस्थिर बनाउन सक्दछ ।

ग. यसले महिलाहरुलाई विधायिकाबाट वञ्चित गर्दछ । "व्यापक रुपमा सबभन्दा बढी स्वीकार्य हुने उम्मेदवार" नै आवश्यक हुने प्रवृत्तिले पुरुषको नियन्त्रणमा रहेको दलगत संरचनाबाट महिलाहरुलाई उम्मेदवारको रुपमा छनोट हुनसक्ने कम सम्भावना रहने हुनाले विधायिकाको पदमा महिलाहरु निर्वाचित हुने क्षमतालाई प्रभाव पार्दछ । विश्वभरि कै प्रमाणले यस्तो देखाएको छ कि समानुपातिक निर्वाचन प्रणालीभन्दा बढीमत/बहुमत प्रणाली अन्तर्गत विधायिकामा महिलाहरु निर्वाचित हुने सम्भावना कम रहेको हुन्छ । "महिलाहरुको संसद्मा उपस्थिति"सम्बन्धी अन्तरविधायिका संघको अध्ययनले सन् २००४ को जुन महिनासम्म विधायिकाका तल्लो सदनमा सरदर १५.६ प्रतिशत महिला प्रतिनिधित्व रहेको पाइएको थियो । सन् २००४ सम्ममा स्थापित प्रजातान्त्रिक मुलुकहरुको तुलना गर्दा "पहिलो हुने निर्वाचित हुने" प्रणाली प्रयोग गर्ने मुलुकहरुमा सरदर १४.४ प्रतिशत महिलाहरु विधायिकामा रहेका छन् भने समानुपातिक प्रतिनिधित्व प्रयोग गर्ने त्यस्ता मुलुकहरुमा यो अंक झण्डै दोब्बर अर्थात् २७.६ प्रतिशत रहेको छ । यो उदाहरण नयाँ प्रजातान्त्रिक मुलुकहरु खासगरी अफ्रिकामा छर्लङ्ग देखिएको छ ।




*भारतीय पहिलो हुने निर्वाचित हुने मतपत्र*

विषय अध्ययन : भारत

# भारतः बृहत् स्तरको पहिलो हुने निर्वाचित हुने

विजय पटिदार

भारत विश्वको एउटा ठूलो प्रजातान्त्रिक मुलक रहेको छ  र सन् २००४ को संसदीय निर्वाचनमा यहाँ ६७ करोड भन्दा बढी मतदाता रहेका थिए । यहाँको संसदीय सरकार र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली सन् १९४७ मा अन्त्य भएको बेलायती उपनिवेशवादको अवशेष हो । बेलायतले भारतमा स्वायत्त सरकारको व्यवस्था चरणबद्ध रुपमा लागू गरेका  थियो  र यो क्रम उपनिवेशी शासनको अन्त्य र आममताधिकार हासिल गरी सन् १९४९ को नोभेम्बरमा संविधानसभाले संविधान पारित नगरेसम्म सकिएको थिएन । ख्यातिप्राप्त न्यायविद्, कानूनविद्, संवैधानिक विशेषज्ञ राजनीतिक चिन्तकहरुबाट संविधानसभा गठन भएको थियो र करिब तीन बर्षसम्म यसले काम गऱ्यो । अन्तिममा, पहिलो हुने निर्वाचन हुने निर्वाचित प्रणालीको चयन गर्नु अघि भारतलाई सबभन्दा उपयुक्त कुन निर्वाचन प्रणाली हुन्छ भनी लामो समयसम्म बहस भएको थियो । भारतको अति नै विविधता र बहुजातीय समाजको पृष्ठभूमिमा समानुपातिक प्रतिनिधित्वका विभिन्न प्रणालीहरु उपर विचार गरिएको थियो र यो विषयमा धेरै कानून व्यवसायीहरुलाई आकर्षण गरेको थियो । तर मुख्य रुपमा विखण्डित विधायिकालाई पन्छाउन र स्थिर सरकार गठन गर्न मद्दत पुऱ्याउन तथा उपनिवेशको लगत्तै पछि भएको साम्प्रदायिक रक्तपातबाट उठिरहेको मुलक जहाँ व्यापक रुपमा गरिबी तथा निरक्षरता रहेको थियो, स्थायित्वलाई नै मुख्य आधार मानी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको चयन गरियो ।

भारतीय संविधानअनुसार मतादाताहरुले एकल संसदीय निर्वाचन क्षेत्रहरुबाट लोकसभा अर्थात् तल्लो सदनका ५४३ सदस्यहरु निर्वाचन गर्दछन् । यसको विपरीत संसद्को माथिल्लो सदन अर्थात् राज्यसभा वा राज्य परिषद् र केही राज्यहरुमा रहेका यस्तै प्रकारका माथिल्ला संसद्हरु राज्य विधायिका सभाको सदस्यरुद्वारा अप्रत्यक्ष रुपमा निर्वाचित हुन्छन् । संसद्का सदस्यहरु तथा राज्य विधायिका सभाका सदस्यरुद्वारा अप्रत्यक्ष रुपमा निर्वाचित हुने राष्ट्रपति र राज्यसभा र लोकसभाका सदस्यहरुबाट निर्वाचित गरिने उपराष्ट्रपति पनि रहेका छन् ।

आम निर्वाचन प्रत्येक पाँच वर्षमा एक पटक गरिन्छ । तर हालैको सन् २००४ को अवस्थामा जस्तै वा सन १९९१ मा जस्तै स्थिर सरकार गठन हुन नसक्ने कुरामा राष्ट्रपति विश्वस्त भएमा लोकसभाको कार्यकाल पूरा हुन अगावै राष्ट्रपतिले प्रधानमन्त्रीको सल्लाहमा विघटन गर्न सक्दछ ।  प्रधानमन्त्री लोकसभामा निजको बहुमत कायम रहे सम्म पदमा बहाल रहन्छ । सन् १९७७ सम्म लगातार भारतमा शासन गर्ने एक पछि अर्का काग्रेस सरकारले संविधानले सत्तामा रहन

सक्ने अनुमति दिएको अधिकतम अवधि पाँच वर्ष करिब-करिब पूरा गरेका थिए । सन् १९७७ देखि १९९७ सम्मका सरकारहरु कम स्थिर थिए र थुप्रै प्रधानमन्त्रीहरुले दल विभाजन वा अविश्वासको प्रस्तावको परिणामस्वरुप आफ्ना पूरा अवधि समाप्त हुनु आगावै राजीनामा गर्नु परेको थियो । सन् १९९७ देखि हाल दलहरुका गठबन्धन अन्तर्गत पुन : स्थायित्वको कार्यकालको प्रादुर्भाव भइरहेको देखिन्छ । माथि उल्लिखित सम्पूर्ण राजनीतिक वातावरण त्यही पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट नै उत्पन्न भएको हो ।

सन् १९७७ सम्म निर्वाचन प्रणालीको मुख्य प्रभाव अल्पसंख्यकको मत समर्थनमा आधारित बहुमतको सरकारको प्रत्याभूति गर्नु रहेको थियो । सुरुका वर्षहरुमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीले सत्तारुढ काँग्रेस पार्टीलाई साधारणतया विभाजित अवस्थामा रहेका विपक्षीका विरुद्ध लोकसभामा स्थायित्वको पूर्ण बहुमत कायम गर्ने निर्वाचन परिणाम दिएको थियो । यो विभाजन क्षेत्रीय तथा केही क्षेत्रमा राज्य स्तरका दलहरुको जनसमर्थन उर्लिने प्रकृतिको थियो । जब विपक्षी गठबन्धन गठन गर्न एकजुट भए र काँग्रेस पार्टीका विरुद्ध साझा उम्मेदवार उठाउन सुरु गरे (सन् १९७७ तथा सन १९८९ का आमनिर्वाचनहरुमा भए जस्तै) काँग्रेसको बहुमत लोप भयो । यसका अतिरिक्त, यस प्रणालीको प्रकृति यस्तो छ कि मतको हिस्सामा भएको सानो परिवर्तनले जितेको संसदीय स्थानको संख्यामा बारम्बार नाटकीय प्रभाव पारेको थियो, जस्तो कि एक पछि अर्को निर्वाचनमा काँग्रेस पार्टीको मत र जितेको स्थानको संख्या सम्बन्धी कुरा तलको तालिकाले देखाएको छ ।

**भारतीय आम निर्वाचनहरुमा काँग्रेस पार्टीको प्रदर्शनः पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतदानको प्रवृत्तिमा भएको सानो परिवर्तनले स्थानको संख्यामा नाटकीय रुपमा परेको ठूलो असरको विवरणः**

| आम निर्वाचन भएको वर्ष | काँग्रेस पार्टीले प्राप्त गरेको कुल मतको प्रतिशत | काँग्रेस पार्टीले प्राप्त गरेको मतको प्रतिशतमा भएको परिर्वतन | काँग्रेस पार्टीले प्राप्त गरेको स्थान संख्या | प्राप्त गरेको संसदीय स्थानको प्रतिशतमा भएको परिर्वतन |
|---|---|---|---|---|
| १९७१ (विजयी) | ४३.७% | - | ३५२ (६४.८%) | - |
| १९७७ (पराजित) | ३४.५% | -२१.०% | १५४ (२८.४%) | -५६.२% |
| १९८० (विजयी) | ४२.७% | - | ३५३ (६५.०%) | - |
| १९८४ (विजयी) | ४८.१% | - | ४०५ (७४.६%) | - |
| १९८९ (पराजित) | ३९.५% | -१७.८% | १९७ (३६.३%) | -५१.४% |
| १९९१ (विजयी) | ३६.५% | - | २३२ (४२.७%) | - |
| १९९६ (पराजित) | २८.८% | -२१.१% | १४० (२५.८%) | -३९.७% |
| १९९८ (पराजित) | २५.८% | -१०.३% | १४१ (२६.०%) | +०.७% |
| १९९९ (पराजित) | २८.३% | +९.६% | ११४ (२१.०%) | -१९.१% |
| २००४ (विजयी) | २६.७% | -५.७% | १४५ (२६.७%) | +२७.२% |

भारतीय पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत प्राप्त गरेको मतको हिस्सा तथा प्राप्त गरेको संसदीय स्थानको हिस्साबीचको त्यस्तै किसिमको अमिल्दो अनुपात सन् २००४ सम्म सरकारको नेतृत्व गर्ने अर्को प्रमुख राजनीतिक दल, भारतीय जनता पार्टी (भाजपा) को हकमा देहायको तालिकामा हेर्न सकिन्छ :

**भारतीय आम निर्वाचनहरुमा भाजपाको प्रदर्शन**

| आम निर्वाचन भएको वर्ष | भाजपाले प्राप्त गरेको कुल मत संख्याको प्रतिशत | भाजपाले प्राप्त गरेको स्थान संख्या |
|---|---|---|
| १९८४ | ७.७% | २ ( ०.४%) |
| १९८९ | ११.५% | ८६( १५.८%) |
| १९९१ | २०.०% | १२१ (२२.३%) |
| १९९६ | २०.३% | १६१ (२९.७%) |
| १९९८ | २५.६% | १८२ (३३..५%) |
| १९९९ | २३.६% | १८२ (३३..५%) |
| २००४ | २२.२% | १३८ (२५.४%) |

यसरी लोकसभाको निर्वाचनको समग्र निर्वाचन परिणाम कुनै पनि समानुपातिकताको नजिकमा रहेका छैनन् । उही जात, धर्म वा क्षेत्रका उम्मेदवारहरु एक अर्का विरुद्ध उठाई जन समर्थनलाई बारम्बार विभाजन गर्न सकिन्छ । यस परिप्रेक्ष्यमा पहिलो हुने निर्वाचित हुने प्रणालीले निर्वाचनका सहभागीहरुलाई निजहरुको विपक्षीबाट बढी भन्दा बढी उम्मेदवारिताको प्रोत्साहन गर्न सहुलियत दिन्छ जसले गर्दा कुल मतको पूर्ण बहुमत भन्दा धेरै कम भएकोलाई विजयी बनाउन सक्छ । तर भारतको बहुजातीय प्रजातन्त्रको प्रकृति विभाजित भए तापनि अनुसूचित जात तथा अनुसूचित जनजातिहरुको रुपमा पहिचान गरिएका सामाजिक रुपमा सुविधाविहीन र ऐतिहासिक रुपमा उपेक्षित समूहहरुको लागि स्थान आरक्षण गर्ने अभ्यासको कारणले गर्दा निर्वाचन प्रणालीले महत्वपूर्ण तवरको समर्थन कायम राखेको छ । यी समुदायहरु पातलो रुपमा भारतभरिनै छरिएका छन् र पहिलो हुने निर्वाचित हुने प्रणालीको शास्त्रीय संचालनबाट तिनीहरुलाई ज्यादै थोरै संसदीय स्थान दिने निर्वाचन परिणाम आउँछ। तर संविधानले तिनीहरुको जनसंख्याको अनुपातमा १५ प्रतिशत अनुसूचित जातका जनसंख्याका लागि ७९ स्थान र ८ प्रतिशत जनजातिको जनसंख्याको लागि ४१ स्थान आरक्षण गरी तिनीहरुको लागि निर्वाचन क्षेत्र आरक्षण गरिएको छ । यी निर्वाचन क्षेत्रहरुमा, यद्यपि सम्पूर्ण मतदाताहरुलाई मत दिने अधिकार हुन्छ तापनि अनूसूचित जात वा जनजातिको सदस्य मात्र निर्वाचनमा उठ्न सक्दछन् । यसले गर्दा तिनीहरुको जनसंख्याको अनुपातमा तिनीहरुको संसदीय प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ ।

राष्ट्रिय तथा राज्य स्तरका विधायिकाहरुका महिला प्रतिनिधिहरुका लागि ३३ प्रतिशत स्थानहरु आरक्षण गर्न संविधान संशोधन गर्नखोजेकोमा हालसम्म विना सफलता लामो समय देखि छलफलमा रहेको छ । तथापि, सन् १९९३ देखि सरकारको तेस्रो तह, पञ्चायत (जिल्ला) तहमा ३३% स्थानहरु महिलाको लागि आरक्षण गरिएको छ ।

निर्वाचन प्रणालीको विश्वसनीयताको लागि भएको जनसमर्थनको गहिराइ सन् १९७७ मा त्यस बेला प्रमाणित भएको थियो जति बेला सन् १९७१ मा काँग्रेसले विधायिकामा दुई तिहाइ बहुमत विजय हासिल गरेपछि बहाल रहनु भएकी प्रधानमन्त्री इन्दिरा गान्धीको निर्वाचनलाई एक अदालतले बदर गरेको थियो । अन्य कुनै किसिमबाट अखण्डित रहेको भारतको प्रतिस्पर्धी प्रजातन्त्रको इतिहासमा एक प्राधिकारयुक्त कालखण्डमा दुई बर्ष (सन् १९७५ देखि १९७७) का लागि मौलिक संवैधानिक अधिकारहरु कटौती गरी उहाँले त्यसको प्रतिकार गर्नु भएको थियो । सन् १९७७ मा भएको निर्वाचनमा अप्रजातान्त्रिक अभ्यासहरु स्वीकार नगर्ने भारतका मतदाताहरुको अनिच्छा मुताविक एक स्वच्छ निर्वाचन मार्फत उहाँको सरकारले सत्ता गुमाएको थियो ।

सन् १९७७ देखि १९९७ सम्म २० वर्षको अवधिमा, मूलतः साझा सिद्धान्तबिना राजनीतिक दलहरुको स्वार्थ अनुरुप गठन भएका गठबन्धनहरुले गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीले अस्थिरताको युगलाई निम्त्याएको थियो । गैर-काँग्रेसी विपक्षी दलहरु (कम्युनिष्टहरु बाहेक) ले सन् १९७७ मा विभिन्न दलहरु मिली बनेको गठबन्धन निकाय, जनता दलले सरकार बनाएको थियो । दुई वर्षभित्र यसको विभाजन भयो । सन् १९८९ को डिसेम्वरमा त्यसको उत्तराधिकारी दल जनता दल, कम्युनिष्ट पार्टीहरु तथा हिन्दु पुनरउत्थानवादी भारतीय जनता पार्टी (भाजपा) को समर्थनमा सत्तामा आयो । यो सरकार दस महिना सम्म चल्यो । सन् १९९६ मा सम्पन्न भएको आम निर्वाचनमा स्थिर सरकार बनाउन कुनै पनि दल समर्थ रहेका थिएनन् । भाजपाले १६१ र काँग्रेसले १४० स्थान विजय गरेका थिए तर सन् १९९९ मा निर्वाचन प्रणालीको शक्ति त्यस बेला पुनः प्रदर्शन भयो जति बेला भाजपा आफ्नो नेतृत्व अन्तर्गत दलहरुको दरिलो गठबन्धन गरी सरकार बनाउन सक्षम भयो र यसले लगभग आफ्नो पूर्ण कार्यकाल पूरा गरेको थियो । त्यसरी नै, सन् २००४ को मे मा भएको आमनिर्वाचनपछि भारतीय राष्ट्रिय काँग्रेस पार्टीले वामपन्थी दलहरु तथा अन्यहरु संगै राष्ट्रिय स्तरमा एक गठबन्धन सरकार बनाएको थियो ।

सन् २००० मा भारत सरकारले संविधानको कार्यान्वयन समीक्षा गर्न एक राष्ट्रिय आयोग स्थापना गरेको थियो । आयोगको परामर्श प्रक्रियाले संविधानमा रहेका निर्वाचन प्रक्रिया सम्बन्धी विभिन्न प्रावधानहरु संशोधन वा विस्तार गर्नु पर्छ वा पर्दैन भन्ने विषयमा विचार गरेको थियो । सन् २००० मा सरकार समक्ष पेस गरेको आयोगको प्रतिवेदनमा कुनै परिवर्तन गर्नु पर्ने आवश्यक भएमा साधारण निर्वाचन कानून तथा अधीनस्थ कानून वा कार्यकारी निर्देशिकाहरुबाट नै संशोधन गर्न सकिने कुरामा नै जोड दिई निर्वाचनका क्षेत्रमा कुनै संवैधानिक संशोधन नगर्न सिफारिस गरेको थियो ।

तथापि, राष्ट्रिय आयोगले राष्ट्रिय स्तरमा भएका पछिल्ला तीन निर्वाचनहरुमा औसत दुई तिहाइ भारतीय सांसदहरु पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत ५० प्रतिशत जोड एकको बहुमतबिना बढीमतबाट मात्र निर्वाचित भएको कुरा पर्यवेक्षण गरी प्रतिनिधित्वको वैधानिकतामाथि प्रश्न खडा गरेको कुरामा विचार गरेको थियो । यसको परिणामस्वरुप राष्ट्रव्यापी रुपमा सन् २००४ मा लागू गरिएको विद्युतीय मतदानको सन्दर्भमा पहिलो चरणको निर्वाचन सम्पन्न भएको भोलिपल्ट बढी मत पाउने दुई प्रमुख उम्मेदवारहरुबीच प्रत्येक निर्वाचन क्षेत्रमा दोस्रो चरणको निर्वाचन गराउने गरी दुई चरणको निर्वाचन प्रणाली लागू गर्ने विषयमा सरकार र भारतीय निर्वाचन आयोगलाई सावधानी पूर्वक र पूर्णरुपमा विश्लेषण गर्न सिफारिस गरिएको थियो । आयोगले मतमत्रमा "यी उम्मेदवारहरु मध्ये कोही पनि नहुने" विकल्प लागू गर्ने तथा एउटै व्यक्ति दुई बिभिन्न एकल निर्वाचन क्षेत्रहरुमा उठ्न सक्ने प्रावधानलाई उन्मूलन गर्नु पर्ने दुवै सिफारिस गरेको भए तापनि भारतीय निर्वाचन आयोगले सन् २००४ मा भएका निर्वाचन पछि सो प्रतिवेदनका प्रस्तावहरुलाई अवलम्बन गरेन ।

पहिलो हुने निर्वाचित हुने प्रणालीले दुई प्रमुख राजनीतिक दलहरु भएका मुलुकहरुमा राम्रोसंग काम गर्दछ भनी अक्सर भनिने गरिन्छ । यसको विपरीत, भारतमा काँग्रेस पार्टीले सन् १९५२ देखि १९७७ सम्म सम्भाव्य विपक्षीबिना नै केन्द्रमा निरन्तर रुपमा शासन गरेको थियो । यो एकाधिकार सन् १९७७ मा अन्त्य भएको थियो । एकल दलको हैकमबाट राजनीतिक क्षेत्रको परिदृश्यमा परिर्वतन भएको छ । प्रथमतः एकल दल र दलहरुको गठबन्धनबीचको प्रतिस्पर्धा र त्यसबाट राजनीतिक दलहरुको दुई गठबन्धन बीचको प्रतिस्पर्धा सन् २००४ को आमनिर्वाचनसम्म जारी रहेको प्रवृत्तिमा परिवर्तन भएको छ । भाजपाले भारतीय संसद्मा जोडतोड सहित हिन्दू कार्य सूचीलाई माथिदेखि नै अभियानको रुपमा सुरुवात गरेको थियो । तर एक पूरा कार्यकाल सरकारमा बसेपछि निर्वाचन राजनीतिको प्रभावले यसलाई आफ्नो अति दक्षिणपन्थी दबाबपूर्ण अडानलाई छोड्न बाध्य पारेको थियो । यसले एकताका काँग्रेस दलको एकलौटी प्रभुत्वमा रहेका मुसलमान, जनजाति, पछौटे वर्ग तथा दलित मतदाताहरुलाई आह्वान गर्न सक्षम हुन समावेशी कार्यसूची अपनाउनु परेको थियो ।

घ. यसले बंश, जातीयता वा क्षेत्रमा आधारित राजनीतिक दलहरुको विकासलाई प्रोत्साहन गर्न सक्दछ, जुन कुरा तिनीहरुको निर्वाचन क्षेत्र वा क्षेत्रका बहुसंख्यक जनतालाई आकर्षित हुने तिनीहरुको अभियान तथा नीतिगत मञ्च हुने तर अरुलाई वञ्चित गर्ने वा शत्रुतापूर्ण व्यवहारगर्ने आधार हुनसक्छ । मलावी र केन्या जस्ता अफ्रिकी मुलुकहरुमा यो एक गुज्रिरहेको समस्याका रुपमा रहेका छन् जहाँ ठूला-ठूला साम्प्रदायिक समूहहरु क्षेत्रीय रुपमा केन्द्रिकृत हुने प्रवृत्तितिर उन्मुख छन् । आफ्नो गृहक्षेत्र र संस्कृतिबाहिर अपिल गर्ने आधार भएका राजनीतिक दलहरुलाई अत्यन्त थोरै प्रोत्साहन हुनेगरी मुलुक भौगोलिकरुपमा छुट्टाछुट्टै राजनीतिक मजबुत केन्द्रहरुको रुपमा विभाजित हुन जान्छ ।

ङ. यसले क्षेत्रीय प्रभुत्ववादका कुरालाई बढाइचढाइ गर्दछ जसमा कुनै प्रान्त वा क्षेत्रमा कुनै एक दलले सबै स्थानहरु जित्ने गर्दछ । मुलुकको कुनै खास भागमा कुनै दलको मजबुत जनसमर्थन छ भने बढी मत पद्धति अन्तर्गत मत प्राप्त गरी त्यस्तो दलले सो क्षेत्रका लागि विधायिकाका सबै वा लगभग सबै स्थान जित्ने गर्दछ । यी दुवै कुराहरुले अल्पसंख्यकहरुलाई प्रतिनिधित्व हुनबाट वञ्चित गर्दछन् र राजनीति भनेको “तपाई के मा विश्वास गर्नु हुन्छ भन्दा पनि तपाई को हुनुहुन्छ र तपाई कहाँ बस्नु हुन्छ ” भन्ने शक्तिद्वारा परिभाषित युद्धस्थल हो भन्ने अवधारणालाई लागू गर्दछन् । यसलाई क्यानडामा पहिलो हुने निर्वाचित हुने प्रणालीको विरुद्धमा लामो समयदेखि एउटा बहसको रुपमा अगाडि ल्याइएको छ ।

च. कुनै पनि उम्मेदवारको निर्वाचनतर्फ नजाने ठूलो संख्याको मतलाई यसले खेर फाल्छ । क्षेत्रीय प्रभुत्ववादसँग यसलाई जोडियो भने यो विशेष खतरापूर्ण हुनसक्छ । किनभने त्यस क्षेत्रका अल्पसंख्यक दलका समर्थकहरुले आफ्नो छनोटको उम्मेदवार जित्न सक्ने यथार्थवादी आशा नभएको अनुभूति गर्न सुरु गर्दछन् । राजनीतिक प्रणालीबाट विरानो भएमा अतिवादीहरुले व्यवस्था विरुद्ध आन्दोलन परिचालन गर्नसक्ने सम्भावनालाई बढाउने हुनाले पनि यो खतरापूर्ण हुन सक्दछ ।

छ. यसले मत विभाजन गराउँछ । पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत दुई समान दल वा उम्मेदवारहरुले प्रतिस्पर्धा गरेमा तिनीहरुका सम्भावित समर्थकहरुको मत बारम्बार तिनीहरुबीच विभाजन हुने गर्दछ र यसबाट कम जनसमर्थन भएको दल वा उम्मेदवारले स्थान जित्न सक्ने हुन्छ । पपुआ न्युगिनीले यस सम्वन्धमा विशेष प्रकारले स्पष्ट उदाहरण प्रदान गरेको छ (विषय अध्ययन हेर्नुहोस्) ।

ज. जनमत परिवर्तनप्रति यो असम्वेदनशील हुन सक्छ । कुनै मुलुकमा भौगोलिक रुपमा केन्द्रिकृत भएको निर्वाचन समर्थनको ढाँचा हुनुको अर्थ एउटा दलले समग्र जनसमर्थनको महत्वपूर्ण अंशमा एकलौटी कार्यकारी नियन्त्रण कायम गर्न सक्नु हो । पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गतका केही प्रजातन्त्रवादी मुलुकहरुमा दलले प्राप्त गरेको जनताको मतको अंश ६० प्रतिशतबाट ४० प्रतिशतमा झरेमा राष्ट्रियस्तरमा त्यस्तो दलले ओगटेको ८० देखि ६० प्रतिशतसम्मको संख्यामा स्थान गुमाउने परिणाम हुनसक्छ, जसले त्यसको समग्र राष्ट्रिय हैसियतमा प्रभाव पार्दैन । पर्याप्त स्थानहरुमा कडा प्रतिस्पर्धा भएको अवस्थामा बाहेक जनमत चलायमान पार्न यो प्रणाली असम्वेदनशील हुन सक्दछ ।

झ. अन्त्यमा, पहिलो हुने निर्वाचित हुने प्रणाली निर्वाचन सीमा निर्धारणमा आधारित हुन्छ । सम्पूर्ण निर्वाचनमा निर्वाचन सीमाको राजनीतिक परिणति हुन्छन्: राजनीतिक वा अन्य कुराहरुबाट स्वतन्त्र रुपमा एउटा "ठीक उत्तर" दिने प्राविधिक प्रक्रिया (परिशिष्ट ङ मा देखाएवमोजिम) हुँदैन । निर्वाचन सीमा निर्धारणको लागि यसका परिणामहरु कानूनसम्मत ढंगले स्वीकार्य बनाउने हो भने महत्वपूर्ण समय र स्रोत आवश्यक पर्ने हुन्छ । सीमा गोलमाल वा दूषित विभाजनद्वारा निर्वाचन सीमा आफ्नो अनुकूल बनाउन दबाब पनि पर्न सक्दछ । यो कुरा खासगरी सन् १९९३ को केन्याको निर्वाचनमा स्पष्ट रुपमा देखिएको थियो, जतिबेला निर्वाचन क्षेत्रका आकारबीच ठूलो असमानता रहेको थियो । सबभन्दा ठूलोमा मतादाताहरुको संख्या २३ गुना बढी थियो भने सबभन्दा सानोले ३० प्रतिशत जनताको मतले विधायिकामा ठूलो बहुमत लिई विजयी हुन सत्तारुढ केन्याली अफ्रिकी राष्ट्रिय युनियन (Kenyan African National Union) दललाई योगदान पु¥याएको थियो ।

**एकमुष्ट मत भनेको बहु-सदस्यीय निर्वाचन क्षेत्रमा बढीमत/बहुमत प्रणालीको प्रयोग हो । निर्वाचित हुने संख्या जति कै संख्यामा मतदाताले मतदान गर्न पाउँछन् । कुल मतको सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरु विजयी हुन्छन् । साधारणतया मतदाताहरुले दलहरुलाईभन्दा उम्मेदवारहरुलाई मतदान गर्दछन् र अधिकांश प्रणालीहरुमा मतदाताहरुले इच्छानुसार बढी वा घटी मत प्रयोग गर्न सक्दछन् ।**

### *एकमुष्ट मत*

८०. एकमुष्ट मत भनेको सरल अर्थमा बहु-सदस्यीय निर्वाचन क्षेत्रमा बढीमत प्रणालीको प्रयोग हो । मतदातालाई आफ्नो निर्वाचन क्षेत्रबाट जति स्थान निर्वाचन गर्नुपर्ने हुन्छ त्यति नै मत हुन्छ र जुनसुकै दलसंग सम्बन्धित भए पनि मतदाताहरु वैयक्तिक उम्मेदवारहरुलाई मतदान गर्न साधारणतया स्वतन्त्र रहन्छन् । अधिकांश एकमुष्ट मत प्रणालीमा मतदाताहरुले चाहेजति बढी र घटी मतदान गर्न सक्दछन् ।

८१. कमजोर राजनीतिक दलहरु भएका वा दलहरु नभएका मुलुकहरुमा एकमुष्ट मत प्रणालीको प्रयोग समान्य कुरा हो । सन् २००४ सम्ममा, केम्यान द्वीप , फकल्याण्ड द्वीपहरु, गुएर्नसी, कुवेत, लावस, लेबनान, माल्दिभ्स, प्यालेष्टाइन, सिरियाली अरब गणतन्त्र, टोंगा तथा तुभालु सबैले एकमुष्ट मत निर्वाचन प्रणाली प्रयोग गरेका थिए । यो प्रणाली सन् १९८९ मा जोर्डनमा, सन् १९९२ मा मंगोलियामा र सन् १९९७ सम्म फिलिपिन्स तथा थाइल्याण्डमा समेत प्रयोग भएको थियो । तर, यसले दिने निर्वाचन परिणाम असजिलो भएकाले यी सबै मुलुकहरुले परिवर्तन गरेका थिए ।

८२. *फाइदाहरु:* वैयक्तिक उम्मेदवारको लागि मतदान गर्ने तथा मनासिव आकारको भौगोलिक निर्वाचन क्षेत्र कायम राख्दै पहिलो हुने निर्वाचित हुने प्रणालीको तुलनामा दलहरुको भूमिका अभिवृद्धि गरी सबभन्दा बढी सशक्त र संगठित क्षमता देखाउने दललाई सुदृढ गर्ने मतदाताहरुको क्षमता रहने कुरालाई लिएर एकमुष्ट मत प्रणालीलाई बारम्बार प्रशंसा गर्ने गरिन्छ ।

८३. *बेफाइदाहरु:* एकमुष्ट मत प्रणाली अनुमान गर्न नसकिने हुन्छ र बारम्बार निर्वाचन परिणाम उपर अवाञ्छित प्रभाव पर्ने गर्दछ । उदाहरणको लागि, जब मतदाताहरुले आफ्नो सम्पूर्ण मत एउटै दलको उम्मेदवारहरुको लागि मतदान गर्दछन् त्यसबेला पहिलो हुने निर्वाचित हुने प्रणालीका अधिकांश अवगुणहरु खासगरी यसको मत संख्या र निर्वाचित हुनेले पाएको मतको अमिल्दो अनुपात बढाइचढाइ

हुनेतर्फ यो उन्मुख रहन्छ । एकमुष्ट मत प्रणाली अन्तर्गत जतिबेला दलहरुले प्रत्येक रिक्त स्थानका लागि उम्मेदवार मनोनयन गर्दछन् र मतदाताहरुलाई निजहरुको सूचीमा प्रत्येक सदस्यलाई समर्थनको निम्ति प्रोत्साहन गर्दा यो स्पष्ट देखिन्छ । उदाहरणको लागि, मौरिससमा सन् १९८२ र १९९५ मा निर्वाचन हुनुभन्दा अघि विपक्षमा रहेको दलले क्रमशः ६४ प्रतिशत र ६५ प्रतिशत मात्र मत प्राप्त गरी विधायिकाका प्रत्येक स्थान जितेको थियो । यसले सत्तापक्ष तथा विपक्षीको धारणामा आधारित संसदीय प्रणालीको प्रभावकारी कामकारवाहीका लागि जटिल कठिनाइ सृजना गरेको थियो । मौरिससमा “निकटतम प्रतिद्वन्दी” स्थानको प्रयोगले मात्र यो कमजोरीलाई आंशिक रुपमा परिपूर्ति गऱ्यो (प्रकरण १५३ हेर्नुहोस्) ।

८४. थाइल्याण्डमा, एकमुष्ट मत प्रणालीले दलगत प्रणालीलाई विखण्डन गर्न प्रोत्साहन गरेको देखियो । किनभने, यसले मतदातालाई एउटै निर्वाचन क्षेत्रमा एकभन्दा बढी दलका उम्मेदवारहरुलाई मत दिनसक्ने हुनाले एउटै दलका सदस्यहरुलाई जन समर्थनका लागि एक-अर्का विरुद्ध प्रतिस्पर्धा गर्न प्रोत्साहन गर्नसक्छ । एकमुष्ट मत प्रणालीले यसरी कहिलेकाहीं दलको आन्तरिक विखण्डन र भ्रष्टाचारलाई योगदान पुऱ्याउने हुन्छ ।

८५. त्यसै कारण हालैका वर्षहरुमा, थुप्रै मुलुकहरुले अन्य निर्वाचन प्रणालीको पक्षमा एकमुष्ट मत प्रणालीलाई छाडेका छन् । सन् १९९० को दशकमा थाइल्याण्ड तथा फिलिपिन्स दुबैले एकमुष्ट मत प्रणालीबाट मिश्रित प्रणालीमा परिवर्तन गरेका छन् । दुवै मुलुकहरुमा, परिवर्तनका लागि दिइएको मुख्य कारण मत खरिदविरुद्ध प्रतिकार गर्न र राजनीतिक दलको विकासलाई सुदृढ गर्न आवश्यक छ (थाइल्याण्डको विषय अध्ययन हेर्नुहोस्) ।

# प्यालेस्टाइनः राजनीतिक यथार्थताले निर्वाचन प्रणालीलाई आकार दिन्छ

एण्ड्र्यू एलिस

इजराइल र प्यालेस्टिनी मुक्ति संगठन (पीएलओ) बीच सन् १९९३ को अन्त्यतिर सम्पन्न भएको सिद्धान्तहरुको घोषणापत्र वा ओस्लो संम्झौतामा निर्वाचित प्यालेस्टिनी परिषद् खडा गरिने प्रावधान रहेको छ। ओस्लो सम्झौताको कार्यान्वयनका लागि थप विस्तृत सम्झौता, अन्तरिम सम्झौताको वार्ता आवश्यक थियो। यो काम सेप्टेम्बर, १९९५ मा टाबामा पूरा भयो र प्यालेस्टिनी विधायिका परिषद् र यसको कार्यकारी प्राधिकरणको प्रमुखको छुट्टाछुट्टै निर्वाचन गर्नको लागि विस्तृत प्रावधानहरु समावेश गरिएको थियो। त्यसपछि, प्यालेस्टिनी प्राधिकरणको राष्ट्रपति (राइस) तथा प्यालेस्टिनी विधायिका परिषद् २० जनवरी, १९९६ का दिन निर्वाचित भएका थिए।

निर्वाचनको तयारी संगै अन्तरिम सम्झौताको लागि सन् १९९४ मा नै वार्ता सुरु भएको थियो। निर्वाचनका केही विस्तृत प्रबन्धहरु अन्तरिम सम्झौता अनुकूल हुनुपर्ने गरी व्यवस्था गरिएको भए तापनि निर्वाचन कानून बनाउने र निर्वाचन सञ्चालन गर्ने काम पूर्ण रुपमा प्यालेस्टिनीहरुको जिम्मेवारीमा रहेको थियो। कानून तथा मुख्य नियमावलीहरुको अन्तिम मस्यौदा सन् १९९५ को अन्त्यतिर मात्र तयार भएको थियो।

निर्वाचनको राजनीतिक सन्दर्भले निर्वाचन प्रणालीको उपलब्ध विकल्पहरुमा मजबुत प्रभाव पारेको थियो। याशिर अराफात राष्ट्रपति निर्वाचित हुने कुरामा कसैको मनमा पनि थोरै शंका थिएन र थोरै छलफलपछि राष्ट्रपतिको निर्वाचनका लागि एकल चरणको पहिलो हुने निर्वाचित हुने प्रणाली अपनाइएको थियो। जब अराफातले अर्को उम्मेदवारको विरुद्धमा ८० प्रतिशतभन्दा बढी मत हासिल गरी विजयी हुनु भयो यो अनुमान व्यवहारमा उत्रेको थियो।

विधायिकी परिषद्को निर्वाचनका लागि निर्वाचन प्रणालीको चयन धेरै कम स्पष्ट थियो। पहिलो कुरा त अन्तरिम सम्झौता प्रक्रिया स्वीकार गर्ने तथा त्यसमा सहभागी हुने विषयमा प्यालेस्टिनी समुदायभित्र सर्वसम्मत सहमति थिएन। प्रादुर्भाव भइरहेको प्यालेस्टिनी प्राधिकरणले हमास तथा अन्य इस्लामिक आन्दोलनकारीसँग लामो छलफल गरेको थियो जसले निर्वाचनमा आफ्नो सहभागिताको प्रश्न समावेश गरेका थिए। दोस्रो कुरा, राजनीतिक दलगत व्यवस्था शैशव अवस्थामा नै थियो। फताहको चरित्र एक राष्ट्रिय मुक्ति मोर्चाको थियो, जसको राजनीतिक स्वरुप निरन्तर आवश्यक भएको अनुभूति गरिएको थियो, किनभने इजराइलसँग हुने "अन्तिम स्थिति" को वार्ता (जुन सफल भएन) मा जान सोचिएको थियो। अन्य साना दलहरु गठन भएका थिए, तर फताहका धेरै सम्भावित उम्मेदवारहरु

स्वतन्त्र रुपमा उठ्न सक्ने ठानिएको थियो । तेस्रो कुरा, त्यहाँ केही निर्वाचनका नजिरहरु पनि थिए : सन् १९४० को दशकमा गाजामा इजिप्टको कार्यविधि प्रयोग गरी स्थानीय निर्वाचन भएको थियो । सन् १९७० को दशकमा पश्चिमी किनार (वेष्ट ब्यांक) का शहर तथा नगरहरुमा बेलायती प्रशासन अन्तर्गतको परम्पराबाट प्राप्त गरिएको जोर्डनको कार्यविधिलाई प्रयोग गरी स्थानीय निर्वाचन भएका थिए । खासगरी, जोर्डनी अभ्यासलाई अवलम्बन गर्न दवाव आएको थियो ।

त्यहाँ देखिएका तीनवटा दबाबहरुः औपचारिक रुपमा शान्ति प्रक्रियालाई इन्कार गर्ने आन्दोलनकारीसँग सम्बन्ध भएको व्यक्तिहरुको अनौपचारिक उम्मेदवारिताको सूत्र प्रदान गर्ने इच्छा, थुप्रै चर्चित व्यक्तित्वहरुको स्वतन्त्र रुपमा उम्मेदवार हुने अभिलाषा तथा ऐतिहासिक निर्वाचनहरुको स्मरणको प्रत्युत्तरमा उम्मेदवारमा आधारित निर्वाचन प्रणालीको छनोट प्रादुर्भाव भयो । सरलता, पारदर्शीता, मतगणनाको गति तथा निर्वाचन परिणामको विश्वसनीयताको महत्व राखिएकोले मतदान केन्द्रमा नै मतगणनाको निर्णय गर्नुपर्ने पक्षमा आएकोले वैकल्पिक मत प्रणाली वा एकल सङ्क्रमणीय मत प्रणाली जस्ता प्राथमिकतामा आधारित निर्वाचन प्रणालीको विकल्पहरु हटाउनु परेको थियो । निर्वाचन भूमिमा प्राकृतिक सीमाहरु रहेका छन् भन्ने ठानी गाजा शहरमा १२ देखि जेरिचो, साल्फिट र ट्युबास जस्ता साना नगरमा एक स्थानसम्म रहेको निर्वाचन स्थानको व्यापकता भएको निर्वाचन क्षेत्र सहितको एकमुष्ट मत प्रणालीको चयन गरिएको थियो ।

अल्पसंख्यकको प्रतिनिधित्व र खासगरी क्रिश्चियन समुदाय (जसको करिव १० प्रतिशत मतदाता रहेको गणना गरिएको थियो) तथा सामारितानहरु (नाब्लुस नजिक सयौंका संख्यामा केन्द्रिकृत भएको समुदाय) को प्रतिनिधित्वका सम्बन्धमा त्यसपछिको छलफल केन्द्रीकृत रहेको थियो । क्रिश्चियनहरु उच्चरुपमा केन्द्रिकृत भएमा क्रिश्चियनहरुका लागि चार निर्वाचन क्षेत्र (बेथलहेम र जेरुसेलेम प्रत्येकमा दुई-दुई र रामाल्लाह र गाजाशहर प्रत्येकमा एक-एक) मा एकमुष्ट मत प्रणालीभित्र छ, आरक्षित स्थान सृजना गरिएको थियो र नाब्लसमा एक आरक्षित स्थान सामारितानहरुको लागि सृजना गरिएको थियो । क्रिश्चियन उम्मेदवारहरुलाई आफैले क्रिश्चियन हुँ भनी घोषणा गर्ने विकल्प थियो । माथिल्लो पदमा रहेका क्रिश्चियनहरुमध्ये सबभन्दा कम मत पाउने उम्मेदवार अन्य तरिकाबाट विजयी हुने भएमा त्यसपछिको उच्च मत पाउने क्रिश्चियन हुँ भनी घोषणा गरेको उम्मेदवारबाट विस्थापित हुन्थ्यो । वास्तवमा सबै चार निर्वाचन क्षेत्रमा यस्तै भयो पनि । यसको अर्थ हुन्थ्यो विधायिका परिषद्मा यस्ता प्रतिनिधिहरु थिए जसले पराजित भएका अन्य केही उम्मेदवारहरुले पाएकोभन्दा कम मत ल्याई निर्वाचित भएका थिए । यसमा केही बहस पनि भएको थियो र व्यापक प्रतिनिधित्वको परिप्रेक्ष्यमा तथा सफलतापूर्वक सम्पन्न भएको निर्वाचनको परिणाममा मतलाई कानूनसम्मत रुपमा स्वीकार गरिएको थियो ।

व्यवहारमा, एकमुष्ट मत प्रणालीले अपेक्षा गरेकोभन्दा बढी उपलब्धि हासिल गरेको थियो । गाजा शहर मा सतासी जना उम्मेदवारहरु मनोनयन भएका थिए र मतदाताहरुले करिब एक मिटर लामो मतपत्र सामना गर्नुपरेको थियो । शान्ति प्रक्रिया इन्कार गर्नेहरुसँग सम्बन्धित केही उम्मेदवारहरु उठेका भए तापनि कम्तीमा एकजना निर्वाचित भएको थियो जसलाई सो आन्दोलनको सेतु ठान्न सकिन्थ्यो । फताह पंक्तिका उम्मेदवारहरुले फाइदा पाएका थिए । तर मतदाताहरुले धेरै र थोरै जनप्रिय व्यक्तिहरुबीचको फरक स्पष्ट रुपमा गरेका थिए । महत्वपूर्ण स्वतन्त्र व्यक्तिहरु अल्पसंख्यकहरुको प्रतिनिधिको रुपमा निर्वाचित भएका थिए । विशेष स्वतन्त्र पहिचान भएका साना नगरहरुले आफ्नै प्रतिनिधि पाएका थिए । राष्ट्रपति तथा विधायिका परिषद्ले प्यालेस्टिनी समुदायभित्र व्यापक परिणामको वैधानिकतासाथ सन् १९९६ मा कार्यभार सम्हालेको थियो ।

### *दलगत एकमुष्ट मत*

८६. दलगत एकमुष्ट मत अन्तर्गत "पहिलो हुने निर्वाचित हुने" प्रणालीमा अपनाइएको भन्दा फरक रुपमा बहुसदस्यीय निर्वाचन क्षेत्रको व्यवस्था गरिएको हुन्छ। मतदातालाई एकमात्र मतपत्र उपलव्ध गराइन्छ र सो मतपत्र व्यक्ति विशेषभन्दा उम्मेदवार भएको दलको सूचीमध्येबाट छान्दछन् । सबैभन्दा बढी मत पाउने दलले निर्वाचन क्षेत्रका सम्पूर्ण स्थानहरुमा विजय पाउँछ र सो दलको सूचीका सम्पूर्ण उम्मेदवारहरु विधिवत निर्वाचित हुन्छन् । पहिलो हुने निर्वाचित हुने प्रणालीमा जस्तै विजयी हुनका लागि सम्पूर्ण मतको पूर्ण बहुमत पाउन आवश्यक छैन। सन् २००४ सम्म चार मुलुकहरु - क्यामेरुन, चाड, जिबुटी र सिंगापुरमा दलगत एकमुष्ट मतलाई एकमात्र निर्वाचन प्रणाली वा निर्वाचन प्रणालीको मुख्य तत्वको रुपमा प्रयोग गरिएको थियो ।

**दलगत एकमुष्ट मत– बहुसदस्यीय निर्वाचन क्षेत्र प्रयोग गर्ने बढीमत/बहुमत प्रणाली हो, जसमा मतदाताहरुले आफ्नो छनोटको दललाई एकल दल केन्द्रित मतको मतदान गर्दछन् र उम्मेदवारहरुबीच मतदान गर्दैनन् । सबभन्दा बढी मत प्राप्त गर्ने दलले निर्वाचन क्षेत्रका प्रत्येक स्थान जित्ने गर्दछ।**

८७. *फाइदाहरु.* दलगत एकमुष्ट मत प्रयोग गर्न सरल छ। यसले मजबुत दलहरुलाई प्रोत्साहन गर्दछ र अल्पमतको प्रतिनिधित्वलाई सहज तुल्याउनको लागि मिश्रित प्रकृतिका उम्मेदवारहरु उठाउन दलहरुलाई अनुमति दिन्छ। यस निर्वाचन प्रणालीले निर्वाचनका लागि दलहरुलाई जातिगत रुपमा विविध सूचीका उम्मेदवारहरु प्रस्तुत गर्नुपर्ने गरी वास्तविक रुपमा स्वरुप तयार गर्न सकिने हुनाले यसलाई सन्तुलित जातिगत प्रतिनिधित्व सुनिश्चित गर्न मद्दत पुग्ने गरी उपयोग गर्न सकिन्छ । जिबुटीमा दलको प्रत्येक सूचीमा विभिन्न जातिगत समूहबाट मिश्रित उम्मेदवारहरु समावेश हुनु पर्दछ। सिंगापुरमा संसद्का अधिकांश सदस्यहरु (सांसद्हरु) समूह प्रतिनिधित्व गर्ने निर्वाचन क्षेत्रको रुपमा चिनिएको बहुसदस्यीय निर्वाचन क्षेत्रबाट निर्वाचित हुन्छन् । प्रत्येक दल वा समूहको सूचीमा रहेका उम्मेदवारहरुमध्ये कम्तीमा मले, भारतीय वा अन्य अल्पसंख्यक समुदायको सदस्य हुनै पर्दछ। सिंगापुरले पनि केही अवस्थामा विपक्षी उम्मेदवारका लागि "निकटतम प्रतिद्वन्दी" ("बेस्ट लुजर") को स्थान प्रदान गर्दछ। अन्य मुलुकहरु, उदाहरणका लागि सेनेगाल र ट्युनिसियाले दलगत एकमुष्ट मतलाई बढीमत/बहुमतको समानान्तर प्रणालीको अंगका रुपमा प्रयोग गरेका छन् (हेर्नुहोस् सेनेगालको विषय अध्ययन) ।

८८. *बेफाइदाहरु.* दलगत एकमुष्ट मत पनि पहिलो हुने निर्वाचित हुने प्रणालीका अधिकांश बेफाइदाहरुमा रुमलिएको छ। यसले साच्चै नै ज्यादै असमानुपातिक परिणाम पैदा गर्दछ जसमा एउटा दलले सामान्य बहुमत प्राप्त गरी प्राय: सबै स्थानमा विजय प्राप्त गर्दछ। सन् १९९७ मा जिबुटीमा सम्पन्न भएको निर्वाचनमा सत्तारुढ युनियन फर दि प्रेसिडेन्सियल मेजोरिटीको गठबन्धनले विधायिकामा दुई विपक्षी दलको कुनै प्रतिनिधित्व नहुने गरी हरेक स्थानमा विजय प्राप्त गरेको थियो ।

### *वैकल्पिक मत*

८९. वैकल्पिक मत अन्तर्गतको निर्वाचन पहिलो हुने निर्वाचित हुने प्रणालीमा जस्तै साधारणतया एक सदस्यीय निर्वाचन क्षेत्रमा गर्ने गरिन्छ । तर, वैकल्पिक मत प्रणालीले मतदाताहरुलाई पहिलो हुने

निर्वाचित हुने प्रणालीलेभन्दा मतपत्रमा चिन्ह लगाउन निक्कै बढी विकल्पहरु प्रदान गर्दछ । आफ्नो मन परेको उम्मेदवारलाई मात्र संकेत गर्नुभन्दा वैकल्पिक मत अन्तर्गत मतदाताहरुले निजहरुको आफ्नो छनोटको क्रमअनुसार सबभन्दा बढी मनपरेकोलाई “१”, दोस्रो छनोटकोलाई “२”, तेस्रो छनोटकोलाई “३” र एवं रीतले छनोट गरी उम्मेदवारहरुको क्रम तोक्दछन् । यसरी यस प्रणालीले मतदाताहरुलाई आफ्नो पहिलो छनोटको उम्मेदवारलाई मात्र मत दिनुभन्दा उम्मेदवारहरुबीच आ-आफ्नो प्राथमिकताक्रम व्यक्त गर्नसक्ने बनाउँछ । यही कारणले गर्दा जुन मुलुकमा यसको प्रयोग भएको छ सो मुलुकमा प्रायजसो यसलाई “प्राथमिकताक्रमको मतदान” भनिने गरिन्छ (प्राथमिकता गणना, एकल सङ्क्रमणीय मतदान र पूरक मतदान पनि प्राथमिकताक्रमको मतदान प्रणाली नै हुन्) ।

**बैकल्पिक मत भनेको एकल-सदस्यीय निर्वाचन क्षेत्रहरुमा प्रयोग भएको प्राथमिकता दिइएको बढीमत/बहुमत प्रणाली हो । मतदाताहरुले मतपत्रमा आफ्नो प्राथमिकताक्रम संकेत गर्न अंक प्रयोग गर्ने गर्दछन् । पहिलो प्राथमिकताक्रमको सदर मतको पूर्ण बहुमत (५० प्रतिशत र थप एकमत) प्राप्त गर्ने उम्मेदवार विजयी भएको घोषणा गरिन्छ । पहिलो प्राथमिकताक्रमको पूर्ण बहुमत कुनै उम्मेदवारले प्राप्त गर्न नसकेमा सबभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारहरु हटाइन्छन् र निजले प्राप्त गरेको मत कुनै उम्मेदवारले पूर्ण बहुमत प्राप्त नगरेसम्म मतदाताहरुको दोस्रो प्राथमिकता अनुसार पुनः बाँडफाँड गरिन्छ । मतदाताहरुले राजनीतिक दलहरुलाईभन्दा उम्मेदवार-हरुलाई मतदान गर्दछन् ।**

९०. मतगणना गर्ने तरिकाको दृष्टिकोणले वैकल्पिक मत र पहिलो हुने निर्वाचित हुने प्रणाली फरक छन् । पहिलो हुने निर्वाचित हुने प्रणाली वा दुई चरण प्रणाली जस्तै एउटा उम्मेदवार जसले पूर्ण बहुमतको मत (५० प्रतिशत र थप एकमत) प्राप्त गरेमा निज तुरुन्त निर्वाचित हुन्छ । तर, कुनै पनि उम्मेदवारले पूर्ण बहुमत प्राप्त नगरेमा वैकल्पिक निर्वाचन प्रणाली अन्तर्गत सबभन्दा कम संख्याको प्राथमिकता पाउने उम्मेदवार मत गणनाबाट हटाइन्छ र निजको मतपत्र दोस्रो प्राथमिकताको क्रममा जाँचिन्छ । त्यसपछि मतपत्रमा चिन्ह लगाइएका बाँकी रहेका सबभन्दा बढी प्राथमिकता पाउने उम्मेदवारलाई त्यस्तो प्रत्येक मत हस्तान्तरण गरिन्छ । यो प्रक्रिया एक उम्मेदवारले पूर्ण बहुमत प्राप्त गरी विधिवत् निर्वाचित भएको घोषणा नभएसम्म दोहोऱ्याइन्छ । वैकल्पिक मत यसरी बहुमत प्रणाली हो ।




*फिजीको वैकल्पिक मतपत्र*

९१. वैकल्पिक मत जस्ता प्राथमिकता दिने निर्वाचन प्रणालीमा मतपत्रमा उल्लेख भएका सम्पूर्ण वा अधिकांश उम्मेदवारहरुलाई मत दिनुपर्ने व्यवस्था गर्न सम्भव छ, तर अत्यावश्यक छैन । यसले गणनाका पछिल्ला चरणमा मतहरु खेर जाने संभावनालाई हटाउँछ, किनभने त्यसमा थप वैध प्राथमिकता दिइएको हुँदैन । तथापि, अवैध मतको संख्या भने यसले वृद्धि गर्न सक्छ र कहिलेकांही यसले मतदाताले मतलव नराखेको वा त्यति धेरै मन नपराएको उम्मेदवारहरु बीचको प्राथमिकतालाई वास्तविक महत्व दिन सक्दछ ।

९२. वैकल्पिक मत अष्ट्रेलिया, फिजी तथा पपुआ न्युगिनीमा प्रयोग गरिन्छ । तसर्थ, माथि चर्चा गरिएको (प्रकरण ७४ हर्नुहोस्) निर्वाचन प्रणालीको क्षेत्रीयस्तरमा भएको विस्तारको यो एक राम्रो उदाहरण हो । हाल वैकल्पिक मतका राष्ट्रिय तहका सम्पूर्ण उदाहरणहरु प्रशान्त महासागरीय क्षेत्रका द्वीपसमूहमा (ओसियानियामा) नै हुने गर्दछन् । तथापि, युरोप तथा उत्तर अमेरिकाका थुप्रै उप-राष्ट्रिय क्षेत्राधिकारहरुले पनि वैकल्पिक मत प्रणालीका विभिन्न विकल्पहरु प्रयोग गरेका छन् र गणतन्त्र आयरल्याण्डमा राष्ट्रपतिको निर्वाचनमा यसको प्रयोग गरिएको छ ।

९३. *फाइदाहरु* मत हस्तान्तरण गर्दा एउटा फाइदा यो छ कि यसले धेरै उम्मेदवारहरुको मतलाई एकत्रित गर्दछ र यसबाट विभिन्न तर सम्बन्धित सरोकारलाई एकै ठाउँमा मिलाएर प्रतिनिधित्व गराउन सकिन्छ । वैकल्पिक मत प्रणालीले निर्वाचनमा जित्नसक्ने झिनो आशा भएका उम्मेदवारका समर्थकहरुलाई निजहरुको दोस्रो तथा त्यसपछिको प्राथमिकताक्रममार्फत् प्रमुख उम्मेदवारको निर्वाचनमा प्रभाव पार्नसक्ने पनि बनाउँछ । यही कारणले, कहिलेकाँही यो पनि तर्क गरिन्छ कि उम्मेदवारहरुलाई आ-आफ्ना समर्थकहरुको मात्र नभई दोस्रो प्राथमिकताको लागि अरुको पनि समर्थन खोज्न बाध्य गराउने हुनाले वैकल्पिक मत मध्यमार्गी राजनीतिको प्रवर्द्धनका लागि सर्वोत्तम प्रणाली हो । उपर्युक्त प्राथमिकताहरुलाई आकर्षण गर्न उम्मेदवारहरुले सङ्कुचित विषयहरुलाईभन्दा व्यापकतामा आधारित आव्हानलाई केन्द्रविन्दु बनाउनै पर्छ । अष्ट्रेलियाको वैकल्पिक मतको अनुभव उपर्युक्त तर्कहरु समर्थन गर्नेतर्फ अभिमुख भएको छ । उदाहरणको लागि प्रमुख दलहरुले निर्वाचनभन्दा पहिले साना दलहरुसँग निजहरुका समर्थकहरुको दोस्रो प्राथमिकता प्राप्त गर्न नयाँ तरिकाले सौदावाजी गर्ने कोसिस गर्दछन् जसलाई प्राथमिकताक्रमको सट्टापट्टाको प्रक्रिया भन्ने गरिन्छ । यसका अतिरिक्त, बहुमतको समर्थनको आवश्यकताले गर्दा वैकल्पिक मतले निर्वाचित उम्मेदवारलाई सहमतिको अभिवृद्धि गर्दछ र यसरी निजले ठम्याएको वैधानिकतालाई बढाउन सक्दछ ।

पपुआ न्युगिनी तथा अष्ट्रेलियाको वैकल्पिक मतको अनुभवले मेलमिलाप गराउने र सहकार्य गराउनसक्ने राजनीतिको लागि महत्वपूर्ण प्रोत्साहन दिने कुरा सुझाव दिएको छ । हालैका वर्षहरुमा वैकल्पिक मत वा यसको विकल्पको रुपमा रहेको पूरक मतलाई बोस्निया, लण्डन तथा सान फ्रान्सिस्कोको राष्ट्रपति तथा नगरप्रमुख (मेयर) को निर्वाचनमा प्रयोग गरिएको छ (हेर्नुहोस् प्रकरण १८२-१८६) ।

९४. *बेफाइदाहरु:* वैकल्पिक मतमा थुप्रै बेफाइदाहरु रहेका छन् । पहिलो, यसलाई प्रभावकारी ढंगबाट प्रयोग गर्न यसमा मनासिव माफिकको साक्षरता तथा संख्या जनाउन सक्ने क्षमता आवश्यक पर्दछ र यो एकल-सदस्यीय निर्वाचन क्षेत्रहरुमा सञ्चालन भएमा समानुपातिक निर्वाचन प्रणालीसँग वा केही अवस्थामा पहिलो हुने निर्वाचित हुने प्रणालीसँग तुलनागर्दा पनि यसले अनुपात नमिल्ने निर्वाचन परिणाम उत्पन्न गर्दछ । मध्यमार्गी परिणाम प्रवर्द्धन गर्ने वैकल्पिक मत प्रणालीको सम्भावना पनि निर्धारित सामाजिक तथा जनसांख्यिक अवस्थाहरुमा निर्भर रहने हुन्छ । सन् १९६० तथा १९७० को दशकमा पपुआ न्युगिनीमा यसले सफलतापूर्वक अन्तर-जातीय मेलमिलाप प्रवर्द्धन गरेको थियो र हाल यसलाई त्यहाँ पुनः लागू गरिएको छ (हेर्नुहोस् विषय अध्ययन) । अर्को प्रशान्त क्षेत्रको मुलुक फिजीमा सन् १९९७ मा यसलाई कार्यान्वयन गरे देखिनै यसको आलोचना भएको थियो । यसबाहेक, यसअघि नै चर्चा गरिए झैं सन् १९१९ देखि १९४६ सम्म अष्ट्रेलियाको सिनेटको निर्वाचनमा यसको प्रयोग हुँदा (हेर्नुहोस् प्रकरण ३२) ठूला बहुसदस्यीय निर्वाचन क्षेत्रमा वैकल्पिक मतले राम्रोसँग काम गर्न सकेको पाइँदैन ।

विषय अध्ययन : पपुआ न्यूगिनी

# पपुआ न्युगिनी: अन्तर–जातिगत समावेशका लागि प्रेरक निर्वाचन

बेन रेइल्ली

दक्षिण प्रशान्त क्षेत्रको मुलुक पपुआ न्युगिनीले दुई प्रकारका निर्वाचन प्रणाली प्रयोग गरेको छ । सन् १९६४ देखि १९७५ सम्म जतिबेला यो मुलुक अष्ट्रेलियाको भू-भाग थियो, त्यो समयमा वैकल्पिक मत प्रणाली र सन् १९७५ देखि २००२ सम्म पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली । त्यसबेलादेखि यो मुलुक पुनः वैकल्पिक मत प्रणालीमा फर्केको छ ।

यसको अनुभव विभिन्न कारणले गर्दा रोचकपूर्ण छ । पहिलो कुरा त, पपुआ न्युगिनी निरन्तर रुपमा प्रतिस्पर्धी निर्वाचन गराएको र कैयौं पटक शान्तिपूर्ण रुपमा सरकार परिवर्तन भएको अटुट अभिलेख राख्ने केही विकासोन्मुख मुलुकहरुमध्येको एक हो । दोस्रो कुरा, एक निर्वाचन प्रणालीबाट अर्को निर्वाचन प्रणालीमा परिवर्तन गर्दा थुप्रै अनपेक्षित परिणतिहरु देखापरेका थिए, जसले एकै प्रकारका निर्वाचन प्रणालीमा हुनसक्ने विभिन्न प्रभावहरुलाई स्पष्ट रुपमा देखाएका थिए । तेस्रो, पपुआ न्युगिनी कुनै खास निर्वाचन प्रणालीलाई अपनाउने, खारेज गर्ने र पुनः त्यसलाई अपनाउने केही मुलुकहरुमध्येको एक मुलुक हो ।

पपुआ न्युगिनीले वैकल्पिक मत प्रणालीलाई अष्ट्रेलियाबाट अनुसरण गरेको थियो र सन् १९६४, १९६८ तथा १९७२ मा भएका तीन निर्वाचनहरुमा प्रयोग गरेको थियो । अष्ट्रेलियाकोभन्दा विपरीत, पपुआ न्युगिनी जातिगत हिसावले उच्च रुपमा विभाजित मुलुक हो र यहाँ ८५० छुट्टै भाषा तथा एक अर्कामा प्रतिस्पर्धी हजारौं बंशहरु तथा जातीय समूहहरु रहेका छन् ।

यहाँको अनुभवले यो दाबीलाई समर्थन गर्न सघाउ पुऱ्याएको छ कि मतदाताहरुलाई पहिलो छनोटको मात्र मत व्यवस्था नदिई दोस्रो तथा त्यसपछिको मत समेत व्यक्त गर्न दिई गहिरो रुपमा विभाजित समाजमा वैकल्पिक मत प्रणालीले अन्तर-जातीय मेल मिलाप तथा समता प्रवर्द्धन गर्न सक्दछ । पपुआ न्युगिनीको समाजको प्रकृतिले गर्दा, वैकल्पिक मतअन्तर्गत अधिकांश मतदाताहरुले अनिवार्यतः आफ्नो पहिलो प्राथमिकताको मत तिनीहरुको आफ्नै बंश वा “गृह” उम्मेदवारलाई दिने गर्दछन् । तर धेरै स्थान भएका ठाउँमा कुनै पनि एकल उम्मेदवारहरुलाई बहुमत प्राप्त गर्न यो मत मात्र पर्याप्त हुँदैन र तिनीहरुलाई अन्य समूहहरुको दोस्रो प्राथमिकताको मत समेत आवश्यक हुने गर्दछ । बहुमत प्राप्त गर्नको लागि उम्मेदवारहरुले सद्भावस्वरुप अन्य बंशका समूहको “दोस्रो सर्वोत्तम” छनोट आपसमा “बिक्री” गर्दथे । साधारणतया, यसको अर्थ यो पनि हुन्थ्यो कि आफ्नो समूहको मात्र नभई सम्पूर्ण समूहको स्वार्थप्रति ध्यानदिने कोही पनि विजयी हुन्थ्यो । आफ्नो मतदाताको आधारबाट मात्र

स्थान जित्ने प्रयत्न गर्ने उम्मेदवारहरुभन्दा गठबन्धन खडा गर्ने तथा एक अर्कामा सहयोग पुऱ्याउने उम्मेदवार बढी सफल हुन्थ्यो ।

यसले धेरै उम्मेदवारहरुलाई अन्य जातीय समूहसँग मेलमिलापपूर्ण तवरले काम गर्न उत्प्रेरणा दिएको छ । निर्वाचन प्रणालीको यो संयन्त्रले यो कुरा सुनिश्चित गरेको छ कि विजयी उम्मेदवारले पूर्ण बहुमत मतदाताको समर्थन प्राप्त गरेको हुन्छ । थुप्रै महत्वपूर्ण अवस्थाहरुमा, विजयी उम्मेदवार भनेको समर्थकहरुको सबभन्दा ठूलो "जमात" भएको व्यक्ति नभएर सफलतापूर्वक धेरै समूहहरुको समर्थनले बनाएको व्यक्ति नै हो ।

वैकल्पिक मत प्रणालीको जस्तै समान प्रभाव हुने र बढी सरल हुने विचार गरी पपुआ न्युगिनीले सन् १९७५ मा स्वाधीनतापछि सो प्रणालीलाई पहिलो हुने निर्वाचित हुने प्रणालीमा परिर्वतन गरेको थियो । तर नयाँ पहिलो हुने निर्वाचित हुने प्रणालीले व्यवस्था गरेका विभिन्न उत्प्रेरकहरुले अपेक्षा गरेभन्दा बिलकुल भिन्न परिणाम दिएको थियो । किनभने, सफल हुनको लागि अब उम्मेदवारलाई खसेको पूर्ण बहुमतको आवश्यकता पर्दैन थियो, खालि अन्य समूहको भन्दा बढी मत मात्रले सबभन्दा ठूलो बंशको उम्मेदवारले प्रायस ठाडै जित्ने भयो । अरु कसैसंग सहकार्य गर्ने कुनै उत्प्रेरक त्यहाँ थिएन । चुनावी हिंसामा वृद्धि भयो किनकि, वैकल्पिक मत प्रणालीअन्तर्गत दोस्रो प्राथमिकता मतको लागि हुने गरेको अभियानको सट्टामा प्रतिद्वन्द्वीहरुलाई मतदान गर्नबाट रोक्ने कार्य केही उम्मेदवारहरुको स्वार्थबाट हुन्थ्यो । किनकि, स्थान जित्न प्रयासगर्ने थुप्रै बंशहरु थिए र अत्यन्त्य सीमित समर्थनबाट पनि तिनीहरु सफल हुने कुरा उम्मेदवारहरुले सिकेका थिए ।

सन् २००० को निर्वाचनमा, संसद्का आधा भन्दा बढी संसद्हरु २० प्रतिशत भन्दा कम मतले निर्वाचित भएका थिए । स्थान जितेका धेरै उम्मेदवारहरुले ५ प्रतिशत मात्र मत प्राप्त गरेका थिए । निर्वाचन चक्रमा मुख्य रुपमा वृद्धि भइरहेको भ्रष्टाचार, सत्ता तथा पैसाको राजनीतिले प्रतिद्वन्द्वी उम्मेदवारहरुलाई मुख्य बंशको मत आधारलाई "विभाजन गर्न" को लागि उठ्न प्रोत्साहन गर्ने जस्ता नकारात्मक कार्य नीतिका शृङ्खला तर्फ मुलुकलाई धकेल्यो । यसले वैकल्पिक मत प्रणालीलाई पुनः लागू गर्नमा दबाब बढाएको थियो । सन् २००३ मा पपुआ न्युगिनीको संसद्ले भविष्यका सम्पूर्ण निर्वाचनहरुका लागि संसद्कै शब्दमा "सीमित" प्राथमिकताप्राप्त मतदान प्रणाली पुनः अवलम्बन गऱ्यो । मतदाताहरुले कम्तीमा तीन प्राथमिकताको मतमा चिन्ह लगाउनु पर्ने गरियो ।

पपुआ न्युगिनीको अवस्थाले निर्वाचन प्रणालीसम्बन्धी सम्बन्धित समाजको स्वीकार्य समझदारी संरचनामा कतिसम्म आश्रित हुँदो रहेछ भन्ने कुराको चित्रण गर्दछ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइएको भए तापनि पपुआ न्युगिनीमा विचारधारामाभन्दा व्यक्तिमा आधारित भएको ज्यादै तरल दलगत प्रणाली रहेको थियो । पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गतका सम्पूर्ण सरकारहरु ज्यादै कमजोर गठबन्धनका थिए र कहिलेकाहीं त यिनीहरुको संसद्को बैठकमा र निर्वाचनमा नै परिवर्तन हुन्थे । सदस्यहरु संसद्को अधिवेशनमा पोर्ट मोरसबाईमा रहन र आ-आफ्नो निर्वाचन क्षेत्रमा निरन्तर देखिन नसक्ने हुनाले एकल-सदस्यीय प्रतिनिधित्व प्रणालीले एक निर्वाचन पछिको अर्को निर्वाचनमा राजनीतिज्ञहरुको उच्च स्तरको मतदानको परिणाम देखियो ।

यसैगरी, थुप्रै स्थानीय सदस्यहरुमा आफ्नो मतदाताहरुप्रतिको जवाफदेहिताको प्रखर बोध विकास भयो, जसको अभावमा निजहरुको पुनः निर्वाचित हुनसक्ने अवस्था क्षीण हुन्थ्यो । मतदातामा पनि प्रखर रुपमा यस्तो बोध हुन थाल्यो कि तिनीहरुको सदस्यको काम र मेलेनिसियाली परम्परामा रहेको "ठूलो मान्छेंले आफ्नो सम्पत्ति र सौभाग्य समुदायलाई भाग लगाउने कुरा सुनिश्चित गर्दछ" भन्ने कथनअनुरुप निजको समुदायलाई प्रत्यक्ष लाभ प्रदान गर्नु हो । एक जना सदस्यले स्मरणयोग्य कुरा भनेका थिए "जब मलाई जनताले संसद्मा निर्वाचन गर्दछन् तब तिनीहरुले पपुआ न्युगिनीको बैक नै मेरो भन्ने ठान्दछन् ।"

वैकल्पिक मत प्रणालीअन्तर्गत जवाफदेहिताको बोध थुप्रै समूहहरुमा फैलिन थाल्दछ र यसले अन्तर-जातीय द्वन्द्व व्यवस्थापन गर्न सहायता पुऱ्याउँछ तर, यो आफै नै भने मुलुकको समाज चरम विभाजनको एक प्रतिबिम्ब हो ।

## *दुई–चरण प्रणाली*

९५. दुई-चरणको निर्वाचन प्रणालीको मुख्य विशेषता यसको नामले नै सुझाएजस्तै गरी यो एउटा मात्र निर्वाचन नभएर दुई-चरणमा र साधारणतया एक हप्ता वा एक पाक्षिकको अन्तरालमा हुने निर्वाचन हो । पहिलो चरणको निर्वाचन बढीमत/बहुमतको एक चरणको निर्वाचनको तरिका जस्तै गरी संचालन गरिन्छ। दुई-चरणको निर्वाचन प्रणाली सामान्य रुपमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली प्रयोग गरेर सम्पन्न गरिन्छ। तर यसलाई एकमुष्ट मत प्रणाली (किरिबाटीमा जस्तै) वा दलगत एकमुष्ट मत (मालीमा जस्तै) प्रयोग गरी बहुसदस्यीय निर्वाचन क्षेत्र पनि प्रयोग गर्ने गरिन्छ। निर्धारित अनुपातको मत प्राप्त गर्ने उम्मेदवार वा दल दोस्रो चरणको निर्वाचनबिना ठाडै निर्वाचित हुन्छ । विभिन्न मुलुकहरुले विभिन्न अंक प्रयोग गरी राष्ट्रपतिको निर्वाचन गर्न दुई-चरण प्रणाली प्रयोग गर्दछन् (हेर्नुहोस् प्रकरण १७९), तापनि यसको अनुपात खसेको सदर मत पूर्ण बहुमत हुने गर्दछ। कुनै पनि उम्मेदवार वा दलले पूर्ण बहुमत प्राप्त नगरेमा दोस्रो चरणको मतदान गर्ने कार्य गरिन्छ र त्यस चरणको विजयीलाई निर्वाचित भएको घोषणा गरिन्छ ।

**दुई चरण प्रणाली भनेको बढीमत/बहुमत प्रणाली हो जसमा पहिलो चरणको निर्वाचनमा कुनै उम्मेदवार वा दलले निर्धारित स्तरको मत साधारणतया पूर्ण बहुमत (पचास प्रतिशत र थप एक), प्राप्त गर्न नसकेमा दोस्रो पटक निर्वाचन गरिन्छ। दोस्रो चरणमा दुईभन्दा बढी उम्मेदवारहरुले प्रतिस्पर्धा गरेमा दुई चरण प्रणालीले बढीमत/बहुमतको स्वरुप धारण गर्न सक्दछ र दोस्रो चरणमा तिनीहरुले पूर्ण बहुमत वा चुनावी – दौडको बहुमत जतिसुकै मत प्राप्त गरेको भए तापनि सबभन्दा बढीमत प्राप्त गर्ने विजयी हुन्छ। पहिलो चरणमा सबभन्दा बढीमत प्राप्त गर्ने दुई उम्मेदवारहरु मात्र दोस्रो चरणमा प्रतिस्पर्धा गर्दछन् ।**

९६. दोस्रो चरण कसरी सम्पन्न गरिन्छ सोसम्बन्धी विस्तृत विवरण मुलुकै पिच्छेको अभ्यासमा फरक-फरक छ। आम रुपमा प्रचलनमा रहेको तरिका भनेको पहिलो चरणको निर्वाचनबाट सबैभन्दा बढी मत ल्याउने दुई उम्मेदवारहरुका बीच हुने सीधै प्रतिस्पर्धात्मक चुनावी दौड हो जसलाई दोस्रो चरणको बहुमतको चुनावी दौड भनिन्छ । यसले यस्तो परिणाम पैदा गर्दछ जुन दुई सहभागीहरुमध्ये एकले पूर्ण बहुमत ल्याउन आवश्यक मत हासिल गर्ने हुनाले त्यो नै साँचो शब्दमा बहुमत हुन्छ र सो बमोजिम विजयी भएको घोषणा गरिन्छ । दोस्रो तरिका, बहुमत/बढीमतको दुई चरणको निर्वाचन प्रणाली विधायिकाको निर्वाचनको लागि साधारणतया दुई चरणको निर्वाचन प्रणालीसँग सम्बन्ध रहेको मुलुक फ्रान्समा प्रयोग गरिन्छ । यो निर्वाचनमा पहिलो चरणको निर्वाचनमा नाम दर्ता भएका मतदाताहरुको १२.५ प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने कुनै पनि उम्मेदवार दोस्रो चरणमा उठ्न सक्दछ । दोस्रो चरणमा जसले सबभन्दा बढी मत प्राप्त गर्दछ त्यसले पूर्ण बहुमत प्राप्त गरेको वा नगरेको जेसुकै भए तापनि निज निर्वाचित भएको घोषणा गरिन्छ । बहुमत चुनावी दौडको विपरीत यो प्रणाली साँचो अर्थमा बहुमत होइन, किनकि त्यसबेला दोस्रो चरणको निर्वाचनमा प्रतिस्पर्धा गर्ने ५ देखि ६ जनासम्म उम्मेदवारहरु हुन सक्दछन् ।

९७. दुई-चरणको निर्वाचन प्रणाली २२ मुलुकहरुका राष्ट्रिय विधायिकाहरुको निर्वाचन गर्न प्रयोग भएको छ र राष्ट्रपतिहरुको प्रत्यक्ष निर्वाचनका लागि विश्वभरि नै प्रयोग भएको सबभन्दा सामान्य तरिका हो (हेर्नुहोस् प्रकरण १७८)। फ्रान्सका अतिरिक्त दुई-चरणको प्रणाली अपनाउने थुप्रै मुलुकहरुमध्ये गणतन्त्र फ्रान्स आश्रित भू-भागहरु वा ऐतिहासिक रुपमा कुनै न कुनै रुपमा फ्रान्सबाट प्रभावित भएका

छन् । विधायिकाको निर्वाचनका लागि दुई-चरणको प्रणाली फ्रेन्चभाषी सब-सहारा अफ्रिका क्षेत्रका केन्द्रीय अफ्रिकी गणतन्त्र, कंगो (ब्राजाभिल), ग्याबोन, माली, मौरिटानिया तथा टोगो, उत्तर अफ्रिकामा इजिप्टको अतिरिक्त, कोमोरस द्वीप, हाइटी, इरान, किरिबाटी तथा भियतनाम र केही पूर्व सोभियत गणतन्त्रहरु (बेलारुस, किर्गिस्तान, तुर्कमेनिस्तान तथा उज्बेकिस्तान) मा प्रयोग गर्ने गरिन्छ । जर्जिया, काजाख्स्तान तथा ताजिकिस्तान जस्ता अन्य केही मुलुकमा जिल्ला प्रतिनिधिहरुको निर्वाचनमा मिश्रित निर्वाचन प्रणालीको अंशको रुपमा दुई चरणको निर्वाचन प्रणाली अपनाउने गरिन्छ ।

९८. *फाइदाहरु*

क. पहिलो र सबभन्दा प्रमुख फाइदा भनेको दुई-चरणको प्रणालीले मतदाताहरुलाई निजहरुले छानेको उम्मेदवारलाई मतदिन दोस्रो मौका, यहाँसम्म कि पहिलो र दोस्रो चरणबीच आफ्नो मन परिवर्तन गर्नसक्ने अनुमति दिन्छ । यसरी यसले वैकल्पिक मतदानजस्ता प्राथमिकता प्रणालीका विशेषताहरुसँग केही समानता देखाउँछ, जसमा मतदाताहरुलाई उम्मेदवारहरुको प्राथमिकताक्रम निर्धारण गर्न भनिन्छ र यसरी निर्धारण गर्दा मतदाताहरुले चाहेमा दोस्रो चरणमा पूर्ण रुपमा नयाँ छनोट गर्न सक्दछन् ।

ख. दुई-चरणको प्रणालीले पहिलो चरणमा अग्रणी रुपमा देखापर्नेदेखि दोस्रो चरणको मतदानसम्म दल तथा उम्मेदवारहरुबीच मोलमोलाई र साटासाटलाई प्रोत्साहन गरी सफल उम्मेदवारहरुका पछाडि विविध स्वार्थलाई एक आपसमा मिल्न प्रोत्साहन गर्दछ । यसले दलहरु र मतदाताहरुलाई पहिलो र दोस्रो चरणबीचको मतदानमा हुने राजनीतिक परिदृश्यमा भएका परिवर्तनउपर प्रतिक्रिया देखाउन पनि सामर्थ्य तुल्याउँछ ।

ग. यसले थुप्रै बढीमत/बहुमत प्रणालीमा रहेको "मत विभाजन" को समस्या जहाँ दुई समान दलहरु वा उम्मेदवारहरुले तिनीहरुको एकत्रित मत आपसमा विभाजन गरी कम जनप्रिय उम्मेदवारले स्थान जित्ने समस्यालाई घटाउँछ । मतदाताहरुले आफ्नो दोस्रो छनोटको उम्मेदवारलाई क्रम निर्धारण गर्नु नपर्ने हुनाले दोस्रो चरण प्रणाली व्यापक रुपमा निरक्षरता भएका मुलुकहरुमा वैकल्पिक मत प्रणाली वा एकल सङ्क्रमणीय मत प्रणालीजस्ता प्राथमिकताको संख्या निर्धारण गर्नुपर्ने प्रणालीभन्दा बढी उपयुक्त हुन सक्दछ ।

९९. *बेफाइदाहरु*

क. पहिलो चरणपछि छोटो अवधिमा नै दोस्रो चरणको निर्वाचन गराउनुपर्ने भएकाले निर्वाचन प्रशासन उपर ठूलो दबाब पर्दछ र यसबाट समग्र निर्वाचन प्रक्रियाको खर्च र निर्वाचन सञ्चालन गर्न एवं सोको परिणाम घोषणा गर्न लाग्ने समय निकै नै बढी हुन्छ । यसले अस्थिरता र अनिश्चिततातर्फ उन्मुख गराउनसक्ने हुन्छ । दुई चरण प्रणालीले मतदाताउपर थप भार पनि पर्ने हुन्छ र कहिलेकाहीं त पहिलो चरण र दोस्रो चरणबीच अत्यन्त कम मतदान हुने हुन्छ ।

ख. पहिलो हुने निर्वाचित हुने प्रणालीका थुप्रै बेफाइदाहरु दुई चरण प्रणालीमा पनि छन् । अनुसन्धानले यो देखाएको छ कि फ्रान्समा कुनै पनि पश्चिमी प्रजातन्त्रको भन्दा यस प्रणालीले अत्यन्तै अनुपात नमिलेको निर्वाचन परिणाम पैदा गरेको छ र यसबाट नयाँ प्रजातान्त्रिक मुलुकमा दलगत प्रणाली नै विभाजन गर्न उन्मुख गराउँछ ।

ग. दुई-चरण प्रणालीको सबैभन्दा गम्भीर समस्या भनेको गहिरो रुपमा विभाजित समाजमा पर्ने यसको प्रभाव हो । शान्ति स्थापना गर्ने उद्देश्यकासाथ सन् १९९२ मा अंगोलामा निर्वाचन भएको थियो, जसमा विद्रोही नेता जोनास साभिम्बीले दुई-चरणको राष्ट्रपति निर्वाचनको पहिला चरणमा जोसे दोस सान्तोसले प्राप्त गरेको ४९ प्रतिशतका विरुद्ध ४० प्रतिशत मत प्राप्त गरी दोस्रो भएका थिए । यो स्पष्ट थियो कि निर्वाचनको दोस्रो चरणमा उनले हार्नसक्ने अवस्था थियो र प्रजातान्त्रिक विपक्षीको खेल खेल्न उनलाई ज्यादै कम प्रोत्साहन भएकाले उनले तुरुन्तै अंगोलामा पुनः गृहयुद्ध सुरु गरेका थिए, जुन गृहयुद्ध अर्को एक दशकसम्म लम्बिएको थियो । सन् १९९३ मा कंगो (ब्राजभिल्ल) मा दोस्रो चरणको निर्वाचनमा सरकारको ठूलो विजय हुनसक्ने सम्भावनाले विपक्षीले दोस्रो चरणको निर्वाचन बहिष्कार गरी हातहतियार समातेको थियो । दुबै अवस्थामा, एक पक्षले निर्वाचनमा पराजय भोग्ने निश्चित संकेत भएपछि हिंसातर्फ धकेलिएका थिए । अल्जेरियामा सन् १९९२ मा इस्लामिक मुक्ति मोर्चा (Front Islamique du Salut, FIS) का उम्मेदवारहरुले पहिलो चरणमा अग्रस्थान हासिल गरेपछि सेनाले हस्तक्षेप गरी दोस्रो चरणको निर्वाचन रद्द गरेको थियो ।

# किर्गिज्स्तानः मध्य एसियामा भएको निर्वाचन धाँधली

युजिन हस्की

समकालीन मध्य एसियामा निर्वाचनहरु पदको लागि प्रतिस्पर्धा गरे जत्तिकै राजनीतिक नाट्यशाला पनि भएका छन् । सन् १९९१ मा सोभियत संघको विघटन भएपछि यस क्षेत्रका अधिकांश मुलुकहरु एक व्यक्तिको शासन वा गृहयुद्धतिर धकेलिएका छन् । सोभियत शासनको अन्तिम महिनाहरुमा भएका अर्धप्रतिस्पर्धी निर्वाचनले स्वाधीनताका पहिला वर्षहरुमा गणतन्त्रका संस्थापक राष्ट्रपतिहरुका हातमा केन्द्रिकृत रुपमा वृद्धि भइरहेको राजनीतिक सत्तासहित ध्वनिमतका निर्वाचनहरुको पर्दाफास गरेको थियो । केही समय यस्तो देखियो कि किर्गिज्स्तानले प्राधिकारयुक्त अधिनायकवादको लालसाको प्रतिरोध गर्न सक्दछ । तर सन् १९९० दशकको मध्यतिर यहाँका राष्ट्रपतिले राज्यलाई धारण गर्ने तथा त्यहाँका प्रतिनिधिहरुलाई जवाफदेही बनाउने समाजको क्षमतालाई सीमित गर्न सुरु गरेका थिए ।

मुलुकको पहिलो तथा एकमात्र राष्ट्रपति अस्कार आकाएभलाई सत्तामा ल्याउने निर्वाचनले निर्वाचनको परिणामलाई आकार दिन परिवर्तन भइरहेको शासनको भूमिकालाई चित्रण गरेको छ । सोभियत युगको अन्त्यताका, सांसदहरुले प्रत्येक गणतन्त्रमा राज्य प्रमुख सर्वोच्च सोभियतका अध्यक्ष निर्वाचन गरेका थिए । किर्गिज्स्तानमा निर्वाचन कानूनले यो व्यवस्था निर्दिष्ट गरेको छ कि दुई चरणको मतदानपछि संसद्ले विजेता पैदागर्न सकेन भने सम्पूर्ण उम्मेदवारहरु अयोग्य हुन्थे । सन् १९९० को अक्टोबरमा निर्वाचन नियमहरुमा भएको यस प्रकारको परिवर्तनले किर्गिजी कम्युनिष्ट पार्टीभित्रका प्रभावशाली अनुदार शक्तिको विरोध गर्ने गोर्बाचेभका अलिकति बफादार ठानिनु भएका अकाएभलाई किर्गिजी गणतन्त्रको राज्य प्रमुखका लागि अर्को चरणको संसदीय निर्वाचनमा विजयी बनाएको थियो । त्यसपछिको वर्षमा, अधिकांश अन्य सोभियत गणतन्त्रले जस्तै किर्गिज्स्तानले भरखरै सृजना गरिएको राष्ट्रपति पदको लोकप्रिय प्रत्यक्ष निर्वाचन लागू गरेको थियो, जसको सत्ताले विनाश हुँदै गइरहेका सोभियत कम्युनिष्ट पार्टी सत्तालाई विस्थापन गरेको थियो । अक्टोबर १९९१ मा किर्गिज्स्तान एक स्वतन्त्र मुलुक हुनुभन्दा केही हप्ता अधिमात्र आकाएभ राष्ट्रपतिको पदमा निर्विरोध हुनु भएको थियो । उहाँले सन् १९९५ र सन् २००० मा भएका राष्ट्रपतिका निर्वाचनहरुमा, यद्यपि दुबै निर्वाचनहरुमा व्यापक हिंसा भएको प्रतिवदेन आएको भए तापनि, ठूलो फरकले पहिलो चरणको निर्वाचनमा नै विजय प्राप्त गर्नु भएको थियो ।

किर्गिज्स्तानमा राष्ट्रपति निर्वाचनलाई नियमित गर्ने नियमहरु परम्परागत तथा रुढीबादी तत्वहरु मिश्रित छन् । निर्वाचन प्रत्येक पाँच वर्षमा गर्ने गरिन्छ र दुई चरणको बहुमत चुनावी दौड

प्रणालीद्वारा निर्धारण गरिन्छ । पहिलो चरणमा कुनै पनि उम्मेदवारले पूर्ण बहुत प्राप्त गर्न नसकेमा सबभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरु दोस्रो चरणमा प्रवेश गर्दछन्, जसमा सबभन्दा बढी मत ल्याउने उम्मेदवार विजयी हुन्छ । आधाभन्दा कम मतदाताले पहिलो चरण वा दोस्रो चरणमा मतदान गरेमा नयाँ निर्वाचन घोषणा गर्नु पर्दछ । राष्ट्रपति दुई कार्यकालभन्दा बढी बहाल रहन सक्दैन । तथापि, किर्गिज्स्तानको संवैधानिक अदालतले रुसी महासंघको यसको समकक्षी संवैधानिक अदालतको विपरीत दुई कार्यकालको सीमा सन् १९९३ मा संविधानमा व्यवस्था हुनुभन्दा अगाडि नै प्रारम्भ भएकोले पहिलो कार्यकाल गणना नहुने भनी बहालवाला राष्ट्रपतिको एक अपवाद भएको निर्णय गरेको थियो ।

राष्ट्रपतिमा उठ्नको लागि, कुनै पनि उम्मेदवार कम्तीमा ३५ वर्ष पूरा भई ६५ वर्ष वर्षभन्दा बढी भएको हुनु हुँदैन । उम्मेदवारले अरु पनि थुप्रै शर्तहरु पूरा गर्नु पर्दछ । पहिलो, निजले राजकीय भाषा किर्गिज धारा प्रवाह बोल्नसक्ने कुरा सुनिश्चित गर्नका लागि भाषा आयोगद्वारा लिइने परीक्षा दिनु पर्दछ । यी शर्त रुसीहरु तथा रुसीकरण भएको किर्गिजलाई राष्ट्रपति पदमा प्रतिस्पर्धा गर्नबाट हतोत्साह गर्न लागू गरिएको थियो र सन् २००० को निर्वाचनमा आकाएभलाई चुनौती दिने प्रमुख प्रतिद्वन्दी फेलिक्स कुलोभलाई अयोग्य बनाउन प्रयोग भएको थियो । दोस्रो, तिनीहरुको निजी कोषबाट न्यूनतम मासिक वेतनको १००० गुणा बराबरको रकम धरौटी राख्नु पर्दछ, जुन रकम सारभूत रुपमा एक निर्धन व्यक्तिको जीवनभरको आम्दानी हो । धरौटी फिर्ता हुन उम्मेदवारले १० प्रतिशत मत प्राप्त गरेकै हुनु पर्दछ र त्यसलाई १५ प्रतिशतमा बढाउने प्रस्ताव हाल संसद्मा छलफल भइरहेको छ । चुनावी प्रवेशमा यसपछिको अर्को छेकबार भनेको उम्मेदवारले ५०,००० को हस्ताक्षर प्राप्त गर्नुपर्ने शर्त हो जसमध्ये मुलुकका आठ इलाकाहरु प्रत्येकबाट कम्तीमा तीन प्रतिशत हुनै पर्दछ, जहाँका अभिजात्यहरु हालैका वर्षहरुमा कलहमा रहेका छन् र यो यस्तो व्यवस्था हो जसले राष्ट्रपतिलाई उत्तर र दक्षिण दुबैबाट पर्याप्त समर्थन भएको कुरा सुनिश्चित गर्दछ ।

किर्गिज्स्तानमा राष्ट्रपति निर्वाचनलाई नियमित गर्ने नियमहरुको अपेक्षाकृत स्थायित्वलाई संसदीय निर्वाचन प्रणालीमा बारम्बार भएका परिवर्तनहरुले फरक देखाउने गर्दछ । संसद्को आकार र संख्यामा संभवतः सबभन्दा बढी नाटक भयो । स्वतन्त्र किर्गिज्स्तानले सोभियतयुगबाट ३५० सहायक भएको एक सदनात्मक संसद् पाएको थियो । प्रतिनिधिहरु फेब्रुअरी १९९० मा एकसदस्यीय निर्वाचन क्षेत्रबाट दुईचरणको मतदान प्रणाली प्रयोग गरी निर्वाचित भएका थिए ।

राष्ट्रपतिले प्राथमिकता दिएको निजको शक्ति अभिवृद्धि गर्ने र संसद्को शक्ति कटौती गर्ने उपायको रुपमा १९९४ मा भएको जनमत संग्रहले गरेको संवैधानिक परिवर्तनपछि यो एक सदनात्मक सभालाई द्विसदनात्मक विधायिकाले प्रतिस्थापन गरेको थियो, जहाँ ६० सदस्यहरुको विधायिकी सभा र ४५ सदस्यहरुको जनप्रतिनिधि सभा रहेका छन् । सन् १९९५ को फेब्रुअरीमा र सन् २००० को फ्रेब्रुअरीमा भएका संसदीय निर्वाचनहरुमा सम्पूर्ण जनप्रतिनिधि सभा तथा विधायिकी सभाका ४५ सदस्यहरु एकसदस्यीय ४५ निर्वाचन क्षेत्रबाट दुई चरणको मतदानबाट निर्वाचित भएका थिए । विधायिकी सभाका बाँकी रहेका १५ सदस्यहरु बन्दसूची प्रयोग गरी एकल राष्ट्रव्यापी निर्वाचन क्षेत्रबाट सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित भएका थिए । जहाँ ५ प्रतिशतको औपचारिक न्यूनतम सीमाविन्दु रहेको थियो, अर्थात् संसद्मा प्रतिनिधित्व गर्ने दलले राष्ट्रव्यापी रुपमा भएको कुल मतमध्ये कम्तीमा पाँच प्रतिशत मत प्राप्त गर्नैपर्ने थियो । समानुपातिक प्रतिनिधित्वको १५ स्थानका लागि प्रत्येक दलले ३० जना व्यक्ति उठाएको एक सूची पठाउनु पर्ने र सूचीमा रहेका उम्मेदवारहरु एकल-सदस्यीय निर्वाचन क्षेत्रमा उठेर विजयी भएमा निजहरुको नाम दलगत सूचीबाट हटाइन्थ्यो ।

सहायकको संख्या ३५० बाट १०५ मा कटौती प्रत्यक्ष रुपमा खर्च जोगाउने उपायको रुपमा गरिएको थियो र यसले एकल-सदस्यीय निर्वाचन क्षेत्रको आकारलाई तेब्बर बनाएको कारणले साना

दलहरुको केही स्थान जित्नसक्ने क्षमतालाई कटौती गरी राष्ट्रपतिको संसद्उपरको नियन्त्रणलाई सहज तुल्याएको थियो । नयाँ संसद्मा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वका मुट्ठीभर स्थानको उपस्थितिले साना दलहरुको लागि बेफाइदा गर्ने स्तरहीन संसद्ले कमै क्षतिपूर्ति दिन्थ्यो ।

यसबाहेक, साम्यवादपछिका निर्वाचनहरुले संसद्लाई पुरानै ठाउँमा फर्काएको थियो जसको गठनविधि रबर छापका सोभियत विधायकहरुभन्दा नाटकीय ढंगबाट फरक हुन्थ्यो । उम्मेदवारको मनोनयनउपर कम्युनिष्ट पार्टीको नियन्त्रण रहने काम यस्ता निकायहरु खडा गरी कायम गरिएको थियो, जसमा समाजका व्यापक क्षेत्रलाई प्रतिनिधित्व गराई तिनीहरुको स्वीकृति प्रक्रियाबाट पारित हुन्थ्यो । यसको ठीक विपरीत, किर्गिज्स्तानमा साम्यवादपछिका संसदीय सभाहरुमा अधिकांशतः एकलौटी पुरुष हुन्थे र अमिल्दो अनुपातको संख्यामा कार्यकारी पदाधिकारी र नवधनाढ्य हुन्थे ।

किर्गिज्स्तानले हालसालै पुनः संसदीय निर्वाचनका नियमहरु परिवर्तन गरेको छ । १०५ सदस्यीय द्विसदनात्मक सभालाई आगामी संसदीय निर्वाचनमा ७५ सदस्यीय एक सदनात्मक विधायिकामा प्रतिस्थापन गर्न आव्हान गरी सन् २००३ को फेब्रुअरीमा भएको जनमत संग्रहबाट संविधानका संशोधनहरु पारित भएका छन् । सन् २००४ को जनवरीको नयाँ निर्वाचन कानूनलाई किर्गिज्स्तान भित्र र बाहिर धेरै नै आलोचना गरिएको छ र सो कानूनले ७५ प्रतिनिधिहरु दुई चरणको बहुमत चुनावी दौड मतदान प्रणाली प्रयोग गरी एकल-सदस्यीय निर्वाचन क्षेत्रबाट हुने व्यवस्था गरेको छ । संसद्को सभाको आकारलाई एकपछि अर्को गर्दै घटाउने तथा दलगत सूचीको स्थान खारेज गर्ने कामले फेरि पनि अल्पसंख्यकको प्रतिनिधित्व घटाउने र विधायिकामा कार्यकारिणी शाखाको प्रभाव बढ्ने तथा पहिले नै कमजोर भइसकेको दलगत प्रणालीलाई नपुंसक बनाउने संभावना रहन्छ । यसले दलका केन्द्रीय नेताहरुलाई उम्मेदवारहरुको छनोटउपर कम प्रभाव दिई क्षेत्रको राजनीतिक प्रभाव समेत सुदृढ गर्नसक्ने हुन्छ ।

हालैका संसद्हरुमा थोरै संख्याका स्थानहरु भई ठूला निर्वाचन क्षेत्र पैदा गरेकोले अल्पसंख्यक जनजातिका सदस्यलाईभन्दा किर्गिज जातिलाई निर्वाचन जित्न सजिलो भएको छ । अहिलेको संसद्मा बहुसंख्यक किर्गिज जातिको बढी प्रतिनिधित्व भएको छ भने मुख्य रुपमा उज्बेक, रुसी तथा जर्मन सबै अल्पसंख्यकहरुको विशेष रुपमा कम प्रतिनिधित्व भएको छ । खासगरी, उज्बेकहरुले यतिथोरै स्थान लिएका छन्, जुनसंख्या तिनीहरुको जनसंख्याको हिस्सामा आधाभन्दा कम हुन्छ ।

हालैका वर्षहरुमा, किर्गिज्स्तानमा राजनीतिक विपक्षीले राष्ट्रपति तथा संसदीय निर्वाचनमा प्रतिस्पर्धा गर्न कठिनाइ वृद्धि भइरहेको पाइएको छ । न्यायपालिका, निर्वाचन आयोग तथा भाषा आयोगले राष्ट्रपतिको अख्तियारीका सम्बन्धमा, निर्वाचनका उम्मेदवारहरुलाई छानी छानी अभियोजन गर्ने तथा अयोग्य घोषित गर्नेतर्फ उन्मुख भएको छ । यस बाहेक, संचार माध्यमउपर राष्ट्रपति प्रभावले विपक्षीलाई प्रभावकारी आन्दोलनमा भिड्नलाई रोक्ने काम गरेको छ । उदाहरणको लागि, सन् २००० मा भएको राष्ट्रपतिको निर्वाचनमा राष्ट्रपति आकाएभले राष्ट्रिय टेलिभिजन च्यानल केटीआरमा करिब १० घन्टा बोल्न पाएका थिए भने उहाँको प्रमुख प्रतिपक्षीले पाँच मिनेटभन्दा कम समय पाएका थिए । निर्वाचन अभियानको स्वतन्त्र रुपमा सूचना रिपोर्टिङ्ग गर्ने केही स्रोतमध्येको एक विदेशी प्रेसलाई संस्थापन पक्षको उम्मेदवारको आलोचना गरेमा कानूनी कारबाही गर्ने धम्की दिइएको थियो । मतदानमा अनियमितताका घटनाहरु पनि व्यापक थिए । निर्वाचनको सञ्चालन तथा निर्वाचन नियमहरुको परिवर्तनले किर्गिज्स्तानमा राजनीतिक प्रतिस्पर्धाको विकासलाई बाधा पुऱ्याएको छ ।

स्वतन्त्रताको पहिलो दशकको अधिकांश समयमा दुई चरणको मतदान प्रणाली प्रयोग गरी भएका एकल-सदस्यीय निर्वाचन क्षेत्रमा प्रतिनिधि सभाको निर्वाचनमा राष्ट्रियस्तरभन्दा कम मतदान भएको थियो । तर, सन् १९९९ देखि क्षेत्रीय तथा स्थानीय सभाहरुको निर्वाचन एकल असङ्क्रमणीय

मत प्रणाली प्रयोग गरी बहुसदस्यीय निर्वाचन क्षेत्रमा भएका थिए । मुलुकका सात क्षेत्रका गभर्नरहरु अझसम्म पनि राष्ट्रपतिबाट नै नियुक्त हुन्छन्, तापनि शहर, जिल्ला तथा गाउँका कार्यकारी प्रमुखहरु हाल स्थानीय सभाका सदस्यहरुबाट छानिन्छन् । यस ढाँचाको एकमात्र अपबाद राजधानी बिश्केक रहेको छ जहाँ मेयर प्रत्यक्ष रुपमा निर्वाचित हुन्छ ।

जर्जिया र युक्रेनमाजस्तै निर्वाचन नियमहरु तथा निर्वाचनको सञ्चालनमा भएका धाँधलीहरुले अन्ततोगत्वा निर्वाचनहरुलाई नै गैर-वैधानिक बनाएको थियो जसले किर्गिज्स्तानमा सन् २००५ को मार्च २४ तारिखका दिनको क्रान्तिले आकाएभको राष्ट्रपतिको सत्ता नै ढालेको थियो र नयाँ निर्वाचित संसद् तथा निर्वाचन नियमहरुका सम्पूर्ण प्रणालीलाई नै पुनरावलोकन अन्तर्गत राखेको थियो ।

# समानुपातिक प्रतिनिधित्व प्रणाली

## *समानुपातिक प्रतिनिधित्व प्रणाली भनेको के हो*

१००. सबै समानुपातिक प्रतिनिधित्व प्रणालीलाई पुष्टि गर्ने औचित्य भनेको कुनै दलले प्राप्त गरेको मतको हिस्सा सोही बराबरको अनुपातमा विधायिकाको स्थानमा सचेतरुपमा रुपान्तरण हुनु हो । दुई प्रमुख किसिमका समानुपातिक प्रतिनिधित्व प्रणाली-सूचीमा आधारित समानुपातिक प्रणाली र एकल सङ्क्रमणीय मत प्रणाली छ । समानुपातिक प्रतिनिधित्व प्रणालीमा निर्वाचन क्षेत्रको प्रयोग गर्दा एकभन्दा बढी सदस्य हुनु पर्दछ । एकल स्थानलाई एकल अवस्थामा समानुपातिक तवरबाट विभाजन गर्न सम्भव हुदैन । इजराइल तथा नेदरल्याण्ड जस्ता केही मुलुकहरुमा सम्पूर्ण मुलुकलाई एक बहुसदस्यीय निर्वाचन क्षेत्र कायम गरिएका छन् । अन्य मुलुकहरु, उदाहरणको लागि अर्जेन्टिना वा पोर्चुगलमा निर्वाचन क्षेत्रहरु प्रान्तमा आधारित छन् भने इण्डोनेसियामा निर्वाचन क्षेत्रका लागि ग्राह्य हुने आकारको क्षेत्र तय गरिन्छ र त्यहाँको निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सो निर्धारण गर्ने जिम्मा दिइएको छ ।

१०१. समानुपातिक प्रतिनिधित्व प्रणालीलाई थुप्रै नयाँ प्रजातान्त्रिक मुलुकहरुमा मनपराइएको छ र २३ स्थापित प्रजातान्त्रिक मुलुकहरुले समानुपातिक प्रतिनिधित्व प्रणालीको कुनै न कुनै स्वरुपलाई प्रयोग गरेका छन् (हेर्नुहोस् तालिका- २) । समानुपातिक प्रतिनिधित्व प्रणाली ल्याटिन अमेरिका, अफ्रिका र युरोपमा प्रभावशाली छन् । यस हातेपुस्तकमा पहिचान गरिएका ७२ समानुपातिक प्रतिनिधित्व प्रणालीमध्ये अधिकांशले सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीलाई प्रयोग गरेका छन् भने दुई मुलुकले मात्र एकल सङ्क्रमणीय मत प्रणालीलाई प्रयोग गर्छन् ।

**एकभन्दा बढी सदस्य भएको निर्वाचन क्षेत्रहरुको प्रयोग समानुपातिक प्रतिनिधित्वलाई आवश्यक पर्ने हुन्छ ।**

१०२. समानुपातिक प्रतिनिधित्व प्रणालीले व्यवहारमा कसरी काम गदर्छ भन्ने कुरलाई मुख्य रुपमा प्रभाव पार्न सक्ने थुप्रै महत्वपूर्ण विषयहरु छन् । एउटा निर्वाचन क्षेत्रबाट निर्वाचित हुने प्रतिनिधिहरुको संख्या बढी भएमा (हेर्नुहोस् निर्वाचन क्षेत्रको व्यापकताबारेमा प्रकरण ११३-११८) निर्वाचन प्रणाली बढी समानुपातिक हुने हुन्छ । समानुपातिक प्रतिनिधित्व प्रणाली मतदाताहरुलाई दिइने छनोटको दौरानमा पनि फरक हुन्छ । मतदाताले दलहरुबीच, वैयक्तिक उम्मेदवारहरुबीच वा दुवैबीच छनोट गर्न सक्दछन ।

१०३. *फाइदाहरु:* समानुपातिक प्रतिनिधित्वका पक्षमा बलियो तर्क बढीमत/बहुमत प्रणालीको अमिल्दो निर्वाचन परिणामलाई यस प्रणालीले हटाउने कुरामा आधारित छ । धेरै हदसम्म यसले प्रतिनिधिमूलक विधायिका पैदागर्न सक्दछ । धेरै नयाँ प्रजातान्त्रिक मुलुकहरुका लागि र खासगरी त्यस्ता मुलुकहरु जसले गहिरो सामाजिक विभाजन सामना गरेका छन्, सबै महत्वपूर्ण समूहहरुलाई विधायिकामा समावेश गर्ने कार्य प्रजातान्त्रिक सुदृढीकरणका लागि अत्यावश्यक शर्त हुन सक्दछ । अल्पसंख्यक तथा बहुसंख्यक दुबैलाई विकासोन्मुख राजनीतिक प्रणालीको मियोमा ल्याउने कुरा सुनिश्चित गर्न नसकिएमा भयावह परिणति हुनसक्छ (लेसोथोको विषय अध्ययन हेर्नुहोस्) ।

१०४. साधारणतया सामानुपातिक प्रतिनिधित्व प्रणालीलाई देहायका कुराहरुले गर्दा प्रशंसा गरिन्छः
क. यसले मतदान गरेको मतलाई विश्वासपूर्वक विजयी भएको स्थानमा रुपान्तरण गर्दछ र बढीमत/बहुमत प्रणालीले पैदा गरेको बढी अस्थिरताका कारक तथा "अस्वच्छ" निर्वाचनका केही परिणामलाई हटाउँछ। ठूला दलहरुको लागि हुने "स्थानको बोनस" लाई न्यूनीकरण गर्दछ र स-साना दलहरुले सानो संख्याको मत पाएर पनि विधायिकामा प्रवेश पाउन सक्छन्।

ख. उम्मेदवारहरुको सूची अगाडि बढाउन यसले मन मिल्ने उम्मेदवारहरुको राजनीतिक दल वा समूह गठन गर्न प्रोत्साहन गर्छ वा आवश्यक ठान्दछ। स्वाधीनता ताकाको टिमोर - लेष्टेमा जस्तै खासगरी जतिबेला स्थापित दलगत प्रणाली हुँदैन, सो अवस्थामा यसले समाजभित्रको नीति, विचारधारा वा नेतृत्वको भिन्नतालाई स्पष्ट पार्न सक्दछ।

ग. यसले धेरै कम मत खेर जाने अवस्था सृजना गर्दछ। जतिवेला निर्वाचित हुन आवश्यक न्यूनतम सीमाविन्दु सानो हुन्छ, समानुपातिक प्रतिनिधित्व प्रणालीमा मतदान भएका प्रायः सबै मत आफ्नो छनोटको उम्मेदवारको निर्वाचन तर्फ जान्छ। यसले गर्दा मतदाताहरुलाई सानै भए तापनि आफ्नो मतले निर्वाचन परिणाम फरक पार्न सक्छ भन्ने बढी विश्वास हुनसक्ने हुनाले निर्वाचनका बखत मतदान केन्द्रमा जानु महत्वपूर्ण कुरा हो भन्ने मतदाताहरुको धारणालाई वृद्धि गर्दछ।

घ. साना दलहरुलाई प्रतिनिधित्वमा पहुँच पुऱ्याउन सहज तुल्याउँछ। प्रतिनिधित्व पाउने न्यूनतम सीमा अनुचित रुपमा उच्च कायम रहेको वा निर्वाचन क्षेत्रको व्यापकता असाधारणरुपमा कम भएको अवस्थामा बाहेक कुनै पनि राजनीतिक दलले सानो प्रतिशत मत पाएको अवस्थामा पनि विधायिकामा प्रतिनिधित्व पाउनसक्ने हुन्छ। यसले समावेशीकरणको सिद्धान्त परिपूर्ति गर्दछ, जुनकुरा विभाजित समाजमा स्थायित्व ल्याउनको लागि महत्वपूर्ण हुनसक्छ र स्थापित प्रजातान्त्रिक मुलुकहरुमा निर्णय लिनको लागि लाभदायक हुन्छ।

ङ. यसले राजनीतिक दलहरुलाई आफू मजबुत भएको निर्वाचन क्षेत्र वा निर्वाचन परिणाम निकटतम हुने अपेक्षा गरिएका निर्वाचन क्षेत्रबाहिर अभियान सञ्चालन गर्न प्रोत्साहन गर्दछ। समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गतको प्रोत्साहन भनेको जहाँसुकैबाट मत आए पनि समग्र मतलाई अधिकतम पार्नु हो। निर्वाचनको दृष्टिकोणले दल कमजोर रहेको क्षेत्रबाट मत आएको भए तापनि प्रत्येक मत अर्को स्थान प्राप्त गर्ने दिशातर्फ जान्छ।

च. यसले क्षेत्रीय प्रभुत्ववादको वृद्धिलाई नियन्त्रण गर्दछ। किनभने समानुपातिक प्रतिनिधित्व प्रणालीले अल्पमतका दलहरुलाई अल्पमतको स्थान दिई पुरस्कृत गर्दछ। कुनै निश्चित प्रान्त वा निर्वाचन क्षेत्रका सम्पूर्ण स्थानहरु कुनै एकल दलले पाउने भएमा अल्पमतका दलहरुले परिस्थितिलाई नेतृत्व गर्नसक्ने सम्भावना कम रहन्छ। महत्वपूर्ण क्षेत्रीय केन्द्रिकृत वा सत्तामा पहुंच हुने वैकल्पिक बाटो नभएको अवस्थामा कुनै प्रान्तमा त्यसो हुन अल्पमतका दलहरुलाई विशेष रुपमा महत्व हुनसक्दछ।

छ. यसले नीतिको व्यापक निरन्तरता तथा स्थायित्वलाई अगाडि बढाउंछ। पश्चिम युरोपको अनुभवले यो देखाएको छ कि संसदीय समानुपातिक प्रतिनिधित्व प्रणालीले सरकारको दीर्घजीवनका सम्बन्धमा मतदाताको सहभागिता र आर्थिक कार्य सम्पादनका सम्बन्धमा राम्रो नतिजा दिन्छ। यो दाबी पछाडिको

औचित्य भनेको दुई विपरीत ध्रुवका विचारधारा भएका दलहरुले नियमित रुपमा सरकारमा हात बलियो पार्ने काम जुन पहिलो हुने निर्वाचित हुने प्रणालीमा हुने गर्दछ, त्यसले दीर्घकालीन आर्थिक योजना सञ्चालन गर्न कठिन पार्दछ, जवकि व्यापक समानुपातिक प्रतिनिधित्व प्रणालीको गठबन्धन सरकारले निर्णय गर्ने काममा स्थायित्व दिन र मजबुत गर्न मद्दत पुऱ्याउँछ जसबाट राष्ट्रिय विकास हुन्छ ।

ज. यसले दल र सरोकार समूहहरुबीच सत्ता बाँडफाँडलाई बढी पारदर्शी बनाउँछ । थुप्रै नयाँ प्रजातान्त्रिक मुलुकहरुमा संख्यात्मक रुपमा बहुमतमा रहेका जनताले राजनीतिक शक्ति हत्याउने र सानो अल्पसंख्यकले आर्थिक शक्ति हत्याउने हुनाले तिनीहरुबीचको सत्ता बाँडफाँड टार्न नसकिने यथार्थको रुपमा रहेको छ । संख्यात्मक रुपमा बहुमतमा रहेकाले यसले विधायिकामा प्रभुत्व कायम गर्दछ र अल्पमतले आर्थिक क्षेत्रको नियन्त्रणमा आफ्नो हित देख्दछ भने विभिन्न शक्तिकेन्द्रहरु बीचको मोलमोलाइ बढी अदृश्य, कम पारदर्शी तथा कम जिम्मेवारीपूर्ण हुन्छ (जस्तै जिम्बावेको स्वतन्त्रताको २० वर्षको अवधिभर) । यो बहस गरिएको छ कि समानुपातिक प्रतिनिधित्वले सम्पूर्ण स्वार्थलाई विधायिकामा समावेश गरेर सार्वजनिक रुपमा जनताको आँखाअगाडि र बढी समावेशी तथा समाजको मिश्रित समूहद्वारा निर्णय लिइने हुँदा यसबाट राम्रो आशा गरिन्छ ।

१०५. *बेफाइदाहरु.* समानुपातिक प्रतिनिधित्वका अधिकांश आलोचनाहरु समान्यतया समानुपातिक प्रणालीमा गठबन्धन सरकार हुने र दलगत प्रणाली विखण्डन हुने प्रवृत्तिसम्बन्धी कुराको सेरोफेरोमा आधारित छन् । समानुपातिक प्रतिनिधित्वको विरुद्धमा बराबर उल्लेख गरिएका तर्कहरु देहाय बमोजिम रहेका छन्:

क. गठबन्धन सरकार विधायिकाको घेराबन्दी तर्फ उन्मुख भएको परिणामस्वरुप मजबुत नीति कार्यान्वयन गर्न असक्षम रहने हुन्छ । द्वन्द्वोपरान्त लगत्तैको संक्रमणकालमा नयाँ सरकारका आकांक्षाहरु धेरै हुने हुनाले त्यसबेला विशेष गरी बढी जोखिमपूर्ण हुन्छ । घटकहरुमा विभाजित गठबन्धन मन्त्रिमण्डल तथा राष्ट्रिय एकताको सरकारले गर्दा छिटो र मजबुत निर्णय गर्ने प्रक्रिया अवरुद्ध हुनसक्छ ।

ख. यसले दलगत प्रणालीलाई अस्थिरता तथा विभाजनतर्फ लैजान्छ । समानुपातिक प्रतिनिधित्वले दलगत प्रणालीको विखण्डनलाई प्रतिबिम्ब गर्ने तथा सहज तुल्याउने हुन्छ । अति बहुलवादले साना अल्पमतका दलहरुबाट गठबन्धनको वार्तामा ठूला दलहरुलाई छुटकारा दिनसक्ने हुन्छ । यस अर्थमा समानुपातिक प्रतिनिधिको समावेशीकरणलाई यस प्रणालीको कमजोर पक्षको रुपमा उल्लेख गर्ने गरिन्छ । उदाहरणको लागि इजराइलमा अतिवादी धार्मिक दलहरु सरकारको गठनमा बारम्बार महत्वपूर्ण तत्व भएका छन् भने इटालीले धेरै बर्षसम्म अस्थिर र फेरिइरहने गठबन्धन सरकारहरु झेलिनु परेको थियो । प्रजातान्त्रिकरणको प्रक्रियामा रहेका मुलुकहरु समानुपातिक प्रतिनिधित्वले व्यक्तित्वमा आधारित भएका र जातीयतामा विभाजित दलहरुले आफ्नो अविकसित राजनीतिक प्रणालीलाई प्रदूषित बनाउने कुराले भयभीत हुन्छन् ।

ग. यसले अतिवादी दलहरुलाई एउटा मञ्च दिन्छ । समानुपातिक प्रतिनिधित्व प्रणालीले अतिदक्षीणपन्थी वा अति वामपन्थी दलहरुलाई विधायिकामा स्थान दिने हुँदा सो कुरालाई लिएर बारम्बार आलोचना गरिन्छ । समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीले वामपन्थी र दक्षिणपन्थी अतिवादी समूहहरुलाई स्थान दिनु वेमर जर्मनी (Weimer Germany) विनाशको एउटा कारण भएको तर्क गरिन्छ ।

घ. शासन गर्ने गठबन्धनहरुसँग तिनीहरुको नीतिमा वा समर्थनको आधार दुवैमा अपर्याप्त सामान्य आधार रहन्छ। सुविधायुक्त यस्ता गठबन्धनहरु अन्य प्रणालीहरुबाट पैदा भएका प्रतिबद्धताका गठबन्धनहरु (जस्तै वैकल्पिक मतको प्रयोगमार्फत) विपरीत हुन्छन् जसमा दलहरु निर्वाचित हुनको लागि पारस्परिक रुपमा अरु दलका समर्थकहरुको मतमा भर पर्दछन्, यसबाट गठबन्धन बलियो हुन्छ।

ङ. साना दलहरुले अमिल्दो अनुपातमा ठूलो हिस्साको सत्ता पाउने गर्दछन् । सानो प्रतिशतको जनसमर्थनको मत भएका साना दलहरुलाई ठूला दलहरुबाट आएको कुनै प्रस्ताव उपर निषेधाज्ञाको शक्ति प्रयोग गर्ने अधिकार दिएर त्यस्ता दलहरुसँग गठबन्धन कायम गर्न ठूला दलहरु बाध्य हुन्छन् ।

च. कुनै दललाई सत्ताबाट बाहिर हटाई जवाफदेहिताको कार्यान्वयन गर्न मतदाताको अक्षमता उन्मुख हुन्छ । समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत मुनासिव माफिकको आकारमा रहेका मध्यमार्गी दलहरुलाई सत्ताबाट हटाउन अत्यन्त कठिन हुनसक्छ । जतिबेला सरकार साधारणतया गठबन्धनमा रहन्छ, समय समयमा निर्वाचनमा कमजोर कार्यसम्पादन गरेको पुष्टि भए तापनि केही राजनीतिक दलहरु सँधैनै सरकारमा रहन्छन्। जर्मनीको फ्रि डेमोक्रेटिक पार्टीले १२ प्रतिशतभन्दा बढी मत कहिल्यै पनि प्राप्त नगरेको भए तापनि सन् १९४९ देखि १९९८ को पचास वर्षको अवधिमा आठ वर्ष बाहेक शासन गर्ने सबै गठबन्धनमा यो एक सदस्य रहेको थियो ।

छ. मतदाताहरुलाई यो प्रणाली बुझ्न वा निर्वाचन प्रशासनलाई यो प्रणालीका अप्ठयारा नियमहरुले गर्दा कहिलेकाहीं कार्यान्वयन गर्न कठिनाइ पर्ने हुन्छ । कुनै समानुपातिक प्रतिनिधित्व प्रणाली गैर-समानुपातिक प्रतिनिधित्वभन्दा धेरै नै कठिन भएको मानिन्छ र यसका लागि बढी मतदाता शिक्षा र सफलतापूवर्क कार्य गर्न निर्वाचनकर्मीहरुलाई प्रशिक्षण दिनुपर्ने हुन्छ ।

### *सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व*

**सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत प्रत्येक दल वा समूहले बहुसदस्यीय निर्वाचन क्षेत्रका लागि उम्मेदवारको सूची प्रस्तुत गर्छन् । मतदाताहरुले दललाई मतदान गर्छन र दलहरुले प्राप्त गरेका सम्पूर्ण मतहरुको आ-आफ्नो हिस्सा अनुसार स्थान प्राप्त गर्दछन् । केही (बन्दसूची) प्रणालीहरुमा, सूचीको क्रमस्थान अनुसार निर्वाचित उम्मेदवार लिइन्छ । सूचीहरु "खुला" वा "स्वतन्त्र" भएको अवस्थामा मतदाताहरुले उम्मेदवारको व्यक्तिगत प्राथमिकताको क्रममा चिन्ह लगाई प्रभाव पार्न सक्छ ।**

१०६. यस प्रणालीको सबभन्दा सरल स्वरुप, यो एउटा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व हो जसमा प्रत्येक दल प्रत्येक बहुसदस्यीय निर्वाचन क्षेत्रमा मतदाता समक्ष आफ्ना उम्मेदवारहरुको सूची प्रस्तुत गरी संलग्न रहेको हुन्छ । मतदाताहरुले दललाई मत दिन्छन् र दलहरुले निर्वाचन क्षेत्रमा तिनीहरुले पाएको समग्र मतको हिस्साको अनुपातमा स्थान पाउँछन् । विजयी उम्मेदवार सूचीमा रहेको अग्रस्थानको आधारमा चुनिन्छन् ।

सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको चयन आफैंले निर्वाचन प्रणालीलाई पूर्णतया स्पष्ट पार्दैन र यसमा थप विस्तृत विवरण निर्धारण गरिनु पर्ने हुन्छ । मतगणना गरिसकेपछि स्थान बाँडफाँडको लागि हिसाब गर्ने प्रयोग भएको पद्धति "उच्च औसत" वा "अधिक शेष" विधि हुन सक्छन् (परिशिष्ट "ख" मा

शब्दावली हेर्नुहोस्) । छानिएको सूत्रले समानुपातिक प्रतिनिधित्व अन्तर्गतको निर्वाचन परिणाममा कम तर महत्वपूर्ण प्रभाव दिन्छ । सन् १९९८ मा कम्बोडियामा निर्वाचन हुने दिन भन्दा केही हप्ता अघि "सूत्रमा" गरिएको परिवर्तनले सबभन्दा ठूलो दललाई १२१ स्थानको नेसनल एसेम्बलीमा ५९ स्थानको सट्टामा ६४ स्थान दिनुपर्ने अवस्था भयो । परिवर्तनबारे राम्रोसँग प्रचार प्रसार गरिएको थिएन र विपक्षीले निर्वाचन परिणाम स्वीकार गर्ने हो वा होइन भन्ने कठिन अवस्था थियो । यस उदाहरणले निर्वाचन प्रणालीका निर्माताहरुको लागि सानातिना कुराले कत्रो महत्व राख्दछ भन्ने स्पष्ट पार्दछ ।

सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले कसरी काम गर्दछ भन्ने कुरा संक्षिप्त रुपमा निर्धारण गर्न अन्य धेरै महत्वपूर्ण कुराहरु विचार गरिनु आवश्यक छ । विधायिकामा प्रतिनिधित्व गर्नका लागि औपचारिक न्यूनतम सीमा आवश्यक पर्न सक्छ (हेर्नुहोस् प्रकरण ११९ देखि १२१) । प्रतिनिधित्व पाउने न्यूनतम सीमाविन्दु उच्च (उदाहरणको लागि टर्कीले प्रयोग गरेजस्तै १० प्रतिशत) भएमा स-सना दलहरुलाई हटाउने सम्भावना रहन्छ भने प्रतिनिधित्व पाउने न्यूनतम सीमा कम भएमा (उदाहरणको लागि इजराइलले प्रयोग गरेजस्तै १.५ प्रतिशत) साना दलहरुको प्रतिनिधित्वलाई प्रवर्द्धन गर्न सक्छ । दक्षिण अफ्रिकामा प्रतिनिधित्व पाउने औपचारिक न्यूनतम सीमाको व्यवस्था गरिएको छैन र सन् २००४ मा भएको निर्वाचनमा राष्ट्रियस्तरको मतमा १.६ प्रतिशत मात्र मत पाई ४०० मध्ये छ स्थानमा अफ्रिकन क्रिश्चियन डेमोक्र्याटिक पार्टीले विजय प्राप्त गरेको थियो । मतदाताले उम्मेदवारहरुबीच तथा दलहरुबीच छान्नसक्ने वा नसक्ने तथा कसरी छान्ने भन्ने कुराको अधारमा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली फरक छ, अर्थात् सूचीहरु बन्द, खुला वा स्वतन्त्र छन् वा छैनन् भन्ने कुरा हेर्नुपर्छ (हेर्नुहोस् प्रकरण १२२-१२६) । यस छनोटले मतपत्रको जटिलतामा प्रभाव पार्दछ ।

अन्य छनोटहरुमा औपचारिक वा अनौपचारिक "मत विभाजन"को प्रवन्ध, मोर्चाबन्दी प्रयोग गर्ने पद्धतिले व्यवस्था गरेको दलहरुबीचको सम्झौताको क्षेत्र (हेर्नुहोस् प्रकरण १२७) तथा निर्वाचन क्षेत्रको सीमा निर्धारण पर्दछन् ।

१०७. *फाइदाहरु*

क. समानुपातिक प्रतिनिधित्व प्रणालीसँग संलग्न साधारण फाइदाहरुका अतिरिक्त सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले अल्पसंख्यक संस्कृति/समूहहरुका प्रतिनिधिहरुको निर्वाचन हुने कुरालाई सम्भव बनाउँछ । साधारणतया बारम्बार हुने गर्दछ, जतिवेला समाजको सांस्कृतिक वा सामाजिक विभाजनलाई मतदानको व्यवहारबाट अङ्कुश लगाइन्छ त्यसबेला सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीले विधायिकामा बहुसंख्यक तथा अल्पसंख्यक दुवै समूहहरुका सदस्यहरु समावेश गर्ने कुरालाई सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ । किनभने, यो प्रणालीले दलहरुलाई मतदाताहरुको चासोका सम्पूर्ण वर्णपटलाई आव्हान गर्ने सन्तुलित उम्मेदवारहरुको सूची तयगर्न प्रोत्साहन गर्छ । थुप्रै नयाँ प्रजातान्त्रिक मुलुकहरुको अनुभवले (जस्तै दक्षिण अफ्रिका, इण्डोनेसिया, सियरालियोन) देखाएको छ कि सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वले दलहरुलाई बहुजाति तथा बहुभाषिक उम्मेदवारहरुको सूची बनाउन दलहरुलाई राजनीतिक रुपमा ठाउँ दिन्छ । सन् १९९४ मा निर्वाचित दक्षिण अफ्रिकी नेसनल एसेम्बलीमा ५२ प्रतिशत अश्वेत (११ प्रतिशत जुलु, बाँकीरहेका जोहोसा, सोथो, भेन्दा, स्वाना, पेदी, स्वाजी, शान्गान तथा एन्देबेले वंशका), ३२ प्रतिशत श्वेत (एकतिहाइ अंग्रेजी भाषा बोल्ने र दुईतिहाइ अफ्रिकी भाषा बोल्ने),




*क्याम्बोडियाको बन्दसूचीमा आधारित समानुपातिक प्रतिनिधित्व मतपत्र*

७ प्रतिशत गैर-श्वेत र ८ प्रतिशत भारतीय मूलका थिए । नामिबियाको संसद्मा ओभाम्बो, दामारा, हेरेरो, नामा, बाष्टर तथा श्वेत (अंग्रेजी तथा जर्मन भाषा बोल्ने) समुदायहरुको प्रतिनिधित्व सहित त्यस्तै किसिमको विविधता रहेको छ ।

ख. सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वमा महिलाहरु निर्वाचित हुने बढी सम्भावना रहन्छ । समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीहरु बढीमत/बहुमत प्रणालीभन्दा महिलाहरुको निर्वाचनका लागि प्रायः सधैं मैत्रीपूर्ण हुन्छन् । सारतत्वमा, दलहरु महिला राजनीतिकर्मीहरुको प्रगतिलाई प्रवर्द्धन गर्न सूची प्रयोग गर्न समर्थ हुन्छन् र मतदाताहरुलाई लिंगभन्दा पनि अन्य नीतिगत चासोका उपर आफ्नो छनोटलाई आधार मानी महिला उम्मेदवारहरुलाई निर्वाचित गर्ने ठाउँ दिन्छ । माथि उल्लेख भइसकेको छ कि एक सदस्यीय निर्वाचन क्षेत्रमा अधिकांश दलहरुले "व्यापक रुपमा अत्यन्त स्वीकार्य" उम्मेदवारलाई उठाउन प्रोत्साहन गर्दछन् र त्यस्तो व्यक्ति बिरलै महिला हुने गर्दछ । विश्वका सबै क्षेत्रहरुमा निर्वाचित महिलाहरुको संख्यामा पहिलो हुने निर्वाचित हुने प्रणालीमाभन्दा समानुपातिक प्रतिनिधित्व प्रणालीमा बढी राम्रो देखिन्छ र महिलाको प्रतिनिधित्वको विषयमा आउने प्रमुख २० राष्ट्रहरुमध्ये १४ राष्ट्रहरुले सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीलाई प्रयोग गरेका छन् । सन् २००४ मा, सूचीमा आधारित समानुपातिक प्रणालीबाट विधायिकामा निर्वाचित भएका महिला प्रतिनिधिको संख्या सम्पूर्ण अन्य प्रणालीबाट विधायिकाहरुमा निर्वाचित भएका महिलाहरुको औसत १५.२ प्रतिशतभन्दा ४.३ प्रतिशतले बढी थियो, जबकि पहिलो हुने निर्वाचित हुने प्रणाली अनुसार विधायिकामा निर्वाचित भएका महिलाहरुको संख्या ४.१ प्रतिशतले कम थियो ।

१०८. *बेफाइदाहरु*: समानुपातिक प्रतिनिधित्व प्रणालीका सम्बन्धमा यस अघि नै पहिचान गरिसकिएका सामान्य बेफाइदाहरुको अतिरिक्त यस निर्वाचन प्रणालीको सम्बन्धमा देहायका थप बेफाइदाहरुलाई लिन सकिन्छः

# दक्षिण अफ्रिका: निर्वाचन प्रणाली, द्वन्द्व व्यवस्थापन तथा समावेशीकरण

एण्ड्र्यू रेनोल्डस्

सन् १९९४ मा दक्षिण अफ्रिकामा भएका नेसनल एसेम्बली, संसदीय तथा प्रान्तीय निर्वाचनले समग्र दक्षिण अफ्रिकामा प्राधिकारयुक्त शासनबाट बहुदलीय व्यवस्था समग्ररुपमा तहल्का मच्चाउने परिवर्तनप्रति उच्च विन्दुमा पुगेको संकेत दिएको थियो । सन् १९९४ को अप्रिल २७ तारिखको मध्यरातमा तीनसय वर्षको उपनिवेशवाद तथा चार दशकको रंगभेदवादको अन्त्य भएको सन्देश दिंदै अफ्रिकाको सम्भवतः सबभन्दा घृणित झण्डालाई उतारियो । ती बहुदलीय प्रजातान्त्रिक निर्वाचनहरुले प्रिटोरिया शासन व्यवस्थाको जातिवादी "फुटाउ र शासन गर" नीतिको कारणले गर्दा भूमिगत रहेका राजनीतिक आन्दोलनको नयाँ चरण खोलेका थिए । नेल्सन मण्डेलाको अफ्रिकन नेसनल काँग्रेस (ANC) सत्ताको संघारमा उभिएको थियो । पान-अफ्रिकानिष्ट कांग्रेस अफ अजनिया (PAC) ले सोही समुदायभित्र चुनौती दिइरहेको थियो, जबकि म्यान्गोसोथो बुथेलेजी (Mangosotho Buthelezi) को इन्काथा फ्रिडम पार्टीले क्वा जुलु-नाताल (Kwa Zulu Natal) प्रान्तको उत्तरमा आफ्नो हैकम कायम गर्ने आशा गरेको थियो । यी नयाँ दलहरुले नयाँ नागरिक हक पाएका लाखौं जनताहरुको मतका लागि लडाइँ गर्न एफ.डब्लु. डे क्लर्कको नेसनल पार्टी (NP), उदारबादी डेमोक्राटिक पार्टी (DP) तथा नयाँ फ्रिडम फ्रन्ट (FF) - पुरानो संवैधानिक परिपाटीका "स्वेत अधिकार" का सन्ततिको रुपमा पार्टीहरुसँग हातेमालो गरेका थिए ।

सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व अन्तर्गत नेसनल एसेम्बलीका आधा सदस्यहरु (२०० सदस्यहरु) नौ प्रान्तीय सूचीबाट र अर्को आधा सदस्य एकल-राष्ट्रिय सूचीबाट निर्वाचित हुने गरी निर्वाचन सञ्चालन गरिएको थियो । मूलतः मतहरुलाई निर्वाचित स्थानमा रुपान्तरण गर्न मुलुकले एक राष्ट्रव्यापी निर्वाचन क्षेत्र (४०० सदस्य रहेको) प्रयोग गरेको थियो र प्रतिनिधित्वको लागि औपचारिक न्यूनतम सीमाको व्यवस्था गरिएको थियो ।

स्थान वितरण गर्नको लागि ड्रुप कोटा प्रयोग गरिएको थियो र अधिक शेष विधि अवलम्बन गरी बचत स्थानहरु दिइएका थिए । निर्वाचन कानूनको प्रारम्भिक मसौदाले संसद्मा प्रतिनिधित्व पाउनको लागि राष्ट्रियस्तरको ५ प्रतिशत मतको न्यूनतम सीमा प्रस्ताव गरेको थियो । तर साना दलहरुलाई सहुलियत दिन ANC र NP ले सन् १९९४ को सुरुमा "बाध्यात्मक रुपको" कुनै पनि न्यूनतम सीमालाई हटाएका थिए । तर, २० वा सोभन्दा बढी नेसनल एसेम्बलीको ५ प्रतिशत सांसद भएका राजनीतिक दलहरुले मात्र राष्ट्रिय एकताको पहिलो सरकारको मन्त्रिमण्डलमा कार्यभार पाउने कुराको प्रत्याभूति गरिएको थियो ।

"मण्डेला मुक्ति आन्दोलनको रथयात्रा" ले कुनै पनि निर्वाचन प्रणाली अन्तर्गत नेसनल एसेम्बलीमा विजयश्री पाउने तथ्य निश्चितप्राय: भए पनि यी पहिला निर्वाचनहरुमा दक्षिण अफ्रिकाको सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको महत्वलाई कम आंकलन गर्न सकिन्न । समानुपातिक प्रतिनिधित्व प्रणाली नयाँ संविधानमा अर्को सत्ता बाँडफाँडको संयन्त्रको अभिन्न अंगको रुपमा रहेको थियो र यो समावेशीकरण तथा मेलमिलापका वातावरण सृजनाको लागि महत्वपूर्ण थियो, जसले बिग्रिएको हिंसाको राजनीति अन्त्य गरी ठोस रुपमा ल्याउन र रंगभेदपछिको दक्षिण अफ्रिकामा बाँकी रहेको समस्याग्रस्त अफ्रिकाका लागि आशाको किरण तथा स्थायित्वको लागि केही गर्नसक्ने भएको थियो ।

त्यसो भए तापनि, कारागारबाट नेल्सन मण्डेलाको मुक्ति हुँदैमा दक्षिण अफ्रिकाले समानुपातिक प्रतिनिधित्वलाई अवलम्बन गर्ने छ भन्ने विश्वास गर्नुपर्ने खास कारण थिएन । "श्वेतको लागि मात्र" रहेको संसद् सधैं नै पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत निर्वाचित हुन्थ्यो भने अहिले शक्तिशाली सौदागरको अवस्थामा रहेको ANC ले पहिलो हुने निर्वाचित हुने प्रणाली कायम राखेमा स्पष्ट रुपमा फाइदा पाउने अपेक्षा गरिएको थियो । ७०० निर्वाचन क्षेत्रहरुमध्ये ५ निर्वाचन क्षेत्रमा मात्र श्वेतहरुको बहुमत थियो र ANC ले ५०-६० प्रतिशत लोकप्रियमत प्राप्त गरी पहिलो हुने निर्वाचित हुने प्रणालीको उटपट्यांग परिणामको कारणले ७० प्रतिशत वा ८० प्रतिशत संसदीय स्थान सजिलै जित्ने अपेक्षा गरिएको थियो । तर ANC ले यो मार्ग रोजेन, किनभने यसले महसुस गर्‍यो कि "विजयी हुनेले सबै लिने" निर्वाचन प्रणालीको असमानताले अल्पसंख्यक तथा बहुसंख्यकको हितको लागि अन्तिममा आएर आधारभुत रुपमा अस्थिरता हुन सक्दछ । सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वले निर्वाचन क्षेत्रको सीमाना तोक्नुपर्ने राजनीतिक आरोप तथा विवादास्पद प्रश्नलाई पनि पन्छाएको थियो र अझ बढी भन्ने हो भने यसले समूहबीच कार्यकारी शक्ति बाँडफाँड मिलाएको थियो जसलाई ANC र नेसनलिष्टहरु दुबैले अन्तरिम संविधान महत्वपूर्ण अवधारणाको रुपमा देखेका थिए ।

सायद यसैले हुनुपर्छ, मतदाताको समर्थन भएको भौगोलिक रुपमा आफ्नो प्रभाव रहेका इलाका भए पनि फ्रिडम फ्रन्ट (जसले नयाँ नेसनल एसेम्बलीमा नौ स्थान जितेको थियो), डेमोक्र्याटिक पार्टी (सात स्थान), पान अफ्रिकानिष्ट काँग्रेस (पाँच स्थान) र अफ्रिकन क्रिश्चियन डेमोक्र्याटिक पार्टी (दुई स्थान) ले यदि एकसदस्यीय निर्वाचन क्षेत्र रहेको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचन भएको भए एउटा पनि संसदीय स्थान पाउनसक्ने थिएनन् । नयाँ सभामा यी दलहरुको जम्माजम्मी ६ प्रतिशत मात्र सदस्य रहेका थिए र सरकारको संरचनाभित्र तिनीहरुको महत्व संख्यात्मक शक्तिभन्दा निकै फरक रह्यो ।

निर्वाचन परिणामको विस्तृत अध्ययनले केही हदसम्म आश्चर्य लाग्दो कुरा पुष्टि गरेकोछ कि सन् १९९४ को सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वले मझौला आकारको नेसनल पार्टी (NP) र इन्काथा फ्रिडम पार्टी (IFP) लाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचन भएको भए तिनीहरुले जित्ने आशा गरेकोभन्दा बढी संख्याको स्थान प्राप्त गर्न खासै फाइदा पुर्‍याउने थिएन । किनभने प्रथमत: यो कुरा पुराना र नयाँ दलहरुबीचको लडाइँतर्फ उन्मुख भई चुनावी अभियानको प्रकृति "राष्ट्रिय जनमत संग्रह" को थियो । यो लडाइँ क्वाजुलु-नाताल प्रान्तमा ANC विरुद्ध IFP र मुलुकको बाँकी भागमा ANC विरुद्ध NP को थियो । यसबाहेक, दक्षिण अफ्रिकामा जातिगतरुपमा समानजातीय प्रकृतिका निर्वाचन क्षेत्र र भौगोलिक रुपमा समर्थकहरुको केन्द्रीकरणको यो अर्थ हुन्थ्यो कि निर्वाचन क्षेत्र प्रणाली अन्तर्गतको निर्वाचनमा NP तथा IFP ले अलिकति थोरै स्थानमात्र जितेका हुन्थे । तथापि, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीले ANC लाई थोरै "स्थानको बोनस" दिई यसको लोकप्रिय मतको अंश (जुन ६२ प्रतिशत थियो) भन्दा बढी दिन र अन्य

दलको सहयोगबिना नयाँ संविधान मस्यौदा गर्न आवश्यक भएको दुईतिहाइ बहुमत स्थान दिनसक्ने सम्भावना हुन्थ्यो ।

नेसनल एसेम्बलीको लागि एउटा मतपत्र र प्रान्तीय संसद्को लागि अर्को एउटा मतपत्रको अभ्यास निर्वाचन प्रणालीको प्रारुप तयार गर्नमा एक महत्वपूर्ण अन्वेषण भएको प्रमाणित भएको छ । निर्वाचन हुनुभन्दा केही महिना अघिसम्म, ANC ले एकल मतपत्र हुनु पर्दछ भनी जोड दिइ रहेको थियो, जुन राष्ट्रिय तथा प्रान्तीय दुवै निर्वाचनको लागि गणना गरिन्थ्यो । यो स्पष्टतः राष्ट्रव्यापी रुपमा आधारित ठूला दलहरुको फाइदाको लागि एक हतकण्डा थियो र व्यावसायिक नेताहरुको गठबन्धन, डेमोक्र्याटिक पार्टी तथा अन्तर्राष्ट्रिय सल्लाहकारको दबाव मार्फत् परिवर्तन भएको थियो । घटनाक्रमका परिणामले यो देखायो कि अधिकांश मतदाताहरुले राष्ट्रिय तथा प्रान्तीय मतपत्रमा दलहरुबीच आफ्नो मत विभाजन गरेका थिए र मतपत्रलाई फरक गरेकोले ठूलो फाइदा पाउने दलहरु स-साना डेमोक्र्याटिक पार्टी र फ्रिडम फ्रन्ट थिए । प्रान्तीय निर्वाचनका दुवै मतदानमा राष्ट्रिय परिणामभन्दा २,००,००० बढी मत खसेका थिए जसबाट NP को प्रान्तीय निर्वाचनको कुल मतबीच ४,९०,००० घटेको कुरा व्याख्या गर्न लामो समय लाग्यो ।

निर्वाचन प्रणालीको छनोटको प्रभाव जातीय तथा लिंगको परिप्रेक्ष्यमा संसद्को गठन विधिमा समेत परेको थियो । मे १९९४ मा शपथ लिएको दक्षिण अफ्रिकी नेसनल एसेम्बलीमा ८० जनाभन्दा बढी “श्वेतको लागि मात्र” व्यवस्था भएको संसद् सदस्यहरु थिए । तर त्यहाँबाट नै पुराना र नयाँबीचको समानता सकिएको थियो । दक्षिण अफ्रिकाको समस्याग्रस्त इतिहासको प्रत्यक्ष प्रभाव विपरीत, अश्वेतहरु श्वेतसँगै, कम्युनिष्टहरु अनुदारसँगै, जुलु जोसासँगै तथा मुसलमान क्रिश्चियनहरुसँगै बसेका थिए । धेरै हदसम्म, नयाँ नेसनल एसेम्बलीको यो विविधता सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको परिणाम थियो । उम्मेदवारहरुको राष्ट्रिय तथा अपरिवर्तनीय सूचीको कारणले दलहरुले उम्मेदवारहरुको जातिगत रुपमा विभिन्न विजातीय समूहको सूची प्रस्तुत गरेका थिए जसले गर्दा एक आपसमा समाहित हुने आशा गरिएको थियो । नेसनल एसेम्बलीको निर्वाचन परिणाम अनुसार- ५२ प्रतिशत अश्वेत (जोसा, जुलु, सोथो, भेन्दा, स्वाना, पेदी, स्वाजी, शान्गान तथा एन्देबेले बोल्नेहरु समेत), ३२ प्रतिशत श्वेत (अंग्रेजी तथा अफ्रिकान्स बोल्नेहरुसमेत) ८ प्रतिशत भारतीय, तथा ७ प्रतिशत रंगीन जाति थिए । यसलाई मतदातासँग तुलनागर्दा जहाँ ७३ प्रतिशत अश्वेत, १५ प्रतिशत श्वेत, ९ प्रतिशत रंगीन जाति तथा ३ प्रतिशत भारतीय रहेको अनुमान गरिएको थियो । २७ प्रतिशतसम्म सांसद महिला रहेका थिए ।

सन् १९९९ को निर्वाचनमा अश्वेत सांसद्को अनुपात ५८ प्रतिशतसम्म र रंगीन जातिका सांसद्हरुको १० प्रतिशतसम्म वृद्धि भएको थियो भने श्वेत २६ प्रतिशत र भारतीय ५ प्रतिशत रहेका थिए । सन् २००४ मा अश्वेतको अनुपात (६५ प्रतिशत) तिनीहरुको जनसंख्याको हिस्साको नजिक रहेको थियो भने श्वेतहरु २२ प्रतिशत रहेका थिए । रंगीन जाति तथा भारतीयहरुको सांसद् संख्या मोटामोटी रुपमा स्थिर नै रह्यो । महिला सांसदहरुको अनुपात सन् १९९९मा ३० प्रतिशतसम्म र सन् २००४ मा ३३ प्रतिशतसम्म वृद्धि भएको थियो । दक्षिण अफ्रिकामा यो कुरामा आम विश्वास छ कि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली लागू गरिएको भए महिला, भारतीय तथा श्वेतको संख्या निकै कम हुन्थ्यो र अश्वेत तथा पुरुष सांसद्को संख्या बढी हुन्थ्यो ।

अन्त्यमा, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत बढी ध्रुवीकरण भएको प्रतिनिधित्व अपेक्षा गरिन्थ्यो, जसमा श्वेतहरुको बाहुल्य भएको निर्वाचन क्षेत्रमा श्वेत (विभिन्न दलहरुको) को, जोसाहरुको बाहुल्य भएको निर्वाचन क्षेत्रमा जोसाको, जुलुलाई प्रतिनिधित्व गर्ने ठाउँमा जुलु र अन्य त्यस्तै हुन्थे । निर्वाचन क्षेत्रप्रतिको जवाफदेहीको अभाव तथा दुर्गमका समस्याहरुलाई लिएर

दक्षिण अफ्रिकाको सूचीमा आधारित वर्तमान समानुपातिक प्रतिनिधित्व प्रणालीलाई यसको प्रभाव पऱ्यो । यसको अर्थ हुन्छ, नागरिकहरुलाई जतिबेला तिनीहरुलाई आवश्यक पर्छ थुप्रै सांसदहरुलाई अनुरोध गर्न सकिन्छ ।

त्यसो हुँदा हुँदै पनि सांसदहरुको प्रजातान्त्रिक जवाफदेहिता र प्रतिनिधित्व कसरी वृद्धि गर्ने भन्ने कुरामा दक्षिण अफ्रिकामा निरन्तर रुपमा छलफल हुने गर्दछ । व्यापक रुपमा यो कुरालाई स्वीकार गरियो कि पहिलो गैर-जातिवादी निर्वाचन कुन दलहरुले नयाँ संविधान ल्याउने भन्ने कुराको जनमत संग्रह थियो र तर त्यसपछिका निर्वाचनहरु प्रतिनिधित्वमूलक संसद्‌को गठनका लागि भए र थुप्रै राजनीतिक पात्रहरु तथा मतदाताहरुले यस कुरालाई ध्यान दिई निर्वाचन प्रणालीको परिवर्तन हुन आवश्यक छ भन्ने तर्क गरे ।

आज, सम्पूर्ण प्रमुख दलहरुले अझै पनि समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई समर्थन गर्दछन् । मतपत्रको कठिनाइ धेरै नबढाइकन, मतदाताहरुले उम्मेदवारहरु तथा दलहरुबीचको र संसद्‌को समानुपातिक प्रतिनिधित्वको चरित्रलाई कुनै पनि हालतमा प्रभावमा नपारी छनोट गर्न सक्दछन् । मतदाता र निजको प्रतिनिधिबीचको भौगोलिक सम्बन्धलाई मजबुतसँग विकास गर्नका लागि एउटा विकल्प सांसदहरु स-सानो बहुसदस्यीय निर्वाचन क्षेत्रबाट निर्वाचन गर्नु हो । यसबेला क्षेत्रीय सूचीले यतिठूलो क्षेत्रलाई प्रतिनिधित्व गरेको छकि स्थानीय कुराको कुनै पनि किसिमको वकालत पूर्ण रुपमा हराएको छ । दोस्रो विकल्प भनेको आधा सदस्यहरु एक सदस्यीय निर्वाचन क्षेत्रबाट र बाँकी रहेका आधा सदस्यहरु क्षतिपूर्ति दिने समानुपातिक प्रतिनिधित्वबाट हुने गरी मिश्रित सदस्यीय समानुपातिक प्रणाली अपनाउनु हो ।

डेमोक्र्याटिक पार्टीका पूर्व नेता फ्रेडेरिक भान जिल स्लाब्बर्टको नेतृत्वमा गठन भएको बाह्र सदस्यीय एक कार्य टोलीले दुबै प्रणालीहरुउपर विचार गरी सन् २००२ मा सुधारको विकल्पउपर विचार गर्न संक्षिप्त सुझाव गरेको थियो । यस कार्य टोलीमा ANC - स्वतन्त्र निर्वाचन आयोगको अभिन्न बहुमत रहेको र सूची पद्धतिमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले पर्याप्त रुपमा भौगोलिक प्रतिनिधित्वलाई समाहित गर्न सकेन भन्ने गुनासोका सन्दर्भमा निर्वाचन प्रणालीलाई पुनरावलोकन गर्न राष्ट्रपतिद्वारा नियुक्त गरिएको थियो । अन्ततोगत्वा यसले दक्षिण अफ्रिकामा समानुपातिक प्रतिनिधित्व प्रणाली कायम राख्नै पर्दछ तर यसमा दुई तहको प्रणाली रहनुपर्ने भन्ने सिफारिस गरेको थियो, जसमा तीनदेखि सात जनासम्म सांसद् निर्वाचित हुने गरी मुलुकलाई ६९ निर्वाचन क्षेत्रमा विभाजन गर्ने र १०० राष्ट्रिय स्थानलाई क्षतिपूर्ति दिने स्थानको रुपमा राख्ने सिफारिस गरेको थियो । तर सन् २००४ को आमनिर्वाचनका लागि ANC सरकारले यस सुधारलाई अस्वीकार गरेको थियो र सन् २००९ को निर्वाचनका लागि पनि नयाँ प्रणाली कार्यान्वयन गर्न अनिच्छुक रहेको देखिन्छ ।




*दक्षिण अफ्रिकी बन्द सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व मतपत्र*

# इण्डोनेसियाः निरन्तरता, कारोवार तथा सर्वसम्मति

एण्ड्र्यू रेनोल्डस्

स्थिर र प्रभावकारी सरकार प्रदान गर्ने सक्षम राजनीतिक संस्थाहरुको विकास एक विशाल तथा जातिगत विविधता भएको झण्डै २०,००० द्वीपमा रहेको, जहाँको एकताको आधार भनेको उपनिवेशवाद विरुद्धको सामूहिक प्रतिकार मात्र रहेको मुलुक इण्डोनेसियामा यो निरुत्साही चुनौती हुँदै आएको छ । विगतमा इस्लामका विभिन्न धारहरुको सम्पर्कमा आधारित भई बढी धर्मनिरपेक्ष राष्ट्रवाद वा केही क्षेत्रहरुमा क्रिश्चियनवाद तथा अहिले सन् २००४ मा आएर नेतृत्वको गुणको मूल्यांकन गर्दा भ्रष्टाचार को प्रभाव देखिन थालेको अवस्था इण्डोनेसियाको राजनीतिक पहिचान एक जटिल विषय देखिन्छ । इण्डोनेसियाली एकात्मक राज्यको सन्दर्भमा समावेशी तथा प्रभावकारी निर्वाचन प्रणालीको परिकल्पना गर्ने कार्य कहिल्यै पनि सजिलो हुन सक्दैन ।

सन् १९४५ को स्वाधीनताको घोषणापछि इण्डोनेसियामा पहिलो पटक सन् १९५५ आम निर्वाचनमा भएको थियो । बिनाचुनौती १५ क्षेत्रलाई प्रयोग गरी समानुपातिक प्रतिनिधित्व प्रणाली अपनाइएको थियो । बाहिरी द्वीप क्षेत्रहरुमा केही थप बाँडफाँड सहित जनसंख्याको अनुपातमा संसदीय स्थान वितरण गरिएको थियो । हेयर कोटा प्रणालीलाई प्रयोग गरी सर्वाधिक शेष विधि अपनाइएको थियो । दल वा संगठनहरुले उम्मेदवारहरुको सूची मनोनयन गर्न सक्दथे र वैयक्तिक उम्मेदवारहरु पनि मनोनीत हुन सक्दथे । मतदाताहरुले कुनै सूचीलाई वा एक उम्मेदवारको नामलेखी मतदान गर्न सक्दथे ।

निर्वाचनको परिणाम स्वरुप गठन भएको विधायिकामा २७ दल वा सूचीका प्रतिनिधिहरु र थप एकजना वैयक्तिक सदस्य रहेका थिए । सबभन्दा ठूला चार दलहरु सबैले १६ प्रतिशतदेखि २३ प्रतिशतसम्म मत पाएका थिए । एकल दलले मात्र बहुमत कायम गर्न नसकेको होइन कि दुई दलले पनि सकेका थिएनन् । सरकार गठन गर्नको लागि कठिन भएको थियो र विधायिकाको विश्वास रहने कुरामा सरकारको क्षमता सीमित थियो । त्यसको केही समयपछि स्थायी संविधानको तर्जुमा गर्न निर्वाचित भएको संविधान सभामा यस्तै राजनीतिक सन्तुलन रहेको थियो र सम्झौतामा पुग्न सकेको थिएन ।

राजनीतिक संस्थाहरुउपरको विश्वास भएको आम हानि तथा राष्ट्रपति सुकार्नोको नेतृत्वमा रहेको एकात्मक राज्य विरुद्धको विद्रोहले गर्दा सन् १९५९ मा प्राधिकारयुक्त शासन लागू गरिएको थियो । सन् १९६० को दशकको मध्यतिर राष्ट्रपति सुहार्तोले गर्न भएको नयाँ व्यवस्थाले विस्थापन

नगरेसम्म यो व्यवस्था कायम रहेको थियो । नयाँ व्यवस्थाले कार्यकारी, विधायिका तथा न्यायपालिका शाखाहरुमा वास्तवमा नै पूर्णतः नियन्त्रण राखेको थियो । निर्वाचनहरु हुने गर्दथे, तर निर्वाचन अभियानहरु धेरै नै नियन्त्रित थिए, धेरै उम्मेदवारहरुलाई अयोग्य गरिन्थ्यो र सरकारका विपक्षीको विरुद्धमा निर्वाचनसम्बन्धी नियमहरु अमिल्दो अनुपातमा लागू गरिएका थिए । उम्मेदवारहरुको छनोटउपर पूर्णतः केन्द्रीय नियन्त्रणको अभीष्टले गर्दा बन्दसूचीमा आधारित समानुपातिक प्रतिनिधित्वलाई सघाउ पुग्यो । सुहार्तोले जाभा द्वीपवासीहरुको राजनीतिक हैकमलाई समन गर्न खोजे र सन् १९५५ मा भएको मतदाताहरुको नामावली दर्तामा ७० प्रतिशत मतदाता रहेको भए तापनि जाभा द्वीपले आधाभन्दा अलिकति बढीमात्र स्थान पाएको थियो । यो आंकडा घटे पनि सन् २००४ मा अझै प्रतिशत ६१ रहेको थियो ।

### प्रजातन्त्रको संक्रमणः सन् १९९९ को निर्वाचन

सन् १९९८ मा सुहार्तोको शासन पतन भएपछि सन् १९९९ को जनवरीमा नयाँ निर्वाचन कानूनलाई अन्तिम रुप दिइएको थियो । निर्वाचन प्रणाली-"निर्वाचन क्षेत्रका विशेषताहरु सहितको समानुपातिक प्रणालीको" रुपमा परिभाषित गरिएको अनुपम थियो । यो म्याद सकिन लाग्दा भएको विरोध स्वरुप बढ्दो राजनीतिक वार्ताको एक स्पष्ट परिणाम थियो । यो सम्झौता विधायिकामा सुहार्तोकालीन राजनीतिक दलहरुबाट भएको थियो र सो गर्नका लागि ती दलहरु नयाँ राजनीतिक दलहरु तथा अन्य बाहिरी पक्षहरुबाट वार्ताको दबाबमा परेका थिए । यसका अतिरिक्त ती दलहरु आफ्नो स्थितिको बचाउ र आफ्नै सत्ता आधारको दबाब अन्तर्गत आएका थिए । यस्ता दबाबहरु नदिइएको भए वार्ताको परिणाम सारभूत रुपमा फरक हुनसक्ने कुरा असम्भव थिएन ।

सन् १९९९ को जुनमा भएको निर्वाचनमा प्रत्येक मतदाताले राजनीतिक दललाई एकल मतदान गरेका थिए । ४ देखि ८२ सम्मको स्थान संख्याको व्यापकताको शृङ्खलामा २७ प्रान्तहरु निर्वाचन क्षेत्रहरुको रुपमा कायम राखिएका थिए । प्रत्येक प्रान्तमा प्रत्येक दलले विजय गरेको स्थानको संख्या समानुपातिक प्रतिनिधित्वको सिद्धान्त प्रयोग गरी निर्धारण गरिएको थियो, दलगत सूचीका प्रत्येक उम्मेदवारलाई दलहरुबाट प्रान्तभित्रका दोस्रो पंक्तिका निर्वाचन क्षेत्रहरु (कोटा, शहरी अधिकारी तथा गैर-शहरी अधिकारी, काबुपातेन) सँग आबद्ध गरिएको थियो । एकात्मक राज्य कायम राख्नुपर्ने गहिरो जरा गाडिएको चासोको कारणले गर्दा विशेषतः क्षेत्रीय दललाई दर्ता गर्न असम्भव हुने प्रावधानहरु राखिएका थिए । राजनीतिक दलसम्बन्धी कानूनअनुसार निर्वाचनमा प्रतिस्पर्धा गर्ने सम्पूर्ण राजनीतिक दलहरु कम्तीमा नौ प्रान्तहरुमा संगठित भएको हुनुपर्दछ ।

अत्यावश्यक विस्तृत विवरणका सम्बन्धमा कानून स्पष्ट थिएन । मतदान भएका मतहरुलाई प्राप्त स्थानमा परिवर्तन गर्ने सम्बन्धमा विधि समावेश भएको थिएन । दलको सूचीबाट कुन कुन उम्मेदवारहरुले सो दलले प्राप्त गरेको स्थान ओगट्ने हो सोको पहिचानका सम्बन्धमा नियमहरु व्यवस्था गरिएका थिएनन् । यी विषयहरु धेरै पछिल्लो चरणमा आएर मात्र समाधान भएका थिए ।

अन्तिम स्थान बाँडफाँड गर्ने सम्बन्ध हेयर कोटालाई उपयोग गरी सर्वाधिक शेष विधिको नियम कायम रह्यो । उम्मेदवारहरुले विजय गरेको स्थानहरुको बाँडफाँड ज्यादै धेरै जटिल थियो । व्यवहारमा, नियमावलीलाई पालना गरिएको भए तापनि दलका केही केन्द्रीय नेतृत्वले तिनीहरुको दलले प्राप्त गरेका स्थानमा कुन कुन उम्मेदवारहरुले विजय गरेको हो भन्ने कुरा निर्वाचन आयोगलाई भन्ने अधिकार वास्तवमा आफूले लिएका थिए ।

त्यसो हुँदाहुँदै, विशेष वा स्थानीयकरणप्रति चासो रहे तापनि सन् १९९९ को निर्वाचन समग्रमा सन् १९५५ देखिपछि पहिलो पटक स्वीकार्य भएको मूल्यांकन गरिएको थियो । पाँच दलले दुई

प्रतिशतभन्दा बढी मत प्राप्त गरेका थिए । तिनीहरुको तुलनात्मक सुदृढता इण्डोनेसियाको विभिन्न भागमा फरक-फरक रहेको थियो । अन्य सोह्र दलले प्रतिनिधित्व प्राप्त गरेका थिए ।

सन् १९९९ को निर्वाचनको प्रतिविम्बले सन् १९४५ को संविधान पूर्णतः पुनरावलोकन गरिनु पर्ने तथ्यले तीव्ररुपमा प्रभाव पारेको थियो । यो पुनरावलोकनको पूर्णता सन् २००२ मा शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्त, राष्ट्रपति र उपराष्ट्रपतिको प्रत्यक्ष निर्वाचन तथा केही सीमित अधिकार सहितको क्षेत्रीयतामा आधारित निर्वाचित दोस्रो सदनको स्थापना लागू गर्ने लगायतका मौलिक परिवर्तनतर्फ उन्मुख रहेको थियो । संविधानमा विभिन्न प्रयोजनका संस्थाहरुले भविष्यमा काम गर्ने मार्गलाई पूर्ण रुपमा परिवर्तन गर्ने चार संशोधनहरु पारित गरिएका थिए र पाँच नयाँ कानूनहरु- निर्वाचन सम्बन्धी कानून, राष्ट्रपति निर्वाचन सम्बन्धी कानून, राजनीतिक दलसम्बन्धी कानून, निर्वाचित निकायहरुको संरचना सम्बन्धी कानून र संवैधानिक अदालतको स्थापना सम्बन्धी कानून पारित भएका थिए । इण्डोनेसिया अहिले आएर राष्ट्रपति प्रजातान्त्रिक परिवारको मूलधारमा प्रवेश गरेका कुरालाई मान्यता दिन्छ ।

### एकल-सदस्यीय बढीमत प्रणालीले विधायिकाको निर्वाचनको समर्थन पाउन सकेन

सन् १९९९ को निर्वाचनपछि, संचार माध्यम तथा प्राज्ञ समूहबीच खासगरी सन् १९९९ मा निर्वाचित विधायिकाका सदस्यहरुको जवाफदेहिताको अभाव रहेको व्यापक रुपमा अनुभव गरिएकोले एकल-सदस्यीय निर्वाचन क्षेत्रमा आधारित बढीमत प्रणालीको सम्बन्धमा निकै नै वकालत गरिएको थियो । सन् १९९९ को निर्वाचन प्रणालीलाई राजनीतिक लेनदेनको रुपमा नभई सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वका सिद्धान्तहरु र निर्वाचित सदस्यहरुको निर्वाचन क्षेत्रहरु उपरको जवाफदेहितालाई मिलाउने एक साहसिक प्रयासको रुपमा हेरिएको थियो । तर व्यवहारमा, निर्वाचन क्षेत्र- निर्वाचित सदस्यको सम्बन्ध सृजना भएको थिएन ।

तर सन् १९९९ को निर्वाचनपछि गरिएका निर्वाचनका अभ्यासले यो सुझाव दिएको थियो कि एकल-सदस्यीय निर्वाचन क्षेत्रमा आधारित बढीमत प्रणालीमा संसारको कुनै पनि ठाउँको भन्दा बढी अमिल्दो अनुपातको निर्वाचन परिणाम इण्डोनेसियामा हुनसक्दछ । सन् १९९९ मा निर्वाचित विधायिका र धेरै प्राज्ञिक समूह, संचार माध्यम तथा नागरिक समाजका कार्यकर्ताहरुबीचको विस्तारै बिग्रिएको सम्बन्धले गर्दा तिनीहरुले एकल-सदस्यीय निर्वाचन क्षेत्र प्रणालीउपर गरेको समर्थन विस्तारै कम उत्प्रेरक भयो । बढीमत प्रणालीले इण्डोनेसियाको विविधतालाई प्रायः प्रतिबिम्बित गर्न नसक्ने, स्वीकार्य निर्वाचन क्षेत्र तय गर्न लागू गर्ने प्रक्रियाले सन् २००४ को निर्वाचनमा समय लिने, निकै नै कठिन हुने र बढीमत प्रणाली महिला निर्वाचित हुने विषय अनुकूल हुन नसक्ने कुरा स्पष्ट भएको थियो ।

### सन् २००४ को निर्वाचन प्रणाली

सन् २००४ मा सहमति भएका नयाँ संविधानका शर्तहरुले विधायिका (नेसनल एसेम्बली) को तल्लो सदनको निर्वाचनका सहभागीहरु राजनीतिक दलहरु हुने उल्लेख गरी नयाँ निर्वाचन कानूनमा निर्वाचन प्रणालीको विकल्पहरु उपलब्ध हुनसक्ने कुरालाई सीमित गरेको छ । सरकारले तयार गरेको निर्वाचनसम्बन्धी मस्यौदा कानूनले बहु-सदस्यीय निर्वाचन क्षेत्रहरुलाई प्रयोग गर्ने सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको व्यवस्था गरेको थियो जसले खुला सूचीको प्रस्ताव तथा ठूला प्रान्तहरुलाई विभाजन गरी व्यापक जवाफदेहीका लागि भएको दबाबलाई ध्यान दिएको थियो । अन्ततः यस आधारभूत स्वरुपलाई निर्वाचन आयोगबाट तय हुने तीनदेखि बाह्र स्थानबीचका स्थानको व्यापकता भएका बहु-सदस्यीय निर्वाचन क्षेत्रहरु सहित अपनाइएको थियो । त्यसपछिको बहस

बहुसदस्यीय निर्वाचन क्षेत्रहरुतर्फ उन्मुख भयो जहाँ स्थानको व्यापकता उक्त संख्याको शृङ्खलाको पूर्ण अन्त्य तर्फ उन्मुख भएको छ । अन्तिममा सहमति भएको नियन्त्रित खुला सूची प्रणालीले मतदाताहरुलाई एउटा दलको लागि र निजहरुले चाहेमा सो दलको एक उम्मेदवारलाई मतदान गर्न लगाउँछ । तर, यसले दलको सूचीमा नाम उल्लेख भएको क्रममा रहेको कुनै खास उम्मेदवारले निर्वाचनमा त्यस्तो उम्मेदवार एक्लैले पाएको मत पूर्ण हेयर कोटाभन्दा बढी पाएमा मात्र निर्वाचन परिणाम दिने हुन्छ । यसले सन् २००४ मा भएको विधायिकाको निर्वाचनमा व्यवहारमा प्रमाणित भए जस्तै कम प्रभाव पार्नसक्ने हुन्छ ।

क्षेत्रीयतामा आधारित सदनको सृजना भएको परिणाम स्वरुप, प्रत्येक स्थानका लागि समान जनसंख्या सहित "एक व्यक्ति, एकमत र एकमूल्य" "(OPOVOV)" को विषयमा केही दलहरुले बहस गरे भने अन्य बाहिरी द्वीपहरुको पक्षमा प्रतिनिधिमूलक झुकाउ राख्नको लागि पछाडिबाट समर्थन गरेका थिए । अन्तिम सम्झौता एक जटिल सूत्रमा स्थान संख्या आधारित हुन गएको छ जसमा साना प्रान्तहरुमा प्रतिस्थानको लागि प्रत्येक प्रान्तमा न्यूनतम ३,२५,००० जनसंख्या र ठूला प्रान्तहरुमा अधिकतम ४,२५,००० जनसंख्या र प्रत्येक प्रान्तमा न्यूनतम तीन स्थान रहने व्यवस्था छ ।

केन्द्रीय दलगत नेतृत्वहरुले आ-आफ्ना दलहरुमा आ-आफ्नो पकड खुकुलो गर्ने इच्छा देखाएका थिए । ठूला दलहरुले सन् २००४ को तथा त्यसपछिको निर्वाचन दुबैमा सहभागी हुन दलहरुको लागि सर्तहरु कडाई गरेका थिए ।

क्षेत्रीय दलहरुको प्रभावकारी प्रतिबन्ध मजबुत भएको थियो । अन्तिम लेनदेन हुँदा खुला वा बन्द सूची, एकव्यक्ति, एकमत, एक मूल्य (OPOVOV), जाभा तथा अन्य बाहिरी द्वीपहरुबीचको सन्तुलन तथा दलगत सहभागिता सबै कुराहरुमा वार्ता भएको थियो । तथापि, लैंगिक प्रतिनिधित्वको लागि "हुनसक्ने कोटा" अपनाउनुपर्ने तर्फ व्यापकतामा आधारित अभियान चलाइएको थियो । दलहरुलाई आ-आफ्ना सूचीमा कम्तीमा तीस प्रतिशत महिला उम्मेदवारहरु समावेश गर्न वाञ्छनीय भएको तर्फ "आ-आफ्नो अन्तरात्माले" सोच्न लगाइएको थियो । कार्यान्वनयको प्रावधान नभएका बेलामा बढी महिला उम्मेदवारहरुलाई प्रोत्साहन गर्न यो एक महत्वपूर्ण हतियार प्रमाणित भएको थियो र सन् २००४ को विधायिकामा १२ प्रतिशत सदस्यहरु महिला रहेका छन्, जुन सन् १९९९ को निर्वाचनको तुलनामा महत्वपूर्ण सुधार हो ।

सन् २००४ को निर्वाचन परिणाममा परिवर्तन तथा निरन्तरता दुवै प्रतिबिम्बित भएको थियो । सन् १९९९ को निर्वाचनमा ३ प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने तिनै पाँच दलहरुले फेरि त्यस्तै गरे र थप दुई समावेश भएका थिए । जम्मा जम्मी सत्र दलहरुको प्रतिनिधित्व रहेको थियो ।

**क्षेत्रीय सदनको निर्वाचन: एकल असङ्क्रमणीय मत प्रणालीको एक आश्चर्यजनक छलाङ्ग**

नयाँ क्षेत्रीय सदन (क्षेत्रीय प्रतिनिधि परिषद्) का लागि उम्मेदवारहरु दलका नभएर व्यक्ति हुनुपर्ने संविधानले व्यवस्था गरेको छ । प्रत्येक प्रान्तबाट चार सदस्यहरु निर्वाचन गर्नुपर्ने हुन्छ । मस्यौदा कानूनले एकमुष्ट मत प्रणाली प्रस्ताव गरेको थियो, जुन जाभा बाहिर जहाँ साना प्रान्तहरुले समर्थन गर्ने दलहरुलाई स्पष्टतः फाइदा हुने गरी तय गरिएको थियो । जाभामा सबभन्दा मजबुत रहेको दलले विकल्पको रुपमा एकल असङ्क्रमणीय मत प्रणाली प्रस्ताव गरेको थियो र यसलाई अन्तिम लेनदेनको एक अंशको रुपमा सहमति गरिएको थियो ।

क्षेत्रीय सदनको पहिलो निर्वाचन सन् २००४ मा सम्पन्न भएको थियो र यसले एकल असङ् क्रमणीय मत प्रणालीमा अन्तर्निहित कमजोरी प्रदर्शन गरेको थियो । प्रत्येक प्रान्तका चार स्थानका लागि प्रतिस्पर्धा गर्ने उम्मेदवारहरु औसत ३० भएकोमा धेरै उम्मेदवारहरु १० प्रतिशतभन्दा कम मत

प्राप्त गरी विजयी भएका थिए । तर, महिला उम्मेदवारहरुबाट चलाइएको जोडदार अभियानले गर्दा नयाँ सदनका सदस्यहरु अनपेक्षित रुपमा २१ प्रतिशत महिला रहेका छन्, यो इण्डोनेसियामा स्वतन्त्र रुपमा निर्वाचित भएको निकायमा एक अभूतपूर्व स्तर हो ।

**प्रत्यक्ष राष्ट्रपति निर्वाचन**

औपचारिक मनोनयन पत्र प्राप्त गरी जोडी मिलाइएका उम्मेदवारहरु रहनेगरी हाल राष्ट्रपति र उपराष्ट्रपति प्रत्यक्ष रुपमा निर्वाचित हुन्छन् । सफलता पाउने उम्मेदवारहरुको विशाल तथा विविधताको मुलुकभरि नै पर्याप्त समर्थन होस भन्ने उद्देश्यलाई सुनिश्चित गर्न दुई चरणको बहुमत चुनावी दौड प्रणालीलाई प्रयोग गरिएको छ । पहिलो चरणमा निर्वाचित हुने उम्मेदवारले मतदान गरिएको मतको पूर्ण बहुमत मात्र प्राप्त गर्नु पर्ने होइन कि कम्तीमा आधा प्रान्तमा मतदान भएको मतको २० प्रतिशत वितरणको सर्त पनि पूरा गर्नु पर्दछ । बहुमतले विजयी हुनेले प्रायशः निश्चय नै यो प्राप्त गर्ने गर्दछ र यो शर्तले जाभामा मजबुत समर्थन भएको र अन्यत्र न्यूनतम समर्थन भएको उम्मेदवारलाई पहिलो चरणमा विजयी हुनबाट रोक्दछ । सन् २००४ मा भएको पहिलो प्रत्यक्ष राष्ट्रपति निर्वाचनमा जुलाईमा पाँच उम्मेदवारहरुले पहिलो चरणमा प्रतिस्पर्धा गरेका थिए, जसमा कसैले पनि ३५ प्रतिशतभन्दा बढी मत प्राप्त गर्न सकेनन्, सेप्टेम्बरमा भएको दोस्रो चरणको निर्वाचनमा सुसिलो बामबाङ्ग युधोयोनो (Susilo Bambang Yudhoyono) ६१ प्रतिशत मत प्राप्त गरी विजयी हुनु भएको थियो ।

**राजनीतिक यथार्थता: लेनदेनको सौदाबाजी**

सन् १९९९ को निर्वाचन प्रणाली सत्ता सम्झौताको रबाफमा अझै पनि रहेका र बाहिर सडकका नयाँ दलहरु, नयाँ व्यवस्थाका दुवै पक्षहरुलाई स्वीकार्य हुनु पर्दथ्यो । सन् १९९९ को निर्वाचन हुनुअघि भएको संवैधानिक पुनरावलोकनले पनि राजनीतिक वर्णपट भरिनै सम्झौता हुनु आवश्यक थियो । सन् २००४ को निर्वाचन कानून महत्वपूर्ण फरक सहितको सन् १९९९ का समान सिद्धान्तहरुको अर्को एउटा लेनदेन हो । प्रत्येक पटक, पुस्तौंदेखिका परम्परा तथा राजनीतिक पृष्ठभूमि र पात्रहरुको हैसियत निर्धारण गर्ने सीमित संख्याका व्यावहारिक समाधानहरु थिए । तथापि, नयाँ इण्डोनेसियाली संस्थागत संरचनामा प्रजातन्त्रका लागि सकारात्मक संकेतहरु देखापरेका छन् । यो सौभाग्य हो कि परिवर्तनलाई आकार दिने दलहरु तथा व्यक्तिहरुबीचका अल्पकालीन राजनीतिक फाइदाहरुको सम्भाव्य अनुभूतिको नजिकै केही दीर्घकालीन दृष्टिकोण रहेका छन् ।

क. निर्वाचित विधायकहरु तथा निजहरुको निर्वाचन क्षेत्रबीचको कमजोर सम्पर्क । जतिबेला सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली प्रयोग गरी नामिबिया वा इजराइलजस्तै एकल-राष्ट्रिय निर्वाचन क्षेत्रमा स्थान बाँडफाँड गरिन्छ त्यसवेला मतदाताहरु र निजका प्रतिनिधिहरुबीचको सम्पर्क बिगारेको विषयलाई लिएर यो प्रणालीलाई आलोचना गर्ने गरिन्छ। सूचीहरु गोप्यभएको अवस्थामा मतदाताहरुलाई कसले तिनीहरुलाई प्रतिनिधित्व गरेको छ भन्ने व्यक्तिको पहिचान निर्धारण गर्ने अवसर हुँदैन । तिनीहरुको न आफ्नो शहर, जिल्ला वा गाउँको पहिचानयोग्य प्रतिनिधि हुन्छ न त कुनै व्यक्ति प्रतिनिधि आफ्नो पदमा बहाल रहँदा नराम्रो कार्य सम्पादन गरेको अनुभव गरी निजलाई तिनीहरुले सजिलैसँग इन्कार नै गर्न सक्दछन् । यसका अतिरिक्त केही विकासोन्मुख मुलुकहरु जहाँ समाज मुख्य रुपमा ग्रामीण छ, मतदाताको आफ्नो बसोबास भएको क्षेत्रसँगको पहिचान कहिलेकाहीं तिनीहरुको कुनै राजनीतिक दल वा समूहसँगको पहिचानभन्दा पनि बढी मजबुत हुन्छ । तथापि, यो आलोचना मतदाताहरुले दलहरुलाई मतदिने निर्वाचन प्रणाली तथा निजहरुले उम्मेदवारहरुलाई मत दिने प्रणालीबीचको भिन्नतासँग बढी सम्बन्धित हुनसक्दछ ।

ख. यस प्रणालीमा, विशेषगरी गोप्य सूची प्रणालीमा दलको प्रधान कार्यालयभित्र तथा वरिष्ठ दलगत नेतृत्वको हातमा अत्यधिक शक्ति केन्द्रित रहन्छ । दलगत सूचीमा एक उम्मेदवारको स्थिति र सोही कारणबाट निजको सफलताको सम्भावना दलका हाकिमहरुको कृपामा निर्भर गर्दछ र निजको मतदातासँगको सम्बन्ध गौण महत्वको हुन्छ । सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको असामान्य फड्को मार्ने क्रममा, गुयानामा दलहरुको आफ्ना उम्मेदवारहरुको सूची क्रमबद्ध रुपमा नगरी सरलरुपमा वर्णानुक्रमअनुसार प्रकाशन गर्दछन् । यसले दलका नेताहरुलाई आफूप्रति बफादार हुनेलाई पुरस्कृत गर्ने र स्वतन्त्र रहनेलाई सजाय गर्ने झन् बढी ठाउँ दिन्छ, किनभने मत परिणाम थाहा भएपछि मात्र व्यक्तिहरुलाई निर्वाचित स्थान बाँडफाँड गरिन्छ ।

ग. कुनै किसिमको मान्यता प्राप्त दल वा राजनीतिक समूहको अस्तित्व आवश्यक पर्दछ । सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वलाई विशेषगरी दल नभएका समाजमा वा दल भएर पनि शैशव अवस्थामा र खुकुलो दलगत संरचना भएका, उदाहरणका लागि प्रशान्त क्षेत्रका धेरै द्वीप मुलुकहरुमा यसलाई कार्यान्वयन गर्न कठिन छ ।

### *एकल सङ्क्रमणीय मत*

१०९. राजनीतिक वैज्ञानिकहरुले एकल सङ्क्रमणीय मत प्रणालीलाई आकर्षक निर्वाचन प्रणालीमध्येको एक प्रणालीको रुपमा लामो समयदेखि नै बहस गर्दै आएको भए तापनि विधायिकाको निर्वाचनका लागि यसको प्रयोग केही मुलुकहरुमा मात्र सीमित रहेको छ । ती मुलुकहरुमा - सन् १९२१ देखि गणतन्त्र आयरल्याण्ड, सन् १९४७ देखि माल्टामा प्रयोग भएको र सन् १९९० मा इस्तोनियामा एकपटक प्रयोग भएको थियो । अस्ट्रेलियन फेडेरल सिनेट र थुप्रै अस्ट्रेलियन राज्यहरुको निर्वाचन तथा युरोपेलीको हकमा उत्तरी आयरल्यण्डका स्थानीय निर्वाचनमा पनि यसको प्रयोग गरिएका छन् । स्थानीय निर्वाचनका लागि स्कटल्याण्डमा र केही अधिकारीको लागि न्युजिल्याण्डमा यसलाई स्वीकार गरिएको छ । ब्रिटिस कोलम्बिया सिटिजन एसेम्बलीले सिफारिसको रुपमा समेत यसलाई चयन गरिएको छ (हेर्नुहोस् विषय अध्ययन: ब्रिटिश कोलम्बिया) ।

यस प्रणालीका खास सिद्धान्तहरु बेलायतका थोमस हेयर तथा डेनमार्कका कार्ल आण्ड्रेले छुट्टाछुट्टै रुपमा उन्नाइसौं शदाब्दीमा पत्ता लगाएका थिए। एकल सङ्क्रमणीय मत प्रणालीलाई बहु-सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ र मतदाताहरुले "वैकल्पिक मत प्रणाली" अन्तर्गतको तरिकामा जस्तै मतपत्रमा उम्मेदवारहरुको प्राथमिकताको आधारमा क्रम निर्धारण गर्दछन्। धेरैजसो अवस्थामा यो प्राथमिकताको आधारमा छाप लगाउने कुरा स्वेच्छिक हो र मतदाताहरुले सबै उमेदरवारहरुको प्राथमिकताक्रम निर्धारण गर्नु पर्दैन र तिनीहरुले चाहेमा एकजना उम्मेदवारलाई मात्र छाप लगाउन सक्दछन्।

पहिलो प्राथमिकताका कुल मतहरु भिडाइएपछि एक उम्मेदवारको निर्वाचनका लागि आवश्यक भएको मतहरुको कोटा खडा गरी मतगणना प्रारम्भ गरिन्छ। देहाय बमोजिमको सरल सूत्रबाट हिसाब गरिएको कोटा साधारणतया ड्रुप कोटा प्रयोग गरिन्छः

# गणतन्त्र आयरल्याण्डः एकल सङ्क्रमणीय मत कार्यान्वयनमा

माइकल गालाघर्

आयरल्याण्डको संसद्को तल्लो सदन, डेल इयरआन (Dail Eireann) एकल सङ्क्रमणीय मत (STV) प्रणाली- एकल सङ्क्रमणीय मतको माध्यमद्वारा समानुपातिक प्रतिनिधित्व गर्ने गरी निर्वाचित हुन्छ। यो असमान्य प्रणालीको उत्पति गणतन्त्र आयरल्याण्डको परिस्थितिमा सन १९२२ मा भएको स्वाधीनताको उपलब्धि हो। आयरल्याण्ड छोड्न लागेको बेलायती शाशकहरु प्रोटेष्टान अल्पसंख्यकहरुको संरक्षण गर्नका लागि कुनै पनि स्वरुपको समानुपातिक प्रतिनिधित्व चाहन्थे भने नयाँ राज्यका राजनीतिक अभिजात्यहरुले सिद्घान्ततः समानुपातिक प्रतिनिधित्वलाई रुचाएका थिए। सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको चेतना धेरै नभएकोले एकल सङ्क्रमणीय मत सम्झौताद्वारा निर्वाचन प्रणालीको रुपमा स्वीकार गरिएको थियो र त्यसबेला देखिनै निर्वाचन प्रणालीको रुपमा कायम रहँदै आएको छ।

आयरल्याण्डको राजनीतिक प्रणालीमा डेल केन्द्रीय महत्वको विषय हो। यसले सरकार निर्वाचन गर्दछ, जसलाई आफू सत्तामा रहनको लागि डेलको बहुमतको समर्थन आवश्यक पर्दछ। धेरै कम महत्वको राष्ट्रपतीय पद भए तापनि संसदीय प्रणालीका लागि असमान्य लाग्नेगरी राष्ट्रपति प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने गर्दछ। राष्ट्रपति पदको निर्वाचन वैकल्पिक मत प्रणाली अन्तर्गत हुने गर्दछ।

डेलका १६६ सदस्यहरु प्रत्येक निर्वाचन क्षेत्रबाट तीन, चार वा पाँच सदस्य निर्वाचित गर्ने गरी ४० निर्वाचन क्षेत्रबाट निर्वाचित हुने गर्दछन्। मतदान सिधै हुने गर्दछः मतदाताहरुले निजहरुको मनपरेको उम्मेदवारको खालि संकेत मात्र गर्दछन् (मतपत्रमा उम्मेदवारको नाम नजिक “१” लेखी) र त्यसपछि निजहरुको दोस्रो र तेस्रो छनोटको त्यसरी नै त्यही तरिकाले सङ्केत गर्न अगाडि बढ्ने गर्दछन्। मतदाताहरुले उम्मेदवारहरुलाई दलभित्रबाट मात्र नभई दलबाहिरबाट पनि प्राथमिकता तोक्न सक्दछन्। यद्यपि अधिकांश मत दलको निर्देशन अनुसार जाने गर्दछ। तर त्यसो गर्नु जरुरी छैन। केही मतहरु भौगोलिक क्षेत्र अनुसार जाने गर्दछन्, यसको अर्थ हो मतदाताले निजहरुको उच्च प्राथमिकता जुनसुकै दल भए पनि आफ्नो स्थानीय क्षेत्रका उम्मेदवारहरुलाई प्राथमिकता दिने गर्दछन्। मत गणना प्रक्रिया र खासगरी “बचत” मत वितरण गर्ने प्रक्रिया प्रयास नगरेकाहरुका लागि जटिल देखिन्छ। तर यसमा यो जोड दिइन्छ कि मतदाताहरुले सम्पूर्ण विस्तृत विवरणहरु थाहा पाउनु पर्दैन। मतदाताहरुले कसरी आफ्नो मत मतदान गर्ने भन्ने कुरा मात्र जान्नु पर्दछ र मत गणना प्रक्रिया “स्वच्छ” र पारदर्शी भएको कुरामा सन्तुष्ट हुनु पर्दछ।

निर्वाचन प्रणालीलाई संविधानमा नै स्थान दिइएको हुनाले जनमत संग्रहबिना परिवर्तन हुन सक्दैन । दुई पटक (सन् १९५९ र सन् १९६८ मा) सबभन्दा ठूलो दल, फिएन्ना फेल (Fianna Fail) ले कुनै पनि किसिमको समानुपातिक प्रतिनिधित्व प्रणालीले अस्थिर गठबन्धन सरकारको समस्या सृजना गर्ने सम्भावना रहन्छ भन्ने तर्क दुवै पटक प्रयोग गरी एकल सङ्क्रमणीय मत प्रणालीलाई बेलायती पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीद्वारा विस्थापित गर्न प्रयत्न गरेको थियो । दुबैपटक, सन् १९५९ मा ५२ प्रतिशतका विरुद्ध ४८ प्रतिशत र सन् १९६८ मा ६१ प्रतिशतविरुद्ध ३९ प्रतिशतको अन्तरालले प्रस्तावित परिवर्तन मतदाताहरुले अस्वीकार गरेका थिए ।

स्थायीत्वपूर्ण सरकारको मापदण्डको आधारमा कसैले पनि गणतन्त्र आयरल्याण्डको एकल सङ्क्रमणीय मतको अभिलेखलाई मूल्याङ्कन गर्दा, वास्तवमा, यसको कार्यसम्पादनलाई समस्याको रुपमा पाउन सक्दैन । सन् १९४० को दशकको मध्यदेखि सरकारहरु (गठबन्धन तथा एकमना दुबै) ले तीन, चार वा पाँच वर्ष पूरा गरेका छन् । सन् १९८० को दशकको सुरुमा मात्र अपवादस्वरुप छोटो समयावधिको अस्थिरता रहेको थियो । मतदाताहरुले विभिन्न दलका उम्मेदवारहरुलाई प्राथमिकता दिने कार्य मार्फत सम्भावित गठबन्धन सरकारका साझेदारहरुको सम्बन्धमा आफ्नो प्राथमिकताको दललाई सङ्केत गरी आफ्नो इच्छा जाहेर गर्न सक्षम रहन्छन्।

फिएन्ना फेलले सानो परिमाणको बोनस प्राप्त गर्ने गरी (सन् १९५२ देखि १९९२ सम्मको अवधिमा भएका निर्वाचनमा ४५ प्रतिशत मतको करिब ४८ प्रतिशत स्थान हासिल गरेको) एकल सङ्क्रमणीय मतले सामान्यतया उच्च समानुपातिक निर्वाचन परिणाम दिने गरेको छ । तर, निर्वाचन क्षेत्रको सानो आकार (सरदर प्रत्येक निर्वाचन क्षेत्रमा चार स्थान) ले गर्दा सबभन्दा ठूलो दलले अरु दलका समर्थकहरुको दोस्रो तथा तेस्रो प्राथमिकताको मत आकर्षण गर्न सकेमा त्यसले लाभ हासिल गर्ने सम्भावना सृजना हुने गर्दछ र हालसालै सम्पन्न भएका पछिल्ला दुई निर्वाचनमा यस्तो भयो पनि । यी निर्वाचनहरुले सधैंको भन्दा अत्यन्त कम समानुपातिक निर्वाचन परिणाम पैदा गरेका थिए । सन् २००२ मा फिएन्ना फेलले ४१ प्रतिशत मत विजय गर्‍यो र ४९ प्रतिशत स्थान प्राप्त गरेको थियो ।

यस प्रणालीले साना दलहरु तथा स्वतन्त्रहरुको प्रतिनिधित्वलाई निरन्तरता दिने गर्दछ र सन् २००२ मा भएको निर्वाचनमा १३ जना यस्ता सदस्य निर्वाचित भएका थिए । धेरै समानुपातिक प्रतिनिधित्व प्रणालीले साना दलहरुलाई संसद्मा स्थान जित्न सामर्थ्य बनाउँछ भने एकल सङ्क्रमणीय मतले स्वतन्त्र उम्मेदवारहरुलाई त्यसरी प्रतिनिधित्व गर्ने एक असमान्य अवसर दिने गर्दछ, किनभने यसको सारतत्व दल केन्द्रित प्रकृतिभन्दा उम्मेदवार केन्द्रित हो ।

एकल सङ्क्रमणीय मत प्रणालीको गणतन्त्र आयरल्याण्डमा हुने प्रशंसा र आलोचना एउटै कुरामा केन्द्रित रहने गर्दछ, त्यो हो यसले मतदाताहरुलाई एउटै दलका उम्मेदवारहरु मध्येबाट छनोट गर्ने अधिकार दिन्छ । यसले व्यापक रुपमा अन्तरदलीय प्रतिस्पर्धा बढाउँछ, खासगरी फिएन्ना फेलका उम्मेदवारहरुबीच, जुन दलले प्रत्येक निर्वाचन क्षेत्रमा दुईदेखि चार उम्मेदवार मनोनयन गर्ने गर्दछ । तथ्याङ्कले यो देखाएकोछ कि फिएन्ना फेलका धेरै बहालवाला सांसदहरुले आफ्ना स्थानहरु अर्को दलको उम्मेदवारलेभन्दा बढी गुमाई प्रतिस्पर्धीलाई छोड्ने गर्दछन् ।

आलोचकहरु तर्क गर्दछन् कि यसको फलस्वरुप, बहालवाला सांसदहरु मतदाताहरुको आशीर्वाद पाउनको लागि आफ्नो निर्वाचन क्षेत्रको स्तरमा बढी सक्रिय हुने गर्दछन् र राष्ट्रियस्तरका राजनीतिमा, उदाहरणको लागि, सरकारको लेखाजोखा गर्ने काममा वा समितिमा विधेयक छलफल गर्ने काममा पर्याप्त समय दिँदैनन् । तिनीहरुले यो तर्क गर्दछन् कि यसले आयरल्याण्डका सांसदहरुउपर प्रतिकूल प्रभाव पार्ने (राष्ट्रियस्तरमा योगदान दिनसक्ने व्यक्तिहरु निजहरु निर्वाचित भएमा तिनीहरुले गर्नुपर्ने सम्भावित कामको चापले गर्दा हतोत्साही भएका) हुन्छ र यसले छोटो कार्यकालतर्फ र सरकारको

चिन्तन स्थानीयवादतर्फ अनुचित तवरमा ध्यान दिन उन्मुख गराउने हुन्छ । तिनीहरुले यो सुझाव दिएका छन् कि मतको लागि आन्तरिक दलगत प्रतिस्पर्धाले राजनीतिक दलहरुलाई विभाजित र अनेकतातर्फ लैजाने हुनसक्छ ।

यसको विपरीत, यस प्रणालीको प्रतिरक्षा गर्नेहरुले मतदाताहरुले आफ्ना दलका उम्मेदवारहरुमध्येबाट छनोट गर्ने अवसरलाई एक वरदानको रुपमा हेर्ने गर्दछन् । तिनीहरुले यो तर्क गर्दछन् कि यसले मतदाताहरुलाई नयाँ आउनेबाट बढी योग्य र बढी सक्रिय बहालवालालाई विस्थापन गर्नसक्ने हुन्छ र परम्परागत राजनीतिमा चाख घटिरहेका बखत, यसले सांसदहरुलाई मतदाताहरुसँग निकटम सम्पर्क राख्ने प्रेरणा दिन्छ र यसरी नागरिकहरुलाई राजनीतिक प्रणालीमा आवद्ध राख्ने भूमिका पूरा हुन्छ । तिनीहरुले यो तर्क राखेका छन् कि आयरल्याण्डका सांसदहरु अन्यत्र कहींका सांसदभन्दा कम क्षमतावान छन् भन्ने कुनै प्रमाण छैन र आयरल्याण्डको हालैको आर्थिक वृद्धिको आकर्षक कृतिले सरकारको व्यवहारमा धेरे गल्ती हुन सक्दैन । तिनीहरुले यो पनि औंल्याएका छन् कि आयरल्याण्डका राजनीतिक दलहरु संसद्मा कुनै घटक वा पहिचानयुक्त उपसमूहबिना अति नै सुसंगठित र अनुशासित छन् ।

सन् २००२ मा सर्वदलीय संसदीय समितिले निर्वाचन प्रणालीको परिवर्तनको पक्ष तथा विपक्षका तर्कहरुउपर विचार गरेको थियो । यसले यो निष्कर्ष निकालेको थियो कि जनताको एकल सङ्क्रमणीय मतमा ज्यादै नै लगाव छ र कुनै अर्को प्रणालीमा परिवर्तन गर्नाले मतदाताको वैयक्तिक अधिकार कटौती हुन्छ र राजनीतिक प्रणाली असफल हुँदै गएको भन्ने आरोपका केही कुराहरु एकल सङ्क्रमणीय मतको कारणले नभई अरु नै कारक तत्वबाट भएका हुन् । यस निष्कर्षले यो सङ्केत गर्दछ कि मौजुदा प्रणालीको संशोधन वा यसको विस्थापनको पक्षमा महत्वपूर्ण मत शृङ्खला छैन ।

गणतन्त्र आयरल्याण्डको एकल सङ्क्रमणीय मतको कुनै पनि मूल्याङ्कनले मुलुकको विशेषताहरुलाई ध्यान दिनु आवश्यक छ । यो जनसंख्या तथा क्षेत्रफल दुवै अर्थमा सानो मुलुक हो र जनसंख्याको अनुपातमा सांसदको संख्या (करिब १: २०,०००) अन्तर्राष्ट्रिय स्तरकोभन्दा अपेक्षाकृत उच्च छ । यसले गर्दा ठूला मुलुकहरुमा हुनसक्नेभन्दा सांसद र निर्वाचन क्षेत्रबीचको सम्बन्ध जुनसुकै निर्वाचन प्रणाली भए पनि निकटतम हुन बल पुऱ्याउँछ । यसका अतिरिक्त, गणतन्त्र आयरल्याण्ड समृद्ध, ज्यादै नै शिक्षित समाज हो जहाँ राजनीतिक प्रणाली समग्ररुपमा सुसंस्थापित भएको छ र विश्वव्यापी रुपमा कानूनसम्मत भएको मानिन्छ । आयरल्याण्डको समाजमा कुनै ठूलो विभाजन ( उदाहरणका लागि, जातिय भाषागत वा धार्मिक) छैन ।

उल्लिखित सबै कारणहरुले गर्दा अन्य सन्दर्भमा एकल सङ्क्रमणीय मत कसरी सञ्चालन हुन्छ भन्ने बारेमा ठोस निष्कर्ष निकाल्दा हामी होसियार हुनै पर्दछ । तथापि, हामी यो भन्न सक्छौं कि गणतन्त्र आयरल्याण्डका मतदाताले यसलाई अन्य कुनै प्रणालीद्वारा विस्थापन गर्न चाहेको सङ्केत छैन ।


BALLOT PAPER
HOUSE OF REPRESENTATIVES

WESTERN AUSTRALIA

ELECTORAL DIVISION OF

BRAND

*Number the boxes from 1 to 10 in the order of your choice.*

- [ ] BEAZLEY, Kim — AUSTRALIAN LABOR PARTY
- [ ] GENT, Alan — INDEPENDENT
- [ ] McCARTHY, Brian — INDEPENDENT
- [ ] GOODALE, Bob — THE GREENS (WA)
- [ ] McKERCHER, Mal — AUSTRALIAN DEMOCRATS
- [ ] ANDERSON, Leone L — INDEPENDENT
- [ ] GALLETLY, Clive Philip Arthur — INDEPENDENT
- [ ] REBE, Phil — AUSTRALIANS AGAINST FURTHER IMMIGRATION
- [ ] WALTON, Malcolm — NATIONAL PARTY
- [ ] HEARNE, Penny — LIBERAL

**Remember...number every box to make your vote count**

Australian Electoral Commission AEC

*अस्ट्रेलियाली राज्यकोलागि एकल सङ्क्रमणीय मतपत्र*

$$\text{कोटा} = \frac{\text{मत संख्या}}{\text{निर्वाचन गर्नुपर्ने स्थान} + १} + १$$

११०. निर्वाचन परिणाम शृङ्खलाबद्ध गणनाहरु मार्फत निर्णय गरिन्छ । पहिलो गणनामा प्रत्येक उम्मेदवारलाई दिइएको पहिलो प्राथमिकताको कुल मतसंख्या यकिन गरिन्छ । निर्धारित कोटाभन्दा बढी वा सो बराबरको पहिलो प्राथमिकताको मतसंख्या भएको कुनै पनि उम्मेदवार तत्कालै निर्वाचित हुन्छ ।

**एकल सङ्क्रमणीय मत भनेको प्राथमिकता दिइएको प्रणाली हो जहाँ मतदाताले बहुसदस्यीय निर्वाचन क्षेत्रका उम्मेदवारहरुको क्रम निर्धारण गर्दछ र पहिलो प्राथमिकता दिइएको मतको निर्धारित कोटा पार गर्ने उम्मेदवारहरु तत्कालै विजयी हुन्छन् । त्यसपछिका मतगणनाहरुमा, कम मत प्राप्त गर्ने उम्मेदवारहरुलाई सूचीबाट हटाइन्छ, त्यस्ता उम्मेदवारहरुको मत र विजयी भएको सफल उम्मेदवारको कोटाको बचत भएको मत पर्याप्त रुपमा उम्मेदवारहरु निर्वाचित भएको घोषणा नभएसम्म पुनः वितरण गरिन्छ । दलगत सूचीको बिकल्पको सम्भावना भए तापनि मतदाताहरुले राजनीतिक दललाईभन्दा उम्मेदवारहरुलाई मतदान गर्ने गर्दछन् ।**

दोस्रो तथा त्यसपछिका गणनाहरुमा निर्वाचित उम्मेदवारहरुको बचत मत (अर्थात् कोटाभन्दा माथिका मतहरु) मतपत्रमा उल्लेख भएको दोस्रो प्राथमिकता अनुसार पुनः वितरण गरिन्छ । स्वच्छताको लागि, सबै उम्मेदवारको मतपत्रहरु पुनः वितरण गरिन्छ, तर पुनःवितरण गरिएको कुल मतहरु उम्मेदवारको बचत मत (गणतन्त्र आयरल्याण्ड बाहेक, जहाँ भारको नमुना प्रयोग गरिन्छ) बराबर हुनसक्ने गरी एउटा मतको आंशिक प्रतिशतको हिसावमा प्रत्येक मतपत्र वितरण गरिन्छ। उदाहरणको लागि कुनै उम्मेदवारको १०० मत भएको र बचत मत पाँच रहेको भएमा प्रत्येक मतपत्रलाई एकमतको १/२०औं अंशको मूल्यमा पुनः वितरण गरिन्छ ।

गणनापछि कोटाभन्दामाथि कुनै उम्मेदवारको बचत मत नरहेमा कुल मतमध्ये सबभन्दा कम मत ल्याउने उम्मेदवारलाई हटाइन्छ । निजको मत प्रतिस्पर्धामा बाँकी रहेका उम्मेदवाहरुलाई दोस्रो तथा त्यसभन्दा तलका प्राथमिकतामा देखाइएअनुसार अर्को गणना गर्न पुनः वितरण गरिन्छ। त्यसपछिका गणनाहरुको प्रक्रिया प्रत्येकको बचत मत पुनः वितरण गर्दै वा कुनै उम्मेदवारलाई हटाउदै कोटाको मत प्राप्त गरेको उम्मेदवारहरुबाट निर्वाचन क्षेत्रका सम्पूर्ण स्थानहरु पूर्ति नभएसम्म वा गणनामा बाँकी रहेको उम्मेदवारहरुको संख्या परिपूर्ति गर्नुपर्ने स्थानको संख्याभन्दा एकमात्र बढी नभएसम्म जारी रहन्छ। पछिल्लो अवस्थामा एकजना बाहेक निर्धारित कोटाबिना नै बाँकी रहेका सबै उम्मेदवारहरु निर्वाचित हुन्छन् ।

१११. *फाइदाहरु.* समानुपातिक प्रतिनिधित्व प्रणालीका हकमा दावी गरिएका फाइदाहरु सामान्यतया एकल सङ्क्रमणीय मत प्रणालीमा पनि लागू हुन्छन्। साथै, प्रतिनिधिहरुको छनोटका लागि अपनाइएको एक संयन्त्रको रुपमा एकल सङ्क्रमणीय मत प्रणाली दलहरुबीच तथा दलभित्रका उम्मेदवारहरुबीच छनोट गर्न दिने निर्वाचन प्रणालीहरुमध्ये सम्भवतः अत्यन्त जटिल निर्वाचन प्रणाली हो । अन्तिम निर्वाचन परिणामहरुमा समानुपातको स्वच्छताको मात्रा कायम रहन्छ र अधिकांश वास्तविक उदाहरणहरुमा एकल सङ्क्रमणीय मत प्रणाली अन्तर्गतका बहु-सदस्यीय निर्वाचन क्षेत्रहरु तुलनात्मक रुपमा साना हुनुको अर्थ मतदाता र प्रतिनिधिबीचको भौगोलिक सम्पर्क कायम रहनु हो । यसका

साथै, मतदाताहरुले निर्वाचन पछाडिको गठबन्धनका लागि प्रभाव पार्न सक्दछन् जस्तो कि गणतन्त्र आयरल्याण्डमा भएको थियो । यस प्रणालीले दलहरुबीच आपसमा प्राथमिकताको सट्टापट्टा गरी अन्तर - दलगत समायोजनका लागि प्रोत्साहन प्रदान गर्दछ । एकल सङ्क्रमणीय मतदानले सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वमाभन्दा लोकप्रिय स्वतन्त्र उम्मेदवारहरुको निर्वाचनका लागि राम्रो अवसर समेत प्रदान गर्दछ । किनभने, मतदाताहरुले दलहरुबीच भन्दा उम्मेदवारहरुबीच छनोट गर्न पाउँछन् (यद्यपि, एकल सङ्क्रमणीय मतको निर्वाचनमा दलको सूचीको विकल्प थप्न सकिन्छ, अस्ट्रेलियाको सिनेटको लागि भएको निर्वाचनमा यस्तै गरिएको थियो) ।

११२. *बेफाइदाहरु.* समानुपातिक प्रतिनिधित्व प्रणालीको हकमा दावी गरिएका बेफाइदाहरु एकल सङ्क्रमणीय मत प्रणालीमा पनि लागू हुन्छन् । यसका अतिरिक्त:

क. कहिलेकाहीं एकल सङ्क्रमणीय मतलाई प्राथमिकता दिई मतदान गर्ने कार्य धेरै समाजहरुमा अपरिचित नौलो विषय भएको आधारमा आलोचना गर्ने गरिन्छ र यसले कम्तीमा पनि केही हदसम्मको साक्षरता र संख्यात्मक ज्ञान आवश्यक ठान्दछ ।

ख. एकल सङ्क्रमणीय मतमा हुने मतगणनाको तौर तरिका अत्यन्त जटिल छ र यसलाई पनि यसको कमजोर पक्षको रुपमा हेरिन्छ । इस्टोनियाले त्यहाँको पहिलो निर्वाचनपछि किन यसलाई खारेज गर्ने निर्णय गरेको थियो भने विभिन्न कारणहरुमध्ये यसलाई पनि एक कारणको रुपमा उल्लेख गरिएको छ । एकल सङ्क्रमणीय मतमा बचत मतको हस्तान्तरण मूल्य र त्यस्तै अन्य कुराहरुको निरन्तर हिसाब-किताब गर्नुपर्ने हुन्छ । यही कारणले गर्दा नै एकल सङ्क्रमणीय मत प्रणाली अन्तर्गतको मतगणना मतदान भएको ठाउँको सट्टामा मतगणना केन्द्रमा गणना गर्नुपर्ने हुन्छ । निर्वाचनको अक्षुण्णता महत्वपूर्ण विषय भएकोले मतदानको वैधानिकतालाई सुनिश्चित गर्न वास्तविक रुपमा मतदान भएकै ठाउँमा मतगणना हुने काम हुन आवश्यक छ र सोही बमोजिम निर्वाचन प्रणालीको छनोट हुन आवश्यक हुन्छ ।

ग. सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको विपरीत एकल सङ्क्रमणीय मतले राजनीतिक दलहरुलाई विखण्डन हुन सधैं दबाब दिइरहेको हुन्छ । किनभने एकै दलका सदस्यहरु मतको लागि एक अर्काका साथै विपक्षीका विरुद्ध प्रभावकारी ढंगबाट प्रतिस्पर्धा गरिरहेका हुन्छन् । यसले गर्दा “ग्राहकमुखी” राजनीतिको प्रवर्द्धन हुन सक्छ जहाँ राजनीतिज्ञहरुले निश्चित मत भएका समूहहरुलाई निर्वाचन घूस दिने गर्छन् ।

घ. एकल सङ्क्रमणीय मतले मत संख्याको हिसाबले बढी मत भएको कुनै राजनीतिक दललाई आफ्नो प्रतिद्वन्दीभन्दा कम स्थानमा निर्वाचित गराउन सक्छ । यस्तो भएको अवस्थामा थप क्षतिपूर्तिको स्थान कुनै दललाई दिने व्यवस्था गरी माल्टाले सन् १९८० को दशकको मध्यतिर यो प्रणालीमा संशोधन गरेको थियो ।

तथापि, थुप्रै यस्ता आलोचनाहरुले व्यवहारमा सारै थोरै समस्या रहेको प्रमाणित गरेका छन् । गणतन्त्र आयरल्याण्ड तथा माल्टाको एकल सङ्क्रमणीय मत एक वा दुई प्रमुख दल समावेश भएको तुलनात्मक रुपमा स्थिर, वैधानिक सरकारहरु पैदा गर्नमा उन्मुख रहेको छ ।

## *समानुपातिक प्रतिनिधित्वसँग सम्बन्धित विषयहरु*

### निर्वाचन क्षेत्रको व्यापकता

११३. निर्वाचन विशेषज्ञहरुबीच विश्वव्यापी रुपमा नै लगभग यो कुरामा सहमति छ कि मतदान भएको मतबाट विजयी भएको स्थानहरुमा समानुपातिक तवरले रुपान्तरण गर्ने निर्वाचन प्रणालीको क्षमताको महत्वपूर्ण निर्णायक पक्ष भनेको निर्वाचन क्षेत्रमा रहेको निर्वाचन गर्ने स्थानको व्यापकता हो र सो भनेको प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचित हुने सदस्यहरुको संख्या हो । पहिलो हुने निर्वाचित हुने, वैकल्पिक मत वा दुई चरणको प्रणाली जस्ता कुनै प्रणाली अन्तर्गत निर्वाचन क्षेत्रमा निर्वाचन हुने स्थानको व्यापकता एक रहन्छ र मतदाताहरुले एकल उम्मेदवारलाई निर्वाचन गरिरहेका हुन्छन् । यसको ठीक विपरीत, सबै किसिमका समानुपातिक प्रतिनिधित्व प्रणाली, एकमुष्ट मत तथा दलगत एकमुष्ट मत प्रणाली जस्ता केही बढीमत/बहुमत प्रणालीहरु तथा सीमित मत तथा एकल असङ्क्रमणीय मत प्रणाली जस्ता केही अन्य प्रणालीहरुमा एक सदस्यभन्दा बढी निर्वाचन गर्ने निर्वाचन क्षेत्र चाहिन्छ । कुनै पनि समानुपातिक प्रणालीअन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा छनोट गर्ने सदस्यहरुको संख्याले धेरै ठूलो हदसम्म, निर्वाचन परिणाम कति समानुपातिक हुने हो भन्ने कुरा निर्धारण गर्दछ ।

११४. जुन निर्वाचन प्रणालीमा ठूलो हदको समानुपातिकता पाउने हो त्यसले ठूला निर्वाचन क्षेत्रहरु प्रयोग गर्नुपर्ने हुन्छ, किनभने त्यस्ता निर्वाचन क्षेत्रहरु धेरै साना दलहरुलाई पनि विधायिकामा प्रतिनिधित्व गराउन सुनिश्चित गर्न सक्षम रहन्छन् । साना निर्वाचन क्षेत्रहरुमा प्रभावकारी न्यूनतम सीमा धेरै ठूलो हुन्छ (हेर्नुहोस् प्रकरण १२१) । उदाहरणका लागि, तीन जना मात्र सदस्य निर्वाचित हुने निर्वाचन क्षेत्रमा कुनै पनि दलले एक स्थान जित्नको लागि आश्वस्त हुन कम्तीमा पनि २५ प्रतिशत+१ मत पाउनै पर्छ । १० प्रतिशत मतदाताको मात्र समर्थन भएको दलले एकस्थान जित्नसक्ने सम्भावना रहन्न र सो दलका समर्थकहरुको मत खेर जाने हुन्छ । निर्वाचन गर्नुपर्ने नौ स्थान भएको निर्वाचन क्षेत्रमा यसको ठीक विपरीत १० प्रतिशत + १ मतले कम्तीमा एक स्थान सो दलले जित्ने कुरालाई प्रत्याभूति दिने हुन्छ ।

# चिली: अभिजात्यहरूको स्वार्थले तुषारापात गरिएको निर्वाचन प्रणाली

कार्लोस हुनिअस

चिलीको निर्वाचन प्रणाली जनरल अगस्तो पिनोशे (Augusto Pinochet) (१९७३-९०) अन्तर्गतको लामो अवधिको प्राधिकारयुक्त शासनको परिप्रेक्ष्यमा मात्र बुझ्न सकिन्छ, जसको उद्देश्य संरक्षित, प्राधिकारयुक्त प्रजातन्त्र स्थापना गर्नु थियो र त्यसमा निर्वाचन प्रणाली एक तत्व रहेको थियो । ११ सेप्टेम्बर, १९७३ को सैनिक विद्रोह हुनुभन्दा अघिसम्म कायम रहेको समानुपातिक प्रतिनिधित्वलाई अधिनायकबादले उन्मूलन गरेको थियो । समानुपातिक प्रतिनिधित्व उन्नाइसौं शताब्दीदेखिको चिलीको समाजमा रहेको फाटोको प्रतिरोध थियो र यसले बहुदलीय प्रणाली उब्जाएको थियो । सन् १९६० को दशकसम्ममा यसले ६ प्रमुख राजनीतिक दलहरु - वामपन्थी दुई (समाजवादी तथा कम्युनिष्ट), मध्यमार्गी दुई (दि क्रिश्चियन डेमोक्र्याटस् र ऱ्याडिकल्स) र दक्षिणपन्थी दुई (लिबरल तथा कन्जरभेटिभ, जुनदलहरु सन् १९६६ मा नेसनल पार्टी गठन गर्न आपसमा विलय भएका थिए) लाई सुदृढ गरेको थियो ।

**द्विनामधारी प्रणाली: प्राधिकारवादको अवशेष**

चिलीको द्विसदनात्मक संवैधानिक परिपाटिमा, सहायकहरुको सभा, तल्लो सदनमा १२० सदस्यहरु चार वर्षको पदावधिका लागि प्रत्येक निर्वाचन क्षेत्रबाट दुई जनाको दरले ६० निर्वाचन क्षेत्रमा निर्वाचित हुन्छन् । सिनेटमा ३८ जना निर्वाचित सदस्यहरु रहन्छन् र ८ वर्षको पदावधिका लागि प्रत्येक निर्वाचन क्षेत्रबाट दुईजनाको दरले १९ निर्वाचन क्षेत्रबाट निर्वाचित हुन्छन् । आधा संख्याका सदस्यहरु प्रत्येक चार वर्षमा सहायकहरुको सभाका सदस्यहरुसँगको निर्वाचनसँगै निर्वाचित हुन्छन् । यसका अतिरिक्त ९ जना गैर-निर्वाचित सदस्यहरु "संस्थागत" वा "तोकिएका" सिनेटरहरु रहने व्यवस्था छ । यी सिनेटरहरुको राष्ट्रिय सुरक्षा परिषद् (चार), सर्वोच्च अदालत (तीन) र राष्ट्रपति (दुई) बाट नामांकन गरिन्छ र एकजना पूर्व राष्ट्रपति एडुआर्डो फ्रेई रुइज- त्याग्ले (Eduardo Frei Ruiz-Tagle) पदेन आजीवन सदस्य रहने व्यवस्था छ (सन् १९८० को संविधानमा रहेको सुरुको १३ सिनेटर निर्वाचन क्षेत्रलाई सन् १९८९ संवैधानिक सुधारमा गैर-निर्वाचित सिनेटरको अधिकारलाई कटौती गर्न १९ निर्वाचन क्षेत्रमा विस्तार गरिएको थियो) । यी परिपाटीहरु पिनोशे र उनका समर्थकहरु प्रजातन्त्रको सङ्क्रमणकालमा सत्ताबाट झर्न लागेपछि वार्ता गरी तय भएका थिए ।

दलहरु, गठबन्धनहरु तथा स्वतन्त्रहरुले सामान्यतया प्रत्येक निर्वाचन क्षेत्रमा अधिकतम दुई उम्मेदवारका दरले प्रतिनिधिसभा र सिनेट दुबैको निर्वाचनका लागि सूची प्रस्तुत गर्दछन् । मतदाताहरुले

आफ्नो छनोटको उम्मेदवारहरुलाई मतदान गर्दछन् । पहिलो स्थान कूल मतमा सबभन्दा बढी मत पाउने सूचीलाई जान्छ । सूचीमा रहेको वैयक्तिक उम्मेदवार जसले सबभन्दा बढी मत पाउँछ प्रतिनिधि निर्वाचित हुन्छ । दुबै स्थान लिनको लागि सबभन्दा बढी सफल सूचीले दोस्रो सूचीको मतको दोब्बर संख्यामा मत पाउनु पर्दछ । यस प्रणालीले निर्वाचन गठबन्धन गर्न दलहरुलाई बाध्य गराउँछ, किनभने प्रभावकारी न्यूनतम सीमा ज्यादै माथिको रहेको छ र एक स्थान जित्नको लागि कुल मतमध्ये सबभन्दा बढी मत पाउने सूचीको ३३.४ प्रतिशत मत पाउन आवश्यक हुन्छ । तर, दुबै स्थान पाउन सुनिश्चित हुनको लागि सूचीले कुल मतको ६६.७ प्रतिशत मत पाउन आवश्यक पर्दछ ।

निर्वाचनमा दुई प्रमुख गठबन्धन रहेका छन्, जसले सन् २००१ को निर्वाचनमा एक स्थान बाहेक प्रतिनिधि सभाको सबै स्थानमा विजय हासिल गरेका थिए । पिनोशेको शासनको विरोध गर्ने चारदलहरु (सोसलिष्ट, दि डेमोक्र्यासी पार्टी, क्रिश्चियन डेमोक्र्याटस तथा ऱ्याडिकल्स) द्वारा गठित मध्यमार्गी वामपन्थी गठबन्धन कन्सरतासियों पोर ला डेमोक्र्यासिया (Concertacion por la Democracia) ले सन् १९९० को मार्चमा प्रजातन्त्रको पुनर्वहाली भएदेखि नै शासन गरेको छ । दक्षिणपन्थी विपक्षीको गठबन्धन चिलीको लागि गठबन्धन (Alliance for Chile) (दि इण्डिपेन्डेन्ट डेमोक्र्याट युनियन, UDI तथा नेसनल रिन्युअल RNI) ले पिनोशेको शासनलाई समर्थन गरेको थियो । व्यवहारमा कन्सरतासियोँको सूचीमा गठबन्धनभित्रका दुईमध्ये प्रत्येक समूहबाट एक उम्मेदवार अर्थात् एकजना क्रिश्चियन, डेमोक्र्टिक पार्टी र अर्को सोसलिष्ट डेमोक्रयासी पार्टी र ऱ्याडिकल्सबाट हुने गर्दछ । सोसलिष्ट र डेमोक्र्यासी पार्टीबीच प्रतिस्पर्धा हुने निर्वाचन क्षेत्र छैन । विपक्षीको सूचीमा UDI र नेसनल रिन्युअल पार्टी प्रत्येकले सामान्यतया एक उम्मेदवार सबै निर्वाचन क्षेत्रमा प्रस्तुत गर्ने गर्दछन् ।

यस निर्वाचन प्रणालीको परिणाम यस्तो हुन्छ कि प्राय: सबै निर्वाचन क्षेत्रबाट कन्सेर्तासियोंको तर्फबाट एकजना प्रतिनिधि र चिलीको लागि गठबन्धनबाट एकजना निर्वाचित हुने गर्दछन् । यस निर्वाचन प्रणालीले सूचीमा रहेका दुई उम्मेदवारहरुबीच सो सूचीले जित्ने एक स्थानका लागि प्रतिस्पर्धा सृजना गर्न सक्दछ । तर व्यवहारमा दुवै गठबन्धन भित्रका अभिजात्यहरुको समायोजनले गर्दा धेरै सीमित हुने गरेको छ ।

यो निर्वाचन प्रणाली अनुपम छ, किनभने यो सबभन्दा ठूलो बहुमतको दलको नभई सबभन्दा ठूलो अल्पमतको दलको पक्षमा छ । तसर्थ, यो बहुमत प्रणाली होइन । यो यस्तो प्रणाली हो जसले समानुपातिकको संयन्त्र प्रयोग गर्दछ । तर, चौतीस प्रतिशत मतले मात्र निर्वाचन सूचीका आधा स्थान लिन पाउने हुनाले यसले पैदा गर्ने निर्वाचन परिणामहरु समानुपातिक छैनन् । व्यवहारमा यो विकृति किन भएको छ भन्ने एकमात्र कारण निर्वाचनमा प्रतिस्पर्धा सीमित हुनु नै हो ।

यो निर्वाचन प्रणाली ५ अक्टोबर, १९८८ मा भएको जनमत संग्रहपछि सैनिक शासनबाट स्थापना गरिएको थियो । जनमत संग्रहका दुई लक्ष्यहरु थिए : सन् १९८० को संविधानलाई स्वीकार गर्नु तथा जनरल पिनोशेलाई थप आठ वर्षको अवधिका लागि राष्ट्रपतिको रुपमा निर्वाचन गर्नु थियो । यो अप्रतिस्पर्धी निर्वाचनमा (अर्को उम्मेदवार थिएन), कन्सरतासियोंबाट पिनोशे पराजित हुनु भएको थियो । यसले प्रजातन्त्रको सङ्क्रमणको ढोका खुलाएको थियो र सन् १९८९ मा कंग्रेस र राष्ट्रपति पदको निर्वाचन भई राष्ट्रपति निर्वाचनमा विपक्षी उम्मेदवार प्याट्रिसिओ आइल्विन (Patricio Aylwin क्रिश्चियन डेमोक्र्याट) विजयी हुनु भएको थियो । यी निर्वाचन प्रणाली पिनोशेको उम्मेदवारीलाई पछाडिबाट समर्थन गर्ने दुई दक्षिणपन्थी दलहरुलाई तिनीहरुका विपक्षले अनुमान गर्न सकिने निर्वाचन विजयको मुखमा मोलाहिजा गर्ने किसिमले तय गरिएको थियो ।

सन् १९९० देखि भएका तीन राष्ट्रपतीय तथा चार काँग्रेसको निर्वाचनमा कन्सर्तासियोंले अधिकांश मत पाएको थियो । तर सिनेटलाई कहिल्यै पनि नियन्त्रण गर्न सकेन, किनभने बहुसंख्यक संस्थागत सिनेटरले विपक्षलाई समर्थन गरेका थिए ।

**दलहरु तथा प्रजातन्त्रका लागि द्विनामधारी प्रणालीको अवरोध**

निर्वाचन प्रणालीप्रति धेरै आपत्तिका आवाज उठिरहेको छ । पहिलो कुरा, यसले दलहरुलाई निर्वाचन गठबन्धन गर्न बाध्य गराउँछ, किनभने स्थान जित्नको लागि ठूलो मतको न्यूनतम सीमा चाहिने हुन्छ । दोस्रो कुरा प्रतिनिधित्वउपर यसको नकारात्मक प्रभाव रहेको छ, किनभने सन् १९७३ सम्म कम्युनिष्ट पार्टीको सन्दर्भ रहेको तथा नयाँ प्रजातन्त्रमा राष्ट्रिय मतको ५-७ प्रतिशत हिस्सा मत ओगटेको भए तापनि यो प्रणालीले सो पार्टीलाई काँग्रेसबाट बाहिर राखेको छ । तेस्रो कुरा, प्रत्येक गठबन्धनले सामान्यतया एकस्थान जित्ने हुनाले वास्तविक प्रतिस्पर्धा भनेको त प्रतिस्पर्धी गठबन्धन र दलहरुबीचभन्दा दलका सदस्यहरुबीच हुने गर्दछन् र यी विवादहरुले गठबन्धनहरुको स्थायित्वलाई खतरा पुऱ्याउने हुन्छ । सन् २००१ को सिनेटको निर्वाचनमा UDI र RNI ले यसलाई पन्छाई नौमध्ये सात निर्वाचन क्षेत्रमा एकल सर्वसम्मत उम्मेदवार चयन गरेका वा नेतृत्वले रोजेका उम्मेदवारलाई चुनौती दिन नसक्ने कमजोर उम्मेदवारले मात्र प्रतिस्पर्धा गरेका थिए । चौथो कुरा, यस प्रणालीले दलका नेताहरुको हातमा थुप्रै अधिकार दियो, जसले सूची बनाउँदा वास्तविक रुपमा जित्ने उम्मेदवार छान्ने गर्दछन् । धेरै निर्वाचन क्षेत्रहरुमा वास्तविक प्रतिस्पर्धा नहुने भएकोले मतदाताहरुको लागि निर्वाचनप्रति खासै चासो हुँदैन र आफूले मत दिने आफ्नो दलको उम्मेदवार नभएका बखतमा त यो झनै चासो नरहने हुन्छ ।

यी कमी, कमजोरीले सरकारलाई निर्वाचन सुधार हुनुपर्छ भन्ने प्रस्ताव गर्न उन्मुख गराएको र दुई सदस्यीय निर्वाचन क्षेत्रको सट्टामा बढी समानुपातिक निर्वाचन परिणाम पैदा गर्ने ठूला निर्वाचन क्षेत्र बढी उपयुक्त हुने सुझावतिर उन्मुख गराएको छ । तर, यसमा थोरै प्रगति भएको छ, किनभने कार्न्सतासियोंका दलहरु निर्वाचन परिणामको अनिश्चितताले गर्दा डराएका छन् र विपक्षले वर्तमान प्रणालीलाई नै प्रतिरक्षा गर्ने गरेको छ, किनभने यसले तिनीहरुलाई फाइदा दिएको छ ।

**राष्ट्रपति निर्वाचन**

सन् १९८० को निर्वाचनले राष्ट्रपति पदको निर्वाचनका लागि दुई चरणको निर्वाचन प्रणाली स्थापना गरेको छ । विजयी हुनका लागि पहिलो चरणमा र सो हुन सकेन भने चुनावी दौड चरणको मतपत्र बद्धतामा पूर्ण बहुमत आवश्यक पर्दछ । मतपत्रबद्धताको मान्यताले गठबन्धन राजनीतिलाई सुदृढ गर्ने तर्फ उन्मुख रहन्छ । सन् १९८९ र १९९३ का राष्ट्रपति निर्वाचनका विजेताहरु - क्रिश्चियन डेमोक्र्याटहरु क्रमशः प्याट्रिसियो आइल्विन र एडुआर्डो फ्रेई पूर्ण बहुमतले विजयी भएका थिए । तर सन् १९९९ मा रिकार्डो ल्यागोस तथा निजको दक्षिणपन्थी प्रतिद्वन्दी ज्याकिन लेभिन (Joaquin Lavin) बीच ३०,००० को न्यून मत मात्र फरक थियो । ल्यागोस दोस्रो चरणमा ५०.२७ प्रतिशत मत प्राप्त गरी विजयी हुनुभयो (पूर्व संविधान १९२५ अनुसार) । कुनै पनि उम्मेदवारले पूर्ण बहुमत नल्याएमा, कांग्रेसले राष्ट्रपति पदको निर्णय गर्दथ्यो र सोही बमोजिम सन् १९४६, १९५८ र १९७० मा भएको थियो । हरेक पटक यसले सबभन्दा बढी मत ल्याउने उम्मेदवारलाई निर्वाचित गरेको थियो ।

**मतदाता दर्ता र मतदानः स्वैच्छिक वा अनिवार्य ?**

वर्तमान निर्वाचन प्रणालीमा अनुभव गरिएको अर्को समस्या भनेको मतदाता दर्ता गर्ने काम स्वैच्छिक तर मतदान गर्ने काम अनिवार्य हो । नयाँ मतदाता नामावली सन् १९८७ को फेव्रुअरीदेखि प्रारम्भ गरिएको थियो, जतिवेला सैनिक शासकले सन् १९८८ को जनमत संग्रहका लागि तयारी गरिरहेका थिए । पुरानो मतदाता नामावली सन् १९७३ मा सेनाले जलाएको थियो । प्रजातान्त्रिक विपक्षले मतदाताहरुलाई दर्ता गराउन मजबुत तरिकाले परिचालन गरेको थियो । यसको रणनीति प्रजातन्त्र

पाउनका लागि पिनोशेलाई निर्वाचनमा हराउनु थियो र यस अन्तर्गत ९२ प्रतिशत योग्य मतदाताहरुलाई दर्ता गराउन सफल भएको थियो । तर त्यसबेला देखि युवापुस्ताले निर्वाचनमा भाग लिने कम चासो देखाएकाले मतदान गर्ने उमेरका जनसंख्याको अनुपातमा दर्ता भएका मतदाताहरुको संख्या वृद्धि हुन सकेन । सन् २००१ को काँग्रेसको निर्वाचनमा १० लाखमध्ये ८० प्रतिशत सम्भावित मतदाताहरु दर्ता भएका थिए भने सन् २००४ को नगरपालिकाको निर्वाचनमा यो आँकडा ७७ प्रतिशत रहेको थियो ।

युवा मतदाताहरुले कम नाम दर्ता गर्ने कारणले सरकारले स्वतः नाम दर्ता हुने र स्वेच्छाले मतदान गर्ने प्रस्ताव गरेको छ । कन्सरतासियोंका दलहरुले स्वतः नामदर्ता हुने कार्यलाई समर्थन गर्दछन्, तर स्वेच्छाले मतदान गर्ने कार्यप्रति भने सर्वसम्मत हुन सकेको छैन । यसले गर्दा समग्ररुपमा मतदाताको सहभागिता घटने र मतदाताहरुलाई परिचालन गर्ने अभियानमा खर्च वृद्धि हुँदै जाने र यसले दक्षिणपन्थी दलहरुलाई फाइदा हुने कुराले तिनीहरु डराएका छन् । विपक्षी, खासगरी UDI स्वतः नामदर्ता गर्ने कामलाई अस्वीकार गर्दछ र स्वैच्छिक मतदान कार्यलाई भने समर्थन गर्दछ ।

द्विनामधारी प्रणालीका समर्थकहरु यस प्रणालीले शासकीय क्षमतालाई मद्दत पुऱ्याएको दावी गर्दछन्, किनभने दुई ठूला गठबन्धन एउटा सरकारमा र अर्को विपक्षमा रहने हुन्छ। तर यी विचार गलत छ । कन्सर्तासियोलाई गठबन्धनको रुपमा अधिनायकवादी शासनको विरुद्धमा एक गठबन्धनको रुपमा काम गर्न र प्रजातन्त्र फर्काउने कामलाई प्रवर्द्धन गर्न विगतमा आफ्ना द्वन्द्व (जसले गर्दा संकट भई सन् १९७३ मा प्रजातन्त्रको विनाश भएको थियो) बाट सिकेका राजनीतिज्ञहरुले द्विनामधारी प्रणाली लागू हुनु अगाडि नै खडा गरेको थिए र राजनीतिक प्रणालीभित्र केही हदसम्म मेलमिलापपूर्ण प्रजातन्त्रसँग तुलना हुनसक्ने अभिजात्यहरुको सहकार्यको रणनीतिउपर सहमति भएको थिए । द्विनामधारी प्रणाली नभएको भए पनि मुलुकको शासनव्यवस्था हुन्थ्यो तर यसले गर्दा शासनव्यवस्था भएको होइन ।

यो प्रणाली अनन्तकालसम्म जान सक्दैन किनभने यसले राजनीतिक दलहरुलाई हानि पुऱ्याउँछ र प्रजातन्त्रउपर सीमा लगाउँछ । तर, यसलाई उन्मूलन गर्न कठिन हुनेछ, किनभने परिवर्तनले दलगत समर्थनको प्रभावको विषयमा अनिश्चितता सृजना गर्नेछ । यसले सम्वैधानिक संशोधन पनि गर्नुपर्ने हुन्छ, किनकि, सिनेटको द्विनामधारी चरित्र संविधानमा उल्लेख भएको छ । कांग्रेसमा कन्सर्तासियों र चिलीको लागि गठबन्धनबीच गैर-निर्वाचित सिनेटर र आजीवन सदस्यको रुपमा पूर्व राष्ट्रपतिहरुको व्यवस्थालाई हटाउने कुरामा मतैक्य भइसकेको छ ।

समस्या यो हो कि, स्थानको संख्याको दृष्टिमा र त्यसको परिणामस्वरुप, तिनीहरुको भौगोलिक आकारको अर्थमा समेत निर्वाचन क्षेत्रहरु जति ठूला हुँदै जान्छन् निर्वाचित सदस्य र तिनका निर्वाचन क्षेत्रबीचको सम्बन्ध कमजोर हुँदै जान्छ । स्थानीय कुराहरुले राजनीतिमा बलियो भूमिका खेल्ने समाजमा वा मतदाताहरुले आफ्नो निर्वाचित सदस्यले विधायिकामा निजहरुको “प्रतिनिधि”को हैसियतमा मतदाताहरुसँग मजबुत सम्बन्ध राख्नुपर्ने अपेक्षा गरेको अवस्थामा यसबाट गम्भीर परिणाम आउन सक्दछ ।

११५. यही कारणले गर्दा, निर्वाचन क्षेत्रमा सर्वोत्कृष्ट निर्वाचन क्षेत्रको व्यापकताको सम्बन्धमा जीवन्त बहस हुँदै आएको छ । अधिकांश विद्वानहरु एक सामान्य सिद्धान्तको रुपमा तीनदेखि सात स्थान बीचको निर्वाचन क्षेत्रको व्यापकताले अत्यन्त राम्रो काम गर्ने कुरामा सहमत हुन्छन् र खासगरी द्वि-दलीय प्रणाली भएको मुलुकमा सम संख्याकोभन्दा तीन, पाँच र सातजस्ता विषम संख्याको निर्वाचन क्षेत्रको व्यापकताले राम्रो काम गर्ने सुझाव दिइएको छ । तथापि, यो मोटामोटी मार्गदर्शन मात्र हो र थुप्रै यस्ता परिस्थितिहरु हुन सक्दछन् जहाँ प्रतिनिधित्व तथा समानुपातिकतालाई सन्तोषजनक रुपमा सुनिश्चित गर्न ठूलो संख्याको निर्वाचन स्थान वाञ्छनीय र आवश्यक पर्ने हुन्छ । धेरै मुलुकहरुमा निर्वाचन क्षेत्रहरु पहिलेदेखि नै कायम रहँदै आएका प्रशासनिक विभाजन सम्भवतः राज्य वा प्रान्तीय सीमाहरुलाई नै निर्वाचन क्षेत्रले अवलम्बन गर्ने गर्दछन्, जसको अर्थ हो तिनीहरुको आकारमा व्यापक रुपमा फरक हुन सक्दछ । तर, यस उपायले निर्वाचनको लागि थप सीमा निर्धारण गर्नुपर्ने आवश्यकता लोप गराउने र निर्वाचन क्षेत्रहरु पहिचान भएका र स्वीकार गरिएका विद्यमान समुदायहरुसँग सम्बन्धित हुनसक्ने एवं सम्भावना रहने हुन्छ ।

११६. निर्वाचन क्षेत्रको संख्यासम्बन्धी उच्च तथा न्यून अभीष्टको वर्णपटबाट सोच्दा अत्यन्त बढी अप्रत्याशित निर्वाचन परिणाम दिने हुन्छ । वर्णपटको एक अभीष्टमा, सम्पूर्ण मुलुक नै एक निर्वाचन क्षेत्र मानिन्छ, जसको समान्य अर्थ हो निर्वाचित हुनको लागि आवश्यक मत संख्या अत्यन्त कम हुन्छ र साना दलहरुले पनि निर्वाचनमा केही पाउन सक्दछन् । उदाहरणको लागि इजराइलमा सम्पूर्ण मुलुक नै १२० सदस्यीय एक निर्वाचन क्षेत्र कायम हुन्छ, जसको अर्थ हो निर्वाचन परिणाम ज्यादै नै समानुपातिक हुन्छ । तर यसको अर्थ यो पनि हो कि कुल मतसंख्याको सानो अंश मात्र पाउने दलहरुले प्रतिनिधित्व पाउन सक्ने हुनाले निर्वाचित सदस्य र कुनै भौगोलिक क्षेत्रबीचको सम्पर्क अति नै कमजोर हुन्छ । वर्णपटको अर्को अभीष्टमा, समानुपातिक प्रतिनिधित्व प्रणाली त्यस्तो परिस्थितिमा पनि लागू हुन सक्छ, जहाँ दुई जना मात्रको प्रतिनिधित्व सदस्य भएका निर्वाचन क्षेत्रको व्यापकता कायम छ । उदाहरणको लागि, चिलीमा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली दुई सदस्यीय निर्वाचन क्षेत्रमा लागू गरिएको छ । विषय अध्ययनले यो सङ्केत गरेको छ कि यसले अत्यन्त अमिल्दो निर्वाचन परिणाम दिने हुन्छ, किनभने प्रत्येक निर्वाचन क्षेत्रमा दुई दलले मात्र प्रतिनिधित्व पाउन सक्दछन् । यसले समानुपातिक प्रतिनिधित्वबाट पाउने लाभहरुलाई प्रतिनिधित्व तथा वैधानिकताको अर्थमा कम गराउने हुन्छ ।

११७. वर्णपटको अर्को अभीष्टबाट हेर्दा यी उदाहरणहरुले, कुनै पनि समानुपातिक प्रतिनिधित्व प्रणालीमा हुने निर्वाचन क्षेत्रको स्थानको व्यापकताको निर्णायक महत्वलाई कम गराउँछ । समानुपातिक प्रतिनिधित्व प्रणाली तय गर्दा यो एक महत्वपूर्ण संस्थागत छनोट हो र गैर-समानुपातिक प्रतिनिधित्व प्रणालीको संख्याको लागि समेत यो एक निर्णायक महत्व हो । एकल असङ्क्रमणीय मत प्रणालीले, उदाहरणका

लागि, सारमा समानुपातिक सूत्र नहुदा नहुदै पनि नरम किसिमको समानुपातिक परिणाम दिनसक्नेतर्फ उन्मुख रहन्छ। संक्षेपमा, यस्तो किन हुन्छ भने यसलाई बहु-सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ। त्यसरी नै, जब एकल-सदस्यीय निर्वाचन क्षेत्रमा एकल सङ्क्रमणीय मत प्रणाली लागू गरिन्छ त्यसबेला यो वैकल्पिक मत प्रणाली हुन पुग्दछ, जहाँ एकल सङ्क्रमणीय मतका केही फाइदा त रहन्छन् नै तर यसको समानुपातिकता रहदैन। दलगत एकमुष्ट मत तथा एकमुष्ट मत प्रणालीहरुमा निर्वाचन क्षेत्रमा स्थानको व्यापकता बढ्दछ, तर समानुपातिकता घट्ने सम्भावना हुन्छ। संक्षेपमा भन्नुपर्दा, निर्वाचन प्रणालीको प्रारुप निर्माण गर्दा निर्वाचन क्षेत्रको व्यापकतालाई व्यवहारमा प्रणालीले कसरी सञ्चालन गर्छ र मतदाता र निर्वाचित सदस्यहरुबीचको सम्वन्धको मजबुती र निर्वाचन परिणामको समग्र समानुपातिकता निर्धारण गर्न धेरै उपायहरुले महत्वपूर्ण स्थान राख्दछ।

११८. यससम्बन्धित टिप्पणीमा दलगत स्थानको व्यापकता (एउटै निर्वाचन क्षेत्रमा एउटा दलबाट उठाइएका सफल उम्मेदवारहरुको औसत संख्या) को निर्वाचित हुने भन्ने कुराको निर्धारण गर्नमा महत्वपूर्ण कुरा हुन्छ। कुनै निर्वाचन क्षेत्रमा एउटा दलबाट एकजना मात्र उम्मेदवार निर्वाचित भएमा त्यस्तो उम्मेदवार पुरुष तथा सो निर्वाचन क्षेत्रमा बहुमतमा रहेको जातीय वा सामाजिक समूहको सदस्य हुन सक्ने हुन्छ। दुई वा सो भन्दा बढी निर्वाचित भएमा धेरै महिला तथा अल्पसंख्यक समुदायका बढी उम्मेदवाहरु सफल भई सन्तुलित मनोनयन बढी प्रभावकारी हुन सक्छ। ठूला निर्वाचन क्षेत्र (सात वा सो भन्दा बढी स्थान भएको आकारको) तथा अपेक्षाकृत साना संख्याका दलले दलगत स्थानको व्यापकतालाई अभिवृद्धि गर्ने हुन्छ।

**न्यूनतम सीमा**

११९. सम्पूर्ण निर्वाचन प्रणालीहरुमा प्रतिनिधित्वका लागि न्यूनतम सीमा अर्थात प्रतिनिधित्व पाउन दललाई आवश्यक हुने जनसमर्थनको न्यूनतम स्तर निर्धारण गरिएको हुन्छ। न्यूनतम सीमा कानून बमोजिम लागू गरिएको (औपचारिक न्यूनतम सीमा) वा निर्वाचन प्रणालीको एक गणितीय विशेषताको रुपमा (प्रभावकारी वा प्राकृतिक न्यूनतम सीमा) रहेको हुन्छ।

१२०. औपचारिक न्यूनतम सीमा समानुपातिक प्रतिनिधित्व प्रणालीलाई परिभाषित गर्ने संवैधानिक वा कानूनी प्रावधानहरुमा लेखिएको हुन्छ। मिश्रित प्रणाली अपनाउने जर्मनी, न्युजिल्याण्ड र रुसमा उदाहरणका लागि, समानुपातिक प्रतिनिधित्वको भागमा ५ प्रतिशतको न्यूनतम सीमा कायम रहेको छ। राष्ट्रव्यापी रुपमा खसेको मतमा ५ प्रतिशत मत प्राप्त गर्न नसक्ने दलहरु समानुपातिक प्रतिनिधित्वको सूचीबाट स्थान पाउनका लागि अयोग्य हुन्छन्। यस अवधारणाको उत्पत्ति जर्मनीमा अतिवादी समूहहरुलाई निर्वाचनमा सीमित गर्ने अभिप्रायले भएको थियो र धेरै साना दललाई प्रतिनिधित्व प्राप्तगर्नबाट रोक्न तय गरियो। तर, जर्मनी तथा न्युजिल्यान्ड दुबै मुलुकमा दललाई सूचीबाट स्थान पाउन योग्यहुनको लागि "जस्केलो" मार्ग कायम रहेकोछ। न्यूनतम सीमाको सर्तलाई छल्न न्युजिल्यान्डमा दलले कम्तीमा निर्वाचन क्षेत्रको एक स्थान जितेको हुनैपर्छ भने जर्मनीमा तीन स्थान। रुसमा सन १९९५ मा "जस्केलो मार्गहरु" थिएनन् र लगभग दलगत सूचीका आधाजति मत खेर गएका थिए।

नेदरल्याण्डमा कायम रहेको ०.६७ प्रतिशतदेखि टर्कीमा कायम रहेको १० प्रतिशतसम्म जहाँसुकै पनि कानूनी न्यूनतम सीमाको शृङ्खलाको व्यवस्था भएको छ। यो प्रतिशतभन्दा कम मत प्राप्त गर्ने

दलहरु मतगणनाबाट बाहिरिन्छन् । एक मार्मिक उदाहरण सन् २००२ मा टर्कीमा भएको निर्वाचनमा पाइएको थियो, जहाँ थुप्रै दलहरुले १० प्रतिशतको न्यूनतम सीमा पार गर्न नसकेकोले सम्पूर्ण मतको ४६ प्रतिशत मत खेर गएको थियो । उल्लिखित सबै मुलुकहरुमा कायम रहेको औपचारिक न्यूनतम सीमाले अमिल्दो अनुपातको मात्रालाई समग्र रुपमा वृद्धि गर्नेतर्फ उन्मुख गराउँछ किनभने अन्य तरिकाले प्रतिनिधि पाउने दलको लागि दिइएको मत खेर जान्छ ।

सन् १९९३ मा, पोल्याण्डमा दलको लागि ५ प्रतिशत र गठबन्धनका लागि ८ प्रतिशतको तुलनात्मक रुपमा सानो न्यूनतम सीमा राखिएको भए तापनि दलहरु तथा गठबन्धनहरुको लागि मतदान भएका ३४ प्रतिशत भन्दा बढी मतले न्यूनतम सीमालाई पार लगाउन सकेनन् ।

१२१. निर्वाचन प्रणालीको गणितीय विशेषताको उपजको रुपमा एक प्रभावकारी, लुप्त वा प्राकृतिक न्यूनतम सीमा सृजना भएको छ, जसमा निर्वाचन क्षेत्रको व्यापकता बढी महत्वपूर्ण हुन्छ । उदाहरणको लागि, समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत चार स्थान भएको कुनै निर्वाचन क्षेत्रमा, कुनै उम्मेदवारले २० प्रतिशतभन्दा बढी मत प्राप्त गरेमा निज निर्वाचित हुने र कुनै उम्मेदवारले १० प्रतिशतभन्दा कम मत प्राप्त गरेमा (दलहरु, उम्मेदवारहरु तथा मतको समग्र संख्याको आधारमा यकिन संख्या भने फरक फरक हुन्छ) निज निर्वाचित हुन नसक्ने हुन्छ ।

**खुला, बन्द तथा स्वतन्त्र सूचीहरु**

१२२. सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली दलहरु वा राजनीतिक समूहहरुले उम्मेदवारहरु प्रस्तुत गर्ने सिद्धान्तमा आधारित भएको हुँदा दलहरुबाट मनोनयन भएका समानुपातिक प्रतिनिधित्वको सूचीभित्रका उम्मेदवारहरुबीच तथा दलहरुबीचमा समेत मतदाताहरुलाई छनोटको मात्रा दिन सम्भव हुन्छ । सारभूत रुपमा, छान्न सकिने तीन विकल्पहरु रहन्छन्- खुला, बन्द तथा स्वतन्त्र सूचीहरु ।

१२३. विश्वका अधिकांश सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली बन्द प्राकृतिक छन्, यसको अर्थ हो सो सूचीमा रहेका उम्मेदवारहरु निर्वाचित हुने क्रम दल आफैले निर्धारण गरेको हुन्छ र मतदाताहरु कुनै खास उम्मेदवारलाई आफ्नो प्राथमिकता व्यक्त गर्नसक्ने हुँदैनन् । सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको दक्षिण अफ्रिकामा भएको प्रयोग बन्द सूचीको एक राम्रो उदाहरण हो । मतपत्रमा दलको नाम, निर्वाचन चिन्ह तथा दलका नेताको तस्वीर उल्लेख भएको हुन्छ, तर व्यक्तिगत तवरमा उम्मेदवारहरुको नाम भने रहेको हुँदैन । मतदाताहरुले आफूले प्राथमिकता दिएको दललाई सजिलै छनोट गर्दछन् र वैयक्तिक उम्मेदवारहरु निर्वाचनको परिणामस्वरुप दलहरु आफैले पूर्वनिर्धारण गरे बमोजिम निर्वाचित हुन्छन् । यसको अर्थ हो, दलहरुले केही त्यस्ता उम्मेदवारहरु पनि (सायद, अल्पसंख्यक जाति तथा भाषिक समूहका सदस्य वा महिला) समावेश गर्न सक्छन् जसलाई अन्य तरिकाबाट निर्वाचित हुन कठिनाइ हुन सक्दछ ।

बन्दसूचीको नकारात्मक पक्ष भनेको मतदाताहरुलाई आफ्नो दलको प्रतिनिधि को हुने हो सो निर्धारण गर्ने भन्ने ठाउँ रहँदैन । बन्द सूचीहरु तीव्र गतिमा भएका घटना परिवर्तनअनुरुप असंवेदनशील पनि हुन्छन् । पूर्वी जर्मनीमा सन् १९९० मा भएको पूर्व एकीकरणको निर्वाचनमा एक दलको शीर्षस्थ स्थानमा रहेको उम्मेदवार निर्वाचन हुनुभन्दा चारदिन अघिमात्र निज जासुसी प्रहरीको सुराकी रहेको कुरा सार्वजनिक भएको थियो र निजलाई तुरुन्त दलबाट निष्कासन गरिएको थियो । तर बन्द सूची भएको कारणले निजको पहिलेको दललाई मतदाताहरुले चाहेका भए मत दिनुको विकल्प थिएन ।

१२४. पश्चिमी युरोपमा अधिकांश सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीहरुले खुला सूची प्रयोग गर्ने गर्दछन्, जसमा मतदाताहरुले आफ्नो मनपरेको दललाई मात्र होइन कि सो दलभित्रको आफूलाई मन परेको उम्मेदवारलाई पनि चिन्ह लगाउंन सक्छन् । अधिकांश यी प्रणालीहरुमा उम्मेदवार तथा दललाई दिइने मत स्वेच्छिक हुन्छ र अधिकांश मतदाताले उम्मेदवारहरुलाईभन्दा दलहरुलाई मत थुपार्ने हुनाले मतपत्रमा रहेको उम्मेदवार छनोट गर्ने विकल्पको प्रायसः सीमित प्रभाव रहन्छ । तर, स्वेडेनमा २५ प्रतिशत मतदाताले नियमित रुपमा उम्मेदवार तथा दल छान्ने गरेका छन् र थुप्रै यस्ता व्यक्तिहरु निर्वाचित भएका छन् जो बन्द सूची रहेको भए निर्वाचित हुन सक्दैन थिए ।

१२५. ब्राजिल (हेर्नुहोस् विषय अध्ययन) तथा फिनल्याण्डमा मतदाताहरुले उम्मेदवारहरुलाई मतदान गर्नैपर्छ । प्रत्येक दलले प्राप्त गरेको स्थानको संख्या त्यस्तो दलको उम्मेदवारहरुले प्राप्त गरेको कुल मत संख्याको आधारमा निर्धारण गरिन्छ र विजयी भएका दलका उम्मेदवारहरुको क्रम वैयक्तिक उम्मेदवारले प्राप्त गरेको मतको आधारमा निर्धारण गरिन्छ । यसले मतदाताहरुलाई आफ्नो छनोटको उम्मेदवारउपर ठूलो हदसम्मको स्वतन्त्रता दिन्छ, तापनि यसका केही अवाञ्छित नकारात्मक प्रभाव पनि छन् । किनभने, एउटै दलभित्रबाट उम्मेदवारहरु मतको लागि एक अर्कासंग प्रभावकारी ढंगबाट प्रतिस्पर्धा गर्ने हुनाले यस प्रकारको खुला सूचीले दललाई अन्तर-दलीय द्वन्द्व तथा विखण्डनतिर डोऱ्याउछ। यसको अर्थ यो पनि हो कि, नानाथरिका उम्मेदवारको सूची हुने दलको सम्भावित फाइदालाई यसले पल्ट्याई दिन सक्छ। उदाहरणको लागि खुला सूचीमा आधारित श्रीलंकाको समानुपातिक प्रतिनिधित्वबाट हुने निर्वाचनमा बहुसंख्यक सिंहालीहरुको दलहरुले अल्पसंख्यक तामिल उम्मेदवारहरुलाई आफ्नो दलले विजयगर्न सक्ने ठाउको सूचीमा समाबेश गरेकोमा सो प्रभावकारी हुन सकेन । किनभने, धैरै मतदाताहरुले निजहरुको सट्टामा सोभन्दा तल्लो ठाउँका सिंहाली उम्मेदवारहरुलाई जानीजानी मतदान गरेका थिए । कोसोभोमा बन्द सूचीबाट खुला सूचीमा गरिएको परिवर्तनले बढी अतिवादी उम्मेदवारहरुको उपस्थितिलाई वास्तविक अर्थमा प्रोत्साहन गरेको थियो । सोही मान्यतामा अत्यन्त पुरुषप्रधान समाजमा महिलाहरुको प्रतिनिधित्वको लागि कहिलेकाहीं खुला सूची बेफाइदाजनक भएको प्रमाणित भएको छ ।

*डेनमार्कको खुला सूची समानुपातिक प्रतिनिधित्व मत*




*निकारागुवाको बन्द सूची समानुपातिक प्रतिनिधित्व मतपत्र*



# ब्राजिल: राष्ट्रपतीय निर्वाचनमा उम्मेदवार–केन्द्रित समानुपातिक प्रतिनिधित्व

जोसे अन्टोनिओ सिवुब

सन् २००२ मा ब्राजिलवासीहरु एक नयाँ राष्ट्रपति, द्विसदनात्मक राष्ट्रिय विधायिकाका सदस्यहरु, संघका संघटक अंगका गभर्नरहरु (२६ राज्य र संघीय जिल्ला ब्रासिलिया) तथा एक सदनात्मक राज्य विधान सभाका सदस्यहरुको छनोट गर्न चुनावमा गएका थिए । सन् १९८५ मा सैनिक शासनको अन्त्य भएदेखि राष्ट्रपति तथा अन्य प्रमुख विधायिका तथा कार्यकारी पदाधिकारीहरुको यो चौथो प्रत्यक्ष निर्वाचन थियो ।

ब्राजिलमा राष्ट्रपति निर्वाचनको मतको लागि प्रतिस्पर्धा गर्ने उम्मेदवारहरुबीच ८,५११,९६५ वर्ग किलोमिटरको क्षेत्रभित्र मुलुक भरिनै दुई चरणको बहुमत चुनावी दौड हुने गर्दछ । सन् १९९७ मा पारित भएको सम्वैधानिक संशोधनपछि राष्ट्रपतिलाई अहिले पुनर्निर्वाचनको लागि एकपटक मात्र चुनावमा जाने अनुमति छ । फर्नान्डो हेनरिक कार्दोसो (Fernando Henrique Cardoso) संशोधन पारित हुँदाका बखत बहाल रहनु भएका राष्ट्रपति सन् १९९८ मा भएको निर्वाचनमा ५३.१ प्रतिशत मत प्राप्त गरी पहिलो चरणमा विजयी हुनु भएको थियो । तर, लुइज इनासियो लुला डा सिल्भा (Luiz Inacio Lula da Silva) भने सन् २००२ मा भएको निर्वाचनमा पहिलो चरणमा ४५ प्रतिशत मत ल्याइ दोस्रो चरणको चुनावी दौडबाट विजयी हुनु भएको थियो ।

विधायिकाको निर्वाचनलाई नियमित गर्ने सम्बन्धी नियमहरु सन् १९४६ मा कायम गरेदेखि सारभूतरुपमा परिवर्तनबिना नै रहेका छन् । सिनेट त्यस्तो सभा हो जहाँ ब्राजिलका प्रदेशहरुको प्रतिनिधित्व हुन्छ । संघका २७ संघटक अंग प्रत्येकको तीन सिनेटरबाट प्रतिनिधित्व हुन्छ । निजहरु बढीमतद्वारा ८ वर्षको कार्यकालका लागि निर्वाचित हुन्छन् । प्रत्येक चारवर्षमा पालै-पालौ गरी एक तिहाइ र दुई तिहाइको सदस्यता नवीकरण गरिन्छ । दुई सिनेटरहरु निर्वाचन गर्नुपर्दा मतदाताहरुलाई एकमुष्ट मत प्रणालीअन्तर्गत दुई मत हुने गर्दछ ।

सहायकहरुको सभामा ५१३ सदस्य रहेका छन् र २६ राज्य र ब्रासिलिया बराबरकै २७ बहु-सदस्यीय निर्वाचन क्षेत्रबाट निर्वाचित हुन्छन् । निर्वाचन क्षेत्रको संख्या कुनै पनि राज्यमा ८ जनाभन्दा कम र ७० जना भन्दा बढी प्रतिनिधि नहुने व्यवस्थाको अधीनमा रही जनसंख्याबाट निर्धारण हुने हुन्छ । निर्वाचन खुला सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत हुने गर्दछ । प्रत्येक मतदातालाई एउटा मत प्राप्त हुन्छ र सो मत राजनीतिक दल वा उम्मेदवारलाई दिन सकिन्छ । प्रत्येक दलबाट उठेका उम्मेदवारहरुलाई दिइएको मत जगेडामा राखिन्छ र सो दलले प्राप्त गरेको

मतमा कुल दलगत मत निर्धारण हुन जोडिन्छ जसलाई प्रत्येक दललाई बाँडफाँड गर्ने स्थान संख्या निर्धारण गर्न प्रयोग गरिन्छ । प्रत्येक दलको सूचीमा रहेका सबभन्दा बढी मत पाउने उम्मेदवारले सो दललाई वितरण गरिएको स्थान पाई विजयी हुन्छ । सन् १९५० देखि स्थान वितरण दे ओन्त सूत्र (D'Hondt Formula) अन्तर्गत गरिदै आएको छ । कुनै निर्वाचन क्षेत्रमा पूरा कोटा प्राप्त नगर्ने दल स्थान प्राप्त गर्नबाट बञ्चित हुन्छ । सन् १९९८ सम्म कोटाको हिसाब किताब प्रतिनिधित्वको न्यूनतम सीमा विन्दु बढी बनाउने कुल सदर मत र खालि मतमा आधारित थियो ।

### जानाजान दूषित संविभाजन

सहायकहरुको सभाका निर्वाचनका लागि व्यवस्था भएका नियमहरु ब्राजिलियन निर्वाचन प्रणालीको सम्भवतः सबैभन्दा विवादास्पद तत्व हो । निर्वाचन क्षेत्रको आकारको तल र माथिको हद हुनु भनेको जनसंख्याको आधारमा प्रतिनिधिसभाको प्रतिनिधित्वको राज्यभरि नै असमान रहनु हो । यसले "एक व्यक्ति, एकमत, एक मूल्य" (OPOVOV) को सिद्धान्तलाई गम्भीर रुपमा उल्लङ्घन गर्दछ, जस्तो कि २९०,००० मतदाता र आठ स्थान रहेको आमापा (Amapa) भन्दा साओ पाउलो (Sao Paulo) मा २ करोड ५० लाखभन्दा बढी मतदाता रहेका छन् र ७० स्थान रहेको छ । दूषित संविभाजनले थोरै जनसंख्या हुने राज्यहरुलाई फाइदा पुग्दछ जहाँ निर्धन र कृषिमा आश्रित बढी छन् र यसबाट ठूला दलहरुलाई बेफाइदा हुने गर्दछ जसमा सम्पन्न तथा औद्योगिकृत बढी छन् । यही कारणले गर्दा यसलाई राजनीतिमा परम्परागतवादलाई पुनर्जीवित गर्ने मुख्य संयन्त्रमध्ये एक हो र यसबाट राजनीतिक दलहरु कमजोर भइरहेको आरोप लगाउने गरिन्छ ।

तर, यसको गुण छानविन हुन आवश्यक छ । दूषित संविभाजनको कारणबाट महत्वपूर्ण रुपमा घाटापर्ने एकमात्र राज्य साओ पाउलो हो जहाँ निर्वाचन क्षेत्रको आकार जनसंख्याको आकारसँग ठ्याक्कै मिलाउने हो भने प्रतिनिधिको संख्यामा करिब ४० स्थान वृद्धि गर्नुपर्ने हुन्छ । अन्य केही राज्यहरु सीमान्त रुपमा कम प्रतिनिधित्व भएका छन्, दोस्रो सबभन्दा घाटा मिनास जेराइस (Minas Gerais) (करिब ४ प्रतिनिधि) मा पर्ने गर्दछ । तसर्थ, दूषित संविभाजनको कारणले पुगेको घाटा केन्द्रीकृत छ । यसले सन १९४६ को संविधान निर्माताहरुको लक्ष्यलाई पनि प्रतिबिम्ब गरेको छ जो साओ पाउलो (तथा केही हदसम्म मिनास जेराइस) बाट पहिलो गणतन्त्रको रुपमा चिनिएको (१८९९-१९३०) को अवधिमा ब्राजिल संघ (फेडेरेस) नियन्त्रण भएको कुरामा सचेत थिए ।

दूषित संविभाजनले तुलनात्मक रुपमा निर्धन राज्यलाई राजनीतिक रुपमा फाइदा पुग्दछ भन्ने हदसम्म यसले सम्पतिको क्षेत्रीय पुनः वितरण प्रवर्द्धन गर्न मद्दत पुऱ्याउँछ, जुनकुरा ब्राजिल जस्तो उच्चस्तरमा क्षेत्रीय असमानता भएको मुलुकमा सानो परिणतिको विषय होइन ।

यसका अतिरिक्त बढी प्रतिनिधित्व गर्ने राज्यहरुले राष्ट्रियस्तरका कानूनलाई व्यवस्थित रुपमा रोक्ने भन्ने वारम्बारको अनुमान प्रमाणित रहने गरेको छ । यो जरुरी छैन कि बढी प्रतिनिधित्व भएका राज्यहरुको राजनीतिको ढाँचाको चरित्र चित्रणभन्दा कम प्रतिनिधित्व भएका राज्यहरुको फरक हुन्छ । ग्राहकमुखी अभ्यास सबै राज्यहरुमा हुने गर्दछ र निर्वाचनहरु यस्ता आम विषय हुन जसले उच्चस्तरको प्रतिस्पर्धा पैदा गर्दछ । यदि ब्राजिलबासीमा राजनीतिको ग्राहकमुखी चरित्र छ भने सहायकहरुको सभाको दूषित संविभाजन महत्वपूर्ण कारण हुने सम्भावना छैन ।

### दलहरुबीचको र दलहरुभित्रको प्रतिस्पर्धा

सहायकहरुको सभाका लागि हुने निर्वाचनमा खुला सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको प्रमुख विशेषतामध्ये एक विशेषता यो छ कि यसले अन्तरदलीय तथा दलभित्र दुबैको प्रतिस्पर्धालाई

प्रेरित गराउँछ । यी निर्वाचनहरु पूर्णरुपमा प्रतिस्पर्धापूर्ण छन् । उदाहरणको लागि, सन् २००२ मा सहायकहरुको सभाका ५१३ स्थानका लागि कुल ४९०१ उम्मेदवारहरु उठेका थिए । २७ निर्वाचन क्षेत्रमध्ये ९ निर्वाचन क्षेत्रमा मात्र १०० भन्दा कम उम्मेदवारहरु उठेका थिए । सबभन्दा कम संख्याको उम्मेदवार टोकान्टिन्स (Tocantins) मा ८ स्थानका लागि ६६ जना थिए । साओ पाउलोबाट ७० स्थानका लागि ७९३ उम्मेदवारहरु थिए, रियोबाट ४६ स्थानका लागि ६०२ र मिनास जेराइसबाट ६३ स्थानका लागि ५५४ उम्मेदवारहरु रहेका थिए । दलहरु एक अर्कामा प्रतिस्पर्धा गर्दछन् । आफ्ना दलहरुले प्राप्त गर्ने स्थानमा निर्वाचित हुन खोज्ने उम्मेदवारहरु आफ्ना दलहरुले प्राप्त गर्ने मतको लागि आपसमा प्रतिस्पर्धा गर्दछन् । यसले व्यक्तित्ववादतर्फ उन्मुख गराउँछ । भनिन्छ, यसलाई ब्राजिलका राजनीतिक दलहरुको कमजोरी, मतदाताहरु र निजका प्रतिनिधिबीचको ग्राहकमुखी सम्बन्ध तथा राष्ट्रिय विधायिकामा राष्ट्रियभन्दा स्थानीय विषयको प्राथमिक सरोकार रहने र कार्यक्रममुखी विषयभन्दा ग्राहकमुखी राजनीतिको जरो मानिन्छ ।

साथै, यस विचारलाई छानविन हुन आवश्यक छ । पहिलो कुरा, ब्राजिलमा विधायिकाको निर्वाचनमा व्यक्तित्ववादले मतदाताहरुको निर्णयलाई निर्देशित गर्छ भन्ने स्थापित विचार निकै टाढाको कुरा हो । यद्यपि, प्राथमिकता प्राप्त मत (जतिवेला मतदाताले दलमात्र नछानी विशेष उम्मेदवारको छनोट गर्दछ) को समानुपात दलगत मतको समानुपातभन्दा धेरै ठूलो हुनाले मतदाताहरुले वास्तविक रुपमा कसरी निर्णय गर्छन् भन्ने कुरा उक्त आंकडाले कमै देखाउँछ । मतदाताहरुले दललाईभन्दा तुलनात्मकरुपमा व्यक्तिलाई बढी भार दिए भने खास उम्मेदवारलाई मतदान गर्ने धेरै मतदाताहरुले निजले दल परिवर्तन गरेमा पनि त्यही उम्मेदवारलाई मतदान गर्ने अनुमान छ । यस विषयलाई प्रत्यक्ष रुपमा सम्बोधन गर्ने प्रयत्न अध्ययनले गरेको त छैन तापनि छरिएर रहेका प्रमाणले संकेत गरेका छन् कि विधायिकाको पदावधिको बीचमा दलबदल गर्ने प्रतिनिधिहरु कमै पुनर्निर्वाचित हुन्छन् र सो प्रमाणले निजहरु पहिलो पटक निर्वाचन हुँदा आफूले प्राप्त गरेको मत आफूसँग लिएर जान असक्षम भएको सुझाव दिएको छ ।

**मतदाता र तिनका प्रतिनिधिहरु**

मतदाता र तिनका प्रतिनिधिहरुबीचको सम्बन्धका बारेमा अझ कम थाहा पाइएको छ । समर्थकवाद तथा स्थानीयकरणको पक्षको ढाँचालाई खुलासा गर्ने प्रयास प्रशस्त भएका छ- जसलाई सफल निर्वाचन अभियान तथा विधायिकाको जीवन वृत्तान्तको आधार लिनै पर्दछ । जसले आफ्नो निर्वाचन क्षेत्रमा "धेरै पैसा" ल्याउछ त्यो नै सफल उम्मेदवार हो भन्ने गरिन्छ । तर, ब्राजिलको बहुसदस्यीय निर्वाचन क्षेत्र प्रणालीमा आठजना प्रतिनिधित्व गर्ने निर्वाचन क्षेत्रमा कम्तीमा एकजना वैयक्तिक सदस्य हुने गर्दछ जसले गर्दा खास सदस्य र नयाँ संचालन भइरहेको परियोजना बीचको सम्बन्ध कायम गर्न कठिन पर्ने हुन्छ । केही उम्मेदवारहरुले आफ्नो लागि वास्तविक अर्थमा भौगोलिक निर्वाचन क्षेत्र भाग लगाउनसक्ने र भाग लगाउन प्रयास गरे तापनि सहायकहरुको सभामा प्रवेश गराउने यो काम प्रभावकारी हुनसक्दैन । सफल उम्मेदवारहरुका मतहरुको भौगोलिक वितरण सम्बन्धी एक अध्ययनले देखाएको छ कि सन् १९९४ र सन् १९९८ मा मात्र करिब १७ प्रतिशत प्रतिनिधिहरुले यो रणनीति अपनाएका थिए, अर्थात् ती प्रतिनिधिहरु भौगोलिक रुपमा केन्द्रीकृत भएका स्थानहरुमा मतको ठूलो हिस्सा पाउन सक्षम भएका थिए । अरुले अपेक्षाकृत निर्धारण गरेको भौगोलिक क्षेत्रमा, एक अर्काबाट टाढा रहेका नियन्त्रणमा रहेको क्षेत्रमा प्रतिस्पर्धीसँग मत भाग लगाउने वा छरिएर रहेका भौगोलिक क्षेत्रहरुमा तिनीहरुको कुल मतको अपेक्षाकृत सानो हिस्सा प्राप्त गर्ने जस्ता अर्कै रणनीति अपनाएका थिए । निर्वाचनको प्रतिस्पर्धाको स्तर तथा संरक्षित निर्वाचन क्षेत्रको

अभावले एकजना प्रतिनिधि “आफ्नो कार्य इलाका” का बारेमा निश्चित रहन सक्दैन । साच्चै नै पुनर्निर्वाचनको दर त्यति धेरै माथि छैन । करिब ६० प्रतिशत प्रतिनिधिले पुनर्निर्वाचित हुन खोजेको अनुमान छ । तसर्थ, समर्थनबादले, कम्तीमा एकलौटी रुपमा, प्रतिनिधिहरु र मतदाताहरुबीचको सम्बन्धलाई चित्रण गर्दैन ।

**निर्वाचन प्रणालीले दललाई विखण्डन पुऱ्याउँछ त ?**

खुला सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली ब्राजिलमा रहेका जस्ता ठूला निर्वाचन क्षेत्रहरुमा कसरी संचालन हुन्छ सो विषयमा हामीले अझै पनि धेरै कुरा जान्नुपर्ने हुन्छ । तर, हामी यति कुरा थाहा पाउँछौ कि निर्वाचनहरु अत्यन्त प्रतिस्पर्धी हुने, पदमा रहेकालाई फाइदा तुलनात्मक रुपमा कमजोर हुने, प्रतिनिधिसभामा सदस्यहरुको निजहरुका निर्वाचन क्षेत्रसँगको सम्बन्ध फरक फरक हुने हुनाले सफल उम्मेदवारिताको ठोस रणनीति छैन ।

कुन हदसम्म निर्वाचन प्रणालीले समर्थकवाद तथा व्यक्तित्ववाद प्रतिनिधिसभाभित्र प्रवेश गराउँछ भन्ने कुरा कम्तीमा पनि प्रश्नवाचक होइन । व्यक्तिगतरुपमा प्रतिनिधिहरुको आचरणलाई आकारमा ल्याउन राष्ट्रपति तथा दलका नेताहरुले प्रयोग गर्नसक्ने संयन्त्रको छलफल गर्नु यस पुनरावलोकनको क्षेत्रभन्दा बाहिर जाने हुन्छ र प्रतिनिधिहरुले स्थानीयकरण गरिएका तथा खास निर्वाचन क्षेत्रका मागहरुको अतिरिक्त अन्य दबाबहरु पनि सामना गर्नुपर्ने हुन्छ । यी दवावहरु बढ्दो दलगत विखण्डनका प्रतिसन्तुलन हुन् ।

ब्राजिलको विधायिकामा हुने दलगत विखण्डनका लागि विगत पन्ध्र वर्षदेखि मुलुकले सामना गरिरहेका थुप्रै विकृतिहरु जिम्मेबार छन् । दलगत प्रणालीको उच्चस्तरमा हुने विखण्डन साधारणतया थुप्रै कारकतत्वको संयोजनले हुने गर्दछ जसमा निर्वाचन प्रणाली तथा यसका वैयक्तिक प्रवृत्तिहरु, राष्ट्रपतीय प्रणालीको विशेषताहरु तथा सन् १९८८ को संविधानद्वारा स्वीकार गरिएको मजबुत संघहरुसमेत समावेश हुन्छन् ।

तर, प्रतिनिधिसभामा विखण्डनको स्तर सन् १९९० को निर्वाचनदेखि करिब ८ प्रभावशाली राजनीतिक दलमा स्थिर रहेको छ । निर्वाचन कानूनका केही व्यवस्थाहरु ठूला दलहरुको पक्षमा रहेकाले र विखण्डन विरुद्ध काम गर्ने हुन्छ । उदाहरणको रुपमा, जुन मतको आधारबाट निर्वाचन कोटाको हिसाब हुन्छ, खालि मतपत्र गणना (जसले कोटालाई ठूलो बनाउँछ र बढी कठिन हुने हुन्छ) गर्ने र एउटा पनि कोटा नपाउने सबै दललाई बाँकी रहेको स्थानबाट बञ्चित गर्ने कुराहरु समावेश हुन्छन् ।

राष्ट्रपतिवाद तथा दलगत प्रणालीबीचको सम्बन्ध अझै पनि पर्याप्त रुपमा राम्रोसँग बुझ्न सकिएको छैन । यसले संघीय व्यवस्थालाई दलगत प्रणालीको विखण्डनको कारण देखाउँछ । ब्राजिलमा केही राष्ट्रिय दलहरु वास्तविक अर्थमा क्षेत्रीय दलहरुको गठबन्धन हुन् । साना दलहरु यी गठबन्धन बाहिर बाट विशुद्ध स्थानीयकरणहरुले गर्दा देखापर्ने गर्दछन् जसले गर्दा राष्ट्रियस्तरमा दलहरुको संख्या बढाउने गर्दछ । नयाँ दलहरु देखापर्ने यो नै यथार्थ वा एक मात्र कारण हो वा होइन र संघीय व्यवस्था नै दल विखण्डनको कारण हो वा ब्राजिलजस्तो ठूलो मुलुकलाई प्रजातान्त्रिक रुपमा संचालन गर्न यसले समायोजन गर्नुपर्ने क्षेत्रीय चासोका विभिन्न विषयहरुको प्रतिबिम्ब हो सो भने अस्पष्ट छ ।

यद्यपि, पोल्याण्डमा बन्द सूची प्रयोग गरिएको भए दलहरुले गरेको मनोनयनबाट आउने निर्वाचन परिणामभन्दा मतदाताहरु आफैंले बढी महिलाहरु निर्वाचन गर्न खुला सूची प्रयोग गर्न इच्छुक भएको देखाएका थिए ।

१२६. खुला सूची प्रणालीमा थप लचकता थप्न केही मुलुकहरुमा अन्य उपायहरु पनि प्रयोग गरिएका छन् । लग्जेम्बर्ग तथा स्विट्जरल्याण्डमा जति स्थान पूर्ति गर्नु पर्ने हो मतादाताहरुले त्यति नै मत दिन पाउनेछन् र निजहरुले आफूले उचित देखेअनुसार एकल दलको सूची भित्रको उम्मेदवारहरु वा विभिन्न दलहरुको सूची भित्रको उम्मेदवारहरुलाई वितरण गर्न सक्दछन् । विभिन्न दलका सूची भित्रको एक भन्दा बढी उम्मेदवारलाई मतदान गर्न पाउने (जसलाई "प्यानाशेज भनिन्छ) वा अत्यन्त धेरै मन पराएको एकल उम्मेदवारलाई नै एक भन्दा बढी मतदान गर्न सक्ने (जसलाई "क्युमुलेशन भनिन्छ) दुबै तरिकाले मतदातालाई नियन्त्रणको थप उपाय प्रदान गर्ने गर्दछन् जसलाई यहाँ खुला सूची प्रणालीको रुपमा वर्गीकरण गरिएको छ ।

**मोर्चाबन्दी**

१२७. उच्च प्रभावकारी न्यूनतम सीमाले स-साना दलहरुको विरुद्धमा भेदभाव गर्नसक्ने हुन्छ र वास्तवमा, केही अवस्थाहरुमा यो अभिव्यक्त गर्ने उद्देश्य पनि हो । तर धेरैजसो अवस्थामा साना दलहरु विरुद्धको नियोजित भेदभाव खासगरी धेरै स-साना दलहरुका समान तरिकाले समर्थन गर्ने आधारले तिनीहरुको संयुक्त मतलाई विभाजन गर्दछ र न्यूनतम सीमाभन्दा तल झार्दछ यस्तो कुरा अवान्छित देखिन्छ, जबकि तिनीहरु संलग्न भएको समूहले विधायिकामा केही स्थान जित्न पर्याप्त हुने गरी संयुक्त मत पाउन सक्दथ्यो । यस समस्याबाट छुटकारा पाउन सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली प्रयोग गर्ने मुलुकहरुले निर्वाचनको प्रयोजनका लागि साना दलहरुलाई एकसाथ समूहमा आउन अनुमति दिने गरेका छन् । यसरी निर्वाचनमा प्रतिस्पर्धा गर्न तिनीहरुले कार्टेल वा मोर्चाबन्दी (Apparentement) वा स्टेमबुसाकोर्ड (stembusacoord) बनाउने गर्दछन् । यसको अर्थ दलहरु छुट्टै निकायका रुपमा रहन्छन् भन्ने हो र मतपत्रमा तिनीहरु छुट्टै सूचीकृत हुन्छन् । तर प्रत्येकले प्राप्त गरेको मतलाई तिनीहरु समुच्चा कार्टेलमा रहे झै गरी मतगणना गरिन्छ र यसलेगर्दा तिनीहरुले पाएको संयुक्त मत न्यूनतम सीमाभन्दा बढी हुन सक्ने अवसर वृद्धिहुने र त्यसबाट तिनीहरुले थप प्रतिनिधित्व पाउन सक्ने हुन्छन् । यो उपाय कन्टिनेन्टल युरोप, ल्याटिन अमेरिका (जहाँ छाता दलहरुलाई "लेमा" भनिन्छ) र इजराइलमा सूचीमा आधारित थुप्रै समानुपातिक प्रतिनिधित्व प्रणालीको एक विशेषताको रुपमा रहेको छ । तथापि, यो उपाय अफ्रिका तथा एसियामा समानुपातिक प्रतिनिधित्व प्रणालीभित्रको एक दुर्लभ कुरा हो र इण्डोनेसियामा सन् १९९९ पछि साना दलहरुको कार्टेलले समग्रमा प्रतिनिधित्व पाए पनि दलको हैसियतमा तिनीहरुले स्थान गुमाएको तथ्य पत्ता लागेपछि यसलाई उन्मूलन गरिएको थियो ।

## मिश्रित प्रणाली

१२८. मिश्रित प्रणालीले बढीमत/बहुमत निर्वाचन वा "अन्य" प्रणाली र समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली दुबैका सकारात्मक गुणहरुलाई मिलाउने प्रयास गर्दछ । मिश्रित निर्वाचन प्रणालीमा विभिन्न सूत्रहरु एक अर्कामा संगसंगै प्रयोग गरिएका दुई निर्वाचन प्रणाली हुन्छन् । उही मतदाताहरुले मतदान गर्दछन् र दुवै निर्वाचन प्रणाली अन्तर्गतका प्रतिनिधिहरुको निर्वाचनका लागि योगदान

पुऱ्याउछन् । ती प्रणालीहरुमध्ये एउटा एकल-सदस्यीय निर्वाचन क्षेत्र प्रणाली अपनाउने बढीमत/बहुमत प्रणाली (कहिलेकाही "अन्य" प्रणाली) हो भने अर्को चाहिं सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली हो । मिश्रित प्रणालीका दुई स्वरुपहरु छन् । बढीमत/बहुमत (वा अन्य) निर्वाचन क्षेत्रका स्थानमा के भएको छ त्यसमा निर्भर रही समानुपातिक प्रतिनिधित्वको आधारमा निर्वाचित स्थान वितरण गर्ने र त्यसबाट उत्पन्न हुने कुनै अमिल्दो अनुपात बापत क्षतिपूर्ति स्थान दिई दुई किसिमका निर्वाचनको परिणामलाई जोडिन्छ भने सो प्रणालीलाई "मिश्रित सदस्य समानुपातिक प्रणाली" भनिन्छ । जहाँ दुई निर्वाचन प्रणालीहरु छुट्टै तथा फरक हुन्छन र स्थान वितरणका लागि एकअर्काप्रति निर्भर हुदैनन्, त्यस्तो निर्वाचन प्रणालीलाई "समानान्तर प्रणाली" भनिन्छ । मिश्रित सदस्य समानुपातिक प्रणालीले साधारणतया समानुपातिक परिणामको निर्वाचन परिणाम दिन्छ भने समानान्तर प्रणालीले बढीमत/बहुमत तथा समानुपातिक प्रतिनिधित्व प्रणाली बीचको समानुपातिक निर्वाचन परिणाम दिन सक्ने हुन्छ ।

### *मिश्रित सदस्य समानुपातिक*

१२९. मिश्रित सदस्य समानुपातिक प्रणालीअन्तर्गत निर्वाचन क्षेत्रका स्थानको परिणामले पैदा गरेको कुनै पनि अमिल्दो अनुपातको क्षतिपूर्ति गर्न समानुपातिक प्रतिनिधित्व अन्तर्गतका स्थान दिइन्छ । उदाहरणको लागि कुनै एक दलले राष्ट्रिय स्तरमा १०% मत जितेको छ, तर कुनै पनि निर्वाचन क्षेत्रको स्थान जितेको छैन भने त्यसपछि विधायिकामा सो दलको प्रतिनिधित्व गराउन १०% सम्म स्थान समानुपातिक प्रतिनिधित्वको सूचीबाट सो दललाई पर्याप्त स्थान दिइन्छ । मतदाताहरुले जर्मनी तथा न्युजिल्याण्डमा दुई अलग-अलग छनोट प्राप्त गर्न सक्छन् । वैकल्पिक रुपमा, एक-एक निर्वाचन क्षेत्रका कुल उम्मेदवारहरुमध्ये दलहरुले प्राप्त गरिरहेका छनोट अधिकारमध्येबाट मतदाताहरुले एक मात्र छनोट गर्न सक्छन ।

**तालिकाः ४ मिश्रित सदस्य समानुपातिक प्रणाली प्रयोग गर्ने मुलुकहरु**

| मुलुक | समानुपातिक प्रतिनिधित्वको लागि छुट्टाइएको स्थान संख्या | बढीमत/बहुमत वा (अन्य) प्रणालीको लागि छुट्टाइएको स्थान संख्या | बढीमत/बहुमत (वा अन्य) प्रणाली | कुल स्थान संख्या |
|---|---|---|---|---|
| अल्बानिया | ४० (२९%) | १०० (७१%) | पहुनिहु | १४० |
| बोलिभिया | ६२ (४८%) | ६८ (५२%) | पहुनिहु | १३० |
| जर्मनी | २९९ (५०%) | २९९ (५०%) | पहुनिहु | ५९८ |
| हंगेरी | २१० (५४%) | १७६ (४६%) | दुचप्र | ३८६ |
| इटाली | १५५ (२५%) | ४७५ (७५%) | पहुनिहु | ६३० |
| लेसोथो | ४० (३३%) | ८० (६७%) | पहुनिहु | १२० |
| मेक्सिको | २०० (४०%) | ३०० (६०%) | पहुनिहु | ५०० |
| न्युजिल्याण्ड | ५५(४६%) | ६५ (५४%) | पहुनिहु | १२० |
| भेनेजुएला | ६५ (३९%) | १०० ( ६१%) | पहुनिहु | १६५ |

१३०. मिश्रित सदस्य समानुपातिक अल्बानिया, बोलिभिया, जर्मनी, हंगेरी, इटाली, लेसोथो, मेक्सिको, न्युजिल्याण्ड र भेनेजुएलामा प्रयोग गरिन्छ। यी मुलुकहरुमध्ये एउटामा बाहेक सबैमा निर्वाचन क्षेत्रका स्थानहरुमा पहिलो हुने निर्वाचित हुने प्रणाली प्रयोग गरी निर्वाचित हुन्छन्। हंगेरीले दुई-चरण प्रणाली प्रयोग गर्दछ भने इटालीको विधि तुलानात्मक रुपमा निकै जटिल छ। यहाँ तल्लो सदनका एक चौथाई स्थानहरु एकल-सदस्यीय निर्वाचन क्षेत्रमा खेर गएका मतहरुको क्षतिपूर्तिगर्न आरक्षण गरिएका छन्।

# लेसोथेः अफ्रिकाको पहिलो मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली

जोगन एल्किट

सन् १९९८ को मेमा लेसोथोमा सम्पन्न भएको राष्ट्रिय सभाको साधारण निर्वाचनको परिणाम ज्यादै स्पष्ट थियो। राष्ट्रिय सभाका ८० मध्ये ७९ स्थान लिई सत्तारुढ लेसोथो कंग्रेस फर डेमोक्र्यासी (Lesotho Congress for Democracy, LCD) मत प्राप्त गरी अत्यधिक रुपमा निर्वाचनमा विजयी भयो।

एकमात्र समस्या थियो कि एलसीडीले ६० प्रतिशतभन्दा अलिकति बढी मात्र मतदाताको समर्थन पाएको थियो। विजयी भएको स्थानको संख्याको अर्थमा निर्वाचन परिणाम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीले कसरी राजनीतिक दलहरुले पाएको मतको अंश र विजयी गरेको स्थानको अंशबीचमा असाधारण रुपमा असमानता कायम गर्दछ भन्ने अर्को एक उदाहरण थियो। यस किसिमको असमानता आश्चर्य मान्नुपर्ने विषय होइन- यस्तो पहिले पनि भएको थियो तर, यो निर्वाचनपछि हार्ने दलहरुले र खासगरी प्रमुख विपक्षी दल, बासोथो नेसनल पार्टी (Basotho National Party, BNP) ले "धाँधली" भएको भनी आवाज उठायो। यो कुरा नौलो थिएन। तर यो दुःखद आश्चर्य थियो कि सन् १९९८ को निर्वाचन परिणाम (जसलाई गंभीर रुपमा कहिल्यै पनि चुनौती दिइएको थिएन) को समग्र रुपमा स्वच्छताको बारेमा आरोपहरु लगाइएको थियो, निर्वाचन परिणाम प्रकाशन भएको केही समयपछि नै यसले सर्वसाधारणलाई यतिसम्म क्रुद्ध बनायो कि तिनीहरुले सडकमा विद्रोह गरी राजधानी मासेरुका सार्वजनिक तथा निजी भवनहरु आगजनी गर्ने तथा भत्काउने काम गर्न थाले।

सरकारले दक्षिण अफ्रिकी विकास समुदाय (Southern African Development Community, SADC) लाई हस्तक्षेप गर्न आव्हान गरेको थियो र मुख्य रुपमा दक्षिण अफ्रिकाका सशस्त्र बललाई तैनाथ गरी एसएडीसीले त्यसो गरेको थियो। शान्ति र व्यवस्था पुनर्बहाली भएपछि २ अक्टुबर, १९९८ मा एक सम्झौता सम्पन्न भयो (पछिबाट एसएडीसीले त्यसमा प्रत्याभूति दिएको थियो)। यसले अन्तरिम राजनीतिक प्राधिकरण स्थापना गर्नको लागि आव्हान गरेको थियो। सो सम्झौताअनुसार निर्वाचनमा भाग लिने १२ राजनीतिक दल प्रत्येकलाई जतिसुकै कम मतदाताको समर्थन पाएको भए तापनि २ स्थान दिइएको थियो। प्राधिकरणलाई दिइएको निर्देशनमा एक नयाँ निर्वाचन प्रणाली विकास गर्नु थियो र लेसोथोको शान्तिपूर्ण प्रजातान्त्रिक विकासका लागि अन्य राजनीतिक तथा प्रशासनिक उपायहरुको सुदृढीकरण गर्न सुझाव दिनु थियो। तर, सम्पूर्ण सिफारिसहरु सरकारसमक्ष पेस गर्नुपर्ने थियो, जसले सामान्य प्रक्रियाबाट कानून बनाउन संसद्समक्ष राख्थ्यो।

प्राधिकरणको स्थापनासम्बन्धी विचारलाई पछाडि स्पष्ट रुपमा सङ्क्रमण प्रक्रियाको पहिलो चरणका बखत दक्षिण अफ्रिकामा भएको वार्ता प्रक्रियाले उत्प्रेरण गरेको थियो । तर दुई प्रक्रियाहरु फरक-फरक भएको र संस्थागत समाधानहरु पनि फरक भएको कुरामा ध्यान दिइएको थिएन । त्यसपछि लेसोथोमा राजनीतिक प्रक्रियाहरु सजिला थिएनन् र यो आश्चर्य हुन सक्दैन कि प्राधिकरणमा रहेको विपक्षको अत्यधिक बहुमत २२ का विरुद्ध तत्कालको सरकारको २ मत वार्ताको रचनात्मक वातावरणका लागि सहायक हुन सकेको थिएन ।

प्राधिकरणका प्रतिनिधिहरु जसमध्ये कसैले पनि राष्ट्रिय सभामा आफ्नो लागि एक स्थान सुनिश्चित गर्न सकेका थिएनन् तिनीहरु त्यस्तो निर्वाचन प्रणाली सुझाव दिन इच्छुक देखिन्थे जसले एकल-सदस्यीय निर्वाचन क्षेत्रलाई कायम राखी सन् १९९८ मा भएको अवस्थाभन्दा धेरै बढी समानुपातिक निर्वाचन परिणाम दिन सकोस् । स्पष्ट छ यसको समाधान भनेको मिश्रित सदस्यीय समानुपातिक प्रणाली वा समानान्तर प्रणाली हुन सक्दथ्यो । निर्वाचन प्रणालीका सम्बन्धमा प्रस्तुति दिन एकजना जर्मन विशेषज्ञ आमन्त्रित गरिएको थियो जसले सो विषय प्रस्तुत गरेपछि प्राधिकरणको बहुमतले केही स्थानहरु एकल-सदस्यीय निर्वाचन क्षेत्रमा वितरण गरिएको र अन्य स्थानहरु क्षतिपूर्तिका आधारमा दलगत सूचीबाट वितरण गरिएको मिश्रित सदस्यीय समानुपातिक प्रणालीको विकल्प रोजेको थियो । एलसीडीले विधायिकाको पूर्ण नियन्त्रणमा समानान्तर प्रणालीको विकल्प रोज्ने निर्णय गऱ्यो जुन प्रणालीले एलसीडीलाई एकल-सदस्यीय निर्वाचन क्षेत्रमा अपेक्षा गरेको जस्तै अत्यधिक उच्च स्थान दिन सक्दथ्यो र एकल-सदस्यीय निर्वाचन क्षेत्रमा वितरण नगरिएका स्थानहरुको लागि मतदान भएको मतको हिस्सालाई प्रतिबिम्ब गर्ने थप संख्या पनि दिन सक्दथ्यो ।

छिटै नै यो कुरा बाहिर आयो कि स्थान बाँडफाँडको सूत्र, औपचारिक निर्वाचन न्यूनतम सीमा, अनिश्चित जनादेश, एक वा दुई मत पेटिका र त्यस्तै अन्य कुरा जस्ता मिश्रित सदस्यीय समानुपातिक प्रणालीमा जान निर्णय गर्दाका बखत ध्यानदिनुपर्ने विषयहरुको सम्पूर्ण व्यावहारिक विवरणका सम्बन्ध प्राधिकरणलाई जानकारी थिएन । प्राधिकरणका अधिकांश सदस्यहरु ८० एकल-सदस्यीय निर्वाचन क्षेत्र राख्ने राम्रो विचार भएको र ५० क्षतिपूर्ति बापतका स्थान हुनुमात्र स्वाभाविक भएको कुरामा सहमत भएका देखिन्थे तापनि दुई वर्गका स्थानहरुको संख्या पनि एउटा विषय थियो । पछिल्लो सुझावको आधार अलि उट्पट्याँग थियो । अतीतमा लेसोथोमा ६५ एकल-सदस्यीय निर्वाचन क्षेत्रहरु थिए । यदि सो संख्यामा फर्किने हो र त्यति नै संख्या क्षतिपूर्ति संख्याका स्थानको जर्मनीमा भएजस्तै रुपमा जोड्ने हो भने नेसनल एसेम्बलीमा कुल सदस्यहरु १३० हुन्थे । तर, राष्ट्रिय सभाको आकार १३० हुने हो भने, तत्काल कायम रहेका एकल-सदस्यीय निर्वाचन क्षेत्रको संख्या ८० रहेको र तुरुन्तै भविष्यमा सो संख्या परिवर्तन हुनसक्ने कल्पना गर्न कठिन भएकोले क्षतिपूर्ति बापतका स्थान संख्या ५० हुनुपर्ने छ । सरकारले अन्य कारणहरुको अतिरिक्त लेसोथो एक सानो र निर्धन मुलुक भएको र यसमा मनासिब संख्यामा मात्र संसदीय स्थान हुनुपर्ने भएको कारणले यो संख्यालाई चुनौती दिएको थियो ।

राजनीतिक द्वन्द्व बुझ्न सजिलो थियो । प्राधिकरण जसलाई राजनीतिक समस्याको संस्थागत समाधान गर्ने सुझाव दिन कार्यक्षेत्र दिएको थियो, ८० एकल-सदस्यीय निर्वाचन क्षेत्र र ५० क्षतिपूर्ति बापतको स्थान भएको मिश्रित सदस्यीय समानुपातिक प्रणालीको जोडदार पक्षमा थियो भने सरकार जसले विधायिकाको पूर्ण नियन्त्रणमा प्राधिकरणका सम्पूर्ण सुझावहरु पारित गर्नुपर्दथ्यो, उही ८० स्थानमा एकल-सदस्यीय निर्वाचन क्षेत्र र एकल-सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिएको सोही मत पेटिकाको आधारमा (प्राथमिकता दिइएको) छुट्टै वितरण गरिने संभवत: ४० स्थान रहेको समानान्तर प्रणाली नै उत्तम समाधान हुने तर्क दिएको थियो । तथापि, दोस्रो मतपेटिका पनि एक विकल्प थियो ।

दुईपक्षबीचको अविश्वास तथा त्यही संम्झौतामा समावेश समझदारीको कारणले गर्दा निर्वाचन प्रणालीउपर राजनीतिक सम्झौता हुन केही समय लाग्यो । लामो समयपछि अन्ततः यो सहमति भयो कि निर्वाचन प्रणाली मिश्रित सदस्यीय समानुपातिक प्रणाली (जुन चाहिं विपक्षको मुख्य लक्ष्य थियो) रहने, जसमा स्थान संख्या १२० (८०+४०) हुनुपर्दछ, जुनचाहिं सरकार पक्षका लागि अत्यन्त महत्वपूर्ण थियो । सरकारले आफ्ना सबै पत्तीहरु आफ्नो अत्यधिक संसदीय बहुमत मार्फत फ्याँकेको थियो । यो स्पष्ट थियो कि, व्यापक स्वीकृति र त्यसबाट हुने संशोधनको वैधताका लागि केही सहुलियत दिनुपर्ने नै थियो । त्यसपछिको संवैधानिक संशोधनलाई नेसनल एसेम्बलीमा मात्र नभएर सिनेट (मुख्यतः प्रमुखहरुबाट बनेको) मा पनि बलियो समर्थन चाहिएको थियो । किन सम्झौता आवश्यक थियो भन्ने यो पनि अर्को कारण थियो । यसको कारण यो हो कि संवैधानिक संशोधनउपर दुवै सदनहरु सहमत हुन नसकेमा यसलाई जनमत संग्रहमा राख्नु पर्दथ्यो र निर्वाचन मतदाता नामावलीको असहमतिले गर्दा यो साँच्चै नै सम्भव थिएन । लामो समयपछि अन्ततः सन् २००१ को मेमा औपचारिक रुपमा संवैधानिक संशोधन पारित भएको थियो । त्यसपछि मात्र निर्वाचन कानूनमा हुने आवश्यक परिवर्तनउपर विचार हुन सक्दथ्यो ।

सन् १९९८ को अन्तर्राष्ट्रिय रुपमा प्रत्याभूति दिइएको सम्झौताले सन् २००० को मेमा छिटै नै निर्वाचन गर्नुपर्ने व्यवस्था गरेको थियो । यो पूर्णतः अयथार्थवादी थियो । किनभने, सरकार र विपक्षी साँच्चै नै बोलचाल गर्ने अवस्थामा थिएनन् र नयाँ स्वतन्त्र निर्वाचन आयोग अप्रिलमा मात्र गठन भएको थियो । त्यसपछि, एकवर्ष निर्वाचन विलम्ब गर्ने सम्बन्धमा सम्झौता भएको थियो । तर, पर्याप्त मतदाता नामावली दर्ता प्रणालीको विषयमा भएको चासोले निर्वाचन प्रणालीको बारेमा सम्झौतामा पुग्न थप विलम्ब भएको थियो । जसको अर्थ यो थियो कि नयाँ आम निर्वाचन सन् २००२ को मेमा मात्र सम्भव भएको थियो ।

निर्वाचन मनासिव तवरले राम्रैसँग गयो । एलसीडीले पूर्ण रुपमा अनपेक्षित रुपमा दलगत (समानुपातिक प्रतिनिधित्व) को ५५ प्रतिशत मत तर सम्पूर्णमध्ये ६५ प्रतिशत स्थान जितेको थियो । यसको कारण के थियो भने सो दलले निर्वाचन भएका दिन प्रतिस्पर्धा भएका एकल-सदस्यीय निर्वाचन क्षेत्रका ७८ मध्ये (उम्मेदवारहरुको मृत्यु भएकोले २ स्थानमा निर्वाचन स्थगन भएको थियो, तर पछि एलसीडीले नै ती स्थानमा पनि विजय गरेको थियो) ७७ स्थानमा विजय गरेको थियो । यस प्रणालीमा त्रिशंकु जनादेश थिएन । तसर्थ, विपक्षले सम्पूर्ण ४० क्षतिपूर्ति बापतका स्थान प्राप्त गरेको थियो ।

आठमध्ये सात विपक्षी दलको ती दलले पाएको मतको अंशको तुलनामा स्थानको हिसाबमा कम प्रतिनिधित्व भएको थियो । तर, यो कम प्रतिनिधित्व भएको अवस्था सन् १९९८ को भन्दा ज्यादै कम थियो र लेसोथोका राष्ट्रिय सभा अहिले राजनीतिक प्रतिनिधित्वको अर्थमा स्वच्छ रुपको प्रतिनिधि निकाय भएको छ । यसरी सन् १९९८ को समस्यापछि निकासका प्रयासको उद्देश्य निश्चय नै हासिल भएको छ ।

यो स्पष्ट छ कि (क) एक दलले लगभग सबै एकल-सदस्यीय निर्वाचन क्षेत्रका स्थान लिने संयोजन, (ख) केवल ३३ प्रतिशत स्थानमात्र क्षतिपूर्ति बापतका स्थान हुने, र (ग) बचत स्थानको अभावले केही हदसम्मको अमिल्दो समानुपातिकता भविष्यमा पनि निरन्तर रहने हुन्छ । तर, सन् १९९९-२००१ को मेलमिलाप खोज्ने विलम्ब भइसकेको राजनीतिक प्रक्रियाको अवधिमा हासिल भएको प्रणालीमा भएका सुधारहरु जतिवेला एक सानो तथा निर्धन मुलुकमा संसद्मा धेरै सदस्यहरु हुनु हुँदैन भन्ने चासो पनि आएको थियो, सोको सन्दर्भमा यसले कमै मूल्य चुकाउनुपर्ने देखिन्छ ।

भेनेजुएलामा १०० स्थान पहिलो हुने निर्वाचित हुने स्थान छन् भने बाँकी रहेका स्थानहरु राष्ट्रिय सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व र थप क्षतिपूर्तिका स्थान हुन् । मेक्सिकोमा (विषय अध्ययन हेर्नुहोस्) २०० सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व हुने स्थानहरुले पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गतका ३०० स्थानहरुको निर्वाचन परिणामबाट हुने असन्तुलन साधारणतया ठूलो हुने गर्दछ र सो असन्तुलनलाई क्षतिपूर्ति गर्ने गर्दछ । लेसोथोको द्वन्द्व पछिको निर्वाचन प्रणालीमा ८० स्थान पहिलो हुने निर्वाचित हुने र ४० स्थान क्षतिपूर्ति स्थान रहेका छन् ।

मिश्रित सदस्यीय समानुपात भनेको मिश्रित प्रणाली हो जसमा मतदाताहरुबाट अभिव्यक्त हुने छनोटलाई दुई भिन्न प्रणालीहरु - एक सूचीमा आधारित समानुपातिक प्रणाली र (साधारणतया) एक बढीमत/बहुमत प्रणाली मार्फत प्रतिनिधिहरु निर्वाचन गर्न प्रयोग गर्ने गरिन्छ- जहाँ बढीमत/बहुमत प्रणालीबाट हुन गएको निर्वाचन परिणामको अमिल्दो अनुपातको लागि सूचीमा आधारित समानुपातिक प्रणालीले क्षतिपूर्ति दिने गर्दछ ।

१३१. यद्यपि मिश्रित सदस्यीय समानुपातिक निर्वाचन परिणामलाई समानुपातिक बनाउन तय गरिएको भए तापनि एक सदस्यीय निर्वाचन क्षेत्रमा निर्वाचन परिणामको अनुपात यति धेरै अमिल्दो हुन्छ कि सूचीमा आधारित स्थानहरुले यसलाई पूर्ण रुपमा क्षतिपूर्ति गर्न नै सक्दैनन् । जतिबेला समानुपातिक प्रतिनिधित्व अन्तर्गतका निर्वाचन क्षेत्रहरु राष्ट्रिय स्तरमा नभएर क्षेत्रीय वा प्रान्तीय स्तरमा निर्धारण गरिन्छन् त्यसवेला यस्तो हुने बढी सम्भावना रहन्छ । यसरी एउटा दलले कुनै क्षेत्र वा प्रान्तका बढीमत/बहुमतमा आधारित स्थानहरु सो दलले सो क्षेत्रमा पाउने मतभन्दा बढी जित्न सक्छन् । विधायिकाको आकारलाई अलिकति वृद्धि गरिएमा यो प्रश्नको समाधान, समानुपातिक ढंगबाट गर्न सकिन्छ । यस्ता थप स्थानहरुलाई अतिरिक्त स्थान जनादेश (Overhang mandate) वा (Uberhangsmandaten) भनिन्छ । जर्मनीका अधिकांश निर्वाचनमा यस्तो भएको थियो र न्युजिल्याण्डमा पनि यसको सम्भावना छ । यसको ठीक विपरीत, लेसोथोमा विधायिकाको आकार निश्चित छ र सन् २००२ मा भएको पहिलो मिश्रित सदस्यीय समानुपात अन्तर्गतको निर्वाचनका परिणामहरु पूर्ण रुपमा समानुपातिक थिएनन् (हेर्नुहोस् विषय अध्ययन) ।

१३२. *फाइदा र बेफाइदाहरु:* मिश्रित सदस्यीय समानुपातमा समानुपातिक प्रतिनिधित्व प्रणालीको फाइदाहरु त रहन्छन् नै र यसले निर्वाचित प्रतिनिधिहरुको भौगोलिक निर्वाचन क्षेत्रसंग सम्वन्ध रहने कुरालाई समेत सुनिश्चित गर्दछ । तर, यसमा मतदातामा दुईवटा मत हुन्छन् । एउटा दलको लागि र अर्को निजहरुको स्थानीय प्रतिनिधिको लागि । विधायिकामा समग्र रुपमा स्थान वितरण गर्दा सधैंभरी यो आँकलन गरिदैन कि स्थानीय प्रतिनिधिलाई दिइएको मत दललाई दिइएका मतभन्दा कम महत्वको हुन्छ । यसका अतिरिक्त, मिश्रित सदस्यीय समानुपातले दुई बर्गका विधायकहरु बनाउने गर्दछ । एक समूह मुख्य रुपमा निर्वाचन क्षेत्रप्रति जिम्मेवार र कृतज्ञ हुन्छ भने अर्को समूह भौगोलिक बन्धनविना दलप्रति कृतज्ञ भई राष्ट्रिय सूचीबाट आउँछ । यसबाट दलका निर्वाचित प्रतिनिधिहरुको समूहमा एक आपसमा मिलेर गर्ने काममा प्रभाव पर्न सक्ने हुन्छ ।

१३३. मतलाई स्थानमा रुपान्तरण गर्दा, मिश्रित सदस्यीय समानुपात सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व जत्तिकै समानुपातिक हुन सक्दछ । त्यसैले, समानुपातिक प्रतिनिधित्वका यस अघि नै उल्लेख गरिएका फाइदा तथा बेफाइदाहरु यसमा पनि हुन्छन् । तर, मिश्रित सदस्यीय समानुपात

कहिलेकाहीं सूचीमा आधारित सोझो समानुपातिक प्रतिनिधित्वभन्दा कम प्राथमिकताको विषय देखिन्छ, त्यसको एउटा कारण हो, यसले त्यस्तो अस्तव्यस्तता सृजना गर्न सक्दछ, जसलाई “रणनीतिक मतदान” भनिन्छ । सन् १९९६ मा न्युजिल्याण्डमा वेलिङ्गटन सेन्ट्रलको निर्वाचन क्षेत्रमा नेसनल पार्टीका रणनीतिहरुले नेसनल पार्टीका उम्मेदवारलाई मतदान नगर्न मतदाताहरुलाई अह्वान गरेका थिए किनभने, मिश्रित सदस्यीय समानुपात अन्तर्गतको निर्वाचनबाट नेसनल पार्टीलाई अर्को थप स्थान दिन नसक्ने बरु यसले निजहरुले दलगत सूचीको आधारमा पाउन सक्ने एक स्थानलाई विस्थापित गर्न सक्ने हिसाब किताब गरेका थिए । त्यसो हुनाले, नेसनल पार्टीका लागि आफ्नो दलको उम्मेदवारलाई समर्थन दिई मत खेरफाल्नु भन्दा नेसनल पार्टीको विचार तथा सिद्धान्तप्रति सहानुभूति भएको अर्को दलको उम्मेदवार विजयी हुने देखिन्छ ।

# मेक्सिकोः निर्वाचन सुधार मार्फत प्रजातन्त्रीकरण

जेफ्री ए. वेल्डन

मेक्सिकोमा मजबुत विधायिका, कार्यपालिका र न्यायपालिका सहितको राष्ट्रपति प्रणाली छ । शक्ति पृथकीकरणको अवधारणाले सन् १९२९ देखि १९७७ सम्म व्यवहारमा राम्रोसँग काम गर्न सकेन, जतिवेला एकल औपचारिक दल- इष्टिच्युसनल रिभुल्युसनरी पार्टी (PRI) ले कार्यपालिका तथा काँग्रेस दुवैलाई नियन्त्रण गरेको र पुनर्जीवन पाएको थियो । अहिले आएर संघीयस्तरमा राजनीतिक मूर्धन्य राजनीतिक संरचना भएको छ ।

राष्ट्रपति बढीमत प्रणालीबाट छानिने व्यवस्था छ । सन् १९८८ र १९९४ का निर्वाचनहरुमा विजेताले मतदानको करिब आधाजति मत प्राप्त गरेका थिए । तर, सन् २००० को निर्वाचनमा विजयी उम्मेदवार, भिसेन्त फक्स (Vicente Fox) ४२.५ प्रतिशत मात्र मत प्राप्त गरी विजयी हुनु भएको थियो । पहिलो चरणमा कुनै पनि उम्मेदवारले पूर्ण बहुमत प्राप्त गर्न नसकेमा दुई प्रमुख प्रतिस्पर्धीबीच चुनावी दौडको निर्वाचन गर्ने व्यवस्था लागू गर्न संविधानमा संशोधन गर्ने प्रस्ताव कायम नै छ । त्यसको सफलता प्रमुख रुपमा प्रमुख राजनीतिक दलहरुको निर्वाचनमा सफल हुने सम्भावना र दोस्रो चरणमा लाग्ने खर्चको हिसाबमा निर्भर गर्ने हुन्छ ।

राष्ट्रपति ६ वर्षको पदावधिको लागि निर्वाचित हुन्छ र निज कहिल्यै पनि पुनर्निर्वाचित वा पुनर्नियुक्त हुन सक्दैन । यसले राष्ट्रपतिलाई सत्तामा चुर्लुम्म डुब्न रोक्दछ । तर यसले जवाफदेहितालाई पनि ह्रास गर्दछ, किनकि निजले कहिल्यै पनि पुनः मतदाताहरुको सामना गर्नु पर्दैन । राष्ट्रपति पुनर्निर्वाचनलाई प्रतिबन्ध लगाइनु पछाडिका वैचारिक तथा सांकेतिक कारणहरु उपर विचार गर्दा (मेक्सिकोको क्रान्तिमा यो एक केन्द्रविन्दु रहेको थियो) यो प्रावधान छिटै नै खारेज हुनसक्ने सम्भावना छैन ।

मेक्सिकोको काँग्रेस द्विसदनात्मक रहेको छ । प्रतिनिधिसभा तीनवर्षको पदावधिका लागि निर्वाचित हुन्छ भने सिनेट छ वर्षको पदावधिको (राष्ट्रपतिको पदावधि अनुरुप गरिएको) लागि निर्वाचित हुन्छ । दुवै सदनहरु पहिलो हुने निर्वाचित हुने र सूचीमा आधारित समानुपातिक प्रणाली दुबैको प्रयोग गरी मिश्रित प्रणाली मार्फत निर्वाचित हुन्छन् ।

प्रतिनिधि सभामा ५०० सदस्यहरु रहेका छन् । ३०० सदस्यहरु एकल-सदस्यीय निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीद्वारा निर्वाचित हुन्छन् भने २०० सदस्यहरु ४० सदस्यीय ५ क्षेत्रीय निर्वाचन क्षेत्रबाट सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित

हुन्छन् । पहिलो हुने निर्वाचित हुने प्रणालीद्वारा निर्वाचित हुने ३०० स्थान कुनै पनि राज्यमा दुई स्थानभन्दा कम नहुने गरी जनसंख्याको अनुपातमा राज्यहरुमा बाँडफाँड गरिएको छ । संघीय निर्वाचन संस्था, स्वतन्त्र निर्वाचन प्राधिकरण, राज्यहरुबीच स्थान वितरण गर्न शुद्ध साँलाग विधि (Sainte- Lague Method) प्रयोग गर्ने गर्दछ । निर्वाचन संस्थाले प्रत्येक राज्यभित्र मोटामोटी रुपमा समान जनसंख्या भएको एकल-सदस्यीय निर्वाचन क्षेत्र कायम गर्दछ । समान जनसंख्या हुने गरी निर्वाचन क्षेत्र कायम गर्दा सामान्यतया नगरपालिकाका सीमालाई अवलम्बन गर्ने गरिन्छ । सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको निर्वाचनको प्रयोजनका लागि ४० सदस्यीय ५ निर्वाचन क्षेत्रमा मुलुकलाई विभाजन गर्ने गरिन्छ । प्रत्येक दलले प्रत्येक एकल-सदस्यीय निर्वाचन क्षेत्रका लागि एकजना उम्मेदवार मनोनयन गर्दछ र प्रत्येक पाँच क्षेत्रीय निर्वाचन क्षेत्रका लागि ४० जना उम्मेदवारको क्रमबद्ध सूची प्रस्तुत गर्ने गर्दछ ।

एउटै उम्मेदवार केही निर्वाचन क्षेत्रमा चुनावी दौडमा उत्रने गरी वा समानुपातिक प्रतिनिधित्वको सूचीमा सहभागी हुने गरी दलहरुले निर्वाचनको प्रयोजनका लागि पूर्ण वा आंशिक गठबन्धन निर्माण गर्न सक्दछन् । यिनीहरुले गठबन्धन निर्माण गरेमा गठबन्धनमा मतहरु कसरी बाँडफाँड गर्ने सो खुलाई निर्वाचन संस्था समक्ष निजहरुले सम्झौता पेस गर्नु पर्दछ । राष्ट्रपति निर्वाचन गर्न दलहरुले गठबन्धन निर्माण गरेमा तिनीहरुले त्यसपछि प्रतिनिधिसभाका सम्पूर्ण सदस्यहरु र सिनेटका सदस्यहरुको प्रतिस्पर्धामा समेत गठबन्धन निर्माण गर्नु पर्दछ । सन् २००० को निर्वाचनमा राष्ट्रपति पदका तीनमध्ये दुई उम्मेदवारहरु पछाडिबाट गठबन्धनद्वारा समर्थित थिए । सन् २००३ को विधायिकाको निर्वाचनमा इष्टिच्युसनल रिभुल्युसनरी पार्टी र ग्रीन पार्टीबीच आंशिक गठबन्धन भएको थियो जसले ९७ स्थानमा संयुक्त रुपमा र २०३ स्थानमा एक्ला-एक्लै निर्वाचनमा लडेको थिए र सूचीमा आधारित समानुपातिक स्थानमा छुट्टाछुट्टै सूची रहेको थियो (दलहरुले सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वका स्थान निर्धारण गर्ने प्रयोजनका लागि ९७ निर्वाचन क्षेत्रमा कसरी मत विभाजन गर्ने कुरामा सहमति भएको थियो) ।

मतदाताहरुले प्रतिनिधिको लागि एकल मतपत्रमा मतदान गर्ने गर्दछन् । पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत प्रतिस्पर्धा गरेका निर्वाचन क्षेत्रका सम्पूर्ण मतको जम्माजम्मीलाई सर्वाधिक शेष विधि र हेयर कोटालाई प्रयोग गरी समानुपातिक प्रतिनिधित्वको लागि प्रत्येक दललाई स्थान बाँडफाँड गर्न संख्या निर्धारण गर्न हिसाब गरिन्छ । राष्ट्रभरी नै मतदान भएको मतलाई आधार लिई दुई प्रतिशतको न्यूनतम सीमा कानूनमा समावेश गरिएको छ । कुनै दललाई तोकिने समानुपातिक प्रतिनिधित्वको स्थान संख्या पहिलो हुने निर्वाचित हुने अन्तर्गत निर्वाचन क्षेत्रमा विजय गरेको स्थानको संख्यामा निर्भर गर्दैन । दुई महत्वपूर्ण अपवाद रहेका छन्: कुनै पनि दलले ३०० भन्दा बढी स्थानमा कहिल्यै जित्न सक्दैन र कुनै पनि दलको ५०० स्थानको हिस्सा यसले प्राप्त भएको सदर मतको अंशको ८ प्रतिशत अंकभन्दा बढी हुनसक्दैन । तसर्थ, कुनै पनि दलले तल्लो सदनमा २५१ स्थानमा विजयी हुनका लागि कुल सदर मतको ४२.५ प्रतिशत मत हिस्सा र कम्तीमा १६७ निर्वाचन क्षेत्रमा विजयी हुनै पर्दछ । सन् १९९७ र २००३ मा इष्टिच्युसनल रिभुल्युसनरी पार्टी को स्थानको हिस्सामा ८ प्रतिशतको नियमले सीमित गरेको थियो । सन् २००० मा ८ प्रतिशतको नियमले इष्टिच्युसनल रिभुल्युसनरी पार्टी वा नेसनल एक्सन पार्टी कसैलाई पनि प्रभावित पारेन ।

४० सदस्यीय पाँच क्षेत्रीय निर्वाचन क्षेत्रका स्थानहरु पनि सर्वाधिक शेष सहितको हेयर कोटालाई प्रयोग गरी दलका सूचीका प्रतिनिधिहरुलाई बाँडिन्छ । सूचीहरु प्राथमिक क्रम अनुसारका बन्द रहन्छन् । जसले गर्दा सूचीको माथिको क्रममा रहेका प्रतिनिधिहरु निर्वाचित हुन्छन् र मतदाताहरुले सूचीको प्राथमिकता क्रम परिवर्तन गर्न सक्दैनन् ।

बहुलतावाद तथा बहुदलीय राजनीति तर्फको गति मेक्सिकोमा मन्द प्रक्रियाबाट विकासमा रहेको छ । सन् १९७९ देखि प्रतिनिधिसभा निर्वाचन गर्न प्रयोग भएको निर्वाचन सूत्रमा व्यापक सुधार हुँदै आएको छ । सन् १९७९, १९८२ र १९८५ का निर्वाचनमा प्रयोग भएका सूत्रअनुसार एकल-सदस्यीय निर्वाचन क्षेत्रमा ३०० र दलगत सूचीमा १०० स्थान रहेका थिए र दललाई ६० निर्वाचन क्षेत्रमाभन्दा बढी स्थानमा विजय गर्न नियन्त्रण गरिएको थियो । सन् १९८८ मा प्रयोग भएको सूत्रले दलगत सूचीका स्थान २०० सम्म वृद्धि गरेको थियो । तर, बढीमतको आधारमा निर्वाचन क्षेत्रमा स्थान जित्ने दलले त्यसको मतको अंश जतिसुकै भए पनि बहुमत जित्न सक्ने कुरा प्रत्याभूति गरेको थियो । एकल दलले जित्नसक्ने स्थान संख्याको हदबन्दी ३५० कायम गरिएको थियो । सन् १९९१ को सुधारले सो हदबन्दी र बहुमत सुनिश्चित हुने प्रावधान कायम  नै राखेको थियो । तर विजयी हुने दलले कम्तीमा ३० प्रतिशत मत प्राप्त गरेको हुनुपर्दथ्यो । यसले विजयी हुने दललाई बोनस स्थान पनि सृजना गरेको थियो । जसले गर्दा विजयी हुने दलले सदनमा झिनो बहुमतले मात्र काम गर्नु पर्दैन । यसको बदलामा, सरकारले निर्वाचन प्रक्रिया उपरको केही नियन्त्रण आंशिक रुपमा स्वायत्त निर्वाचन व्यवस्थापन निकाय तथा संघीय निर्वाचन अदालतलाई दिएको थियो । सन् १९९४ को सुधारले बहुमत सुनिश्चित गर्ने प्रावधानलाई हटाई समानान्तर प्रणाली खडा गरेको थियो जसमा बढीमतको स्थानको निर्वाचनबाट सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको स्थानको निर्वाचनलाई पूर्णतः अलग गरेको थियो । अधिकांश अवस्थामा कुनै पनि दलले ६० प्रतिशत (५०० मा ३००) भन्दा बढी स्थान जित्न सक्दैनन् । तर, यसले गर्दा मिश्रित प्रणाली अन्तर्गत इष्टिच्युसनल रिभुल्युसनरी पार्टीले ६० प्रतिशत स्थानहरु करिब ५० प्रतिशत मत ल्याई जितिरहेकोले मेक्सिकोले अत्यन्त अमिल्दो अनुपातको निर्वाचन परिणामको अनुभूति गर्नु परेको थियो । त्यसो हुनाले, ३०० स्थानमा कुनै दलले जित्नसक्ने स्थान संख्याको निर्धारण गर्न सन् १९९६ मा पुनः निर्वाचन कानूनलाई समायोजन गरिएको थियो र अधिक प्रतिनिधित्वको स्तर माथि उल्लेख भए बमोजिम ८ प्रतिशतको अंकमा कायम गरिएको थियो । निर्वाचनसम्बन्धी यो नियम सन् १९९७, २००० र २००३ का निर्वाचनहरुमा प्रयोग भई सन् १९६४ मा बहुदलीय प्रतिनिधित्व प्रणाली स्थापना गरेदेखि अरु कुनैभन्दा स्थिर भएको छ । यस नियम अन्तर्गत कुनै पनि दलले पूर्ण बहुमत स्थानमा विजय गर्न सकेको छैन । सन् १९९६ को निर्वाचनले संघीय निर्वाचन संस्थालाई पूर्ण स्वायत्तता दिइएको थियो भने संघीय निर्वाचन अदालतको अधिकार वृद्धि गरेको थियो । हालका दिनहरुमा सूचीका प्रतिनिधिहरु घटाई वा बढाई तथा अधिक प्रतिनिधित्वको सीमा घटाई वा हटाई कसरी हुन्छ प्रतिनिधि सभालाई कम वा बढी समानुपातिक बनाउने प्रस्ताव आइरहेका छन् । तर, दुई दलहरुमा समान लक्ष्य नभएकाले सुधारहरु हुने सम्भावना छैन ।

सन् १९९४ अघिसम्म ३१ राज्यहरु र संघीय निर्वाचन क्षेत्र प्रत्येकबाट २ जनाका दरले सिनेटमा ६४ जना हुने व्यवस्था रहेको थियो । सिनेटरहरु विभिन्न बढीमत प्रणालीका नियमहरुबाट निर्वाचित हुन्थे । परिणाम यस्तो भयो कि सन् १९८८ सम्म सम्पूर्ण सिनेटरहरु इष्टिच्युसनल रिभुल्युसनरी पार्टीका मात्र रहेका थिए । सिनेटमा रहेको इष्टिच्युसनल रिभुल्युसनरी पार्टीको एकाधिकारले सरकारलाई प्रतिनिधिसभा बढी समानुपातिक बनाई विपक्षलाई सहुलियत दिने अवस्था मिलेको थियो ।

सन् १९९४ सम्म सिनेटलाई बढी व्यापक प्रतिनिधिमूलक बनाउने आव्हान गरिएको थियो । यसलाई कम्तीमा एक चौथाई स्थानहरु विपक्षीलाई सुनिश्चित हुनेगरी १२८ सदस्यमा विस्तार गरिएको थियो । सन् १९९७ को निर्वाचनको लागि एक मिश्रित प्रणाली स्थापना गरिएको थियो । प्रत्येक राज्यले तीनजना सिनेटरहरु निर्वाचन गर्दछन् र थप ३२ जना एकल राष्ट्रिय सूचीबाट समानुपातिक प्रतिनिधित्वको आधारमा निर्वाचित हुन्छन् । प्रत्येक राज्यमा दलले दुई जना सिनेटरका उम्मेदवारहरुलाई प्राथमिकता क्रम अनुसार मनोनयन गर्दछ । सबभन्दा बढी मत पाउने दलका दुवै

उम्मेदवारहरु सिनेटर निर्वाचित हुन्छन् र सूचीमा पहिलो क्रममा रहेको दलको उम्मेदवार जसलाई दोस्रोमा राखिएको छ, त्यसले तेस्रो स्थान जित्ने गर्दछ। मतदाताहरुले उम्मेदवारहरुको प्राथमिकता क्रम समायोजन गर्न सक्दैनन्। प्रत्येक दलले राष्ट्रियस्तरको समानुपातिक प्रतिनिधित्वको सूचीका लागि ३२ जना बन्द सूचीका उम्मेदवारहरुसमेत मनोनयन गर्ने गर्दछन्। प्रत्येक राज्यमा सिनेटका लागि मतदान भएका सम्पूर्ण मत राष्ट्रिय स्तरमा जम्मा गरिन्छ। हेयर कोटा प्रयोग गरी सर्वाधिक शेष विधि अपनाई सूत्र तय गरिन्छ र दुई प्रतिशतको न्यूनतम सीमा राखिएको छ। प्रतिनिधि सभाको ठीक विपरीत, बढीमत र समानुपातिक प्रतिनिधित्व बीचको कुनै सम्बन्ध रहन्न र यसको सट्टामा दुई निर्वाचन प्रणालीहरु समानान्तर रुपमा जाने गर्दछन् र समानुपातिक प्रतिनिधित्वको स्थानले कुनै अमिल्दो अनुपातलाई क्षतिपूर्ति दिने गर्दैन। यस निर्वाचन सूत्रले ठूलो दलले राष्ट्रियस्तरमा खसेको ४० प्रतिशत मत प्राप्त गर्न सकेमा बहुमत कायम गर्नसक्ने गराउँछ र स्थान अनुकूल अनुसार वितरण हुने तथा निकटतम प्रतिद्वन्द्वीसँग ३ वा ४ अंकको फरक रहने हुन्छ। सिनेटमा दुई तिहाई स्थान जित्नका लागि (संवैधानिक सुधार, सर्वोच्च अदालतका न्यायाधीशहरुको निर्वाचन तथा आन्तरिक कार्यविधिगत विषयहरुमा ज्यादै महत्व हुने) राष्ट्रियस्तरमा मतदान भएको दुई तिहाई मत आवश्यकपर्ने हुन्छ। सन् २००० मा भएको निर्वाचनमा कुनै पनि दलले सिनेटका स्थानमा पूर्ण बहुमत पाउन सकेन।

राज्यलाई प्रतिनिधित्व गर्ने सभामा राष्ट्रिय सूची उपयुक्त नभएको तर्क सहित दलगत सूचीका सिनेटरको व्यवस्था खारेज गर्ने सम्बन्धमा सिनेटमा थुप्रै प्रस्तावहरु आएका छन्। तर समानुपातिक प्रतिनिधित्व हटाउनाले इष्टिच्युसनल रिभुल्युसनरी पार्टीलाई मात्र फाइदा पुग्ने हुन्छ, जसले एक राज्यमा बाहेक सबै राज्यमा पहिलो वा दोस्रो ठाउँ लिएको छ र सोही कारणले अन्य दलहरुले यसको विरोध गर्ने सम्भावना छ। यसको विकल्पमा दे ओन्त (D'Hondt) सूत्र प्रयोग गरी प्रत्येक राज्यबाट तीन वा चार सिनेटरहरुको सबै स्थान समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत निर्वाचन गर्ने काम हुन सक्दछ।

लगातार दोस्रो कार्यकालका लागि संघीय प्रतिनिधि सभाका सदस्य र सिनेटरहरुको (साथै, गभर्नरहरु, राज्य विधायिका सदस्यहरु, नगरप्रमुखहरु तथा नगरपालिकाका पार्षदहरु समेत) को पुनः निर्वाचनलाई निषेध गरिएको छ। विधायकहरु आफ्नो कार्यकाल समाप्त भएपछि अर्को सदनमा निर्वाचित हुनसक्दछन् र एक कार्यकाल सो सदनमा बसेपछि अर्को पटक पुनः पहिलेको सदनमा पुनर्निर्वाचित हुन सक्दछन्। "पुनर्निर्वाचित नहुने" सम्बन्धमा सुधारका लागि दलका स्थानीय हाकिमहरुको अधिकार कटौती गरी केन्द्रीय समितिप्रति बफादारिता वृद्धि गर्न इष्टिच्युसनल रिभुल्युसनरी पार्टीको समस्यालाई समाधान गर्न सन् १९३२ देखि कार्यान्वयन गरिएको थियो। त्यसबखत यो सुधार "पुनर्निर्वाचित नहुने" मेक्सिको क्रान्तिको विचारधाराको स्वाभाविक निष्कर्ष थियो। तर यसले विधायकहरुको स्वायत्ततामा कमी ल्याउने गरेको छ, किनभने आफ्नो कार्यकाल समाप्त भएपछि तिनीहरुको भावी जीवनवृत्तिको आशा दलगत संयन्त्रमा निर्भर रहने र धेरै वर्षसम्मका लागि राष्ट्रपतिको अधिकार कायम नै रहने हुन्छ, किनकि, निजको दलगत संयन्त्रमा नियन्त्रण रहेको हुन्छ। यसकारण सन् २००० सम्म संघीय विधायकहरुको लागि १०० प्रतिशत हुनुपर्ने गरी परम्परागत रुपमा यहाँ दलगत अनुसार धेरै उच्च छ। यसले जवाफदेहिता तथा प्रतिनिधित्वउपर ठूलो असर पारेको छ। मतदाताहरुले न राम्रो कार्यसम्पादन गर्नेलाई पुरस्कृत गर्न सक्दछन् नत खराव प्रतिनिधित्व गर्नेलाई दण्ड नै गर्न सक्दछन्।

सबै दलहरुले उम्मेदवारहरु छनोट गर्न अपेक्षाकृत गोप्य कार्यविधि नै प्रयोग गर्ने गर्दछन् अभिजात्यहरुको चयन, गोप्य परम्परा वा गोप्यता वा ज्यादै नै नियन्त्रित प्राथमिक निर्वाचनहरु हुने गर्दछन्। सामान्यतया मनोनयन गर्ने कार्यविधिहरु हालैका वर्षहरुमा खुला हुँदै आएका छन् तर अझै पनि उम्मेदवारहरु दलमा अति नै आश्रित रहेका छन्। यसका अतिरिक्त, दलहरुले निर्वाचन

अभियानको खर्च नियन्त्रण गर्दछन् र यहाँसम्म कि निर्वाचन क्षेत्र र राज्यको प्रतिस्पर्धा र गोप्य सूचीले उम्मेदवारहरुलाई निर्वाचन अभियानमा जाने प्रेरणा घटाएको छ ।

मेक्सिकोको सुस्त प्रजातन्त्रीकरण प्रमुख राजनीतिक दलको विमतिलाई निस्तेज पार्ने शृङ्खलाबद्ध सहुलियतहरुको रुपमा बराबर हुने निर्वाचन प्रणालीको परिवर्तनमा देखिन्छ जसको परिणाम अन्त्यमा गएर ज्यादै मजबुत दलहरुको बहुदलीय राष्ट्रपति प्रणाली कायम भएको छ । धेरै दलहरुका विविध स्वार्थहरु रहेका र कुनै पनि परिवर्तन भनेको शून्य हिसावको खेल हुने हुनाले योभन्दा बढी परिवर्तन हुने सम्भावना कमै छ ।

# न्युजिल्याण्ड: समानुपातिक प्रतिनिधित्व प्रणालीसँग रहन सिक्दै

नाइजल एस. रोबर्टस

न्युजिल्याण्डलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली भएको मुलुकको एक प्रमुख उदाहरणको रुपमा लिइने गरिन्थ्यो। तर सन् १९९० को दशकको सुरुमा भएका दुई जनमत संग्रहपछि न्युजिल्याण्डले १२० सदस्य रहेको एक सदनात्मक संसद्को लागि मिश्रित सदस्य समानुपातिक मत प्रणाली अपनाएको छ। सन् २००४ को अन्त्यसम्म नयाँ प्रणालीको प्रयोग गरी तीन आम निर्वाचनहरु सम्पन्न भएका थिए।

न्युजिल्याण्डले किन आफ्नो निर्वाचन प्रणालीलाई परिवर्तन गर्‍यो ? लामो समयदेखि स्थापित प्रजातन्त्र भएको र विशेष गरी आंग्लो- साक्सन सम्पदा रहेको मुलुकमा केले गर्दा असाधारण रुपमा यसो गर्नु पर्‍यो त ?

सुरुवातका लागि, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीले सन् १९७८ र १९८१ मा अत्यन्त विकृत निर्वाचन परिणाम पैदा गरेको थियो। दुवै पटक, विपक्षी लेवोर पार्टीले पाएको भन्दा समग्रमा मुलुकभरिनै कम मत पाएको भए तापनि नेसनल पार्टी प्रतिनिधिसभामा पूर्ण बहुमत स्थान प्राप्त गरी सत्तामा रहेको थियो। यसका अतिरिक्त दुवै निर्वाचनले मुलुकको तत्कालीन तेस्रो दल सोसल क्रेडिटले सानो प्रतिफलका लागि ठीकै आकारको मत पाएको (सन् १९७८ मा १६ प्रतिशत र सन् १९८१ मा २१ प्रतिशत मत पाएको र त्यसबेलाको संसद्मा रहेका ९२ स्थानमध्ये क्रमश: एक र दुई स्थान मात्र पाएको) देखाएका थिए। यी निर्वाचन परिणामहरुले बेचैन बनाएकोले सन् १९८४ को मध्यतिर निर्वाचित लेवर सरकारले निर्वाचन प्रणालीसम्बन्धी शाही आयोगको स्थापना गरेको थियो। सो आयोगको सन् १९८६ को प्रतिवेदन "अझ राम्रो प्रजातन्त्रतर्फ" मा जर्मनीको जस्तै मतदान प्रणाली अपनाउन सिफारिस गरेको थियो। आयोगले मतदान प्रणालीको मूल्यांकन गर्नको लागि आयोगले कायम गरेका दश मापदण्डको आधारमा "मिश्रित सदस्यीय समानुपातिक" नै अन्य सम्पूर्ण प्रणालीहरुमध्येको प्राथमिकता प्राप्त निर्वाचन प्रणाली भएको जोडदार तर्क प्रस्तुत गरेको थियो।

न्युजिल्याण्डका कुनै पनि प्रमुख राजनीतिक दलहरुले यस प्रस्तावलाई रुचाएका थिएनन् र नेसनल पार्टीको सन् १९९० को निर्वाचनका लागि जारी भएको घोषणा पत्रमा यस विषयमा जनमतसंग्रह गर्ने कुरा प्रतिज्ञा नगरेको भए यो प्रस्ताव अन्त्य हुनसक्ने थियो। सन् १९९२ मा सम्पन्न भएको पहिलो जनमत संग्रहमा करिब ८५ प्रतिशत मतदाताहरुले "मतदान प्रणालीको परिवर्तनका लागि" विकल्प रोजेका थिए। १४ महिनापछि दोस्रो जनमत संगहपछि नयाँ निर्वाचन प्रणाली स्वीकार



YOU HAVE 2 VOTES [redacted]

PARTY VOTE

*Explanation*
This vote decides the share of seats which each of the parties listed below will have in Parliament. Vote by putting a tick in the circle immediately after the party you choose.

OFFICIAL MARK

ELECTORATE VOTE

*Explanation*
This vote decides the candidate who will be elected Member of Parliament for the WELLINGTON CENTRAL ELECTORATE. Vote by putting a tick in the circle immediately before the candidate you choose.

**Vote for only one party**

AOTEAROA LEGALISE CANNABIS PARTY
CHRISTIAN HERITAGE PARTY
ACT NEW ZEALAND
NEW ZEALAND FIRST PARTY
LABOUR PARTY
GREEN PARTY
UNITED FUTURE
NATIONAL PARTY
ALLIANCE
JIM ANDERTON'S PROGRESSIVE COALITION
MANA MAORI MOVEMENT
NMP
ONENZ PARTY
OUTDOOR RECREATION NZ

**Vote for only one candidate**

APPLEBY, Michael
BARTLETT, Matthew
CROSS, Colin
FRANKS, Stephen
HARRIS, Rob
HOBBS, Marian
KEDGLEY, Sue
MOODIE, Rob
PARATA, Hekia
REID, Robert

*Final Directions*
1. If you spoil this ballot paper, return it to the officer who issued it and apply for a new ballot paper.
2. After voting, fold this ballot paper so that its contents cannot be seen and place it in the ballot box.
3. You must not take this ballot paper out of the polling place.

*न्युजिल्याण्डको मिश्रित सदस्यीय समानुपात मतपत्र*

गरिएको थियो जसमा ५४ मतदाता मिश्रित सदस्यीय समानुपातिक प्रणालीको (जबकि ४६ प्रतिशतले पहिलो हुने निर्वाचित हुने प्रणालीलाई नै कायम राख्न मतदान गरेका थिए) पक्षमा रहेका देखिए ।

जर्मनीमा जस्तै न्युजिल्याण्डमा संसदीय निर्वाचनमा मतदाताहरुलाई दुइटा मत- एउटा मत राष्ट्रव्यापी निर्वाचन क्षेत्र रहने गरी राजनीतिक दलको लागि (न्युजिल्याण्डमा "दलगत मत" भनिन्छ) र एकल-सदस्यीय निर्वाचन क्षेत्र रहने गरी अर्को मत उम्मेदवारको लागि दिइने व्यवस्था रहेको छ । एकल-सदस्यीय निर्वाचन क्षेत्र (न्युजिल्याण्डमा "मतदाताहरु" भनिन्छ) का लागि प्रतिनिधिहरु पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित हुन्छन् भने राजनीतिक दलहरुलाई संसद्मा बाँडफाँड गरिने स्थानहरुको समग्र हिस्सा दलले प्राप्त गरेको मत संख्याको अनुपातबाट निसृत हुने गर्दछ । कुनै दलले २५ प्रतिशत दलगत मत हासिल गर्दछ भने यसले १२० सदस्यीय संसद्मा सम्पूर्ण स्थानको एकचौथाइ स्थान (मोटामोटी) अर्थात् करिब ३० स्थान पाउने हुन्छ । तीस स्थान पाउने कुनै दलले २३ स्थान जितिसकेको भएमा त्यस दललाई एकल संसदीय निर्वाचन क्षेत्रबाट नजितेको अर्को सात स्थान सोको दलगत सूचीको प्राथमिकताक्रमबाट दिइन्छ । त्यसरी नै ३० स्थान पाउनसक्ने कुनै दलले ११ एकल-सदस्यीय निर्वाचन क्षेत्रमा विजय भएमा त्यस दलले दलगत सूचीबाट अर्को १९ स्थान सांसद पाउने हुन्छ ।

न्युजिल्याण्डमा मिश्रित सदस्यीय समानुपातिक प्रणालीमा दुई प्रकारका न्यूनतम सीमा रहेका छन् । दलगत मतको आधारमा संसद्को स्थान पाउन कुनै पनि दलले आम निर्वाचनमा सम्पूर्ण दलगत मतको पाँच प्रतिशत वा कम्तीमा एक स्थान एकल-सदस्यीय निर्वाचन क्षेत्रमा विजयी भएको हुनुपर्छ । सन् १९९६ मा भएको आम निर्वाचनमा ५ दलले ५ प्रतिशतको न्यूनतम सीमा पार गरेका थिए र एक दलले एकल-सदस्यीय निर्वाचन क्षेत्रको एक स्थानमा विजयी भएको थियो, तर ५ प्रतिशतको न्यूनतम सीमालाई पार लगाउन सकेन । तीनवर्षपछि, ५ दलले पुनः ५ प्रतिशतको न्यूनतम सीमालाई पार गरेका थिए । दुई अन्य दलहरुले सो पार गर्न सकेका थिएनन्, तर एकल-सदस्यीय निर्वाचन क्षेत्रका स्थान जितेका थिए जसले त्यसमध्ये एक संसद्मा थप चार स्थान पाउनको लागि योग्य (सो दलले निर्वाचनमा दलगत मतको ४.३ प्रतिशत मत प्राप्त गरेको थियो) भएको थियो । सन् २००२ को आमनिर्वाचनमा ६ दलले ५ प्रतिशत मतको अवरोधलाई पार गरेका थिए र सातौं दलले एउटा एकल-सदस्यीय निर्वाचन क्षेत्रको स्थानमा विजय प्राप्त गरेकोले सो दललाई दलगत सूचीबाट संसद्मा अर्को एकजना व्यक्तिलाई ल्याउन सामर्थ्य तुल्याएको थियो ।

मिश्रित सदस्यीय समानुपातिक प्रतिनिधिको प्रारम्भबाट एक प्रमुख कुरामा परिवर्तन भएको यी आँकडाहरुले देखाएका छन् । आंशिक रुपमा नै भए पनि "राजनीतिक दलहरुबीच स्वच्छता" कायम भएको छ । नयाँ मतदान प्रणालीले सन् १९४६ देखि सन् १९९३ सम्म १७ पटक सम्पन्न पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका निर्वाचनहरुमा ११ प्रतिशतदेखि १७ प्रतिशतसम्मको स्पष्ट अमिल्दो अनुपातको निर्वाचन सङ्केतलाई मिश्रित सदस्यीय समानुपातिक प्रणाली अन्तर्गत भए ता पनि निर्वाचनहरुमा औसत ३ प्रतिशत पुऱ्याएको देखिएको छ । सन् १९३५ देखि सन् १९९३ सम्म न्युजिल्याण्डमा सम्पन्न पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका प्रत्येक निर्वाचनमा मुलुकका दुई सबभन्दा ठूला राजनीतिक दलहरु- लेबर वा नेसनल पार्टीले प्रतिनिधि सभामा पूर्ण बहुमत प्राप्त गरेका थिए । मिश्रित सदस्यीय समानुपातिकको एक परिणति यो छ कि आजसम्म सम्पन्न भएका तीन निर्वाचनहरुमा कुनै पनि एक दलले आधाभन्दा बढी स्थान संसद्मा विजय गरेको छैन । सन् १९९६ मा सबभन्दा ठूलो दलले १२० मध्ये ४४ स्थान विजय गरेको थियो, सन् १९९९ मा सबभन्दा ठूलो दलले ४९ स्थान र सन् २००२ मा सबभन्दा ठूलो दलले ५२ स्थानमा विजय हासिल गरेको थियो ।

आश्चर्य मान्नु पर्दैन, त्यसपछि न्युजिल्याण्ड एकल दलको बहुमतको सरकारमा अभ्यस्त रहेको मुलुकबाट गठबन्धनबाट आश्रित हुने मुलुक भएको छ । पहिलो मिश्रित सदस्यीय प्रतिनिधित्व अन्तर्गतको निर्वाचनपछि संसद्मा झिनो बहुमत कायम गरेका (१२० स्थानमध्ये ६१ स्थान) दुई दलहरुले गठबन्धन सरकार गठन गरेका थिए । त्यो गठबन्धन सन् १९९८ मा विभाजन भएपछि सरकारको विधायन सम्बन्धी कार्यक्रमले संसद्मा बहुमत जित्नसक्ने कुरा सुनिश्चित गर्न न्युजिल्याण्डमा औपचारिक वा अनौपचारिक समर्थनका प्रबन्धहरु (अन्य दलहरुसँग वा कुनै अवस्थामा व्यक्तिगतरुपमा सांसदहरुसँग वार्ता गरी) मा विश्वास गरेको अल्पमतको गठबन्धन सरकार रहेको थियो ।

निर्वाचन प्रणाली सम्बन्धी शाही आयोगले अपनाएको अन्य विभिन्न मापदण्डमध्ये एक “प्रभावकारी सरकार” पनि थियो । निर्वाचन प्रणालीले सरकारलाई आफ्नो जिम्मेवारी पूरा गर्न दिनुपर्छ भन्ने कुरा उल्लेख गरेको थियो । सरकारमा जुनबेला उपयुक्त हुन्छ निर्णायक रुपमा सक्षमता हुनुपर्दछ । यस सम्बन्धमा यो जोड दिनु पर्छ कि न्युजिल्याण्डमा मिश्रित सदस्यीय प्रतिनिधित्व अन्तर्गतको सरकारलाई न्युजिल्याण्डमा शासन गर्न अलिकति पनि समस्या छैन । सबै सरकारले कुनै वास्तविक कठिनाइविना आफ्नो बजेट पारित गरेका थिए र कुनैलाई पनि संसदीय अविश्वासको प्रस्तावमा पराजित हुनुपर्ने सम्भावना थिएन । सोही बखत न्युजिल्याण्डको संसद्ले शाही आयोगको अर्को मापदण्ड बढी प्रभावकारी भई पूरा गरेको थियो । सरकारले अब उप्रान्त संसदीय समितिहरुको बहुमतमा भरपर्नु (वास्तवमा आक्कल-झुक्कल हुने गर्दछ) पर्दैन र मिश्रित सदस्यीय प्रतिनिधित्व अन्तर्गतका संसद्मा सरकार र विपक्षी दलहरुबीच लेनदेनको धेरै हदसम्म परामर्श हुने गर्दछ ।

निर्वाचन प्रणालीसम्बन्धी शाही आयोगले यो पनि ठहर गरेको थियो कि मिश्रित सदस्यीय प्रतिनिधित्व अन्तर्गत संसद्मा माओरी (न्युजिल्याण्डका आदिवासी पोलिनेसियन अल्पसंख्यक) तथा महिला, एसियाली तथा प्रशान्त क्षेत्रीय द्वीप निवासीहरुको बढी प्रभावकारी रुपमा प्रतिनिधित्व छ । यस्तो भएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको अन्तिम संसद्मा माओरीको ७ प्रतिशत सांसद रहेका थिए । हाल तिनीहरुको संख्या विधायिकाको १६ प्रतिशत सदस्यमा रहेका छन् । महिला सांसदको अनुपात सन् १९९३ को २१ प्रतिशतबाट बढेर मिश्रित सदस्यीय प्रतिनिधित्व अन्तर्गतका पहिलाका सांसदहरुमा औसत २९ प्रतिशत पुगेको छ । सन् १९९३ देखि २००२ सम्मको अवधिमा प्रशान्त क्षेत्रीय द्वीप निवासी सांसदहरुको अनुपात १ प्रतिशतबाट ३ प्रतिशतसम्म र एसियाली सांसदहरुको संख्या शून्य प्रतिशतबाट २ प्रतिशतसम्म पुगेको छ ।

लामो समयदेखि स्थापित रहँदै आएको मतदान प्रणालीलाई त्याग्नेकार्य राजनीतिक रुपमा सजिलो प्रक्रिया कहिल्यै पनि हुन सक्दैन, न त यसले यस्तो चुलिदै आएको सरकार वा अधिकांश भुक्तभोगी राजनीतिकर्मीलाई समाहित नै गर्न सक्दछ । निर्वाचन प्रणालीका प्रबुद्ध विद्वानहरुले प्रमुख निर्वाचन सुधारलाई हलुकासँग लिन नहुने भनी चेतावनी दिएका थिए । त्यसो भए तापनि, न्युजिल्याण्डका संसद् सदस्यहरु जनमत जस्तै समानुपातिक प्रतिनिधित्वमा रहन सिक्दैछन् (मायागर्न आवश्यक नभए पनि) । सन् १९९० को दशकमा न्युजिल्याण्डमा अपनाइएको र सन् १९९६ मा संस्थागत गरिएको निर्वाचन सुधार चिरकाल पर्यन्त जानसक्ने देखिन्छ ।

### *समानान्तर प्रणाली*

१३४. समानान्तर प्रणालीले पनि समानुपातिक प्रतिनिधित्व र बढीमत/बहुमत प्रणाली दुबैका तत्वहरुलाई प्रयोग गर्दछ । तर मिश्रित सदस्यीय समानुपातिक प्रणालीको विपरीत यस प्रणालीको समानुपातिक तत्वले बढीमत/बहुमतमा आधारित निर्वाचन क्षेत्रभित्रको कुनै अमिल्दो अनुपात बापत क्षतिपूर्ति दिंदैन (समानान्तर प्रणालीको गैर-समानुपातिक प्रतिनिधित्व प्रणालीको तत्व ताइवानमा जस्तो अन्य प्रणालीको परिवारबाट आएको हुन सक्ने संभावना रहेको) समानान्तर प्रणालीमा, मिश्रित सदस्यीय समानुपात जस्तै प्रत्येक मतदाताले एक मतपत्र पाउन सक्दछ र सो मतपत्रलाई दक्षिण कोरिया (गणतन्त्र कोरिया) मा गरिए जस्तै प्रत्येक मतदाताले उम्मेदवार तथा निजको दल दुबैलाई मत दिन्छ अथवा उदाहरणको लागि जापान, लिथुआनिया तथा थाइल्याण्डमा गरेको जस्तै एउटा मतपत्र बढीमत/बहुमत स्थानको लागि र अर्को मतपत्र समानुपातिक स्थानको लागि प्रयोग गर्ने गरी निजले दुई छुट्टाछुट्टै मतपत्र पाउन सक्छ (जापान तथा थाइल्याण्डको विषय अध्ययन हेर्नुहोस्) ।

**समानान्तर प्रणाली एक मिश्रित प्रणाली हो जसमा मतदाताहरुबाट अभिव्यक्त हुने छनोटलाई दुई भिन्न प्रणालीहरु- एक सूचीमा आधारित समानुपातिक प्रणाली र (साधारणतया) एक बढीमत/बहुमत प्रणाली मार्फत प्रतिनिधिहरु निर्वाचन गर्न प्रयोग गर्ने गरिन्छ । तर, त्यसमा दोस्रो प्रणालीको निर्वाचन परिणामलाई हिसाव गर्नमा पहिलो प्रणाली अन्तर्गतको स्थानमा ध्यान दिंइदैन ।**

वर्तमान अवस्थामा समानान्तर प्रणाली २१ मुलुकहरुमा प्रयोग गरिएको छ र सम्भवतः यस निर्वाचन प्रणालीमा समानुपातिक प्रतिनिधित्वको सूचीमा आधारित व्यवस्था र बढीमत/बहुमत (वा अन्य) प्रणालीको प्रतिनिधित्वबाट प्राप्त लाभहरुलाई मिलाउन सकिने भएर होला पछिल्लो डेढ दशकमा तय भएका निर्वाचन प्रणालीको एक विशेषता हुदै आएको छ । अर्मेनिया, गिनी, (कोनाक्री), जापान, दक्षिण कोरिया, पाकिस्तान, फिलिपिन्स, रुस, सेशेल्स, थाइल्याण्ड, टिमोर-लेष्टे तथा युक्रेनले सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वका तत्वसंगै एक सदस्यीय निर्वाचन क्षेत्र रहेको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीलाई प्रयोग गरेका छन् भने अजरबैजान, जर्जिया, काजख्स्तान, लिथुआनिया तथा ताजिकिस्तानले आ-आफ्ना प्रणालीमा एकल-सदस्यीय निर्वाचन क्षेत्रका लागि दुई-चरण प्रणाली प्रयोग गर्दछन् ।

अण्डोरा, सेनेगाल (विषय अध्ययन हेर्नुहोस्) तथा ट्युनिसियाले आफ्ना थुप्रै प्रतिनिधिहरु निर्वाचन गर्न दलगत एकमुष्ट मत प्रयोग गर्दछन् । एकमुष्ट मत प्रयोग गर्न समानान्तर प्रणाली भएको एक मात्र मुलुक मोनाको हो र त्यसरी नै समानुपातिक प्रतिनिधित्व प्रणालीको तत्व सँग-सँगै एकल असङ्‌क्रमणीय मत प्रणाली प्रयोग गर्ने ताइवान एक मात्र मुलुक हो ।

१३५. समानुपातिक स्थानको संख्या र बढीमत/बहुमत स्थानको संख्या बीचको सन्तुलन व्यापक रुपमा फरक फरक हुने गरेको छ (हेर्नुहोस् तालिका ५) । अण्डोरा, रुस तथा युक्रेनमा मात्र ५०:५० को अनुपातमा विभाजन गरिएको छ । एक अत्यन्त चरम उदाहरणमा दक्षिण कोरियाको २९९ स्थान मध्ये ८१ प्रतिशत स्थान पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत निर्वाचित हुन्छन् भने ५६ सदस्यहरु सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वबाट आउँछन् । यसको विपरीत अर्को चरम उदाहरणमा टिमोर-लेष्टेका ७५ प्रतिशत स्थानहरु समानुपातिक तवरबाट निर्वाचित हुन्छन् भने १३ सदस्य मात्र पहिलो हुने निर्वाचित हुने अन्तर्गतको निर्वाचन क्षेत्रमा आधारित हुन्छन् । त्यसो भएता पनि अधिकांश मुलुकहरुमा धेरै नजिकको सन्तुलन छ । उदाहरणको लागि जापानले ६० प्रतिशत भन्दा बढी आफ्ना प्रतिनिधिहरु एकल सदस्यीय निर्वाचन क्षेत्रबाट मात्र निर्वाचन गर्दछ भने बाँकी प्रतिनिधिहरु सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वबाट आउँछन् ।

विषय अध्ययनः थाइल्याण्ड

# थाइल्याण्डः निर्वाचन सुधार मार्फत भ्रष्टाचार विरुद्धको संघर्ष

आलेन हिकेन

सन् १९९७ मा थाइल्याण्डले एक नयाँ संविधान पारित गऱ्यो, जसले यहाँको राजनीतिक तथा निर्वाचन परिदृश्यमा व्यापक परिवर्तन ल्यायो । सुधार गरिएका विषयहरुमा निर्वाचनको सुपरिवेक्षण तथा प्रशासन गर्न एक स्वशासित निर्वाचन आयोगको सृजना, संसद् तथा मन्त्रिमण्डलका सदस्यहरुबीचको सम्बन्धलाई नियमित गर्ने नयाँ नियमहरु तथा थाइल्याण्डमा पहिलो पटक एक निर्वाचित सिनेटको व्यवस्था समेत समावेश छन् । संविधानले थाइल्याण्डको निर्वाचन प्रणालीको इतिहासमा धेरै लामो समयदेखि रहँदै आएको एकमुष्ट मत निर्वाचन प्रणालीलाई पहिलो हुने निर्वाचित हुने तथा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीबाट बनेको समानान्तर प्रणालीद्वारा विस्थापित गराएको छ ।

सन् १९९७ को सुधारअघि थाइल्याण्डले प्रतिनिधिसभाको निर्वाचन गर्नका लागि एकमुष्ट मत प्रणाली प्रयोग गरेको थियो । सिनेट पूर्णतः मनोनयन गरिन्थ्यो । मुलुकका निर्वाचन क्षेत्रहरु एक सदस्य स्थान, दुई सदस्य स्थान र तीन सदस्य स्थान भएका निर्वाचन क्षेत्रमा विभाजित गरिएका थिए र अधिकांश निर्वाचन क्षेत्रहरु एकभन्दा बढी स्थान भएका थिए । जनसंख्याको अनुपातमा स्थानहरु प्रान्तीय रुपमा बाँडफाँड गरिएका थिए । मतदाताहरुले आफ्नो मत दलहरुलाईभन्दा उम्मेदवारलाई मतदान गर्दथे र मतदाताहरुलाई कुनै निर्वाचन क्षेत्रमा भएका स्थान संख्या बराबरका उम्मेदवारलाई मतदान गर्ने अनुमति दिइएको थियो । मतदाताहरुले आफ्नो सबै मत एकल उम्मेदवारलाई मात्र मतदान गर्न पाउँदैन थिए, तर विभिन्न दलका उम्मेदवारहरुलाई आफ्नो मत विभाजन गर्न सक्दथे । मतदाताहरु आफूलाई उपलब्ध सबै मत मतदान नगरी आंशिक रुपमा अनुपस्थित रहन पनि सक्दथे । दलहरुले आफूले प्रतिस्पर्धा गर्न चाहेको निर्वाचन क्षेत्रको लागि उम्मेदवारहरुको पूर्ण टोली मनोनयन (उदाहरणका लागि तीन स्थान भएको निर्वाचन क्षेत्रमा तीन जना उम्मेदवारहरु) गर्नु पर्दथ्यो । बढीमतको नियम अनुसार सबभन्दा बढी मत प्राप्त गर्ने एक, दुई वा तीन उम्मेदवारहरुलाई स्थान प्रदान गर्ने गरिन्थ्यो ।

थाइल्याण्डको एकमुष्ट मत प्रणालीको दलगत प्रणालीमा कम्तीमा दुईवटा प्रभाव रहेको थियो । यस्ता बहुस्थान भएका निर्वाचन क्षेत्रले प्रत्येक निर्वाचन क्षेत्रमा विभिन्न थरीका दलहरु पैदा गर्दथ्यो जसको परिणाम स्वरुप सदनमा ठूलो संख्याका दलहरुको उपस्थितिलाई योगदान पुऱ्याउथ्यो । सन् १९७५ देखि १९९६ को बीचमा औसत प्रभावकारी राष्ट्रिय दलहरुको संख्या छ भन्दा बढी रहेको

थियो । आश्चर्य मान्नु पर्दैन, कुनै पनि दलले कहिल्यै पनि बहुमत कायम गर्न सकेन र यसको फलस्वरुप ठूला, बहुदलीय गठबन्धनका सरकारको आवश्यकता पर्दथ्यो । यस्ता गठबन्धन सरकारहरु सामान्यतया निर्णय गर्न नसक्ने तथा छोटो समयका हुन्थे । सुधारवादीहरुले निर्वाचन प्रणालीको परिवर्तनबाट दलहरुको संख्यामा कटौती हुने र काम गर्न नसक्ने र अस्थिरताको सरकारको अन्त्य हुने सम्भावना रहेको अपेक्षा गरेका थिए ।

दोस्रो कुरा, सो निर्वाचन प्रणालीले एउटै निर्वाचन क्षेत्रमा एउटै दलबाट एकअर्काविरुद्ध खडा भएका उम्मेदवारहरुलाई खाडलमा हाल्ने काम गर्दथ्यो । प्रत्येक दलले उम्मेदवारहरुको समूह मनोनयन गर्दथ्यो तापनि तिनीहरुले दलका समूहका सबैलाई मतदाताहरुको सबै मत पाउन प्रयास गर्नुभन्दा एक आपसका विरुद्धमा अभियान चलाउँथे । यसरी दलभित्रको प्रतिस्पर्धाले उम्मेदवारहरु तथा मतदाताहरुको दलगत प्रतीकलाई कमजोर बनाउँथ्यो र दलहरुलाई विखण्डीकरण तथा असंगठित बनाउन मद्दत पुऱ्याउँथ्यो । यसको एक प्रतिविम्ब भनेको निर्वाचन अगाडि दलहरुको तीब्र हेरफेर थियो र दलमा रहेकाले पैसाको राजनीति गरेको अभियोग लगाउने गर्दथे । दलभित्रको प्रतिस्पर्धा दलगत प्रतीकको कमजोरी तथा अपेक्षाकृत साना निर्वाचन क्षेत्रहरुले गर्दा राजनीतिज्ञहरुलाई अपेक्षाकृत साँघुरो निर्वाचन क्षेत्रमा लगानी गर्न तथा त्यसप्रति उत्तरदायी हुन प्रोत्साहन गरेको थियो । निर्वाचन अभियानका बखत मत खरिद विक्रीले उम्मेदवारहरुलाई वैयक्तिक निर्वाचन क्षेत्रहरु बनाउन मद्दत पुऱ्याएको थियो । सत्तासीन राजनीतिककर्मीहरुले "स्थानीय कुराहरुलाई" मात्र तथा आ-आफ्नो निर्वाचन क्षेत्रमा विशेष प्रकारको बस्तु तथा सेवा उपलब्ध गराउन र सुविधा दिनेमा नै ध्यान दिने र प्रायशः व्यापक नीतिगत चासोलाई वास्ता नगर्ने गर्दा सरकारी नीतिप्रतिको सम्बद्धता र स्थायित्वलाई उपेक्षा गर्दथे । सन् १९९७ को संविधानको मसौदाकारहरुले निर्वाचन प्रणालीको सुधारमार्फत दलगत सुदृढीकरणको तथा सार्थक दलगत प्रतीकको विकासलाई प्रोत्साहन पुऱ्याउने र उम्मेदवार तथा राजनीतिकर्मीलाई व्यापक, राष्ट्रिय निर्वाचन क्षेत्रप्रति जवाफदेही हुन प्रेरणा दिन सहायक हुने कुराको अपेक्षा गरेका थिए ।

सन् १९९६ मा प्रतिनिधिसभाले राजनीतिक सुधारका लागि गरेको नागरिक समाजको आक्रोशपूर्ण मागलाई प्रतिउत्तर दिंदै संवैधानिक मसौदा सभाको गठन गरेको थियो । एकवर्षपछि, एक व्यापक जनपरामर्शपछि राजनीतिक संकटमा छिट्टै आरोह अवरोह भएको आर्थिक संकटको समयमा मस्यौदा सभाले एक मस्यौदा पेस गरेको थियो र प्रतिनिधि सभाले नयाँ संविधान पारित गरेको थियो । निर्वाचित सिनेट तथा प्रतिनिधिसभाको निर्वाचन गर्ने कामको लागि यसका खरावीहरुलाई राम्ररी जाँच्ने प्रणाली यस नयाँ संविधानका कोशे ढुंगा हुन् । सदनको लागि हुने एकमुष्ट मत प्रणाली हटेको छ । बढी रहेको प्रवृत्तिपछि, संविधानका मस्यौदाकारहरुले थाइल्याण्डमा एक समानान्तर निर्वाचन प्रणाली स्थापना गरेका थिए । चारसय सदस्यीय एकल-सदस्यीय निर्वाचन क्षेत्रले थाइल्याण्डका बहुसदस्यीय निर्वाचन क्षेत्रहरुलाई विस्थापित गरेका थिए । यी निर्वाचन क्षेत्रहरुमा मतदाताहरुले निजहरुको प्राथमिकताको उम्मेदवारहरुलाई एकल मत मतदान गर्दछन् । सन् १९९७ को संविधानले एकल राष्ट्रव्यापी निर्वाचन क्षेत्रबाट समानुपातिक प्रतिनिधित्वद्वारा निर्वाचित भएका १०० स्थान रहेको दोस्रो पंक्तिका सदस्यहरुको व्यवस्था पनि गरेको थियो । यस तहमा स्थान पाउन योग्य हुनको लागि कुनै पनि दल दलगत सूचीको मतको कम्तीमा पाँच प्रतिशत न्यूनतम सीमामा पुग्नै पर्दछ । प्रत्येक दलले मतदाता समक्ष निजहरुले विचार गर्नका लागि उम्मेदवारहरुको सूची प्रस्तुत गर्नु पर्दछ र मतदाताहरुले दुइटा मतदान गर्दछन्- एउटा मत निर्वाचन क्षेत्रका प्रतिनिधिको लागि र अर्को मत दलगत सूचीका लागि । उम्मेदवारहरुले निर्वाचन क्षेत्रमा चुनावी दौडमा आउने हो वा दलगत सूचीमा रहने हो सो छान्नै पर्दछ । दुई तहको एक अर्कामा कुनै सम्बन्ध छैनः कुनै दलको एक तहको स्थान अर्को तहको स्थानको संख्यामा निर्भर गर्दैन ।

सन् १९९७ को संविधानले थाइल्याण्डको इतिहासमा पहिलो पटक निर्वाचित एक सिनेटको पनि व्यवस्था गरेको छ । दुईसय सिनेटरहरु एकल असङ्क्रमणीय मतदान प्रणाली प्रयोग गरी निर्वाचित हुन्छन् । निर्वाचन क्षेत्र एकदेखि अठार जनासम्मको आकारको शृङ्खलामा रहेका छन् । एकल असङ्क्रमणीय मत प्रणालीको थाइल्याण्डको स्वरुप पनि घुमाउरो छ । संवैधानिक सुधारबादीहरुले फोहोरी दलगत होहल्लाभन्दा माथि रहने एक सिनेट सृजना गर्न चाहेका थिए । यसको परिणामस्वरुप, सिनेटरहरुलाई संवैधानिक रुपमा कुनै पनि राजनीतिक दलमा रहन निषेध गरिएको छ र निर्वाचनको लागि अभियान संचालन गर्न अनुमति दिइएको छैन ।

उपर्युक्त संवैधानिक सुधारहरुका परिणामहरु के थिए त ? माथि नै चर्चा गरिएको छ कि, मस्यौदाकारहरुको एउटा लक्ष्य थाइल्याण्डमा दलहरुको संख्या घटाउनु रहेको थियो । त्यसैले एकल-सदस्यीय निर्वाचन क्षेत्र तथा दलगत सूचीको पंक्तिमा ५ प्रतिशत निर्वाचन न्यूनतम सीमातर्फ गएको हो । यो लक्ष्य धेरै नै हासिल भएको देखिन्छ । सन् २००१ मा प्रतिनिधि सभाको लागि भएको निर्वाचनमा विधायिकामा प्रभावकारी दलहरुको संख्या सन् १९९७ भन्दा पहिलेको औसत ६.२ प्रतिशतबाट नाटकीय रुपमा ३.१ प्रतिशतमा झरेको थियो । जुन कुरा प्रत्येक एकल-सदस्यीय निर्वाचन क्षेत्रमा प्रतिस्पर्धा गर्ने दलहरुको संख्यामा कटौती तथा निर्वाचन क्षेत्रहरुबीच दलहरुको राम्रो समन्वय दुबै भई प्रतिबिम्बित भएको छ । सन् १९५७ पछि पहिलो पटक एउटा एकल दल हालसालै गठन गरिएको थाइ राक थाइ पार्टी (Thai Rak Thai Party) ले झण्डै बहुमत संसदीय स्थान कब्जा गरेको थियो । यसले त्यसपछि एक सानो दल विघटन भई यसमा विलय भएपछि बहुमत प्राप्त गरेको थियो ।

मस्यौदाकारहरुले राष्ट्रिय दलगत सूची तहलाई जोड्दा दलभित्रको प्रतिस्पर्धा हट्ने र यसबाट मतदाता तथा उम्मेदवारहरुलाई राष्ट्रिय विषयहरुमा दलगत नीतिको अडान कायम गर्न प्रोत्साहन हुने पनि अपेक्षा गरेका थिए । यो वास्तवमा सन् २००१ को निर्वाचनमा सुरु भएको थियो । हालैको थाइल्याण्डको निर्वाचन इतिहासमा पहिलो पटक मुख्यतः थाइ राक थाइ पार्टीको नेतृत्वमा राजनीतिक दलहरुले समन्वय गरिएको दलकेन्द्रित निर्वाचन रणनीतिको विकासमा महत्वपूर्ण प्रयास गरेका थिए । दलहरु एक-अर्कामा तिनीहरुको नीतिगत राजनीति आधारको अर्थमा फरक हुन थाले र केही अवस्थामा त्यस्ता फरकहरुलाई एक महत्वपूर्ण अभियानको विषय बनाएका थिए ।

तथापि, थाइ दलगत प्रणालीमा प्रादुर्भाव भई रहेको परिवर्तनउपर केही होसियारपूर्वक मूल्यांकन गर्नुपर्ने कारणहरु छन् । पहिलो कुरा, दलगत केन्द्रित रणनीतिहरुतर्फको गति प्रमुख रुपमा दलगत सूचीका स्थानहरुको लागि चलाइएको अभियान वरिपरि मात्र सीमित रहेको छ, जबकि ४०० एकल-सदस्यीय निर्वाचन क्षेत्रहरु सामान्यतया उम्मेदवार केन्द्रित अभियानमा नै सीमित रहेका छन् । निश्चय नै यो निर्वाचन प्रणाली आश्चर्यजनका होइन । एकल-सदस्यीय निर्वाचन क्षेत्रले अझै पनि वैयक्तिक समर्थनको संजाललाई प्रोत्साहित (यद्यपि यसले एकमुष्ट मत प्रणालीभन्दा केही हदसम्म कमी भएको देखाउँछ) गराउँछ । दोस्रो कुरा, नयाँ निर्वाचन प्रणालीले एउटा स्थान जित्न आवश्यक हुने मतहरुको औसत संख्यालाई नाटकीय रुपमा घटाएको छ । यो नै विधायिकामा धेरै स्थान थपेको र एकमुष्ट मत प्रणालीबाट एकल-सदस्यीय निर्वाचन क्षेत्रमा भएको पविर्तनको संयुक्त असर हो । यसले वैयक्तिक रणनीतिको अन्त्य गर्ने प्रेरणालाई कमजोर बनाउँछ । निर्वाचित हुनको लागि स-सानो संख्याको मत आवश्यक हुने हुँदा हरेक उम्मेदवारहरुले वैयक्तिक रणनीति अपनाउने सम्भावना हुन्छ । अन्त्यमा, एकल असङ्क्रमणीय मत प्रणालीद्वारा निर्वाचित गैरदलीय सिनेटको उपस्थितिले धेरै दलमुखी मतदाता सृजना गर्ने प्रयास केही हदसम्म कमजोर बनाउँछ ।

स्पष्ट छ, सन् १९९७ का सुधारको परिणतिहरुको कुनै पनि लेखाजोखा गर्ने काम अझै पनि अपरिपक्व नै हुन्छ । सीमित आंकडा मात्र उपलब्ध भएकोले सन् २००१ र २००५ मा सम्पन्न भएका निर्वाचनका परिणामहरुले नयाँ प्रवृत्तिलाई प्रतिनिधित्व गर्छन् वा प्रधानमन्त्री थाकसिन शिनावात्रा, थाइ राक थाइ पार्टीका नेताको परिवर्तनकारी व्यक्तित्वको प्रतिविम्ब मात्र हो, सो निर्धारण गर्न सम्भव छैन । त्यसो भए तापनि सन् २००१ र २००५ मा सम्पन्न भएका सदनका निर्वाचनहरुबाट निर्वाचन प्रणालीको सुधारका परिणतिहरु (कहिलेकाहीं इच्छा नगरिएको) ले थाइल्याण्डलाई चाखलाग्दो विषय अध्ययनको रुपमा चित्रण गरिसकेका छन् ।




*अल्वानियाको समानान्तर मतपत्र*

विषय अध्ययन: सेनेगाल

# सेनेगाल: अफ्रिकामा एक समानान्तर प्रणाली

रिचार्ड भेन्ग्रफ

सेनेगाल अफ्रिकाका केही सीमित मुलुकहरुमध्येको एक मुलुक हो, जहाँ बहालवाला राष्ट्रपतिको पराजयको परिणाम स्वरुप सत्ताको वास्तविक अर्थमा प्रजातान्त्रिक तवरमा हस्तान्तरण भएको थियो। राष्ट्रपति तहको निर्वाचन प्रणालीमा फ्रान्सका राष्ट्रपतिको निर्वाचन लागि प्रयोग भएको धेरै समानरुपको दुई-चरणको चुनावी दौड हुने गर्दछ। दलहरुलाई पहिलो चरणमा उम्मेदवार उठाउन प्रेरणा रहेको छ र मतदाताहरुले आफूले वास्तविक अर्थमा प्राथमिकता दिएको उम्मेदवारलाई आफ्नो रणनीतिक मत दोस्रो चरणको लागि बचाउँदै मतदान गर्ने गदैछन्। सन् २००० मा विपक्षीको नेतृत्वदायी उम्मेदवार अब्दुलाई वादे (Abdoulaye Wade) ले एकता कायम गरेको पूर्व सम्झौताबाट लामो समयदेखि शासन गर्दै आएको समाजवादी दल (Parti Socialiste), (PS) का नेतालाई दोस्रो चरणमा हराउन विपक्षी दलहरुले पहिलो चरणको विजेता राष्ट्रपति अब्दु दिउफ (Abdou Diouf) लाई तिरस्कार गरे।

विधायिकाको लागि सन् १९७८ देखि अपनाइएको राष्ट्रिय सूची रहेको विशुद्ध सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व हुने निर्वाचन प्रणालीबाट सन् १९८३ देखि मिश्रित समानान्तर प्रणालीमा परिवर्तन गरिएको छ। त्यसबेलादेखि यसलाई धेरैपटक परिवर्तन गरियो। मुख्य रुपमा परिवर्तनहरु निर्वाचन प्रणालीले विपक्षीहरुको केही प्रतिनिधित्वलाई सुनिश्चित गर्न खुला गर्दै सत्तारुढ दलको बहुमत स्थानलाई कायम राख्दै प्रजातान्त्रिक वैधानिक व्यवस्था गर्नको लागि तय भएका हुन्। थुप्रै मिश्रित प्रणालीहरु जस्तै सेनेगालको निर्वाचन प्रणाली स्थानहरुको एक हिस्साको लागि राष्ट्रिय सूचीमा आधारित छ। अन्य समानान्तर प्रणालीहरु जहाँ बढीमतका स्थानहरु एकल-सदस्यीय निर्वाचन क्षेत्रहरुबाट निर्धारण गर्ने गरिन्छ, त्यसको ठीक विपरीत त्यस्ता स्थानहरु अधिकांशत: बहुसदस्यीय निर्वाचन क्षेत्रहरुबाट दलगत एकमुष्ट मत प्रणालीबाट निर्धारण गर्ने गरिन्छ।

समानुपातिक तर्फ छुट्याइएका स्थानहरु (कुल स्थानहरुमध्ये मोटामोटी आधा स्थानहरु) हेयर सूत्र सहितको सर्वाधिक शेष विधिलाई प्रयोग गरिएको प्रत्येक दलको राष्ट्रिय सूचीका लागि भएको मतदानको मतबाट बाँडफाँड गर्ने गरिन्छ। अन्य स्थानहरु मुलुकका प्रत्येकमा एकदेखि पाँच स्थानका ३० प्रान्त (डिपार्टमेन्ट) का बहुसदस्यीय निर्वाचन क्षेत्रहरुको बढीमत प्रणालीबाट बाँडफाँड गरिन्छ। साना दलहरु तथा विपक्षले सधैं नै दलहरुको राष्ट्रिय सूचीबाट बाँडफाँड हुने स्थान ठूलो संख्यामा हुनुपर्ने तर्क राख्दछन् भने सत्तारुढ दल भने सधैं नै सन्तुलनको पक्षमा रहेको छ जसबाट बढीमतको स्थानमा सो दलको वर्चस्व कायम रही समानान्तर प्रणालीको समानुपातिक अंशले त्यसलाई सत्तामा

रहन सामर्थ्य तुल्याउँछ । सन् १९९८ को निर्वाचनमा सत्तारुढ PS ले २० नयाँ बढीमतका स्थानहरु थप गरी फेरि एकपटक स्थान वितरण गर्ने कुरालाई हेरफेर गरेको थियो । PS ले यीमध्ये १८ स्थानमा विजय प्राप्त गरेको थियो र राष्ट्रियस्तरमा खसेको मतमध्ये यसले मात्र बहुमत (५०.३ प्रतिशत) विजय प्राप्त गरेको भए तापनि विधायिकामा सजिलैसँग बहुमत कायम गर्न सामर्थ्य भएको थियो । राष्ट्रपति वादे जतिबेला विपक्षीको नेता हुनुहुन्थ्यो, सत्तामा रहेको दलको भारी रुपमा पक्ष लिने दलगत एकमुष्ट मत प्रणालीमा कम स्थान दिई समानुपातिकताको स्थानमा बढी स्थान दिनुपर्ने निर्वाचन प्रणालीको पक्षमा तर्क गर्नु हुन्थ्यो । सन् २००१ को निर्वाचनमा PS को कपटपूर्ण योजनाको तीखो आक्रमण गर्नु भएको वादे, यो असमान सूत्रहरु परिवर्तन गर्ने विपक्षमा रहनु भएको राष्ट्रपति पद आफ्नो नियन्त्रणमा र निर्वाचन प्रणाली परिवर्तन गर्नसक्ने शक्ति भएपछि वादेले मतदाताहरुको इच्छालाई बढी प्रतिनिधिमूलुक बनाउन वा डेमोक्रेटिक पार्टी अफ सेनेगाल (PDS) ले नेतृत्व गरेको वहाँको गठबन्धन सोपी गठबन्ध (SOPI Coalition) को लागि अधिकतम अवधि हुनसक्ने निर्वाचन प्रणाली कायम गर्न सक्नुहुन्थ्यो । उहाँको पूर्ण भारको राष्ट्रपति ओहोदा लगायत अहिले उहाँको दललाई उपलब्ध प्रशस्त स्रोतहरुको बन्धनले उहाँले अतीतमा कडा प्रहार गर्नु भएको ज्यादै असमान निर्वाचन प्रणाली उहाँलाई एक्कासी आकर्षक बनाएको छ ।

PS तथा अलायन्स अफ फोर्सेस अफ प्रोग्रेस (AFP), अन्य ठूला दलहरुले पनि विभिन्न निर्वाचन क्षेत्रमा बढीमतबाट जित्न सम्भावना भएका स्थानहरुको वितरण बढीमत दलगत एकमुष्ट मत प्रणालीलाई जोड दिंदा फाइदा पाउनसक्ने महसुस गरेका छन् । तिनीहरुले पनि निर्वाचनको बढीमत प्रणालीको पक्षमा मतवृद्धि गर्नुपर्ने पक्षमा बहस गरेका छन् । साना दलहरुले राष्ट्रिय सूचीमा आधारित विशुद्ध समानुपातिकता वा राम्रो मत राम्रो स्थानको वितरणको बढी अवसरहरु दिने सम्झौताका पक्षमा जोड दिने गर्दछन् । सत्तारुढ PDS ले नेसनल एसेम्बलीको १४० स्थानलाई १२० बनाई यसको आकार घटाउने ७०:७० को बढीमत समानुपातिक वितरणलाई ६५ स्थान बढीमत र ५५ स्थान राष्ट्रिय सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमा परिवर्तन गर्ने पक्षमा रहेको छ । PDS ले सत्तामा रहेको नयाँ दलको हैसियतले यसले बढीमतको आधारमा धेरै प्रान्तमा स्थान जित्नसक्ने र यसरी मत बढी भई मतदाताको समर्थनबाट यसको स्थानको हिस्सा बढ्ने हिसाब किताब गरेको थियो ।

सो हिसाब किताब सही नै प्रमाणित भयो । सन् २००१ मा भएको निर्वाचनमा SOPI गठबन्धनले आधाभन्दा अलिकति कम (४९.६ प्रतिशत) मत प्राप्त गरेको भए तापनि यो १२० स्थानमध्ये ८९ (७४.२ प्रतिशत) स्थानमा विजयी भएको थियो । पहिलेको सत्तारुढ दल, PS ले मत हिस्साको अर्थमा १७.४ प्रतिशत मत प्राप्त गरी दोस्रो स्थान पाएको थियो तर १० स्थानमात्र हातपारेको थियो र यी सबै स्थान राष्ट्रिय सूचीमा आधारित समानुपातिकतामा अधारित थिए । मतदानमा तेस्रो स्थान मुस्ताफा नियास (Moustapha Niasse) को AFP (१६.१ प्रतिशत मत प्राप्त गरी) PS लाई उछिनी ११ स्थान प्राप्त गरेको थियो जसमध्ये २ स्थान एक प्रान्त (डिपार्टमेन्ट) मा पहिलो स्थानमा केही बढीमतको आधारमा जितेको थियो । युनियन फर डेमोक्र्याटिक रिन्युअल (Union for Democratic Renewal) ले ३.७ प्रतिशत मत प्राप्त गरी ३ स्थान हात लगाएको थियो जसमध्ये सो दलका नेताको गृह निर्वाचन क्षेत्र, एक सानो प्रान्त (डिपार्टमेन्ट) को एकल-सदस्यीय निर्वाचन क्षेत्रको बढीमतको स्थान जितेको थियो । दि अफ्रिकन पार्टी फर डेमोक्र्याटिक सोसलिज्म (AJ/PADS) ठीक ४ प्रतिशतमात्र मत ल्याई २ स्थान मात्र जितेको थियो र यी दुवै स्थान राष्ट्रिय सूची प्रणालीबाट प्राप्त भएका थिए । अन्य थप ५ दलहरु प्रत्येकलाई यद्यपि तिनीहरुले निर्धारित पूर्ण कोटाको मत प्राप्त नगरे तापनि सर्वाधिक शेषको कारणले राष्ट्रिय सूचीबाट एक-एक स्थान दिइएको थियो । सूची प्रस्तुत गर्ने अन्य पन्ध्र दलहरु स्थान बाँडफाँडबाट बञ्चित भएका थिए ।

सन् २००१ मा सम्पन्न भएको निर्वाचनमा PS को शासन कालमा सेनेगालमा अनुभव गरिएको भन्दा बढी निर्वाचन परिणाममा अमिल्दो अनुपात भएको थियो। सन् १९९३ को निर्वाचनमा ७० स्थानहरु राष्ट्रिय सूचीमा आधारित समानुपातिक सूत्रबाट वितरण गरिएका थिए भने ५० स्थान एकमुष्ट दलगत मत प्रणाली प्रयोग गरी प्रान्त (डिपार्टमेन्ट) स्तरको निर्वाचन क्षेत्रबाट छानिन्थे। सन् १९९८ मा दुई निर्वाचन सूत्र अन्तर्गत ७०:७० बीचमा स्थान वितरण भएको थियो र अमिल्दो अनुपात अलिकति बढेको थियो। सन् २००१ को निर्वाचनमा यसको तीब्र रुपमा वृद्धि भएकोले निर्वाचन परिणामहरु अधिकांश पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गतका भन्दा कम समानुपातिक थिए। यसको परिणतिस्वरुप विधायिकाको वैधानिकतालाई सम्झौता गरिएको थियो। सन् २००१ का प्रजातान्त्रिक सुधारको बहसको आधारमा सत्तामा आएको SOPI ले आफ्नो फाइदाको लागि निर्वाचन प्रणालीमा धाँधली गरी यसलाई पछाडि फर्काउन महत्वपूर्ण कदम चालेको थियो।

सेनेगालमा तत्कालीन हैकमवादी सत्तारुढदलको उद्देश्य समानान्तर प्रणालीमा रहनुको उद्देश्य दलहरुबीचको सामाञ्जस्यतालाई प्रोत्साहन नदिई विपक्षको विभाजनलाई सुनिश्चित गर्ने, रणनीतिक मतदानलाई न्यूनीकरण गर्ने र सोबाट सबभन्दा ठूलो दलले फाइदा लिने रहेको थियो। सो दलले समानुपातिक तथा बढीमत दुवैको मत समाविष्ट एकल छनोट दिने मतपेटिकाको व्यवस्था गरी सो उद्देश्य पूरा गर्न थप मद्दत पुऱ्याएको थियो। समानुपातिक स्थान बाँडफाँड कुनै दल वा गठबन्धनले प्राप्त गरेको कुल मतसंख्यामा निर्भर गर्ने हुनाले सेनेगालका विपक्षी दलहरुलाई बढीमतमा आधारित निर्वाचन क्षेत्रमा सम्भव भएसम्म बढीभन्दा बढी उम्मेदवार प्रस्तुत गर्ने प्रेरणा रहेको छ। निर्वाचन क्षेत्रभित्र मतदान गरिएको सम्पूर्ण मत समानुपातिक स्थानको वितरणका लागि जोडिने व्यवस्था रहेको तथ्यले सम्पूर्ण निर्वाचन क्षेत्रहरुभरि नै दलहरुबीचको समन्वयको फाइदालाई घटाउने हुन्छ र रणनीतिकभन्दा इमान्दारिताको मतदानका लागि प्रोत्साहन हुन्छ। त्यसो हुनाले सत्तारुढ दल अधिकांश बढीमतका क्षेत्रहरुमा आफ्नो विजय हुने कुरामा सुनिश्चित हुन समर्थ हुन्थ्यो।

समानान्तर मिश्रित प्रणाली स्थानीय (ग्रामीण परिषद्) तथा नगरपालिका तहमा पनि प्रयोग गरिन्छ। प्रत्येक परिषद्मा विजयी हुने दलले अत्यधिक बहुमतलाई सुनिश्चित गर्न दलगत एकमुष्ट मत प्रयोग भएका सम्पूर्ण नगरपालिकामा आधा स्थानहरु एकल एकमुष्टमा बाँडफाँड गरिन्छ। अर्को आधा स्थानहरु सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली प्रयोग गर्ने सम्पूर्ण ग्रामीण समुदाय वा नगरपालिकाहरुलाई अर्को निर्वाचन क्षेत्रको रुपमा बाँडफाँड गर्ने गरिन्छ।

निर्वाचन प्रणाली परिवर्तनको बारेका बहसमा अल्पकालीन राजनीतिक लाभ नै कति महत्वपूर्ण तत्व हुन्छ भन्ने मार्ग सेनेगालले चित्रण गरेको छ। परिवर्तनको लागि रडाको मच्चाउने एक विपक्षीले सरकारमा पुगेपछि एक्कासी आफूलाई लाभदायक हुने देखेपछि यथास्थितिको प्रतिरक्षा गरेको छ। यस स्थितिको सम्भावित अन्त्य भनेको निर्वाचनले फेरबदल गरी PS फर्काउन सक्यो भने समानान्तर निर्वाचन प्रणालीको दलगत एकमुष्ट मत प्रणालीको हिस्सामा बढीभार भई विपक्षको लागि समानुपातिक रुपमा प्राप्त गर्ने स्थानभन्दा बढी हुने कुरा प्रतिविम्बित हुने हुँदा सो हुने प्रायः निश्चित छ, जसले गर्दा SOPI गठबन्धन शक्तिलाई सन् २००१ भन्दा अगाडि जहाँ थिए त्यही छोड्न सक्दछ। यसको विकल्प भनेको, यस उपायले दुई ठूला दल प्रणाली तर्फ उन्मुख भएको देख्न सकिनेछ, जसमा दुई लाभकारी दलहरु कुनै पनि सम्भावित तेस्रो राजनीतिक शक्तिले यसलाई टुटाउन कठिन हुने कुराप्रति सुनिश्चित रहन्छन्।

**तालिका ५: समानान्तर प्रणाली प्रयोग गर्ने मुलुकहरु**

| मुलुक | समानुपातिक प्रतिनिधित्व अन्तर्गतको स्थान संख्या | बढीमत/बहुमत (वा अन्य) अन्तर्गतको स्थान संख्या | बढीमत/बहुमत (वा अन्य) प्रणाली | कुल स्थान संख्या |
|---|---|---|---|---|
| अण्डोरा | १४(५०%) | १४(५०%) | दएम | २८ |
| अर्मेनिया | ५६(४३%) | ७५(५७%) | पहुनिहु | १३१ |
| अजरबैजान | २५(२०%) | १००(८०%) | दुचप्र | १२५ |
| जर्जिया | १५०(६४%) | ८५(३६%) | दुचप्र | २३५ |
| गिनी | ७६(६७%) | ३८(३३%) | पहुनिहु | ११४ |
| जापान | १८०(३७.५%) | ३००(६२.५%) | पहुनिहु | ४८० |
| काजख्स्तान | १० (१३%) | ६७(८७%) | दुचप्र | ७७ |
| गणतन्त्र कोरिया | ५६(१९%) | २४३(८१%) | पहुनिहु | २९९ |
| लिथुआनिया | ७०(५०%) | ७१(५०%) | दुचप्र | १४१ |
| मोनाको | ८(३३%) | १६ (६७%) | एम | २४ |
| पाकिस्तान | ७०(२०%) | २७२(८०%) | पहुनिहु | ३४२ |
| फिलिपिन्स | ५२(२०%) | २०८(८०%) | पहुनिहु | २६० |
| रुस | २२५(५०%) | २२५(५०%) | पहुनिहु | ४५० |
| सेनेगाल | ५५(४६%) | ६५(५४%) | दएम | १२० |
| सेसेल्स | ९(३६%) | २५(७४%) | पहुनिहु | ३४ |
| ताइवान | ४९(२२%) | १७६ (७८%) | एअम | २२५ |
| ताजिकिस्तान | २२(३५%) | ४१(६५%) | दुचप्र | ६३ |
| थाइल्याण्ड | १०० (२०%) | ४००(८०%) | पहुनिहु | ५०० |
| टिमोर-लेस्ते | ७५(८५%) | १३ (१५%) | पहुनिहु | ८८ |
| ट्युनिसिया | ५२(८०%) | ३७(२०%) | दएम | १८९ |
| युक्रेन | २२५(५०%) | २२५(५०%) | पहुनिहु | ४५० |

१३६. *फाइदाहरु.* निर्वाचन परिणामको अमिल्दो अनुपातको अर्थमा, समानान्तर प्रणालीले साधारणतया त्यस्तो परिणाम दिन्छ जुन विशुद्ध बढीमत/बहुमत प्रणाली तथा विशुद्ध समानुपातिक प्रतिनिधित्व प्रणालीबीच हुने गर्दछ । यसको एउटा फाइदा यो छ कि पर्याप्त समानुपातिक प्रतिनिधित्वका स्थान भएको अवस्थामा बढीमत/बहुमत प्रणालीको निर्वाचनमा असफल भएका स-साना अल्पसंख्यक दलहरुले समानुपातिक बाँडफाँडमा त्यस्ता दलहरुले जितेको मत बापत स्थान पाउन सक्ने हुन्छ। यसका अतिरिक्त, समानान्तर प्रणालीले सिद्धान्ततः विशुद्ध समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीको भन्दा दल प्रणालीलाई कम विभाजन गर्ने गर्दछ ।

१३७. *बेफाइदाहरु.* मिश्रित सदस्यीय समानुपात प्रणालीजस्तै यसमा पनि दुई वर्गका प्रतिनिधिहरु सृजना गर्ने सम्भावना हुन्छ । समानान्तर प्रणालीले समग्र रुपमा समानुपातिकताको प्रत्याभूति दिँदैन र केही दलहरुले महत्वपूर्ण संख्याको मत जितेको भए तापनि प्रतिनिधित्व गर्नबाट वञ्चित रहन्छन् । समानात्तर प्रणाली तुलनात्मक रुपमा जटिल पनि छ र निर्वाचन प्रणालीको प्रकृति तथा सञ्चालनको सन्दर्भमा मतदाताहरुलाई यसले भ्रममा राख्न सक्दछ ।

## अन्य प्रणालीहरु

१३८. बढीमत/बहुमत, समानुपातिक प्रतिनिधित्व तथा मिश्रित प्रणालीको अतिरिक्त, कुनै खास वर्गमा शुद्ध रुपमा नपर्ने अरु पनि थुप्रै निर्वाचन प्रणालीहरु रहेका छन् । त्यसमध्ये एकल असङ्क्रमणीय मत, सीमित मत तथा प्राथमिकता गणना हुन् । यी प्रणालीहरु केही हदसम्म समानुपातिक प्रतिनिधित्व र बढीमत/बहुमत प्रणाली बीचको निर्वाचन परिणाम हुने गरी मतदान भएको मतलाई निर्वाचित स्थानमा रुपान्तरण गर्न उन्मुख रहन्छन् ।

### *एकल असङ्क्रमणीय मत प्रणाली*

१३९. एकल असङ्क्रमणीय मत अन्तर्गत प्रत्येक मतदाताले एक जना उम्मेदवारलाई एउटा मत प्रदान गर्दछ । तर (पहिलो हुने निर्वाचित हुने प्रणालीको विपरीत) प्रत्येक निर्वाचन क्षेत्रमा पूर्ति गर्नुपर्ने स्थान भने एक भन्दा बढी हुन्छ । कुल मतको सबभन्दा बढी मत पाउने उम्मेवारहरुले सो स्थान पूर्ति गर्दछन् ।

**एकल असङ्क्रमणीय मत प्रणाली अन्तर्गत मतदाताहरुले एक बहु-सदस्यीय निर्वाचन क्षेत्रमा एक एकल मत मतदान गर्दछन् । कुल मतको सबभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरु विजयी भएको घोषणा गरिन्छ । मतदाताहरुले राजनीतिक दलहरुलाईभन्दा उम्मेदवारहरुलाई मतदान गर्ने गर्दछन् ।**

एकल असङ्क्रमणीय मतबाट राजनीतिक दलले चुनौती सामना गर्नु पर्ने हुन्छ । उदाहरणको लागि, चार सदस्यीय कुनै निर्वाचन क्षेत्रमा, २० प्रतिशत भन्दा केही बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने निश्चित छ । ५० प्रतिशत भन्दा बढी मत भएको कुनै दलले यसरी ४ सदस्यीय कुनै निर्वाचन क्षेत्रमा दुई स्थान जित्ने अपेक्षा राख्न सक्छन् । प्रत्येक उम्मेवारले २५ प्रतिशत मत प्राप्त गरेमा सो हुन सक्छ, तर एक उम्मेदवारले ४० प्रतिशत र अर्कोले १० प्रतिशत मत प्राप्त गरेमा दोश्रो उम्मेदवार निर्वाचित हुन सक्दैन । दलले तीन जना उम्मेदवारहरु उठाएमा "मत विभाजन" को खतराले दुई स्थान जित्न सक्ने दललाई कुनै स्थान पनि प्राप्त नहुन सक्दछ ।

वर्तमान समयमा, एकल असङ्क्रमणीय मतलाई अफगानिस्तान, जोर्डन, पिटकर्न द्वीप तथा भानुआतुमा विधायिकी निकायको निर्वाचन गर्नको लागि, इण्डोनेसिया तथा थाइल्याण्डको दाश्रो सदनको निर्वाचनको लागि र ताइवानी विधायिकाको २२५ स्थानमध्ये १७६ स्थानको लागि समानान्तर प्रणालीको प्रयोग गरिन्छ । तर, यसको अत्यन्त राम्रो प्रयोग भने सन् १९४८ देखि १९९३ सम्म जापानको तल्लो सदनको निर्वाचनको लागि भएको थियो ।

१४०. *फाइदाहरु*

क. एकल असङ्क्रमणीय मत र बढीमत/बहुमत प्रणालीबीचको सवभन्दा महत्वपूर्ण भिन्नता भनेको यसअघि नै उल्लेख गरिएको एकल असङ्क्रमणीय मतले अल्पमतका दल तथा स्वतन्त्रलाई प्रतिनिधित्व गराउन बढी सहज तुल्याउनु हो । निर्वाचन क्षेत्रको ब्यापकता बढी भएमा (निर्वाचन क्षेत्रको स्थान/संख्या) यो प्रणाली बढी समानुपातिक हुन सक्छ । जोर्डनमा, एकल असङ्क्रमणीय मतले थुप्रै जनप्रिय, गैरदलीय, राजतन्त्रवादी उम्मेदवारहरुलाई निर्वाचित हुन सामर्थ्य तुल्याएको थियो जसलाई त्यस्तो गर्भकालीन दलगत प्रणालीभित्र एक फाइदा नै ठानिन्छ ।

ख. एकल असङ्क्रमणीय मतले दलहरुलाई बढी संगठित हुन र आफ्ना मतदाताहरुलाई बढीभन्दा बढी स्थान जित्ने सम्भावना हुने गरी मतदान गर्न निर्देशन दिन प्रोत्साहन गर्दछ। एकल असङ्क्रमणीय मतले मतदाताहरुलाई दलका सूचीभित्रका उम्मेदवारहरु मध्येबाट छनोट दिने हुनाले विशुद्ध समानुपातिक प्रतिनिधित्व प्रणालीले जसरी दल विखण्डन गर्दछ सोभन्दा यो प्रणालीले कम गर्दछ भन्ने तर्क पनि गरिन्छ। ४५ वर्ष भन्दा बढीको एकल असङ्क्रमणीय मत प्रणालीको अनुभवले जापानले एक शान्त र शक्तिशाली "एक दलगत नियन्त्रण" प्रणालीलाई प्रदर्शन गऱ्यो ।

ग. अन्ततः यो प्रणाली प्रयोग गर्न र बुझ्नलाई सजिलो भएकोले यसको प्रशंसा गरिन्छ।

# जापानः नयाँ निर्वाचन प्रणाली अपनाउँदै

कारेन कक्स

सन् १९९३ मा लामो समयदेखि वर्चस्व कायम राख्दै आएको लिबरल डेमोक्र्याटिक पार्टी (LDP) विभाजित भयो र त्यसपछि भएको आम निर्वाचनमा जापानी डायटमा यसले आफ्नो नियन्त्रण गुमाएको थियो । यस दलको स्थानमा गठन भएको नयाँ गठबन्धनको एक उपलब्धि निर्वाचन प्रणालीको सुधार थियो । जुन निर्वाचन प्रणालीलाई व्यापक रुपमा भ्रष्टाचारको स्रोत मानिएको LDP को लामो समयसम्म कायम रहेको वर्चस्वको आधारको रुपमा हेरिन्थ्यो ।

पुरानो निर्वाचन प्रणाली (एकल असङ्क्रमणीय मतदान प्रणाली) अन्तर्गत प्रतिनिधि सभा (तल्लो सदन) का ५११ सदस्यहरु प्रत्येकमा १ देखि ६ स्थान बीचका १२९ निर्वाचन क्षेत्रहरुबाट निर्वाचित हुन्थे । यो प्रणाली सन् १९४७ देखि प्रयोग हुँदै आएको थियो र यसले प्रमुख दलहरु- खासगरी LDP को विशिष्ट उपस्थितिलाई पैदा गरेको थियो । यस प्रणाली अन्तर्गत बहुमत वा महत्वपूर्ण अल्पमत प्राप्त गर्न पर्याप्त स्थान जित्ने अपेक्षा गरेको दलले अधिकांश निर्वाचन क्षेत्रहरुमा धेरै उम्मेदवारहरु उठाउन आवश्यक हुन्थ्यो । यसरी, आफ्नो प्रतिनिधित्व बढीभन्दा बढी गराउनको लागि प्रत्येक उम्मेदवारहरुले बढीभन्दा बढी मत पाउने स्वाभाविक अन्तर अभिलाशा हुनेभन्दा प्रत्येक उम्मेदवारले निर्वाचित हुनको लागि न्यूनतम संख्याको मत प्राप्त गर्ने विधि दलहरुलाई आवश्यक हुन्थ्यो । अफ्नो "स्वच्छ हिस्सा" को भन्दा कुनै उम्मेदवारले बढीमत प्राप्त गर्नु भनेको वास्तवमा कम मत प्राप्त गर्ने आफ्ना सहकर्मीहरुलाई चोट पुऱ्याउनु हुन सक्दथ्यो । "क" उम्मेदवारले "आवश्यक मत" पाउनु भनेको सोही दलको "ख" उम्मेदवारलाई स्थान प्राप्त गर्नबाट रोक्ने काम हुनसक्दथ्यो ।

LDP ले मतदाताहरुको छानिएका समूहहरुलाई लक्षित गर्ने र तिनीहरुलाई "स्थानीय विषयहरु" र अन्य सुविधाहरु प्रदान गर्ने विशिष्टीकृत नीतिहरु मार्फत यो समस्यालाई मिलाएको थियो । एकल असङ्क्रमणीय मतदान प्रणाली अन्तर्गत विजय हुने पहिलो दल भएकोले LDP ले सत्ताधारीका लुट नियन्त्रण गरेको थियो र विभिन्न विपक्षी दलहरुलाई एक प्रभावकारी चुनौती सामना गर्न यसले गाह्रो परेको थियो । आश्चर्य मान्नु पर्दैन, यस प्रणालीले भ्रष्टाचारलाई मलजल गरेको थियो । अझ विस्तृतमा भन्ने हो भने, यस्तो वैयक्तिक तथा विशिष्टीकृत प्रणालीअन्तर्गत सारभूत नीतिगत विषयहरुमा आधारित राजनीतिक छनोट र बहसउपर समुचित महत्व दिइएको थिएन ।

सन् १९९० को दशकको सुरुमा यस प्रणालीउपर नागरिकहरुको आक्रोशले निर्वाचन प्रणालीको सुधारका लागि ठूलो दबाब पैदा गरेको थियो । LDP ले यस विषयलाई सहमति जनाई सुधारको कानून

पारित गर्न नसकेकोले दलमा विभाजन भयो र यसले सन् १९९३ मा विपक्ष (LDP बाट दल त्याग गर्नेहरुसमेत) लाई सत्ता दिइएको थियो । संयुक्तराज्य अमेरिकी शैलीका दुई दलीय प्रणालीको अवधारणा र बराबर सरकारमा दलहरुको परिवर्तनलाई राजनीतिकर्मीहरु, विद्वानहरु तथा संचार माध्यमहरुमा लोकप्रियता वृद्धि गरेको थियो र यसलाई जापानी राजनीतिक प्रणालीका समस्याहरु समाधान गर्ने "जादूको छडी" को रुपमा हेरिएको थियो । यसको परिणामस्वरुप, धेरैले एकल संसदीय निर्वाचन क्षेत्रहरुको प्रणाली स्थापना गर्नको लागि आव्हान गरेका थिए । तर, नयाँ सरकारमा रहेका साना दलहरुका सदस्यहरुले यसबाट तिनीहरु प्रणालीबाहिर धकेलिन सकिने डर मानेका थिए र यसउपर विरोध भएको थियो । सम्झौताको परिणामस्वरुप, दुई तहको निर्वाचन प्रणाली सृजना गरिएको थियो, जुन आज प्रयोगमा रहेको छ ।

सुधारिएको निर्वाचन प्रणाली भनेको दुई तहको समानान्तर प्रणाली सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व र एकल-सदस्यीय निर्वाचन क्षेत्र भएको पहिलो हुने निर्वाचित हुने प्रणाली हो । प्रत्येक मतदाताले प्रत्येक तहमा एउटा मत मतदान गर्ने गर्दछ । यस निर्वाचन प्रणाली अन्तर्गतको पहिलो निर्वाचन सन् १९९६ मा भएको थियो, जसमा सातदेखि ३३ स्थानमा रहेका ११ निर्वाचन क्षेत्रबीच विभाजित भएका २०० समानुपातिक प्रतिनिधित्वका स्थान र दोस्रो तहमा एकल-सदस्यीय निर्वाचन क्षेत्र भएका ३०० स्थान थिए । सन् २००० मा भएको दोस्रो निर्वाचन अगाडि डायटमा समानुपातिक स्थानको संख्या १८० मा घटाउने विषयमा युक्तिकरणका प्रयास भएका थिए । समानुपातिक प्रतिनिधित्वका ११ निर्वाचन क्षेत्रहरु अहिले ६ देखि २९ स्थानका आकारमा रहेका छन् ।

समानान्तर प्रणालीमा प्रत्येक दलले पाएको मतलाई राम्रोसँग प्रतिबिम्बित गर्न त्यस्तो दलले पाएको समग्र स्थानको संख्यालाई समायोजन गर्ने क्षतिपूर्तिसम्बन्धी संयन्त्र छैन । समानुपातिक प्रतिनिधित्वउपर यसरी एकल-सदस्यीय निर्वाचनको क्षेत्रमा रहेको प्रावल्यताले ठूला दलहरुलाई नै एकल-सदस्यीय निर्वाचन क्षेत्रको स्थान जित्न नै लाभ पुऱ्याउने गर्दछ । तथापि, जापानी निर्वाचन प्रणालीका दुई तहहरु अर्को बढी असामान्य मार्गमा एक अर्कामा सम्बन्धित छन् । जापानको निर्वाचन प्रणालीले उम्मेदवारहरुलाई समानुपातिक प्रतिनिधित्वको सूचीको तथा एकल-सदस्यीय निर्वाचन क्षेत्रको दुवै स्थानमा खडा भई दोहोरो उम्मेदवारीको अनुमति दिने गर्दछ ।

समानुपातिक प्रतिनिधित्वको तह प्राविधिक रुपमा गोप्य सूचीमा हुने गरे तापनि त्यस्तो सूचीमा उम्मेदवारहरुको प्राथमिकताक्रम निर्धारण गर्ने कार्यमा मतदाताहरुले केही हदसम्म प्रभाव पुऱ्याउनसक्ने प्रावधान पनि रहेको छ । दलगत सूची तथा एकल-सदस्यीय निर्वाचन क्षेत्र दुवैमा मनोनयन भएका केही वा सबै उम्मेदवारहरुको समान प्राथमिकताक्रम दिने सूची दलहरुले प्रस्तुत गर्न सक्दछन् । एकल-सदस्यीय निर्वाचन क्षेत्रमा विजयी भएकाहरु विजयी भएपछि विचार गर्नबाट हटाइन्छन् र आफ्नो निर्वाचन क्षेत्रमा विजयी भएको व्यक्तिको तुलनामा प्रत्येकले कति राम्रो मत प्राप्त गरेको छ सोही आधारमा एकल निर्वाचन क्षेत्रमा पराजित हुनेहरुको अन्तिम प्राथमिकताक्रम निर्धारण गर्ने गरिन्छ ।

दलहरुका लागि यस प्रावधानका थुप्रै फाइदाहरु छन् । पहिलो कुरा, यसले तिनीहरुलाई प्राथमिकता क्रमसूचीमा रहेका उम्मेदवारहरुको राजनीतिक रुपमा चुनौतीपूर्ण कामलाई त्याग गराउन सक्ने हुन्छ । दोस्रो कुरा, यसले समानुपातिक प्रतिनिधित्वको सूचीहरुमा समान प्राथमिकता क्रमसूचीमा रहेका उम्मेदवारहरुलाई आ-आफ्नो निर्वाचन क्षेत्रमा मत जित्न जोडतोडसँग निर्वाचन अभियान संचालन गर्न प्रोत्साहन गर्ने हुन्छ । जब दलहरुले समान प्राथमिकता क्रमसूची बढी प्रयोग गर्दछन् तिनीहरुले केही उम्मेदवारहरुका निश्चित प्राथमकिता क्रमसूची बनाउने विकल्प पनि राख्ने गर्दछन् । समानुपातिक प्रतिनिधित्व सूचीमा माथिल्लो वा "सुरक्षित" सूचीमा रहनाले निर्वाचनमा जित्नसक्ने अवसर कम भएका एकल-सदस्यीय निर्वाचन क्षेत्रमा प्रतिस्पर्धा गर्ने उम्मेदवारलाई पत्यार पार्न यो पनि उपयोगी हुन्छ ।

यो प्रणालीको पहिलो परीक्षण सन् १९९६ मा भएको थियो र निर्वाचन परिणामहरु धेरै हदसम्म निराश हुनेखालका थिए । नयाँ निर्वाचन कानून पारित भएपछिका वर्षहरुमा LDP ले आफूलाई सत्तामा पुनर्स्थापना गरेको थियो र विपक्षीदलहरुबाट थुप्रै पुनर्संलग्नताका कुराहरु भएका थिए । यो अस्थिरताले अतीत कै ढाँचालाई जोडदिन र LDP को समग्र निर्वाचन जित्ने काम जोडतोडले हुन थालेको छ र अपेक्षा गरिएको दुई दलीय प्रणालीतर्फ कमै ध्यान गएको छ । केही हदसम्म जटिल प्रकृतिको प्रणालीले मतदाताहरुबीच र खासगरी एकल-सदस्यीय निर्वाचन क्षेत्रमा पराजित भएका उम्मेदवारहरु समानुपातिक प्रणालीको पङ्क्तिमा "पुनर्जीवित" हुने कार्यप्रति असन्तोष पैदा गरेको छ । यी निर्वाचन परिणामहरु खासगरी एकल-सदस्यीय निर्वाचन क्षेत्रमा पहिलो र तेस्रो स्थानको (र कहिले कहीं चौथो) उम्मेदवारले स्थान जित्ने र दोस्रो स्थानको उम्मेदवार साधारणतया विपक्षीहरुको अत्यन्त कडा प्रतिस्पर्धाबाट विजयी हुननसक्ने कार्यप्रति सहजबोध हुने गर्दछ । भ्रष्टाचार वा पैसाको राजनीतिले मुख्यरुपमा ठाउँ पाउनेतिर ढल्किएको कुरामा कमी ल्याउन पनि अस्पष्ट नै रह्यो ।

नयाँ प्रणाली अन्तर्गत सन् २००० मा भएको दोस्रो निर्वाचनका बखत प्रत्येक एकल-सदस्यीय निर्वाचन क्षेत्रमा जोडतोडका साथ प्रतिस्पर्धा गर्ने उम्मेदवारहरुको संख्यामा कटौती भएको थियो, तर, गैर-कम्युनिष्ट विपक्ष अझै पनि चिराचिरा भएको र मध्यमार्गी कोमितो (Komeito) पार्टीले खेमा परिवर्तन गरी LDP ले नेतृत्व गरेको गठबन्धनमा समावेश भएकोले द्वि-दलीय प्रणालीतर्फको गतिमा भने पुनः झिनो मात्र प्रगति भएको थियो ।

नयाँ प्रणालीको तेस्रो परीक्षण सन् २००३ को नोभेम्बरमा भएको थियो । सेप्टेम्बरमा सानो लिवरल पार्टी प्रमुख विपक्षी डेमोक्र्याटिक पार्टी (DPJ) मा गाभिएको थियो । गाभिएको दल (जसको नाम DP नै कायम रहेको थियो) ले पहिलो पटक दलको घोषणा पत्रमा प्रयोगलाई ध्यानाकर्षण गरी ४० स्थानको आकर्षक निर्वाचन परिणाम प्राप्त गरेको थियो । बाँकी रहेका ठूलै आकारका विपक्षी दलहरु केहीले बाहेक सबैले सम्पूर्ण स्थान गुमाएका थिए । सरकारका तर्फ, LDP र यसको गठबन्धनका स-साना दल LDP मा समाहित हुँदै गएकाले दुई स-साना दलहरुले पनि स्थान गुमाएका थिए ।

अधिकांश स्थानहरु दुई प्रमुख दलहरुको हातमा केन्द्रिकृत भई कोमितो मात्र एक महत्वपूर्ण सानो दलको रुपमा रहेको थियो । LDP ले अझै पनि अधिकरुपमा कोमितोसँग गठबन्धन कायम गरेको छ किनभने यसलाई उपल्लो सदनमा कोमितोको समर्थन आवश्यक परेर मात्र होइन कि सुसंगठित कोमितोको समर्थनले यसलाई एकल-सदस्यीय निर्वाचन क्षेत्रका अधिकांश स्थानहरुमा विजय हुन ठूलो भूमिका खेल्ने गर्दछ ।

सन् २००३ मा सम्पन्न निर्वाचनको परिणामले निर्वाचन प्रणालीका सुधारका प्रभावहरु तुरुन्तै अनुभव हुँदैन र यो आचरण तथा प्रक्रियाहरुमा प्रवेश गर्न समय परिवर्तन हुनुपर्छ भन्ने विचारलाई समर्थन गरेको छ । यी निर्वाचन परिणामहरुले यो पनि सुझाएका छन् कि समानुपातिक प्रतिनिधित्वको तहको अस्तित्वले तेस्रो दलहरु उब्जाउने हुँदा मिश्रित सदस्यीय निर्वाचन प्रणालीमा संयुक्त राज्य अमेरिकी शैलीका द्विदलीय प्रणालीको पूर्णतः सुदृढीकरण गर्ने सम्भावना हुँदैन ।

१४१. *बेफाइदाहरु*

क. साना दलहरु जसका मतहरु व्यापक रुपमा छरिएका छन् कुनै पनि स्थान जित्न नसक्ने हुन्छन् भने ठूला दलहरुले राष्ट्रिय स्तरमा खसेका बढी मतले महत्वपूर्ण बोनस स्थान पाउन सक्ने भई विधायिकामा पूर्ण बहुमत पाउन सक्ने हुन्छ । बहुसदस्यीय निर्वाचन क्षेत्र भित्र निर्वाचन गर्नु पर्ने स्थानको संख्या बढाएर निर्वाचन प्रणालीको समानुपातिकतालाई अभिवृद्धि गर्न सकिन्छ तापनि निश्चित भौगोलिक निर्वाचन क्षेत्रको पक्षमा वकालत गर्नेहरुले ज्यादै नै उचालेको मतदाता- संसद् बीचको सम्बन्धलाई यसले कमजोर बनाउँछ भनेका छन् । उदाहरणका लागि १८ जनासम्म सदस्य भएको थाइल्याण्डको बहुसदस्यीय निर्वाचन क्षेत्रहरुलाई कसरी व्यबस्थापन गर्ने भन्ने एक मुख्य समस्याको विषय भएको छ ।

ख. बहुसदस्यीय उम्मेदवार हुने अन्य कुनै पनि प्रणालीमा जस्तै एउटै राजनीतिक दलका उम्मेदवारहरु एकमतको लागि आपसमा प्रतिस्पर्धा गर्ने हुनाले आन्तरिक दल विखण्डन तथा वैमनस्यता वृद्धि हुन्छ । यसले राजनीतिक नेताहरुले निश्चित मतदाता समूहलाई चुनावी घूस प्रदान गर्ने ग्राहकमुखी राजनीतिको प्रबर्द्धनलाई सघाउ पुऱ्याउन सक्छ ।

ग. दलहरुले उम्मेदवारको मनोनयन तथा मत व्यवस्थापन दुबैको जटिल रणनीतिक प्रश्न उपर विचार गर्न आवश्यक हुन्छ । धेरै उम्मेदवारहरु उठाउनु जति प्रत्युत्पादक हुन्छ त्यति नै प्रत्युत्पादक कम उम्मेदवार उठाउँदा पनि हुन्छ र एक अनुशासित दलका लागि दलका सबै उम्मेदवारहरुले त्यत्तिकै मत समान रुपले पाउने गरी मतदाताहरुले आफ्नो मत फैलाउन आवश्यक हुन्छ ।

घ. एकल असङ्क्रमणीय मतले मतदाताहरुलाई एउटा मात्र मत दिने हुनाले यस प्रणालीमा समायोजन गर्न सकिने तवरबाट मतदाताहरुको व्यापक वर्णपटलाई आह्वान गर्न राजनीतिक दलहरुलाई ज्यादै थोरै प्रेरणा हुन्छ । यदि तिनीहरुसंग मनासिव संख्याको खास मत छ भने "बाहिरियाहरु" लाई आह्वान नगरेर पनि तिनीहरुले स्थान जित्न सक्छन् ।

ङ. एकल अङ्सक्रमणीय मतले खासगरी मनोनयनका सर्तहरु समावेश भई धेरै उम्मेदवारहरु आफै नै अघि सर्ने अवस्था भएमा यसले धेरै नै खेर जाने मत बढाउँछ ।

### *सीमित मत*

१४२. एकल असङ्क्रमणीय मत जस्तै सीमित मत भनेको बहुसदस्यीय निर्वाचन क्षेत्रमा बढीमत /बहुमत प्रणालीको प्रयोग हो । एकल सङ्क्रमणीय मतको विपरीत, मतदाताहरुलाई एकभन्दा बढी तर निर्वाचन गर्नुपर्ने उम्मेदवारहरुभन्दा कम मत दिइएको हुन्छ । मतगणना एकल असङ्क्रमणीय मत प्रणालीको जस्तै हो र कुल मतमध्ये सबभन्दा बढी मत पाउने उम्मेदवारहरुले स्थान जित्छन् ।

विभिन्न स्थानीय तहका निर्वाचनका लागि यो प्रणाली प्रयोग गरिएको छ । तर यसको राष्ट्रिय स्तरको प्रयोग भने जिब्राल्टार र स्पेनमा मात्र सीमित रहेको छ, जहाँ सन् १९७७ देखि स्पेनी माथिल्लो सदन, सिनेटको निर्वाचन गर्न यसलाई प्रयोग गरिएको छ । त्यहाँ यस्तो अवस्थामा ठूलो बहु-सदस्यीय निर्वाचन क्षेत्रमा प्रत्येक मतदातासंग निर्वाचन गर्ने स्थानभन्दा एक कम हुन्छ ।

१४३. *फाइदा तथा बेफाइदाहरु*: एकल असङ्क्रमणीय मत जस्तै सीमित मतमा मतदाताहरुको लागि सरल र तुलनात्मक रुपमा मतगणना गर्न सजिलो हुन्छ । यो प्रणाली एकल असङ्क्रमणीय मतको भन्दा कम समानुपातिकको निर्वाचन परिणाम पैदागर्ने तर्फ उन्मुख छ। आन्तरिक दलगत प्रतिस्पर्धा, दल व्यवस्थापन सम्बन्धी कुराहरु तथा ग्राहकमुखी राजनीति सम्बन्धी धेरै कुराहरु एकल असङ्क्रमणीय मतमा जस्तै सीमित मत प्रणालीमा समान रुपमा लागू हुन्छन् ।

**सीमित मत बहु-सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग भएको उम्मेदवार केन्द्रित निर्वाचन प्रणाली हो, जसमा मतदाताहरुलाई एकभन्दा बढी तर, निर्वाचित हुने उम्मेदवारहरुभन्दा कम मत हुन्छ । कुल मतको सबभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरुले स्थान विजय गर्दछन् ।**

## प्राथमिकता गणना

**प्राथमिकता गणना- एकल वा बहु-सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग भएको उम्मेदवार केन्द्रित प्राथमिकता दिइएको प्रणाली हो जसमा मतदाताहरुले मतपत्रमा आ-आफ्नो प्राथमिकता चिन्ह लगाउन संख्याको प्रयोग गर्ने गर्दछन् र चिन्ह लगाइएको प्रत्येक प्राथमिकतालाई समान कदम प्रयोग गर्ने मूल्यमा निर्धारण गरिन्छ । यी मूल्यहरुलाई गणना गरिन्छ र कुल मतको सबभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार वा उम्मेदवारहरु निर्वाचित भएको घोषणा गरिन्छ ।**

१४४. निर्वाचन प्रणालीको प्रारुप निश्चित गर्ने कुराको एक अन्तिम तथा अनुपम उदाहरण भनेको प्रशान्त क्षेत्रको सानो मुलुक नाउरुमा प्रयोग भएको परिमार्जित प्राथमिकता गणना हो । प्राथमिकता गणना उम्मेदवारलाई प्राथमिकता दिने एक निर्वाचन प्रणाली हो जसमा मतदाताहरुले वैकल्पिक मतमा जस्तैं उम्मेदवारहरुको क्रम निर्धारण गर्दछन् । यसलाई एकल र बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गर्न सकिन्छ। मत गणना एकपटक मात्र हुन्छ, उम्मेदवारहरु हटाउने कुरा हुदैन र "विभाजनयुक्त मत" मा भिडेअनुसार सरल रुपमा प्राथमिकता निर्धारण हुन्छ। नाउरुले अपनाएको परिमार्जित प्राथमिकता गणनामा पहिलो प्राथमिकताको मूल्य एक हुन्छ, दोश्रो प्राथमिकताको मुल्य आधा हुन्छ, तेश्रो प्राथमिकताको मुल्य एक तिहाई र त्यसै गरी मूल्य निर्धारण हुदैं जान्छ । यी सबै प्राथमिकताको मूल्य जोडिन्छ र सबभन्दा बढी कुलमत पाउने उम्मेदवारहरु विजयी भएको घोषणा गरिन्छ ।

## निर्वाचन प्रणालीका तहहरु र वर्णसंकर प्रणाली

१४५. धेरै निर्वाचन प्रणालीहरु, बढीमत/बहुमत तथा समानुपातिक दुवै प्रणालीहरुमा प्रतिनिधित्वको एकल तह हुन्छ । मुलुकको प्रत्येक मतदाताले एक पटक मतदान गर्दछन् र एक समूहका निर्वाचित प्रतिनिधिहरु हुन्छन। एक तहको सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमा नामिबिया र नेदरल्याण्डमा जस्तैं राष्ट्रिय स्तरको सूची हुन्छ अथवा फिनल्याण्ड र स्विट्जर्ल्याण्डमा जस्तैं क्षेत्रीय स्तरको सूची हुन्छ ।

मिश्रित प्रणालीहरुमा बढीमत/बहुमत प्रणाली अन्तर्गत निर्वाचित भएकाहरु र समानुपातिक प्रतिनिधि प्रणाली अन्तर्गत निर्वाचित भएका साधारणतया दुई तहका प्रतिनिधिहरु हुन्छन्। तर, हंगेरीमा तीन-तीन तह छन्: दुई-चरण प्रणाली प्रयोग गरी एकल-सदस्यीय निर्वाचन क्षेत्रबाट बढीमत/बहुमतअन्तर्गत निर्वाचित प्रतिनिधिहरु र सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली प्रयोग गरी क्षेत्रीय तथा राष्ट्रिय स्तरमा निर्वाचित प्रतिनिधिहरु छन् ।

कुनै निर्वाचन प्रणालीमा यसको चरित्रमा सम्मिश्रण नगरिकन पनि दुई तह हुन सक्ने सम्भावना रहन्छ । दुई तहका समानुपातिक प्रणालीहरुमा राष्ट्रिय तथा क्षेत्रीय सूचीहरु (दक्षिण अफ्रिकामा जस्तो) वा क्षेत्रीय सूचीहरु मात्र (डेनमार्कमा जस्तो) हुन सक्छन् । ब्रिटिश भर्जिन द्वीपहरुको दुई तहको बढीमत/बहुमत प्रणालीमा पहिलो हुने निर्वाचित हुने प्रणाली प्रयोग गरी एकल-सदस्यीय निर्वाचन क्षेत्रबाट निर्वाचित भएका प्रतिनिधिहरु र एकमुष्ट मत प्रयोग गरी सम्पूर्ण द्वीपहरुबाट निर्वाचित भएका प्रतिनिधिहरु हुने गर्दछन् ।

**तालीका ६: समानुपातिक प्रतिनिधित्व सम्बन्धी परिवर्तित स्वरुपहरु**

| | मतदाताहरुको छनोट | | |
|---|---|---|---|
| **निर्वाचन तहहरु** | **बन्द सूची** | **खुला सूची** | **स्वतन्त्र सूची** |
| एकः क्षेत्रीय | उदाहरणको लागि स्पेन, मेसेडोनिया | उदाहरणको लागि लात्भिया, इण्डोनेसिया | स्विट्जरल्याण्ड, लक्जम्बर्ग |
| एक : राष्ट्रिय | उदाहरणको लागि नामिबिया, माल्दोभा | नेदरल्याण्डस | - |
| बहुपक्षीय | उदाहरणको लागि दक्षिण अफ्रिका, एल साल्भाडोर | उदाहरणको लागि स्वेडेन, आइसल्याण्ड | - |

१४६. दुई वा सो भन्दा बढी तहका निर्वाचन प्रणालीहरुलाई वर्णसंकर प्रणालीबाट छुट्याउन आवश्यक छ, जसमा मुलुकको एक भागले एक किसिमको निर्वाचन प्रणालीलाई प्रयोग गरी आफ्ना प्रतिनिधिहरु निर्वाचन गर्दछ भने मुलुकको अर्को छुट्टै भागले भिन्न निर्वाचन प्रणाली प्रयोग गरी प्रतिनिधिहरु निर्वाचन गर्दछ । पानामामा करिब दुई तिहाइ प्रतिनिधिहरु सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली प्रयोग गरी बहुसदस्यीय निर्वाचन क्षेत्रबाट निर्वाचन गरिन्छ भने बाँकी रहेका एकतिहाई सदस्यहरु पहिलो हुने निर्वाचित हुने प्रणाली प्रयोग गरी एकल सदस्यीय निर्वाचन क्षेत्रबाट निर्वाचित हुन्छन् ।

१४७. तालीका ६ ले प्रमुख निर्वाचन प्रणालीहरुका फाइदा र बेफाइदाहरुलाई संक्षेपमा दर्शाएको छ । यो कुरा ध्यानमा राख्नु महत्वपूर्ण छ कि यसमा प्रस्तुत गरिएका फाइदा र बेफाइदाहरु अवस्थापिच्छे नै फरक-फरक हुन सक्छन र थुप्रै कुराहरुमा निर्भर गर्ने हुन्छन् । उदाहरणका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत मतदाताको उपस्थिति उच्च हुन सक्दछ भने सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले राष्ट्रपतिको लागि मजबुत विधायिकी समर्थन पैदा गर्न सक्दछ । एक सन्दर्भ वा एक पक्षबाट जे जस्तो फाइदा देखिएको छ सोही कुरालाई अर्को सन्दर्भ वा अर्को पक्षबाट केही कुरा नकारात्मक भएको देखिन पनि सक्दछ । तथापि यो तालिकाले निर्वाचन प्रणालीको छनोटका केही सम्भावित परिणामहरुको संक्षिप्त झलक दिन्छ । यसले निर्वाचन प्रणालीको छनोट र राजनीतिक/संस्थागत परिणामबीचको सम्बन्ध समेत समेट्दै एउटा प्रत्येक प्रकारका निर्वाचन प्रणाली भित्रका भिन्नताहरुका प्रभावहरुलाई सङ्केत पनि दिन सक्दछ ।

**तालीका ७: पाँच निर्वाचन प्रणालीका विकल्पहरु: फाइदा तथा बेफाइदाहरु**

| | फाइदाहरु | बेफाइदाहरु |
|---|---|---|
| **सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व** | • समानुपातिकता<br>• समावेशीकरण<br>• अल्पसंख्यकको प्रतिनिधित्व<br>• कम खेर जाने मत<br>• महिला प्रतिनिधिका लागि निर्वाचित हुन सजिलो<br>• निर्वाचन सीमा निर्धारण गर्न आवश्यक नहुने (वा कम हुने)<br>• उप-निर्वाचन गर्न आवश्यक नहुने<br>• मतदानमा अनुपस्थित रहनेको लागि सहज पुऱ्याउने<br>• क्षेत्रीय एकल दल वृद्धिको लागि नियन्त्रण गर्ने,<br>• मतदानको लागि मतदाताको उच्च उपस्थितिको सम्भावना हुने, | • कमजोर भौगोलिक प्रतिनिधित्व,<br>• जवाफदेहिताका विषयहरु,<br>• राष्ट्रपति प्रणाली भएका मुलुकमा राष्ट्रपतिको लागि कमजोर विधायिकी समर्थनको सम्भावना,<br>• संसदीय प्रणाली भएको मुलुकमा गठबन्धन वा अल्पमतको सरकार हुने सम्भावना<br>• राजनीतिक दललाई बढी शक्ति दिइने,<br>• विधायिकामा अतिवादी दलहरु समावेश हुन उन्मुख रहन सक्ने,<br>• दललाई सत्ताबाट बाहिर फ्याँक्न असमर्थ हुने, |
| **पहिलो हुने निर्वाचित हुने** | • मजबुत भौगोलिक समर्थन,<br>• सजिलै कार्यान्वयन हुने जवाफदेहिता कायम रहने,<br>• बुझ्नलाई सरल<br>• मतदाताहरुलाई स्पष्ट रुपमा छनोट दिन्छ,<br>• एक सबल विपक्षलाई प्रोत्साहन गर्दछ ,<br>• अतिवादी दलहरुलाई हटाउँछ,<br>• मतदाताहरुलाई उम्मेदवारहरु मध्येबाट छनोट गर्न अनुमति दिन्छ,<br>• राष्ट्रपति प्रणाली भएका मुलुकमा राष्ट्रपतिको लागि मजवुत विधायिकी समर्थनको सम्भावना,<br>• संसदीय प्रणाली भएका मुलुकमा बहुमतको सरकार हुनसक्ने, | • अल्पमतका दलहरुलाई हटाउँछ,<br>• अल्पसंख्यक हटाउँछ,<br>• महिलाहरुलाई हटाउँछ,<br>• धेरै मत खेर जाने हुन्छ,<br>• बारम्बार उप-निर्वाचनको आवश्यकता,<br>• निर्वाचन सीमा निर्धारणको आवश्यकता,<br>• निर्वाचन क्षेत्र सीमामा गोलमाल हुनसक्ने (जेरिम्याण्डेरिङ्ग)<br>• मतदानमा अनुपस्थित रहने मतदाताहरुको प्रवन्ध गर्न गाह्रो हुने, |

| | | |
|---|---|---|
| **दुई-चरण निर्वाचन प्रणाली** | • मतदाताहरुलाई छनोट गर्न दोस्रो पटक मौका दिन्छ,<br>• अन्य थुप्रै बढीमत/बहुमत प्रणालीहरुमाभन्दा कम मत विभाजन हुने,<br>• बुझ्नलाई सरल,<br>• मजबुत भौगोलिक प्रतिनिधित्व, | • निर्वाचन सीमा निर्धारण गर्न आवश्यकता हुने,<br>• दोस्रो चरणको निर्वाचनलाई चुनौती दिंदै लागत र बारम्बार हुने प्रशासनिक आवश्यकता,<br>• बारम्बार उप-निर्वाचन गर्न आवश्यक हुने,<br>• निर्वाचन र निर्वाचन परिणाम घोषणाको लामो समयावधि,<br>• अमिल्दो अनुपातिकता<br>• दलगत प्रणालीलाई विखण्डन गर्न सक्ने,<br>• गहिरो रुपमा विभाजित समाजलाई अस्थिरतातर्फ लैजान सक्ने, |
| **समानान्तर प्रणाली** | • समावेशीकरण,<br>• अल्पसंख्यकको प्रतिनिधित्व,<br>• विशुद्ध सूचीमा आधारित समानुपातिक प्रणालीमा भन्दा दल विभाजन कम हुने,<br>• अन्य विकल्पहरुभन्दा सजिलै सहमति हुन सक्ने,<br>• जवाफदेहिता कायम रहने,<br>• मत कम खेर जाने, | • जटिल प्रणाली,<br>• निर्वाचन सीमा निर्धारणगर्न आवश्यक हुने,<br>• बारम्बार उप-निर्वाचन गर्न आवश्यक हुने,<br>• दुई वर्गका प्रतिनिधिहरु सृजना गर्न सक्ने,<br>• रणनीतिक मतदान हुने,<br>• सूचीमा आधारित समानुपातभन्दा अनुपस्थित रहने मतदाताको प्रबन्ध गर्न बढी कठिनाइ हुने,<br>• समग्र रुपमा समानुपातिकताको प्रत्याभूति नदिने, |
| **मिश्रित सदस्यीय समानुपातिक** | • समानुपातिकता,<br>• समावेशीकरण,<br>• भौगोलिक प्रतिनिधित्व,<br>• जवाफदेहिता,<br>• मत कम खेर जाने,<br>• अन्य विकल्पहरुभन्दा सजिलै सहमति हुन सक्ने, | • जटिल प्रणाली,<br>• निर्वाचन सीमा निर्धारण गर्न आवश्यक हुने,<br>• बारम्बार उपनिर्वाचन गर्न आवश्यक हुने,<br>• दुई वर्गका प्रतिनिधिहरु सृजना हुन सक्ने,<br>• रणनीतिक मतदान हुने,<br>• सूचीमा आधारित समानुपातभन्दा अनुपस्थित रहने मतदाताको प्रवन्ध गर्न बढी कठिनाइ हुने । |

## प्रतिनिधित्वसम्बन्धी विचार गर्नु पर्ने विषयहरु

### *महिलाको प्रतिनिधित्व*

१४८. महिलाको प्रतिनिधित्व बढाउने प्रशस्त उपायहरु छन् । प्रकरण १०७ मा चर्चा गरिए जस्तै समानुपातिक प्रणालीमा बढी महिलाको निर्वाचन परिणाम दिनेतर्फ उन्मुख रहन्छ । निर्वाचन गर्नुपर्ने स्थानको मनासिव रुपमा ठूलो व्यापकता भएका निर्वाचन क्षेत्र प्रयोग गर्ने निर्वाचन प्रणालीले महिलाहरुलाई दिई बाँकी रहेका मनोनयन पत्र (टिकट) ले तिनीहरुको निर्वाचित हुने मौका वृद्धि गर्दछ भन्ने आधारमा महिलालाई मनोनयन गर्न दलहरुलाई प्रोत्साहन गर्दछ । सूचीमा आधारित केही समानुपातिक प्रतिनिधित्व प्रणाली अपनाउने मुलुकहरुमा प्रत्येक दलले मनोनयन गरेका उम्मेदवारहरुमध्ये निश्चित अनुपातमा महिला हुनुपर्ने व्यवस्था गरिएको छ ।

१४९. निर्वाचन प्रणालीको छनोटको अतिरिक्त महिला प्रतिनिधिहरुको संख्या वृद्धि गर्न प्रयोग गर्न सकिने अन्य थुप्रै रणनीतिहरु पनि रहेका छन् ।

क. पहिलो, त्यहाँ आरक्षित स्थानहरु रहन्छन्, जसमा विधायिकामा निश्चित संख्याका स्थानहरु महिलाको लागि छुट्टाइएको हुन्छ । यी स्थान क्षेत्रका प्रतिनिधिहरुबाट वा राजनीतिक दलहरुले आफूले राष्ट्रियस्तरमा पाएको मतको समग्र अंशको प्रत्यक्ष अनुपातमा पूर्ति गर्ने गरिन्छ । आरक्षित स्थानहरु बढीमत/बहुमत निर्वाचन प्रणालीमा आदर्श प्रतीकका रुपमा रहन्छन् र प्रायशः यसले मुलुकको संविधानमा प्रवेश पाएको हुन्छ। यस्तो अवस्था अफगानिस्तान (प्रत्येक ३२ प्रान्तमा दुई महिला वा निर्वाचन गर्नुपर्ने स्थानको मोटामोटी २५ प्रतिशत), उगाण्डा (प्रत्येक ५६ निर्वाचन क्षेत्रमा एकजना महिला वा निर्वाचन गर्नु पर्ने स्थानको मोटामोटी १८ प्रतिशत) तथा रुआण्डा (निर्वाचन गर्नु पर्ने स्थानको ३० प्रतिशत हुनेगरी महिलाहरुको लागिमात्र राखिएको निर्वाचन क्षेत्रबाट २४ जना महिला निर्वाचित हुन्छन्) लगायत केही सीमित मुलुकमा हुने गर्दछ । भारतका केही राज्यहरुमा स्थानीय निकायका निर्वाचन गर्नुपर्ने स्थानहरु तीन समूहहरुमा विभाजन गरिएका छन् । प्रत्येक निर्वाचनमा एक समूहका स्थानहरुमा महिला मात्र मनोनयन हुन सक्छन् र सोही कारणबाट कम्तीमा एकतिहाई महिलाहरु निर्वाचित हुने कुराको प्रत्याभूति रहन्छ । साथै निर्वाचित पुरुषहरुको लागि दुई पदावधिमा सीमित गरिएको छ ।

ख. दोस्रो, निर्वाचन कानूनले निर्वाचनको लागि निश्चित संख्याका महिला उम्मेदवार उठाउनु पर्ने गरी राजनीतिक दललाई बाध्य गराउन सक्छ । यो काम प्रायशः समानुपातिक निर्वाचन प्रणाली, उदाहरणका लागि नामिबिया (स्थानीयस्तरका ३० प्रतिशत महिला उम्मेदवारहरु) तथा पेरु (३० प्रतिशत उम्मेदवारहरु) मा गर्ने गरिन्छ । बोलिभियाको मिश्रित सदस्यीय समानुपातिक प्रणालीको सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको अंशमा (३० प्रतिशत उम्मेदवारहरु) पनि यसको आवश्यकता ठानिन्छ । तर, कडा स्थानको निर्देश तथा दलगत सूचीमा निर्वाचित हुन सक्ने ठाउँमा महिलाहरुलाई राख्नुपर्ने बाध्य गरिएको संयन्त्रको कार्यान्वयन नभएसम्म कानूनले सधैं लक्ष्य हासिल हुने कुरा प्रत्याभूत गर्दैन । यो अवस्था अर्जेन्टिना (जित्न सक्ने अवस्थामा रहेका ३० प्रतिशत), बेल्जियम (प्रमुख दुई उम्मेदवारहरु प्रत्येक बेग्लाबेग्लै लिङ्गको हुनुपर्ने) तथा कोष्टारिका (जित्न सक्ने अवस्थामा रहेका ४० प्रतिशत) को अवस्थाको हो ।

ग. तेस्रो, राजनीतिक दलहरुले विधायिकाको उम्मेदवारको रुपमा महिलाको लागि आफ्नो आन्तरिक कोटा अपनाउन सक्छन् । राजनीतिक जीवनमा महिलाको सहभागिता प्रवर्द्धन गर्न प्रयोग भएको यो अति प्रचलित संयन्त्र हो र विश्वभरी नै सफलताको फरक फरक स्तर सहित यसको प्रयोग हुंदै आएको छ । दक्षिण अफ्रिकामा अफ्रिकन नेसनल कांग्रेस, अर्जेन्टिनामा पेरोनिष्ट पार्टी तथा र्‍याडिकल सिभिक युनियन, बोलिभियामा कोन्डेपा (दि कन्साइन्स अफ दि फादरल्याण्ड), मेक्सिकोमा दि पार्टी अफ डेमोक्रयाटिक युनियन, अष्ट्रेलिया तथा संयुक्त अधिराज्यका लेबर पार्टीहरु तथा स्काण्डिनेभियन मुलुकहरुले यस व्यवस्थालाई अपनाएका छन् । सन् १९९७ मा संयुक्त अधिराज्यमा भएको निर्वाचनमा लेबर पार्टीले अपनाएको महिला उम्मेदवारहरु मात्रको संक्षिप्त सूचीको प्रयोगले महिला सांसदहरुको संख्या ६० बाट ११९ पुऱ्याई झण्डै दोब्बर गरेको थियो ।

सन् २००४ सम्ममा, १४ मुलुकहरुका संविधानमा (हालसालै अफगानिस्तानमा भएको लगायत) कोटाको व्यवस्था गरिएको थियो, ३२ मुलुकहरुमा कानूनद्वारा व्यवस्था गरिएको थियो र ६१ मुलुकका १२५ राजनीतिक दलहरुले स्वेच्छाले आफ्नो दलगत कोटाको व्यवस्था अपनाएका थिए । निर्वाचन प्रणालीको किसिमको सन्दर्भमा, बढीमत/बहुमत प्रणाली भएका १७ मुलुकहरु, मिश्रित निर्वाचन प्रणाली भएका १५ मुलुकहरु तथा समानुपातिक प्रतिनिधित्व प्रणाली भएका ४५ मुलुकहरुमा कोटा व्यवस्था रहेको छ । "अन्य प्रणाली" भएका दुई मुलुकहरु- अफगानिस्तान र जोर्डनमा कोटा व्यवस्था रहेको छ ।

१५०. विधायिकामा महिला प्रतिनिधिलाई प्रत्याभूत गर्ने प्रणालीहरु सफलता र यिनीहरुको परिणति दुबैको चासोले गर्दा फरक-फरक स्थिति छ । उदाहरणका लागि, आरक्षित स्थानले महिलाहरुलाई पदमा निर्वाचित हुन प्रत्याभूति गर्ने कुरालाई मद्दत त पुऱ्याउँछ तर केही महिलाहरु कोटा व्यवस्थालाई महिलालाई लोलोपोतो गर्ने उपाय भएको भनी अन्ततोगत्वा यसले महिलाहरुलाई किनारा लगाउने तर्क गर्दछन् । विधायिकामा निर्वाचित हुनुको अर्थ महत्वपूर्ण निर्णय गर्ने अधिकार दिइन्छ भन्ने कुराको जरुरी छैन र केही मुलुकहरुमा महिला विधायकलाई र खासगरी आरक्षित वा विशेष स्थानबाट निर्वाचित महिलाहरुलाई वास्तविक निर्णय गर्ने जिम्मेवारीबाट किनारा लगाइन्छ । अझै पनि अन्य मुलुकहरुमा महिलाहरुले तिनीहरुलाई कोटाबाट दिइएको पदलाई निर्णय गर्ने र "परम्परागत" निर्णय गर्ने प्रक्रियामा महत्वपूर्ण योगदान दिन प्रयोग गर्ने गरेका छन् ।

*थप विस्तृत विवरण र तथ्यांकको लागि हेर्नुहोस् IDEA/Stockholm University Global Database of Electoral Quotas for Women at www.quotaproject.org*

### *अल्पसंख्यकको प्रतिनिधित्व*

१५१. अल्पसंख्यक तथा साम्प्रदायिक समूहको प्रतिनिधित्व बढाउने उपायहरु पनि प्रशस्त छन् । साथै, निर्वाचन गर्नु पर्ने स्थानको मनासिब रुपमा ठूलो व्यापकता भएका निर्वाचन क्षेत्र प्रयोग गर्ने निर्वाचन प्रणालीले अल्पसंख्यकलाई दिई बाँकी रहेको टिकटले तिनीहरुको निर्वाचित हुने मौका वृद्धि गर्दछ भन्ने आधारमा अल्प संख्यकलाई मनोनयन गर्न दलहरुलाई प्रोत्साहन गर्दछ । समानुपातिक प्रतिनिधित्व प्रणालीको अत्यन्त सानो निर्वाचन हुन आवश्यक हुने सीमा वा सोको औपचारिक सीमाको पूर्ण उन्मूलनले पनि हालसम्म प्रतिनिधित्व हुन नसकेका वा प्रतिनिधित्व नभएका समूहहरुको प्रतिनिधित्वलाई

सहज तुल्याउन पनि सक्दछ । खास गरी, बढीमत/बहुमत प्रणालीहरुमा कहिलेकाहीँ अल्पसंख्यक तथा साम्प्रदायिक समूहहरुलाई विधायिकामा स्थान छुट्याउने गरिन्छ ।

१५२. विधायिकामा विशेष प्रकारका अल्पसंख्यक समूहहरुको प्रनिधित्वलाई सुनिश्चित गर्न आरक्षित स्थान प्रयोग गर्न सकिन्छ । कोलम्विया (अस्वेत समुदाय), क्रोएसिया (हंगेरियाली, इटाली, चेक, स्लोभाक, रुथेनियाली, युक्रेनी, जर्मन तथा अष्ट्रियाली अल्पसंख्यकहरु), भारत (अनुसूचित जाति तथा जात), जोर्डन (क्रिश्चियन तथा सर्कासियाली), नाइजर (तुआरेग), न्युजिल्याण्ड (माओरी), पाकिस्तान (गैर-मुस्लिम अल्पसंख्यक), प्यालेष्टाइन (क्रिश्चियन तथा सामारीतानी), समोआ (गैर-आदिवासी अल्पसंख्यकहरु), स्लोभेनीया (हंगेरियाली तथा इटाली) तथा ताइवान (आदिवासी समुदाय) जस्ता विविधता भएका मुलुकहरुमा पहिचान हुन लायक जातीय वा धार्मिक अल्पसंख्यकहरुका लागि स्थान आरक्षण गरिएको छ ।

साधारणतया अन्य प्रतिनिधि निर्वाचित भएकै तरिकाबाट यस्ता आरक्षित स्थानहरुबाट प्रतिनिधिहरु निर्वाचित हुन्छन् । तर कहिलेकाहीँ निर्वाचन कानूनले तोकेको खास अल्पसंख्यक समुदायका सदस्यहरुबाट मात्र निर्वाचित हुन्छन् । यसलाई साम्प्रदायिक मतदाता नामावली (हेर्नुहोस् प्रकरण १५५-१५७) आवश्यक पर्दछ । सरोकारका स-साना समुदायहरुको प्रतिनिधित्व गराउनु प्रायशः एक आदर्श उपकार ठानिन्छ तापनि यो तर्क गरिएको छ कि निर्वाचन कानून वा निर्वाचनसम्बन्धी दायित्वको ठाउँ छलकपटबिना प्रतिनिधिमूलक विधायिका खडा गर्ने संरचना तय गर्नु अझ राम्रो रणनीति हुने र कोटाको स्थानले बहुमतमा रहेका जनताको आक्रोसलाई बढाउने तथा विभिन्न सांस्कृतिक समूहहरुबीचको अविश्वासलाई टेवा दिने हुन्छ ।

१५३. औपचारिक रुपमा आरक्षित स्थानहरुको सट्टामा भौगोलिक रुपमा केन्द्रिकृत भएका समूहहरुको वृद्धि भएको प्रतिनिधित्वलाई सहज तुल्याउन क्षेत्रलाई बढी प्रतिनिधित्व गराउन सकिन्छ । संयुक्त अधिराज्यमा जनसंख्याको आकार मात्र निर्वाचन क्षेत्रको मापदण्ड भएको भए सोबाट पाउने भन्दा बढी स्थान स्कटल्याण्ड र वेल्सतर्फबाट बेलायतको हाउस अफ कमन्समा रहने थिएनन् । यही कथन नेपालको पहाडी क्षेत्रहरुमा सत्य सावित भएको छ । अर्को सम्भावना भनेको मोरिससमा हालै प्रयोगमा ल्याइएको “सर्वोत्कृष्ट पराजित” प्रणाली हो जस अनुसार कुनै खास जातीय समूहका सबभन्दा बढी मत ल्याई पराजित हुने केही उम्मेदवारहरुलाई समग्र रुपमा जातीय सन्तुलन कायम गर्नका लागि विधायिकामा स्थान दिने गरिन्छ ।

१५४. खास समूहको प्रतिनिधित्वलाई प्रवर्द्धन गर्न निर्वाचन क्षेत्रको सीमाले पनि तलमाथि पार्न सक्दछ । संयुक्त राज्य अमेरिकामा मताधिकार ऐनले विगतमा सरकारलाई बहुसंख्यक अश्वेत, ल्याटिनो वा एसियाली-अमेरिकी निर्वाचन क्षेत्रहरु सृजना गर्ने एक मात्र उद्देश्यले विचित्रको आकारको निर्वाचन क्षेत्र कायम गर्ने अनुमति दिएको थियो जसलाई “सकारात्मक सीमा गोलमाल” भन्न सकिन्छ । तथापि, अल्पसंख्यकको प्रवर्द्धन वा संरक्षण गर्न कुनै पनि निर्वाचन प्रणालीमा गरिएको छलकपट सायदै विवादास्पद हुन्छ ।

### *साम्प्रदायिक प्रतिनिधित्व*

१५५. जातिगत रुपमा थुप्रै विजातीय संरचनामा रहेका समाजहरुले आरक्षित स्थानको अवधारणालाई आफ्नो तार्किक विस्तारको रुपमा लिएका छन् । स्थानहरु साम्प्रदायिक आधारमा विभाजित गरिने मात्र होइन कि विधायिकाको सम्पूर्ण प्रतिनिधित्व प्रणाली नै साम्प्रदायिक विषयहरुमा त्यसरी नै आधारित भएको हुन्छ । प्रत्येक निर्धारित समुदायमा छुट्टै मतदाता दर्ता गर्ने गरिन्छ जसले विधायिकामा "आफ्नो समूहको" सदस्यलाई मात्र निर्वाचन गर्ने गर्दछ ।

लेबनानमा, बहुसदस्यीय निर्वाचन क्षेत्र निर्धारण गरिन्छ जहाँ प्रत्येकमा धर्मका अनुयायी समूहहरुबीच स्थानहरुको बाँडफाँड निर्धारण गर्ने गरिन्छ । प्रत्येक धर्मका अनुयायी समूहको लागि बाँडफाँड गरेका स्थानका छुट्टै साम्प्रदायिक मतदाताहरुबाट एकमुष्ट मत प्रणालीद्वारा प्रतिनिधिहरु निर्वाचित हुन्छन् । फिजीमा, मतदाताहरुले तिनीहरुको आफ्नै साम्प्रदायिक उम्मेदवारहरु तथा "खुला" निर्वाचन क्षेत्रका उम्मेदवारहरु दुबैको लागि मतदान गर्न सक्दछन् ।

१५६. समूहको प्रतिनिधित्वलाई प्रत्याभूत गर्ने भए तापनि साम्प्रदायिक मतदाताहरुबाट विभिन्न समूहहरुबीचको समाञ्जस्यताको मार्गलाई उल्टो प्रभाव पुऱ्याएको स्पष्ट भएपछि अधिकांश साम्प्रदायिक मतदाताको व्यवस्थालाई खारेज गरिएको थियो । किनकि, त्यसमा समुदायहरुको राजनीतिक अन्तर-मिलनको लागि कुनै प्रेरणा थिएन । कुनै खास समूहको सदस्य भनी निर्धारण गर्ने तथा तिनीहरुबीच स्वच्छ रुपमा स्थान वितरण गर्ने काम पनि पूर्ण रुपमा गहिरो खाडल खन्नु सरह हो । उदाहरणका लागि, भारतमा औपनिवेशिक शासन अन्तर्गत मुसलमान, क्रिश्चियन, शिख तथा अन्यहरुको लागि कायम रहेको छुट्टै निर्वाचन क्षेत्रहरु स्वतन्त्रता भएपछि खारेज गरिएका थिए । यद्यपि अनुसूचीका जाति तथा जातहरुको प्रतिनिधित्व गराउन केही आरक्षित स्थानहरु कायम रहेका छन् । पाकिस्तान, साइप्रस तथा जिम्बाब्वेमा विभिन्न समयमा प्रयोग भएका त्यस्तै खालका साम्प्रदायिक मतदाता नामावली प्रणाली पनि खारेज भएका छन् । विगतमा भएको प्रयोग विवादास्पद भए तापनि फिजीले आफ्नो विधायिकाको हिस्सामा आदिवासी फिजियन, इण्डियन, रोतुमानको लागि छुट्टाछुट्टै साम्प्रदायिक मतदाताहरुबाट र "साधारण" मतदाताहरुबाट निर्वाचन गर्ने काम जारी राखेको छ ।

१५७. केही साम्प्रदायिक मतदाता व्यवस्थाहरुले को कुन वर्गमा पर्दछ भन्ने कुरा दर्ता गर्ने निकायले निर्धारण गर्ने गरेको छ भने अन्य व्यवस्थाले यस्तो छनोट व्यक्तिलाई दिने गर्दछ । समकालीन प्रजातान्त्रिक मुलुकहरुमध्ये साम्प्रदायिक मतदाता प्रणाली अझसम्म कायम रहेको प्रमुख उदाहरण न्युजिल्याण्डमा माओरी मतदाताहरुको लागि संचालनमा रहेको छुट्टै मतदाता नामावली हो । माओरी मतदाताहरुले राष्ट्रिय मतदाता नामावलीमा रहनका लागि वा विधायिकामा सातजना प्रतिनिधिहरु निर्वाचन गर्ने विशेष माओरी मतादाता नामावलीमा रहनका लागि प्रतिनिधि छनोट गर्न सक्दछन् । तर, सन् १९९६ देखि आपनाइएको न्युजिल्याण्डको पहिलो समानुपातिक प्रतिनिधित्व प्रणालीको निर्वाचन परिणामले साम्प्रदायिक प्रणाली रहनु पर्ने औचित्यलाई कमजोर बनाएको छ । विशेष प्रकारको माओरी मतदाता नामावलीबाट निर्वाचित भएको भन्दा सामान्य मतदाता नामावलीबाट दोब्बर बढी माओरी प्रतिनिधिहरु निर्वाचित भएका छन् ।

### *निर्वाचनको समयावधि*

१५८. निर्वाचन, जुन राष्ट्रिय, कार्यकारी, विधायिका, राज्यव्यापी वा स्थानीय निकाय जेसुकै तथा जुनसुकै स्तरको भए पनि त्यसलाई एकै दिन (वा विशेष दिनहरुमा) गर्न आवश्यक छैन, सो को सट्टामा फरक-फरक दिनमा गर्न सकिन्छ । कुनै महत्वपूर्ण समयावधिभित्र निर्वाचन फरक-फरक दिनमा गर्ने कारणहरु व्यावहारिक तथा राजनीतिक दुबै हुन सक्छन् । फरक-फरक दिनमा निर्वाचन गर्ने काम साधारणतया त्यसवेला हुन्छ, जब प्रमुख बन्दोबस्तीको तयारी (उदाहरणको लागि भारतको तल्लो सदन, लोकसभाको निर्वाचन) को आवश्यकता हुन्छ वा सुरक्षा निकायहरुले गर्दा फरक-फरक दिनमा गर्नु पर्ने हुन्छ । प्रशासनिक तथा सुरक्षासम्बन्धी विषयहरुको अर्थ हो भारतीय निर्वाचन आयोगका लागि विधायिकाको लागि हुने मतदान लगातार गर्नु समय र राज्यहरु दुबैको कारणले गर्दा धेरै असजिलो भएको छ । राज्य-राज्यहरुमा विधायिकाको निर्वाचन हप्तौंको अन्तरालमा गर्न सकिन्छ । फरक -फरक दिनमा भएको निर्वाचनबाट सामना गरिएको चुनौती भनेको मतपेटिकाको सुरक्षा हो । पहिलो मतदान हुने क्षेत्रहरुमा प्रभाव नपार्नका लागि मतदानको सम्पूर्ण कार्य पूरा नभएसम्म मतपत्रहरु सुरक्षित केन्द्रिकृत विन्दुमा राख्नु पर्ने हुन्छ ।

१५९. राष्ट्रपति, विधायिका तथा संघीय राज्यको निर्वाचन फरक-फरक समयमा हुने सामान्य कुरा हो । राष्ट्रपति तथा विधायिकाको निर्वाचन एकै दिन हुँदा राष्ट्रपतिको दललाई फाइदा भएको प्रमाणबाट सुझाव दिनु पर्ने हुन्छ र यसबाट कार्यपालिकाको तथा विधायिकाको मनमुटाव हुन नसक्ने भई खासगरी शैशव अवस्थामा प्रजातन्त्र रहेका मुलुकहरुमा बढी मजबुत सरकार हुने हुन्छ । तथापि, शक्ति पृथकीकरणको महत्वलाई जोडदिने अभिलाशा छ वा सो उपर विचार गर्ने तार्किक क्षमता छ भने राष्ट्रपति र विधायिकाको निर्वाचन छुट्टाउन आवश्यक हुन सक्छ ।

### *दूरमतदान*

१६०. मतदानमा सहभागिता व्यापक गर्न, विश्वभरिकै थुप्रै पुराना तथा नयाँ दुवै प्रजातान्त्रिक मुलुकहरुमा दूर मतदान प्रयोग गरिन्छ । दूर मतदान कुनै व्यक्तिले निर्धारित मतदान केन्द्रभन्दा अन्यत्र कहीं वा निर्धारित समयभन्दा अर्को समयमा मतदान गरी वा हुलाकबाट मतपत्र पठाई वा निजले नियुक्त गरेको प्रतिनिधिले मतदान गरी सम्पन्न गर्ने गरिन्छ । दूर मतदाताको रुपमा योग्य हुन जहाँ सर्तहरु कम राखिएका हुन्छन्, त्यसवेला दूरमतदानले कुल मतदानमा महत्वपूर्ण अनुपात ओगट्ने हुन्छ । फिनल्याण्डमा मतदान भएका सम्पूर्ण मतको ३७ प्रतिशत जति नै उच्च मतदान यसबाट हुने गरेको छ भने सन २००३ मा मार्शल द्वीपमा भएको विधायिकाको निर्वाचनमा दूरमतदानले ५८ प्रतिशत स्थान ओगटेको थियो । स्वेडेनमा साधारणतया यसको स्थान करिब ३० प्रतिशत रहको छ र मतदाताहरु दूरमतदान गरेपछि मतदान हुने दिन निजहरुको लागि निर्धारित मतदान केन्द्रमा पुगेमा निजहरुले पहिले मतदान गरेका मत परिवर्तन गर्न पनि सक्छन् । तर, निर्वाचन प्रणाली तय गर्ने काममा यसको प्रयोगले निर्वाचनको आवश्यकताका विषयहरुका सम्वन्धमा अपरिहार्य तवरले प्रभाव पार्ने हुन्छ ।

१६१. प्रत्येक दलको एकमात्र सूची भएको राष्ट्रव्यापी सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत दूरमतदानलाई प्रशासन गर्न सबभन्दा सजिलो हुन्छ भने एकल-सदस्यीय निर्वाचन

क्षेत्रहरु प्रयोग गर्ने प्रणाली अन्तर्गत अत्यन्त जटिल हुन्छ । खासगरी, मुलुक बाहिर मतदान गर्ने कार्य कार्यान्वयन गर्ने हो भने हरेक मतदाताले सही मतपत्र पाउने कुराको व्यावहारिकतालाई होशियारीपूर्वक विचार गर्न आवश्यक हुन्छ । कुनै मुलुकका राजदूतावासहरुद्वारा मतपत्र जारी गर्न लगाउने कुरा थुप्रै निर्वाचन क्षेत्रहरु भएको प्रणालीमा त्यति सजिलो छैन, किनभने प्रत्येक राजदूतावासले मतपत्रहरुको सही छनोट प्राप्त गरी प्रत्येक मतदातालाई सही मतपत्र दिने कुरा सुनिश्चित गर्नमा बन्दोबस्तीको कारणले चुनौतीपूर्ण छ । मतपत्रहरु हुलाकद्वारा पठाउने हो भने निर्वाचनको समय तालिकामा प्रभाव पर्ने हुन्छ ।

१६२. मतदान भैसकेपछि, मुलुक बाहिरका मतहरुलाई अनुपस्थित रहेको मतदाताको गृह निर्वाचन क्षेत्रमा (न्युजिल्याण्डमा जस्तै) समावेश गर्न सकिने, मुलुकबाहिरको एकल (वा बहुसदस्यीय) निर्वाचन क्षेत्रमा (क्रोएसियामा जस्तै) गणना गर्न सकिने, एक वा एकभन्दा बढी खास निर्वाचन क्षेत्रहरुमा (इन्डोनेसियामा जस्तै) गाँसिन सक्ने वा राष्ट्रव्यापी आधारमा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत स्थान बाँडफाँडगर्दा कुल राष्ट्रिय मतमा थप्न सकिने (नेदरल्याण्डमा जस्तै) हुन्छ ।

***मतदाताको उपस्थितिसम्बन्धी विषयहरु***

१६३. निर्वाचनमा हुने मतदाताहरुको उपस्थितिको स्तर र चयन गरिएको निर्वाचन प्रणाली बीचमा गाढा सम्बन्ध हुन्छ । समानुपातिक प्रतिनिधित्व प्रणालीहरु साधारणतया मतदाताहरुको उच्च उपस्थितिसंग सम्बन्ध राख्दछन् । बढीमत/बहुमत प्रणालीहरुमा, एउटा दलले जित्ने निश्चित रुपमा देखिएको स्थितिमा भन्दा राष्ट्रिय स्तरको निर्वाचन परिणामहरु अस्पष्ट भएको अपेक्षा गरिएको स्थितिमा मतदाताहरुको उपस्थिति उच्च हुने निर्वाचन परिणाम अस्पष्ट भएको अपेक्षा गरिएका निर्वाचन क्षेत्रहरुमा पनि मतदाताहरुको उपस्थिति उच्च हुने प्रवृत्ति रहन्छ ।

१६४. निर्वाचनको वैधानिकतालाई सुधार गर्ने उपायको रुपमा धेरै मुलुकहरुले स्पष्टरुपमा भन्नु पर्दा साम्यवादी शासनपछिका पूर्व सोभियत समाजवादी गणतन्त्र संघका गणतन्त्रहरुले मतदाताहरुको न्यूनतम उपस्थिति हुनुपर्ने बाध्यात्मक व्यवस्था लागू गरेका थिए । कुनै निर्वाचन क्षेत्रमा मतदाताहरुको उपस्थिति, उदाहरणका लागि ५० प्रतिशत पुगेन भने निर्वाचन बैध हुन सक्दैन । तर मतदाताहरुको उपस्थितिका स्तर बाध्यात्मक हुने व्यवस्थाले दोहोऱ्याएर गरिएको निर्वाचनमा स्थिररुपमा आवश्यक उपस्थितिको स्तर पुग्न सकेन भने निर्वाचन क्षेत्रलाई बेथितिमा राखी प्रशासनिक रजाइँ सृजना हुन्छ । उदाहरणको लागि दोहोऱ्याएर गरिएका उप-निर्वाचनहरुमा मतदाताहरुको आवश्यक उपस्थिति पुग्न नसकेको अनुभवपछि युक्रेनले सन् १९९८ मा भएको निर्वाचनमा मतदाताहरुको न्यूनतम उपस्थिति हुनु पर्ने प्रावधानलाई हटाएको थियो ।

१६५. अष्ट्रेलिया, बेल्जियम, ग्रीस तथा ल्याटिन अमेरिकाका धेरै मुलुकहरु लगायत थुप्रै मुलुकहरुले अनिवार्य मतदानको व्यवस्थालाई प्रयोग गरी मतदाताहरुको सहभागिताको विषयलाई सम्वोधन गरेका छन् । तर, थुप्रै अन्य मुलुकहरुले अनिवार्य मतदानको व्यवस्थालाई सिद्धान्ततः नै अस्वीकार गरेका छन् । कुनै पनि निर्वाचन प्रणालीसँग यो सम्भवतः समानरुपमा मिल्दो जुल्दो हुने हुनाले मतदाताहरुको उपस्थितिसंग सम्वन्धित अन्य विषयहरु संगसंगै यसको प्रयोगलाई विचार गर्न सकिन्छ ।

## द्वन्द्वोपरान्तको अवस्थासंग सम्बन्धित थप विषयहरु तथा संक्रमणकालीन निर्वाचन

१६६. द्वन्द्वोपरान्तको अवस्था तथा संक्रमणकालीन परिस्थतिमा प्रायशः वादविवाद गर्न तथा चिन्तन गर्नको लागि समय कम हुन्छ। शान्ति सम्झौता वा प्राधिकारयुक्त शासनको पतनपछि उत्पन्न भएको राजनीतिक माहोलले निर्वाचन तुरुन्त गर्नु पर्ने दबाब आउन सक्ने हुन्छ। सङ्क्रमणकालीन निर्वाचन वरिपरी रहेका राजनीतिक वान्छनीयता तथा त्यसका सीमाहरुका सम्बन्धमा आम छलफल प्रस्तुत पुस्तकको क्षेत्र बाहिर राखिएको छ तापनि, निर्वाचन प्रणालीको प्रारुपसँग सम्बन्धित केही खास विषयहरु र दबाब यहाँ उल्लेख गरिएका छन्।

१६७. विभिन्न निर्वाचन प्रणालीहरुको लागि पूर्वाधार खडागर्न आवश्यक हुने समय फरक-फरक हुन्छ। उदाहरणको लागि, निर्वाचनको मतदाता नमावली दर्ता तथा निर्वाचन क्षेत्रको सीमा निर्धारण गर्ने दुवै काम समय लिने अभ्यास हुन्, जसले वैधानिकताको समस्या उठाउन सक्ने हुन्छ। एक चरम अवस्थामा, सबै मतादाताहरुले आफै उपस्थित भएर मतदान गर्दछन् र मतदान केन्द्रमा मतदाताहरुलाई चिन्ह लगाइन्छ भने एक राष्ट्रिय निर्वाचन क्षेत्र भएको सूचीमा आधारित समानुपातिक प्रणाली ती कुनै कुराबिना पनि सामान्य हुन सक्दछन्। अर्को चरम अवस्थामा, स्वीकार्य संरचना नभएमा एक सदस्यीय निर्वाचन क्षेत्र सहितको बढीमत/बहुमत प्रणालीलाई दुबै कुरा चाहिने हुन्छ। कुनै पनि अवस्थामा, पहिलो सङ्क्रमणकालीन निर्वाचनका लागि अपनाएको निर्वाचन प्रणाली लामो अवधि पछि बढी उपयुक्त नहुन सक्छ। यद्यपि, निरन्तर परिवर्तनको प्रकृया हुने भए तापनि मतदाता र दलहरु निर्वाचन प्रणालीको प्रभावलाई अपनाउन कहिल्यै पनि सक्षम नहुने कुरा पनि अवाञ्छित हुनसक्छ।

१६८. नयाँ संस्थागत संरचना वा निर्वाचन कानूनउपर वार्ता गर्नेहरुले सम्भव भएसम्म समावेशी होस् भन्ने इच्छा गर्न सक्ने हुनाले मनोनयनका लागि फितला मापदण्डहरु तय गर्ने तथा औपचारिक वा प्रभावकारी जुनसुकै भए पनि न्यूनतम सीमा सानो भएको निर्वाचन प्रणाली अपनाउने दुवै काम गरी निर्वाचनको प्रवेशलाई सजिलो बनाउन उत्प्रेरित गर्न सक्दछन्। यसको विपरीत, व्यक्तित्व तथा जातीयताले हाँकेको दलगत प्रणालीको विखण्डनबारेमा पनि बारम्बार चासो हुन्छ र वार्ताकार तथा प्रारुप निर्माताहरु यसरी उच्च प्रतिनिधिको लागि सीमा लगाउन चाहन्छन्। तर, निंरंकुशताबाट प्रस्फुरण भइरहेका मुलुकहरुमा नानाथरिका दलहरुको प्रादुर्भाव हुनु निर्वाचन प्रणालीको एक विशेषता नै हो र असफल दलहरु सारधारणतया आफ्नै कर्मका कारण अलप हुन्छन्।

१६९. कमजोर वा विभाजित राजनीतिक वातावरणमा प्रजातन्त्रको निर्माणगर्दा सुडानमा प्रस्ताव गरिएको जस्तै स्थानीय निर्वाचनहरुबाट सुरुवात गर्ने र पूर्वाधार तथा राजनीतिक परिस्थिति अनुसार त्यसपछि विकसित समय अन्तरालमा प्रान्तीय र राष्ट्रिय निर्वाचन गर्नु राजनीतिक रुपमा वाञ्छनीय हुनसक्ने तर्कहरु कहीलेकाहीं सुझाव दिने गरिन्छ। त्यस किसिमको रणनीति छानिएमा यो महत्वपूर्ण कुरा हो कि आवश्यकता पूरागर्न यो तय गरिएको हो र निर्धारित समय तालिकाभित्र संचालन गर्न यसको सम्भाव्यता रहन्छ।

१७०. द्वन्द्वोपरान्तका निर्वाचनहरुमा शरणार्थी तथा विस्थापित व्यक्तिहरुले मतदान गर्ने व्यवस्था विशेष महत्वको हुन सक्दछ। मुलुक बाहिरको मतदानको प्रभाव र महत्व बोस्निया तथा हर्जगोभिनाले राम्ररी दर्शाएको छ। करिब २० लाख मतदाता मध्ये ३१४,००० मतदाताहरु सन् १९९८ मा मुलुक

बाहिरको सीमा क्षेत्रमा दर्ता गरिएको थिए, जसमध्ये आधाभन्दा बढी क्रोएसिया र पूर्व संघीय गणतन्त्र युगोस्लाभिया (हालको सर्बिया तथा मोन्टेनेग्रो) मा र बाँकी रहेका अन्य ५१ मुलुकहरुमा दर्ता भएका थिए । त्यसमध्ये ६६ प्रतिशतले वैध मत खसालेका थिए ।

# परिच्छेद ४

परिच्छेद ४

# ४. निर्वाचन प्रणाली, संस्थागत खाका र शासनव्यवस्था

१७१. शासन व्यवस्था, नीति निर्माण र राजनीतिक स्थायित्वका मामिलामा विशेष असर रहने दृष्टिबाट धेरै अघिदेखि नै निर्वाचन प्रणालीको बारेमा सोचविचार हुँदै आएको हो । निर्वाचन प्रणालीको भिन्नताले संसदीय शासन प्रणालीमा विभिन्न असर पारेको देखिएका छन् । खासगरी, त्यस्तो निर्वाचन प्रणाली, जसले एकदलीय सरकारको सम्भावनालाई अधिक तुल्याउँछ, (जस्तो कि बढीमत/बहुमत प्रणाली) र त्यो प्रणाली जसले बहुदलीय गठबन्धनको सम्भावना बढाउछ (जस्तो कि समानुपातिक प्रणाली) यिनीहरुबीच अन्तर्निर्मित तनाव रहन्छ । दुबै समूहमा यस्ता नीतिगत प्रभाव देखिन्छन्: एकदलीय सरकारले निर्णय सजिलै गर्दछ र जिम्मेवारीको स्पष्टता बढी सरल तुल्याउँछ भने गठबन्धनले नीतिगत मामिलामा अधिक प्रतिनिधित्व र निर्णय प्रक्रियामा बढी समावेशीको कुरा पैदा गर्छ । यसैगरी कतिपय सरकारी नीति बदल्ने काम एक दलीय सरकारमा सरल हुन सक्छ भने गठबन्धनमा कुनै कुरा परिवर्तन गर्नुअघि प्रशस्त छलफल र बहस गर्नुपर्ने हुन्छ ।

१७२. अधिकांश मुलुकहरु जहाँ राष्ट्रपति वा अर्ध-राष्ट्रपति प्रकृतिका संविधान रहेका हुन्छन् त्यस्ता मुलुकमा राष्ट्रपतिको निर्वाचन प्रत्यक्ष हुन्छ । त्यसको अतिरिक्त, कुनै गणतन्त्र जहाँ संसदीय संविधान हुन्छ, त्यहाँ पनि राष्ट्रप्रमुख प्रत्यक्ष तवरमा निर्वाचन गरिन्छ ।

राष्ट्रपति प्रणालीमा, निर्वाचित राष्ट्रपतिले लोकप्रिय जनादेश र वैधता रहेको दावी गर्दछ र मुख्यरुपमा निज कसरी निर्वाचित भएको हो भन्ने माध्यममा निर्भर रहन्छ । स्पष्ट बहुमत पाएको राष्ट्रपतिमा कम बहुमतका आधारमा विजयी भएका राष्ट्रपतिभन्दा ज्यादै बढी वैधानिकता र अधिक सुदृढ अवस्थामा रहने सम्भावना देखिन्छ । यसबाट राष्ट्रपति र विधायिकाबीचको सम्बन्धमा महत्वपूर्ण प्रभाव पर्दछ । जनताको स्पष्ट बहुमत पाएर विजयी भएको राष्ट्रपतिले विधायिकामा कुनै पनि प्रकारको द्वन्द्वलाई वैधानिकताको साथ हाँक्न सक्छ । यसको विपरीत, चिलीमा सन् १९७० को निर्वाचनमा ३६ प्रतिशत मत ल्याएर विजयी भएका साल्भाडोर आलेन्डेलाई विपक्षी समूहका काँग्रेसको चर्को विरोध सहनु पर्‍यो र त्यसैबाट सन् १९७३ मा सैनिक विद्रोह हुन सघाउ पुग्यो ।

१७३. विधायिका र कार्यकारीबीचको सम्बन्ध संसदीय, अर्ध-राष्ट्रपति र राष्ट्रपति प्रणालीका बीचमा फरक-फरक हुन्छ । राष्ट्रपति वा अर्ध-राष्ट्रपति प्रणालीमा राष्ट्रपतिले विधायिकाको विश्वास कायम राख्नु पर्ने अवस्था पर्दैन । त्यस्तो राष्ट्रपतिलाई केवल नीतिगत आधारमा पदबाट हटाउन सकिदैंन । तैपनि, खास गरी ल्याटिन अमेरिकाको अनुभवले देखाउँछ कि प्रत्यक्ष किसिमबाट निर्वाचित भएको राष्ट्रपतिले विधायिकामा पर्याप्त रुपमा भारी समर्थन नपाइकन सरकारलाई सफलतापूर्वक संचालन गर्न कठिनाइ भोग्नुपर्ने हुन्छ ।

तसर्थ, राष्ट्रपति र अर्ध-राष्ट्रपति प्रणाली भएको मुलुकहरुमा राष्ट्रपति र विधायिकाको निर्वाचन सम्बन्धमा राष्ट्रपति र विधायिकाको भूमिकाले यी दुई प्रणालीको रोजाइको लागि विभिन्न तत्वहरुले काम गर्ने भए तापनि समान रुपमा ध्यान पुऱ्याउनु पर्दछ । निर्वाचनलाई साथसाथै लैजाने वा अन्यथा गर्ने भन्ने प्रावधान जसले राजनीतिक दलहरु र तिनका निर्वाचित सदस्यहरुकाबीचको सम्बन्धलाई प्रोत्साहन गर्छ वा विखण्डन गर्दछ भन्ने कुरा विचार गरिनुपर्छ ।

## राष्ट्रपतिको निर्वाचन

१७४. सिद्धान्ततः राष्ट्रपतिको प्रत्यक्ष निर्वाचनका लागि एकल सदस्य निर्वाचन क्षेत्रसम्बन्धी कुनै पनि प्रणाली प्रयोगमा ल्याउन सकिन्छ । जब राष्ट्रपतिलाई राष्ट्रको कार्यकारी प्रमुखको हैसियतमा निर्वाचन गरिन्छ, पूर्ण बहुमत सुनिश्चितता प्रदान गर्ने दरिलो औपचारिकता वा व्यावहारिक प्रणालीलाई प्राथमिकता दिनुपर्छ । राष्ट्रपतिको प्रत्यक्ष निर्वाचन गर्ने अधिकांश मुलुकहरुले दुई-चरण प्रणाली प्रयोग गरेका छन् ।

१७५. दुई-चरणको पृथक्कीकरणले अग्र स्थानमा पुगेका उम्मेदवारहरुले प्रथम चरणबाट हटाइएकाहरुको समर्थन र सहमति प्राप्तिका लागि आकर्षित गराउने प्रयास अगाडि बढाउन पाउँछ । यदाकदा यस्तो संझौता खासगरी विजयको इच्छाबाट निर्देशित रहन्छ । त्यसकारण, यस्तो अवस्थामा नीति र कार्यक्रमहरुको सामीप्यताभन्दा पनि बढी मतदानपूर्वका दिनमा नै उम्मेदवारहरुका बीचमा तय गरिएका प्राथमिकताहरु साटफेर सम्झौताको दृष्टिबाट गरिएका हुन्छन् । यसका अतिरिक्त, दुई चरण प्रणालीअन्तर्गत राष्ट्रपतिको निर्वाचन गर्दा निर्वाचन खर्च र आवश्यक स्रोत बढ्छ र मतदानको प्रथम तथा दोस्रो चरणको नतिजाबाट कोही हटेमा त्यो प्राय ज्यादै कठोर र हानिकारक हुन्छ । यसकारण अन्य विकल्प जस्तै वैकल्पिक मत र पूरक प्रणालीको सम्बन्धमा बढी परीक्षण भइरहेका छन् ।

### *पहिलो हुने निर्वाचित हुने*

१७६. राष्ट्रपति निर्वाचनको लागि ज्यादै सोझो तरिका भनेको बढी मत प्राप्त गर्नेलाई पूर्ण बहुमतभन्दा कम रहे पनि विजयी घोषणा गर्नु हो । राष्ट्रपतिको निर्वाचनमा यस्तो किसिमका विषय बोस्निया तथा हर्जगोभिना, क्यामरुन, कोमोरोस द्वीप, इक्वेटोरियल गिनी, गायना, हण्डुरस, आइसल्याण्ड, किरिवाटी, दक्षिण कोरिया, मलावी, मेक्सिको, प्यालेष्टाइन, पानामा, पारागुए, फिलिपिन्स, रुवाण्डा, सिंगापुर, ताइवान, ट्युनेसिया, भेनेजुएला र जाम्बियामा पाइन्छन् । स्पष्टतः यस्तो प्रणाली सरल, सस्तो र कुशल हुन्छ । तर ज्यादै प्रतिस्पर्धी बहु-उम्मेदवारको प्रतिस्पर्धामा बहुसंख्यक मतदाताहरुको छनोटमा नपर्दा पनि तुलनात्मक रुपमा अरुकोभन्दा धेरै मत ल्याएर राष्ट्रपति निर्वाचित हुनसक्छ । निश्चय नै,



لجنة الانتخابات المركزية

انتخابات رئيس السلطة الوطنية الفلسطينية

١٩٩٦/١/٢٠

لا تقترع لصالح أكثر من مرشح واحد (ضع إشارة X بجانب المرشح الذي تختار)

| إسم المرشح | رقم | X |
|---|---|---|
| محمد ياسر عبد الرؤوف عرفات (أبو عمار) | ١ | |
| سميحة يوسف مصطفى القبج خليل (أم خليل) | ٢ | |

*प्यालेष्टिनी पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत राष्ट्रपति निर्वाचनको मतपत्र*



188 BALLOT PAPER No. 000000

ELECTORAL COMMISSION OF KENYA
PRESIDENTIAL ELECTION, 1992

COUNTERFOIL

No. 000000

Constituency NORTH MUGIRANGO BORABU

Constituency No. 188

Elector's Serial No. in register

PRESIDENTIAL ELECTION, 1992

In the NORTH MUGIRANGO BORABU Constituency

| Candidate's Name | Party Symbol | Voter's Mark |
|---|---|---|
| GEORGE ANYONA MOSETI | | |
| DR. ANDERSON CHIBULE WA TSUMA | | |
| DAVID MUKARU NG'ANG'A | | |
| AJUMA OGINGA ODINGA | | |
| KENNETH STANLEY NJINDO MATIBA | | |
| DANIEL TOROITICH ARAP MOI | | |
| MWAI KIBAKI | | |
| JOHN HARON MWAU | | |
| | | |
| | | |

SPECIMEN

INSTRUCTIONS TO VOTER

1. Mark the paper by placing the mark X in the right-hand column above opposite the name of the candidate you wish to elect.
2. Do NOT place a mark opposite more than one candidate.

*केन्याको पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत राष्ट्रपति निर्वाचनको मतपत्र*

विशेष गरी बलियो तबरमा बहुमत त्यसको विरोधमा हुनसक्छ । अधिकांश मतदाताले उम्मेदवारको विरोधमा मतदान गरेका हुन्छन् । यसको उदाहरणमा, सन् १९९३ मा भेनेजुएलामा भएको निर्वाचनमा राफेल काल्डेरा (Rafael Caldera) ले ३०.५ प्रतिशत लोकप्रिय मत ल्याएर राष्ट्रपतिमा विजय हासिल गरेको र फिलिपिन्समा सन् १९९२ मा फिडेल रामोस (Fidel Ramos) ले मनोनयन पत्र दाखिला गराएका सात उम्मेदवारहरुमध्ये केबल २४ प्रतिशत मत ल्याएर विजयी भएकोलाई उल्लेख गर्न सकिन्छ । ताइवानले सन् २००० मा प्रमुख  राजनीतिक परिवर्तन अनुभव गर्‍यो, जब प्रतिद्वन्द्वी चेन सुइबिअन (Chen Shuibian) ले राष्ट्रपतिको निर्वाचनमा आफ्नो निकटतम उम्मेदवारसँग ३ प्रतिशत भन्दा पनि थोरै मतको फरकबाट विजय हासिल गरेका थिए ।

१७७. संयुक्त राज्य अमेरिकाको संघीय राज्य तहमा पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत राष्ट्रपतिको निर्वाचन विचित्र तरिकाको छ । मेइन र नेब्रास्कामा बाहेक प्रत्येक संघीय राज्यमा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट विजयी भएका त्यस्तो राज्यको निर्वाचक मण्डलको सम्पूर्ण मत पाउँछ । तर, जहाँ राज्यका मतदाताहरुलाई राज्यव्यापी तवरमा पहिला निर्वाचित विजयीलाई दुई र राज्यको प्रत्येक अधिवेशन निर्वाचन क्षेत्रमा विजयी हुनेलाई एक स्थान छुट्याइन्छ । यसरी बनेको निर्वाचक मण्डलले पूर्ण बहुमतद्वारा राष्ट्रपतिको निर्वाचन गर्दछ । यसबाट यस्तो परिस्थिति सिर्जना हुनसक्छ जहाँ विजयी उम्मेदवारले दोस्रो हुनेभन्दा केही कम लोकप्रिय मत पाएको हुन सक्छ, जस्तो कि सन् २००० को निर्वाचनमा रिपब्लिकन उम्मेदवार जर्ज डब्लु. बुसले डेमोक्रेटिक उम्मेदवार अल गोरको भन्दा झन्डै पाँचलाख मत कम पाउँदा पनि विजयी भए ।

## *दुई–चरण प्रणाली*

१७८. विधायिकाको निर्वाचनमा जस्तै लोकप्रिय मतको कम हिस्सा मात्र ल्याएर उम्मेदवार विजयी हुन सक्ने अवस्थालाई हटाउन एउटा उपाय भनेको पहिलो चरणमा कुनै उम्मेदवारले पूर्ण बहुमत प्राप्त गर्न सकेन भने दोस्रो चरणको मतदान गराउनु हो । यस अनुसारको मतदान (बढीमत ल्याई पराजित हुने) दुई वा सर्वाधिक मत ल्याउने दुईभन्दा बढी उम्मेदवारका बीचमा हुन्छ (हेर्नुहोस् प्रकरण ९६) । फ्रान्स, सबैजसो ल्याटिन अमेरिकी देशहरु, पूर्व सोभियत, मध्य एसियाली सबै ५ गणतन्त्रात्मक मुलुकहरु, अफ्रिकाका धेरैजसो फ्रेन्चभाषी राष्ट्रहरुले तिनका राष्ट्रपति निर्वाचन गर्न दुई-चरण प्रणाली प्रयोग गर्दछन् । यो प्रणालीलाई प्रयोग गर्ने अफ्रिकाका अन्य राष्ट्रहरुमा अंगोला, केप भर्डे, गाम्विया, घाना, गिनी-बिसाउ, केन्या, मोजाम्विक, नामिबिया, नाइजेरिया, साओ तोमे र प्रिन्सिप, शेशेल्स, सियरा लियोन, सुडान, तान्जानिया, युगाण्डा र जिम्बावे, युरोपमा फ्रान्सका अतिरिक्त अर्मेनिया, अजरवैजान, अष्ट्रिया, बेलारुस, बुल्गेरिया, क्रोयसिया, साइप्रस, फिनल्याण्ड, जर्जिया, लिथुआनिया, मेसिडोनिया, पोल्याण्ड, पोर्चुगल, रुमानिया, रुस, स्लोभाकिया, स्लोभेनिया र युक्रेन छन् । यसको प्रयोग अफगानिस्तान, हाइटी, इन्डोनेसिया, इरान, टिमोर - लेस्ते र यमनमा पनि पाइन्छ ।

१७९. सबैभन्दा बढीमत ल्याउने दुई वा बढी उम्मेदवारबीच दोस्रो चरणको निर्वाचन प्रणालीसम्बन्धी कतिपय सरल नियमहरु छन् । कोस्टारिकामा पहिलो चरणमा ४० प्रतिशतमात्र मत ल्याउने उम्मेदवारले जित्न सक्छ । यसको विपरीत सियरालिओनमा पहिलो चरणमा उम्मेदवारले यदि ५५ प्रतिशत मत ल्याएन भने मात्र दोस्रो चरणमा जानबाट रोक्न सकिन्छ । अर्जेन्टिनामा एक सफल उम्मेदवारले कम्तीमा ४५ प्रतिशत मत अथवा ४० प्रतिशतको अतिरिक्त दोश्रो स्थानमा रहेको उम्मेदवारले भन्दा १० प्रतिशतभन्दा बढी मत ल्याएकै हुनु पर्दछ । यसैप्रकार इक्वेडरमा ४० प्रतिशत न्यूनतम सीमाविन्दु सहित १० प्रतिशतको फरक  हुनुपर्ने व्यवस्था छ ।




*अफगान राष्ट्रपतिको दुई-चरण प्रंणाली मतपत्र*

१८०. कतिपय मुलुकहरुमा राष्ट्रपति निर्वाचनको लागि मतदानको न्यूनतम प्रतिशत तोकिएको छ । आदर्श रुपमा यो ५० प्रतिशत हुन्छ । जस्तो कि रुस र थुप्रै पूर्व सोभियत गणतन्त्रात्मक मुलुकहरुमा, यो परिणामको वैधानिकतालाई सुनिश्चित तुल्याउन गरिएको अतिरिक्त संयन्त्र हो ।

१८१. ती मुलुकहरु जहाँ दलहरुले आफ्नो विजय निश्चित गर्न निर्वाचनपूर्व आपसी गठबन्धन गर्दछन्, जसका कारण निर्वाचनको पहिलो चरणमा नै विजय हासिल हुन सकोस, (उदाहरणको लागि ब्राजिलमा सन् १९९४ मा र चिलीमा सन् १९८९ र १९९४ मा) सो बाहेक दुईचरण प्रणालीको अनुभव ल्याटिन अमेरिकामा भने समस्यामूलक पाइयो । उदाहरणको रुपमा पेरुमा सन् १९९० को निर्वाचनमा अल्बर्टो फुजीमोरी (Alberto Fuzimori) ले दोस्रो चरणमा ५६ प्रतिशत मत ल्याएका थिए तर उनको दलले सिनेटको ६० स्थान मध्ये १४ मा र १८० सदस्य रहेको चेम्बर अफ डेपुटिजमा ३३ स्थानमा मात्र विजय हासिल गऱ्यो । ब्राजिलमा सन् १९८९ मा फर्नान्डो कोलोर डे मेलो (Feranado Collor de Melo) ले आधा भन्दा कम मात्र मत ल्याएर दोस्रो चरणको मतदानबाट निर्वाचित भए । तर त्यसपछि भएको संसदीय निर्वाचनमा उनको दलले सिनेटको ७५ स्थानमध्ये ३ वटामा र चेम्बर अफ डेपुटिजको ५०३ मध्ये ४० स्थानमा मात्र विजय हासिल गर्नसक्यो । इक्वेडरमा राष्ट्रपति निर्वाचनमा सन् १९७८ मा दुई चरण प्रणाली प्रारम्भ गरे पछि कुनै पनि राष्ट्रपतिले संसद्मा बहुमतको समर्थन कायम गर्न सकेको छैन ।

यो परिणामले देखाएको शासकीय समस्याले संस्थागत प्रावधानहरुलाई अन्तर्सम्बन्धित तुल्याउन महत्व दर्शाएको छ । दुई चरण प्रणालीले त्यस्तोलाई राष्ट्रपति बनाउन सक्यो जसलाई दोस्रो चरणका अधिकांश मतदाताहरुको समर्थन प्राप्त थियो, तर यसले त्यस्ता राष्ट्रपतिलाई महत्वपूर्ण संसदीय निर्वाचनमा उल्लेख्य समर्थनको प्रत्याभूति गर्न सकेन । यसले खासगरी ब्राजिलमा दलहरुमा विभाजन ल्याउन प्रोत्साहन गऱ्यो । सफल उम्मेदवारले प्रथम र दोस्रो चरणका वीचमा अन्य दलहरुको समर्थन जुटाए पनि निर्वाचन सम्पन्न भए पछि त्यसलाई कायम राख्न कम नै सक्षम भए ।

### *प्राथमिक मतदान*

१८२. दुई चरण प्रणालीको अवगुण हटाउने एक उपाय पहिलो र दोस्रो चरणको निर्वाचनलाई एउटैमा गाभ्नु हो । यस्तो गर्ने उपायहरु कैयौं छन् । बैकल्पिक मत निश्चय नै समाधानको एक उपाय हो । गणतन्त्र आएरल्याण्डको राष्ट्रपतिको निर्वाचन गर्दा यो प्रयोग गरिएको छ । तल्लो स्थानमा रहेको उम्मेदवार जसले दोस्रो प्राथमिकताको धेरै मत पाएको हुन्छ त्यसले माथिल्लो स्थानमा रहेको उम्मेदवारलाई उछिन्न सक्छ । यस प्रकार, प्राथमिकताको हस्तान्तरणबाट राष्ट्रपति निर्वाचनमा विजय हासिल गरेको हालैको दृष्टान्त सन् १९९० मा आइरिस राष्ट्रपति म्यारी रोबिन्सन (Mary Robinson) को निर्वाचनलाई लिन सकिन्छ ।

१८३. दोस्रो सम्भावना श्रीलंकाको राष्ट्रपतिको निर्वाचनमा र लण्डनको मेयर निर्वाचनको लागि प्रयोग गरिएको पूरक मत भनेर बुझिने प्राथमिकता प्रणाली हो । यस अनुसार मतदाताहरुलाई आफ्नो प्रथम छनोटको उम्मेदवारलाई चिन्ह लगाउन मात्र नभनेर दोस्रो छनोट (र श्रीलंकामा तेस्रो समेत) पनि अंकित गर्न आग्रह गरिन्छ । यो कुन तरिकाले गर्ने भन्ने कुरामा भिन्नता छ । श्रीलंकामा मतदाताहरुलाई वैकल्पिक मत वा एकल सङ्क्रमणीय मत प्रणालीमा उम्मेदवारको नामसंग “१, २ र ३” अंकित गर्न




*श्रीलंकाको प्राथमिकता निर्धारित राष्ट्रपति  निर्वाचनको मतपत्र*

भनिएको थियो । लण्डनमा यस्तो अंक आवश्यकता पर्दैन, मत पत्रमा दुई स्तम्भ राखिएका थिए । पहिलो छनोटको मत र दोस्रो छनोटको लागि क्रमशः मतदातालाई तिनको प्रथम छनोट र दोस्रो छनोटमा सोही अनुसार चिन्ह लगाउन भनिएको थियो । यसको अर्थ यो हो कि मतादाता स्वयंले कुनै अंक लेख्नु पर्दैन थियो ।

१८४. यी दुबै विषयमा मत गणना प्रक्रिया एउटै रहेकोछ । यदि उम्मेदवारले पहिलो प्राथमिकताको बहुमत ल्याएमा निज विजयी भएको तत्काल घोषणा गरिन्छ । केही गरी उम्मेदवारले पूर्ण बहुमत प्राप्त गर्न सकेन भने, माथिल्लो स्थानमा रहेका दुई उम्मेदवार बाहेक अरु सबैको नाम हटाइन्छ र तिनको दोस्रो (अथवा श्रीलंकामा दोस्रो र तेस्रोको छनोट मत) अग्र स्थानका अन्य एक वा दुई उम्मेदवारमा प्राथमिकता क्रमको चिन्ह अंकित सहित हस्तान्तरण गरिन्छ । यो प्रक्रियाको अन्त्यमा जसले अधिकतम मत संख्या प्राप्त गर्दछ निजलाई निर्वाचित भएको घोषणा गरिन्छ । यस प्रकारको प्रणालीले दुई चरण प्रणालीमा प्राप्त गर्न खोजेको दुई उपलब्धि एउटैमा कम लागत र अधिक प्रशासनिक कुशलताका साथ प्राप्त गर्दछ ।

१८५. पूरक मत प्रणालीको बेफाइदामध्ये यो बढी झन्झटिलो हुन्छ र मतदाताले आफ्नो मतको पूर्ण प्रयोग गर्न उपल्लो स्थानमा रहेका उम्मेदवारहरुको प्रभावकारी ढंगबाट अनुमान गर्नुपर्ने आवश्यकता रहन्छ ।

१८६. यस्ता भिन्नताहरु रहे तापनि वैकल्पिक मत र पूरक मत दुवैको एउटै प्रकारको मुख्य उद्देश्य देखिन्छ । यो निश्चित गर्नुपर्छ कि जस्ले निर्वाचन जिते पनि त्यसले बहुमत मतदाताको समर्थन पाउने छ । दोस्रो छनोटको अभिव्यक्ति प्रकट गर्न प्रथामिकता मतको प्रयोग गर्नुको अर्थ यो हो कि मतदानको दोस्रो चरण आवश्यक पर्ने छैन । यसले लागत बचतको साथसाथै प्रशासन, बन्दोबस्ती र सुरक्षाका विषयमा महत्वपूर्ण फाइदा पुऱ्याउँछ ।

### *वितरण आवश्यकता*

१८७. तीनवटा मुलुक इण्डोनेसिया, केन्या र नाइजेरियाले तिनका राष्ट्रपति निर्वाचनमा “वितरण आवश्यकता” को तत्व समावेश गरेका छन्, जसमा उम्मेदवारहरुलाई विजय घोषणा गर्नुअघि पूर्ण बहुमतको अतिरिक्त मतको क्षेत्रीय विस्तार प्राप्त गर्न आवश्यक छ । इण्डोनेसियामा सन् २००४ मा पहिलो पटक राष्ट्रपतिको प्रत्यक्ष निर्वाचन हुँदा राष्ट्रपति र उपराष्ट्रपतिका सफल उम्मेदवारको समूहले दोस्रो चरणको मतदानलाई हटाउन राष्ट्रिय मतको पूर्ण बहुमतको अतिरिक्त सबै प्रान्तहरुमध्ये आधाबाट कम्तीमा २० प्रतिशत मत ल्याउन आवश्यक गरिएको थियो । यस्तो आवश्यकताले अर्को ठूलो र क्षेत्रीय दृष्टिमा विविधतायुक्त मुलुक नाइजेरियालाई प्रेरणा दियो र त्यहाँ राष्ट्रपतिय उम्मेदवारले राष्ट्रियस्तरमा पूर्ण बहुमत ल्याउनुपर्ने मात्र होइन कि मुलुकका प्रान्तहरुमध्ये दुई तिहाइबाट कम्तीमा एक तिहाइ मत प्राप्त गरेको हुनुपर्ने गरियो ।

१८८. वितरण आवश्यकताले राष्ट्रपतिका उम्मेदवारलाई तिनका आफ्नै क्षेत्र अथवा जनजातिय आधार इलाकाभन्दा बाहिरका स्थानमा आह्वान गर्न प्रोत्साहनको अवसर प्रदान गर्दछ र यदि उपयुक्त तवरले प्रयोगमा ल्याउने हो भने यो प्रक्रियाले धेरै राम्रो काम गर्दछ । तथापि विजयको लागि आवश्यताका दुई

सर्तहरुले गर्दा कुनै पनि उम्मेदवारले यी दुबै सर्तहरु पूरा गर्न नसक्ने सम्भावना ल्याउछ । निर्वाचन प्रणाली निर्माताले यो सम्भावनालाई टिपोट गरेर समाधानको प्रावधान समावेश गर्नु महत्वपूर्ण ठहरिने छ । किनकि कुनै प्रणालीले विजयी उम्मेदवार जन्माउन सकेन र विजय हुने विधि तोक्न सकेन भने त्यसबाट शक्ति मोर्चामा शून्यता सिर्जना हुन्छ र अस्थिरताको खतरा आउन सक्छ ।

इण्डोनेसियामा दोस्रो चरणमा विजय घोषणाको लागि साधारण बहुमत मात्र आवश्यक पर्दछ तर नाइजेरियाले दोस्रो चरणको लागि पनि वितरण आवश्यता राखेको छ जसले गर्दा तेस्रो चरणको सम्भावना सिर्जना गर्दछ । यदि व्यवहारमा यस्तो कुरा लागू हुने हो भने यसले गर्दा निर्वाचनको अवधि लामो हुने र आर्थिक तथा प्रशासनिक आवश्यकतासम्बन्धी जटिलताहरु आउन सक्छन् ।

वितरण आवश्यकताले उम्मेदवारलाई रणनीतिक महत्व बोध गराउँछ । केन्यामा राष्ट्रपति निर्वाचन हुन उम्मेदवारले सर्वाधिक मतको साथै आठ प्रान्तमध्ये कम्तीमा पाँचबाट न्यूनतम २५ प्रतिशत मत प्राप्त गर्नु पर्दछ । यस्तो भए तापनि सन् १९९० का दशकभर विरोधी पक्षहरुमा विभाजनले गर्दा डानिएल अराप मोइ (Daniel Arap Moi) पूर्ण बहुमत भन्दा कमै मतले पनि राष्ट्रपतिमा कायम रहे ।

## माथिल्लो सभामा निर्वाचन

१८९. सबै मुलुकका विधायिकामा एउटैमात्र सदन छैन । खास गरी ठूला मुलुकहरुमा द्विसदनात्मक विधायिका छन् । प्रायजसो दोस्रो सदन (माथिल्लो सदन वा सिनेट) एक वा दुई कारणबाट र हन्छन् । पहिलोमा, सामान्यतयाः मुलुकको क्षेत्र अथवा प्रान्तको प्रतिनिधित्व गर्न विभिन्न किसिमको प्रतिनिधित्व वा हित समूहलाई प्रतिधिनित्व गर्नु हो, र दोस्रो, तल्लो सदनमा भएका निर्णयलाई गति दिन पुनरावलोकन सदन (हाउस अफ रिभ्यु) को रुपमा काम गर्नु, विधेयकहरु पारित गर्न रोक लगाउनु वा विलम्ब गर्नु हो । विशेषतः पुनरावलोकन सदनको रुपमा रहेमा माथिल्लो सदनको अधिकार तल्लो सदनको तुलनामा प्रायः कमै हुन्छ । विश्वभर दुई तिहाइ मुलुकहरुमा एक सदनात्मक विधायिका रहेको छ, जवकि बाँकी एक तिहाइ मुलुकहरुमा कुनै न कुनै किसिमको दोस्रो सदन छ ।

१९०. सदनको संरचनामा व्यापक रुपमा ज्यादै भिन्नता छ । तर संघात्मक प्रणाली अपनाएको मुलुकमा दोस्रो सदनको प्रयोजन साधारणतः संघात्मक एकाइहरुको निर्वाचन क्षेत्रलाई प्रतिनिधित्व गर्नु हो । उदाहरणका लागि, संयुक्त राज्य अमेरिका र अष्ट्रेलियका राज्यहरु, जर्मनीको ल्याण्डर र दक्षिण अफ्रिकाका प्रान्तहरु माथिल्लो सदनमा छुट्टा-छुट्टै प्रतिनिधित्व गराइएका छन् । आदर्श रुपले, यो प्रक्रियामा साना राज्यहरु वा प्रान्तको पक्षमा समान महत्व प्रदान गर्नु हो, किनकि दुई सदनहरुको बीचमा प्रतिनिधित्वको समानताको धारणा पक्षमा रहेको छ । यसका अतिरिक्त, धेरै जसो दोस्रो सदनको स्वरुपमा फरक अवधिमा निर्वाचन गरिनु हो । अष्ट्रेलिया र जापानमा माथिल्लो सदनको आधा सदस्यको निर्वाचन प्रत्येक तीन वर्षमा गरिन्छ । संयुक्त राज्य अमेरिका र भारतमा एक तिहाई सदस्यको निर्वाचन प्रत्येक दोस्रो वर्षमा गरिन्छ र अन्यत्र पनि यस्तै छ ।

१९१. केही मुलुक जहाँको माथिल्लो सदनलाई "पुनरावलोकन सदन" को रुपमा राखिएको छ त्यस्तालाई विशेष बन्देज लगाइएका छन् । उदाहरणको लागि, थाइल्यान्डमा जब सिनेट निर्वाचित हुन्छ, त्यसका सदस्यहरुलाई कुनै राजनीतिक दलको सदस्य हुन वा निर्वाचनका लागि प्रचारप्रसार गर्न बन्देज गरिएको छ ।

१९२. विशेष किसिमका जनजाति, भाषाभाषी, धार्मिक वा सांस्कृतिक समूहलाई प्रतिनिधित्व गराउने दृष्टिकोणबाट अलि कम सामान्य किसिममा दोस्रो सदनको प्रयोग युक्तिसङ्गत तवरमा गरिन्छ। दोस्रो सदनमा नागरिक समाजको प्रतिनिधित्व पनि नियतवश समावेश गरिन्छ । मलावीमा, उदाहरणको लागि, सामाजिक “हितसमूह” ले मनोनयन गरेका उम्मेदवारहरुको सूचीबाट निर्वाचित सांसदहरुले ८० सिनेटहरुमध्येबाट ३२ जनालाई चुन्ने संवैधानिक व्यवस्था छ । यी समूहहरुमा पहिचान गरिएका महिला संगठन, अपाङ्ग, स्वास्थ्य र शिक्षा समूह, व्यापार र कृषि क्षेत्र, मजदुर संगठन, समाजका प्रवुध्द वर्ग र धार्मिक नेताहरु समावेश छन् । ज्यादै आलोचित बेलायती हाउस अफ लर्डसलाई समसामयिक आधारमा यसरी प्रतिरक्षा गरिन्छ कि यसमा नीतिगत विशेषज्ञता हासिल भएका व्यक्तिहरु रहन्छन् जसले सामान्य राजनीतिज्ञहरुले बनाएका सरकारी विधेयकहरुको नियन्त्रण गर्दछन् । यसैगरी, फिजी र बोत्सावाना जस्ता मुलुकहरुका दोस्रो सदनमा परम्परागत प्रमुखहरुको प्रतिनिधित्वलाई प्रयोग गरिन्छ, यद्यपि तिनलाई पहिलो पटक मनोनयन गरिए तापनि दोस्रो पटक भने निर्वाचन गरिन्छ ।

१९३. यस्ता विविधताका कारण धेरैजसो दोस्रो सदनमा आंशिक निर्वाचित, अप्रत्यक्ष निर्वाचित अथवा गैरनिर्वाचित हुन्छन् । निर्वाचित भएकाहरुमध्येको कार्य क्षेत्र दुई सदनको भूमिका प्रतिविम्वित हुने गरी माथिल्लो सदन र तल्लो सदनको लागि छुट्टाछुट्टै निर्वाचन प्रणाली प्रयोग गरिन्छ । उदाहरणको लागि, अष्ट्रेलियाको तल्लो सदनमा बहुमत प्रणाली (वैकल्पिक मत) बाट निर्वाचन गरिन्छ, भने माथिल्लो सदन, जसले विभिन्न राज्यहरुको प्रतिनिधित्व गर्दछ, समानुपातिक प्रणाली प्रयोग गरेर निर्वाचन गरिन्छ । यसको अर्थ यो देखिन्छ कि अल्पसंख्यक हित जसले तल्लो सदनको निर्वाचनमा सामान्यतः विजय हासिल गर्ने क्षमता राख्दैन, त्यस्तोले राज्य प्रतिनिधित्वको सन्दर्भमा माथिल्लो सदनको निर्वाचनमा जित्नसक्ने अझै मौका रहन्छ। इण्डोनेसियामा, तल्लो सदन सूची सामानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचन हुन्छ, भने माथिल्लो सदनले प्रत्येक प्रान्तबाट ४ प्रतिनिधिको निर्वाचन गर्न एकल असङ्क्रमणीय मत प्रयोग गर्दछ । कोलम्वियामा, दुबै सदन समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित हुन्छन, भने सिनेट एक राष्ट्रव्यापी निर्वाचन क्षेत्रबाट निर्वाचत हुन्छ । यसरी त्यो सदनबाट साना दल र अल्पसंख्यकको हितको सम्भावना देखिन्छ ।

## शासनव्यवस्थाका विभिन्न तह

१९४. माथि उल्लेख गरिएअनुसार, निर्वाचन प्रणालीको ढाँचा बनाउन आवश्यक कुराहरु निर्वाचित गरिने निकाय र यसका कार्य तथा अधिकारमा निर्भर हुने गरी फरक-फरक हुन्छ । जब कुनै निकाय अधिराष्ट्रिय, प्रान्तीय अथवा स्थानीय स्वार्थको लागि स्थापना गरिएका हुन्छन्, त्यस्ताको छनोट प्रणालीमा राष्ट्रिय विधायिका ढाँचाका लागि संलग्न रहेकोभन्दा भिन्न दृष्टिकोण राख्नुपर्ने हुन्छ ।

## अधिराष्ट्रिय निकायहरुको निर्वाचन

१९५. धेरै मुलुकहरुलाई समावेश गरेर महत्वपूर्ण निर्णय गर्ने अधिकार प्रदान गर्दै गठित युरोपेली संसद् जस्ता अधिराष्ट्रिय निकायहरु रहे तापनि हालसम्म त्यस्ता निकायहरु विरलै छन् । तर, राजनीतिको भूमण्डलीकरण र क्षेत्रीय स्तरमा एकीकरणको स्वार्थका कारण यस्ता निकाय सामान्य रुपमा निकै देखापर्न सक्छन् । युरोपेली संघले युरोपेली संसद्को निर्वाचनको लागि सबै सदस्य राष्ट्रहरुले समानुपातिक प्रणाली लागू गर्ने आवश्यकता सम्बन्धमा निर्णय गरे र हाल त्यसलाई कार्यान्वयनमा

ल्याएको छ । २३ सदस्य राष्ट्रले सूचीमा आधारित समानुपातिक प्रणाली  प्रयोग गर्दछन् र दुई राष्ट्र (गणतन्त्र आयरल्यान्ड र माल्टा) ले एकल सङ्क्रमणीय मत प्रयोग गर्दछन् । सदस्य राष्ट्रहरुलाई स्थान विभाजन जनसंख्याको मात्राको अनुपातको आधारमा होइन कि तहगत प्रणालीद्वारा गरिन्छ, जसले करिब समान आकार भएका मुलुकहरुलाई बराबर संख्याको प्रतिनिधित्व प्रदान गर्दछ । तर साना मुलुकहरुलाई अधिक प्रतिनिधित्वको अवसर पनि दिन्छ ।

१९६. यस्तो प्रणालीको निर्माणकर्ताले स्थानीयकरणको भौगोलिक प्रतिनिधित्वलाई भन्दा यस्ता प्रणाली छनोट गर्न प्राथमिकता दिनुपर्छ जसले क्षेत्रीय र समूहगत सन्तुलन ल्याउन सकोस् । युरोपेली संसद्मा पचास करोड भन्दा बढी जनतालाई प्रतिनिधित्व गर्ने ७३२ युरोपेली सांसद छन्, जसले मतदाता र प्रतिनिधिका बीच साना निर्वाचन क्षेत्रको सम्बन्ध स्थापना गर्न असम्भव छ ।

१९७. युरोपेली संसद् एक अधिराष्ट्रिय निकाय भए तापनि, मतादाताहरुकाबीचमा यसले छुट्टै निर्वाचकको पहिचान पाउन सकेको छैन । एउटा सदस्य राष्ट्रको नागरिकले अर्को सदस्य राष्ट्रमा उम्मेदवार बन्न पाउने भए तापनि, यसको निर्वाचनलाई प्रत्येक सदस्य राष्ट्रमा राष्ट्रिय राजनीतिक दलहरुका बीचमा भएका प्रतिस्पर्धाको एक अंशको रुपमा हेर्ने गरिएको छ । सम्भवतः यो साधारणतया सत्य हो कि विद्यमान राष्ट्रिय राजनीतिक दलहरुले अधिराष्ट्रिय निकायको निर्वाचन प्रणालीको विकासमा प्रमुख भूमिका खेल्दछन्  र राष्ट्रिय तहमा प्रभुत्वशाली क्षेत्रीय परम्पराले (युरोपेली संसद्को मामिलामा) अधिराष्ट्रिय तहमा पनि प्रभुत्व पार्न सक्छ ।

# युरोपेली संसद्: अधिराष्ट्रिय निकायको निर्वाचन

आन्ड्रु इलिस र स्टिना लार्सेरुड

सन् २००४ को जनवरीमा २५ युरोपेली राष्ट्रका नागरिकहरुले युरोपेली संसद्को निम्ति आफ्ना प्रतिनिधि निर्वाचन गर्न मतदानमा भाग लिए । धेरैजसोले यो पहिलो पटक गर्दै थिए, जब कि अरुहरु यस्ता केही मुलुकका थिए जसले युरोपेली संसद्को निम्ति यसअघि पाँच पटकसम्मको निर्वाचनको अनुभव पाएका थिए । सन् २००४ मा सबैले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचन सञ्चालन गरिरहेका थिए ।

युरोपेली संसद्को निर्वाचनसम्बन्धमा पहिलो कानून सन् १९७६ मा ल्याइयो, जब सदनका प्रतिनिधिहरुको निर्वाचन प्रत्यक्ष विश्वव्यापी मताधिकारबाट गर्नेसम्बन्धी ऐन (Act Concerning the Election of the Representatives of the Assembly by Direct Universal Suffrage) मा सहमति प्रकट गरिएको थियो । नामले नै जनाएअनुसार, यो ऐनले प्रत्येक सदस्य राष्ट्रहरुबाट प्रतिनिधिको प्रत्यक्ष निर्वाचन गर्ने सिद्धान्त निर्धारण गऱ्यो । युरोपेली संघका सुरुका दिनहरुमा, युरोपेली सांसदहरु प्रत्येक सदस्य राष्ट्रका विधायिकाबाट मतदातासमूहको प्रत्यक्ष योगदानबिना नै मनोनयन गरिन्थ्यो । सन् १९७६ को ऐन पारित गर्नुको अर्थ यो थियो कि त्यसपछि सदस्यहरु प्रत्येक सदस्य राष्ट्रमा विश्वव्यापी प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित हुनेछन् । सन् १९७९ मा पहिलो युरोपेली संसद्को निर्वाचन नौवटा सदस्य राष्ट्रहरु बेल्जियम, डेनमार्क, फ्रान्स, संघीय गणतन्त्र जर्मनी, इटाली, लक्जम्बर्ग, नेदरल्याण्डस, गणतन्त्र आयरल्याण्ड र संयुक्त अधिराज्यमा भयो । यसबाट कुल ४१० निर्वाचित सदस्यहरुको परिणाम आयो ।

सन् १९७६ को निर्वाचनले निर्वाचनको सम्बन्धमा धेरै कुराहरु निर्धारण गऱ्यो, जस्तो कि संसद्को पदावधि र उम्मेदवारहरुको योग्यता तर यसले निर्वाचनमा प्रयोगमा ल्याइने वास्तविक निर्वाचन प्रणाली भने स्वयं निर्धारण गरेन । तथापि, यसले एकरुपको निर्वाचन कार्यविधि तर्जुमा गर्ने कार्य युरोपेली संसद्लाई सुम्प्यो । यस्तो कार्यविधि प्रचलनमा नआएसम्म सदस्य राष्ट्रहरुका राष्ट्रिय प्रावधानअनुसार निर्वाचन कार्यविधि अपनाउन यो ऐनले छुट दियो ।

धेरैजसो सदस्य राष्ट्रहरुले आफ्ना विधायकहरुको निर्वाचनका लागि एक वा अर्को तवरमा प्रयोग गर्ने गरेको प्रणालीको स्वरुपमध्ये समानुपातिक प्रतिनिधित्व प्रणालीलाई युरोपेली संसद्को निर्वाचनको लागि छनोट गर्नु सरल थियो । बेल्जियम, डेनमार्क, संघीय गणतन्त्र जर्मनी, इटाली, लक्जम्बर्ग र नेदरल्याण्डसले सूचीमा आधारित समानुपातिक प्रतिनिधि प्रणालीलाई एक वा अन्य स्वरुपमा प्रयोग

गरेको अनुभव हासिल गरिसकेका थिए र त्यसकारण तिनका सबै प्रतिनिधिहरु सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीबाट छनोट गरिए (डेनमार्कको प्रतिनिधित्वमा समावेश गरिएको ग्रीनल्याण्डको एक प्रतिनिधिबाहेक, जो ग्रीनल्याण्डले सन् १९८५ मा युरोपेली समुदाय त्याग्नुअघिसम्म पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत निर्वाचित थिए) । गणतन्त्र आयरल्याण्डले यसको प्रतिनिधि छनोट गर्न प्राथमिकताको एकल सङ्क्रमणीय मत प्रणाली प्रयोग गरेको थियो । त्यसमा संयुक्त अधिर ाज्यले पहिलो हुने निर्वाचित हुने प्रणाली र फ्रान्सले दुई-चरण प्रणाली अपनाए । यी दुबै मुलुक राष्ट्रिय निर्वाचनका लागि समानुपातिक प्रतिनिधित्व प्रणालीबाट अपरिचित रहेका हुँदा अपवाद थिए ।

संयुक्त अधिराज्यले हाउस अफ कमन्सको लागि प्रयोग गरिएको निर्वाचन प्रणालीको अनुकरण गऱ्यो । यो प्रणाली दुई ठूला दलहरु लेबोर र कन्जरभेटिभलाई ज्यादै उपयुक्त ठहरियो र अन्य कुनै तेस्रो दललाई यो क्षेत्रमा प्रवेश गर्न कठिन तुल्यायो । संयुक्त अधिराज्यमा युरोपेली संसद्को निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने प्रणाली लागू गर्न दोहोरो जनादेश सहितको प्रतिनिधित्वको विरोधमा उत्रन योगदान पुऱ्यायो । यदि युरोपेली संसद् र बेलायती संसद् दुबैमा एकैपटक सेवा गर्नबाट निषेध गर्ने हो भने, जसलाई केही बेलायती राजनीतिज्ञहरुले चाहेका थिए, र साथै समानुपातिक प्रतिनिधित्व प्रणालीको कुनै स्वरुपलाई पनि लागू गर्ने हो भने अन्य राष्ट्रिय अथवा स्थानीय निकायमा निर्वाचित नभएका अपरिचित उम्मेदवारहरुको दलीय सूची बनाउँदा त्यसले परिलक्ष्यित निर्वाचनको महत्वलाई कमजोर तुल्याउनसक्ने जोखिम रहन्छ । उम्मेदवार-केन्द्रित, एकल-सदस्यीय निर्वाचन क्षेत्र प्रणाली, जहाँ उम्मेदवारहरु आफ्ना मतदाताहरुसँग निकटतम रहेका हुन्छन्, लाई उत्तम समाधान सोचियो ।

यस्तो कुनै पनि विचार उत्तरी आयरल्याण्डमा लागू गरिएन । बहुसंख्यक र अल्पसंख्यक समुदायहरुको प्रतिनिधित्वलाई सुनिश्चित पार्न चासो देखाउँदै, साथै इंगल्याण्ड, स्कटल्याण्ड र वेल्सका जनता त्यहाँ सामान्तयाः निर्वाचनमा भाग लिंदैनन् भन्ने तथ्यलाई ध्यान दिई, उत्तरी आयरल्याण्डको तीन स्थानको निर्वाचनका लागि एकल सङ्क्रमणीय प्रणाली प्रयोगमा ल्याउने निष्कर्षमा देखापऱ्यो । युरोपेली संसद्को निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने प्रणालीको प्रयोगलाई निर्वाचन प्रणालीमा एकरुपताको लागि प्रस्तावित ऐनमा समावेश गर्ने प्रावधानको आधारमा इंगल्याण्ड, स्कटल्याण्ड र वेल्सको अदालतमा चुनौती दिने प्रयास गरियो तर यो असफल भयो । इंगल्याण्ड, स्कटल्याण्ड र वेल्समा प्रचलित प्रणाली सन् १९९९ मा मात्र जब युरोपेली सांसद निर्वाचन ऐन पारित भयो तब परिवर्तन गरियो, जुन संयुक्त अधिराज्यले पूर्वानुमान गरेको थियो कि परिवर्तनको प्रक्रिया यसमा लागू गर्न सन् २००२ को परिषद् निर्णय अनुसार हुनेछ (तल हेर्नुहोस्) । सन् १९९९ पश्चात् संयुक्त अधिराज्य समानुपातिक प्रतिनिधित्व प्रणाली प्रयोग गर्ने अन्य सदस्य राष्ट्रहरुसँग मिल्यो, त्यसमा बन्द सूची र क्षेत्रीय निर्वाचन क्षेत्रसहित सूचीमा आधारित समानुपातिक प्रणाली छनोट गरियो ।

फ्रान्समा, राष्ट्रिय विधायिकाको निर्वाचनमा दुई-चरण प्रणालीको प्रचलन रहे तापनि, सन् १९७९ मा पहिलो युरोपेली संसद्को निर्वाचन हुनुअघि सन् १९७७ मा नै एक राष्ट्रिय निर्वाचनक्षेत्र सहित बन्द सूचीमा आधारित समानुपातिक प्रणाली अपनाएको थियो । यसका धेरै कारणहरु थिए । बढीमत/बहुमत प्रणालीका एक मुख्य लाभ-स्थिर बहुमत सरकारको स्थापना हो । यस्तो निर्वाचन स्पष्टतः सान्दर्भिक थिएन र निर्वाचन प्रणालीको ढाँचाको लागि सम्पूर्ण राजनीतिक दलहरुको समानुपातिक प्रतिनिधित्वलाई ज्यादै महत्वपूर्ण आधार मानियो । एकातर्फ उच्चस्तरीय समानुपात र अर्कोतर्फ कम समर्थन भएका दलहरुलाई बाहेक गर्ने चाहना रहेको थियो । यी दुबैकाबीच सन्तुलन ल्याउने दृष्टिबाट ५ प्रतिशत न्यूनतम सीमासहित राष्ट्रव्यापी निर्वाचन क्षेत्र निर्धारण गर्न सोचियो । रिक्त पदहरुको पूर्ति सूचीमा रहेका दोस्रा व्यक्तिहरुका बीचमा निर्वाचनद्वारा गर्ने क्षमता राख्ने हुँदा उप-निर्वाचन गर्नुपर्ने अवस्था हटाउनु अर्को लाभ हो, जसले सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली अपनाउन बाटो

देखाउँछ । पाँचवटा निर्वाचन भएपछि, मतदाता र प्रतिनिधिहरुकाबीच सम्बन्ध सुदृढ गर्ने चाहना र भौगोलिक प्रतिनिधित्व बढी तुल्याउने चाहनाले (पेरिस निवासीहरुबाट निर्वाचित भएकामा असन्तुलित संख्या रहेको थियो) सन् २००४ मा हुने निर्वाचन अघि नै राष्ट्रव्यापी निर्वाचन क्षेत्र हटाउनु आवश्यक देखियो । त्यसलाई युरोपेली संसद्को लागि फ्रान्सको ७८ प्रतिनिधिको निर्वाचनमा आठ बहु-सदस्यीय निर्वाचन क्षेत्र कायम गरेर विस्थापित गरियो ।

युरोपेली संसद्को निर्वाचनको लागि दोस्रो महत्वपूर्ण कानून सन् २००२ मा परिषद्को निर्णय ८९६४/०२ अनुसार सदनको प्रतिनिधिको निर्वाचन प्रत्यक्ष विश्वव्यापी मताधिकारबाट गर्नेसम्बन्धी सन् १९७६ को ऐनमा संशोधन गरियो । प्रत्यक्ष निर्वाचनको लागि प्रावधान गरेको छब्बीस वर्षपछि यो निर्णयले सबै सदस्य राष्ट्रहरुले युरोपेली संसद् सदस्यका लागि निर्वाचन गर्न समान निर्वाचन प्रणाली परिवार निर्धारण गऱ्यो । धारा १ मा यस्तो उल्लेख छ : प्रत्येक सदस्य राष्ट्रमा, युरोपेली संसद्को सदस्य, सूची प्रणाली वा एकल सङ्क्रमणीय मतको प्रयोगबाट समानुपातिक प्रतिनिधित्वको आधारमा निर्वाचित हुनेछन् । सन् २००४ को निर्वाचनमा, सबै २५ सदस्य राष्ट्रले यसरी समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली अपनाए ।

यी सबै प्रणाली एउटै परिवारका हुन् तापनि, ती केही कुरामा भिन्न छन् । तेइसवटा मुलुकहरु (अष्ट्रिया, बेल्जियम, साइप्रस, चेक गणतन्त्र, डेनमार्क, इष्टोनिया, फिनल्याण्ड, फ्रान्स, जर्मनी, ग्रीस, हंगेरी, इटाली, लाट्भिया, लिथुआनिया, लक्जम्बर्ग, नेदरल्याण्डस, पोल्याण्ड, पोर्चुगल, स्लोभाकिया, स्लोभेनिया, स्पेन, स्वेडेन र संयुक्त अधिराज्य) सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रयोगमा ल्याउँछन्, जबकि माल्टा र गणतन्त्र आयरल्याण्ड एकल सङ्क्रमणीय मत प्रयोग गर्दछन् । २३ मध्ये २१ वटा मुलुकका (फ्रान्स र संयुक्त अधिराज्य अपवाद बाहेक) राष्ट्रिय विधायिकाको निर्वाचन प्रणालीमा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली न्यूनतम हिस्सा बनेका हुँदा पनि यो भिन्नता अपेक्षित देखिएको छ, जब कि गणतन्त्र आयरल्याण्ड र माल्टा दुवैले आफ्ना राष्ट्रिय निर्वाचनमा एकल सङ्क्रमणीय मत प्रयोग गर्दछन् ।

सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली प्रयोग गर्ने २३ मुलुकमा, कसैले बन्द सूची प्रयोग गरेका छन् जबकि अन्यले खुला सूची छनोट गरेका छन् । यस्तो छनोटलाई ग्रीस एउटा अपवाद भए पनि अरु धेरैजसोले आफ्नो राष्ट्रिय निर्वाचनमा स्पष्ट गरेका छन् । समानरुपमा, केही सदस्य राष्ट्रहरु, विशेष गरी साना राष्ट्रहरु आफ्ना सदस्य एक राष्ट्रिय निर्वाचन क्षेत्रबाट छनोट गर्दछन्, जबकि अन्यले क्षेत्रीयस्तरमा कैयौं निर्वाचन क्षेत्र स्थापना गरेका छन् ।

विभिन्न सदस्य राष्ट्रहरुमा प्रतिनिधित्वको लाभका लागि न्यूनतम सीमा पनि भिन्न भिन्न छ । सन् २००२ को निर्णयले प्रत्येक राष्ट्रलाई न्यूनतम सीमा निर्धारण गर्न पाउने गरेको छ तर यस्तो औपचारिक न्यूनतम सीमाको अधिकतम हद ५ प्रतिशत तोकेको छ । केही मुलुकहरु उदाहरणतः साइप्रस, हंगेरी र स्वेडेनले औपचारिक न्यूनतम सीमा प्रयोग गरेका छन् । साथै धेरैजसो भागमा यस्तो प्रयोग राष्ट्रियस्तरमा गरेर देखाएका छन् (यद्यपि बेल्जियम, जसले राष्ट्रिय निर्वाचनको लागि औपचारिक न्यूनतम सीमा प्रयोग गर्दछ तर युरोपेली संसद्को निर्वाचनको लागि यस्तो गर्दैन) । प्रतिनिधित्वको लाभ पाउनको लागि औपचारिक न्यूनतम सीमा मात्र होइन, तर समर्थनको वास्तविक स्तर आवश्यक पर्दछ । प्राकृतिक सीमा सदस्य राष्ट्रहरुका बीचमा निकै विभिन्नता रहन्छ । न्यूनतम सीमामा यस्तो अन्तर आउनुको कारणमा प्रत्येक मुलुकबाट निर्वाचन गरिने प्रतिनिधिहरु र निर्वाचन क्षेत्रको परिभाषाको (अझ बढी स्पष्टताको लागि प्रत्येक क्षेत्रबाट निर्वाचित गरिने प्रतिनिधिहरुको संख्या) को सम्मिश्रणको स्तरमा पाइन्छ । एक राष्ट्रव्यापी निर्वाचन क्षेत्र भएको र ७८ प्रतिनिधि निर्वाचित गर्नुपर्ने इटालीले १ प्रतिशतभन्दा कमको ज्यादै न्यून प्रभावकारी सीमा राखेको

छ, जबकि चार निर्वाचन क्षेत्र र १३ प्रतिनिधि भएको गणतन्त्र आयरल्याण्डले यो अर्थ राखेको छ कि एकल सङ्क्रमणीय मत अन्तर्गत एक सफल उम्मेदवारले अधिक समानुपातिक मत हासिल गर्नुपर्छ । आयरल्याण्डमा सन् २००४ मा विजयी उम्मेदवारहरुले तिनका निर्वाचनक्षेत्रमा प्रथम प्राथमिकताको मत १२.९ र २५.९ प्रतिशतको बीचमा प्राप्त गरेका थिए ।

युरोपेली संसद्को निर्वाचनको लागि एक साझा निर्वाचन प्रणाली परिवार निश्चित गरिए तापनि, अझै एकीकरणको निम्ति गतिशीलताको कुनै लक्षण देखा परेको छैन । युरोपेली संसद्भित्र दलीय समूहहरु निर्माण गरिए तापनि, राष्ट्रिय दलहरुले युरोपेली आवद्ध दलहरुलाई छुट्याउने इच्छाका लागि खास महत्वपूर्ण भूमिकाको लक्षण देखिएको छैन । त्यसकारण, निर्वाचन प्रणालीको सम्पूर्ण विवरणसम्बन्धमा निर्णय गर्ने कुरा राष्ट्रिय राजनीतिज्ञहरुको हातमा रहन्छ, तिनका आफ्नै स्वार्थबाट र विद्यमान राष्ट्रिय परम्पराबाट प्रभावित हुने देखिन्छ ।

युरोपेली संसद्को निर्वाचनमा ज्यादै कम मतदाताको उपस्थिति सम्बन्धमा केन्द्रित रहेर बहस हुनसक्नेछ, जुन युरोपेली संघका सदस्य राष्ट्रहरुका लागि प्रमुख चासो रहेको छ। सबै मुलुकहरुमा एकै निर्वाचन प्रणाली परिवार अन्तर्गतको समानुपातिक प्रतिनिधित्व प्रणाली जुन अवलम्बन गरिएको अन्य प्रणालीहरुमाभन्दा उच्च मतदाता उपस्थितिसँग आवद्ध छ। यस्तो प्रणाली प्रयोग गरिए तापनि मतदान अझै आश्चर्यजनक तवरमा न्यून छ । सन् २००४ को निर्वाचनमा, १५ मुलुकहरु जो सन् २००४ मा विस्तृतीकरण अघि नै सदस्य थिए, तिनको औसत उपस्थिति ५२.९ प्रतिशत रह्यो र १० नयाँ सदस्य राष्ट्रको आँकडा ४०.२ प्रतिशतभन्दा पनि कम थियो । यस्तो प्रतीत हुन्छ कि युरोपेली संसद्को निर्वाचनलाई मतदाताहरुले दोस्रो क्रममा हेरेसम्म, निर्वाचनमा प्रतिनिधित्वको अन्तरबाट परिणाममा कस्तो परिवर्तन ल्याउँछ भन्ने कुरामा स्पष्टता नभएसम्म, निर्वाचनप्रति चाख र उपस्थिति न्यून नै रहने छ । प्रयोगमा ल्याइएको निर्वाचन प्रणालीलाई विरोधाभास तत्वको रुपमा हेरिएको छैन र तिनको संशोधनको सम्बन्धमा ज्यादै कम गम्भीर बहस भएका छन् । त्यसकारण यस्तो देखिन्छ कि यो निर्वाचन प्रणाली निकट भविष्यमा स्वभावतः यथावत् रहने स्पष्ट देखिन्छ ।

## संघीय/राज्यसभा र स्वशासित क्षेत्रको निर्वाचन

१९८. एकै संघभित्रका भौगोलिक क्षेत्र अथवा राज्यहरुका विधायिकाहरुले राष्ट्रिय विधायिका सर हको निर्वाचन प्रणाली समान तवरले प्रयोग गर्न सक्छन् । दक्षिण अफ्रिकामा भए जस्तो बन्द-सूची समानुपातिक प्रतिनिधित्व प्रणाली वा तिनले छुट्टै किसिमको प्रणाली प्रयोग गर्न सक्छन् । संयुक्त अधिराज्यमा जस्तो, जहाँ स्कटिस संसद् र वेल्सको राष्ट्रियसभा मिश्रित सदस्य समानुपात प्रणालीद्वारा निर्वाचित गरिन्छ र राष्ट्रिय विधायिका पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित हुन्छ । राज्य विधायिकाको प्रणालीले यसको सीमाक्षेत्रभित्रका अल्पसंख्यक समूहलाई समावेशीकरणको प्राथमिकता दिनसक्छ वा शहरी र ग्रामीण स्वार्थकाबीच सन्तुलन कायम गर्छ । एउटा क्षेत्रले अधिक स्वायत्तता पाउँदा यसको निर्वाचनसम्बन्धी व्यवस्था गर्न अन्य राज्य अथवा प्रान्तको भन्दा कम दबाब रहन्छ । स्वशासित क्षेत्रले यो देखाउँछ कि अन्य क्षेत्रको भन्दा यसका गुण र आवश्यकता ज्यादै स्पष्ट हुन्छन् ।

## स्थानीय निकायको निर्वाचन

१९९. यो हातेपुस्तकमा उल्लेखगरिएका कुनै पनि निर्वाचन प्रणाली स्थानीय वा नगर सरकारस्तरमा प्रयोग गर्न सकिन्छ । तर स्थानीय सरकारको खास भूमिकाको कारण कतिपय विचारणीय पक्षहरु आउँछन्, किनभने स्थानीय सरकार विशेषगरी दैनिक जनजीवनको “आधारभूत आवश्यकता” सम्बन्धमा बढी सम्बन्धित छन् र प्रायः भौगोलिक प्रतिनिधित्वलाई प्राथमिकता दिइन्छ । प्रजातन्त्रिकरणको लागि एक कदमको रुपमा स्थानीय निर्वाचनको प्रयोग यसको एक उदाहरण हो (चीनको विषय अध्ययन हेर्नुहोस्) ।

२००. विशेषतः जहाँ राजनीतिक दलहरु कमजोर अथवा अस्तित्वहीन छन्, त्यहाँ एकल सदस्यीय निर्वाचन क्षेत्रलाई स्थानीय मामिलामा प्रत्येक छिमेकीले आफ्नो भनाइ राख्न पाउने गरी प्रयोग गर्न सकिन्छ । साना निर्वाचन क्षेत्रहरु सामान्यतया ज्यादै नै समान किसिमका हुन्छन् । यो कुनै समय राम्रो कुरा देखिन्छ । तर यदि स्थानीय सरकारमा विविधता आवश्यक भए निर्वाचन क्षेत्र बनाउँदा “चक्काको तार” झैं छुट्याउने सिद्धान्त लागू गर्नुपर्छ । यहाँ के बुझ्नुपर्छ भने निर्वाचन क्षेत्रको सीमा भनेको पहिचान गरिएका छिमेकीहरुलाई खिच्ने वृत्त होइन । बरु शहरमा केन्द्रीत वृत्तका भागहरुलाई उपनगर क्षेत्रहरुसम्म पुऱ्याउनु हो । यसको अर्थ यो हो कि एक निर्वाचन क्षेत्रले शहरी र उपनगर दुबैका मतदाताहरुलाई समावेश गर्छ र निम्न आय भएका वर्ग एवं जनजातिको सम्मिश्रण बनाउँछ ।

२०१. यसको विपरीत, केही मुलुकका नगरपालिकाहरु जसले स्थानीय सरकारको लागि समानुपातिक प्रतिनिधित्व प्रणाली प्रयोग गर्दछन्, त्यस्तोमा एउटा एकल-सूची समानुपातिक प्रतिनिधित्व भएको निर्वाचन क्षेत्र हुन्छ, जसले नगरपालिकामा विभिन्न राजनीतिक विचारलाई समानुपातिक तवरमा प्रतिविम्बित गर्नसक्छ । यद्यपि, दलीय विचारधाराबाट निर्देशित नभएका स्थानीय संघका प्रतिनिधिहरु र सम्भवतया स्वतन्त्र उम्मेदवारहरुको मनोनयनका लागि पनि विशेष स्थानको आवश्यकता देखिन्छ ।

२०२. यो पनि सत्य हो कि स्थानीय निर्वाचन प्रणालीको छनोट राष्ट्रिय विधायिकाको लागि सहमतिको एक अंशका रुपमा संलग्न गराउनु हो । उदाहरणका लागि, केही नवप्रजातान्त्रिक मुलुकहरु जस्तै कंगो (ब्राजाभिल) र मालीमा परम्परा एवं फ्रेन्च प्रभावले गर्दा राष्ट्रिय विधायिकाको लागि दुई-चरण प्रणाली अपनाइयो, जबकि समावेशीकरणको चाहना र क्षेत्रीय एवं जनजातिका अनुयायीहरुको प्रतिनिधित्वलाई बढी प्रतिविम्बित गर्न नगरपालिकाको निर्वाचनमा समानुपातिक प्रतिनिधित्व प्रणाली रोजियो ।

# चीनः गाउँ समितिको निर्वाचनः लामो फड्कोमा पहिलो पाइला?

डङ्ग लिसेङ्ग र जोगन एल्किट

चीनका शहरभन्दा बाहिरका भागमा सन् १९७० को दशकको अन्त्यतिर सुरु गरिएको "पारिवारिक करार जिम्मेवारी प्रणाली"ले गर्दा कृषकहरुले आफ्ना परिवारका लागि आवश्यक वस्तु उत्पादन गर्न सुरु गरे । जसै उत्पादनलाई विकेन्द्रित गरियो, सामूहिक-उन्मुख जनकम्युन (साना स्थानीय निकाय) संगठनहरु पुराना ठहरिए ।

सबभन्दा पहिलेका गाउँ समितिहरु सन् १९८०-८१ मा ग्वांग्जी स्वायत्त क्षेत्रमा देखापरे । स्थानीय अधिकारको जानकारीबिना गठन गरिएका यस्ता संगठनहरु गाउँका बूढापाका, पूर्व पार्टी कार्यकर्ता र सामुदायिक-विचारका गाउँलेहरुद्वारा सिर्जना गरिएका थिए। यसको मनसाय सबभन्दा तल्लो तहमा कार्यरत उत्पादन दल र समूहहरुले काम गर्न छाडेपछि सामाजिक व्यवस्थामा आएको गिरावट एवं व्यापक राजनीतिक सङ्कटलाई सम्बोधन गर्नु रहेको थियो। गठन गरिएको केही महिनाभित्रै, स्थानीय पदाधिकारीले केन्द्रीय सरकारलाई यसको विकासक्रमको प्रतिवेदन दियो । राष्ट्रिय जन कांग्रेसका नेताहरुले यो नयाँ प्रकारको संगठन परीक्षणका लागि प्रोत्साहित गरे ।

सन् १९८२ मा गाउँ समितिहरुलाई स्वायत्त सरकारका निर्वाचित आमसंगठनको रुपमा संविधानमा उल्लेख गरियो (धारा १११) । कम्युन र उत्पादन दल वा उत्पादन समूहकाबीचको सम्बन्धका विपरीत, पुनर्स्थापित यी साना शहर सरकारको सबभन्दा तल्लो तहले गाउँ समितिलाई नेतृत्व गर्दैन बरु त्यसमाथि मार्ग-निर्देश गर्दछ। अर्को भिन्नता भनेको सबै योग्य मतदाताबाट गरिने प्रत्यक्ष निर्वाचनको प्रारम्भ हो। सन् १९८७ मा गाउँ समितिको प्रस्तावित आंगिक कानून पारित भयो, जसले गाउँ समितिको प्रत्यक्ष निर्वाचनका लागि सामान्य सिद्धान्तहरु तोक्यो र गाउँ समितिको काम एवं उत्तरदायित्वलाई परिभाषित गऱ्यो । विस्तृत नियम तर्जुमाको अतिरिक्त कानूनको कार्यान्वयनको जिम्मेवारी प्रान्तीय र तल्लो तहका अधिकारीहरुलाई छाडिएको थियो । निर्वाचनको गुणस्तर र समग्र कार्यान्वयनमा ज्यादै नै भिन्नता देखा पऱ्यो र दस वर्षपछि चीनका ६५८,००० भन्दा बढी गाउँमध्ये (सन् २००२ को आखिरीको पछिल्लो अंक) शायद करिब २५ प्रतिशतले मात्र कानूनको पूर्ण पालनाकासाथ प्रत्यक्ष निर्वाचनको अनुभव गरे ।

सन् १९९८ मा राष्ट्रिय जन कांग्रेसले प्रस्तावित कानूनलाई स्थायी बनायो। यो कानूनले निर्दिष्ट निर्वाचन प्रक्रियाका केही पक्षको व्याख्या गऱ्यो र सुधार ल्यायो । गाउँ समितिको पारदर्शितासम्बन्धी नियम र गाउँ समितिको लोकप्रिय नियन्त्रणलाई सुदृढ बनायो । यो स्थायी ऐनलाई धेरैले गाउँको निर्वाचन प्रक्रियालाई राजनीतिक र कानूनी सुदृढीकरणको रुपमा स्वीकारे तर यसको पूर्ण कार्यान्वयन

अझै चुनौतीपूर्ण रहेको छ । गोप्य मतदान केन्द्र र उम्मेदवारको प्रत्यक्ष मनोनयनजस्ता थप खाँचोका मापदण्डहरु जारी गरिएपछि शायद यो अरु चुनौतीपूर्ण हुनेछ, उदाहरणका लागि निर्वाचनको गुणस्तर मुलुकका विभिन्न भागमा अझ विचारणीयरुपले फरक फरक छ ।

गाउँ समितिका सदस्यहरु तीन वर्षका लागि निर्वाचित हुन्छन् । एकै व्यक्ति कति पटकसम्म पुनर्निवाचित हुने भन्ने अवधिको कुनै सीमा राखिएको छैन । गाउँ समितिमा सामान्यतः तीन र सातका बीचमा सदस्य रहन्छन्, सोमध्ये एक जना अध्यक्ष र एक अथवा दुई उपाध्यक्ष हुन्छन् । प्रान्त-प्रान्तका बीचमा अन्तर रहे तापनि गाउँ समितिले सामान्यतः गाउँका सम्पूर्ण प्रशासनिक कार्य हेर्दछ, जसमा बजेट व्यवस्थापन, सार्वजनिक उपयोगका सेवा, विवाद समाधान, सार्वजनिक सुरक्षा, सामाजिक व्यवस्था तथा सुरक्षा, स्वास्थ्य मामिला र स्थानीय व्यापार व्यवस्थापन समावेश छन् । एउटा ठूलो गाउँमा १०,००० भन्दा बढी व्यक्ति रहन सक्छन्, जबकि साना गाउँमा केही सय मात्र हुन सक्छन् । औसत गाउँमा १,००० देखि २,००० जनता बसोबास गर्दछन् ।

गाउँ समितिले गाउँसभा अथवा गाउँ प्रतिनिधि सभामा प्रतिवेदन पेस गर्दछन् । सभाको बैठक वर्षको एक वा दुईपटक हुन्छ जब कि गाउँ समिति, जसमा २५ देखि ४० जना गाउँ र गाउँलेको स-साना समूहबाट छानिएका हुन्छन्, सभाले निर्णय प्रक्रिया र गाउँ समितिको सुपरिवेक्षणमा बढी भूमिका खेल्छन् । गाउँ निर्वाचन समितिले गाउँको निर्वाचन सम्पन्न गर्दछ ।

गाउँ निर्वाचन अहिलेसम्म सबै ३१ प्रान्त, स्वायत्त क्षेत्र र नगरपालिकाहरुमा सम्पन्न भइसकेको छ । सन् २००३ सम्म यस कार्यमा अग्रगति लिएका दुई प्रान्त फुजिआन र लिआओनिंगले क्रमशः आठ र सातवटा निर्वाचन सम्पन्न गरिसकेका छन् र १९ प्रान्तले ४ देखि ६ वटा निर्वाचन गराएका छन् । एउटा प्रान्तले मात्र ज्यादै ढिला सन् २००० मा प्रथम निर्वाचन गरायो । मुलुकभर रहेका सबै गाउँ समितिहरुको निर्वाचन एकै दिन हुँदैन । प्रान्तको निर्वाचन वर्ष तोकिएको अवधिमा प्रान्त अन्तर्गतका ससाना निकाय र साना-शहरले संयुक्त रुपमा आफ्ना अधिकार क्षेत्रका गाउँमा निर्वाचन गर्ने दिनका लागि निर्णय गर्दछन् ।

प्रत्येक निर्वाचनमा केही आधारभूत खाकाको पालना गरिन्छ । यो प्रक्रियाको पहिलो कदममा मतदाताहरुको नाम दर्ता हो जसलाई गाउँ निर्वाचन समितिले सञ्चालन गर्दछ । नाम दर्ता भएका मतदाताहरुको सूची तयार गरी निर्वाचन हुनुभन्दा २० दिन पहिले सार्वजनिक गरिनु पर्छ । मतदाताहरुले यस्तो दर्ता सूचीमाथि दावीविरोध गर्न पाउँछन् । राजनीतिक अधिकारबाट बञ्चित गरिएका व्यक्ति बाहेक, १८ वर्ष वा सोभन्दा माथि उमेरका सबैले जातजाति, वर्ण, लिंग, व्यवसाय, पारिवारिक पृष्ठभूमि, धार्मिक आस्था, शिक्षाको स्तर, सम्पत्ति अथवा समुदायमा बसोबास गरेको अवधि कुनै भेदभावबिना मतदान गर्ने र निर्वाचित हुन पाउने अधिकार उपभोग गर्छन । यस विषयको एउटा महत्वपूर्ण चुनौतीमा धेरै संख्याका मतदाताहरु जसको आवासीय दर्ता तिनका "गृह गाउँ" मा हुन्छ तर ती ज्यादै टाढा, खासगरी ठूला शहरी क्षेत्रमा बस्छन् एवं काम गर्छन्सँग सम्बन्धित रहेको छ । यस्ता अधिकांश मतदाताहरुलाई निर्वाचनको दिन आफ्ना गाउँमा फर्केर जान सम्भव हुँदैन । साथै, तिनीहरुले शहरमा जहाँ तिनीहरु काम गर्छन् र बसोबास गर्दछन् त्यहाँ मतदान गर्न पाउँदैनन् । तसर्थ, तिनीहरुले मतदान गर्ने आफ्नो अधिकार वास्तविक तवरमा उपयोग गर्न सक्दैनन् ।

मतदाता नामावली दर्तापछि उम्मेवारको मनोनयन गाउँवासीहरुले प्रत्यक्ष रुपमा गर्छन् । धेरैजसो प्रान्तमा यो जरुरी छ कि अध्यक्ष, उपाध्यक्ष र साधारण सदस्यको रुपमा पूर्ति गर्ने स्थानभन्दा एउटा मात्र बढी उम्मेदवारको मनोनयन गरिनुपर्छ । हालका वर्षहरुमा, केही प्रान्तहरुमा उम्मेदवार मनोनयनका लागि गाउँवासीहरुले गाउँसभा वा ग्रामीण साना समूहको बैठक आयोजनाद्वारा गरेका थिए । जबकि केही प्रान्तमा निर्वाचन पूर्व कुनै मनोनयन नगरिने चलनको विकास भयो । यस्ता ठाउँहरुमा मतदाताहरुलाई उल्लिखित विभिन्न पदहरु सम्बन्धित स्तम्भमा दर्शाइएको कागजको खाली

टुक्रा वा खाली मतपत्र प्राप्त हुन्छ । यदि निर्वाचनले पदपूर्तिका लागि नयाँ समिति निर्माण गर्न सकेन भने यो स्वतः प्रथम-चरणको निर्वाचन बन्दछ र पुनः अर्को निर्वाचन गरिन्छ ।

अन्तिम निर्वाचन प्रत्यक्ष तवरमा गर्नुपर्छ । सबैजसो प्रान्तमा गोप्य मतपत्र र मतदान केन्द्र (अथवा कोठा) को प्रयोग अनिवार्य हुन्छ । मतदानको शैली तीन किसिमका हुन्छन् (क) आम मतदान, जसमा सम्पूर्ण मतदाताहरु केन्द्रीय मतदान स्थानमा बिहानै जान्छन्, मतदान गर्छन र मतगणना नसकिएसम्म त्यहीं बस्छन, (ख) व्यक्तिगत मतदान, निर्वाचन दिनको सम्पूर्ण प्रक्रिया अनुसार, (ग) प्रतिनिधि वा अनुपस्थित मतदान वा "घुम्ती बाकस" । धेरैजसो प्रान्तले आम मतदान प्रयोग गरेका छन् । प्रचलनमा ल्याएको मतपत्रमा उम्मेदवारका नामको सूची सो उठेको पदअनुसार दिइएको हुन्छ र मतदाताले सो उम्मेदवार निर्वाचित हुन चाहेको पदमा चिन्ह लगाएर मतदान गर्छन । मतदाताले गाउँमा निर्वाचनद्वारा पूर्ति गरिनुपर्ने पद भएसम्म चिन्ह लगाउँछन् (एक अध्यक्ष, एक अथवा दुई उपाध्यक्ष र धेरै संख्यामा समिति सदस्यहरु) । निर्वाचनलाई वैध मान्न योग्य मतदाताहरुको बहुमतले मतपत्र खसालेको हुनुपर्छ र विजयी उम्मेदवारले ५१ प्रतिशत मत ल्याउनु आवश्यक छ । कुनै उम्मेदवारले बहुमत प्राप्त गरेन भने पुनः मतदान तीन दिनभित्र गरिन्छ । पुनः निर्वाचनमा उम्मेदवारले खसेको मतको ३३ प्रतिशत मत ल्याए पुग्छ । विजय हासिल गरेकाहरुले तुरुन्तै आफ्ना पदभार सम्हाल्छन् ।

गाउँ समितिको निर्वाचन यस अर्थमा महत्वपूर्ण मानिएको छ कि निर्वाचन कानूनले प्रजातान्त्रिक प्रक्रियाका आधारभूत मान्यताहरु निर्देशित गरको छ । गोप्य मतपत्र, प्रत्यक्ष निर्वाचन र बहु उम्मेदवार (यद्यपि उम्मेदवार संख्यामा निकै बन्देज लगाइएको छ) रहन्छ । चीनका अन्य निर्वाचनमा यस्ता अवधारणा अझै कार्यान्वयनमा ल्याउन बाँकी छ । गाउँ समितिको निर्वाचनका सम्बन्धमा भएको प्रगतिबाट यस्तो प्रत्यक्ष निर्वाचन गाउँबाट साना शहर, ससाना निकाय र अझ त्यसभन्दा उच्चस्तरको सरकारमा कसरी र कहिले लागू गर्नसक्छ भन्ने आकांक्षा बढेको छ । गाउँ समितिका लागि भएका प्रत्येक चरणका निर्वाचनले पनि निर्वाचन प्रक्रिया सम्पन्न गर्न स्थानीय क्षमतालाई सुदृढ तुल्याउँछ ।

चीनका गाउँ निर्वाचनको विशेषताको मूल्यांकनले यो प्रश्नलाई ज्यादै सम्बन्धित बनाएको छ कि यस्तो सीमित प्रजातन्त्रले के विशुद्ध प्रजातन्त्रको लागि बाटो देखाउन सक्ला । प्रजातान्त्रिक निर्वाचन कस्ता हुन्छन् भनेर मूल्यांकन गर्ने विभिन्न तरिकाहरु छन् । निर्वाचनको तीन विश्वव्यापी आधारहरु- स्वतन्त्र, स्वच्छ र अर्थपूर्ण, उपयुक्त कार्य-निर्देश हुन् । चीनले राष्ट्रिय संसद् र स्थानीय परिषद्को निर्वाचनमा यसको छनोट गर्दा स्वतन्त्र र स्वच्छ निर्वाचनका कुनै स्वीकृत मापदण्ड पूरा गर्दैन र धेरै जसो अवस्थामा निर्वाचित गाउँ नेताहरुले चीनियाँ कम्युनिष्ट पार्टीका सचिवहरुले पाएसरहको अधिकार उपयोग गर्न पाएका छैनन् । तथापि गाउँ निर्वाचन स्वतन्त्र वा स्वच्छ भएन र केही गाउँ समितिहरुले पूर्ण नियन्त्रण राख्न पाएनन् भन्दैमा यो निष्कर्ष निकाल्न सकिंदैन कि यस्ता निर्वाचन पूर्णतः अस्वतन्त्र, अस्वच्छ र अर्थहीन छन् । निर्वाचनलाई केही निश्चित मापदण्डका आधारमा मात्र मूल्यांकन गरिनु हुन्न, बरु प्रजातान्त्रिक निरन्तरताका लागि यसले लिएको स्थानका दृष्टिबाट हेरिनुपर्छ ।

गाउँ समितिको निर्वाचनले केही तरङ्ग पैदा गरेको छ जस्तोकि चीनियाँ कम्युनिष्ट पार्टीको गाउँ शाखाले निर्वाचनमा साधारण गाउँवासीलाई विश्वासको मत दिन आमन्त्रण गऱ्यो र साना शहरको सरकारी नेताहरुको निर्वाचन सम्पन्न भयो । चीनमा हालको प्रजातान्त्रिककरणले अहिले यो आवश्यकता देखाउन थालेको छ कि उच्च पदस्थ नेताका राजनीतिक निर्णय तल्लोस्तरमा प्रतिध्वनित हुने ठाउँ पाओस् । गाउँ तहमा दुई दशकसम्म प्रत्यक्ष निर्वाचन प्रक्रियामा निरन्तर सुधार भएपछि, सरकारको उच्च तहका निर्वाचन पनि प्राविधिक तवरमा सम्भाव्य देखिएको छ । प्रश्न यो छ कि कहिले र कसरी प्रजातन्त्रीकरणको दिशामा अझै परिवर्तन गरिने छ ।



大关庄村第五届村委会选举选票

| 职务 | 主任候选人 | | | 副主任候选人 | | | | | 委员候选人 | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 姓名 | 关利泽 | 李少周 | | 李少周 | 关利泽 | 句升仕 | 关荣宝 | | 李殿华 | 关荣宝 | 句升仕 | 李少周 | 关荣奎 | 刘万李 | 关利泽 | 关荣国 | | | |
| | | | | | | | | | | | | | | | | | | | |

चीनियाँ गाउँ समितिको निर्वाचन मतपत्र

२०३. राष्ट्रिय संविधानमा संसद्वाद र राष्ट्रपतिवादबीच बहस स्थानीय सरकारको संरचनासम्बन्धी छलफलमा समपूरक रहेको छ । कार्यकारी अधिकारको नेतृत्व गर्ने प्रत्यक्ष निर्वाचित गभर्नर र मेयर स्थानीय विधायिकी निकायभन्दा फरक हुन्छन्, सेवा प्रवाहका लागि प्रत्यक्ष जिम्मेवारी सहित प्रत्यक्ष सामूहिक समिति संरचना भएका निर्वाचित अधिकारीहरु विश्वभर लोकप्रिय बन्दै छन् । गभर्नर र मेयरको निर्वाचन गर्ने प्रणालीको श्रृङ्खला सिद्धान्ततः राष्ट्रपतिको लागि हुने प्रत्यक्ष निर्वाचन सरह हो र स्थानीयस्तरमा निर्वाचन प्रणाली तथा विधायिका, कार्यकारिणी सम्बन्धको परिस्थितिसम्बन्धी विषयहरुलाई दृष्टिगत गरी समानान्तर प्रणाली पनि निर्माण गर्न सकिन्छ ।

## निर्वाचन प्रणाली र राजनीतिक दलहरु

२०४. विभिन्न किसिमका निर्वाचन प्रणालीले विभिन्न किसिमका राजनीतिक संगठन र दलीय प्रणालीलाई प्रोत्साहन पुऱ्याउन सक्छन् भने यस्तो प्रणाली दलीय प्रणालीको लागि सम्भव भएसम्म प्रतिनिधिमूलक पार्न महत्वपूर्ण हुन आउँछ धेरैजसो विशेषज्ञहरु यस्तो प्रणालीको समर्थन गर्दछन् जो सङ्कीर्ण जनजाति, वर्ण वा क्षेत्रीय विषयमा सरोकार राख्नुभन्दा व्यापक राजनीतिक मूल्य र सिद्धान्तमा आधारित र विशेष नीति तथा कार्यक्रमहरु भएका हुन्छन् । साथै, सामाजिक द्वन्द्वको त्रासलाई न्यून पार्ने, आपसी फाटो चिर्ने व्यापक आधार भएका राजनीतिक दलहरुले साम्प्रदायिक वा क्षेत्रीय विषयमा सरोकार राख्नेले भन्दा राष्ट्रिय विचार प्रतिबिम्बित गर्न सक्छन् ।

२०५. बन्द-सूची समानुपातिक प्रणाली प्रयोग गर्ने ज्यादै केन्द्रित राजनीतिक प्रणालीले सुदृढ दलीय संगठनलाई प्रोत्साहन पुऱ्याउने सम्भावना बढी हुन्छ । यसको विपरीत, विकेन्द्रित, निर्वाचन क्षेत्र-आधारित पहिलो हुने निर्वाचित हुने जस्ता प्रणालीको असर यसको ठीक उल्टो हुन्छ । तर, अन्य कैयौं यस्ता निर्वाचनसम्बन्धी तत्वहरु छन् जसलाई दलगत व्यवस्थाको विकासमा प्रभाव पार्न प्रयोगमा ल्याउन सकिन्छ । उदाहरणका लागि, रुस र इण्डोनेसिया जस्ता नयाँ प्रजातान्त्रिक मुलुकहरुले भरखरै पलाएका नवजात दलगत प्रणालीलाई क्षेत्रीय राजनीतिक दलहरुभन्दा राष्ट्रिय दलका रुपमा निर्माण गर्न संस्थागत प्रोत्साहनको व्यवस्था सहित प्रयास गरेका छन् (इण्डोनेसियाको विषय अध्ययन हेर्नुहोस्) । अन्य मुलुकहरु जस्तै इक्वेडर र पपुआ न्युगिनीले पनि यस्तै उद्देश्य प्राप्तिका लागि दलको दर्ता र खर्च व्यवस्थापनको आवश्यकतालाई प्रयोगमा ल्याएका छन् । सार्वजनिक वा निजी खर्च स्रोतसँगको पहुँच निर्वाचन प्रणाली ढाँचाको अन्तरसम्बन्धित प्रमुख सवालको रुपमा देखिन्छ र प्रायः यो नै सक्षम नयाँ दलको प्रादुर्भाव हुनका लागि सबभन्दा ठूलो अवरोध हो ।

जसरी निर्वाचन प्रणाली छनोटले दलीय पद्धतिको विकासको मार्गमा असर पार्दछ, त्यसरी नै प्रचलित दलीय पद्धतिले निर्वाचन प्रणाली छनोटमा पनि प्रभाव पार्ने गर्दछ । जबसम्म बलियो राजनीतिक अत्यावश्यकताको बोध हुँदैन, विद्यमान दलहरुले आफूलाई गम्भीर रुपमा हानि पुग्ने सम्भावना भएको परिवर्तनलाई समर्थन गर्ने सम्भावना रहन्न अथवा त्यस्तो परिवर्तन चाँहदैनन् जसले राजनीतिक दलीय प्रणालीमा नयाँ प्रतिद्वन्दी दलको प्रवेश गराउँछ । यसप्रकार, निर्वाचन प्रणालीको परिवर्तनका सीमाविस्तारका विकल्पहरु व्यवहारमा अडचन बनेका छन् ।

२०६. विभिन्न किसिमको निर्वाचन प्रणालीले वैयक्तिक उम्मेदवार र तिनका समर्थकहरुकाबीच विभिन्न किसिमको परिणाम ल्याउँछ । सामान्यतः एकल-सदस्य निर्वाचन क्षेत्र जस्तै, बढीमत/बहुमत प्रणालीले

व्यक्तिगत उम्मेदवारलाई आफू विशेष भौगोलिक क्षेत्रको प्रतिनिधि र स्थानीय मतदाताहरुको स्वार्थको उपकारकका रुपमा हेर्ने दृष्टिकोणलाई प्रोत्साहन गर्छ । यसको फरकमा, ठूला बहु-सदस्यीय निर्वाचन क्षेत्र, जस्तै समानुपातिक प्रतिनिधित्व प्रणालीको प्रयोगबाट यस्ता प्रतिनिधिहरु प्रदान गर्ने सम्भावना हुन्छ, जसको राष्ट्रिय विषयको सवालहरुमा आफ्नै दलकाप्रति प्रमुख रुपले निष्ठावान रहन्छन् । दुबै सोचका आ-आफ्नै गुणहरु छन् । स्थानीय र राष्ट्रियस्तरका प्रतिनिधित्वलाई समाहित गराउने मिश्रित प्रणालीको लोकप्रियता बढ्ने कारणहरुमध्ये यो एक हो ।

२०७. जवाफदेहिताको प्रश्न राजनीतिक दलहरु र निर्वाचन प्रणाली बारेको छलफल खासगरी निर्वाचित सदस्यको सम्बन्धमा बारम्बार उठाइने गरिन्छ । मतदाता, निर्वाचित सदस्य र राजनीतिक दलहरुबीचको सम्बन्धमा निर्वाचन प्रणालीबाट मात्र असर पर्ने होइन, राजनीतिक कानूनी खाका जस्तै पदावधिको हद, दल र तिनका सदस्यहरुबीचको सम्बन्धलाई नियमन गर्ने प्रावधान वा निर्वाचित सदस्यहरुलाई विधायिकाबाट राजीनामा नदिई दल परिवर्तन गर्न नपाउने प्रावधानले पनि असर पार्छ ।

२०८. मतदाताहरुलाई दलीय उम्मेदवारको विपरीत उम्मेदवारहरुबाट छनोट गर्ने स्वतन्त्रता जवाफदेहिताको अर्को पक्ष हो । त्यसकारण हालैका वर्षमा धेरै मुलुकहरुले आ-आफ्ना निर्वाचन प्रणालीमा अधिक उम्मेदवार-केन्द्रित तत्व प्रचलनमा ल्याएका छन्, उदाहरणका लागि समानुपातिक प्रतिनिधित्व निर्वाचनमा खुला सूचीलाई लागू गरिएको कुरालाई लिन सकिन्छ ।

## प्रत्यक्ष प्रजातन्त्रका विकल्प

२०९. यो हातेपुस्तकले सबै तहका प्रतिनिधिहरुको निर्वाचनको लागि निर्वाचन प्रणालीको प्रारुपका प्रमुख सवालहरुलाई समावेश गरेको छ । तथापि, जवाफदेहिताको प्रश्नलाई दृष्टि दिंदा, एक विस्तृत खाकाको आवश्यकता पर्ने देखिन्छ, जसले प्रत्यक्ष प्रजातन्त्रका संस्थाहरुको भूमिकालाई ध्यान पुऱ्याउन सकोस् । जनमत संग्रहको प्रयोग विश्वभर ज्यादै सामान्य हुँदै गइरहेको छ । स्विट्जर्ल्याण्डमा नागरिकहरुको पहलको लामो इतिहास छ यसको कार्यविधि नागरिक समूहबाट लोकप्रिय मतका लागि कानूनी प्रस्ताव पेस गर्नु हो । भेनेजुएला एक मात्र यस्तो मुलुक हो जसले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको विरुद्ध प्रत्याह्वान मतको व्यवस्था गरेको छ केही राष्ट्रपति प्रणाली अपनाइएका मुलुकहरु र संयुक्त राज्य अमेरिकाका धेरै राज्यहरुमा विधायक र/वा क्षेत्रीय र स्थानीय पदाधिकारीहरुका विरुद्ध यस्ता मत माग गर्न सकिन्छ ।

# परिच्छेद ५

परिच्छेद ५

# ५. निर्वाचन प्रणालीको लागत र प्रशासनिक प्रभाव

२१०. कुनै पनि मुलुकमा निर्वाचन प्रणालीका उपलब्ध विकल्पहरुको छनोटका लागि बन्दोबस्तीको क्षमता र उपलब्ध सीपयुक्त जनशक्तिको कठिनाइ पर्नसक्छ । त्यस्तै आर्थिक रकम उपलब्धताको सम्बन्धमा पनि लागू हुन्छ । दातृ सहयोग उपलब्ध भए तापनि यसबाट लामो समयसम्म टिक्नसक्ने निर्वाचन प्रणाली छनोटको प्रश्न महत्वपूर्ण रहन्छ ।

तथापि, यसको अर्थ यो होइन कि ज्यादै सरल र कम खर्चिलो प्रणाली सदैव राम्रो छनोट हो । कृत्रिम अर्थतन्त्र राम्रो भएजस्तै एक निष्क्रिय निर्वाचन प्रणालीले मुलुकको समग्र राजनीतिक प्रणाली र यसको प्रजातान्त्रिक स्थायित्वमा नकारात्मक प्रभाव पार्दछ ।

कुनै निर्वाचन प्रणालीको छनोटमा तलका प्रकरणहरुमा सम्बोधन गरिए लगायतका व्यापक प्रशासनिक परिणामहरु हुन्छन् ।

२११. *निर्वाचन क्षेत्र सीमा निर्धारण.* कुनै पनि एकल-सदस्यीय निर्वाचन क्षेत्र प्रणालीमा तुलनात्मक रुपमा साना निर्वाचन क्षेत्रहरुको सीमा निर्धारण गर्दा बढी समय लाग्ने र खर्चिलो प्रक्रिया आवश्यक पर्छ। सीमा निर्धारणको कार्य जनसंख्याको आकार, समष्टिपन, हित समुदाय र सामीप्यता जस्ता प्रश्नहरुमा निर्भर गर्छ। यसका अतिरिक्त, जनसंख्यामा भएको परिवर्तनलाई दृष्टिगत गरेर सीमालाई नियमित रुपमा समायोजन गरिनुपर्ने हुँदा यो एकै पटक सकिने कार्य विरलै हुन्छ। यस्तो कार्य गर्दा पहिलो हुने निर्वाचित हुने, वैकल्पिक मत र दुई-चरण प्रणालीले ज्यादै प्रशासनिक झन्झट पैदा गर्दछन्। एकमुष्ट मत, दलगत एकमुष्टमत, एकल असङ्क्रमणीय मत, सीमित मत र एकल सङ्क्रमणीय मत प्रणालीहरुले पनि निर्वाचन क्षेत्रको सीमा निर्धारणको आवश्यकता दर्शाउँछन् । तर, केही हदसम्म ती व्यवस्थापन गर्न सजिलो हुन्छन्। किनभने, तिनले बहुसदस्यीय निर्वाचन क्षेत्र उपयोग गर्दछन्, जुन संख्यामा कम र ठूला हुन्छन्। मिश्रित तत्व भएका प्रणालीमा निर्वाचन क्षेत्र छुट्याउने कार्यमा पनि यस्तै चुनौतीहरु सामना गर्नुपर्छ।

२१२. बहुसदस्यीय निर्वाचन क्षेत्र प्रयोग गरिएमा प्रत्येक निर्वाचन क्षेत्रको प्रतिनिधि संख्या परिवर्तनद्वारा निर्वाचन क्षेत्रको सीमा समायोजनाको आवश्यकता टार्नसक्ने सम्भावना रहन्छ । यो स्थापित इकाई

जस्तै प्रान्तलाई निर्वाचन क्षेत्रको रुपमा प्रयोग गर्दा विशेष मान्यता दिने एक विधि हो । सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली लागू गर्न सामान्यतया निकै सस्तो र ज्यादै सजिलो हुन्छ। किनभने, यसले एउटै एकल राष्ट्रिय निर्वाचन क्षेत्र प्रयोगमा ल्याउँछ, जसको अर्थ कुनै सीमा निर्धारण गर्ने आवश्यकता विल्कुलै पर्दैन वा ज्यादै ठूलो बहु-सदस्यीय निर्वाचन क्षेत्र रहन्छ जसले पूर्व-अस्तित्वमा रहेका राज्य वा प्रान्तीय सीमालाई अपनाउँछ । हालै संयुक्त राष्ट्रसंघद्वारा आयोजित सन् १९९६ मा सियरा लिओनमा, लाइवेरियामा सन् १९९७ मा र कोसोभोमा सन् २००१ मा सबै निर्वाचन राष्ट्रिय सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीबाट गरियो, किनभने त्यहाँका जनताको विस्थापन र यथार्थ जनगणना तथ्यांकको अभावले गर्दा निर्वाचन अधिकारीहरुलाई साना निर्वाचन क्षेत्र निर्धारणको लागि आवश्यक यथार्थ तथ्यांक थिएन ।

२१३. *मतदाताहरुको नाम दर्ता.* निर्वाचन प्रशासनको एक पाटोको रुपमा रहेको मतदाता नामावली दर्ता गर्ने कार्य निकै जटिल र विवादास्पद हुनुका साथै साधारणतया ज्यादै कम सफल पनि मानिन्छ । स्वभावैले यो काममा ठूलो संख्याका मतदाताबाट स्तरीय फाराममा तोकिएको विवरण संकलन गरिन्छ र त्यसपछि ती तथ्याङ्कलाई व्यवस्थित गरी फाराममा चढाइन्छ, जसलाई निर्वाचनको समयमा उपयोग गर्न सकिन्छ । साथै यो यस्तो किसिमबाट संकलन गरिन्छ जसबाट योग्य मतदाता मात्र मतदान प्रक्रियामा संलग्न होउन्, एकभन्दा बढी मतदान र नक्कली मतदाता तथा यस्तै अनुचित कार्य रोक्न सुनिश्चितता रहोस् । यस्ता विषयमा राजनीतिक संवदेनशीलता र काममा ज्यादै परिश्रम गर्नुपर्ने हुन्छ । प्रकृति स्वयंले के देखाउँछ भने मतदाताहरुको नाम दर्ता सम्पूर्ण निर्वाचन प्रक्रियामा प्रायः ज्यादै खर्चिलो र बढी समय लाग्नेमध्येको काम हो ।

२१४. निर्वाचन प्रणालीको ढाँचाले मतदाता नाम दर्ताको आवश्यकता प्रभावित गर्छ । एकल मतदाता निर्वाचन क्षेत्र प्रयोग गरिने प्रणालीले साधारणतया निश्चित निर्वाचन क्षेत्रको सीमाभित्र प्रत्येक मतदाताको नाम दर्ता गर्नुपर्ने आवश्यकता जनाउँछ । यसले के देखाउँछ भने पहिलो हुने निर्वाचित हुने, वैकल्पिक मत, दुई-चरण प्रणाली र प्राथमिकता गणना (एकल-सदस्य निर्वाचन क्षेत्र प्रयोग गर्दा) मतदाता नाम दर्ताको दृष्टिकोणबाट ज्यादै खर्चिलो र प्रशासनिक हिसाबमा बढी समय लाग्ने किसिमका प्रणाली हुन् । यसैगरी एकल निर्वाचन क्षेत्र भएको समानान्तर र मिश्रित सदस्य समानुपातिक प्रणालीहरु पनि त्यस्तै प्रकृतिका हुन् । एकमुष्ट मत, दलगत एकमुष्ट मत, एकल असङ्क्रमणीय मत र एकल सङ्क्रमणीय मत प्रणालीले प्रक्रियालाई केही सजिलो तुल्याउँछ जबकि सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली सहितको ठूला निर्वाचन क्षेत्र ज्यादै कम झन्झटिलो हुन्छ । मुलुकबाट बाहिर रहेकाहरुको मतदाता नाम दर्ताको सम्बन्धमा खास कठिनाइ पर्नसक्छ ।

यस सन्दर्भमा सूचीमा आधारित समानुपातिक प्रणालीको सरलताले गर्दा संक्रमणकालीन अवस्थाका केही निर्वाचनहरुमा यो लागू गर्न सहयोगी आधार बनेको छ, जस्तोकि सन् १९९४ मा दक्षिण अफ्रिकामा भएको प्रजातान्त्रिक निर्वाचनमा यस्तो प्रयोग गरिएको थियो । तथापि यसमा के जोड दिइन्छ भने निर्वाचन प्रणालीका अन्तरहरुले खासगरी ज्यादै बढी खर्चिलो मतदाता नामदर्ता कार्यमा सामान्य प्रभाव पार्दछ ।

२१५. *मतपत्रको ढाँचा र उत्पादन.* मतदाताहरुको अधिक सहभागिता वृद्धि र बिग्रेको वा “बदर” मत न्यून पार्न मतपत्रहरु सम्भव भएसम्म मतदाता-मैत्री हुनुपर्छ । यसका लागि प्रायः दल र

उम्मेदवारहरुका लागि चुनाव चिन्ह, तस्वीर र रंग प्रयोग गरिन्छ । यो हातेपुस्तकमा यस्ता कतिपय मतपत्रका चाखलाग्दा नमुनाहरु दिइएका छन् । पहिलो हुने निर्वाचित हुने र वैकल्पिक मत प्रणालीमा प्रायः मतपत्र छपाई गर्न ज्यादै सजिलो हुन्छ र धेरैजसो अवस्थामा अपेक्षाकृत नामका संख्या थोरै हुन्छ। दुई-चरण प्रणालीको मतपत्र पनि यसैप्रकार सजिलो हुन्छ। तर धेरैजसो अवस्थामा दोस्रो चरणको लागि नयाँ मतपत्र छाप्नुपर्ने परिस्थिति आउँछ। त्यसैले उत्पादन खर्च दोहोरो पर्ने हुन्छ र दोस्रो मतपत्र छपाईका लागि पर्याप्त समय दिनुपर्ने कुरामा पनि विचार पुऱ्याइनुपर्छ। समानान्तर र मिश्रित सदस्य समानुपात प्रणालीमा एकैदिन हुने निर्वाचनका लागि कम्तीमा दुई मतपत्र छाप्नु पर्ने आवश्यकता पर्दछ र भिन्न निर्वाचन प्रणालीमा दुबै (वा बढी) प्रयोग गर्नुपर्ने अवस्था पर्दछ, जसको सम्बन्धमा निर्वाचन अधिकारीहरुलाई तालिम र मतदाताले कसरी मतदान गर्छन भन्ने तरिकाको विषयमा बन्दोबस्तीसम्बन्धी जटिलता आउँछ । पहिलो हुने निर्वाचित हुने प्रणालीको मतपत्रभन्दा एकल असङ्क्रमणीय, एकमुष्ट मत, प्राथमिकता गणना र एकल सङ्क्रमणीय मत प्रणालीका मतपत्रहरु ज्यादै जटिल हुन्छन् । किनभने त्यस्तोमा बढी उम्मदेवार हुन्छन् र त्यसकारण बढी संकेत चिन्ह र तस्वीर (यदि ती प्रयोग गरेका भए) उपलब्ध गराउनुपर्छ। अन्त्यमा, सूचीमा आधारित समानुपातिक प्रणालीको मतपत्रले जटिलताको निरन्तरतालाई विस्तार पार्छ। बन्द-सूची प्रणालीमा मतपत्र ज्यादै सरल हुन्छ अथवा स्विट्जर्ल्याण्डको जस्तो स्वतन्त्र-सूची प्रणालीमा निकै जटिल हुन्छ।

२१६. *मतदाता शिक्षा.* मतदाता शिक्षाको प्रकृति र यसको आवश्यकता प्रत्येक समाजमा स्पष्टतया नाटकीय तवरमा भिन्न-भिन्न रहन्छ । तर मतदातालाई मतदान कसरी गर्ने भनेर शिक्षा दिने कुरा गर्दा विभिन्न प्रणालीहरुका बीचमा पहिचान गर्न सकिने भिन्नताहरु छन् । प्राथमिकता प्रणाली अन्तर्गतका जस्तै वैकल्पिक मत, एकल सङ्क्रमणीय मत अथवा प्राथमिक गणनामा मतदान पछाडिको सिद्धान्त बिलकुल जटिल छ र यदि सो पहिलो पटक मतदातालाई प्रयोग गरिंदै छ भने मतदाता शिक्षाले यो सवाललाई सम्वोधन गर्नु आवश्यक छ ताकि अष्ट्रेलियामा जस्तो खासगरी मतदाताले सबै उम्मेदवारलाई प्राथमिकताको क्रम अनुसार अंक दिनु आवश्यक हुन्छ। धेरैजसो मतदातालाई दुईवटा मतपत्र दिइने मिश्रित प्रणालीको बढ्दो प्रयोगले पनि मतदातालाई जटिलताको थप तह सिर्जना गर्दछ। यसको विपरीत एकल-मत प्रणाली जस्तै पहिलो हुने निर्वाचित हुने, दलगत एकमुष्ट मत वा एकल असङ्क्रमणीय मत प्रणाली पछाडिको सिद्धान्त बुझ्न ज्यादै सजिलो छ। बाँकी प्रणालीहरु यी दुईका अति स्वरुपका बीचतिर पर्दछन् (तालिका ८ हेर्नुहोस्)।

२१७. *मतदानको दिन संख्या.* पहिलो हुने निर्वाचित हुने, वैकल्पिक मत, एकमुष्ट मत, एकल असङ्क्रमणीय मत, सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व, प्राथमिकता गणना र एकल सङ्क्रमणीय मत यी सबैमा सामान्यतया एउटै निर्वाचन एकै दिन हुनु आवश्यक ठानिन्छ । यस्तै आवश्यकता समानान्तर र मिश्रित सदस्य समानुपात प्रणालीमा पनि पर्दछ। दुई चरण प्रणाली धेरै खर्चिलो र प्रशासन गर्न कठिन हुन्छन्, किनभने त्यस्तोमा प्रथम चरणपछि सम्पूर्ण निर्वाचन प्रक्रिया पुनः सञ्चालन गर्न प्रायः एक वा दुई हप्ता लाग्न सक्छ।

२१८. *उपनिर्वाचन.* यदि एक निर्वाचनपछि अर्को निर्वाचनका बीचमा स्थान रिक्त भएमा प्रायः सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली अपनाइएको छ भने सम्बन्धित सूचीमा रहेको अर्को उम्मेदवारबाट सजिलै पूर्ति गरिन्छ जसले गर्दा दोस्रो निर्वाचन गर्नुपर्ने आवश्यकता हट्दछ । तर बढीमत/बहुमत प्रणालीमा यस्तो रिक्त पद प्रायः उप-निर्वाचनबाट गर्ने प्रावधान छ। अन्य प्रणालीहरु

प्रयोग हुँदा यस्ता कुनै पनि उपाय सम्भव हुन्छ, जस्तै एकल सङ्क्रमणीय मत अन्तर्गत गणतन्त्र आयरल्याण्डले विधायिकामा रिक्त रहेको पद पूर्ति गर्न उपनिर्वाचन गर्दछ, तर अष्ट्रेलियाले सिनेटमा रिक्त पद पूर्ति गर्न यस्तो गर्दैन । निर्वाचनको समयमा नै साधारण प्रतिनिधि सरह स्थानापन्न उम्मेदवारको निर्वाचन गरेर, उदाहरणको लागि बोलिभियामा गरेजस्तो, उप-निर्वाचन टार्नसक्ने पनि सम्भावना छ ।

उपनिर्वाचन सानो हुन्छ, त्यसकारण आमनिर्वाचनभन्दा कम खर्चिलो हुन्छ । तथापि कुनै मुलुकका लागि त्यसले बजेटमा ज्यादै ठूलो भार पार्छ र उप-निर्वाचनलाई व्यवस्थापन गर्न क्षमता अभावका कारण सो स्थान लामो अवधिसम्म रिक्त राखिन्छ । केही अफ्रिकी मुलुकहरु जहाँ एचआइभी/एड्सको महामारी छ, त्यहाँ यो विशेष समस्याको रुपमा रहेको हुँदा निर्वाचनहरुका बीचमा धेरै स्थान रिक्त राख्नुपर्ने अवस्था पर्छ ।

केही परिस्थितिमा उपनिर्वाचनबाट खाली वैयक्तिक सदस्य प्रतिस्थापन गर्ने सोचभन्दा यसको व्यापक राजनीतिक प्रभाव रहन्छ र सरकारको कार्यसम्पादनको मध्यावधि परीक्षणको रुपमा पनि हेरिन्छ । यसका अतिरिक्त यदि संसदीय अवधिको क्रममा पूर्ति गरिनुपर्ने संख्या धेरै भएमा यसले विधायिकाको स्वरुपमा परिवर्तन ल्याउन सक्छ र सरकारको शक्ति समीकरण बदल्न सक्छ ।

२१९. *मतगणना.* निर्वाचनको परिणाम निकाल्नको लागि प्रत्येक दल वा उम्मेदवारले पाएको एउटा मात्र मत गणना गरेर कुल संख्या जोडिने भएकाले पहिलो हुने निर्वाचित हुने, एकल असङ्क्रमणीय मत र साधारण बन्द सूची समानुपातिक प्रतिनिधित्व प्रणाली मतगणनाको लागि सजिला छन् । एकमुष्ट मत र सीमित मत प्रणालीमा निर्वाचन अधिकृतले एकल मतपत्रमा मतको संख्या गणना गर्नुपर्ने आवश्यकता रहन्छ र समानान्तर तथा मिश्रित सदस्य समानुपातमा भने प्रायः दुई मतपत्रको गणना गरिन्छ । प्राथमिकता प्रणालीको रुपमा रहेका वैकल्पिक मत, प्राथमिकता गणना र एकल सङ्क्रमणीय मतमा मतपत्रमा अंक दिनुपर्ने आवश्यकता पर्ने हुँदा गणना गर्न बढी जटिल हुन्छ ।

**तालिका ८: बाह्र निर्वाचन प्रणालीको सम्भाव्य लागत र प्रशासनिक प्रभाव**

| | निर्वाचन सीमा निर्धारण | मतदाता नाम दर्ता | मतपत्रको ढाँचा र उत्पादन | मतदाता शिक्षा | निर्वाचन दिन संख्या | उप-निर्वाचन | मत गणना |
|---|---|---|---|---|---|---|---|
| पहुनिहु | ☹️ | ☹️ | 😊 | 😊 | 😊 | ☹️ | 😊 |
| एम | 😐 | 😐 | 😐 | 😐 | 😊 | ☹️ | 😐 |
| दुचप्र | ☹️ | ☹️ | ☹️ | 😐 | ☹️ | ☹️ | 😐 |
| वैम | ☹️ | ☹️ | 😊 | ☹️ | 😊 | ☹️ | 😐 |
| दएम | 😐 | 😐 | 😊 | 😊 | 😊 | 😊 | 😊 |
| सूची सप्र | 😊 | ☹️ | 😐 | 😐 | 😊 | 😊 | 😊 |
| एसंम | 😐 | 😐 | 😐 | ☹️ | 😊 | ☹️ | ☹️ |
| समानान्तर | 😐 | ☹️ | 😐 | 😐 | 😐 | 😐 | ☹️ |
| मिसस | 😐 | ☹️ | 😐 | ☹️ | 😐 | 😐 | ☹️ |
| प्राग | 😐 | ☹️ | 😐 | ☹️ | 😊 | ☹️ | 😐 |
| एअसम | 😐 | 😐 | 😐 | 😊 | 😊 | ☹️ | 😊 |
| सीम | 😐 | 😐 | 😐 | 😐 | 😊 | ☹️ | 😐 |

**संकेत:** 😊 = कम खर्च र जटिलता; 😐 = मध्यम खर्च र जटिलता; 😊 = उच्च खर्च र जटिलता

२२०. *टिप्पणी.* कुनै पनि निर्वाचन प्रणालीले मुलुकको प्रशासनिक क्षमतामा जोड दिंदा मुख्यत: इतिहास, सन्दर्भ, अनुभव र स्रोतले निर्धारण गरेको हुन्छ। तालिका ७ ले विभिन्न निर्वाचन प्रणालीको सम्भाव्य लागतको केही संकेत दिन्छ । यसको संक्षिप्त दृश्यले देखाउँछ कि सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली विशेष गरी राष्ट्रिय बन्दसूची प्रणालीले राम्रो अंक ल्याउँछ, जबकि यो सञ्चालन गर्न सजिलो र थोरै प्रशासनिक स्रोत आवश्यक पर्छ। त्यस्तै दलगत एकमुष्ट मत पनि हो । दोस्रो क्रममा एकल असङ्क्रमणीय मत र सीमित मत प्रणाली आउँछ र त्यसपछिका क्रममा एकमुष्ट मत र पहिलो हुने निर्वाचित हुने प्रणाली आउँछ। त्योभन्दा अलि तलको क्रममा वैकल्पिक मत, एकल सङ्क्रमणीय मत, समानान्तर, प्राथमिक गणना र मिश्रित सदस्य समानुपात पर्दछ। कुनै पनि मुलुकको प्रशासनिक क्षमतामा सर्वाधिक भार पार्ने प्रणाली भनेको दुई-चरण प्रणाली हो ।

# परिच्छेद ६

परिच्छेद ६

# ६. निर्वाचन प्रणाली निर्माताका लागि सल्लाह

२२१. निर्वाचन प्रणालीको तुलनात्मक अध्ययनबाट निकालिने स्पष्टतम निष्कर्ष भनेको उपलब्ध विकल्पका फैलावट र उपयोगिता नै हो । प्रायः संवैधानिक, राजनीतिक र निर्वाचन प्रारुपका निर्माता र मस्यौदाकारले आफूलाई राम्रो ज्ञान भएको निर्वाचन प्रणाली नै छनोट गर्दछन् । प्रायः नव प्रजातान्त्रिक मुलुकहरुमा, यदि त्यहाँ पूर्व औपनिवेशिक शक्ति रहेको भए वैकल्पिक प्रणालीको विस्तृत छानविन गर्नुभन्दा पहिलेकैलाई रोज्छन् । कुनै बेला शान्ति सम्झौता वा बाह्य दबाबको कारणले गर्दा उपलब्ध विकल्पमा कठिनाइ पर्छ ।

यो हातेपुस्तकको प्रमुख उद्देश्य सुसूचित निर्णय गर्नको लागि केही ज्ञान दिनु हो । यो हातेपुस्तकले विद्यमान निर्वाचन प्रणालीमा आमूल परिवर्तनका लागि स्वभावतः वकालत गर्दैन । यथार्थमाः आजसम्मका निर्वाचन सुधारसम्बन्धी तुलनात्मक अनुभवले सुझाव दिन्छ कि पूर्णतः नयाँ र अपरिचित प्रणालीमा फड्को मार्नुभन्दा राम्रो काम गर्ने प्रचलित प्रणालीका अंगहरुको विकासद्वारा उचित तवरको सुधार गर्नु नै बढी उपयुक्त विकल्प हो ।

२२२. अरुहरुका अनुभवबाट धेरै सिक्न सकिन्छ । उदाहरणको लागि, पहिलो हुने निर्वाचित हुने प्रणाली अपनाएका मुलुकले, जसले निर्वाचन क्षेत्रलाई भौगोलिक सम्बन्ध अझै कायम राखेर बढी समानुपातिक प्रणालीमा जान सकिन्छ भने न्युजिल्याण्डको अनुभव, जसले सन् १९९३ मा मिश्रित सदस्यीय समानुपात प्रणाली अपनायो, वा लेसोथो जसले सन् २००२ मा यस्तै गर्‍यो, उनीहरुको अनुभवलाई ध्यान दिन आवश्यक ठान्ने छ । त्यस्तै, अन्तर-समूह सुविधा र सम्झौतालाई प्रोत्साहन गर्ने एकल-सदस्यीय निर्वाचन क्षेत्र कायम राख्न चाहने मुलुकले ओसेनिया क्षेत्र (विशेषतः फिजी वा पपुआ न्यु गिनी) मा प्रचलित वैकल्पिक मत प्रणालीको अनुभवलाई मूल्याङ्कन गर्न सक्छन् । कुनै पनि प्रजातन्त्रलाई सङ्क्रमणमा लैजान चाहने ज्यादै विभाजित मुलुकलाई यो सल्लाह दिनु राम्रो हुन्छ कि त्यसले सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वमा आधारित निर्वाचन प्रणाली अपनाएर दक्षिण अफ्रिकाले जस्तो बहुजातीय शक्ति-साझेदारी भएको सरकारको स्थापनाबाट सरलता महसुस गरेको र समस्याग्रस्त इतिहास भएको उत्तरी आयरल्याण्डको सदन, एकल सङ्क्रमणीय मत प्रणालीबाट निर्वाचित गरिएको दुबै अनुभवलाई ध्यान दिने छन् । अन्त्यमा, कुनै मुलुक जसले राष्ट्रपतिको निर्वाचनको लागि दुई चरण

प्रणालीबाट सिर्जित खर्च र अस्थिरतालाई मात्र न्यून तुल्याउन चाहन्छ, त्यसले गणतन्त्र आयरल्याण्डले प्रयोग गरेको वैकल्पिक मतको विकल्पलाई परीक्षण गर्न सक्छ । यी सबै सन्दर्भबाट हेर्दा निर्वाचन प्रणालीको छनोटबाट त्यो देशको राजनीतिमा स्पष्ट प्रभाव रहेको देखिन्छ ।

२२३. तलका मार्ग-निर्देशनहरुले यो हातेपुस्तकमा समावेश गरिएका सुझावहरुलाई संक्षिप्तरुपमा देखाएका छन् ।

***सरल र स्पष्ट बनाऊ***

२२४. प्रभावकारी र दिगो निर्वाचन प्रणाली ढाँचालाई मतदाता र राजनीतिज्ञले सजिलै बुझ्न सक्ने सम्भावना बढी हुन्छ । ज्यादै जटिलताले असमझदारी, अनपेक्षित परिणाम र परिणामप्रति मतदाताको अविश्वास पैदा गर्नसक्छ ।

***नवसिर्जनाको लागि नडराऊ***

२२५. विश्वमा प्रचलनमा ल्याइएका धेरैजसो सफल निर्वाचन प्रणाली स्वयंले विशेष समस्याका लागि नवसिर्जनात्मक सोचको प्रतिनिधित्व दर्शाउछन् र राम्रोसँग काम गरेको प्रमाणित भएको छ । अरुको अर्थात् छिमेकी र स्पष्टत: विलकुल भिन्न अवस्थामा रहेका दुबै किसिमका मुलुकहरुको अनुभवबाट अझै धेरै सिक्न बाँकी छ ।

***सान्दर्भिक र सांसारिक तत्वहरुलाई ध्यान देऊ***

२२६. निर्वाचन प्रणालीले शून्यतामा काम गर्दैन । यसको सफलता राजनीतिक संस्था र सांस्कृतिक परम्पराको सुखद सम्बन्धमा निर्भर हुन्छ । भावी निर्वाचन प्रणालीको निर्माताले प्रस्थानको पहिलो बुँदाको लागि सोध्नुपर्छ: कस्तो राजनीतिक र सामाजिक सन्दर्भभित्र म काम गरिरहेको छु ? दोस्रो प्रश्न  हुन सक्छ: के म स्थायी प्रणाली वा सङ्क्रमणकालीन अवधिको आवश्यकतालाई पार लगाउने कुन प्रणाली तर्जुमा गर्दैछु ?

***मतदातालाई कम अनुमान नगर***

२२७. सरलता महत्वपूर्ण छ । तर मतदाताहरुले विभिन्न निर्वाचन प्रणालीलाई विस्तृत किसिमले बुझ्ने क्षमता र सफलताकासाथ प्रयोगमा ल्याउने कुरामा कम अनुमान लगाउनु त्यतिकै खतराजनक हुन्छ। उदाहरणका लागि जटिल प्राथमिकता प्रणाली एसिया-प्यासिफिक क्षेत्रका विकासोन्मुख मुलुकहरुमा सफलताका साथ प्रयोगमा ल्याइयो, जब कि नव प्रजातान्त्रिक मुलुकहरुमा हालै भएका निर्वाचनको अनुभवले "कार्यगत" साक्षरता र "राजनीतिक" साक्षरताको महत्वपूर्ण भिन्नतालाई औंल्यायो । ज्यादै गरिब मुलुकहरुमा पनि मतदाताहरुले राजनीतिक प्राथमिकता र छनोटलाई अपेक्षाकृत आधुनिक क्रममा राख्ने इच्छा प्रकट गरेका छन् ।

### *समावेशीकरणको पक्षमा लाग*

२२८. जहाँसम्म सम्भव छ, त्यो विभाजित वा सापेक्षिक रुपमा एकै किसिमको समाज भए पनि निर्वाचन प्रणालीले विधायिकामा समाजका सम्पूर्ण महत्वपूर्ण हित समूहलाई समावेश गर्ने पक्षमा प्रकट हुनुपर्छ। वैचारिक, जाति, वर्ण, भाषा, क्षेत्रीय वा धार्मिक पहिचानमा अल्पसंख्यक जे जसरी आधारित रहे तापनि विधायिकामा तिनले विचार व्यक्त गर्न निषेध गरिएमा, खास गरी विकासोन्मुख मुलुकमा, त्यसले ठूलो विनाशकारी ढंगबाट नकारात्मक परिणति ल्याउने छ।

### *छनोटमा प्रक्रिया मुख्य तत्व*

२२९. एक विशेष किसिमको निर्वाचन प्रक्रिया कसरी छनोट गरिन्छ भन्ने तरिकाले समग्र वैधता सुनिश्चित गर्न ज्यादै महत्व राख्दछ। प्रक्रियामा धेरैजसो वा सम्पूर्ण समूहलाई, स्वतन्त्र मतदातासहित, समावेश गरिएमा दलीय स्वार्थबाट उत्प्रेरित निर्णयको परिणाम ल्याउनुभन्दा पनि अन्तिम परिणाममा बृहत्तर सहमति प्राप्त हुनेछ। निर्वाचन प्रणाली छनोटको सिलसिलामा छलफल गर्दा दलीय दृष्टिकोणका कुरालाई हटाउन सकिंदैन तापनि, संस्थागत हितको निम्ति दलभन्दा बाहिरका विस्तृत तथा राष्ट्रिय समर्थन ज्यादै महत्व हुने कुरालाई स्वीकार र सम्मान गरिनुपर्छ। उदाहरणको लागि न्युजिल्याण्डको निर्वाचन प्रणालीमा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट मिश्रित सदस्य समानुपातिक प्रणालीमा सुधार गर्न दुईवटा जनमत संग्रह गर्नुपर्‍यो जसले अन्तिम निष्कर्षलाई वैधानिकता प्रदान गर्‍यो। यसको विपरीत, सन् १९८६ मा फ्रेन्च समाजवादी सरकारले प्रचलित दुई चरण प्रणालीलाई समानुपातिक प्रतिनिधित्व प्रणालीमा परिवर्तन गर्ने निर्णय गरेकोमा दलीय दृष्टिकोणबाट उत्प्रेरित भएको भनी व्यापक सोचाइ राखियो र परिणमतः सन् १९८८ मा सरकारले शक्ति गुमाउनाका साथै यसलाई तत्काल उल्टाइयो।

### *सबै प्रमुख पात्रहरुका बीच वैधता र स्वीकार्यता निर्माण गर*

२३०. प्रजातान्त्रिक प्रक्रियामा भाग लिन चाहने सबै समूहले यो अनुभूति गर्नुपर्छ कि प्रयोगमा ल्याइने निर्वाचन प्रणाली स्वच्छ छ र त्यसले अरु सबैलाई सरह निर्वाचनमा सफलताको लागि उत्तिकै अवसर प्रदान गर्दछ। प्रमुख ध्येय यो रहनु पर्छ कि जसले निर्वाचन हार्दछन् तिनले आफ्ना असन्तुष्टिलाई प्रणाली स्वयंको विस्थापनामा अनुवाद नगरुन् वा राजनीतिक प्रक्रिया सुदृढीकरणको मार्गमा अस्थिरता पैदा गर्ने किसिमबाट निर्वाचन प्रणालीलाई बहाना नबनाउन्। सन् १९९० मा निकारागुआमा सान्डिनिस्टालाई सरकारबाट हटाउने मत पर्‍यो तर यसले हार स्वीकार गर्‍यो, किनभने एक अंशमा त्यसले निर्वाचन प्रणालीको स्वच्छतालाई स्वीकार गरेको थियो। कम्बोडिया, मोजाम्बिक र दक्षिण अफ्रिकाले रक्तपातपूर्ण जनयुद्धलाई संस्थागत प्रबन्धबाट अन्त्य गर्नसके जुन कुरा व्यापक तवरमा सबै पक्षलाई स्वीकार्य भयो।

### *मतदाता प्रभावलाई अधिकतम पार्ने प्रयास गर*

२३१. मतदाताले यस्तो अनुभूति गर्नुपर्छ कि निर्वाचनले तिनलाई सरकार र सरकारी नीतिमा प्रभाव पार्ने उपाय प्रदान गर्छ। कैयौं तरिकाबाट छनोटलाई अधिकतम लाभयुक्त पार्न सकिन्छ। मतदाताहरु दलहरुमध्येबाट, विभिन्न दलका उम्मेदवारहरुमध्येबाट र एउटै दलका उम्मेदवारहरुमध्येबाट छनोट

गर्न समर्थ होउन् । जब राष्ट्रपति, माथिल्लो सदन, तल्लो सदन, क्षेत्रीय र स्थानीय सरकार जुनसुकै निर्वाचनहरुमा तिनले विभिन्न प्रणाली अन्तर्गत मतदान गर्न पनि समर्थ होउन् । तिनीहरुले यस्तो विश्वासको अनुभूति गर्नुपर्छकि तिनले दिएको मतबाट विधायिकाको गठनमा मात्र होइन सरकार निर्माणमा पनि साँच्चिकै प्रभाव पर्दछ ।

### *समान विचारक राजनीतिक दलहरुलाई प्रोत्साहन गर्न सन्तुलन मिलाऊ*

२३२. मतदाताको प्रभावलाई अधिकतम बनाउने चाहना समान र सम्भाव्य राजनीतिक दलहरुलाई प्रोत्साहन गर्ने आवश्यकतातर्फ सन्तुलित हुनु पर्दछ । मतपत्रमा मतदाताको अधिकतम छनोटले यस्तो विभाजित भएको विधायिका जन्माउँछकि कसैले पनि इच्छा गरेअनुसार अन्तिम परिणाम पाउन सक्दैनन् । राजनीतिशास्त्रीहरुका बीचमा विस्तृत सहमति छकि व्यापक आधार भएका समान-विचारधारका राजनीतिक दलहरु प्रजातन्त्रलाई प्रभावकारी र दिगो बनाउन प्रवर्द्धनका मुख्य तत्वहरु हुन् ।

### *दीर्घकालीन स्थायित्व र अल्पकालीन लाभ सधैं मिल्दोजुल्दो हुँदैनन्*

२३३. जब राजनीतिक पात्रहरुले नयाँ निर्वाचन प्रणालीको लागि वार्ता गर्दछन् तिनले प्रायः यस्तो प्रस्ताव अगाडि सार्दछन् जसबाट अगामी निर्वाचनमा आफ्ना दललाई लाभ पुग्ने तिनको विश्वास हुन्छ । तर, यो खासगरी विकासोन्मुख मुलुकमा प्रायः विवेकहीन रणनीति हुनसक्छ, किनभने एउटै दलको लामो अवधिमा सफलता वा प्रभुत्वले दीर्घकालीन राजनीतिक विखण्डन र सामाजिक अशान्ति सिर्जना गर्नसक्छ । उदाहरणको लागि सन् १९९४ को सङ्क्रमणकालीन निर्वाचनभन्दा अघि भएको वार्तामा दक्षिण अफ्रिकाको अफ्रिकी नेसनल काँग्रेसले प्रचलित पहिलो हुने निर्वाचित हुने प्रणालीलाई कायम राख्न उचित तवरले तर्क गरेको थियो कि त्यसलाई सबभन्दा ठूलो दलको हैसियतमा राष्ट्रिय मतको हिस्साअनुसार पाउने स्थानको अतिरिक्त एक स्थान बोनसको रुपमा पाउन सक्दथ्यो । तर यसले यसो नगरेर समानुपातिक प्रतिनिधित्व प्रणालीको पक्षमा तर्क गऱ्यो र यसरी पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत पाउनसक्नेभन्दा थोरै स्थान पायो । यसबाट यो तथ्य पुष्टि हुन्छ कि यसले अल्पकालीन निर्वाचन सन्तुष्टिभन्दा दीर्घकालीन स्थायित्वलाई बढी वाञ्छनीय देख्यो ।

२३४. यसैगरी, परिवर्तित राजनीतिक परिस्थिति र नयाँ राजनीतिक गतिविधिको विकासका लागि प्रभावकारी किसिमबाट निर्वाचन प्रणालीले आत्मसात् गर्न संवेदनशील रहनु पर्दछ । स्थापित प्रजातान्त्रिक मुलुकहरुमा पनि प्रमुख राजनीतिक दलहरुलाई स्थायी तवरमा समर्थन रहन सक्दैन जबकि नवप्रजातान्त्रिक मुलुकहरुमा राजनीति सधैंभरि ज्यादै गतिशील रहन्छ र एकपटकको राजनीतिक व्यवस्थाबाट भएको निर्वाचनमा लाभ हासिल गरेको दलले अर्को पटकमा लाभ पाउँछन् भन्ने हुँदैन ।

### *निर्वाचन प्रणालीलाई सबै रोग निको पार्ने अचुक औषधि नसोच*

२३५. जहाँसम्म यो सत्य होकि यदि कसैले राजनीतिक प्रतिस्पर्धाको स्वभावमा परिवर्तन ल्याउन चाहन्छ भने त्यस्तो गर्न निर्वाचन प्रणाली प्रभावकारी संयन्त्र हो, तर निर्वाचन प्रणाली मुलुकमा सबै राजनीतिक रोग निको पार्ने अचुक औषधि कहिल्यै पनि हुन सक्दैन । निर्वाचन प्रणालीजस्तो संस्थागत तत्वलेभन्दा अन्य परिसूचकहरु विशेष गरी मुलुकको राजनीतिक संस्कृतिले प्रजातान्त्रिक भविष्यका

लागि समष्टिगत रुपमा बढी प्रभाव पार्दछ। योभन्दा बढी राम्रोसँग निर्माण गरिएको निर्वाचन प्रणालीले पार्नसक्ने प्रभावहरुले अनुपयुक्त संवैधानिक वितरण, आन्तरिक रुपमा वैमनस्यकारी शक्तिहरुको प्रभुत्व वा मुलुकको सार्वभौमिकताप्रति वाह्य धम्कीको बलद्वारा सबैलाई सजिलै डुबाउन सक्छ।

### *विपरीत ढङ्गबाट यसको प्रभावलाई कम अनुमान नलगाऊ*

२३६. विश्वभर नै प्रजातन्त्रमा सामाजिक अड्चनहरु विचारयोग्य छन् । तर अझै सहमतिपूर्ण राजनीतिक रणनीतिका लागि स्थान छ जसले प्रजातन्त्रीकरणको सफलतालाई अघिबढाउने वा विघ्न पार्न सक्छ। निर्वाचन प्रणाली सबै रोगको अचुक औषधि होइन तर त्यो कुनै पनि राज्यव्यवस्थामा स्थायित्वको संरचना निर्माण गर्ने केन्द्रीय तत्व हो । सीपयुक्त निर्वाचन प्रणालीको संयन्त्र सञ्चालनले पुरानो दुष्मनीलाई रोक्न वा निर्मूल पार्न सक्दैन, तर उपयुक्त संस्थाले द्वन्द्व न्यूनीकरण र सरकारको अधिक उत्तरदायित्वको दिशामा गहिरो प्रभाव पार्न सक्छ । अर्को शब्दमा, निर्वाचन प्रणालीको निर्माणबाट हुनसक्ने उपलब्धि आवश्यकीय तवरमा सीमान्तमा रहनेछ यस्तो भए पनि यो सीमान्तको प्रभावले प्रजातन्त्रलाई सुदृढीकरण गर्दै लैजाने वा उपेक्षा गर्ने भन्ने भिन्नता बनाउँछ।

### *परिवर्तनलाई आत्मसात् गर्ने निर्वाचकको इच्छामा चित्त लगाऊ*

२३७. निर्वाचन प्रणालीमा परिवर्तनको कुरा राजनीतिमा संलग्न त्यस्ता व्यक्तिहरुलाई राम्रो विचार लाग्न सक्ने छ जसले विद्यमान प्रणालीका कमजोरीहरु थाहा पाएका हुन्छन् । तर सुधारको लागि उपयुक्त किसिमबाट प्रस्ताव प्रस्तुत नगरिएमा जनताले सुधारको कुरालाई राजनीतिज्ञहरुले आफ्नै फाइदाका लागि नियममा हेरफेर गर्न लागेकोभन्दा बढी अरु केही होइन भन्ने सम्झदै ठट्टाको रुपमा लिएर अस्वीकार गर्न सक्छन् । जब परिवर्तनलाई निर्लज्ज किसिमबाट राजनीतिक लाभका लागि कपटपूर्ण तवरमा हेरिन्छ (यस्तो अवस्था चिलीमा सन् १९८९ मा, जोर्डनमा सन् १९९३ मा) र किर्गिज्स्तानमा सन् १९९५ देखि धेरै अवसरमा भएका थिए (विषय अध्ययन हेर्नुहोस्) वा जब प्रणालीलाई यति छिटो-छिटो परिवर्तन गरिन्छ कि मतदाताहरुले आफू कहाँ छु भन्ने थाहा पाउन सक्दैनन् (जस्तो केही पर्यवेक्षकहरुले यस्तो अवस्था बोलिभियामा भएको तर्क गर्छन्) त्यस्तो अवस्थामा परिस्थिति ज्यादै हानिकारक हुनेछ।

### *कमजोरीलाई पछि सजिलै मिलाउने सकिने कल्पना नगर*

२३८. सबै निर्वाचन प्रणालीले विजेता र हरुवाहरु जन्माउँछ, त्यसकारण यसमा निहित स्वार्थ रहन्छ। जब कुनै एक प्रणाली सञ्चालनमा छ भने त्यो राजनीतिक वातावरणको अंग बनेको हुन्छ। तथापि, परिवर्तनको समयमा यो कल्पना गर्नु बुद्धिमानी हुने छैन कि पछि कुनै समस्या उब्जेमा त्यसलाई मिलाउन सजिलै स्वीकृति प्राप्त गर्न सकिनेछ। यदि प्रणालीको पुनरावलोकन गर्ने मतलव राखिएको हो भने प्रणाली परिवर्तनको विषय उल्लेख गरी कानूनी संयन्त्रमा नै समावेश गर्नु उचित हुनेछ।

### *विगत प्रणालीको दास बन्न छाड*

२३९. नव प्रजातान्त्रिक मुलुकहरुको आवश्यकताको दृष्टिबाट प्रायः जुन निर्वाचन प्रणाली अनुपयुक्त हुन्छ, नयाँ राजनीतिक यथार्थमा त्यसले कसरी काम गर्दछ भन्ने सम्बन्धमा कुनै विचार नगरी

परम्परागत वा औपनिवेशिक कालदेखि प्रचलनमा ल्याइएका छन् । उदाहरणको लागि पूर्व ब्रिटिस उपनिवेशका एसिया, अफ्रिका र प्यासिफिक मुलुकहरुले पहिलो हुने निर्वाचित हुने प्रणाली अपनाए । ती नवप्रजातान्त्रिक मुलुकहरु विशेष गरी जसले जातीय विभाजनका समस्या भोगिरहेका थिए, तिनका आवश्यकताको दृष्टिमा यो प्रणाली ज्यादै नै उपयुक्त रहेको पुष्टि भयो । यसैप्रकार, पूर्व फ्रेन्च उपनिवेशका धेरैजसो मुलुकहरुले (जस्तै माली) दुई-चरण प्रणाली कायम राखेको थियो, परिणामतः उनीहरुले राजनीतिक ध्रुवीकरणको हानि सहनु पऱ्यो र धेरैजसो कम्युनिष्टपरान्तका मुलुकहरुले सोभियतकालीन परम्पराबाट अनुशरण गरिएको न्यूनतम मतदान वा अधिकतम आवश्यकता कायमै राखे । यो हाते पुस्तकमा दिइएका आकर्षक कुराहरुमध्ये विश्वका १०० वर्षअघिका औपनिवेशिक मुलुकहरुलाई छर्लङ्ग पार्ने नक्सा एक हो, जसमा धेरैजसो पूर्व ब्रिटिस औपनिवेशिक राष्ट्रहरुले पहिलो हुने निर्वाचित हुने प्रणाली प्रयोग गरेका र फ्रेन्च प्रभाव अन्तर्गत रहेका मुलुकहरुले दुई-चरण प्रणाली अपनाएका र पूर्व बेल्जियम र डच उपनिवेशले युरोप महाद्वीपमा प्रचलित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको विकल्प रोजेको पाइन्छ । यद्यपि बदलिंदो समयको साथै यो प्रणालीमा पनि परिवर्तन आइरहेको छ भन्ने कुरा सत्य हो ।

### *नयाँ प्रणालीबाट सामाजिक द्वन्द्वमा पर्नसक्ने प्रभावको मूल्याङ्कन गर*

२४०. यो हातेपुस्तकको सुरुमा नै उल्लेख गरिएअनुसार, निर्वाचन प्रणालीलाई विधायिकी वा राष्ट्रपति छान्ने संयन्त्रको रुपमा मात्र हेर्न हुन्न बरु यसलाई समाजभित्रको द्वन्द्व व्यवस्थापनको एक औजारको दृष्टिले पनि हेर्नुपर्छ । कुनै प्रणालीले कुनै परिस्थितिमा, दललाई तिनका आफ्नै प्रमुख समर्थनआधार भन्दा बाहिरकालाई समर्थन गरेर समावेशीकरणको निम्ति आह्वान गर्न प्रोत्साहन गर्छ । दुर्भाग्यवश, विश्वमा प्रायः यस्तो अवस्था देखिएको छ कि अनुपयुक्त निर्वाचन प्रणालीले वास्तवमै पीडित अवस्थामा रहेकोलाई विद्यमान अवस्थाभन्दा अझै नकारात्मक प्रवृतिका साथ दुःख पुऱ्याउँछ । उदाहरणको लागि, दलहरुलाई निर्वाचनमा एक शून्य-हिसाबको दृष्टिले प्रतिस्पर्धा गर्न प्रोत्साहित गर्दा आफ्ना घर बाहिर रहेकाप्रति वैरभाव र निषेधात्मक कार्य गर्न लगाउँछ । कुनै राजनीतिक संस्थाको प्रारुप निर्धारण गर्दा अन्तिम विन्दु यो हो कि यदि यसले समाजभित्रको तनावमा कमी ल्याउन सहयोग गर्न सकेन भने पनि कम्तीमा कामकुरालाई झन् खराब नबनाओस् ।

### *असाधारण वा असामान्य आकस्मिकताको प्रयास र कल्पना गर*

२४१. अधिकांशतः निर्वाचन प्रणाली विगतका विशेष गरी निकटतम विगतका त्रुटि हटाउन तर्जुमा गरिन्छ । यस्तो गर्दा अधिक प्रतिक्रिया दिने र विगतका समस्याहरुलाई सच्याउने नाममा ज्यादै टाढा पुग्ने गरी प्रणाली सिर्जना गर्न नहुने कुरामा ध्यान दिनुपर्छ । यसका अतिरिक्त, निर्वाचन प्रणालीको निर्माताले पछि गएर क्लेश आउन नदिन स्वयंलाई राम्रोसँग अस्वाभाविक प्रश्नहरु गर्नुपर्छ । प्रस्तावित प्रणाली अन्तर्गत कसैले पनि जितेन भने के हुन्छ ? के कुनै एउटै दलले सम्पूर्ण स्थान जित्ने सम्भावना छ ? विधायिकामा निश्चित गरिएकोभन्दा बढी स्थान प्रदान गरिनु पऱ्यो भने के हुन्छ ? यदि उम्मेदवार हरुले बराबर मत ल्याए के गर्ने ? यस्तो प्रणालीले कुनै निर्वाचन क्षेत्रमा, दलका समर्थकहरुले रुचाएका दल वा उम्मेदवारलाई मत दिन पाउँदैनन् भन्ने अर्थ त राख्दैन ?

*प्रारुपको लागि निरीक्षण सूची (चेकलिस्ट)*

- [ ] के प्रणाली स्पष्ट र ग्राह्य छ ?
- [ ] के सन्दर्भलाई विचार पुऱ्याइएको छ ?
- [ ] के प्रणाली तत्कालका लागि उपयुक्त छ ?
- [ ] के संयन्त्रहरु भावी सुधारका लागि स्पष्ट छन् ?
- [ ] के प्रणालीले निर्वाचकलाई कम अनुमान गर्नबाट हटाएको छ ?
- [ ] के प्रणाली सम्भव भएसम्म समावेशी छ ?
- [ ] के प्रारुप निर्माण प्रक्रियामा वैधानिकतालाई सोचिएको थियो ?
- [ ] के निर्वाचन परिणामलाई वैध मानिएला ?
- [ ] के असाधारण आकस्मिकतालाई ध्यान दिइएका छन् ?
- [ ] के प्रणाली आर्थिक तथा प्रशासनिक तवरमा दिगो छ ?
- [ ] के मतदाताले शक्तिशाली भएको अनुभूति गर्लान् ?
- [ ] के प्रतिस्पर्धात्मक दलीय प्रणालीलाई प्रोत्साहन गरिएको छ ?
- [ ] के प्रणाली समग्र संवैधानिक खाकाभित्र मिल्न सक्छ ?
- [ ] के प्रणालीले द्वन्द्वलाई अझै खराब अवस्थामा पुऱ्याउनुभन्दा निराकरणमा सहयोग पुऱ्याउँछ ?

परिशिष्ट क

# २१३ स्वतन्त्र मुलुक र सम्बन्धित भू-भागको निर्वाचन प्रणाली (सन् २००४)

*नाम अंग्रेजी वर्णानुक्रम अनुसार नै राखिएका छन् ।*

| मुलुक वा भू-भाग [१] | राष्ट्रिय विधायिकाको लागि निर्वाचन प्रणाली [२] | निर्वाचन प्रणाली परिवार | विधायिकाको आकार- प्रत्यक्ष निर्वाचित प्रतिनिधिको कुल संख्या | विधायिकाको आकार- मतदान गरिने कुल सदस्यको संख्या | तहको संख्या | राष्ट्रपतिको लागि निर्वाचन प्रणाली |
|---|---|---|---|---|---|---|
| अफगानिस्तान | एअसम | अन्य | २४९ | २४९ | १ | दुचप्र |
| अलबानिया | मिसस (पहुनिहु र सूची सप्र) | मिश्रित | १४० [ओ] | १४० | २ | - |
| अल्जेरिया | सूची सप्र | सप्र | ३८९ [पी] | ३८९ | १ | दुचप्र |
| अण्डोरा | समानान्तर (सूची सप्र र दएम) | मिश्रित | २८ | २८ | २ | - |
| अंगोला | सूची सप्र | सप्र | २२० | २२० | २ | दुचप्र |
| अंगुइल्ला | पहुनिहु | बहुमत | ७ | ११ | १ | - |
| अन्टिगुवा एण्ड बर्बुडा | पहुनिहु | बहुमत | १७ | १७ | १ | - |
| अर्जेन्टिना | सूची सप्र | सप्र | २५७ | २५७ | १ | दुचप्र [एल] |
| अर्मेनिया | समानान्तर (पहुनिहु र सूची सप्र) | मिश्रित | १३१ | १३१ | २ | दुचप्र |
| अरुबा | सूची सप्र | सप्र | २१ | २१ | १ | - |
| अष्ट्रेलिया | वैम | बहुमत | १५० | १५० | १ | - |
| अष्ट्रिया | सूची सप्र | सप्र | १८३ | १८३ | ३ | दचप्र |
| अजरबैजान | समानान्तर (दुचप्र र सूची सप्र) | मिश्रित | १२५ | १२५ | २ | दुचप्र [३] |
| बहमाज | पहुनिहु | बहुमत | ४० | ४० | १ | - |
| बहराइन | दुचप्र | बहुमत | ४० | ४० | १ | - |
| बंगलादेश | पहुनिहु | बहुमत | ३०० | ३०० | १ | - |
| बार्बाडोस | पहुनिहु | बहुमत | ३० | ३० | १ | - |
| बेलारुस | दुचप्र | बहुमत | ११० | ११० | १ | दुचप्र |
| बेल्जियम | सूचीसप्र | सप्र | १५० | १५० | १ | - |
| बेलिज | पहुनिहु | बहुमत | २९ | २९ | १ | - |

[१] भू-भागमा ती मुलुक आबद्ध विधायिकामा प्रत्यक्ष प्रतिनिधि नभए तापनि समावेश गरिएको छ ।

[२] तल्लो सभाको लागि दुई सदनात्मक विधायिका भएका मुलुकहरुको निम्ति ।

[३] प्रथम चरणमा निर्वाचित हुन योग्य दुई-तिहाइ बहुमत प्राप्त गरेको हुनुपर्ने ।

| मुलुक वा भू-भाग | राष्ट्रिय विधायिकाको लागि निर्वाचन प्रणाली | निर्वाचन प्रणाली परिवार | विधायिकाको आकार- प्रत्यक्ष निर्वाचित प्रतिनिधिको कुल संख्या | विधायिकाको आकार- मतदान गरिने कुल सदस्यको संख्या | तहको संख्या | राष्ट्रपतिको लागि निर्वाचन प्रणाली |
|---|---|---|---|---|---|---|
| बेनिन | सूची सप्र | सप्र | ८३ | ८३ | १ | दुचप्र |
| बर्मुडा | पहुनिहु | बहुमत | ३६ | ३६ | १ | - |
| भुटान | एन् | - | - | - | - | - |
| बोलिभिया | मिसस (पहुनिहु र सूची सप्र) | मिश्रित | १३० | १३० | २ | दुचप्र [४] |
| बोस्निया एण्ड हर्जगोभिना | सूची सप्र | सप्र | ४२ | ४२ | १ | पहुनिहु |
| बोत्स्वाना | पहुनिहु | बहुमत | ५७ | ६२ | १ | - |
| ब्राजिल | सूची सप्र | सप्र | ५१३ | ५१३ | १ | दुचप्र |
| ब्रिटिश भर्जिन आइल्याण्ड्स | पहुनिहु र एम | बहुमत | १३ | १३ | २ | - |
| ब्रुनाई दारुसलाम | एन् | - | - | - | - | - |
| बुल्गारिया | सूची सप्र | सप्र | २४० | २४० | १ | दुचप्र |
| बुर्किनाफासो | सूची सप्र | सप्र | १११ | १११ | २ | दुचप्र |
| बर्मा [५] | पहुनिहुने | बहुमत | ४८५ | ४८५ | १ | - |
| बुरुण्डी | सूची सप्र | सप्र | ८१ | १७९ [६] | १ | - |
| कम्बोडिया | सूची सप्र | सप्र | १२३ पी | १२३ | १ | - |
| क्यामेरुन | दएमु/सूसप्र र पहुनिहु [७] | बहुमत | १८० | १८० | 'एच' | पहुनिहु |
| क्यानडा | पहुनिहु | बहुमत | ३०१ | ३०१ | १ | - |
| केप भर्डे | सूची सप्र | सप्र | ७२ | ७२ | १ | दुचप्र |
| केमन आइल्याण्डस् | एम | बहुमत | १५ | १८ | १ | - |
| सेन्ट्रल अफ्रिकन गणतन्त्र | दुचप्र | बहुमत | १०५ | १०५ | १ | दुचप्र |
| चाड | दएम/सूचीसप्र र दुचप्र [८] | बहुमत | १५५ पी | १५५ | 'एच' | दुचप्र |
| चिली | सूची सप्र | सप्र | १२० | १२० | १ | दुचप्र |
| चीन | एन | - | - | - | - | - |
| कोलम्बिया | सूची सप्र | सप्र | १६६ पी | १६६ | १ | दुचप्र |
| कोमोरोज | दुचप्र | बहुमत | १८ | ३३ | १ | पहुनिहु [९] |
| कंगो गणतन्त्र (ब्राजाभिल) | दुचप्र | बहुमत | १३७ | १३७ | १ | दुचप्र |
| कंगो प्रजातान्त्रिक गणतन्त्र (किंसासा) | टी | - | - | - | - | - |
| कुक आइल्याण्ड्स | पहुनिहु | बहुमत | २४ | २४ | १ | - |
| कोस्टारिका | सूची सप्र | सप्र | ५७ | ५७ | १ | दुचप्र [एल] |

[४] प्रथम चरणमा कसैले बहुमत ल्याएन भने, माथिल्लो स्थानका दुई उम्मेदवारलाई एकको निम्ति माथिल्लो सदनको मतमा राखिन्छ।

[५] संयुक्त राष्ट्रसंघले राखेको नाम म्यानमार।

[६] संक्रमणकालीन अवधिका लागि चालीस प्रतिनिधि नियुक्त गरिएका छन्।

[७] यदि सूचीले पूर्ण बहुमत प्राप्त गरेमा बहुसदस्यीय निर्वाचन क्षेत्रमा दएम, अथवा सूची सप्र।

[८] यदि सूचीले पूर्ण बहुमत प्राप्त गरेमा बहुसदस्यीय निर्वाचन क्षेत्रमा दएम, अथवा सूची सप्र।

[९] तीन आइल्याण्डका बीचमा प्रत्येक तीन महिनामा संघीय राष्ट्रपतिको आलोपालो हुन्छ दोस्रो चरणमा माथिल्लो स्थान पाउने तीन उम्मेदवारका बीच मत हुन्छ।

| मुलुक वा भू-भाग | राष्ट्रिय विधायिकाको लागि निर्वाचन प्रणाली | निर्वाचन प्रणाली परिवार | विधायिकाको आकार- प्रत्यक्ष निर्वाचित प्रतिनिधिको कुल संख्या | विधायिकाको आकार- मतदान गरिने कुल सदस्यको संख्या | तहको संख्या | राष्ट्रपतिको लागि निर्वाचन प्रणाली |
|---|---|---|---|---|---|---|
| कोट डे आइभर | पहुनिहु र दएमु | बहुमत | २२५ | २२५ | 'एच' | दुचप्र |
| क्रोयसिया | सूची सप्र | सप्र | १५१ | १५१ | १ | दुचप्र |
| क्युबा | दुचप्र | बहुमत | ६०९ | ६०९ | १ | - |
| साइप्रस | सूची सप्र | सप्र | ५६ | ५६ | १ | दुचप्र |
| साइप्रस (उत्तरी) | सूची सप्र | सप्र | ५० | ५० | १ | दुचप्र |
| चेक गणतन्त्र | सूची सप्र | सप्र | २०० | २०० | १ | - |
| डेनमार्क | सूची सप्र | सप्र | १७९ | १७९ | २ | - |
| जिबुटी | दएम | बहुमत | ६५ | ६५ | १ | दुचप्र |
| डोमिनिका | पहुनिहु | बहुमत | २१ | ३० | १ | - |
| डोमिनिकन गणतन्त्र | सूची सप्र | सप्र | १५० पी | १५० | २ | दुचप्र |
| इक्वेडर | सूची सप्र | सप्र | १०० पी | १०० | १ | दुचप्र एल |
| इजिप्ट | दुचप्र[१०] | बहुमत | ४४४ | ४५४ | १ | -[११] |
| एल साल्भाडोर | सूची सप्र | सप्र | ८४ | ८४ | २ | दुचप्र |
| इक्वेटोरियल गिनी | सूची सप्र | सप्र | १०० | १०० | १ | पहुनिहु |
| इरिट्रिया | टी | - | - | - | - | - |
| इस्टोनिया | सूची सप्र | सप्र | १०१ | १०१ | २ | - |
| इथिओपिया | पहुनिहु | बहुमत | ५४७ पी | ५४७ | १ | - |
| फकल्याण्ड आइल्याण्ड्स | एम | बहुमत | ८ | ८ | १ | - |
| फिजी | वैम | बहुमत | ७१ | ७१ | १ | - |
| फिनल्याण्ड | सूची सप्र | सप्र | २०० | २०० | १ | दुचप्र |
| फ्रान्स | दुचप्र | बहुमत | ५७७ | ५७७ | १ | दुचप्र |
| ग्याबोन | दुचप्र | बहुमत | १२० | १२० | १ | दुचप्र |
| ग्याम्बिया | पहुनिहु | बहुमत | ४८ | ५३ | १ | दुचप्र |
| जर्जिया | समानान्तर (सूची सप्र र दुचप्र)एल | मिश्रित | २३५ | २३५ | २ | दुचप्र |
| जर्मनी | मिसस (सूची सप्र र पहुनिहु) | मिश्रित | ५९८ ओ | ५९८ | २ | - |
| घाना | पहुनिहु | बहुमत | २०० | २०० | १ | दुचप्र |
| जिब्राल्टर | सीम | अन्य | १५ | १७ | १ | - |
| ग्रिस | सूची सप्र | सप्र | ३०० | ३०० | २ | - |
| ग्रेनडा | पहुनिहु | बहुमत | १५ | १५ | १ | - |
| ग्वाटेमाला | सूची सप्र | सप्र | १५८ पी | १५८ | २ | दुचप्र |
| गुएर्नसी | एम | बहुमत | ४५ | ४७ | १ | - |
| गिनी (कोनार्की) | समानान्तर (सूचीसप्र र पहुनिहु) | मिश्रित | ११४ | ११४ | २ | दुचप्र |
| गिनी-बिसौ | सूची सप्र | सप्र | १०२ | १०२ | १ | दुचप्र |
| गुयाना | सूची सप्र | सप्र | ५३ | ६५ | १ | पहुनिहु |
| हाइटी | दुचप्र | बहुमत | ८३ | ८३ | १ | दुचप्र |

[१०] यदि आवश्यक भएमा दुई-चरणमा एकमुष्ट मत ।

[११] विधायिकाद्वारा राष्ट्रपति पाँच वर्षका लागि निर्वाचित गरिन्छ र जनमतसंग्रहद्वारा अनुमोदन हुन्छ ।

| मुलुक वा भू-भाग | राष्ट्रिय विधायिकाको लागि निर्वाचन प्रणाली | निर्वाचन प्रणाली परिवार | विधायिकाको आकार- प्रत्यक्ष निर्वाचित प्रतिनिधिको कुल संख्या | विधायिकाको आकार- मतदान गरिने कुल सदस्यको संख्या | तहको संख्या | राष्ट्रपतिको लागि निर्वाचन प्रणाली |
|---|---|---|---|---|---|---|
| होली सी (भ्याटिकन सिटी) | एन | - | - | - | - | - |
| होण्डुरस | सूचीसप्र | सप्र | १२८ | १२८ | १ | पहुनिहु |
| हंगेरी | मिसस (सूसप्र र दुचप्र) | मिश्रित | ३८६ | ३८६ | ३ | - |
| आइसल्याण्ड | सूची सप्र | सप्र | ६३ | ६३ | २ | पहुनिहु |
| इण्डिया | पहुनिहु | बहुमत | ५४३ | ५४५ | १ | - |
| इण्डोनेसिया | सूची सप्र | सप्र | ५५० | ५५० | १ | दुचप्र [१२] |
| इरान, इस्लामिक गणतन्त्र | दुचप्र [एल] | बहुमत | २९० | २९० | १ | दुचप्र |
| इराक | सूची सप्र | सप्र | २७५ | २७५ | १ | - |
| आयरल्याण्ड, गणतन्त्र | एसम | सप्र | १६६ | १६६ | १ | बैम |
| इजरायल | सूचीसप्र | सप्र | १२० | १२० | १ | - |
| इटाली | मिसस (पहुनिहु र सूचीसप्र) | मिश्रित | ६३० | ६३० | २ | - |
| जमैका | पहुनिह | बहुमत | ६० | ६० | १ | - |
| जापान | समानान्तर (पहुनिहु र सूची सप्र) | मिश्रित | ४८० | ४८० | २ | - |
| जर्सी | एम र पहुनिहु | बहुमत | ५३ | ५३ | ३ | - |
| जोर्डन | एअसंम | अन्य | १०४ [१३] | ११० | १ | - |
| काजाख्स्तान | समानान्तर (दुचप्र र सूसप्र) | मिश्रित | ७७ | ७७ | २ | दुचप्र |
| केन्या | पहुनिहु | बहुमत | २१० | २२२ | १ | दुचप्र [१४] |
| किरिबटी | दुचप्र [१५] | बहुमत | ४० | ४२ | १ | पहुनिहु |
| कोरिया, प्रजातान्त्रिक | दुचप्र | बहुमत | ६८७ | ६८७ | १ | - |
| कोरिया, गणतन्त्र | समानान्तर (पहुनिहु र सूसप्र) | मिश्रित | २९९ | २९९ | २ | पहुनिहु |
| कुवैत | एम | बहुमत | ५० | ६५ | १ | - |
| किर्गिज्स्तान | दुचप्र | बहुमत | ७५ | ७५ | १ | - |
| लाओ गणतन्त्र | एम | बहुमत | १०९ | १०९ | १ | - |
| लाट्भिया | सूची सप्र | सप्र | १०० | १०० | १ | - |
| लेबनान | एम | बहुमत | १२८ | १२८ | १ | - |
| लेसोथो | मिसस (पहुनिहु र सूची सप्र) | मिश्रित | १२० | १२० | २ | - |
| लाइबेरिया | टी | - | - | - | - | - |
| लिब्यान अरब जमहिरिया | एन् | - | - | - | - | - |
| लिस्टेनटिन | सूची सप्र | सप्र | २५ | २५ | १ | - |
| लिथुआनिया | समानान्तर (दुचप्र र सूची सप्र) | मिश्रित | १४१ | १४१ | २ | दुचप्र |
| लक्जम्बर्ग | सूची सप्र | सप्र | ६० | ६० | १ | - |

[१२] प्रथम चरणमा निर्वाचित हुने सम्पूर्ण मतको ५०%+१ का अतिरिक्त सबै प्रान्तको आधारमा न्यूनतम २० प्रतिशत आवश्यक पर्ने।

[१३] यदि कम्तीमा ६ जना महिला निर्वाचित भए ११० जना प्रत्यक्ष निर्वाचित प्रतिनिधि हुन्छन्, अन्यथा निर्वाचक समूहबाट ६ जना अप्रत्यक्ष निर्वाचन गरिन्छ।

[१४] प्रथम चरणमा निर्वाचित हुने आठमध्ये पाँच क्षेत्रबाट न्यूनतम २५ प्रतिशत मत ल्याउनुपर्ने।

[१५] एकल सदस्यीय निर्वाचनक्षेत्रमा साधारण दुई चरण प्रणाली र यदि आवश्यक भएमा दोस्रो चरणमा केही बहु-सदस्यीय निर्वाचनक्षेत्रमा एक मुष्ट मत।

| मुलुक वा भू-भाग | राष्ट्रिय विधायिकाको लागि निर्वाचन प्रणाली | निर्वाचन प्रणाली परिवार | विधायिकाको आकार- प्रत्यक्ष निर्वाचित प्रतिनिधिको कुल संख्या | विधायिकाको आकार- मतदान गरिने कुल सदस्यको संख्या | तहको संख्या | राष्ट्रपतिको लागि निर्वाचन प्रणाली |
|---|---|---|---|---|---|---|
| मेसेडोनिया, पूर्व युगोस्लाभ गणतन्त्र | सूची सप्र | सप्र | १२० | १२० | १ | दुचप्र |
| माडागास्कार | पहुनिहु र सूची सप्र | बहुमत | १६० पी | १६० | 'एच' | दुचप्र |
| मालावी | पहुनिहु | बहुमत | १९३ | १९३ | १ | पहुनिहु |
| मलेसिया | पहुनिहु | बहुमत | २१९ | २१९ | १ | - |
| माल्दिभ्स | एम | बहुमत | ४२ | ५० | १ | - [१६] |
| माली | दुचप्र [१७] | बहुमत | १४७ पी | १४७ | १ | दुचप्र |
| माल्टा | एसंम | सप्र | ६५ | ६५ | १ | - |
| मान, आइल | एम र पहुनिहु | बहुमत | २४ | २४ | 'एच' | - |
| मार्सल आइल्याण्ड्स | पहुनिहु र एम | बहुमत | ३३ | ३३ | 'एच' | - |
| मौरिटानिया | दुचप्र | बहुमत | ८१ पी | ८१ | १ | दुचप्र |
| मौरिसस | एम [१८] | बहुमत | ७० | ७० | १ | - |
| मेक्सिको | मिसस (पहुनिहु र सुसप्र) | मिश्रित | ५०० | ५०० | २ | पहुनिहु |
| माइक्रोनेसिया | पहुनिहु | बहुमत | १४ | १४ | २ | - |
| मोल्डोभा, गणतन्त्र | सूचीसप्र | सप्र | १०१ | १०१ | १ | - |
| मोनाको | समानान्तर (सूचीसप्र र एम) | मिश्रित | २४ | २४ | २ | - |
| मंगोलिया | दुचप्र-एल | बहुमत | ७६ | ७६ | १ | दुचप्र |
| मांसेरा | दुचप्र [१९] | बहुमत | ९ | ११ | १ | - |
| मोरक्को | सूची सप्र | सप्र | ३२५ | ३२५ | २ | - |
| मोजाम्बिक | सूची सप्र | सप्र | २५० | २५० | १ | दुचप्र |
| नामिबिया | सूची सप्र | सप्र | ७२ | ७८ | १ | दुचप्र [२०] |
| नाउरु | परिमार्जित प्राग | अन्य | १८ | १८ | १ | - |
| नेपाल | पहुनिहु | बहुमत | २०५ | २०५ | १ | - |
| नेदरल्याण्डस | सूची सप्र | सप्र | १५० | १५० | १ | - |
| नेदरल्याण्ड आण्टिलिज | सूची सप्र | सप्र | २२ | २२ | १ | - |
| न्युजिल्याण्ड | मिसस (पहुनिहु र सूसप्र) | मिश्रित | १२० ओ | १२० | २ | - |
| निकारागुआ | सूची सप्र | सप्र | ९० | ९२ | २ | दुचप्र एल |
| नाइजर | सूचीसप्र र पहुनिहु [२१] | सप्र | ८३ | ८३ | 'एच' | दुचप्र |
| नाइजेरिया | पहुनिहु | बहुमत | ३६० | ३६० | १ | दुचप्र [२२] |
| निउ | पहुनिहु र एम | बहुमत | २० | २० | २ | - |
| नर्वे | सूची सप्र | सप्र | १६५ | १६५ | १ | - |

[१६] राष्ट्रपति संसदद्वारा ५ वर्षको लागि निर्वाचित हुन्छ र जनमत संग्रहबाट अनुमोदन गरिन्छ ।

[१७] यदि दोस्रो चरणको निर्वाचन आवश्यक भए दएम प्रणालीको प्रावधान सहित ।

[१८] सबभन्दा बढी मत ल्याएर विजयी हुन नसकेका उम्मेदवारहरुलाई पहिलो ६२ स्थान बाँडफाँडपछि आठ स्थान सुरक्षित राखिएको हुन्छ, जो पूर्व निर्धारित न्यून प्रतिनिधित्व भएको समुदायबाट प्रतिनिधित्व गर्दछन् ।

[१९] यदि उम्मेदवारलाई कम्तीमा ६ प्रतिशत समर्थन पुगेन भने एकमुष्ट मत प्रणाली ।

[२०] यदि उम्मेदवारले पूर्ण बहुमत पाउन सकेन भने धेरैपटक दोहोऱ्याइने चरणको प्रयोग ।

[२१] एकल-सदस्यीय राष्ट्रिय अल्पसंख्यक निर्वाचनक्षेत्रहरुबाट आठ प्रतिनिधि निर्वाचन गरिन्छ ।

[२२] प्रथम चरणमा विजय हासिल गर्न पूर्ण बहुमत वा दुई तिहाई राज्यबाट कम्तीमा २५% मत प्राप्त गर्नुपर्छ ।

| मुलुक वा भू-भाग | राष्ट्रिय विधायिकाको लागि निर्वाचन प्रणाली | निर्वाचन प्रणाली परिवार | विधायिकाको आकार- प्रत्यक्ष निर्वाचित प्रतिनिधिको कुल संख्या | विधायिकाको आकार- मतदान गरिने कुल सदस्यको संख्या | तहको संख्या | राष्ट्रपतिको लागि निर्वाचन प्रणाली |
|---|---|---|---|---|---|---|
| ओमन | पहुनिहु | बहुमत | ८३ | ८३ | १ | - |
| पाकिस्तान | समानान्तर (पहुनिहु र सूसप्र) | मिश्रित | ३४२ | ३४२ | २ | - |
| पलाउ | पहुनिहु | बहुमत | १६ | १६ | १ | दुचप्र [२३] |
| प्यालेस्टाइन | एम | बहुमत | ८९ | ८९ | १ | पहुनिहु |
| पानामा | सूसप्र र पहुनिहु | सप्र | ७८ [पी] | ७८ | 'एच' | पहुनिहु |
| पपुआ न्युगिनी | वैम | बहुमत | १०९ | १०९ | २ | - |
| पारागुय | सूसप्र | सप्र | ८० | ८० | १ | पहुनिहु |
| पेरु | सूसप्र | सप्र | १२० | १२० | १ | दुचप्र |
| फिलिपिन्स | समानान्तर (पहुनिहु र सूसप्र) [२४] | मिश्रित | [२४] २६० | २६० | २ | पहुनिहु |
| पिट्कैर्न आइल्याण्ड्स | एअसम | अन्य | ४ | ८ | १ | - |
| पोल्याण्ड | सूसप्र | सप्र | ४६० | ४६० | १ | दुचप्र |
| पोर्चुगल | सूसप्र | सप्र | २३० | २३० | १ | दुचप्र |
| कत्तार | एन | - | - | - | - | - |
| रोमानिया | सूसप्र | सप्र | ३४५ [पी] | ३४५ | १ | दुचप्र [२५] |
| रसियन फेडरेसन | समानान्तर (सूसप्र र पहुनिहु) | मिश्रित | ४५० | ४५० | २ | दुचप्र |
| रुवान्डा | सूसप्र | सप्र | ५३ | ८० | १ | पहुनिहु |
| सेन्ट हेलेना | एम र पहुनिहु | बहुमत | १२ | १४ | 'एच' | - |
| सेन्ट किट्स एण्ड नेभिस | पहुनिहु | बहुमत | १० | १५ | १ | - |
| सेन्ट लुसिया | पहुनिहु | बहुमत | १७ | १७ | १ | - |
| सेन्ट भिन्सेन्ट एण्ड ग्रेनाडिन्स | पहुनिहु | बहुमत | १५ | २१ | १ | - |
| समोआ | पहुनिहु र एम | बहुमत | ४९ | ४९ | 'एच' | - |
| सान मारिनो | सूसप्र | सप्र | ६० | ६० | १ | - |
| साओ तोमे प्रिन्सिप | सूसप्र | सप्र | ५५ | ५५ | १ | दुचप्र |
| साउदी अरेबिया | एन | - | - | - | - | - |
| सेनेगाल | समानान्तर (दएम सूसप्र) | मिश्रित | १२० | १२० | १ | दुचप्र |
| सर्बिया एण्ड मोन्टेनिग्रो | टी [२६] | - | १२६ | १२६ | - | - |
| सेसेल्स | समानान्तर (पहुनिहु र सूसप्र) | मिश्रित | ३४ | ३४ | २ | दुचप्र |
| सियरा लिओन | सूसप्र | सप्र | ११२ | १२४ | १ | दुचप्र [२७] |
| सिंगापुर | दएम र पहुनिहु | बहुमत | ८४ [२८] | ९४ | 'एच' | पहुनिहु |

[२३] प्रथम चरण प्राथमिक निर्वाचनको रुपमा लिइन्छ र त्यसमा समर्थनकोस्तर जतिसुकै भए पनि उच्च दुई स्थान प्राप्त गर्ने दोस्रो चरणमा पुग्दछ ।

[२४] निर्वाचनको परिणामलाई हेरेर स्थान २०८ देखि २६० सम्म रहन सक्छ । क्षेत्रीय हित समूह वा सीमान्त समूह जसले २ प्रतिशतभन्दा बढी मत ल्याउँछ, त्यसलाई अधिकतम तीन अतिरिक्त स्थान दिइन्छ । स्थापित राजनीतिक दलहरुले यो प्रावधानबाट लाभ लिन सक्दैनन्, अतिरिक्त स्थानहरु सधैं पूर्ति गरिनुपर्छ भन्ने छैन् ।

[२५] प्रथम चरणमा निर्वाचित ५० प्रतिशत मतदाताको समर्थन पाएको हुनुपर्छ ।

[२६] यो लेख्दाको समयमा संघीय निर्वाचन कानून थिएन तथापि सम्बन्धित गणराज्यहरुमा निर्वाचन हुन्छन् ।

[२७] प्रथम चरणबाट निर्वाचित हुनको लागि योग्य ५५% को बहुमत प्राप्त गर्नु आवश्यक छ ।

[२८] मनोनीत विपक्षीको संख्या विपक्षी दलले विजय हासिल गरेको संख्यामा निर्भर रही निर्वाचन-निर्वाचनमा भिन्नता रहन्छ र यस्तो संख्या शून्यदेखि तीनसम्म रहन्छ । राष्ट्रपतिले बढीमा नौजना अतिरिक्त प्रतिनिधि पनि नियुक्त गर्नसक्छ ।

| मुलुक वा भू-भाग | राष्ट्रिय विधायिकाको लागि निर्वाचन प्रणाली | निर्वाचन प्रणाली परिवार | विधायिकाको आकार– प्रत्यक्ष निर्वाचित प्रतिनिधिको कुल संख्या | विधायिकाको आकार– मतदान गरिने कुल सदस्यको संख्या | तहको संख्या | राष्ट्रपतिको लागि निर्वाचन प्रणाली |
|---|---|---|---|---|---|---|
| स्लोभाकिया | सूसप्र | सप्र | १५० | १५० | १ | दुचप्र |
| स्लोभेनिया | सूसप्र | सप्र | ९० | ९० | २ | दुचप्र |
| सोलोमन आइल्याण्ड्स | पहुनिहु | बहुमत | ५० | ५० | १ | - |
| सोमालिया | टी | - | - | - | - | - |
| दक्षिण अफ्रिका | सूसप्र | सप्र | ४०० | ४०० | २ | - |
| स्पेन | सूसप्र | सप्र | ३५० | ३५० | १ | - |
| श्रीलंका | सूसप्र | सप्र | २२५ | २२५ | २ | पूम |
| सुडान | पहुनिहु | बहुमत | २७० | ३६० | १ | दुचप्र |
| सुरिनाम | सूसप्र | सप्र | ६१ | ६१ | १ | - |
| स्वाजिल्याण्ड | पहुनिहु | बहुमत | ५५ | ६५ | १ | - |
| स्वेडेन | सूसप्र | सप्र | ३४९ | ३४९ | २ | - |
| स्विट्र्जल्याण्ड | सूसप्र | सप्र | २०० | २०० | १ | - |
| सिरियन अरब गणतन्त्र | एम | बहुमत | २५० | २५० | १ | - [२९] |
| ताइवान | समानान्तर (एअसम र सूसप्र) | मिश्रित | २२५ | २२५ | २ | पहुनिहु |
| ताजिकिस्तान | समानान्तर (दुचप्र र सूसप्र) | मिश्रित | ६३ | ६३ | १ | दुचप्र |
| तान्जानिया, गणतन्त्र | पहुनिहु | बहुमत | २३१ | २९५ | १ | दुचप्र |
| थाइल्याण्ड | समानान्तर (पहुनिहु र सुसप्र) | मिश्रित | ५०० | ५०० | २ | - |
| टिमोर-लेस्ते | समानान्तर (सूसप्र र पहुनिहु) | मिश्रित | ८८ | ८८ | २ | दुचप्र |
| टोगो | दुचप्र | बहुमत | ८१ | ८१ | १ | दुचप्र |
| टोकेलाउ | टी | - | - | - | - | - |
| टोंगा | एम | बहुमत | ९ | ३० | १ | - |
| ट्रिनिडाड एण्ड टोबागो | पहुनिहु | बहुमत | ३६ | ३६ | १ | - |
| टयुनिसिया | समानान्तर (दएम र सूसप्र) | मिश्रित | १८९ [पी] | १८९ | २ | पहुनिहु |
| टर्की | सूसप | सप्र | ५५० | ५५० | १ | - |
| तुर्कमेनिस्तान | दुचप्र | बहुमत | ५० | ५० | १ | दुचप्र |
| टर्कस एण्ड कैकस आइल्याण्ड्स | पहुनिहु | बहुमत | १३ | १८ | १ | - |
| तुभालु | एम | बहुमत | १५ | १५ | १ | - |
| युगान्डा | पहुनिहु | बहुमत | २१४ | २९५ | १ | दुचप्र |
| युक्रेन | समानान्तर (सूसप्र र पहुनिहु) | मिश्रित | ४५० | ४५० | २ | दुचप्र |
| संयुक्त अरब इमिरेत्स | एन | - | - | - | - | - |
| संयुक्त अधिराज्य ग्रेट ब्रिटेन एण्ड उत्तरी आयरल्याण्ड | पहुनिहु | बहुमत | ६५९ | ६५९ | १ | - |

[२९] राष्ट्रपति संसदद्वारा पाँच वर्षका लागि नियुक्त गरिन्छ र जनमत संग्रहमा जनताद्वारा अनुमोदन गरिन्छ ।

| मुलुक वा भू-भाग | राष्ट्रिय विधायिकाको लागि निर्वाचन प्रणाली | निर्वाचन प्रणाली परिवार | विधायिकाको आकार- प्रत्यक्ष निर्वाचित प्रतिनिधिको कुल संख्या | विधायिकाको आकार- मतदान गरिने कुल सदस्यको संख्या | तहको संख्या | राष्ट्रपतिको लागि निर्वाचन प्रणाली |
|---|---|---|---|---|---|---|
| संयुक्त राज्य अमेरिका | पहुनिहु | बहुमत | ४३५ | ४३५ | १ | पहुनिहु [३०] |
| उरुगुए | सूची सप्र | सप्र | ९९ | ९९ | १ | दुचप्र |
| उज्वेकिस्तान | दुचप्र | बहुमत | २५० | २५० | १ | दुचप्र |
| भानुआतु | एअसंम | अन्य | ५२ | ५२ | १ | - |
| भेनेजुएला | मिसस (पहुनिहु र सूसप्र) | मिश्रित | १६५ पी | १६५ | ३ | पहुनिहु |
| भियतनाम | दुचप्र [३१] | बहुमत | ४९८ | ४९८ | १ | - |
| यमन | पहुनिहु | बहुमत | ३०१ | ३०१ | १ | दुचप्र |
| जाम्बिया | पहुनिहु | बहुमत | १५० | १५८ | १ | पहुनिहु |
| जिम्बावे | पहुनिहु | बहुमत | १२० | १५० | १ | दुचप्र |

[३०] राष्ट्रपति निर्वाचक मण्डलको पूर्ण बहुमतबाट निर्वाचित हुन्छ । निर्वाचक मण्डलका सदस्य राज्यस्तरमा त्यो राज्यलाई छुट्याइएको निर्वाचन मतको बहुमतबाट चुनिन्छन् ।

[३१] यदि आवश्यक भएमा दुई चरणमा बहुमत ।

**संकेतः**

डी : वितरण आवश्यकता लागू हुन्छ

एच : वर्णसंकर प्रणाली, निर्वाचन प्रणाली परिवारको वर्गीकरण अनुसारको श्रेणी, जुनअन्तर्गत विधायिकामा अधिक स्थान निर्वाचित हुन्छ

एल : प्रथम चरणमा निर्वाचित हुन ५०%+१ भन्दा माथि तल्लोस्तरको समर्थन आवश्यक पर्छ

एन : प्रत्यक्ष निर्वाचनको लागि प्रावधान नभएको

ओ : अघि बढाउने कार्यको कारण निर्वाचनपिच्छे विधायिकाको वास्तविक अधिकार फरक हुनसक्छ,

पी : जनसंख्याको आकारमा आधारित भएर विधायिकाको आकार फरक हुनसक्छ

एसभी : पूरक मत

टी : संक्रमणकालीन अवस्थाका मुलुक वा भू-भाग, यो प्रकाशनको समयमा नयाँ निर्वाचन प्रणालीको निर्णय भएको थिएन

- पहुनिहु – पहिलो हुने निर्वाचित हुने
- दुचप्र – दुई-चरण प्रणाली
- वैम – वैकल्पिक मत
- एम – एकमुष्ट मत
- दएम – दलगत एकमुष्ट मत
- समानान्तर – समानान्तर प्रणाली
- मिसस – मिश्रित सदस्यीय समानुपात
- सूची सप्र – सूची समानुपातिक प्रतिनिधित्व
- एसंम – एकल सङ्क्रमणीय मत
- एअसंम – एकल असङ्क्रमणीय मत
- सीम – सीमित मत
- पप्राग – परिमार्जित प्राथमिक गणना

परिशिष्ट ख

# शब्दावली

*(यस परिशिष्टमा उल्लेखित शब्दहरु अंग्रेजी वर्णानुक्रमअनुसार रुपान्तरण गरिएकाले सोही बमोजिम कोष्ठक भित्र दिई नेपाली रुपान्तरण राखिएका छन् ।)*

**अनुपस्थित मतदान** (Absentee voting) - *दूर मतदान* को अर्को शब्द ।

**अतिरिक्त सदस्यीय प्रणाली** (Additional Member System) - *मिश्रित सदस्यीय समानुपातिक प्रणाली* को अर्को शब्द ।

**वैकल्पिक मत** (Alternative Vote) - *एकल-सदस्यीय निर्वाचनक्षेत्र* मा प्रयुक्त *उम्मेदवार-केन्द्रित प्राथमिकता प्रदत्त बढीमत/बहुमत* प्रणाली हो जसमा मतदाताहरुले आफ्नो प्राथमिकता दर्शाउन मतपत्रमा अंक प्रयोग गर्दछन् । प्रथम प्राथमिकताको सदर मतपत्रको पूर्ण बहुमत (५० प्रतिशत थप एकमत) ल्याउने उम्मेदवार निर्वाचित भएको घोषणा गरिन्छ । कुनै उम्मेदवारले प्रथम प्राथमिकताको पूर्ण बहुमत प्राप्त गर्न नसकेमा कम मत ल्याउने उम्मेवारलाई सूचीबाट हटाइन्छ र तिनका बाँकी सदर मत कुनै एक उम्मेदवारले पूर्ण बहुमत नल्याएसम्म पुनः वितरण गरिन्छ ।

**मोर्चाबन्दी** (Apparentement) - फ्रान्सिसी उत्पत्तिको त्यस्तो प्रावधानको शब्द हो जसलाई *सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व* प्रणालीमा समावेश गर्न सकिन्छ जसबाट दुई वा सो भन्दा बढी दल वा समूहले पाउने मतलाई एकै ठाउँमा गाँसी स्थान वितरण गर्नका लागि सम्झौतामा पुग्ने र छुट्टाछुट्टै चुनाव प्रचार प्रसार गर्दछन् । *लेमा* र *स्टेम्बुसाकोर्ड* पनि हेर्नुहोस् ।

**औसत निर्वाचन क्षेत्रको व्यापकता** (Average district magnitude) - एक मुलुक, स्थानीय निकाय अथवा अधिराष्ट्रिय निकायको निर्वाचन गरिने प्रतिनिधिको संख्यालाई *निर्वाचनक्षेत्र* को संख्याले भाग गरिन्छ । साथै, *निर्वाचनक्षेत्रको व्यापकता* पनि हेर्नुहोस् ।

**मतपत्रबद्धता** (Ballotage) - *दुई-चरण प्रणाली* को अर्को शब्द हो र यो खासगरी ल्याटिन अमेरिकामा प्रयोग गरिन्छ ।

**मतपत्रको संरचना** (Ballot Structure) - मतपत्रमा निर्वाचकले गर्ने छनोटको काम, खासगरी मतपत्र *उम्मेदवार-केन्द्रित* अथवा *दल-केन्द्रित* जेसुकै भए तापनि प्रस्तुत गर्न सक्छ भनेर देखाउने उपाय ।

**द्विसदनात्मक विधायिका** (Bicameral legislature) - दुई सदनबाट सारधारणतया *माथिल्लो सदन* र *तल्लो सदन* भनिने सदनहरुबाट बनेको विधायिका ।

**एकमुष्ट मत** (Block Vote) - *बहुसदस्यीय निर्वाचनक्षेत्र* मा प्रयोग भएको *बढीमत/बहुमत* प्रणाली हो । जसमा मतदाताहरुले जति उम्मेदवार छन् त्यति नै मतदान गर्न पाउँछन् । मतदान *उम्मेदवार- केन्द्रित* हुन्छ । कुल मतमा सबैभन्दा बढी प्राप्त गर्ने उम्मेदवारहरुले स्थान विजय हासिल गर्छन् ।

**प्राथमिक गणना** (Borda count) - *एकल वा बहु सदस्यीय निर्वाचनक्षेत्र* मा प्रयोग गरिएको *उम्मेदवार-केन्द्रित प्राथमिकता* प्रणाली हो, जसमा मतदाताले मतपत्रमा अंक दिएर आफ्नो प्राथमिकता संकेत गर्दछन् र यसरी प्राथमिकता दिइएको अंकलाई सोही बराबरीको मूल्यमा हिसाब गरिन्छ । उदाहरणको लागि दश उम्मेदवार रहेकोमा प्रथम प्राथमिकता पाउदा त्यसको मूल्य एक हुन्छ । दोस्रो प्राथमिकता ०.५ हुन्छ र अरु त्यसै गरी निर्धारण हुन्छ र दशौं प्राथमिकता पाउनेको महत्व ०.१ हुन्छ । यस प्रकार हिसाब जोडी कुल मतमा सबैभन्दा बढी अंक ल्याउनेलाई विजय घोषणा गरिन्छ । *परिमार्जित प्राथमिक गणना* पनि हेर्नुहोस् ।

**निर्वाचनक्षेत्र सीमा निर्धारण** (Boundary delimitation) - कुनै मुलुक, स्थानीय शासन क्षेत्र वा *अधिराष्ट्रिय संस्था* लाई *निर्वाचनक्षेत्र* मा विभाजन गर्ने प्रक्रिया ।

**उम्मेदवार-केन्द्रित मतपत्र** (Candidate-centred ballot) मतपत्रको एक स्वरुप हो जसमा निर्वाचकले उम्मेदवारको छनोट दलहरु र राजनीतिक समूहरुबाट होइन उम्मेदवारहरुमध्येबाट गर्दछ ।

**प्रशासनिक निर्वाचनक्षेत्र** (Circonscription) - फ्रान्सेली भाषी मुलुकहरुमा *निर्वाचनक्षेत्र* को रुपमा ज्यादै प्रचलनमा ल्याइने शव्द । *निर्वाचनक्षेत्र* हेर्नुहोस् ।

**बन्द सूची** (Closed list) - सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको एक स्वरुप हो जसमा निर्वाचकले दल वा दलीय समूहहरुलाई मात्र मतदान गर्न पाउने गरी बन्देज लगाइएको हुन्छ, दल भित्रको कुनै उम्मेदवारलाई प्राथमिकताको अभिव्यक्ति प्रकट गर्न पाउँदैनन् । *खुला सूची* र *स्वतन्त्र सूची* पनि हेर्नुहोस् ।

**साम्प्रदायिक मतदाता नामावली** (Communal roll) - मतदाताहको दर्ता किताव हो जसमा दर्ताको निम्ति निर्धारित आधारहरु जस्तै धर्म, जात-जाति, भाषा वा लिङ्गको योग्यता आवश्यक पर्ने हुन्छ । उल्लेखित सम्पूर्ण निर्वाचकहरु जसले उक्त आधारहरु पूरा गरेका हुन्छन् ती सम्प्रदायिक मतदाता नामावलीमा स्वतः प्रवेश हुन सक्छन्, अथवा प्रत्येक त्यस्तो निर्वाचक जसले सो नामावलीमा प्रवेश गर्ने वा नगर्ने भनेर छनोट गर्न समर्थ हुन्छ । यस्तो दर्ता सोही उद्देश्यका लागि परिभाषित *निर्वाचनक्षेत्र* को समूहबाट प्रतिनिधि छनोटका लागि प्रयोग गरिन्छ ।

**क्षतिपूर्तिबापत दिइने स्थान** (Compensatory seats) - *मिश्रित सदस्यीय समानुपात* मा *सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व* को स्थान हुन् जुन *मिश्रित सदस्यीय समानुपात* अनुसार, साधारणतः *बहुमत प्रणाली* अन्तर्गतको, प्रथम भागको निर्वाचनमा भाग लिएका दल वा समूहहरुको प्रतिनिधित्वमा अमिल्दो अनुपातलाई सुधार गर्न प्रदान गर्ने गरिन्छ ।

**निर्वाचनक्षेत्र** (Constituency) - बढी मात्रामा अंग्रेजी भाषा बोल्ने केही मुलुकहरुमा प्रचलित *निर्वाचनक्षेत्र* को पर्याय बुझाउने शब्द ।

**पार्श्ववर्ती क्षेत्र** (Contiguous district) - एक *निर्वाचनक्षेत्र*, जसलाई एकल निरन्तर सीमा रेखामा संलग्न गर्न सकिन्छ ।

**क्षेत्र आबद्धता छुट्टाइएको** (Cross cutting cleavages) - मतदाताहरुको राजनीतिक ऐक्यवद्धता हो जसलाई समाजमा जनजाति, धार्मिक र वर्ण विभाजनमा छुट्याइएको हुन्छ ।

**थपिएको** (Cumulation) - कुनै *निर्वाचन प्रणाली* मा मतदाताले मन पराएको उम्मेदवारलाई एक भन्दा बढी मतदान गर्न पाउने क्षमता ।

**प्रजातान्त्रिक सुदृढीकरण** (Democratic consolidation) - मुलुकको राजनीतिक र प्रजातान्त्रिक प्रकृयाहरुले वैधता पाउने, दिगो बन्ने र राजनीतिक पात्रहरु एवं आम जनसमुदाय दुवै पक्षले व्यापक सहमति जनाउने प्रक्रिया हो ।

**दे ओन्त सूत्र** (D' Hondt Fromula) - *सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली* मा स्थान वितरणका लागि प्रयोग गरिएका शृङ्खलाहरुमध्ये *उच्च औसत विधि* मा अवलम्बन गर्ने विषय हो । दल वा समूहहरुले प्राप्त गरेको मतलाई १,२,३.... गरेर क्रमशः स्थानमा बाँडफाँड गरिन्छ । उपलब्ध सूत्रहरुमध्ये यो सूत्र ठूला दलहरुलाई बढी लाभ दिनेतर्फ उन्मुख रहन्छ । **साँ लाग सूत्र** पनि हेर्नुहोस् ।

**वितरण आवश्यकता** (Distribution requirements) - यस्तो आवश्यकता हो जसमा उम्मेदवारले निर्वाचनमा विजय हासिल गर्नका लागि निधारित राष्ट्रिय मतको अनुपातमात्र ल्याएर पुग्दैन तोकिएको हदसम्म विभिन्न राज्य वा क्षेत्रबाट पनि समर्थन पाउनु पर्छ ।

**निर्वाचनक्षेत्र** (Dirstrict) - यो हाते पुस्तकमा प्रयुक्त यस शब्दावलीलाई *निर्वाचनक्षेत्र* बुझाउने गरी प्रयोग गरिएको छ ।

**निर्वाचनक्षेत्रको व्यापकता** (District magnitude) - एक *निर्वाचनक्षेत्र* को लागि यसबाट निर्वाचित हुने प्रतिनिधिको संख्या हो । *औसत निर्वाचनक्षेत्र व्यापकता* पनि हेर्नुहोस् ।

**ड्रुप कोटा** (Droop Quota) - *समानुपातिक प्रतिनिधित्व प्रणाली* मा प्रयोग गरिने फरक *कोटा* जसले *अधिक शेष विधि* प्रयोग गर्दछ । कुल सदर मतलाई पूर्ति गरिनुपर्ने स्थानले भाग गरी थप एकको हिसाबमा निर्धारण गरिन्छ । यसलाई *हेगेनबाश-बिसफ* (Hagenbasch–Bishoff) *कोटा* पनि भनिन्छ । कोटा (क), *हेयर कोटा* (Hare Quota) र *इम्पेरियाली कोटा* (Imperiali Quota) पनि हेर्नुहोस् ।

**मतदाता** (Elector) - त्यस्तो व्यक्ति हो जसको निर्वाचनमा मतदान गर्न योग्यता पुगेको र नाम दर्ता भएको छ ।

**निर्वाचनक्षेत्र** (Electoral district) - निर्वाचनको प्रयोजनको निम्ति मुलुक, स्थानीय निकाय वा *अधिराष्ट्रिय संस्था* लाई विभाजन गरिएको भौगोलिक क्षेत्र हो । हेर्नुहोस् - *प्रशासनिक निर्वाचनक्षेत्र*। *निर्वाचनक्षेत्र, निर्वाचनमण्डल* (ख) र निर्वाचनका निम्ति *प्रशासनिक क्षेत्र* (Riding) । एक निर्वाचनक्षेत्रको निर्वाचित निकायमा एक वा बढी प्रतिनिधि निर्वाचन गर्न सक्छ । हेर्नुहोस *एकल-सदस्यीय निर्वाचनक्षेत्र* र *बहु सदस्यीय निर्वाचनक्षेत्र*।

**निर्वाचन सूत्र** (Electoral formula) - विशेषतः मतलाई स्थानमा रुपान्तरण गर्नेसम्बन्धी *निर्वाचन प्रणाली* को एक अंश ।

**निर्वाचन कानून** (Electoral law) - मुलुकको संविधान वा संस्थागत खाकामा निर्धारण भएका राजनीतिक संस्थाहरुको निर्वाचन प्रकृयाको पक्षलाई व्यवस्थित गर्ने एक वा बढी संख्यामा रहेका कानूनहरु ।

**निर्वाचन व्यवस्थापन निकाय** (Electroal management body) - *निर्वाचन कानून* अर्न्तगत निर्वाचन संचालन गर्न जिम्मेवारी दिइएको संस्था हो । धेरैजसो मुलुकमा यो उद्देश्यका लागि नियुक्त एक स्वतन्त्र आयोगको रुपमा वा  सरकारबाट तोकिएको एक विभागको रुपमा रहन्छ ।

**निर्वाचन नियमावली** (Electoral regulations) - *निर्वाचन कानून* ले दिएको अधिकार प्रयोग गरी प्राय: *निर्वाचन व्यवस्थापन निकाय* ले बनाएको पूरक नियमहरु हुन् जसबाट निर्वाचनको संगठन र प्रशासनसंग सम्वन्धित पक्षहरु व्यवस्थित गरिन्छ ।

**निर्वाचन प्रणाली** (Electoral system) - निर्वाचन कानून र नियमावलीको भाग हो जसले दल र उम्मेदवार कसरी एक निकायमा प्रतिनिधिको रुपमा चुनिन्छन् भन्ने कुरा निर्धारण गर्दछ । यसका तीनबटा मुख्य तत्वहरु-*निर्वाचन सूत्र, मतपत्र संरचना* र *निर्वाचन क्षेत्रको व्यापकता* रहेका हुन्छन् ।

**निर्वाचकमण्डल** (Electorate) - यसले देहायका दुईमध्ये कुनै एक निश्चित अर्थ राख्छ:
क. एक *निर्वाचनक्षेत्र* मा मतदाताको लागि नाम दर्ता गरेका कुल *निर्वाचक* को संख्या ।

ख. विशेष गरी केही अंग्रजी भाषी मुलुकहरुमा प्रयोग हुने *निर्वाचनक्षेत्र* को पर्याय । हेर्नुहोस् - *निर्वाचनक्षेत्र*।

**बाहय मतदान** (External voting) - मतादाताहरु जो स्थायी वा अस्थायी रुपमा मुलुकबाट बाहिर रहे पनि मतदान गर्नसक्ने संयन्त्र हो । यसलाई *मुलुकबाहिरको मतदान* (Out-of-Country Voting) पनि भनिन्छ ।

**पहिलो हुने निर्वाचित हुने** (First Past The Post) - *एकल-सदस्यीय निर्वाचनक्षेत्र* र *उम्मेदवार-केन्द्रित मतदान* प्रयोग हुने *बहुमत निर्वाचन प्रणाली* को सबभन्दा सरल स्वरुप हो जसमा सदर भएको पूर्ण

बहुमत नभए तापनि त्यो उम्मेदवार विजयी हुन्छ जसले अन्य कुनै उम्मेदवारभन्दा बढी मत प्राप्त गर्दछ ।

**स्वतन्त्र सूची** (Free list) - *समानुपातिक सूची प्रणाली* को एक स्वरुप हो जसमा मतदाताहरुले दल वा समूहलाई एक वा एकभन्दा बढी उम्मेदवारको अतिरिक्त मतदान गर्न पाउँछन् चाहे ती उम्मेदवार हरु दल वा समूहबाट मनोनयन गरिएका होउन् वा नहोउन् । यसलाई *प्यानाशेज* (Panachage) पनि भनिन्छ । *बन्दसूची* र *खुला सूची* पनि हेर्नुहोस् ।

**निर्वाचन सीमा गोलमाल** (Gerrymandering) - कुनै राजनीतिक स्वार्थबश फाइदा वा हानि पुऱ्याउने ध्येयले *निर्वाचनक्षेत्र* को सीमालाई जानाजानी तलमाथि पार्ने काम ।

**हेगेनवाश–बिसफ कोटा** (Hagenbach-Bischoff Quota) *ड्रुप कोटा* को अर्को शव्द ।

**हेयर कोटा** (Hare Quota) - कुल सदर मतलाई *निर्वाचनक्षेत्र* मा पूर्ति गरिनुपर्ने स्थानले भाग गर्ने हिसाबमा परिभाषित *समानुपातिक प्रतिनिधित्व प्रणाली* मा प्रयोग गरिने कुनै फरक *कोटा* जसले *सबभन्दा बढी शेष विधि* प्रयोग गर्दछ । *कोटा* (क) हेर्नुहोस् । यसलाई हेयर निमेर (Hare-Niemeyer) पनि भनिन्छ । *ड्रुप कोटा* (Droop Quota) र *इम्पेरियाली कोटा* (Imperiali Quota) पनि हेर्नुहोस् ।

**असमान निर्वाचनक्षेत्र** (Heterogeneous district) - एक *निर्वाचनक्षेत्र* जसले यसको प्रारुपबाट होस् वा *सीमा निर्धारण* का अन्य आधारको परिणामले गर्दा होस् *मतदाता*को सामाजिक जनजाति, धार्मिक वा भाषाभाषीको विविधतालाई दर्शाउँछ ।

**उच्च औसत विधि** (Highest average method) - *सूची समानुपातिक पद्धति* मा मतलाई स्थानमा परिवर्तन गर्ने एक सिद्धान्त हो । एक *निर्वाचनक्षेत्र* मा मतगणनाको प्रत्येक शृङ्खलामा कुल मतको सबभन्दा बढी मत ल्याउने दल वा समूहलाई एक स्थान बाँडिन्छ । जब स्थान छुट्टाइन्छ, दलले जितेको शुरुको मत विभाजन गरेर घटाइन्छ । विभाजकहरुले यसमा प्रयोग गरिने सबैभन्दा सामान्य विभाजक शृङ्खला *दे ओन्त* (D' Hondt) र *साँ लाग* (Sainte Lague) हो । *अधिक शेष विधि* को विकल्पमा उच्च औसत विधि भन्दा ठूला दलहरुको पक्षमा बढी हुन्छ ।

**समान निर्वाचनक्षेत्र** (Homogeneous district) - एक *निर्वाचनक्षेत्र* जसले यसको प्रारुपबाट होस् वा *सीमा निर्धारण* का अन्य आधारका परिणामले गर्दा होस् *मतदाता* को सामाजिक, जनजाति, धार्मिक वा भाषा भाषीको एकरुपतालाई दर्शाउँछ ।

**वर्णसंकर प्रणाली** (Hybrid System) - मुलुकलाई दुई वा दुईभन्दा बढी परस्परव्यापी क्षेत्रमा नगाभिने गरी विभाजन गरी प्रत्येकमा भिन्न *निर्वाचन प्रणाली* को प्रयोगबाट आउने परिणाम हो ।

**इम्पेरियाली कोटा** (Imperiali Quota) - कुल सदर मतलाई निर्वाचनक्षेत्रमा पूर्ति गरिनुपर्ने स्थानले भाग गरी थप दुईको हिसाबमा परिभाषित *समानुपातिक प्रतिनिधित्व प्रणाली* मा प्रयोग गरिने एक फरक *कोटा* हो जसले *अधिक शेष विधि* प्रयोग गर्दछ । *ड्रुप कोटा* (Droop Quota) र *हेयर कोटा* (Hare Quota) पनि हेर्नुहोस ।

**असमानुपातिकताको सूची** (Index of disproportionality) - निर्वाचनमा भाग लिएका दल वा समूहहरुलाई स्थान बाँडफाँड गर्दा असमानुपातिकाको फरक स्तर मापन गर्न बनाइएको एउटा अंक । यसलाई सामान्यतया प्रत्येक दल वा समूहकाबीच प्राप्त मतको प्रतिशत र उपलब्ध स्थानको प्रतिशत भिन्नतालाई वर्ग मूलको हिसाबबाट प्रयोग हुने गरी निर्धारण गरिन्छ ।

**बदर मत** (Invalid votes) - यस्तो मत जुन परिवन्दले वा मतदाताले नियतवश गलत चिन्ह लगाएका कारणबाट निर्वाचनको कुनै सहभागीको पक्षमा गणना गर्न सकिदैंन ।

**अधिक शेष विधि** (Largest Remainder Method) - *सूची समानुपातिक प्रतिनिधित्व* प्रणालीमा मतलाई स्थानमा परिवर्तन गर्ने  सिद्धान्त । पूर्ण *कोटा* (क) पाएको कारणबाट *निर्वाचनक्षेत्र* मा दल र समूहलाई स्थान बाँडफाँड गरेपछि केही पूर्ति गर्न बाँकी रहन्छ, र प्रत्येक दलको पनि पूर्ण *कोटा* (क) भन्दा कम रहन्छ । त्यसपछि बाँकी रहेको स्थान दल र समूहलाई तिनले पाएको मतको क्रममा प्रदान गरिन्छ । अधिक शेष विधि यसको विकल्पको *उच्च औसत विधि* भन्दा बढी साना दलको पक्षमा हुन्छ ।

**लेमा** (Lema) - ल्याटिन अमेरिकामा केही *सूची समानुपातिक प्रणाली* अन्तर्गत दुई वा बढी उपसूचीहरु संलग्न गरेर एउटा छाता सूची तयार गर्न प्रयोग गरिने शब्द हो जसमा मत छुट्टाछुट्टै पाउँछन् तर स्थान बाँडफाँडको प्रयोजनको लागि मतलाई एकै पटक गणना गरिन्छ । *मोर्चावन्दी* (Apparentement) र *स्टेमबुसाकोर्ड* (Stembusaccoord) पनि हेर्नुहोस् ।

**सीमित मत** (Limited Vote) - *बहुसदस्यीय निर्वाचनक्षेत्र* मा प्रयुक्त *निर्वाचन प्रणाली* जसमा मतदातालाई एकभन्दा बढी तर निर्वाचित गरिनुपर्नेभन्दा केही कम मताधिकार रहन्छ, एकमुष्ट मत र एकल असङ्क्रमणीय मत प्रणालीमा जस्तै । कुल मतमा सबैभन्दा बढी ल्याउने उम्मेदवार विजयी हुन्छ ।

**सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व** (List Proportional Representation) - एक प्रणाली जसमा प्रत्येक सहभागी दल वा समूहले *निर्वाचनक्षेत्र* को लागि उम्मेदवारहरुको सूची प्रस्तुत गर्दछन्, मतदाताहरुले दलका निम्ति मतदान गर्दछन् र दलहरुले पाएको सम्पूर्ण हिस्साको मतको अनुपातमा स्थान पाउँछन् । विजयी उम्मेदवाहरु सूचीबाट लिइन्छ । हेनुहोस् *बन्द सूची, खुला सूची* र *स्वतन्त्र सूची* ।

**तल्लो सदन** (Lower House) - *दुई सदनात्मक विधायिका* को दुई सदनमध्ये एक सदन हो जसलाई साधारतया “जनताको प्रतिनिधि” समावेश भएको रुपमा हेरिन्छ । जब दुई सदनको शक्ति समान हुँदैन यो बढी शक्तिशाली हुन्छ ।

**बहुमत** (Majoritarian) - पूर्ण बहुमत (५० प्रतिशतमा थप १) मत प्राप्तिका लागि निर्मित ।

**दूषित संविभाजन** (Malapportionment) - *निर्वाचनक्षेत्र*हरुका बीचमा मतको असमान वितरण ।

**निर्मित बहुमत** (Manufactured majority) - खास गरी धेरैजसो *बढीमत/बहुमत* प्रणालीमा प्रयोग हुने निर्वाचन प्रणाली, जसमा एकल दल वा गठबन्धनले ५० प्रतिशतभन्दा कम सदर मतमा विजय हासिल गर्छ तर निर्वाचित निकायको स्थानमा पूर्ण बहुमतमा रहन्छ ।

**सदस्य राष्ट्र** (Member state) - एक मुलुक जुन *अधिराष्ट्रिय संस्था,* उदाहरणतः युरोपेली संघको सदस्य रहेको ।

**मिश्रित सदस्य समानुपातिक** (Mixed Member Proportional) - एक *मिश्रित प्रणाली* जसमा सम्पूर्ण मतदाताहरुले निर्वाचित निकायमा केही प्रतिनिधिहरु निर्वाचन गर्न सामान्यतः *बढीमत⁄बहुमत प्रणाली* पहिलो *निर्वाचन प्रणाली* लाई प्रयोग गर्दछ । त्यसपछि बाँकिरहेको स्थान दोश्रो *निर्वाचन प्रणाली* प्रयोग गरी सामान्यतः *सूची प्रणाली* बाट दलहरु र समूहमा बाँडफाँड गरिन्छ र निर्वाचन गरिन्छ, जसले गर्दा पहिलो *निर्वाचन प्रणाली* को परिणामबाट देखिएको असंतुलित प्रतिनिधित्वलाई क्षतिपूर्ति गर्न सकिन्छ ।

**मिश्रित प्रणाली** (Mixed system) - एक प्रणाली जसमा मतदाताहरुले आफ्ना प्रतिनिधि छनोट गर्न एउटा *समानुपातिक प्रतिनिधित्व प्रणाली* र अर्को बहुमत प्रणाली दुई किसिमबाट मत जाहेर गर्दछन् । दुई किसिमका मिश्रित प्रणाली छन्: *समानान्तर प्रणाली* र *मिश्रित सदस्य सामानुपात प्रणाली* ।

**परिमार्जित प्राथमिकता गणना** (Modified Borda Count) - *एकल* वा *बहु-सदस्यीय निर्वाचनक्षेत्र* मा प्रयोग गरिएको *उम्मेदवार-केन्द्रित प्राथमिकता* प्रणाली, जसमा मतदाताले प्राथमिकता तोक्न मतपत्रमा अंक दिन्छन् र यसरी प्राथमिकताको अंक दिइएकोलाई विभाजक शृङ्खला १,२, ३.... को मूल्यबाट हिसाब गरिन्छ । उदाहरणको लागि, दशजना उम्मेदवार पूर्ति गर्नमा पहिलो प्राथमिकता प्राप्त गर्नेले मूल्य एक पाउँछ र दोस्रो प्राथमिकताकोले मूल्य ०.५ र तेस्रो प्राथमिकताले ०.३३३ र यसै प्रकार हुन आउँछ । यी सबैलाई जोडिन्छ र सबैभन्दा बढी कुल अंक पाउने उम्मेदवारलाई विजय घोषित गरिन्छ । *प्राथमिकता गणना* पनि हेर्नुहोस् ।

**बहुसदस्यीय निर्वाचनक्षेत्र** (Multi-member district) एक *निर्वाचनक्षेत्र* बाट विधायिका वा निर्वाचित निकायमा एक भन्दा बढी प्रतिनिधि निर्वाचित हुन्छन् । *एकल-सदस्यीय निर्वाचनक्षेत्र* पनि हेर्नुहोस् ।

**बहु-तह प्रणाली** (Multi-tier system) - एक *निर्वाचन प्रणाली* जसमा एकै सदनका लागि मुलुकको सम्पूर्ण निर्वाचक मण्डलबाट दुई वा बढी समूहका प्रतिनिधिहरु निर्वाचन गरिन्छ । *एकै निर्वाचन क्षेत्र* भित्र विभिन्न स्तरमा परिभाषित गरिएको *निर्वाचनक्षेत्र* हुनसक्छ । उदाहरणको लागि एकल-सदस्यीय निर्वाचन क्षेत्र र प्रान्तीय क्षेत्र वा सम्पूर्ण मुलक । एकै तहबाट समान स्तरका दुई भिन्न प्रकारका प्रतिनिधि निर्वाचन गर्ने पद्धति पनि बहु-तह प्रणाली हो । सबै *मिश्रित प्रणाली* बहु-तह प्रणाली हुन् ।

**एक व्यक्ति एक मत एक मूल्य** (One Person One Vote One Value) - प्रतिनिधित्वको एक सिद्धान्त, जसमा प्रत्येक निर्वाचित प्रतिनिधिले मतदाताको समान संख्यालाई प्रतिनिधित्व गर्छ र जसबाट *दूषित संविभाजन* लाई न्यून गर्न सकिन्छ ।

**खुला सूची** (Open list) - *सूची समानुपातिक प्रतिनिधित्व* को एक स्वरुप जसमा मतदाताले दल वा समूह दुबैलाई या एउटामा प्राथमिकता प्रकट गर्न सक्छन् वा कुनै समय दल वा समूह भित्रका उम्मेदवारहरुलाई एउटा भन्दा बढीमा पनि यस्तो गर्न पाउँछन् । *बन्द सूची* र *स्वतन्त्र सूची* पनि हेर्नुहोस ।

**मुलुक बाहिरको मतदान** (Out-of-country voting) - मतदाताहरु जो स्थायी वा अस्थायी रुपमा मुलुकबाट बाहिर रहेको छन् तिनलाई मतदान गर्न पाउने एक संयन्त्र हो । हेर्नुहोस् *बाह्य मतदान, दूर मतदान* पनि ।

**अतिरिक्त-स्थान जनादेश** (Overhang mandate) - *Überhangsmandat* मा हेर्नुहोस् ।

**प्यानाशेज** (Panachage) - फ्रान्सेली भाषी मुलुकहरुमा *सूची समानुपातिक प्रतिनिधित्व प्रणाली* को स्वरुपलाई दर्शाउन प्रयोग गरिएको शब्दावली हो जसमा मतदाताले दल वा समूहलाई मतदान गर्न सक्छन् र यसको अतिरिक्त दल वा समूहबाट मनोनयन गरिएका जोसुकै भए पनि एक वा बढी उम्मेदवारलाई मतदान गर्न सकिन्छ । *स्वतन्त्र सूची* पनि हेर्नुहोस् ।

**समानान्तर प्रणाली** (Parallel System) - एक *मिश्रित प्रणाली* जसमा मतदाताहरुले प्रतिनिधि निर्वाचनको लागि व्यक्त गरेका छनोट दुई भिन्न प्रणालीद्वारा प्रयोग गरिन्छ-सामान्यतया एउटा *बहुमत प्रणाली* र अर्को *समानुपातिक प्रतिनिधित्व प्रणाली*। तर पहिलो प्रणाली अन्तर्गत बाँडफाँड गरेको स्थानको हिसाब दोस्रो प्रणाली अन्तर्गत परिणाम गणना गर्दा हिसाब गरिन्न ।

**दलगत एकमुष्ट मत** (Party Block Vote) - *बहु-सदस्यीय निर्वाचनक्षेत्र* मा प्रयोग गरिने *बढीमत/बहुमत* प्रणाली जसमा मतदाताले आफूले रोजेको दलको पक्षमा एकल *दल-केन्द्रित मतदान* गर्दछन् र उम्मेदवारहरुका बीचबाट छनोट गर्दैनन् । अधिक मत प्राप्त गर्ने दलले *निर्वाचनक्षेत्र* को प्रत्येक स्थानमा विजय हासिल गर्छ ।

**दल-केन्द्रित मतपत्र** (Party-centred ballot) - एक स्वरुपको मतपत्र जसमा मतदाताले व्यक्तिगत उम्मेदवारको सट्टा दलहरु वा समूहहरुकावीचबाट छनोट गर्दछ ।

**दलीय व्यापकता** (Party magnitude) - एक *निर्वाचनक्षेत्र* को लागि, प्रत्येक दल वा समूहबाट निर्वाचित प्रतिनिधिको औसत संख्या । एक मुलुकको लागि दलीय व्यापकता औसत सबै निर्वाचनक्षेत्रहरुका लागि हुन्छ ।

**जाली मतदान** (Personation) - नाम दर्ता गरिएको एक *मतदाता* को ठाउँमा अर्को व्यक्तिले धाँधलीपूर्ण किसिमबाट मतदान गर्ने काम ।

**बढीमत/बहुमत प्रणाली** (Plurality/majority systems) - बढीमत/बहुमत प्रणाली यो सिद्धान्तमा आधारित छ कि उम्मेदवार वा दल जसले अधिक मत (अरुले ल्याएको भन्दा बढी) वा बहुमत (५० प्रशितशतमा थप एक (पूर्ण बहुमत) ल्याउनेलाई विजयी घोषित गरिन्छ । यस्तो प्रणालीले *एकल सदस्यीय निर्वाचनक्षेत्र* जस्तै पहिलो हुने निर्वाचित हुने, *वैकल्पिक मत* वा *दुई चरण प्रणाली* वा *बहुसदस्यीय निर्वाचनक्षेत्र* उदाहरणको लागि *एकमुष्ट मत* र *दलगत एकमुष्ट मत* प्रयोग गर्न सक्छ ।

**प्राथमिकता मत प्रणाली** (Preferential voting system) - निर्वाचन प्रणाली जसमा मतदाताहरुले आफ्नो दल वा उम्मेदवारलाई छनोट क्रमानुसार मतपत्रमा क्रम तोक्छन । *वैकल्पिक मत, प्राथमिकता गणना, एकल सङ्क्रमणीय मत* र *पूरक मत* यी सबै प्राथमिकता मत प्रणालीका उदाहरणहरु हुन ।

**समानुपातिक प्रतिनिधित्व** (Proportional Representation) - दल वा समूहको सम्पूर्ण मतको अनुपातमा निर्वाचित निकायमा स्थान सचेत रुपले रुपान्तरण गर्ने सिद्धान्तमा आधारित एक *निर्वाचन प्रणाली* को परिवार । उदाहरणको लागि एउटा दल जसले ३० प्रतिशत मत प्राप्त गर्दछ त्यसले करिब ३० प्रतिशत स्थान पाउँछ । सबै समानुपातिक प्रतिनिधित्वको प्रणालीका लागि *बहुसदस्यीय निर्वाचनक्षेत्र* आवश्यक पर्छ । समानुपातिक प्रतिनिधित्व प्रणाली दुई किसिमका छन्, *सूची समानुपातिक प्रतिनिधित्व* र *एकल सङ्क्रमणीय मत* ।

**कोटा** (Quota) : देहायका दुईमध्ये एक निश्चित अर्थ लाग्न सक्छः
क. *समानुपातिक प्रतिनिधित्व* प्रणालीमा दल वा उम्मेदवारलाई खास *निर्वाचनक्षेत्र* मा एक स्थान विजय हासिल गर्न प्रत्याभूति गर्ने मतको संख्या । यसको सामान्य प्रयोगमा तीन अन्तरहरु रहन्छन्, *हेयर, ड्रुप* (अथवा *हेगेनवाश-बिसफ*) र *इम्पेरियाली* कोटा ।

ख. निर्वाचित निकायको आवश्यक स्थान संख्यामा दल वा समूहले विशेष प्रकृतिको उम्मेदवार मनोनयन गर्न कानूनले निर्धारण गरेको अनुपात, साधारणतया महिलाहरुको मनोनयन वा निर्वाचनको न्यूनतम संख्या सुनिश्चितताको लागि सर्वाधिक प्रयोग हुने गर्दछ ।

**क्षेत्रीय प्रभुत्व** (Regional fiefdom) - एउटै दलले मुलुकको खास भौगोलिक क्षेत्रमा सबै स्थान वा झन्डै सबै स्थान जित्नसक्ने अवस्था हो ।

**दूर मतदान** (Remote voting) - मतदाताले मतदान केन्द्रमा निर्धारित मतदानको दिन उपस्थित नभइकन पनि मतदान गर्न सक्षम हुनसक्ने संयन्त्र हो । *मुलुक बाहिरबाट मतदान* पनि हेर्नुहोस् ।

**आरक्षित स्थान** (Reserved seats) - यस्तो स्थान जसमा निर्वाचित हुन वा मनोनयनका लागि निश्चित आधारहरु जस्तै धर्म, जातजाति, भाषा अथवा लिंग आवश्यक पर्दछ ।

**प्रशासनिक क्षेत्र** (Riding) - केही मुलुकहरुमा निर्वाचन क्षेत्रको लागि प्रयोग गरिएको पर्यायवाची शब्द । हेर्नुहोस् *निर्वाचनक्षेत्र* ।

**साँ–लाग सूत्र** (Sainte-Lague Formula) - *सूची समानुपातिक प्रतिनिधित्व* प्रणालीमा विभाजकहरुले स्थान वितरण गर्न प्रयोग गरेका शृङ्खलाहरुमध्येको एक विकल्प जसले *उच्च औसत विधि* अवलम्वन गर्दछ । दल वा समूहको मतलाई तदनुरुप क्रमैसंग १,३,५..... गरेर विभाजन गरी स्थानमा बाँडफाँड गरिन्छ । *दे ओन्त सूत्र* पनि हेर्नुहोस् ।

**एकल–सदस्यीय निर्वाचनक्षेत्र** (Single-member district) - एक निर्वाचनक्षेत्र जहाँबाट विधायिका वा निर्वाचित निकायमा एक मात्र सदस्य निर्वाचित हुन्छ । *बहु-सदस्यीय निर्वाचनक्षेत्र* पनि हेर्नुहोस ।

**एकल असङ्क्रमणीय मत** (Single Non-Transferable Vote) - एक *निर्वाचन प्रणाली* जसमा *बहुसदस्यीय निर्वाचनक्षेत्र* मा मतदाताले एकल *सदस्य-केन्द्रित* एउटा उम्मेदवारलाई मतदान गर्दछ । कुल मतमा सबभन्दा बढी ल्याउने उम्मेदवार विजय घोषित गरिन्छ ।

**एकल सङ्क्रमणीय मत** (Single Transferable Vote) - *बहुसदस्यीय निर्वाचनक्षेत्र*मा प्राथमिकता *उम्मेदवार-केन्द्रित एक समानुपातिक प्रतिनिधित्व प्रणाली* । त्यो उम्मेदवार जसले प्रथम प्राथमिकता मतको निश्चित *कोटा* (हेर्नुहोस *कोटा* (क) नघाउँछ, तत्कालै विजयी घोषित गरिन्छ । त्यसपछिका मत गणनामा सबभन्दा कम सफलता पाउने उम्मेदवारहरुको मत पुनः वितरण गरिन्छ र तिनलाई हटाइन्छ र सफल उम्मेदवारहरुको *कोटा* बाट बचत भएका मत पर्याप्त संख्यामा उम्मेदवार विजय घोषणा नभएसम्म पुनः वितरण गरिन्छ ।

**बिग्रेको मत** (Spoilt votes) - *बदरमत* हेर्नुहोस् ।

**राज्य** (State) - यो हाते-पुस्तकमा प्रायः संघीय संविधानको सन्दर्भमा मुलुकको उप-राष्ट्रिय इकाईलाई बुझाउने गरी प्रयोग भएको शब्दावली ।

**स्टेमबुसाकोर्ड** (Stembusaccoord) - डच उत्पतिको एक शब्द प्रावधान, जसलाई *सूची समानुपातिक प्रतिनिधित्व* प्रणालीमा समावेश गर्न सकिन्छ र यसले अलग अलग चुनाव प्रचार गरेका दुई वा सोभन्दा बढी दल वा समूहले पाउने मतलाई एकै ठाउँमा गाभेर स्थान भागबण्डाको लागि सम्झौतामा पुऱ्याउन सक्छ । *मोर्चाबन्दी* र *लेमा* पनि हेर्नुहोस् ।

**पूरक मत** (Supplementary Vote) - *वैकल्पिक मत* जस्तै एक *उम्मेदवार-केन्द्रित, प्राथमिकता बहुमत प्रणाली* । यदि प्रथम प्राथमिकताको कुनै उम्मेदवारले पूर्ण बहुमत प्राप्त गर्न सकेन भने अग्रस्थानका दुई उम्मेदवारबाहेक बाँकी सबैलाई हटाइन्छ र तिनले पाएको मतलाई दोस्रो, तेस्रो र एवं प्रकारले प्राथमिकता व्यक्त गरिएअनुसार पुनः बाँडफाँड गरिन्छ । यसो गर्दा सबभन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित भएको घोषणा गरिन्छ ।

**अधिराष्ट्रिय संस्था** (Supranational institution) - धेरै मुलुकहरुले संझौताद्वारा सिर्जना गरिएको एक संगठन जसको अधिकार स्वतन्त्र तवरमा नियुक्त अधिकारीहरु वा सदस्य राष्ट्रका विधायिका वा जनताद्वारा निर्वाचित प्रतिनिधिमा रहन्छ ।

**न्यूनतम सीमा** (Threshold) - न्यूनतम स्तरको समर्थन जुन दललाई व्यवस्थापिकामा प्रतिनिधित्व प्राप्त गर्नका निम्ति आवश्यक पर्छ । यस्तो सीमा एक औपचारिक तवरको हुनसक्छ, जसलाई संविधान अथवा कानूनले नै सामान्यतः खसेको सदर मतको प्रतिशतका रुपमा निश्चित संख्या तोकेको हुन्छ अथवा प्रभावकारी वा प्राकृतिक न्यूनतम सीमा जुन प्रचलित निर्वाचन प्रणालीको गणितीय गुण हो ।

**दुई-चरण प्रणाली** (Two-Round System) - *बढीमत/बहुमत प्रणाली* जसमा यदि प्रथम निर्वाचनको चरणमा कुनै पनि उम्मेदवारले निर्धारित स्तरको मत, ज्यादै सामान्य प्रचलनमा पूर्ण बहुमत (५०% मा थप १) ल्याउन सकेनभने दोस्रो निर्वाचन हुन्छ ।

*दुई-चरण प्रणाली* ले बहुमत प्रणालीको स्वरुप लिन सक्छ जसमा दुई भन्दा बढी उम्मेदवारले दोस्रो चरणका लागि प्रतिस्पर्धा गर्न सम्भव हुन्छ । एक उदाहरणको रुपमा फ्रेन्च प्रणालीलाई लिन सकिन्छ । जसमा कुनै पनि उम्मेदवार जसले प्रथम चरणमा नामदर्ता भएका मतदाताको १२.५% भन्दा बढी मत

प्राप्त गरेमा त्यो दोस्रो चरणमा उठ्न सक्छ । दोस्रो चरणमा सबभन्दा बढी मत ल्याउने उम्मेदवारले पूर्ण बहुमत नल्याए तापनि विजयी घोषित गरिन्छ । वैकल्पिक तवरमा *दुई-चरण प्रणाली* ले बहुमत दौडको स्वरुप लिनसक्छ, जसमा प्रथम चरणमा माथिल्लो स्थानमा रहेका दुई उम्मेदवारहरुले मात्र दोस्रो चरणको लागि प्रतिस्पर्धा गर्न सक्छन् ।

**अतिरिक्त स्थानादेशपत्र** (*Uberhangsmandat*) - व्यवस्थापिकामा अतिरिक्त स्थान जुन *मिश्रित सदस्य समानुपात* प्रणालीका परिणामका रुपमा देखिन्छ । सामान्यतः *बहुमत* निर्वाचन प्रणालीअन्तर्गत कुनै क्षेत्रमा एक दल अथवा समूहले आफूले पाएको कुल मतको अनुपातको आधारमा प्राप्त गर्नसक्नेभन्दा बढी स्थान जित्दछ । यसलाई *अतिरिक्त-स्थान जनादेश* वा *अघि बढाइएको जनादेश* (Overhang mandate) पनि भनिन्छ ।

**माथिल्लो सदन** (Upper house) - *दुई सदनात्मक व्यवस्थापिका* को दुई सदनमध्येको एक, जसलाई प्रायः क्षेत्र/संघीय राज्यका प्रतिनिधिहरु रहने वा 'पुनरावलोकन सभा' को रुपमा हेरिन्छ । जब दुई सदनको शक्ति समान हुदैन, यो कम शक्तिशाली हुन्छ ।

**खेर गएको मत** (Wasted votes) - यस्तो सदर मत जुन अन्तिम रुपमा कुनै उम्मेदवार वा दलको पक्षमा गणना गरिदैन ।

परिशिष्ट ग

# थप अध्ययन सामाग्री


Amy, Douglas, *Real Choices: New Voices: The Case for PR Elections in the United States* (New York: Columbia University Press, 1993)

Andrews, Josephine T. and Jackman, Robert, 'Strategic Fools: Electoral Rule Choice Under Extreme Uncertainty', *Electoral Studies*, 24/1 (2005), pp. 65–84

